# स्वास्थ्य सम्बन्धि
# ऐन र नियमावलीहरु

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ, काठमाडौं

# विषय-सूची

## ऐनहरु


| क्र.सं. | ऐनको नाम | पेज नं. |
|---|---|---|
| १ | बिफर नियन्त्रण ऐन, २०२० | १ |
| २ | संक्रामक रोग ऐन, २०२० | ७ |
| ३ | नेपाल मेडिकल काउन्सिल ऐन, २०२० | १० |
| ४ | औषधि ऐन, २०३५ | ४३ |
| ५ | आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ | ५७ |
| ६ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ | ७४ |
| | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | ८० |
| ८ | वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ | ९३ |
| ९ | नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ | १०५ |
| १० | नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ | ११९ |
| ११ | नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ | १२९ |
| १२ | वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ | १७३ |
| १३ | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | १८३ |
| १४ | मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ | १९५ |
| १५ | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ | २०६ |
| १६ | नेपाल फार्मेसी परिषद् ऐन, २०५७ | २१४ |
| १७ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ | २२७ |
| १८ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ | २४२ |
| १९ | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ | २५७ |
| २० | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | २६३ |
| २१ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ | २७३ |


## नियमावलीहरु


| क्र.सं. | नियमावलीको नाम | पेज नं. |
|---|---|---|
| १ | विफर नियन्त्रण नियमावली, २०२३ | २९३ |
| २ | नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ | ३०० |
| ३ | औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ | ३२६ |
| ४ | औषधि दर्ता नियमावली, २०३८ | ३३० |
| ५ | औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० | ३८२ |
| ६ | औषधि उत्पादन संहिता, २०४१ | ३९० |
| ७ | औषधि स्तर नियमावली, २०४३ | ३९८ |
| ८ | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) नियमावली, २०५१ | ४१९ |
| ९ | नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ | ४२८ |
| १० | नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ | ५४४ |
| ११ | मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ | ५६१ |
| १२ | सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० | ५८३ |
| १३ | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ | ५९९ |
| १४ | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९ | ६०४ |

# बिफर नियन्त्रण ऐन, २०२०

लालमोहर र प्रकाशन मिति :२०२०।११।१६

संशोधन गर्ने ऐन

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ २०४९।१।८

प्रमाणीकरण र प्रकाशन मिति :

۞२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ २०६६।१०।७

२०२० सालको ऐन नं. २७

♠...........

बालकलाई बिफर आउन नदिनका लागि खोपाउने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल ♠........... मा बालकहरुलाई बिफर आउन नदिनका लागि अनिवार्य रुपले खोपाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम "बिफर नियन्त्रण ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन नेपाल सरकारबाट समय समयमा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिदिएको ठाउँहरुमा तोकिएको मितिदेखि लागू हुनेछ ।✽

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बालक" भन्नाले १२ वर्ष पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "स्थानीय क्षेत्र" भन्नाले नगरपालिका वा गाउँ विकास समितिको नियन्त्रणमा रहेको क्षेत्रलाई सम्झनु पर्छ ।

(ग) "प्राथमिक खोप" भन्नाले बालकको पहिलो सफल खोप सम्झनु पर्छ ।

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✽ विभिन्न जिल्लाहरुमा ऐन लागू हुने सम्बन्धमा देहायका मितिको नेपाल राजपत्रमा सूचना प्रकाशित भएकोः-

(क) २०२८।१।१

(ख) २०२९।१।१९

(ग) २०२९।९।४



(घ) "असुरक्षित बालक" भन्नाले बिफर आइनसकेको र नखोपाएको बालक वा ३ वर्षभित्र सफल खोप नभएको बालकलाई सम्झनु पर्छ ।

(ङ) "खोप" भन्नाले बालकलाई बिफर आउन नदिनका लागि गरिएको खोप सम्झनु पर्छ ।

(च) "खोपाउने ठाउँ" भन्नाले नेपाल सरकारको स्वास्थ्य विभाग मातहत खोपाउने ठाउँलाई सम्झनु पर्छ ।

(छ) "खोपाउने क्षेत्र" भन्नाले स्थानीय क्षेत्र वा खोपाउने कामको निमित्त यो ऐन अन्तर्गत विभाजित स्थानीय क्षेत्रको एक भाग सम्झनु पर्छ ।

(ज) "खोप्ने व्यक्ति" भन्नाले खोपाउनाको लागि यस ऐन बमोजिम नियुक्त भएको व्यक्ति वा नेपाल सरकारबाट लाइसेन्स प्राप्त गैर सरकारी व्यक्ति सम्झनु पर्छ, यस शब्दले खोपको सुपरिटेण्डेण्ट समेत जनाउँछ ।

*f*(झ) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले तोकेको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. स्थानीय क्षेत्र विभाजन : स्थानीय क्षेत्रलाई आवश्यक खोपाउने क्षेत्रहरुमा विभाजित गर्न सकिनेछ ।

४. लाइसेन्स लिनु पर्ने : यो ऐन प्रारम्भ भएपछि लाइसेन्स बिना कसैले पनि खोप्न हुँदैन ।

५. खोपको सुपरिटेण्डेण्ट र खोप्ने व्यक्ति : हरेक खोपाउने ठाउँको निमित्त तोकिएको योग्यता पुगेका एक वा बढी खोप्ने व्यक्ति नियुक्त हुनेछन् र हरेक स्थानीय क्षेत्रको निमित्त तोकिएको योग्यता पुगेका एक वा धेरैजना खोपको सुपरिटेण्डेण्ट नियुक्त हुन सक्नेछन् ।

६. गैर सरकारी खोप्ने व्यक्तिहरु : तोकिएको योग्यता पुगेका गैर सरकारी खोप्ने व्यक्तिहरुलाई नेपाल सरकारले तोकिए बमोजिम लाइसेन्स प्रदान गर्न सक्नेछ र यस्ता गैर सरकारी खोप्ने व्यक्तिहरुलाई खोप्न पाउने अधिकार दिन र दिइएको अधिकार निलम्बन गर्न र प्रदान गरिएको लाइसेन्स रद्द गर्न सक्नेछ ।

७. असुरक्षित बालकलाई खोपाउने : (१) हरेक असुरक्षित बालकको संरक्षकले बालकलाई ६ महिना नपुग्दै प्राथमिक खोप गराउनु पर्छ ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

(२) संरक्षकले बालकलाई १२ वर्ष पूरा नभएसम्म ३ वर्षभन्दा बढी फरक नपर्ने गरी बराबर खोपाउनु पर्दछ ।

तर बिफरको रोग फैलिएकोछ भन्ने कुरा खोपाउने ठाउँको सम्बन्धित मेडिकल अधिकृतलाई लागी निजले सूचना दिएमा संरक्षकले बालकलाई सो अवधिभन्दा अगावै पनि खोपाउनु पर्छ ।

(३) असुरक्षित बालकको निवासस्थान बदली भएमा त्यस्ता बालकको संरक्षकले स्थान बदली भएको १ महिनाभित्र सम्बन्धित खोपाउने ठाउँमा नयाँ निवासस्थानको पूरा विवरण खोली सूचना दिनु पर्दछ ।

(४) खोप्ने व्यक्तिले असुरक्षित बालकको स्वास्थ्य खोप्नलाई ठीक नभएको देखेमा खोप्नलाई बालकको स्वास्थ्य ठीक नभएको भनी सो बालकको संरक्षकलाई अस्वस्थताको कारण खोली प्रमाणपत्र दिनेछ र त्यस्तो प्रमाणपत्र त्यसमा उल्लेखित समयसम्म मात्र लागू हुनेछ ।

(५) अस्वस्थताको अवधि समाप्त भएपछि यस्तो बालकको संरक्षकले खोपाउनका लागि खोपाउने ठाउँमा यस्तो बालकलाई लग्नु पर्दछ वा आफूले चाहेमा खोप्ने व्यक्तिद्वारा आफ्नै निवासस्थानमा खोपाउनु पर्दछ ।

तर खोप्नलाई बालक अझै अस्वस्थ देखिएमा खोप्ने व्यक्तिले प्रमाणपत्र नवीकरण गरिदिनेछ ।

(६) सम्बन्धित मेडिकल अधिकृतलाई बालक अस्वस्थ नलागेमा यो दफा अनुसार दिएको प्रमाणपत्र मेडिकल अधिकृतले जुनसुकै बेला पनि रद्द गर्न सक्नेछ र त्यसपछि त्यस्तो प्रमाणपत्र लागू हुनेछैन र त्यसको सूचना बालकको संरक्षकलाई तुरुन्त दिनेछ ।

(७) खोप्नलाई असुरक्षित बालकको स्वास्थ्य ठीक देखिएमा खोप्ने व्यक्तिले बालकलाई खोप्न सक्नेछ र खोपेको मिति र सो बालकलाई निरीक्षणको निमित्त उपस्थित गराउन पर्ने स्थान, मिति र समय खोली बालकको संरक्षकलाई लिखित सूचना दिनेछ ।

८. संरक्षक र चिकित्सकको काम : कुनै बालकलाई बिफर आएको छ भन्ने लागेमा सबभन्दा नजिकको स्थानीय खोपाउने ठाउँमा यथासम्भव चाँडो सूचना गर्नु निजको संरक्षक र निजलाई जाँच्ने चिकित्सकको कर्तव्य हुनेछ ।

९. निरीक्षण : खोपेको हरेक बालकको संरक्षकले सूचनापत्रमा उल्लेखित मिति, समय र स्थानमा बालकलाई निरीक्षणको लागि खोप्ने व्यक्तिकहाँ लैजानु पर्दछ वा आफूले चाहेमा आफ्नो निवासस्थानमा



पनि खोप्ने व्यक्तिद्वारा निरीक्षण गराउन सक्नेछ र यस्ता खोप्ने व्यक्तिले निरीक्षणको नतिजा खोली प्रमाणित गरिदिनेछ ।

१०. खोप सफल हुँदाको कार्यविधि : बालकलाई निरीक्षण गर्दा प्राथमिक खोप भएको देखिएमा खोप्ने व्यक्तिले संरक्षकलाई त्यसको प्रमाणपत्र दिनेछ र यस्तो बालक प्राथमिक खोप भएको मितिदेखि ३ वर्षसम्म सुरक्षित भएको मानिनेछ ।

११. खोप असफल हुँदाको कार्यविधि : खोप असफल भएको देखी र खोप्ने व्यक्तिले खोप्न उचित ठानेमा बालकको संरक्षकले फेरी तुरुन्त खोपाउन लाउनेछ ।

तर लगातार तीन पटकसम्म गरेको खोप असफल भएमा त्यसपछि फेरि सो बालकलाई खोपाउन पर्ने छैन ।

१२. बिफर उत्पन्न गर्ने औषधि प्रयोग गर्न मनाही : खोप्दा खोप्ने व्यक्तिले बिफर उत्पन्न गर्ने औषधि प्रयोग गर्न हुँदैन र कुनै व्यक्तिलाई बिफर उत्पन्न गर्ने औषधि दिइएमा निजले त्यस्तो औषधि लिएको चालीस दिन ननाघी तोकिएको अधिकारीले निजबाट अरुलाई बिफर आउने सम्भावना छैन भनी प्रमाणपत्र नदिएसम्म अरु व्यक्तिसंग रहनु वा व्यक्ति भएको ठाउँमा बस्नु हुँदैन ।

१३. खोपाउने औषधिको प्रयोग : खोप्दा खोप्ने व्यक्तिले नेपाल सरकारबाट तोकिएको औषधि प्रयोग गर्नु पर्छ ।

१४. मेहनताना र पारिश्रमिक : यो ऐन अन्तर्गत खोपाउने ठाउँमा खोपेको वा प्रमाणपत्रको निमित्त खोप्ने व्यक्तिले दस्तुर वा पारिश्रमिक लिने छैन ।

तर संरक्षकको अनुरोधमा खोपाउने ठाउँमा बाहेक अन्त खोपेकोमा खोप्ने व्यक्तिले तोकिएको मेहनताना स्वीकार गर्न सक्नेछ ।

१५. खोपाइको सुपरिटेण्डेण्टको कर्तव्य : यस ऐनले तोकिदिएको कर्तव्यको अतिरिक्त खोपको सुपरिटेण्डेण्टले स्थानीय क्षेत्रका सबै असुरक्षित बालकलाई सफलपूर्वक खोपाउन लगाउनेछ र कुनै असुरक्षित बालकको संरक्षकले यो ऐन बमोजिम गर्नु पर्ने कर्तव्य पालन नगरेको शंका लागेमा बालकलाई खोपाउन वा निश्चित समय र स्थानमा निरीक्षणको लागि उपस्थित गराउन संरक्षकलाई उपस्थित हुने समय र स्थान खोली पूर्जी काट्न वा काट्न लगाउनेछ ।

१६. *f*स्थानीय अधिकारीको आदेश : दफा १५ बमोजिम दिइएको पूर्जीलाई मान्यता नदिएमा खोपको सुपरिटेण्डेण्टले *f*स्थानीय अधिकारी वा निजले अधिकार सुम्पेको कुनै अधिकारीलाई प्रतिवेदन गर्नेछ र त्यस्तो प्रतिवेदन पाएपछि *f*स्थानीय अधिकारीले बालकको संरक्षकलाई बोलाई स्पष्टीकरण माग गर्नेछ र स्पष्टीकरण सन्तोषजनक नभएमा पूर्जी अनुसार निश्चित समयभित्र खोपको प्रमाणपत्र पेश गर्न लिखित आदेश दिनेछ ।

१७. सजाय : (१) दफा ४ वा दफा १२ वा १३ उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक ३ महिनासम्म कैद वा रु. ३००।- सम्म जरिबाना वा दुवै सजाय र दोस्रो पटकदेखि प्रत्येक पटक सो सजायको दोब्बरसम्म हुन सक्नेछ ।

(२) देहायको कसूर गर्ने व्यक्तिलाई पहिलो पटक रु. ५०।- सम्म जरिबाना र दोस्रो पटकदेखि प्रत्येक पटक रु. १००।- सम्म जरिबाना हुन सक्नेछः-

(क) दफा ७ को उपदफा (३) को कुरा नमानेमा, वा
(ख) दफा ८ बमोजिम सूचना नगरेमा, वा
(ग) दफा १६ अन्तर्गत दिइएको आदेशलाई मनासिब कारण बिना अपहेलना गरेमा, वा
(घ) दफा १९ अन्तर्गत बनेको नियम उल्लघंन गरेमा ।

१८. कारबाही र किनारा गर्ने अधिकार : कसैले यो ऐन वा यस ऐन अन्तर्गतको आदेश बर्खिलाप काम कारबाही गरेमा त्यसको किनारा गर्ने अधिकार *f*स्थानीय अधिकारीलाई हुनेछ ।

१९. नियम बनाउने अधिकार : (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खास गरी देहायको व्यवस्था गर्न सकिनेछः-

(क) खोप्ने कार्यको निमित्त स्थानीय क्षेत्रलाई खोपाउने ठाउँहरुमा विभाजन गर्ने,

---

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।
*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।



(ख) हरेक खोपाउने क्षेत्रभित्र कुनै निश्चित स्थानमा खोपाउने ठाउँ कायम गर्ने र खोपाउने ठाउँ चिनिने गरी सर्वसाधारणले देखिने ठाउँको नजिकमा खास चिन्ह प्रदर्शन गर्ने,
(ग) खोप्ने व्यक्ति र खोपको सुपरिटेण्डेण्ट हुन चाहिने योग्यता,
(घ) खोप्ने व्यक्ति र खोपको सुपरिटेण्डेण्टले लगाउने चिन्ह वा व्याज,
(ङ) लाइसेन्स दिने तरिका,
(च) निजी घरमा बालकहरुलाई खोपाउन संरक्षकलाई सुविधा प्रदान गर्ने,
(छ) खोप्नलाई अस्वस्थताको र सफल खोपको प्रमाणपत्रको फाराम र प्रमाणपत्र दिने,
(ज) खोपाउन प्रयोग गरिने औषधिको प्रकृति र त्यस्तो औषधि प्रशस्त मात्रामा पूर्ति गर्ने,
(झ) संरक्षकको अनुरोधमा खोपाउने ठाउँमा बाहेक अन्त खोपेकोमा खोप्ने व्यक्तिलाई दिइने मेहनताना,
(ञ) देहायका कुरा खोली अभिलेख तयार गरी राख्नेः-
(अ) असुरक्षित बालकको नाम,
(आ) हरेक खोपको नतिजा ।
(ट) यस्तो अभिलेख बनाउने र अरु विषयहरुमा नगरपालिका वा गाउँ विकास समितिको सदस्य र यसका कर्मचारीहरुले गर्नु पर्ने सहयोग, र
(ठ) खोपेको प्रतिवेदन र फाँटवारी तयार गर्ने ।

---

द्रष्टव्यः- १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"बडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश"
२. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर गरिएका शब्दहरुहरुः-
(क) "गजेट" को सट्टा "राजपत्र"
(ख) "अफिसर" को सट्टा "अधिकृत"
(ग) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"
३. गाउँ विकास समिति ऐन, २०४८ द्वारा रुपान्तर गरिएका शब्दहरुहरुः-
"गाउँ सभा" वा "गाउँ पञ्चायत" को सट्टा "गाउँ विकास समिति" ।
४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"नगर पञ्चायत" को सट्टा "नगरपालिका " ।

# संक्रामक रोग ऐन, २०२०

लालमोहर र प्रकाशन मिति
२०२०।११।१६

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | संक्रामक रोग (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ | २०४९।१।८ |
| ३. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | २०५५।४।६ |
| | | प्रमाणीकरण र प्रकाशित मिति |
| ◌४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०२० सालको ऐन नं. २८

♠...........

संक्रामक रोगहरुको रोकथाम गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल ♠............ भर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रुप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम "संक्रामक रोग ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन नेपाल ♠............ भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

ϖ२. विशेष व्यवस्था गर्ने अधिकार : (१) ❋नेपालभर वा त्यसको कुनै भागमा ∃............ मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) नेपाल सरकारले ∃............ मानिसमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट लगिने वा ल्याइने ∃................ सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता ∃................ यात्रुलाई कुनै संक्रामक रोग लागेकोछ भन्ने शङ्का लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो ∃................ यात्रुलाई अस्पताल तथा अन्य स्थानहरुमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरु जारी गर्न सक्नेछ ।

३. सजाय : (१) यो ऐन वा यस ऐन अन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर १ महिनासम्म कैद वा रु. १००।– सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) यो ऐन अन्तर्गत अधिकृत व्यक्तिहरुलाई काममा बाधा पुऱ्याउनेलाई ६ महिनासम्म कैद वा रु. ६००।– सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४. कारबाही र किनारा गर्ने अधिकार : यस ऐन अन्तर्गत भए गरेको कसूरमा कारबाही र किनारा गर्ने अधिकार ƒप्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

५. असल नियतले गरेकोमा बचाउ : यो ऐन अन्तर्गत अधिकृत व्यक्तिले कुनै आफ्नु कर्तव्य पालन गर्दा असल नियतले कुनै काम कारबाही गरेकोमा निजको विरुद्ध नालिस वा अरु कुनै कानूनी कारबाही गर्न सकिने छैन ।

---

◌ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ϖ पहिलो संशोधनद्वारा संशोधित ।

❋ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

∃ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ द्वारा झिकिएको ।



∃ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ द्वारा झिकिएको ।

ƒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

द्रष्टव्यः- १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रुपान्तर गरिएका शब्दहरुः- "बडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" ।

# नेपाल मेडिकल काउन्सिल ऐन, २०२०

लालमोहर र प्रकाशन मिति
२०२०।११।१६

संशोधन गर्ने ऐन

१. नेपाल मेडिकल काउन्सिल (पहिलो संशोधन) ऐन, २०४४ २०४४।६।९
२. नेपाल मेडिकल काउन्सिल (दोस्रो संशोधन) ऐन, २०४७ २०४७।६।२७
३. नेपाल मेडिकल काउन्सिल (तेस्रो संशोधन) ऐन, २०५६ २०५६।१।२
४. स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०५८ २०५८।५।६

प्रमाणीकरण र प्रकाशन मिति

۞५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ २०६६।१०।७

२०२० सालको ऐन नं. ३५

♠...........

नेपाल मेडिकल काउन्सिलको गठन र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल ♠........... भरमा चिकित्सकहरुको योग्यतालाई व्यवस्थित गर्न र आधुनिक औषधिको वैज्ञानिक ढङ्गले प्रयोग गर्न निमित्त आधुनिक औषधिमा योग्यता पुगेका चिकित्सकहरुको रजिष्ट्रेशन गर्न समेत व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम “नेपाल मेडिकल काउन्सिल ऐन, २०२०” रहेकोछ ।

(२) यो ऐन नेपाल ♠........... भर लागू हुनेछ ।

---

२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः- “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(३) यो ऐनको दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अरु दफाहरु नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि तोकिएको क्षेत्रमा प्रारम्भ हुनेछ ।🕮

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “काउन्सिल” भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल मेडिकल काउन्सिल सम्झनु पर्छ ।

ϖ(क१) “अध्यक्ष” भन्नाले काउन्सिलको अध्यक्ष सम्झनु पर्छ ।

⌘(क२) “सदस्य” भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउँछ ।

⌘(ख) “अस्पताल” भन्नाले नेपाल सरकार वा गैर सरकारी स्तरबाट संगठित रुपमा सञ्चालित रोगको उपचार, प्रतिरोध, निदान तथा पुनर्स्थापनाको लागि स्वस्थ्य सेवा प्रदान गर्ने निकाय सम्झनु पर्छ र सो शब्दले चिकित्साशास्त्रमा न्यूनतम स्नातक तह अध्ययन अध्यापन गर्ने गराउने तथा तालीम दिने दिलाउने उद्देश्यले स्थापना भएको मान्यता प्राप्त संस्थालाई समेत जनाउँनेछ ।

(ग) “आधुनिक औषधि” भन्नाले एलोप्याथिक प्रणालीको औषधि सम्झनु पर्छ ।

⌘(घ) “चिकित्सक” भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली अन्तर्गत चिकित्साशास्त्रमा स्नातकोपाधि प्राप्त गरी सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ ।

◆(घ१) “विशेषज्ञ चिकित्सक” भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री, डिप्लोमा प्राप्त गरेको एवं तोकिए बमोजिमको विशेषज्ञ

---

🕮 ऐन प्रारम्भ हुने सूचना :-
१. ऐनको दफा २, ३, ४, ५, ६, ८, ९, १०, ११, १२, ३१, ३२, र ३३ मिति २०२२।५।२८ देखि लागू हुने गरी मिति २०२२।५।२८ को नेपाल राजपत्रमा सूचना प्रकाशित ।
२. ऐनको दफा २६ बाहेक लागू हुन बाँकी सबै दफाहरु मिति २०२३।१२।७ देखि लागू हुने गरी मिति २०२३।१२।७ को नेपाल राजपत्रमा सूचना प्रकाशित ।

ϖ पहिलो संशोधनद्वारा थप ।

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

◆ तेस्रो संशोधनद्वारा थप ।

तालीम प्राप्त गरी सम्बन्धित व्यवसायमा लागेको चिकित्सक सम्झनु पर्छ।

◆(घ२) "मेडिकल कलेज" भन्नाले पूर्ण रुपमा आधुनिक चिकित्सा विज्ञानमा स्नातक वा स्नातकोत्तर अध्ययन वा पोष्ट ग्रायजुयट तालीम दिने दिलाउने उद्देश्यले स्थापना भएका शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले त्यस प्रयोजनको लागि स्थापना भएका मेडिकल संस्था तथा डेण्टल कलेजलाई समेत जनाउँछ।

※(ङ) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत चिकित्सकहरुको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ।

(च) "दर्तावाला चिकित्सक" भन्नाले दर्ता किताबमा नाम दर्ता भएका चिकित्सक सम्झनु पर्छ।

◆(च१) "मान्यता प्राप्त" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त सम्झनु पर्छ।

(छ) "रजिष्ट्रार" भन्नाले दफा १२ बमोजिम नियुक्त गरिएको काउन्सिलको रजिष्ट्रार सम्झनु पर्छ।

(ज) "नियम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम सम्झनु पर्छ।

(झ) "विनियम" भन्नाले यो ऐन अन्तर्गत काउन्सिलले बनाएको विनियम सम्झनु पर्छ।

ϖ(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. काउन्सिलको स्थापना : (१) नेपाल मेडिकल काउन्सिल नामको एक काउन्सिल स्थापना हुनेछ।

(२) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) काउन्सिलले चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, नामसारी गर्न, ठेक्का लिने दिने समेत गर्ने र यस ऐनको उद्देश्य पूर्ति गर्ने आवश्यक सम्झिएका अरु सब काम गर्न गराउन सक्नेछ।

※ पहिलो संशोधनद्वारा संशोधित।

ϖ पहिलो संशोधनद्वारा थप।



(४) काउन्सिलले व्यक्ति सरह नालिस उजूर गर्न र निज उपर व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ।

π४. काउन्सिलको गठन : दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा देहायका सदस्यहरु रहनेछन् :-

(क) दर्तावाला चिकित्सकको रुपमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेको र चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सकमध्ये नेपाल सरकारबाट मनोनीत - अध्यक्ष

(ख) दर्तावाला चिकित्सकहरुले कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका दर्तावाला चिकित्सकमध्येबाट तोकिए बमोजिम निर्वाचन गरी पठाएको चिकित्सक एकजना - उपाध्यक्ष

(ग) अध्यक्ष, नेपाल चिकित्सक संघ - सदस्य

(घ) आधुनिक चिकित्साशास्त्र सम्बन्धी विषयमा अध्ययन हुने विश्वविद्यालय वा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डीन वा शिक्षाध्यक्षमध्ये नेपाल सरकारबाट मनोनीत एकजना - सदस्य

(ङ) उपभोक्ताहरुमध्ये नेपाल सरकारबाट मनोनीत एकजना - सदस्य

(च) दर्तावाला चिकित्सकमध्ये तोकिए बमोजिम निर्वाचित चिकित्सक आठजना - सदस्य

(छ) अध्यक्ष, नेपाल दन्त चिकित्सक संघ - सदस्य

(ज) दन्त चिकित्सक बाहेक चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सकमध्ये नेपाल सरकारबाट मनोनीत तीनजना - सदस्य

(झ) कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त दन्त चिकित्सकमध्ये नेपाल सरकारबाट मनोनीत दुईजना - सदस्य

※५. सदस्यको पदावधि : (१) काउन्सिलका मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ। पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन्।

π स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०५८ द्वारा संशोधित।

◆तर नेपाल सरकारबाट मनोनीत सदस्यलाई नेपाल सरकारले उचित कारण देखाई सदस्यबाट हटाउन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

※६. सदस्यको निमित्त अयोग्यता : देहायको कुनै व्यक्ति काउन्सिलको सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछः–

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) एम. बी. बी. एस. वा सो सरह ◆वा बी. डी. एस. वा सो सरह उपाधि प्राप्त गरेको मितिले पाँच वर्ष पूरा नभएको ।

तर यो खण्डमा तोकिएको अयोग्यता दफा ४ को उपदफा (१) को ⌘खण्ड (च) बमोजिम निर्वाचित हुने सदस्यको हकमा मात्र लागू हुनेछ ।

※७. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा काउन्सिलको सदस्यता समाप्त भएको मानिनेछः–

(क) मृत्यु भएमा,

(ख) दफा ६ बमोजिम सदस्य रहन अयोग्य भएमा,

(ग) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) काउन्सिललाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी काउन्सिलको बैठकमा अनुपस्थित भएमा ।

तर, काउन्सिलले कुनै सदस्यलाई बढीमा छ महिनासम्म काउन्सिलको बैठकबाट अनुपस्थित रहन सक्ने गरी अनुमति दिन सक्नेछ ।

◆७क. काउन्सिलको काम, कर्तव्य र अधिकार : (१) काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) चिकित्साशास्त्र अध्ययन अध्यापन गराइने तथा तालीम दिने दिलाउने मेडिकल कलेजलाई तोकिए बमोजिम मान्यता दिने ।

(ख) चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने तालीम दिने दिलाउने मेडिकल कलेजको पाठ्यक्रम भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी तोकिए बमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरु तथा मापदण्ड सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्दा सो बमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीको लागि सिफारिस गर्ने ।

(ग) चिकित्सा व्यवसाय सुचारुरुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

(घ) चिकित्सकहरुको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरुको तोकिए बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा ˜ीष्अभलकष्लन भ्हकष्लबतष्यल० लिई दर्ता प्रमाणपत्र दिने ।

(ङ) चिकित्सकहरुको तोकिए बमोजिम आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लंघन गर्ने चिकित्सक उपर तोकिए बमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

(२) नेपाल सरकारले नेपाल ♠.......... मा कुनै मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्ने स्वीकृति दिनु पूर्व काउन्सिलसंग परामर्श माग गर्नेछ र काउन्सिलले त्यस्तो मेडिकल कलेजले उपदफा (१) को खण्ड (ख) बमोजिम मापदण्ड तथा पूर्वाधार पूरा गरे नगरेको जाँचबुझ गरी पूरा गरेको देखिएमा मात्र काउन्सिलले मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्न स्वीकृति दिने सम्बन्धमा परामर्श दिनेछ र काउन्सिलको त्यस्तो परामर्शको आधारमा नेपाल सरकारले मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्ने स्वीकृति दिनेछ ।

◆७ख. काउन्सिलको बैठक र निर्णय : काउन्सिलको बैठक र निर्णय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

※ पहिलो संशोधनद्वारा संशोधित ।

◆ तेस्रो संशोधनद्वारा थप ।

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

◆ तेस्रो संशोधनद्वारा थप ।



♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

८. राजपत्रमा प्रकाशित हुने : काउन्सिलमा मनोनीत भएको वा ⌘निर्वाचित भएको वा काउन्सिलबाट हटाइएको प्रत्येक सदस्यको नाम नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

९. काम कारबाही अवैध नहुने : काउन्सिलमा कुनै सदस्यको स्थान रिक्त रही वा अयोग्य व्यक्ति मनोनीत भई वा रही वा छानिई काम कारबाही भएको रहेछ भने सो कारणले मात्र काउन्सिलको काम कारबाही अवैध मानिने छैन ।

⌘१०. बैठक भत्ता तथा अन्य सुविधा : सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा नेपाल सरकारको पूर्व स्वीकृति लिई काउन्सिलले तोके बमोजिम हुनेछ ।

⌘११. समिति गठन गर्न सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम काउन्सिलले आफूलाई प्राप्त अधिकार प्रयोग गर्नको लागि विभिन्न विषय समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार काउन्सिलले तोके बमोजिम हुनेछ ।

१२. ⌘रजिष्ट्रार तथा कर्मचारी : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको रजिष्ट्रारको काम कारबाही गर्न नेपाल सरकारले कुनै व्यक्तिलाई नियुक्ति वा मनोनीत गर्न सक्नेछ र निजको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न अरु कुनै व्यक्तिलाई खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको रजिष्ट्रार वा निजको अनुपस्थितिमा खटाइएका व्यक्तिले काउन्सिल र दफा ११ बमोजिम समितिको समेत सचिव भै काम गर्नेछ र सो व्यक्तिले समिति वा काउन्सिलको बैठकमा भएको छलफलमा भाग लिन अधिकार हुनेछ तर मत दिन पाउने छैन ।

(३) उपदफा (१) अन्तर्गत नियुक्त गरिएको रजिष्ट्रारलाई बर्खास्त वा सस्पेण्ड वा अरु सजाय गर्नु परेमा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नेछ ।

(४) काउन्सिलले नेपाल सरकारको स्वीकृति लिई आवश्यक भए जति अधिकृत र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) अन्तर्गत नियुक्त भएका सबै अधिकृत र कर्मचारीहरु रजिष्ट्रारको नियन्त्रण र रेखदेखमा रहनेछन् ।

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।



१३. रजिष्ट्रारको काम कर्तव्य : (१) यो ऐन नियम र काउन्सिलको साधारण र विशेष आदेश बमोजिम दर्ता किताब दुरुस्त राखी समय समयमा नाम दर्ता हुने भएका चिकित्सकहरुको नाम ठेगाना र योग्यता खोली दर्ता किताबमा दर्ता गर्ने, मरेका वा सदस्यताबाट नाम हटाईने भएका चिकित्सकहरुको नाम हटाउने, र यो ऐन र नियम बमोजिम निजले गर्नु पर्ने अरु सबै काम कारबाही गर्नु रजिष्ट्रारको कर्तव्य हुनेछ ।

(२) कुनै ※दर्तावाला चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा आफ्नो ठेगाना बदलेमा रजिष्ट्रारलाई एक महिनाभित्र सूचना गर्नु पर्छ । कुनै चिकित्सकले आफ्नो ठेगाना बदलेकोछ वा व्यवसाय छाडेकोछ भन्ने शंका लागेमा रजिष्ट्रारले दर्ता किताबमा दर्ता भएको ठेगानामा ∃ ............. पत्र पठाउनेछ । सो पत्रहरु फिर्ता आएमा वा पत्रहरु पुगेको ३ महिनासम्ममा पनि जवाफ प्राप्त नभएमा रजिष्ट्रारले सो चिकित्सकको नाम प्रमुख समाचारपत्रद्वारा सूचीत गर्नेछ र अर्को ३ महिनाभित्र पनि केही सूचना नआएमा रजिष्ट्रारले निजको नाम ⌘दर्ता किताबबाट हटाउन सक्नेछ ।

तर रजिष्ट्रारले पठाएको पत्र समयमा पाउन नसकेकोले वा आफ्नो वसभन्दा बाहिरको कुनै परिस्थितिले गर्दा वा अरु कुनै मनासिब माफिकको कारणले जवाफ दिन नसकेको वा फेरि सो व्यवसाय गर्न लागेको भन्ने कुरा देखाई दर्ता किताबबाट हटाइएको नाम फेरि दर्ता गराई माग्न कसैले रजिष्ट्रार छेउ दरखास्त दिएमा यस उपदफा बमोजिम हटाइएको कुनै चिकित्सकको नाम रजिष्ट्रारले दर्ता किताबमा फेरि दर्ता गर्न सक्नेछ र त्यसरी दर्ता गरिएकोमा नियममा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) यस ऐन बमोजिम खडा भएको दर्ता किताब सरकारी कागजात ϖसरह मानिनेछ ।

⌘१४. रजिष्ट्ररमा नाम दर्ता गराउने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही अनुसूचीमा लेखिए बमोजिमको योग्यता प्राप्त व्यक्तिले दर्ता किताबमा नाम दर्ता गराउनको लागि तोकिए

※ पहिलो संशोधनद्वारा संशोधित ।
∃ तेस्रो संशोधनद्वारा झिकिएको ।
⌘ तेस्रो संशोधनद्वारा संशोधित ।
ϖ पहिलो संशोधनद्वारा थप ।

बमोजिमको दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा काउन्सिल समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर काउन्सिलले जाँचबुझ गर्दा रीतपूर्वकको देखिएमा त्यस्ता व्यक्तिको नाम दुई वर्षका लागि अस्थायी रुपमा दर्ता किताबबाट दर्ता गरी सोको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबमा अस्थायी रुपमा नाम दर्ता भएका व्यक्तिहरु मध्ये नेपाल सरकारको सेवामा रहेका र नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न गएका व्यक्तिहरुले स्वास्थ्य मन्त्रालयले तोकेको स्थानमा तोकेको अवधिसम्म चिकित्सा व्यवसाय गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिले दुई वर्षसम्म चिकित्सा व्यवसाय गरेपछि काउन्सिलले दर्ता किताबमा स्थायी रुपमा नाम दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (३) बमोजिम तोकेको अवधिसम्म काम गरिसकेका व्यक्तिको नाम स्वास्थ्य मन्त्रालयको सिफारिसमा काउन्सिलले दर्ता किताबमा स्थायी रुपमा दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(६) अनुसूचीमा लेखिए बमोजिमको योग्यता बाहेक अन्य व्यक्तिलाई पनि काउन्सिलको रायमा आधुनिक चिकित्सा प्रणालीमा न्यूनतम योग्यता प्राप्त भएकोछ भन्ने ठहर्‍याई काउन्सिलले सिफारिस गरेमा स्वास्थ्य मन्त्रालयले यस दफाको अधीनमा रही त्यस्ता व्यक्तिको नाम दर्ता किताबमा दर्ता गर्न निर्देशन दिएमा काउन्सिलले त्यस्ता व्यक्तिको नाम दर्ता किताबमा दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(७) काउन्सिलमा विदेशी नागरिकको नाम दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. दरखास्त उपर कारबाही : (१) दफा १४ को उपदफा (१) अन्तर्गत दर्ता किताबमा नाम दर्ता गर्नको लागि आएको सबै दरखास्तहरु सोझै रजिष्ट्रार छेउ पठाउनेछ र रजिष्ट्रारले पनि सबै दरखास्तहरु काउन्सिलबाट यस कामको लागि ⌘तोकिएको समितिमा पेश गर्नुपर्छ ।

(२) दरखास्तवाला अनुसूचीमा लेखिए बमोजिमको योग्यता प्राप्त व्यक्ति हो होइन र निजको दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको राम्रो जाँचबुझ गरी समितिले सबै कुरा खोली काउन्सिललाई प्रतिवेदन गर्नेछ ।

(३) उपदफा (२) अन्तर्गत समितिले दिएको प्रतिवेदनमा विचार गरी काउन्सिलले देहाय बमोजिम गर्नेछः–

(क) दरखास्तवाला अनुसूचीमा लेखिए बमोजिमको योग्यता प्राप्त व्यक्ति हो र निजको दरखास्त नियम बमोजिम रीतपूर्वक छ र निजले यस सम्बन्धमा नियममा तोकिएको दस्तुर बुझाएको छ भने निजको नाम दर्ता किताबमा दर्ता गरी दिन रजिष्ट्रारलाई निर्देशन दिने,

(ख) दरखास्त नियम बमोजिम रीत नपुगेको वा दरखास्तवालाले दस्तुर दाखिल नगरेकोमा वा दरखास्तवाला अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता प्राप्त व्यक्ति नभएमा निजको नाम दर्ता किताबमा दर्ता गर्न अस्वीकृत गरी सो कुराको कारण खोली दरखास्तवालालाई सूचना दिने ।

(४) कुनै दरखास्त रीत नपुगेको वा दरखास्तवालाले दस्तुर नबुझाएको हुनाले उपदफा (३) को खण्ड (ख) अन्तर्गत कुनै दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता हुन नसकेकोमा सो दरखास्तवालाले रीत पुर्‍याई फेरि अर्को दरखास्त दिएमा दस्तुर दाखिल गरेमा अघि दर्ता हुन नसकेको कारणले मात्र निजको नाम दर्ता किताबमा दर्ता गर्न नामञ्जुर गरिने छैन ।

(५) उपदफा (३) को खण्ड (क) बमोजिम काउन्सिलले कुनै दरखास्तवालाको नाम दर्ता गर्न निर्देशन गरेमा रजिष्ट्रारले सो व्यक्तिको नाम दर्ता किताबमा दर्ता गरी निजलाई सो कुराको प्रमाणपत्र दिनेछ ।

१६. नाम दर्ता गराउँदा प्रमाण, सूचना र विवरण दिने : दफा १४ को उपदफा (२) बमोजिम दर्ता किताबमा नाम दर्ता हुने भएका वा दर्ता किताबमा नाम दर्ता गर्नका लागि सोही दफाको उपदफा (१) अन्तर्गत दरखास्त दिने व्यक्तिहरुले रजिष्ट्रारलाई देहाय बमोजिमको प्रमाण विवरण एवं सूचना दिनु पर्नेछः–

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

⌘(क) काउन्सिलले आवश्यक ठानी तोकेका उपाधि, शैक्षिक योग्यताको प्रमाणपत्र र अन्य प्रमाण तथा कागजातहरु,

(ख) विदेशको कुनै मेडिकल काउन्सिल वा परिषद् वा सो सरहको संस्थाको दर्ता किताबमा निजको नाम दर्ता भएको छ भने सो दर्ता किताबमा दर्ता भएको निजको योग्यता वा उपाधि, दर्ता नम्बर र मिति खोली त्यसको विवरण,

(ग) यो ऐन र नियम बमोजिम कर्तव्य पालन गर्नेछु भन्ने प्रतिज्ञापत्र ।

१७. दर्ता किताबबाट नाम झिक्न र फेरि दर्ता गर्न आदेश दिने काउन्सिलको अधिकार : (१) देहायका अवस्थामा काउन्सिलले कुनै दर्तावाला चिकित्सकको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछः–

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएकोमा, वा

(ख) पेशा सम्बन्धी कुनै खराब आचरणको दोषी हो भनी काउन्सिलको सदस्य संख्याको दुई तिहाई बहुमतले ठहऱ्याएकोमा ।

(२) उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाइएको व्यक्तिले काउन्सिललाई मनासिब माफिकको कारण देखाई आफ्नो नाम दर्ता किताबमा फेरि दर्ता गराउन दरखास्त गरेमा निजको नाम दर्ता गर्न मनासिब देखिए काउन्सिलको नियममा यस सम्बन्धमा तोकिए बमोजिमको दस्तुर बुझी निजको नाम दर्ता किताबमा दर्ता गरी दिनु भनी रजिष्ट्रारलाई निर्देश गर्न सक्नेछ र त्यसरी निर्देश भएमा रजिष्ट्रारले पनि सो बमोजिम दर्ता गरी सो कुराको प्रमाणपत्र दिनु पर्छ ।

ϖतर यस ऐन बमोजिम दर्ता किताबबाट नाम हटाइएकोमा त्यसरी नाम हटाइएको कम्तीमा दुई वर्षको अवधि व्यतित नभई यस उपदफा बमोजिम पुनः निजको नाम दर्ता गरिने छैन ।

१८. काउन्सिलको विघटन : (१) काउन्सिलले यो ऐन र नियम अन्तर्गत आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा बराबर अधिकारको दुरुपयोग गरेको वा त्यस्तो अधिकारभन्दा बढी

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

ϖ पहिलो संशोधनद्वारा थप ।



अधिकारको प्रयोग गर्ने गरेको वा ऐन वा नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्न नसकेको नेपाल सरकारलाई लागेमा सो कुरा सुधार्न वा सच्याउन नेपाल सरकारले काउन्सिललाई सूचना दिनेछ ।

(२) उपदफा (१) अन्तर्गत दिइएको सूचना बमोजिम काउन्सिलले आफनो काम कारबाही सुधार्न वा सच्याउन नसकेमा नेपाल सरकारले काउन्सिल विघटन गरी अर्को काउन्सिल गठन नभएसम्म ⌘यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियम बमोजिम काउन्सिलले गर्ने गरेका कार्यहरु गर्नको निमित्त अन्तरिम कार्यकारी परिषद्को गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) अन्तर्गत काउन्सिल विघटन भएपछि सो काउन्सिलको कोष र अरु सम्पत्ति ⌘उपदफा (२) बमोजिम गठित अन्तरिम कार्यकारी परिषद्ले आफनै जिम्मामा राखी नयाँ काउन्सिल गठन भएपछि सो कोष र सम्पत्ति नवगठित काउन्सिललाई बुझाई दिनु पर्छ ।

(४) उपदफा (२) अन्तर्गत काउन्सिलको विघटन भएपछि सो विघटन भएको साधारणतः तीन महिनाभित्र नेपाल सरकारले दफा ४ बमोजिम नयाँ काउन्सिल गठन गराउनु पर्छ ।

१९. पुनरावेदन : (१) यस ऐन बमोजिम रजिष्ट्रारले गरेको कुनै निर्णय वा अरु कुनै काम कुराका सम्बन्धमा चित्त नबुझ्नेले त्यस्तो निर्णय वा काम कुरा गरे भएको मितिले ३५ दिनभित्र काउन्सिलमा पुनरावेदन गर्न सक्नेछ ।

⌘(२) यो ऐन बमोजिम काउन्सिलले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्णय भए गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

※२०. दर्ता किताबबाट नाम हटाउने : देहायको अवस्थामा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न काउन्सिलले पाँच जना दर्तावाला चिकित्सकहरु भएको एक जाँचबुझ समिति गठन गर्नेछ र त्यस्तो समितिले दिएको प्रतिवेदनको आधारमा काउन्सिलले त्यस्ता व्यक्तिको नाम दर्ता किताबबाट हटाउन सक्नेछः–

(क) धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता भएको,

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

※ पहिलो संशोधनद्वारा संशोधित ।

(ख) कुनै दर्तावाला चिकित्सक मानसिक अस्वस्थताको कारणले चिकित्सा सम्बन्धी व्यवसाय गर्न असमर्थ भएको ।

※२१. नेपाल सरकारले मान्यता दिने : ⌘(१) काउन्सिलले चिकित्साशास्त्र सम्बन्धी डिग्री, डिप्लोमा प्रमाणपत्र वा अन्य उपाधिहरुलाई मान्यता प्रदान गर्न सक्नेछ ।

λ(१क) उपदफा (१) बमोजिम ⌘काउन्सिलबाट मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरुलाई अनुसूचीमा समावेश गरिनेछ ।

(२) चिकित्साशास्त्र सम्बन्धी विदेशी संस्थाबाट प्राप्त डिग्री डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले त्यस्तो उपाधिको मान्यताको लागि तोकिए बमोजिम ⌘काउन्सिल समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर ⌘काउन्सिलले त्यस्तो डिग्री, डिप्लोमा, प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ । यसरी मान्यता प्रदान गरेको डिग्री, डिप्लोमा प्रमाणपत्र वा उपाधिलाई अनुसूचीमा समावेश गरिनेछ ।

●२१क. विवरण माग गर्न सक्ने : दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने मेडिकल संस्थाले त्यस्तो डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरुको सम्बन्धमा काउन्सिलले समय समयमा त्यस्तो संस्थासंग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

λ२१ख. परीक्षाको निरीक्षण : (१) दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरुका परीक्षाहरु निरीक्षण गर्नको लागि काउन्सिलले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेको परीक्षाको सम्बन्धमा

● दोस्रो संशोधनद्वारा थप ।

● दोस्रो संशोधनद्वारा थप ।



काउन्सिलले तोकेको विवरण खुलाई काउन्सिल समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

(२) दफा २१क. अन्तर्गत प्राप्त विवरण वा उपदफा (१) अन्तर्गत निरीक्षकले पेश गरेको प्रतिवेदन उपर काउन्सिलले विचार गर्दा दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएको कुनै डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिको निमित्त सम्बन्धित मेडिकल संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा सञ्चालन विधि उपयुक्त एवंम पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा काउन्सिलले आफ्नो प्रतिवेदन ⌘सम्बन्धित मेडिकल संस्थाले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालय वा शिक्षण संस्था समक्ष पेश गर्नेछ ।

⌘२१ग. मान्यता हटाउने : (१) दफा २१ख. को उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन उपर सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले तोकिए बमोजिमको कार्यविधि अपनाई आवश्यक जाँचबुझ गरी आफ्नो राय ठहर नेपाल सरकारमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त हुन आएको राय ठहरको सम्बन्धमा नेपाल सरकारले काउन्सिलसंग परामर्श गरी त्यस्ता मेडिकल संस्थाको सम्बन्धमा काउन्सिललाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले दिएको निर्देशन बमोजिम काउन्सिलले आवश्यक निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम काउन्सिलले त्यस्तो मेडिकल संस्थाको मान्यता अनुसूचीबाट हटाउने वा त्यस्ता मेडिकल संस्थाबाट कुनै खास मितिपछि प्रदान गरिएको चिकित्साशास्त्र सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई अनुसूचीबाट हटाउने गरेको निर्णय नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

◆२१घ. विशेष परीक्षा सञ्चालन गर्न सकिने : चिकित्साशास्त्रमा आवश्यक गुणस्तर कायम राख्नको लागि यो ऐन बमोजिम काउन्सिलमा नाम दर्ता गराउन चाहने चिकित्सकहरुलाई नाम दर्ता

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

◆ तेस्रो संशोधनद्वारा थप ।

गराउनु अघि काउन्सिलले तोकिए बमोजिमको परीक्षा लिन सक्नेछ ।

β२२. ................

β२३. ................

β २४. ................

२५. नालिस र अरु कानूनी कारबाही चल्न नसक्ने : यो ऐन वा नियममा व्यवस्था गरिएको बाहेक यस ऐन वा नियमले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले वा काउन्सिलले वा रजिष्ट्रारले गरेको काम कारबाही उपर कुनै अदालतमा नालिस उजूर वा अरु कानूनी कारबाही चल्नेछैन ।

२६. दर्ता किताबमा नाम दर्ता नभएका व्यक्तिहरुले चिकित्सा सम्बन्धी व्यवसाय गर्न मनाहीः (१) दर्तावाला चिकित्सकहरु बाहेक अरु व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आधुनिक चिकित्साको व्यवसाय गर्न पाउने छैन ।

◆(१क) प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता भएका व्यक्तिले औषधि ऐन, २०३५ को अधीनमा रही चिकित्सा व्यवसाय गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको चिकित्सा व्यवसाय गर्न पाउनेछ ।

(२) Π ............

(३) कसैले यो दफा बमोजिम कसूर गरेमा निजलाई ※तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

२७. मेडिकल योग्यता सम्बन्धी उपाधि प्रयोग गरेमा सजाय : (१) कुनै व्यक्तिले आधुनिक औषधि सम्बन्धी चिकित्साको काम गर्ने हेतुले आफूले नपाएको आधुनिक औषधि सम्बन्धी डिग्री, डिप्लोमा,

β पहिलो संशोधनद्वारा खारेज ।

β पहिलो संशोधनद्वारा खारेज ।

◆ तेस्रो संशोधनद्वारा थप ।

Π पहिलो संशोधनद्वारा झिकिएको ।

※ पहिलो संशोधनद्वारा संशोधित ।



सर्टिफिकेट, लाइसेन्स वा उपाधि आफ्नो नामसंग जोडी लेख्न वा लेख्न लाउन हुँदैन ।

(२) कसैले उपदफा (१) को बर्खिलाप कसूर गरेको ठहरेमा निजलाई ※तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

२८. मुद्दा चलाउने : (क) यो ऐनको कुरा भंग गरे बापत कुनै व्यक्ति वा संस्था उपर मुद्दा चलाउन आवश्यक छ भन्ने काउन्सिलको राय भएमा सो काउन्सिलले मुद्दा चलाउने कुराको प्रस्ताव पारित गरी नेपाल सरकार छेउ पेश गर्न सक्नेछ ।

(ख) त्यस्तो मुद्दाको कारबाही चलाउनको लागि नेपाल सरकारले कुनै अधिकृतलाई लिखित रुपमा अख्तियार दिन सक्नेछ ।

२९. दर्तावाला चिकित्सकहरुले सर्टिफिकेट दिने बारे : दर्तावाला चिकित्सकलाई देहायको काम गर्न अधिकार हुनेछः–

(क) नेपाल कानून बमोजिम जन्म र मरणको प्रमाणपत्रमा निस्सा लगाउने,

(ख) नेपाल कानून बमोजिम चिकित्सा सम्बन्धी वा शारीरिक तथा मानसिक योग्यता सम्बन्धी प्रमाणपत्रमा सहीछाप गर्ने र प्रमाणपत्र दिने ।

३०. μ ............

◆३०क. अधिकार प्रत्यायोजन : (१) यो ऐन बमोजिम नेपाल सरकारले आफूलाई प्राप्त अधिकार काउन्सिल वा काउन्सिल प्रमुख बाहेक अन्य कुनै निकाय वा संस्थाको प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम काउन्सिलले आफूलाई प्राप्त अधिकार काउन्सिलको अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्यहरुको समिति, रजिष्ट्रार वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

⌘३१. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : काउन्सिलको राय लिई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

μ तेस्रो संशोधनद्वारा खारेज ।

◆ तेस्रो संशोधनद्वारा थप ।

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

३२. <u>नियम बनाउने अधिकार</u> : (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले काउन्सिलको राय लिई नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियमले देहायको कुराहरुमा व्यवस्था गर्न सक्नेछ :–

(क) काउन्सिलको बैठक र त्यसको कार्यविधि तोक्ने,

(ख) दफा ४ बमोजिम काउन्सिलको सदस्यहरुको चुनाव गर्ने तरिका तोक्ने,

(ग) काउन्सिलका अध्यक्ष र सदस्यहरुको अधिकार र कर्तव्य तोक्ने,

(घ) काउन्सिलको कोष धन सम्पत्तिको व्यवस्था गर्ने,

(ङ) काउन्सिलको अध्यक्ष र सदस्यहरुलाई पारिश्रमिक दिने,

(च) रजिष्ट्रार र अरु कर्मचारीको सेवाको शर्त, तलब, भत्ता र सजाय, बर्खासी सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(छ) यो ऐन बमोजिम राख्नु पर्ने दर्तावाला चिकित्सकको दर्ता किताबको फाराम तोक्ने,

(ज) मेडिकल चिकित्सा सम्बन्धी फिरिस्त प्रकाशित गर्ने,

(झ) यस ऐन बमोजिम लिनु पर्ने दस्तुर र दरखास्त पत्र निर्धारित गर्ने,

(ञ) समितिहरुको गठन गर्ने तरिका त्यस्तो समितिको कर्तव्य र अधिकार तोक्ने,

(ट) हिसाब किताब राख्ने,

(ठ) दर्ता किताब जम्मा गर्ने र प्रकाशन गर्ने,

(ड) रजिष्ट्रारको निर्णय उपर काउन्सिलले पुनरावेदन सुन्ने तरिका तोक्ने,

(ढ) काउन्सिलको काम सुचारुरुपले चालू गर्न चाहिने अरु कुराको व्यवस्था गर्ने ।

३३. <u>विनियम</u> : (१) यो ऐन र नियमको अधीनमा रही अरु आवश्यक काम कुराको लागि काउन्सिलले विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम नेपाल सरकारबाट स्वीकृत हुनुपर्छ ।

(२) काउन्सिलको दुई तिहाई सदस्यको बहुमत भएमा काउन्सिलले सो विनियम संशोधन गर्न सक्नेछ र यो ऐनलाई संशोधन गर्न मनासिब देखी दुई तिहाई सदस्यले प्रस्ताव पारित गरी नेपाल सरकार छेउ सिफारिस गर्न सक्नेछ ।



## ©<u>अनुसूची</u>

१. नेपाल मेडिकल काउन्सिलले मान्यता प्रदान गरेका विभिन्न मुलुकका विश्वविद्यालय तथा शिक्षण संस्थाहरुबाट प्रदान गरिएका चिकित्साशास्त्र सम्बन्धी आधारभूत शैक्षिक उपाधि तथा लाइसेन्सहरु :–

| क्र.सं. | मुलुकको नाम | विश्वविद्यालय वा शिक्षण संस्थाको नाम | मान्यता प्राप्त शैक्षिक उपाधि तथा लाइसेन्सहरुको नाम |
|---|---|---|---|
| १. | नेपाल | १. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज, काठमाडौं<br>२. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान<br>३. काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे | – ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| २. | भारत | १. ए.पि. सिंह विश्वविद्यालय, रेवा<br>२. बनारस हिन्दू विश्वविद्यालय, बनारस<br>३. भागलपुर विश्वविद्यालय, भागलपुर<br>४. बुन्देलखण्ड विश्वविद्यालय, झाँसी<br>५. क्यालीकट विश्वविद्यालय, क्यालीकट<br>६. डिब्रुगढ विश्वविद्यालय, डिब्रुगढ<br>७. गुरु नानक विश्वविद्यालय, अमृतसर<br>८. हिमाञ्चल प्रदेश विश्वविद्यालय, शिमला | – ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>– ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |

© मिति २०५७।११।२५ को नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचना बमोजिम हेरफेर भएको ।

| | | | |
|---|---|---|---|
| | | ९. जिवाजी विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ग्वालियर | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | १०. कानपुर विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | कानपुर | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ११. ललितनारायण मिथिला | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विश्वविद्यालय, दरभंगा | ब्याचलर अफ सर्जरी |
| | | १२. महर्षि दयानन्द | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, रोहतक | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | १३. नर्थ बंगाल विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | सुस्रुत नगर | (एम.बी.बी.एस.) |
| | | १४. पाँडिचेरी विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | पाँडिचेरी | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | १५. राँची विश्वविद्यालय, राँची | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | १६. रविशंकर विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | राईपुर | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | १७. साम्बलपुर विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | साम्बलपुर | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | १८. शिवाजी विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | कोल्हापुर | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | १९. बर्हाम्पुर विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | बर्हाम्पुर | (एम.बी.बी.एस.) |
| | | २०. जम्मु विश्वविद्यालय, जम्मु | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | २१. साउथ गुजरात | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, सूरत | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | २२. गुलबार्ग विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | गुलबार्ग | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | २३. रानी दुर्गावती | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, जवलपुर | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | २४. आसाम विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | सिल्चर | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | २५. बाबासाहेब भिमराव | ब्याचलर अफ सर्जरी |
| | | अम्बेडकर विहार | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | मुजफ्फरपुर | ब्याचलर अफ सर्जरी |
| | | २६. एम.एम. विश्वविद्यालय, | (एम.बी.बी.एस.) |



| | | | |
|---|---|---|---|
| | | वरोदा | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | २७. सौराष्ट्र विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | राजकोट | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | २८. सरदार पटेल | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, वल्लभ | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विद्यानगर | ब्याचलर अफ सर्जरी |
| | | २९. महात्मा गान्धी | (एम.बी.बी.एस.) |
| | | विश्वविद्यालय, कोटयाम | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३०. काश्मीर विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | श्रीनगर | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३१. वर्कतुल्लाह विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | भोपाल | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३२. बाबासाहेब अम्वेडकर | ब्याचलर अफ सर्जरी |
| | | मराठवाडा विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | औरंगावाद | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३३. अमरावती विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | अमरावती | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३४. मणिपुर विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | मणिपुर | (एम.बी.बी.एस.) |
| | | | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ३५. अलिगढ मुश्लीम | ब्याचलर अफ सर्जरी |
| | | विश्वविद्यालय, अलिगढ | (एम.बी.बी.एस.) |
| | | ३६. वर्धवन विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | वर्धवन | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ३७. गोरखपुर विश्वविद्यालय, | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | गोरखपुर | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ३८. आन्ध्र प्रदेश स्वास्थ्य | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विज्ञान विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | विजयवाडा | (एम.बी.बी.एस.) |
| | | ३९. देवी अहिल्या | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विश्वविद्यालय, इन्दोर | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ४०. चौधरी चरण सिंह | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विश्वविद्यालय, मेरठ | ब्याचलर अफ सर्जरी |
| | | ४१. गौहाटी विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | गौहाटी | - ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ४२. पञ्जाब विश्वविद्यालय, | (एम.बी.बी.एस.) |

| | | | |
|---|---|---|---|
| | | चण्डीगढ | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ४३. गुजरात विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | अहमदाबाद | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ४४. मैसुर विश्वविद्यालय, मैसुर | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ४५. नागपुर विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | नागपुर | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ४६. उत्कल विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | भुवनेश्वर | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ४७. राजस्थान विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | जयपुर | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ४८. आगरा विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | आगरा | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ४९. इलाहाबाद विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | इलाहाबाद | (एम.बी.बी.एस.) |
| | | ५०. पुना विश्वविद्यालय, पुना | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ५१. अल इन्डिया इन्स्टिज्यूट | (एम.बी.बी.एस.) |
| | | अफ मेडिकल साइन्सेज, | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | दिल्ली | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ५२. बंगलोर विश्वविद्यालय, | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | बंगलोर | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | ५३. मगध विश्वविद्यालय, | ब्याचलर अफ सर्जरी |
| | | बोधगया | (एम.बी.बी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ५४. पन्जाबी विश्वविद्यालय, | (एम.बी.बी.एस.) |
| | | पटियाला | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) |
| | | ५५. गोआ विश्वविद्यालय, | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | गोआ | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | ५६. कुभेम्पु विश्वविद्यालय, | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | दावनगेरे | ब्याचलर अफ सर्जरी |



| | | | |
|---|---|---|---|
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | ५७. मणिपाल एकेडेमी अफ | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | हायर एजुकेशन, मणिपाल | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | ५८. तामिलनाडु डा. | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | एम.जी.आर. मेडिकल | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | विश्वविद्यालय, चेन्नाइ | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | ५९. पटना विश्वविद्यालय, | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | पटना | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | ६०. दिल्ली विश्वविद्यालय, | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | दिल्ली | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | ६१. कर्नाटक विश्वविद्यालय, | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | धारवाद | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | ६२. केरला विश्वविद्यालय, | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | थिरुबन्नथपुरम | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ६३. मुम्बइ विश्वविद्यालय, | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | मुम्बइ | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ६४. लखनउ विश्वविद्यालय, | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | लखनउ | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | ६५. कलकत्ता विश्वविद्यालय, | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | कलकत्ता | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |
| | | | डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | | -ब्याचलर अफ मेडिसिन एण्ड |
| | | | ब्याचलर अफ सर्जरी |
| | | | (एम.बी.बी.एस.) /ब्याचलर अफ |

| | | | |
|---|---|---|---|
| | | | डेन्टल सर्जरी (बी.डी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.) |
| ३. | पाकिस्तान | १. बहाउद्दीन जकारिया विश्वविद्यालय, मुल्तान | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | २. इश्लामिया विश्वविद्यालय, बहावलपुर | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | ३. कायदे आजम विश्वविद्यालय, इस्लामावाद | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | ४. पंजाब विश्वविद्यालय, पंजाब | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | ५. कराँची विश्वविद्यालय, कराँची | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.) |
| | | ६. सिन्ध विश्वविद्यालय, सिन्ध | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.) |
| ४. | बंगलादेश | १. राजशाही विश्वविद्यालय, राजशाही | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | २. चटगाउँ विश्वविद्यालय, चटगाउँ | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | ३. युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी, चटगाउँ । | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| | | ४. ढाका विश्वविद्यालय, ढाका | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) /ब्याचलर अफ डेन्टल सर्जरी (बी.डी.एस.) |
| ५. | श्रीलंका | १. कोलम्बो विश्वविद्यालय, कोलम्बो | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी |



| | | | |
|---|---|---|---|
| | | | (एम.बी.बी.एस.) |
| ६. | संयुक्त अधिराज्य बेलायत | १. न्यूक्यासल अपनटाइन विश्वविद्यालय, न्यूक्यासल अपनटाइन | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | २. बर्मिङ्घम विश्वविद्यालय, बर्मिङ्घम | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ३. ब्रिष्टोल विश्वविद्यालय, ब्रिष्टोल | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ४. डर्हाम विश्वविद्यालय, डर्हाम | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ५. लिड्स विश्वविद्यालय, लिड्स | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ६. लिभरपुर विश्वविद्यालय, लिभरपुल | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ७. लण्डन विश्वविद्यालय, लण्डन | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ८. म्यान्चेष्टर विश्वविद्यालय, म्यान्चेष्टर | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ९. अक्सफोर्ड विश्वविद्यालय, अक्सफोर्ड | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | १०. सेफिल्ड विश्वविद्यालय, सेफिल्ड | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | ११. वेल्स विश्वविद्यालय, वेल्स | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| | | १२. एवर्डिन विश्वविद्यालय, एवर्डिन | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |

| | | | |
|---|---|---|---|
| | | १३. एडिनबरा विश्वविद्यालय, एडिनबरा<br><br><br><br>१४. ग्लास्गो विश्वविद्यालय, ग्लास्गो<br><br><br><br>१५. दि क्वीन्स विश्वविद्यालय, वेल्फास्ट<br><br><br><br>१६. क्याम्ब्रिज विश्वविद्यालय, क्याम्ब्रिज | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस., एम.बी.बी.सी.एच., एम.बी.सी.एच.बी.) |
| ७. | इजरायल | १. दि हेब्रु विश्वविद्यालय, जेरुसेलम | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| ८. | टर्की | १. होजेटेप विश्वविद्यालय, अंकारा<br>२. अंकारा विश्वविद्यालय, अंकारा | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |
| ९. | गणतन्त्र (दक्षिण) कोरिया | १. इहवा विभेन्स विश्वविद्यालय, सिउल<br>२. क्युङ्ग विश्वविद्यालय, सिउल<br>३. क्युङ्ग विश्वविद्यालय, डाएङ्ग<br>४. युङ्नाम विश्वविद्यालय, तयागु | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |
| १०. | म्यानमार | १. याङगोन विश्वविद्यालय, याङगोन | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| ११. | इजिप्ट | १. कायरो विश्वविद्यालय, कायरो<br>२. अल अजहर विश्वविद्यालय, कायरो | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |
| १२. | फिलिपिन्स | १. एटेनियो दभाओ विश्वविद्यालय, दभाओ<br>२. सेन्ट लुइस विश्वविद्यालय, वाजियो<br>३. इष्ट विश्वविद्यालय, | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ डेन्टल मेडिसिन (डी.डी.एम.) |



| | | | |
|---|---|---|---|
| | | क्विजोन | |
| १३. | जापान | १. निगाता विश्वविद्यालय, निगाता<br>२. होक्काइडो विश्वविद्यालय, सापोरो | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ डेन्टल सर्जरी (डी.डी.एम.) |
| १४. | जर्मनी | १. लिपजिग विश्वविद्यालय, लिपजिग | - स्टेट लाइसेन्सियट इन मेडिसिन / डाक्टर अफ मेडिसिन (एम.डी.) |
| १५. | अष्ट्रिया | १. भियना विश्वविद्यालय, भियना | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| १६. | फ्रान्स | १. पेरिस विश्वविद्यालय (बाह्रौं), पेरिस | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| १७. | अष्ट्रेलिया | १. एडेलाइड विश्वविद्यालय, एडेलाइड | - ब्याचलर अफ डेन्टिष्ट्री (बी.डी.एस.) |
| १८. | मेक्सिको | १. मोन्टेमोरेलस विश्वविद्यालय, मोन्टेमोरेलस | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| १९. | संयुक्तराज्य अमेरिका | १. पेन्सिलभानिया स्टेट विश्वविद्यालय, पेन्सिलभानिया | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २०. | रुसी महासंघ | १. मस्को स्टेट मेडिकल एकेडेमी, मस्को<br>२. कुवान स्टेट मेडिकल एकेडेमी, कास्नोदर<br>३. स्मोलेन्स्क स्टेट मेडिकल एकेडेमी, स्मोलेन्स्क<br>४. स्ताभ्रोपोल स्टेट मेडिकल एकेडेमी, स्ताभ्रोपोल<br>५. सेन्ट पिटर्सबर्ग स्टेट मेडिकल एकेडेमी, सेन्ट पिटर्सवर्ग<br>६. सेन्ट पिटर्सवर्ग स्टेट पिडियाट्रिक मेडिकल एकेडेमी, सेन्ट पिटर्सवर्ग<br>७. भोल्गोग्राद स्टेट मेडिकल एकेडेमी, भोल्गोग्राद<br>८. टिभर स्टेट मेडिकल एकेडेमी, टिभर<br>९. रसियन स्टेट मेडिकल विश्वविद्यालय, मस्को<br>१०. चुभास स्टेट विश्वविद्यालय, चेवोक्सारी<br>११. रोस्तोभ स्टेट विश्वविद्यालय, रोस्तोभ<br>१२. सारातोभ स्टेट मेडिकल विश्वविद्यालय, सारातोभ | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |

| | | | |
|---|---|---|---|
| | | १३. मोरदोभिया स्टेट विश्वविद्यालय, मोरदोभिया<br>१४. दागेस्तान स्टेट मेडिकल विश्वविद्यालय, दागेस्तान<br>१५. मस्को स्टेट मेडिकल स्टोमेटोलोजिकल इन्ष्टीच्यूट, मस्को<br>१६. निझनी नोभोग्रोद स्टेट मेडिकल एकेडेमी, नोभोग्रोद<br>१७. इभेनोभ्स्क स्टेट मेडिकल एकेडेमी, इभेनोभ्स्क | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २१. | युक्राइन | १. पिपुल्स फ्रेन्डसिन युनिभर्सिटी अफ रसिया, मस्को<br>२. आडेसा स्टेट मेडिकल विश्वविद्यालय, ओडेसा<br>३. खार्कोभ स्टेट मेडिकल विश्वविद्यालय, खार्कोभ<br>४. लोभोभ स्टेट मेडिकल विश्वविद्यालय, लोभोभ | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २२. | बेलारुस | १. भाइतेब्स्क स्टेट मेडिकल विश्वविद्यालय, भाइतेब्स्क | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २३. | कजाखस्तान | १. कजाख स्टेट मेडिकल विश्वविद्यालय, अल्माटी | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २४. | किरगिस्तान | १. ओस स्टेट विश्वविद्यालय, ओस<br>२. किरगिज स्टेट मेडिकल विश्वविद्यालय, फुन्जे | - डाक्टर अफ मेडिसिन (एम.डी.)<br>- डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २५. | ताजिकिस्तान | १. ताजिक अबुअली इबन साइनो मेडिकल विश्वविद्यालय, दुसान्बे | - डाक्टर अफ मेडिसिन (एम.डी.) |
| २६. | जनगणतन्त्र चीन | १. फुदान विश्वविद्यालय, संघाई<br>२. पेकिङ्ग विश्वविद्यालय, बेइजिङ्ग<br>३. सनयातसेन चिकित्सा विज्ञान विश्वविद्यालय, गुआङदोङ<br>४. गुआङसी मेडिकल विश्वविद्यालय, गुआङसी | - ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.)<br>- ब्याचलर अफ मेडिसिन एण्ड ब्याचलर अफ सर्जरी (एम.बी.बी.एस.) |



**२. माथि खण्ड १ मा उल्लिखित चिकित्साशास्त्र सम्बन्धी आधारभूत शैक्षिक उपाधि वा लाइसेन्स प्राप्त गरे पश्चात्का मान्यता प्राप्त स्नातकोत्तर तहका डिग्री, डिप्लोमा, प्रमाणपत्र, लाइसेन्स र उपाधिहरु :–**

| क्र.सं. | मुलुकको नाम | विश्वविद्यालय वा शिक्षण संस्थाको नाम | मान्यता प्राप्त स्नातकोत्तर तहका डिग्री, डिप्लोमा, लाइसेन्स वा उपाधिको नाम |
|---|---|---|---|
| १. | नेपाल | १. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज, काठमाडौं | - एम.डी. इन्टरनल मेडिसिन<br>- एम.डी. एनेस्थेसियोलोजी<br>- एम.डी. गाइनाकोलोजी तथा अब्स्टेट्रिक्स<br>- एम.डी. अप्थाल्मोलोजी<br>- एम.डी. पिडियाट्रिक्स<br>- एम.डी. प्याथोलोजी<br>- एम.डी. साइकीयाट्री<br>- एम.डी. रेडियोलोजी<br>- एम.डी. जनरल प्राक्टिस<br>- एम.एस. जनरल सर्जरी<br>- एम.एस. अर्थोपेडिक्स<br>- एम.एस. अटोराइनोलेरिङ्गोलोजी (हेड, नेक सर्जरी)<br>- डिप्लोमा इन एनेस्थेसिया<br>- डिप्लोमा इन चाइल्थ हेल्थ<br>- डिप्लोमा इन गाइनोकोलोजी एण्ड अब्सट्रेटिक्स<br>- डिप्लोमा इन इयर, नोज एण्ड थ्रोट<br>- डिप्लोमा इन मेडिकल रेडियो डायग्नोसिस |
| २. | बंगलादेश | १. ढाका विश्वविद्यालय, ढाका | - डाक्टर अफ मेडिसिन (पिडियाट्रिक्स ⁄नेफ्रोलोजी)<br>- मास्टर अफ सर्जरी (अर्थोपेडिक्स) |
| ३. | संयुक्त अधिराज्य बेलायत | १. रोयल कलेज अफ फिजिसियन्स, लण्डन, एडिण्वरा, ग्लास्गो र आयरल्याण्ड<br>२. रोयल कलेज अफ सर्जन्स, इङ्गल्याण्ड, एडिण्वरा, ग्लास्गो र आयरल्याण्ड<br>३. रोयल कलेज अफ | - मेम्बरसिप अफ रोयल कलेज अफ फिजिसियन्स (एम.आर.सी.पी., डिप्लोमा इन चाइल्ड हेल्थ)<br>- फेलो अफ रोयल कलेज अफ सर्जन्स (एम.आर.सी.एस.)<br>- मेम्बरसिप⁄डिप्लोमा अफ रोयल कलेज अफ अब्सट्रेट्रिसियन्स एण्ड गाईनोकोलोजिष्ट (एम.आर.सी.ओ.जी.⁄डी.आर.सी.ओ.जी.)<br>- डिप्लोमा इन चाइल्ड हेल्थ, डिप्लोमा इन ट्रोपिकल मेडिसिन एण्ड हाइजिन |

| | | | |
|---|---|---|---|
| | | अब्सट्रेटिसियन्स एण्ड गाइनोकोलोजिष्ट , यु.के.<br><br>४. रोयल कलेज अफ फिजिसियन्स एण्ड सर्जन्स, लण्डन | |
| ४. | क्यानाडा | १. क्यालगरी विश्वविद्यालय, क्यालगरी | - डिप्लोमा इन जनरल प्राक्टीस (फेमीली एण्ड इमर्जेन्सी मेडिसिन) |
| ५. | पाकिस्तान | १. कलेज अफ फिजिसियन्स एण्ड सर्जन्स अफ पाकिस्तान<br>२. पंजाब विश्वविद्यालय, लाहोर | - फेलो अफ फिजिसियन्स एण्ड सर्जन्स इन साइकियाट्री<br>- मास्टर अफ सर्जरी (अर्थोपेडिक्स), डिप्लोमा इन गाइनोकोलोजी एण्ड अब्सट्रेट्रिक्स (डी.जी.ओ) |
| ६. | भारत | १. मनिपाल एकेडेमी अफ हायर एजुकेशन, मनिपाल<br>२. कलकत्ता विश्वविद्यालय, कलकत्ता<br>३. अल इण्डिया इष्टीज्यूट अफ मेडिकल साइन्सेज, दिल्ली<br>४. ललित नारायण मिथिला विश्वविद्यालय, दरभंगा<br>५. मैसुर विश्वविद्यालय, मैसुर<br>६. शिवाजी विश्वविद्यालय, कोल्हापुर<br>७. पोष्ट ग्राजुयट | - मास्टर अफ सर्जरी (जनरल सर्जरी)<br>- मास्टर अफ सर्जरी (जनरल सर्जरी)/डिप्लोमा इन चाइल्ड हेल्थ (डी.सी.एच.)<br>- डाक्टर्स अफ मेडिसिन (पिडियाट्रिक्स, साइकियाट्री / मास्टर अफ सर्जरी (अटोराइनोलेरिङ्गोलोजी)<br>- डिप्लोमा इन एनेस्थेसिया (डी.ए.)<br>- मास्टर अफ सर्जरी (अथाल्मोलोजी)<br>- डिप्लोमा थोरासिक एण्ड चेष्ट डिजिजेज (डी.टी.सी.डी.)<br>- मास्टर अफ सर्जरी (अथोल्मोलोजी)<br>- डाक्टर अफ मेडिसिन (डर्माटो-भेनेरोलेप्रोलोजी)<br>- मास्टर अफ सर्जरी (अर्थोपेडिक्स) |



| | | | |
|---|---|---|---|
| | | इन्ष्टीच्यूट अफ मेडिकल एजुकेशन एण्ड रिर्सच, चण्डिगढ<br>८. वनारस हिन्दु विद्यालय, वनारस<br>९. मेरठ विश्वविद्यालय, मेरेठ | |
| ७. | संयुक्तराज्य अमेरिका | १. कलेज अफ सर्जन<br>२. कलेज अफ फिजिसियन | - फेलो अफ अमेरिकन कलेज अफ सर्जन (एफ.ए.सी.एस.)<br>- फेलो अफ अमेरिकन कलेज अफ फिजिसियन (एफ.ए.सी.एस.) |

३. माथि उल्लिखित आधारभूत शैक्षिक योग्यता पश्चात्का निम्नलिखित डिग्री, डिप्लोमालाई समेत नाम दर्ताको प्रयोजनको लागि मान्यता प्रदान गरिएको छ :–

(क) संयुक्त अधिराज्य बेलायतका माथि उल्लिखित विश्वविद्यालय वा शिक्षण संस्थाहरुले प्रदान गरेका डी.पी.एम., डी.एम.आर.डी., डी.एम.आर.टी., डि.पि.एच्., डी.टी.एम. एण्ड एच., डी.आइ.एच्., डी.सी.एच्., डी.ए.,एफ.एफ.ए., डी.ओ., डी.एल.ओ.डी.सी.पी., डी.व्याक्ट., टी.डी.डी., डी.टी.सी.डी., डिप्लोमा इन मेडिकल रेडियोलजी एण्ड इमेजिङ्ग, डिप्लोमा इन क्लिनिकल प्याथोलोजी (डि.सि.पि.), डिप्लोमा इन गाइनोकोलजी एण्ड अब्स्ट्रेटिक्स (डि.जी.ओ.), डिप्लोमा इन चाइल्ड हेल्थ (डी.सी.एच्.) र डिप्लोमा इन पब्लिक हेल्थ (डी.पी.एच्.) डिप्लोमा इन यूरोलोजी, डिप्लोमा इन ट्रोपिकल चाइल्ड हेल्थ, माष्टर तथा डाक्टर डिग्रीहरु – डाक्टर अफ मेडिसिन ( एम.डी.), माष्टर अफ सर्जरी (एम.एस.), एम.सी.एच्., सी.एच्.एम्., माष्टर अफ पब्लिक हेल्थ (एम.पी.एच.) ।

(ख) भारतका माथि उल्लिखित विश्वविद्यालय वा शिक्षण संस्थाहरुले प्रदान गरेका डी.पी.एम., डी.एम.आर.डी., डी.एम.आर.टी., डि.पि.एच्., डी.टी.एम. एण्ड एच., डी.आइ.एच्., डी.सी.एच्., डी.ए., डी.ओ., डी.एल.ओ., डी.सी.पी., डी.व्याक्ट., डी.टी.सी.डी., डिप्लोमा इन क्लिनिक प्याथोलोजी (डि.सी.पी.), डिप्लोमा इन गाइनोकोलजी एण्ड अब्स्ट्रेटिक्स (डि.जी.ओ.), डिप्लोमा इन चाइल्ड हेल्थ (डी.सी.एच्.) र डिप्लोमा इन पब्लिक हेल्थ (डी.पी.एच्.) माष्टर तथा डाक्टर डिग्रीहरु, डाक्टर अफ

मेडिसिन (एम.डी.), माष्टर अफ सर्जरी (एम.एस.), एम.सी.एच्., सी.एच्.एम्., माष्टर अफ पब्लिक हेल्थ (एम.पी.एच्.) ।

४. नाम दर्ताको प्रयोजनका लागि संयुक्त अधिराज्य बेलायतको संयुक्त परीक्षा बोर्ड ९ग्लष्तभम भ्हकष्लष्लन द्ययबचम० र रोयल कलेज अफ फिजिसियन्स एण्ड सर्जन्सबाट प्रदान गरिएको लाइसेन्सियट इन मेडिसिन एण्ड सर्जरीलाई र डेण्टल फ्याकल्टी अफ रोयल कलेज अफ सर्जन्स, लण्डनबाट प्रदान गरिएको लाइसेन्सियट इन डेन्टिष्ट्रीलाई मान्यता दिइएको छ ।

५. काउन्सिलले तोकेको स्वास्थ्य संस्थामा काउन्सिलले तोकेको अवधिभर इन्टर्नशीप वा हाउस जब वा प्रिरजिष्ट्रेशन तालीम पूरा गरेपश्चात् माथि उल्लिखित विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रदत्त उल्लिखित डिग्री, डिप्लोमा, प्रमाणपत्र, लाइसेन्स वा उपाधिको आधारमा ऐन र ऐन अन्तर्गतको नियम, विनियममा उल्लिखित अन्य व्यवस्थाको अधीनमा रहने गरी काउन्सिलले नाम दर्ता गर्न सक्नेछ ।

६. आधुनिक चिकित्साशास्त्रतर्फका एम.बी.बी.एस. वा सो सरह तथा आधुनिक दन्त चिकित्साशास्त्रतर्फका बी.डि.एस. वा सो सरहका उपाधिहरु नाम दर्ताका लागि आधारभूत शैक्षिक योग्यता मानिने छन् ।

७. नाम दर्ता प्रमाणपत्रमा मेडिकल चिकित्सकलाई मेडिकल प्राक्टिसनर ९:भमष्अबा एचबअतष्यलभच० र दन्त चिकित्सकलाई दन्त प्राक्टिसनर ९म्भलतबा एचबअतष्यलभच० भनी उल्लेख गरिनेछ ।

८. आधुनिक चिकित्साशास्त्रतर्फका डिग्री, डिप्लोमा, प्रमाणपत्र, लाइसेन्स वा उपाधि प्रदान गर्ने उल्लिखित विश्वविद्यालय वा शिक्षण संस्था रहेका मुलुकको आधुनिक चिकित्सा सम्बन्धी व्यावसायिक परिषद् वा लाइसेन्सिङ बोर्ड वा सो सरहको संस्थाले त्यस्ता डिग्री, डिप्लोमा, प्रमाणपत्र, लाइसेन्स वा उपाधिलाई नाम दर्ताको लागि योग्य मानेको रहेनछ भने नेपाल मेडिकल काउन्सिलले पनि नाम दर्ताको लागि योग्य मान्ने छैन ।

९. यो अनुसूची प्रारम्भ हुनुभन्दा अगाडि काउन्सिलले मान्यता दिएको डिग्री, डिप्लोमा, लाइसेन्स, प्रमाणपत्र वा उपाधिको आधारमा भैसकेको नाम दर्ताको मान्यता कायमै राखिएको छ ।

---

द्रष्टव्यः- १. नेपाल कानून (संशोधन) ऐन, २०४४ द्वारा रुपान्तरण गरिएका शब्दहरुहरु :-
(क) "गजेट" को सट्टा "राजपत्र"
(ख) "अफिसर" को सट्टा "अधिकृत"



# औषधि ऐन, २०३५

लालमोहर र प्रकाशन मिति २०३५।७।८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | औषधि (पहिलो संशोधन) ऐन, २०४५ | २०४५।७।१० |
| २. | औषधि (दोस्रो संशोधन) ऐन, २०५७ | २०५७।८।१४ |

प्रमाणीकरण र प्रकाशन मिति

۞३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ २०६६।१०।७

२०३५ सालको ऐन नं. २१

♠..........

औषधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः औषधि वा औषधिका साधक पदार्थहरुको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिन त्यसको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधि उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "औषधि ऐन, २०३५" रहेको छ ।
(२) यो ऐनको विस्तार नेपाल ♠.......... भर हुनेछ ।

---

(ग) "रिर्पोट" को सट्टा "प्रतिवेदन"
(घ) "अपिल" को सट्टा "पुनरावेदन"
(ङ) "पास" को सट्टा "पारित"
२. नेपाल मेडिकल काउन्सिल (पहिलो संशोधन) ऐन, २०४४ द्वारा रुपान्तरण गरिएका शब्दहरुः- "रजिष्ट्रर" भन्ने शब्दहरुहरुको सट्टा "दर्ता किताब" ।
३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।
♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३) यस ऐनको दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अरु दफाहरु समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।✻

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "औषधि" भन्नाले मानिस, पशु वा पंक्षीलाई हुने रोगको निदान गर्न, उपचार गर्न वा रोकथाम गर्न, रोग निको पार्न वा साम्य गर्न वा मानिस, पशु वा पंक्षीलाई रोग ल्याउने कीराहरुको नाश गर्न वा मानिस, पशु वा पंक्षीको शारीरिक बनावट वा प्रक्रियालाई असर पार्न प्रयोग गरिने पदार्थ वा त्यस्तो पदार्थमा लगाउने साधक पदार्थ समेतलाई सम्झनु पर्छ ।

(ख) "उत्पादन" भन्नाले औषधि बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, प्याकिङ्ग गर्ने, पुनः प्याकिङ्ग गर्ने वा लेबुल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाईने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनु पर्छ ।

तर सो शब्दले औषधिको सेवन वा बिक्री गर्नुभन्दा अघि औषधिको डिस्पेन्सिङ्ग गर्ने, प्याकिङ्ग गर्ने वा पुनः प्याकिङ्ग गर्ने प्रक्रियालाई जनाउने छैन ।

(ग) "डिस्पेन्सिङ्ग" भन्नाले ठीक तरहले लेबुल लगाइएको सुहाउँदो भाँडामा राखी मिश्रण गरी रोगीको सेवनको लागि औषधि दिने कामलाई सम्झनु पर्छ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "मिश्रण" भन्नाले एउटै औषधि बनाउन दुई वा दुईभन्दा बढी निश्चित परिमाणको द्रव्यहरु उचित तरिकाले मिलाउने प्रक्रिया सम्झनु पर्छ ।

(घ) "लेबुल" भन्नाले औषधि रहेको भाँडोमा लेखिएको सोही औषधिको नाम र तत्सम्बन्धी वर्णन सम्झनु पर्छ ।

✻ ऐन प्रारम्भ भएको सूचनाहरु :-

१. यो ऐनको दफा ३ र ४ नेपालभर तुरुन्त प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र मिति २०३७।३।५)
२. यो ऐनको दफा २, दफा २५, दफा ३४ को उपदफा (१), दफा ३८ र दफा ३९ नेपालमा तुरुन्त प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र मिति २०४०।३।१३)
३. यो ऐनको दफा ७,८,९,१०,११ र ३७ नेपालभर मिति २०४०।१२।६ देखि प्रारम्भ हुने गरी तोकिएको । ( नेपाल राजपत्र मिति २०४०।१२।६)
४. यो ऐनको दफा २०, २१, २२, २३, २४, २८, २९, ३०, ३३ र ३४ को उपदफा (२) र (३) नेपालभर २०४३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र मिति २०४३।२।१२)
५. यो ऐनको दफा १२, १३, १४, १५, १६, १७, १८, १९, ३२, ३५ र ३६ नेपालभर मिति २०४६।५।२६ देखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र मिति २०४६।५।२६)
६. यो ऐनको दफा २६ मिति २०४९।८।१ देखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र मिति २०४९।८।१)



(ङ) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम दर्ता भएको चिकित्सक सम्झनु पर्छ ।

(च) "सेवन" भन्नाले रोगीको तात्कालिक शारीरिक र मानसिक अवस्थामा सुधार ल्याउने मनसायले चिकित्सकले वा चिकित्सकबाट अधिकृत गरिएको व्यक्तिले रोगीलाई औषधि खुवाउने वा प्रयोग गर्ने वा त्यस्तो चिकित्सकले लेखिदिएको प्रेशक्रिप्सन अनुसार रोगी आफैले त्यस्तो औषधि खाने वा प्रयोग गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले दफा ५ बमोजिम गठित औषधि व्यवस्था विभाग सम्झनु पर्छ ।

(ज) "व्यवस्थापक" भन्नाले विभागको प्रमुख सम्झनु पर्छ ।

(झ) "निरीक्षक" भन्नाले ✱परिच्छेद–६ को प्रयोजनको लागि विभागबाट खटाइएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति

३. औषधि परामर्श परिषद् : (१) नेपाल सरकारलाई औषधि सम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा परामर्श दिन तोकिए बमोजिम औषधि परामर्श परिषद् गठन हुनेछ ।

(२) औषधि परामर्श परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४. औषधि सल्लाहकार समिति : (१) औषधिको अनुसन्धान, विकास र नियन्त्रण सम्बन्धी प्राविधिक कुरामा विभागलाई परामर्श दिन तोकिए बमोजिम औषधि सल्लाहकार समिति गठन हुनेछ ।

(२) औषधि सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद – ३
## औषधिको अनुसन्धान र नियन्त्रण

५. औषधि व्यवस्था विभाग : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले औषधि व्यवस्था विभागको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको विभागले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम औषधि नियन्त्रण सम्बन्धी सबै काम कारबाही गर्नेछ।

६. σनेपाल औषधि अनुसन्धानशाला र अन्य अनुसन्धानशाला : (१) नेपाल सरकारले स्थापना गरेको σनेपाल औषधि अनुसन्धानशाला औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्ने नेपाल सरकारको प्रमुख अंग हुनेछ।

📖(१क) उपदफा (१) बमोजिम स्थापना गरिएको σनेपाल औषधि अनुसन्धानशालाले औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्दा अपनाउने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) कुनै औषधिको वैज्ञानिक अनुसन्धान र विकास गर्न कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले नेपाल सरकारको स्वीकृति लिई अन्य अनुसन्धानशाला वा प्रयोगशाला स्थापना गर्न सक्नेछ।

## परिच्छेद – ४
## औषधिको उत्पादन बिक्री–वितरण तथा निकासी पैठारी

७. औषधिको उद्योग स्थापना गर्न सिफारिसपत्र लिनु पर्ने : कुनै व्यक्तिले औषधिको उत्पादन गर्नको लागि उद्योग स्थापना गर्न प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनुभन्दा अघि तोकिए बमोजिम विभागबाट सिफारिसपत्र लिनु पर्नेछ।

८. उत्पादन अनुज्ञापत्र लिनु पर्ने : (१) दफा ७ बमोजिम विभागको सिफारिस लिई औषधि उद्योगको स्थापना गरिसकेपछि औषधि उत्पादन गर्नुभन्दा अघि औषधि उत्पादन गर्ने व्यक्तिले तोकिएको दस्तुर तिरी ✦तोकिए बमोजिम विभागबाट उत्पादन अनुज्ञापत्र (प्रोडक्ट लाइसेन्स) लिनु पर्नेछ।

σ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित।
📖 दोस्रो संशोधनद्वारा थप।
✦ दोस्रो संशोधनद्वारा संशोधित।



(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै स्थापना भइसकेका औषधि उद्योगहरुले पनि तोकिएको दस्तुर तिरी उपदफा (१) बमोजिम ∃............ उत्पादन अनुज्ञापत्र लिनु पर्नेछ।

📖८क. औषधि दर्ता गर्नु पर्ने : (१) कुनै उद्योगले उत्पादन गरेको प्रत्येक औषधि बिक्री वितरण गर्नु अघि त्यस्तो औषधि उत्पादन गर्ने उद्योगले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम विभागमा दर्ता गराई औषधि दर्ता प्रमाणपत्र लिनु पर्नेछ।

(२) औषधि पैठारी गर्न चाहने व्यक्तिले आफूले पैठारी गर्न चाहेको अनुज्ञापत्र प्राप्त कम्पनीको प्रत्येक औषधि पैठारी गर्नुभन्दा अघि तोकिएको दस्तुर तिरी तोकिए बमोजिम विभागमा दर्ता गराई दर्ता प्रमाणपत्र लिनु पर्नेछ।

९. औषधिको निकासी पैठारी गर्न सिफारिसपत्र लिनु पर्ने : औषधिको निकासी पैठारी गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम निकासी पैठारीको अनुज्ञापत्र लिनु भन्दा अघि Πतोकिएको दस्तुर तिरी तोकिए बमोजिम विभागबाट सिफारिसपत्र लिनु पर्नेछ।

१०. औषधिको बिक्री–वितरण गर्न नाम दर्ता गर्नु पर्ने : औषधिको बिक्री–वितरण गर्ने व्यक्तिले आफ्नो नाम र पसल वा फर्म विभागमा तोकिए बमोजिम दर्ता गराई Πतोकिएको दस्तुर तिरी प्रमाणपत्र लिनु पर्नेछ।

📖१०क. दर्ता भएको औषधि मात्र बिक्री वितरण गर्नु पर्ने : दफा १० बमोजिम प्रमाणपत्र लिएको व्यक्तिले दफा ८क. बमोजिम दर्ता भएको औषधि मात्र बिक्री वितरण गर्नु पर्नेछ।

❋११. उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्रको अवधि र नवीकरण : (१) दफा ८ बमोजिमको अनुज्ञापत्र, 📖दफा ८क. बमोजिमको प्रमाणपत्र, दफा ९ बमोजिमको सिफारिसपत्र र दफा १० बमोजिमको प्रमाणपत्र सो पाएको मितिले दुई वर्षसम्म कायम रहनेछ।

∃ दोस्रो संशोधनद्वारा झिकिएको।
Π पहिलो संशोधनद्वारा थप।
Π पहिलो संशोधनद्वारा थप।
📖 दोस्रो संशोधनद्वारा थप।
❋ पहिलो संशोधनद्वारा संशोधित।

(२) प्रत्येक अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्रको ✦म्याद नाघेको मितिले पैंतीस दिनभित्र तोकिएको दस्तुर तिरी प्रत्येक वर्षको लागि नवीकरण गराउनु पर्नेछ।

📖(३) उपदफा (२) बमोजिम तोकिएको म्यादभित्र नवीकरण नगराएमा नवीकरण गराउन नसकेको कारण खुलाई म्याद नाघेको मितिले तीन महिनाभित्र नवीकरण गराउन आएमा विभागले नवीकरण दस्तुरको पच्चीस प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ। सो म्यादभित्र पनि नवीकरण नगराएको अनुज्ञापत्र, सिफारिसपत्र वा प्रमाणपत्र स्वतः रद्द हुनेछ।

## परिच्छेद – ५
## औषधिको स्तर

१२. औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनु पर्ने : प्रत्येक औषधि तोकिएको स्तर कायम रहने गरी जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनु पर्नेछ।

१३. तोकिएको स्तर नभएको औषधिको उत्पादन, बिक्री-वितरण, निकासी-पैठारी सञ्चय, वा सेवन गर्न मनाही : जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको औषधिको उत्पादन, बिक्री वितरण, निकासी-पैठारी, सञ्चय गर्न गराउन वा सेवन गराउन हुँदैन।

१४. जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको औषधि फिर्ता गराउने : (१) बिक्री-वितरणको लागि बजारमा आइसकेको औषधि दफा १२ बमोजिम जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएमा उत्पादन गर्ने व्यक्ति वा निजको प्रतिनिधिले त्यस्तो औषधि बिक्री-वितरण गर्ने व्यक्तिबाट फिर्ता लिनु पर्नेछ।

(२) जनसुरक्षित, असरयुक्त वा गुणयुक्त नभएको औषधि बिक्री-वितरणको लागि बजारमा आएको कुरा व्यवस्थापकलाई कुनै तवरबाट जानकारी हुन आएमा निजले त्यस्तो औषधि बिक्री-वितरण गर्ने व्यक्तिबाट उत्पादन गर्ने व्यक्तिलाई फिर्ता गराउन सक्नेछ।

१५. क्षतिपूर्ति दिनु पर्ने : जनसुरक्षित, असरयुक्त र गुणयुक्त नहुने गरी उत्पादन गरिएको औषधिबाट कुनै व्यक्तिको मृत्यु भएमा वा स्वास्थ्यलाई हानी हुन गएमा औषधिको उत्पादन गर्ने व्यक्ति जवाफदेही हुनेछ र त्यस्तो मृत्यु भए बापत मर्नेको हकदारलाई र हानी हुन गए बापत सो व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति उत्पादन गर्ने व्यक्तिले दिनु पर्नेछ।

✦ दोस्रो संशोधनद्वारा संशोधित।



✦१६. प्रत्याभूतिको लिखत विभागमा पेश गर्नु पर्ने : दफा ८क. बमोजिम दर्ता भएको औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त छ भनी त्यस्तो औषधि उत्पादन गर्ने व्यक्तिले प्रत्याभूति गरी लेखिदिएको लिखतको प्रमाणित प्रतिलिपि औषधि उत्पादन गर्ने व्यक्ति स्वयंले वा निजको अधिकृत प्रतिनिधिले वा निकासीकर्ता वा पैठारीकर्ताले विभागमा पेश गर्नु पर्नेछ।

१७. औषधिलाई समूहमा विभाजन गर्न सकिने : (१) औषधिलाई तोकिए बमोजिम समूह वा उप-समूहमा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम समूह विभाजन गर्दा चिकित्सकको प्रेशक्रिप्सन बिना बिक्री-वितरण गर्न नहुने भनी समूहकृत गरिएको औषधि चिकित्सकको प्रेशक्रिप्सन बिना कसैले बिक्री-वितरण गर्न हुँदैन। त्यस्तो औषधि चिकित्सकको प्रेशक्रिप्सन बमोजिम बिक्री-वितरण गर्दा फर्मासिष्ट 📖वा फार्मेसी सहायक वा व्यवसायी आफैले बिक्री-वितरण गर्नु पर्नेछ र फर्मासिष्ट 📖वा फार्मेसी सहायक वा व्यवसायी बाहेक अरुले त्यस्तो औषधि बिक्री-वितरण गर्दा फर्मासिष्ट 📖वा फार्मेसी सहायक वा व्यवसायीको उपस्थिति अनिवार्य हुनेछ।

(३) उपदफा (२) बमोजिम समूह विभाजन गर्दा फर्मासिष्ट 📖वा फार्मेसी सहायक वा व्यवसायीले वा निजहरुमध्ये कुनैको उपस्थितिमा मात्र बिक्री-वितरण गर्नु पर्ने गरी समूहिकृत गरिएको औषधि निजहरुले वा निजहरुको उपस्थितिमा मात्र बिक्री वितरण गर्न सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम समूहिकृत गरिएको औषधि बाहेक अन्य औषधि अनुभवका आधारमा मनासिब मात्रामा कुनै पनि विक्रेताले बिक्री गर्न सक्नेछ।

स्पष्टीकरण : "फर्मासिष्ट" भन्नाले ✦फार्मेसीमा स्नातक वा फर्मास्यूटिक्समा स्नातकोपाधि प्राप्त गरेको वा औषधि सम्बन्धी अनुभव प्राप्त गरेको भई औषधि सल्लाहकार समितिबाट मान्यता प्राप्त व्यक्ति, 📖"फार्मेसी सहायक" भन्नाले फार्मेसीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको व्यक्ति र "व्यवसायी" भन्नाले औषधि सल्लाहकार समितिबाट तोके बमोजिमको योग्यता प्राप्त गरेको भई सोही समितिबाट मान्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

✦ दोस्रो संशोधनद्वारा संशोधित।
📖 दोस्रो संशोधनद्वारा थप।

१८. औषधिको अनुचित प्रयोग वा दुरुपयोग गर्न नहुने : (१) कुनै व्यक्तिले औषधिको अनुचित प्रयोग वा दुरुपयोग गर्न हुँदैन ।

(२) दफा १७ को उपदफा (२) र (३) को विपरीत कुनै औषधिको बिक्री-वितरण गरे गराएमा सो औषधिको अनुचित प्रयोग वा दुरुपयोग भएको मानिनेछ ।

१९. औषधिको झुट्टा वा भ्रमात्मक प्रचार गर्न नहुने : (१) कुनै व्यक्तिले औषधिको प्रयोग, उपयोगिता वा प्रभावकारिता सम्बन्धमा झुट्टा वा भ्रमात्मक प्रचार वा विज्ञापन गर्न हुँदैन ।

(२) कुनै औषधिको प्रचार वा विज्ञापन गर्न चाहने व्यक्तिले त्यसको लागि तोकिएको दस्तुर तिरी तोकिए बमोजिम विभागबाट अनुमतिपत्र लिनु पर्नेछ ।

## परिच्छेद – ६
## जाँचबुझ र निरीक्षण

२०. निरीक्षकले जाँचबुझ र निरीक्षण गर्न सक्ने : (१) निरीक्षकले कुनै औषधिको उत्पादन, 🕮सञ्चय, बिक्री-वितरण वा परिवहन गर्ने काम भैरहेको कुनै ठाउँमा निरीक्षण, जाँचबुझ र खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै औषधि जनसुरक्षित, असरयुक्त, वा गुणयुक्त नभएको भन्ने शङ्का लागेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम कारबाही भैरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षकले आफूले फेला पारेको औषधि सिलबन्दी गरी सो औषधिको धनीलाई जिम्मा लगाई त्यसको भरपाई निज धनीबाट लिई ✦त्यस्तो औषधि रोक्का राखी त्यस्तो काम कारबाही तुरुन्त रोक्न आदेश दिन सक्नेछ ।

(३) निरीक्षकले यस दफा बमोजिम आफूले निरीक्षण, जाँचबुझ वा खानतलासी गरेकोमा वा औषधि रोक्का राखेकोमा वा औषधिको नमूना जाँच्न पठाएकोमा सो सम्बन्धी प्रतिवेदन तीन दिनभित्र व्यवस्थापक समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम रोक्का भएको औषधि जनसुरक्षित, असरयुक्त वा गुणयुक्त नभएको हो भन्ने अनुसन्धानशाला, प्रयोगशाला, अस्पताल, औषधालय वा क्लिनिकको विश्लेषण वा

🕮 दोस्रो संशोधनद्वारा थप ।

✦ दोस्रो संशोधनद्वारा संशोधित ।



परीक्षणबाट ठहरिएमा व्यवस्थापकको आदेशले त्यस्तो औषधि जफत वा नष्ट गर्न सकिनेछ र त्यसरी आदेश दिंदा यस ऐन बमोजिम दिइएको सिफारिसपत्र, उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र वा अनुमतिपत्र समेत रद्द गर्ने गरी आदेश दिन सक्नेछ ।

🕮(४क) उपदफा (४) बमोजिम विश्लेषण वा परीक्षण गर्दा कुनै औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त भएको पाइए तापनि त्यस्तो औषधि उत्पादन, बिक्री वितरण, सञ्चय, परिवहन वा निकासी पैठारी गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने कुनै कारबाही गरेको ठहरिएमा व्यवस्थापकले त्यस्तो औषधि जफत गरी औषधि उत्पादन, बिक्री वितरण, सञ्चय, परिवहन वा निकासी पैठारीमा नियन्त्रण गर्न वा त्यस्तो व्यक्तिको अनुज्ञापत्र वा प्रमाणपत्र वा सिफारिसपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम औषधि नष्ट गर्दा लाग्ने खर्च उत्पादन गर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ । बिक्री गर्ने व्यक्तिबाट लिई रोक्का राखिएको औषधि नष्ट गर्नु पर्ने भएमा त्यस्तो औषधिको लिएको मोल समेत उत्पादन गर्ने व्यक्तिबाट बिक्री गर्ने व्यक्तिलाई भराइनेछ ।

🕮(६) यस दफा बमोजिमको जाँचबुझ र निरीक्षणको कार्यमा सहयोग गर्न विभागले आवश्यकता अनुसार सम्बन्धित विषयको कुनै विशेषज्ञलाई खटाउन सक्नेछ ।

✦२१. व्यवस्थापकको आदेश उपर उजूर गर्न सक्ने : (१) दफा २० को उपदफा (४) र (४क) बमोजिम उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र वा सिफारिसपत्र, रद्द वा निलम्बन गर्न व्यवस्थापकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र स्वास्थ्य मन्त्रालयको सचिव समक्ष उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीको निर्णय तीन महिनाभित्र गरिसक्नु पर्नेछ ।

२२. निरीक्षण वा जाँचबुझ गर्दा अपनाउने कार्यविधि : यो ऐन बमोजिम निरीक्षण जाँचबुझ र खानतलासी गर्दा तोकिए बमोजिमको तरिका र कार्यविधि अपनाउनु पर्नेछ ।

🕮 दोस्रो संशोधनद्वारा थप ।

✦ दोस्रो संशोधनद्वारा संशोधित ।

❋२३. निरीक्षक र विश्लेषकको लागि योग्यता : (१) निरीक्षकको लागि देहायको योग्यता हुनु पर्नेछः–

(क) ✦फार्मेसीमा स्नातक, वा

(ख) ∃………

(ग) ∃………

✦(घ) फार्मेसीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भै फार्मेसी सम्बन्धी काममा कम्तीमा पाँच वर्षको अनुभव भएको।

(२) विश्लेषकको लागि देहायको योग्यता हुनु पर्नेछः–

(क) ✦फार्मेसीमा स्नातक, वा

📖(१क) रसायनशास्त्रमा स्नातकोत्तर, वा

(ख) रसायन शास्त्रमा स्नातक भै ✦औषधि विश्लेषण कार्यमा कम्तीमा तीन वर्षको अनुभव भएको।

२४. औषधिको नमूना जाँच्न पठाउने : निरीक्षण वा जाँचबुझको सिलसिलामा रोक्का राखिएको वा कब्जा गरिएको औषधिको नमूना निरीक्षकले परीक्षण वा विश्लेषण गर्नको लागि अनुसन्धानशाला, प्रयोगशाला, अस्पताल, औषधालय वा क्लिनिकमा तोकिए बमोजिम पठाउनु पर्नेछ र विश्लेषकले पनि आवश्यक परीक्षण वा विश्लेषण गरी त्यसको प्रतिवेदन तोकिए बमोजिम व्यवस्थापक कहाँ पठाउनु पर्नेछ।

## परिच्छेद – ७
## विविध

✦२५. नेपाल सरकारले औषधिको उत्पादन, बिक्री वितरण, सञ्चय, परिवहन, निकासी, पैठारी वा सेवन गर्न मनाही गर्न सक्ने : कुनै औषधिको उत्पादन, बिक्री वितरण, सञ्चय, परिवहन, निकासी, पैठारी वा सेवन गर्नको लागि मनाही गर्नु पर्ने देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो औषधिको उत्पादन, बिक्री वितरण, सञ्चय, परिवहन, निकासी, पैठारी वा सेवन गर्नको लागि मनाही गर्न आदेश दिन सक्नेछ।

२६. औषधिको मूल्य निर्धारण गर्न सक्ने : विभागले आवश्यक देखेमा नेपाल सरकारको स्वीकृति लिई कुनै औषधिको मूल्य निर्धारण गर्न

---

❋ पहिलो संशोधनद्वारा संशोधित।

∃ दोस्रो संशोधनद्वारा झिकिएको।

✦ दोस्रो संशोधनद्वारा संशोधित।



सक्नेछ। 📖यसरी विभागले कुनै औषधिको मूल्य निर्धारण गरेको रहेछ भने त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

✦२७. प्रेशक्रिप्सन दिने सम्बन्धी व्यवस्था : तोकिएको चिकित्सक, एकीकृत चिकित्सक वा स्वास्थ्यकर्मीले दफा १७ बमोजिम समूहकृत गरिएका औषधिहरुको प्रेशक्रिप्सन दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. आवश्यक 📖जनशक्ति र साधन नजुटाई औषधिको उत्पादन, बिक्री–वितरण, डिस्पेन्सिङ्ग वा सञ्चय गर्न नहुने : कुनै औषधिको उत्पादन, बिक्री–वितरण, Πडिस्पेन्सिङ्ग, सञ्चय वा निकासी–पैठारी गर्नको लागि त्यस्तो कामसित सम्बन्धित 📖तोकिए बमोजिमका जनशक्ति तथा अन्य आवश्यक साधनहरु पर्याप्त मात्रामा नजुटाई त्यस्तो औषधिको उत्पादन, बिक्री–वितरण, Πडिस्पेन्सिङ्ग, सञ्चय वा निकासी पैठारी गर्न हुँदैन।

२९. औषधिमा मिसावट र मिसावट भएको औषधि बिक्री गर्न नहुने : (१) औषधिको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गर्न वा त्यस्तो मिसावट भएको हो भन्ने जानी जानी त्यस्तो औषधि बिक्री गर्न वा बिक्रीको लागि राख्न वा उपचारको निमित्त कसैलाई दिन हुँदैन।

(२) कसैले कुनै अरु थोकलाई औषधि भनी बिक्री गर्न हुँदैन।

३०. म्याद नाघेको औषधि बिक्री–वितरण गर्न नहुने : म्याद नाघेको औषधि कसैले बिक्री–वितरण गर्न हुँदैन।

३१. नयाँ औषधिको क्लिनिकल ट्रायल गर्न विभागबाट अनुमतिपत्र लिनु पर्ने : कसैले कुनै नयाँ औषधिको क्लिनिकल ट्रायल गर्न चाहेमा सो कामको लागि विभागबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "क्लिनिकल ट्रायल" भन्नाले कुनै नयाँ औषधि प्रयोगमा ल्याउन उचित छ वा छैन भन्ने कुरा यकीन गर्ने उद्देश्यले अनुमतिपत्रमा तोकिदिए बमोजिम अस्पताल वा यस्तै अन्य चिकित्सालयमा रोगी वा अन्य व्यक्तिको स्वेच्छानुसार निजलाई सेवन गराई परीक्षण गर्ने कार्य सम्झनु पर्छ।

३२. औषधि उत्पादन गर्दा औषधिको प्रणाली र अन्य कुराहरु खुलाउनु पर्ने : (१) औषधिको उत्पादन गर्दा त्यस्तो औषधि एलोप्याथिक,

---

📖 दोस्रो संशोधनद्वारा थप।

Π पहिलो संशोधनद्वारा थप।

आयुर्वेदिक, होमियोप्याथिक र यूनानी प्रणालीमध्ये कुन प्रणालीको औषधि हो सो खुलाई लेबुलमा उल्लेख गर्नु पर्नेछ।

(२) औषधि उत्पादन गर्दा त्यसको सेवनबाट हुन सक्ने सम्भावित प्रतिकूल असरको सम्बन्धमा तोकिए बमोजिम उल्लेख गर्नु पर्नेछ।

३३. लागू र विषालु औषधिहरु सुरक्षित राख्नु पर्ने : (१) तोकिएको लागू तथा विषालु औषधिहरुमा स्पष्ट लेबुल लगाई तोकिए बमोजिम सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका लागू तथा विषालु औषधि बिक्री वितरण गर्ने व्यक्तिले आफूले बिक्री-वितरण गरेको लागू र विषालु औषधिको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ र चिकित्सकबाट लेखिदिएको त्यस्तो लागू र विषालु औषधि सम्बन्धी प्रेशक्रिप्सन त्यस्तो अभिलेखसाथ संलग्न गरी राख्नु पर्नेछ।

३४. दण्ड सजाय : (१) यस ऐनको परिच्छेद-४ को बर्खिलाप वा दफा २५ बमोजिमको आदेशको बर्खिलाप काम कारबाही गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ✦पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) 🕮दफा १८ को विपरीत हुने गरी औषधिको अनुचित प्रयोग वा दुरुपयोग गरेमा वा दफा २९ को बर्खिलाप कसैले औषधिमा मिसावट गरेमा वा मिसावट भएको औषधि बिक्री गरेमा वा कुनै अरु थोकलाई औषधि भनी बिक्री गरेमा वा दफा ३० को बर्खिलाप म्याद नाघेको औषधि बिक्री-वितरण गरेमा 🕮वा दफा ३३ को बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्मकैद वा दश वर्षसम्म कैद र जरिबाना,

(ख) शरीरको कुनै अंगको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरिबाना, र

(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिबाना वा दुवै।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बर्खिलाप कुनै काम कारबाही गर्ने

---

✦ दोस्रो संशोधनद्वारा संशोधित।

🕮 दोस्रो संशोधनद्वारा थप।



व्यक्तिलाई एक वर्षसम्म कैद वा ✦पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३५. जरिबानाको उपल्लो हद र जरिबाना बापतको कैद : (१) दफा ३४ को उपदफा (२) बमोजिम जरिबाना गर्ने प्रयोजनको लागि त्यसरी जरिबाना गर्दा बिगो बमोजिम वा ✦एक लाख रुपैयाँसम्म जुन बढी हुन्छ, सो हदसम्म जरिबाना हुनेछ। तर कसूरदारको वा कसूर गरेको अवस्थासंग नसुहाउने गरी अत्यधिक जरिबाना तोक्न हुँदैन।

(२) उपदफा (१) बमोजिम जरिबानाको सजाय तोक्दा जरिबाना नतिरेमा सो नतिरे बापत कति समयको लागि कैद हुने हो भन्ने कुरा पनि मुद्दा हेर्ने अधिकारीले आफ्नो निर्णयमा तोक्नु पर्छ।

(३) जुन कसूर गरे बापत जरिबानाको सजाय भएको छ, सो कसूरमा कैदको सजाय समेत हुने रहेछ भने उपदफा (२) अन्तर्गत जरिबाना नतिरे बापत पाँच वर्षभन्दा बढी अवधिका लागि कैद तोक्नु हुँदैन। जन्मकैद गरिएकोमा जरिबाना बापत थप कैद गरिने छैन।

३६. औषधिको पेटेण्ट दर्ता गर्ने अधिकार : औषधिको पेटेण्ट दर्ता गर्ने सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम हुनेछ।

३७. अधिकार प्रत्यायोजन : यस ऐन बमोजिम व्यवस्थापकलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार नेपाल सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. सरकार वादी हुने : यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।

३९. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

🕮(१क) उपदफा (१) बमोजिम मुद्दाको तहकिकात गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरसंग सम्बन्धित जुनसुकै स्थानको खानतलासी लिने, कसूरसंग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिने तथा सर्जमिन मुचुल्का तयार गर्ने अधिकार निरीक्षकलाई हुनेछ।

🕮(१ख) उपदफा (१) र (१क) बमोजिम तहकिकात गर्दा निरीक्षकले अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा

---

🕮 दोस्रो संशोधनद्वारा थप।

द्रष्टव्य :-केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा मुद्दा हेर्ने अधिकारीको पूर्व स्वीकृति लिई बढीमा पच्चीस दिनसम्म थुनामा राख्न सक्नेछ ।

📖(१ग) उपदफा (१क) र (१ख) बमोजिमको कुनै काम कारबाही गर्दा निरीक्षकले आवश्यकता अनुसार प्रहरी कर्मचारीको सहयोग माग गर्न सक्नेछ । त्यस्तो सहयोग माग भएमा प्रहरी कर्मचारीले आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ । मुद्दा दायर भई सकेपछि मुद्दाको बहस पैरवी र पुनरावेदन सरकारी वकीलबाट हुनेछ ।

४०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।



# आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| | २०४५।७।२८ |
| १. आयुर्वेद चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।१०।२७ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ۞२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०४५ सालको ऐन नं. २१

♠...........

आयुर्वेद चिकित्सा परिषद् सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न आयुर्वेद चिकित्सा प्रणालीलाई बढी प्रभावकारी बनाउने, आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने प्रद्धतिलाई विकास गर्ने र आयुर्वेदिक चिकित्सकहरुको दर्ता गर्ने समेत व्यवस्था गर्न आयुर्वेद चिकित्सा परिषद् स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ :

१.१.१ यस ऐनको नाम "आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५" रहेको छ ।

ρ१.२.३ यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

---

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ρ १. यो ऐनको दफा ४.१, ४.२, ४.३, ४.४, ४.५, ४.६, ४.७, ४.८, ५.१, ५.२, ६.१, ६.२, ७.१, ७.२, ९.३ र ९.३क. बाहेक अन्य दफाहरु मिति २०५६।८।१६ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।
२. यो ऐनको दफा ४.१, ४.२, ४.३, ४.४, ४.५, ४.६, ४.७, ४.८, ५.१, ५.२, ६.१, ६.२, ७.१, ७.२, ९.३ र ९.३क. संवत् २०५८ साल फागुन १६ गतेदेखि प्रारम्भ हुने गरी नेपाल राजत्रपमा सूचना प्रकाशित भएको ।

१.२ परिभाषा :

१.२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

१.२.१.१ "परिषद्" भन्नाले दफा २.१ बमोजिम स्थापना भएको आयुर्वेद चिकित्सा परिषद् सम्झनु पर्छ ।

१.२.१.२ "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

१.२.१.३ "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँनेछ ।

१.२.१.४ "रजिष्ट्रार" भन्नाले दफा ३.१ बमोजिम नियुक्त गरिएको परिषद्को रजिष्ट्रार सम्झनु पर्छ ।

१.२.१.५ "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत चिकित्सकहरुको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ ।

१.२.१.६ "चिकित्सक" भन्नाले आयुर्वेद विज्ञानमा दफा ४.२ मा उल्लेखित न्यूनतम योग्यता ∃ .......... प्राप्त गरी सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ ।

१.२.१.७ "दर्तावाला चिकित्सक" भन्नाले दफा ४.५ बमोजिम दर्ता किताबमा नाम दर्ता भएको चिकित्सक सम्झनु पर्छ ।

१.२.१.८ "आयुर्वेदिक औषधि" भन्नाले आयुर्वेदिक प्रणालीबाट बनाइएको औषधि सम्झनु पर्छ ।

१.२.१.९ "नियम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम सम्झनु पर्छ ।

१.२.१.१० "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

∃ पहिलो संशोधनद्वारा झिकिएको ।



## परिच्छेद – २
## परिषद्को स्थापना र व्यवस्था

२.१ परिषद्को स्थापना : आयुर्वेद चिकित्सा प्रणालीलाई सुचारुरुपले सञ्चालन गर्न आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्न तथा चिकित्सकहरुको नाम दर्ता गर्नको लागि आयुर्वेद चिकित्सा परिषद् स्थापना गरिएको छ ।

२.२ परिषद् स्वशासित संस्था हुने :

२.२.१ परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

२.२.२ परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२.२.३ परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

२.२.४ परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

२.३ परिषद्को गठन :

*२.३.१ दफा २.१ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| २.३.१.१ | नेपाल सरकारबाट मनोनीत चिकित्सक | – अध्यक्ष |
| २.३.१.२ | चिकित्सकहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेका चिकित्सकहरु तीनजना | – सदस्य |
| २.३.१.३ | निर्देशक, आयुर्वेद विभाग | – सदस्य |
| २.३.१.४ | दर्तावाला चिकित्सकहरुले आफू मध्येबाट तोकिए बमोजिम निर्वाचन गरेका चिकित्सकहरु तीनजना | – सदस्य |
| २.३.१.५ | आयुर्वेद क्याम्पसका प्राचार्यहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको प्राचार्य एकजना | – सदस्य |

---

* पहिलो संशोधनद्वारा संशोधित ।

२.३.२ नेपाल सरकारले आवश्यक ठानेमा परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्का सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ ।

ϖ२.३.२क. उपदफा २.३.१.२ बमोजिम सदस्यहरुको मनोनयन गर्दा उपदफा ४.२.१.१, ४.२.१.२ र ४.२.१.३ बमोजिमको योग्यता प्राप्त चिकित्सकहरु मध्येबाट गर्नु पर्नेछ ।

ϖ२.३.२ख. उपदफा २.३.१.४ बमोजिमका सदस्यहरु निर्वाचित भई नआएसम्मको लागि नेपाल सरकारले चिकित्सकहरु मध्येबाट तीनजना सदस्यको मनोनयन गर्नेछ ।

ϖ२.३.२ग. उपदफा २.३.१.५ बमोजिम प्राचार्यहरु मध्येबाट सदस्य मनोनयन गर्दा दर्तावाला चिकित्सकहरु मध्येबाट गर्नु पर्नेछ ।

२.३.३ परिषद्ले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा ∃.............. अन्य कुनै विशेषज्ञलाई पर्यवेक्षकको रुपमा परिषद्को बैठकमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

२.३.४ परिषद्का सदस्यहरुको पदावधि चार वर्षको हुनेछ। पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

२.३.५ पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

२.३.६ ∃ ................

२.४ परिषद्को काम, कर्तव्य, र अधिकार :

२.४.१ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

२.४.१.१ आयुर्वेद चिकित्सा प्रणालीबाट रोगको उपचार गर्ने व्यवस्थालाई सुदृढ गरी आयुर्वेद चिकित्सालाई सुचारुरुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।

२.४.१.२ आयुर्वेदिक औषधिहरुको प्रयोग गर्ने पद्धतिलाई विकसित गर्न आवश्यक व्यवस्था गर्ने ।

ϖ पहिलो संशोधनद्वारा थप ।

∃ पहिलो संशोधनद्वारा झिकिएको ।



२.४.१.३ चिकित्सकहरुको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरुको नाम दर्ता गर्ने व्यवस्था गर्ने ।

२.४.१.४ आयुर्वेदिक औषधिहरुको उत्पादन तथा बिक्री, वितरण गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।

ϖ२.४.१.५ आयुर्वेद अनुसन्धान सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिने ।

ϖ२.४.१.६ आयुर्वेद शिक्षाको स्तर सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिने ।

ϖ२.४.१.७ आयुर्वेद सम्बन्धी विषयहरु अध्ययन अध्यापन गराउने तथा तालीम दिने दिलाउने, नेपाल ♠.......... मा स्थापना भएका शिक्षण संस्था तथा त्यस्तै उद्देश्यले स्थापना भएका अन्य संस्थाहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

ϖ२.४.१.८ आयुर्वेद सम्बन्धी विषयहरु अध्ययन अध्यापन गराउने तथा तालीम दिन दिलाउन नेपाल ♠.......... मा स्थापना भएका शिक्षण संस्था तथा त्यस्तो उद्देश्यले स्थापना भएका अन्य संस्थाहरुको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी नीति र अन्य आवश्यक न्यूनतम पूर्वाधारहरु निर्धारण गरी तत्सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्ने ।

ϖ२.४.१.९ आयुर्वेद तथा आधुनिक चिकित्सा एवं सर्जरी र चिकित्सा सहायक विषयमा प्रदान गरिएका शैक्षिक योग्यता तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

ϖ पहिलो संशोधनद्वारा थप ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ϖ२.४.१.१० आयुर्वेद चिकित्सा व्यवसाय सुचारुरुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

ϖ२.४.१.११ चिकित्सकहरुको तोकिए बमोजिमको आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लघंन गर्ने चिकित्सक उपर तोकिए बमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

२.५ सदस्यको निमित्त अयोग्यता :

२.५.१ देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा निर्वाचित हुन, मनोनीत हुन वा बहाल रहन अयोग्य मानिनेछः–

२.५.१.१ दर्ता किताबबाट नाम हटाइएको,

२.५.१.२ गैर नेपाली नागरिक,

२.५.१.३ साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

२.५.१.४ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

२.५.१.५ मगज विग्रेको ।

२.६ सदस्यता समाप्त हुने अवस्था :

२.६.१ देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछः–

२.६.१.१ दफा २.५ बमोजिम सदस्य रहन अयोग्य भएमा,

२.६.१.२ सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२.६.१.३ मृत्यु भएमा, वा

२.६.१.४ परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

२.७ परिषद्को बैठक र निर्णय :

२.७.१ परिषद्को बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

२.७.२ परिषद्को बैठक साधारणतया वर्षको तीन पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

२.७.३ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

ϖ पहिलो संशोधनद्वारा थप ।



२.७.४ परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

२.७.५ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

२.७.६ परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

२.७.७ सदस्यहरुले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

२.७.८ परिषद्को बैठकमा अपनाईने अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्न सक्नेछ ।

२.८ अधिकार प्रत्यायोजन : परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य वा तोकिए बमोजिम सदस्यहरुको समिति वा उप–समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२.९ काम कारबाही बदर नहुने : कुनै सदस्यको नियुक्तिको सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नु भन्दा अगावै त्यस्तो सदस्यले गरेको काम कारबाही सो कुराले मात्र बदर हुने छैन ।

## परिच्छेद – ३
## कर्मचारी सम्बन्धी व्यवस्था

३.१ रजिष्ट्रार :

३.१.१ परिषद्को प्रशासकीय काम कारबाही गर्न नेपाल सरकारले एक जना रजिष्ट्रार नियुक्ति गर्नेछ ।

३.१.२ रजिष्ट्रारले परिषद्को सचिव भै काम गर्नेछ ।

३.१.३ रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

३.१.४ रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न नेपाल सरकारले परिषद्को अन्य कुनै अधिकृत तहको कर्मचारीलाई तोक्न सक्नेछ ।

३.२ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार :

३.२.१ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

३.२.१.१ नाम दर्ताको लागि परेका दरखास्त आवश्यक कारबाहीको निमित्त उपदफा ४.४.१ बमोजिम गठित जाँचबुझ समितिमा पेश गर्ने ।

३.२.१.२ यो ऐन र नियमको अधीनमा रही परिषद्को निर्णय बमोजिम समय समयमा नाम दर्ता गर्नु पर्ने चिकित्सकहरुको नाम, ठेगाना र योग्यता खोली दर्ता किताबमा नाम दर्ता गरी दर्ताको प्रमाणपत्र दिने ।

३.२.१.३ कुनै दर्तावाला चिकित्सकको मृत्यु भएमा वा यो ऐन र नियम बमोजिम दर्ता किताबबाट नाम हटाइनु पर्ने भनी परिषद्बाट निर्णय भएका चिकित्सकहरुको नाम दर्ता किताबबाट हटाउने ।

३.२.१.४ दफा ४.६ बमोजिम कुनै दर्तावाला चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको कुराको सूचना प्राप्त भएमा सो अनुसार दर्ता किताबमा व्यहोरा जनाउने ।

३.२.२ रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३.३ परिषद्का कर्मचारीहरु :

३.३.१ परिषद्ले आवश्यक भएजति कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

३.३.२ उपदफा ३.३.१ बमोजिम नियुक्त भएका कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

३.३.३ परिषद्का कर्मचारीको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ४



## चिकित्सकहरुको नाम दर्ता सम्बन्धी व्यवस्था

४. १ दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने :

४.१.१ आयुर्वेद चिकित्सा व्यवसाय गर्न चाहने चिकित्सकले यो ऐन र नियमका अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम परिषद्मा दरखास्त दिनु पर्नेछ ।

४.१.२ उपदफा ४.१.१ बमोजिम दरखास्त दिने चिकित्सकले दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम दस्तुर बुझाउनु पर्नेछ ।

४.१.३ यो ऐन प्रारम्भ भएका बखत आयुर्वेद चिकित्सा व्यवसाय गरिरहेका चिकित्सकहरुले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएका मितिले छ महिनाभित्र उपदफा ४.१.१ बमोजिम दरखास्त दिनु पर्नेछ ।

*४.२ चिकित्सकको योग्यता :

४.२.१ यस ऐन बमोजिम चिकित्सकहरुको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता तोकिएकोछः–

४.२.१.१ मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विज्ञानमा आयुर्वेदाचार्य वा वैद्यरत्न वा आयुर्वेद स्नातक वा सो सरह उत्तीर्ण ।

४.२.१.२ अन्य चिकित्सा प्रणालीमा स्नातक उपाधि पश्चात् आयुर्वेद विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त ।

४.२.१.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा आधुनिक चिकित्सा एवं सर्जरीमा स्नातकोपाधि प्राप्त ।

४.३ दरखास्तसाथ प्रमाण, विवरण र सूचना संलग्न गर्नु पर्ने :

४.३.१ दफा ४.१ बमोजिम नाम दर्ता गराउन दरखास्त दिने चिकित्सकले दरखास्तसाथ देहाय बमोजिम प्रमाण, विवरण एवं सूचना समेत संलग्न गर्नु पर्नेछ :–

४.३.१.१ आफ्नो योग्यता सम्बन्धी प्रमाणपत्र वा सिफारिसपत्र,

४.३.१.२ विदेशको कुनै आयुर्वेद चिकित्सा परिषद् वा सो सरहको संस्थाको दर्ता किताबमा नाम दर्ता भएको

* पहिलो संशोधनद्वारा संशोधित ।

रहेछ भने सो दर्ता किताबमा दर्ता भएको योग्यता वा उपाधि र दर्ता नम्बर समेत खुलाएको विवरण,

४.३.१.३ यो ऐन र नियमको अधीनमा रही काम गर्नेछु भन्ने तोकिए बमोजिमको प्रतिज्ञापत्र ।

४.४ दरखास्त उपर कारबाही :

४.४.१ दफा ४.१ बमोजिम पर्न आएका दरखास्त उपर जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

४.४.२ जाँचबुझ समितिले दरखास्तवाला चिकित्सक योग्यता प्राप्त चिकित्सक हो होइन र निजको दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद्समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.४.३ परिषद्ले उपदफा ४.४.२ बमोजिमको जाँचबुझ समितिको प्रतिवेदन उपर विचार गरी देहाय बमोजिम निर्णय गर्न सक्नेछः–

४.४.३.१ रीतपूर्वकको दरखास्त दिने योग्यता पुगेको चिकित्सकको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई दर्ता गर्न आदेश दिने,

४.४.३.२ रीत नपुगेको दरखास्त दिने व्यक्तिको नाम दर्ता नगर्ने गरी जुन कारणबाट नाम दर्ता नगरिएको हो सो कारण खुलाई दरखास्तवालालाई सूचना दिन रजिष्ट्रारलाई आदेश दिने ।

४.४.४ उपदफा ४.४.३.२ बमोजिम दर्ता किताबमा नाम दर्ता हुन नसकेको चिकित्सकले रीत पुऱ्याई फेरि अर्को दरखास्त दिएमा पहिले दर्ता हुन नसकेको कारणले मात्र निजको नाम दर्ता किताबमा दर्ता गर्न अस्वीकार गरिने छैन ।

४.५ दर्ताको प्रमाणपत्र : परिषद्ले उपदफा ४.४.३.१ बमोजिम कुनै दरखास्तवाला चिकित्सकको नाम दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई आदेश दिएमा रजिष्ट्रारले त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा दर्ता गरी ∃ ............. तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

∃ पहिलो संशोधनद्वारा झिकिएको ।



४.६ व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नु पर्ने : कुनै दर्तावाला चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना बदलेमा त्यस्तो चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको एक महिनाभित्र रजिष्ट्रारलाई तोकिए बमोजिम सूचना गर्नु पर्नेछ ।

४.७ नाम हटाउने र पुनः नाम दर्ता गर्ने व्यवस्था :

४.७.१ देहायको कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला चिकित्सकको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ :–

४.७.१.१ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको, वा

४.७.१.२ पेशा सम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई–तिहाई बहुमतले ठहराएको, वा

४.७.१.३ मगज बिग्रेको ।

४.७.२ उपदफा ४.७.१ बमोजिम दर्ता किताबबाट नाम हटाईएको चिकित्सकले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा रजिष्ट्रारलाई नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

४.७.३ उपदफा ४.७.२ बमोजिम आदेश प्राप्त भएमा रजिष्ट्रारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

४.८ प्रमाणपत्र रद्द गर्ने : धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुरा जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र खिची दर्ता रद्द गर्न सक्नेछ ।

## परिच्छेद – ५
## आयुर्वेद चिकित्सा व्यवसाय

५.१ दर्ता नभएका चिकित्सकले व्यवसाय गर्न नपाउने :

५.१.१ यो ऐन प्रारम्भ भएपछि दर्तावाला *चिकित्सकले बाहेक अरु कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आयुर्वेद चिकित्साको व्यवसाय गर्न पाउने छैन ।

ϖ५.१.१क. माथि ५.१.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्मा दर्ता गर्न न्यूनतम योग्यता नपुगेका तर आयुर्वेद विज्ञानमा आयुर्वेदशास्त्री वा वैद्यभूषण, आयुर्वेदमा प्रमाणपत्र वा सो सरह, सहायक आयुर्वेद कार्यकर्ता वा सो सरहको शैक्षिक योग्यता हासिल गरी स्वतन्त्र रुपमा चिकित्सा व्यवसाय गर्न चाहने वा नेपाल सरकारको सेवामा रहेको आयुर्वेद समूहका प्राविधिकहरुले परिषद्द्वारा गठित उपसमितिको रजिष्टरमा दर्ता गराई आयुर्वेद चिकित्सा व्यवसाय गर्न सक्नेछन् ।

ϖ५.१.१ख. आयुर्वेद चिकित्सामा तीन पुस्तादेखि संलग्न रही अनुभव प्राप्त गरेको भन्ने व्यहोराको सम्बन्धित जिल्ला कार्यालयको सिफारिस प्राप्त ५० वर्ष उमेर पुगेको व्यक्तिको हकमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा परिषद्ले तोके बमोजिम छुट्टै व्यवस्था अनुसार अनुमति लिई चिकित्सा व्यवसाय गर्न सक्ने छन् ।

*५.१.२ उपदफा ५.१.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिए बमोजिमको आयुर्वेदिक औषधि उत्पादन गर्ने वा बिक्री वितरण गर्ने व्यवसाय तोकिए बमोजिम हुनेछ ।

५.२ प्रमाणपत्र र प्रेशक्रिप्सन दिने अधिकार :

५.२.१ दर्तावाला चिकित्सकलाई देहायको कुरा प्रमाणित गर्ने र प्रमाणपत्र दिने अधिकार हुनेछ :–

५.२.१.१ जन्म र मृत्युको प्रमाणपत्रमा निस्सा लगाउने ।

५.२.१.२ आयुर्वेद चिकित्सा सम्बन्धी वा शारीरिक वा मानसिक योग्यता सम्बन्धी प्रमाणपत्रमा सहीछाप गर्ने वा प्रमाणपत्र दिने ।

* पहिलो संशोधनद्वारा संशोधित ।

ϖ पहिलो संशोधनद्वारा थप ।



*५.२.२ तोकिएको आयुर्वेदिक औषधिहरुको प्रेसक्रिप्शन दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६
## आयुर्वेदिक औषधि उत्पादन र बिक्री–वितरण

६.१ आयुर्वेदिक औषधि उत्पादन गर्न स्वीकृति लिनु पर्ने :

६.१.१ नेपाल सरकारले परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरु उत्पादन गर्न आयुर्वेद विभागको पूर्वस्वीकृति लिनु पर्नेछ ।

६.१.२ उपदफा ६.१.१ बमोजिम तोकिएका आयुर्वेदिक औषधिहरु उत्पादन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि तोकिए बमोजिम आयुर्वेद विभागमा निवेदन दिनु पर्नेछ ।

६.१.३ उपदफा ६.१.२ बमोजिम प्राप्त निवेदनमा आयुर्वेद विभागले आवश्यक जाँचबुझ गरी आवश्यक देखेमा परिषद्को परामर्श लिई निवेदन दिने व्यक्ति दर्तावाला चिकित्सक नभएमा निजले दर्तावाला चिकित्सकको रेखदेख र नियन्त्रणमा रही आयुर्वेदिक औषधि उत्पादन गर्नु पर्ने गरी तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

६.१.४ आयुर्वेदिक औषधि उत्पादन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६.२ प्रेशक्रिप्सन बिना आयुर्वेदिक औषधि बिक्री गर्न नपाउने : नेपाल सरकारले परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरु दर्तावाला चिकित्सकको प्रेशक्रिप्सन बिना बिक्री वितरण गर्न पाइने छैन ।

* पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद – ७
## कोष र लेखापरीक्षण

७. १ परिषद्‌को कोष :

७.१.१ परिषद्‌को कोषमा देहायका रकमहरु रहनेछन् :-

७.१.१.१ नेपाल सरकारबाट प्राप्त रकम,

७.१.१.२ चिकित्सकहरुको नाम दर्ता दस्तुर बापत प्राप्त रकम, र

७.१.१.३ अन्य स्रोतबाट प्राप्त रकम ।

७.१.२ परिषद्‌को कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७.२ लेखा र लेखापरीक्षण :

७.२.१ कोषको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

७.२.२ कोषको लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

७.२.३ नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जचाउन सक्नेछ ।

## परिच्छेद – ८
## शैक्षिक योग्यताको मान्यता

८.१ *परिषद्‌ले मान्यता दिने :

*८.१.१ परिषद्‌ले आयुर्वेद व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई परिषद्‌मा नाम दर्ता गर्ने प्रयोजनको लागि तोकिए बमोजिम मान्यता प्रदान गर्नेछ ।

*८.१.२ उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरु नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

ω८.१क. विवरण माग गर्न सक्ने : दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरुको मूल्यांकनको लागि परिषद्‌ले समय समयमा त्यस्तो संस्थासंग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

ω पहिलो संशोधनद्वारा थप ।



ω८.१ख. परीक्षाको निरीक्षण : दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षाहरु निरीक्षण गर्नको लागि परिषद्‌ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेका परीक्षाको सम्बन्धमा परिषद्‌ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

ω८.१ग. मान्यता हटाउने :

८.१ग.१ दफा ८.१क. बमोजिम प्राप्त विवरण र दफा ८.१ख. बमोजिम पेश गरिएको प्रतिवेदन उपर विचार गर्दा दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरुको निमित्त सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा सञ्चालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा परिषद्‌ले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

८.१ग.२ उपदफा ८.१ग.१ बमोजिम परिषद्‌को प्रतिवेदन प्राप्त भएपछि नेपाल सरकारले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी अरु कुनै जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मिति पछि प्रदान गरिएको आयुर्वेद सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछ ।

## परिच्छेद – ९
## विविध

९.१ असल नियतले गरेको काममा बचाउ : यो ऐन वा नियमको अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा परिषद् वा रजिष्ट्रार जवाफदेही हुने छैन ।

९.२ परिषद्को विघटन :

९.२.१ परिषद्ले यो ऐन र नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

९.२.२ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि नेपाल सरकारले अर्को परिषद् गठन नभएसम्म यो ऐन र नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

९.२.३ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अरु सम्पत्ति नेपाल सरकारले आफ्नै जिम्मा राखी अर्को परिषद् गठन भएपछि सो कोष र सम्पत्ति उक्त परिषद्लाई बुझाउनेछ ।

९.२.४ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र नेपाल सरकारले दफा २.३ बमोजिम अर्को परिषद्को गठन गर्नेछ ।

९.३ सजाय :

९.३.१ दफा ५.१ को बर्खिलाप आयुर्वेद चिकित्सा व्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.२ दफा ५.२ बमोजिमको अधिकार दुरुपयोग गर्ने दर्तावाला चिकित्सकलाई दुई हजार रुपैयाँसम्म जरिबाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.३ दफा ६.१ बमोजिम आयुर्वेद विभागको स्वीकृति नलिई आयुर्वेदिक औषधि उत्पादन गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।



९.३.४ दफा ६.२ को बर्खिलाप हुने गरी आयुर्वेदिक औषधि बिक्री–वितरण गर्ने व्यक्तिलाई पाँचसय रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.५ यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा नियमको बर्खिलाप हुने कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

ϖ९.३क. अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी : दफा ५.१ र ५.२ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

*९.४ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

९.५ विनियम बनाउने अधिकार : परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि यो ऐन र नियमको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई विनियमहरु बनाउन सक्नेछ ।

---

ϖ पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्यः- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७

लालमोहर र प्रकाशन मिति
२०४७।१२।२९

संशोधन गर्ने ऐन

प्रमाणीकरण र प्रकाशन
मिति

⚙गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ — २०६६।१०।७

२०४७ सालको ऐन नं. २९

♠...............

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य क्षेत्रमा देखा परेका विभिन्न समस्याहरुलाई वैज्ञानिक रुपमा अध्ययन तथा अनुसन्धान गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा कायम राख्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिव समेतलाई जनाउँनेछ ।

⚙ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. परिषद्को स्थापना : (१) स्वास्थ्य सम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्नको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद् स्थापना गरिएको छ ।

(२) परिषद्को कार्यालय काठमाडौंमा रहनेछ ।

४. परिषद् संगठित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. परिषद्को उद्देश्य : परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) स्वास्थ्य क्षेत्रमा देखा परेको तथा भविष्यमा पर्न सक्ने विभिन्न समस्याहरुको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(ख) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमलाई बढी उपयोगी बनाउन परामर्श सेवा तथा सूचना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, र

(ग) विश्वमा देखा परेका स्वास्थ्य सम्बन्धी विभिन्न समस्या उपर गरिएको अध्ययन तथा अनुसन्धान वा कृति बारे जानकारी प्राप्त गरी समय समयमा नेपाल सरकारलाई जानकारी गराउने ।

६. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नेपाल सरकारको स्वास्थ्य नीतिको अधीनमा रही नेपाल ♠........ भित्र स्वास्थ्य सम्बन्धी विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ख) स्वास्थ्य सम्बन्धी आधारभूत (बेसिक) एवं प्रायोगिक (एप्लाईड्) दुवै किसिमका अध्ययन तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ग) स्वास्थ्य पद्धति, जैविक चिकित्सा, बाय-मेडिकल स्वास्थ्य सेवा तथा आहार, व्यवहार र सदाचार सम्बन्धमा अनुसन्धान गर्ने र रोग व्याधीको प्रतिकार, निदान तथा उपचार सम्बन्धी अध्ययन गर्ने, गराउने ।

(घ) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानका प्राथमिकता क्षेत्रहरु तोक्ने ।

(ङ) स्वास्थ्यसंग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानको लागि सहमति दिने, प्रमाणिकता निर्धारण गर्ने तथा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(च) स्वास्थ्यसंग सम्बन्धित अनुसन्धान कार्यलाई समन्वय, मार्गदर्शन तथा मूल्याङ्कन गर्ने र आवश्यक सल्लाह उपलब्ध गराउने ।

(छ) स्वास्थ्य सम्बन्धी ज्ञान, अनुभव र अनुसन्धानको उपलब्धीहरुको प्रकाशन तथा प्रचार गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सूचनाहरुको आदान प्रदान गर्ने ।

(ज) नेपाल ♠........ भित्र स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्ने, सुविधा उपलब्ध नभएको क्षेत्रमा अनुसन्धान गर्नु परेमा अनुसन्धानको केही अंश विदेशमा गराउन स्वीकृति दिने ।

(झ) स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्ने व्यक्ति वा संस्थालाई आवश्यकतानुसार पुरस्कार, विद्धत वृत्ति एवं भ्रमण खर्च प्रदान गर्ने ।

(ञ) स्वास्थ्य सम्बन्धी अनुसन्धानको अभिलेख राख्ने ।

७. कार्यकारी समितिको गठन : (१) परिषद्को कार्य सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति गठन हुनेछः-

(क) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानमा अनुभव प्राप्त आधुनिक चिकित्सा प्रणाली तथा आयुर्वेदिक चिकित्सा प्रणालीका चिकित्सकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत सातजना व्यक्ति - सदस्य

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग - सदस्य

(घ) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय - सदस्य

(ङ) प्रमुख, अनुसन्धान समिति, चिकित्सा शास्त्र अध्ययन संस्थान - सदस्य

(च) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - सदस्य

(छ) नेपाल सरकारले तोकेको एकजना व्यक्ति - सदस्य-सचिव

(२) नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिम मनोनीत सदस्यहरु मध्येबाट एकजना अध्यक्ष तथा एकजना उपाध्यक्ष तोकिदिनेछ ।

(३) समितिका मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरुमा आवश्यक थप घट वा हेरफेर गर्न सक्नेछ ।

८. समितिको बैठक : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अरु कुराहरु समिति आफैले निर्धारण गर्न सक्नेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही परिषद्ले गर्नु पर्ने सम्पूर्ण काम, कारबाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा परिषद्को अधिकृतलाई सुम्पन सक्नेछ ।

१०. उपसमिति गठन गर्न सक्ने : समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

११. स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्न स्वीकृति लिनु पर्ने : (१) यो ऐन प्रारम्भ भएपछि स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले परिषद्को स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिंदा परिषद्ले तोकिए बमोजिम शर्तहरु समेत राख्न सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अनुसन्धान" भन्नाले परीक्षण सहितको अनुसन्धान सम्झनु पर्छ ।

१२. परिषद्को विशेष अधिकार : (१) दफा ११ बमोजिम स्वीकृति दिइएका स्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यमा संलग्न व्यक्ति वा संस्थालाई परिषद्ले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले दफा ११ बमोजिम स्वीकृति नलिई अनुसन्धान कार्य गरेमा वा स्वीकृति लिई अनुसन्धान कार्य गर्दा तोकिए बमोजिमका शर्त वा परिषद्को निर्देशन पालना नगरेमा त्यस्ता व्यक्ति वा संस्थालाई परिषद्ले सचेत गराउन वा निश्चित अवधि तोकी त्यस्तो अनुसन्धानको काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कारबाही गर्दा परिषद्ले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाईको उचित मौका दिनु पर्नेछ ।

१३. परिषद्को कोष : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को कोषमा देहायका रकमहरु रहनेछन्:–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,
(ग) परामर्श सेवा वा अनुसन्धान कार्य गरे गराए बापत प्राप्त हुने रकम,
(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्लाई प्राप्त सबै रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्द्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१५. प्रशासकीय प्रमुख : नेपाल सरकारले अध्यक्षलाई कार्यकारी अध्यक्ष तोक्न सक्नेछ । त्यसरी कार्यकारी अध्यक्ष नतोकिएको अवस्थामा समितिको सदस्य-सचिवले परिषद्को प्रशासकीय प्रमुख भै काम गर्नेछ ।



१६. परिषद्का कर्मचारी : (१) परिषद्को कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारीहरु समितिले नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको सेवाको शर्त, सुविधा तथा पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

१७. नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने : परिषद्ले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. नेपाल सरकारले निर्देशन दिन सक्ने : नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

१९. नेपाल सरकारसंग सम्पर्क : परिषद्ले नेपाल सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२०. परिषद्को विघटन : (१) कुनै मनासिब कारणबाट परिषद्लाई खारेज गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा परिषद् विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को हक र दायित्व नेपाल सरकारमा सर्नेछ ।

२१. विनियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

# आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।८।२९

संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति

⊛गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ — २०६६।१०।७

२०४९ सालको ऐन नं. ३९

♠.............

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरण नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावना : स्तनपानको संरक्षण र सम्वर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९" रहेकोछ ।

✂(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु" भन्नाले आमाको दूधलाई आंशिक वा पूर्ण रुपमा प्रतिस्थापन गर्न बिक्री वितरण गरिएको खाद्य वस्तु सम्झनु पर्छ ।

(ख) "भाँडो (कण्टेनर)" भन्नाले कुनै उत्पादन खुद्रा इकाईको रुपमा बिक्रीको लागि प्रयोग हुने कुनै पनि किसिमको "पोका ( प्याकेज)" सम्झनु पर्छ र सो शब्दले बेरबार पार्ने वस्तु ( ऱ्यापर्स) लाई समेत जनाउँछ ।

⊛ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✂ यो ऐन २०५१।११।१५ देखि लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।



(ग) "समिति" भन्नाले दफा ४ बमोजिम गठित स्तनपान संरक्षण तथा सम्वर्द्धन समिति सम्झनु पर्छ ।

(घ) "उत्पादन" भन्नाले देहायको कुनै चीज वस्तु सम्झनु पर्छः–

(१) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु,

(२) कुनै परिवर्तन सहित वा विना परिवर्तन बच्चालाई खुवाउन प्रयोग गर्नेमा अनुकूल हुने गरी बिक्री वितरण गरिएको कुनै पनि प्रकारको दूध,

(३) बच्चालाई खुवाउन अनुकूल हुने गरी बिक्री वितरण गरिएको अन्य कुनै खाद्य वा पेय पदार्थ,

(४) दूधदानी र मुन्टो ।

(ङ) "वितरक" भन्नाले कुनै उत्पादन, थोक वा खुद्रा रुपमा बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले कुनै उत्पादन सम्बन्धी जनसम्पर्क सेवा वा सूचना उपलब्ध गराउने कार्यमा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।

(च) "स्वास्थ्य हेरचाह गर्ने निकाय" भन्नाले स्वास्थ्य हेरचाह गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न सरकारी, गैर सरकारी वा निजी संस्था वा संगठन वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले नर्सरी (बालगृह) र अन्य बाल हेरचाह संस्थाहरुलाई समेत जनाउँछ ।

(छ) "स्वास्थ्य व्यवसायी" भन्नाले चिकित्सक, दर्तावाला नर्स वा पोषणविज्ञ वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको यस्तै अन्य व्यक्तिहरु सम्झनु पर्छ ।

(ज) "स्वास्थ्य कार्यकर्ता" भन्नाले स्वास्थ्य हेरचाह गर्ने निकायमा काम गरिरहेको वा काम गर्न तालीम लिई रहेको र स्वास्थ्य हेरचाह गर्ने कार्यमा संलग्न पारिश्रमिक लिने वा नलिने व्यक्ति सम्झनु पर्छ ।

(झ) "बच्चा" भन्नाले बाह्र महिनासम्मको उमेरको शिशु सम्झनु पर्छ ।

(ञ) "बालसूत्र" भन्नाले चारदेखि छ महिनासम्मको उमेरका बच्चाहरुको सामान्य पोषण आवश्यकता पूर्ति गर्ने उद्देश्यले तथा त्यस्ता बच्चाहरुको शारीरिक बनौटलाई मिल्ने गरी प्रचलित नेपाली गुणस्तर अनुरुप तयार गरिएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सम्झनु पर्छ ।

(ट) "लेवल" भन्नाले उत्पादन राखिएको भाँडोमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाईएको, इम्बोस गरिएको, समावेश गरिएको वा अन्य किसिमले देखाईएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ठ) "उत्पादक" भन्नाले उत्पादन वा निर्माण गर्ने कारोवारमा प्रत्यक्ष रुपमा वा एजेण्ट मार्फत वा सम्झौताद्धारा वा सम्झौता अन्तर्गत नियन्त्रित व्यक्ति मार्फत संलग्न व्यक्ति सम्झनु पर्छ ।

(ड) "बिक्री वितरण" भन्नाले उत्पादनको प्रवर्द्धन, वितरण, विज्ञापन, नमूना वितरण, जनसम्पर्क तथा सूचना सेवा लगायत त्यस्तो उत्पादन बजारमा ल्याउने वा बिक्री गर्ने कुनै कार्य सम्झनु पर्छ ।

(ढ) "नमूना" भन्नाले विना मूल्य प्रदान गरिने उत्पादनको एउटा वा सानो परिमाण सम्झनु पर्छ ।

(ण) "पूरक खाद्य पदार्थ" भन्नाले आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बच्चाको पोषण आवश्यकता पूरा गर्न अपर्याप्त भएको अवस्थामा पूरकको रुपमा प्रयोग गर्ने उपयुक्त खाद्य पदार्थ सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(थ) "तोकिएको वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कार्यान्वयन तथा सुपरिवेक्षण : (१) यो ऐन लागू गर्ने र कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(२) यो ऐनको कार्यान्वयन सुनिश्चित गर्न मन्त्रालयले आवश्यकतानुसार अन्य मन्त्रालयहरुको सहयोग लिनेछ ।

(३) यो ऐन कार्यान्वयन गर्ने प्रयोजनको लागि मन्त्रालयको काम र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन कार्यान्वयन गर्न नियमहरु जारी गर्ने,

(ख) यो ऐन र यस ऐन अन्तर्गत जारी भएको नियमका प्रावधानहरुको कार्यान्वयन तथा पूर्ण पालन निश्चित गर्न सरकारी तथा गैर सरकारी निकायहरुसंग परामर्श गर्ने,

(ग) यो ऐन लागू गराउने,



(घ) यो ऐनको उद्देश्य प्राप्त गर्न आवश्यक वा सम्बन्धित यस्तै अन्य काम गर्ने ।

४. स्तनपान संरक्षण तथा सम्वर्द्धन समिति : (१) यो ऐन पालन भए नभएको सुपरिवेक्षण गर्ने प्रयोजनको लागि तथा स्तनपानको संरक्षण तथा सम्वर्द्धन र उत्पादनको बिक्री वितरण नियन्त्रण गर्नको लागि नेपाल सरकारले स्तनपान संरक्षण तथा सम्वर्द्धन समिति गठन गर्नेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) सचिव, स्वास्थ्य मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), उद्योग मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), आपूर्ति मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), वाणिज्य मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), शिक्षा तथा संस्कृति मन्त्रालय - सदस्य

(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), श्रम तथा सामाजिक कल्याण मन्त्रालय - सदस्य

(छ) प्रतिनिधि, नेपाल बाल चिकित्सक संघ - सदस्य

(ज) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ - सदस्य

(झ) आमा तथा बच्चाको स्वास्थ्य क्षेत्रमा कार्यरत प्रतिष्ठित व्यक्तिहरु मध्येबाट समितिद्धारा मनोनीत दुई जना व्यक्ति - सदस्य

(ञ) नेपाल सरकारद्वारा मनोनीत प्रतिष्ठित पोषणविज्ञ - सदस्य

(ट) बच्चाहरुको पालन पोषण तथा स्याहार सम्बन्धी अनुभव प्राप्त आमाहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना - सदस्य

(ठ) नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य-सचिव

(३) मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र समितिले निर्धारण गरे बमोजिम पुनः मनोनीत हुन सक्नेछन् ।

(४) समितिले बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन स्वदेशी वा विदेशी विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

५. समितिको बैठक : (१) समितिको बैठक अध्यक्षको निर्देशानुसार सदस्य–सचिवले बोलाउनेछ ।

(२) समितिका दुई तिहाई सदस्यहरुको उपस्थिति भएपछि बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा प्रस्तुत कुनै विषयमा उपस्थित सदस्यहरुको बहुमतको राय समितिको निर्णय मानिनेछ ।

(४) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको काम, कर्तव्य र अधिकार : नेपाल सरकारको स्वीकृत नीति अन्तर्गत रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) यो ऐन पालन भए नभएको तोकिए बमोजिम सुपरिवेक्षण गर्ने,

(ख) यो ऐनका प्रावधानहरु उल्लङ्घन गर्ने उत्पादक, वितरक वा स्वास्थ्य कार्यकर्ता विरुद्ध अनुसन्धान तथा मुद्दा चलाउन सिफारिस गर्ने,

(ग) अनुदानको रुपमा कुनै उत्पादन प्राप्त गर्ने सम्बन्धी अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने,

(घ) उत्पादक वा वितरकबाट अनुसन्धान, छात्रवृत्ति, व्यावसायिक गोष्ठी वा सम्मेलनमा भाग लिन वा त्यस्तो गोष्ठी वा सम्मेलन गर्नको लागि सहायता लिने स्वास्थ्य कार्यकर्ताहरुको अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने,

(ङ) उत्पादक तथा वितरकहरुले पेश गरेको उत्पादनका लेवलहरु पुनरावलोकन गरी यस ऐनको प्रावधान अनुकूल भएका लेवलहरु स्वीकृत गर्ने,

(च) बाल आहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुको प्रचार प्रसार सम्बन्धी कामको समन्वय गर्ने,

(छ) स्तनपानको संरक्षण र सम्वर्द्धन गर्ने राष्ट्रिय नीति तर्जुमा गर्ने,

(ज) कार्यान्वयन, सुपरिवेक्षण तथा नियन्त्रण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्ने ।

७. बाल आहार सम्बन्धी सूचना र शिक्षाः (१) मन्त्रालयले समितिको सल्लाह लिई बाल आहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीको सम्बन्धमा प्रचार प्रसार गर्ने स्वीकृति दिनेछ ।



(२) लेखिएको, सुन्न सकिने वा देख्न सकिने जस्तोसुकै भएपनि बाल आहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुले देहायका बुँदाहरुमा स्पष्ट जानकारी दिनु पर्नेछ :–

(क) स्तनपानको फाईदा र विशिष्टता,

(ख) आमाको पोषण लगायत स्तनपान तयार गर्ने र स्तर कायम राख्ने तरिका,

(ग) शिशिबाट दूध खुवाउँदा वा छुट्टै पूरक खाद्य पदार्थ खुवाउँदा स्तनपानलाई प्रतिकूल असर पार्ने कुराहरु,

(घ) केही अवधि शिशिबाट दूध खुवाई पुनः स्तनपान गराउँदा पर्ने कठिनाई ।

(३) बच्चाहरुलाई पूरक खाद्य पदार्थ वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउने विषय समावेश भएको सूचना तथा शैक्षिक सामग्रीहरुले उपदफा (२) मा उल्लेखित जानकारीको अतिरिक्त देहायका बुँदाहरु पनि प्रष्ट गर्नु पर्नेछ :–

(क) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको उचित प्रयोग,

(ख) बच्चाहरुलाई स्तनपान गराउँदा लाग्ने खर्चको दाँजोमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउँदा लाग्ने खर्च,

(ग) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको अनुचित तयारीबाट तथा अनुपयुक्त खाना खुवाउँदा र शिशिबाट खुवाउँदा स्वास्थ्यमा पर्ने खराबी,

(घ) बच्चाहरुलाई कचौरा र चम्चाबाट खुवाउने तरिका,

(ङ) घरमा पूरक खाद्य पदार्थ तयार गर्ने तरिका ।

(४) सूचना तथा शैक्षिक सामग्रीमा ठीक र प्रचलित जानकारी मात्र हुनु पर्नेछ र स्तनपानलाई दुरुत्साहन गर्ने वा शिशिबाट खुवाउने बानीलाई प्रोत्साहन गर्ने खालका कुनै तस्वीर वा व्यहोरा प्रयोग गर्नु हुँदैन ।

८. स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताः (१) स्वास्थ्य हेरचाह गर्ने निकायका प्रमुखहरु तथा राष्ट्रिय र स्थानीय स्वास्थ्य अधिकारीहरुले यो ऐनको सिद्धान्तलाई प्रवर्द्धन गर्न तथा स्तनपानलाई संरक्षण र प्रोत्साहन गर्न उपयुक्त उपायहरु अपनाउनु पर्नेछ र स्वास्थ्य कार्यकर्ताहरुलाई तिनीहरुको जिम्मेवारीको सम्बन्धमा उपयुक्त जानकारी एवं सल्लाह दिनु पर्नेछ साथै स्वास्थ्य कार्यकर्तालाई दफा ७ मा उल्लेखित सबै कुराहरुको जानकारी निश्चित रुपमा दिनु पर्नेछ ।

(२) स्वास्थ्य कार्यकर्ताहरुले स्तनपानलाई संरक्षण, सम्वर्द्धन र प्रोत्साहन गर्नु पर्नेछ। तिनीहरुले यो ऐनका प्रावधानहरु खास गरी दफा

७ मा उल्लेखित कुराहरुको जानकारी राखी यथासम्भव ती प्रावधानहरु कार्यान्वयन गर्नु पर्नेछ ।

(३) स्वास्थ्य कार्यकर्ताहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्तनपानको प्रारम्भ र विस्तारलाई रोक्ने काम गर्न दिनु हुँदैन ।

(४) स्वास्थ्य कार्यकर्ताहरुले उत्पादक वा वितरकबाट कुनै पनि किसिमले आर्थिक वा भौतिक उपहार स्वीकार गर्नु हुँदैन ।

(५) स्वास्थ्य कार्यकर्ताहरुले कसैलाई कुनै उत्पादनको नमूना दिनु हुँदैन ।

(६) स्वास्थ्य कार्यकर्ताहरुले कुनै पनि तरिकाले उत्पादनको प्रवर्द्धन गर्नु हुँदैन ।

(७) स्वास्थ्य कार्यकर्ताहरुलाई उत्पादक वा वितरकले कुनै उपहार वा अन्य आर्थिक सुविधा दिन खोजेको वा कसैले यस ऐनको अन्य कुनै प्रावधान उल्लङ्घन गरेको जानकारी हुन आएमा सो को प्रतिवेदन लिखित रुपमा आफ्नो संस्थाको प्रमुखलाई दिनु पर्नेछ र प्रमुखले पनि सो कुरा यथाशीघ्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

९. उत्पादक तथा वितरकले गर्न नहुने कार्य : (१) उत्पादक वा वितरकले देहाय बमोजिम हुने गरी कुनै विज्ञापन गर्नु हुँदैन :–

(क) कुनै उत्पादनको प्रवर्द्धन हुने गरी,

(ख) शिशिबाट खुवाउनु स्तनपान गराउनु बराबर छ वा त्यो भन्दा विशिष्ट छ भन्ने जनाउने गरी वा विश्वास पर्ने गरी ।

(२) यस दफाको प्रयोजनको लागि विज्ञापन भन्नाले देहाय बमोजिम गरिएको सबै विज्ञापनलाई जनाउँनेछ :–

(क) कुनै प्रकाशनद्धारा वा टेलिभिजन, रेडियो, फिल्म, भिडियो वा टेलिफोनद्वारा,

(ख) सङ्केत, बिलबोर्ड, सूचना वा सामानहरुको प्रदर्शनद्वारा,

(ग) तस्वीर वा प्रतिमाहरुको प्रदर्शनीद्वारा,

(घ) अन्य कुनै तरिकाले ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य व्यवसायीहरु कहाँ मात्र पुग्ने प्रकाशनहरुमा उत्पादनको विज्ञापन गर्न सकिनेछ ।

तर त्यस्तो विज्ञापन तथ्यपूर्ण र वैज्ञानिक कुराहरुमा मात्र सीमित हुनु पर्नेछ र शिशिबाट खुवाउनु स्तनपान गराउनु बराबर छ वा त्यो भन्दा विशिष्ट छ भन्ने विश्वास उत्पन्न गर्ने खालको हुनु हुँदैन र त्यस्तो विज्ञापनमा दफा ७ मा उल्लेखित जानकारी समावेश हुनु पर्नेछ ।



(४) उत्पादक वा वितरकले कसैलाई पनि उत्पादनको नमूनाहरु दिन वा वितरण गर्नु हुँदैन ।

(५) उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकायभित्र कुनै उत्पादनको प्रवर्द्धन गर्नु हुँदैन ।

(६) यस दफाको प्रयोजनको लागि प्रवर्द्धन भन्नाले देहायको तरीका लगायत कुनै तरीकाले कुनै व्यक्तिलाई उत्पादनको परिचय दिनु वा उत्पादन सित परिचित गराउनु सम्झनु पर्छ :–

(क) विज्ञापन गरी,

(ख) उत्पादक वा वितरकको नाम वा प्रतीक चिन्ह (लोगो) वा प्रोप्राइटरी उत्पादनको नाम, प्रतीक चिन्ह, ग्राफिक वा अन्य प्रतिरुप भएको किताब, पर्चा वा पोष्टर लगायतका छापिएका वस्तुहरु प्रयोग गरी,

(ग) उत्पादक वा वितरकको नाम वा प्रतीक चिन्ह वा प्रोप्राइटरी उत्पादनको नाम, प्रतीक चिन्ह, ग्राफिक वा अन्य प्रतिरुप भएको कुनै चीज नगण्य वा विना मूल्यमा दिई वा वितरण गरी,

(घ) उत्पादनहरु प्रदर्शन गरी, वा

(ङ) अन्य कुनै तरिकाले ।

(७) उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा संगठनले तोकिएको ढाँचामा अनुदान मागेमा र त्यस्तो मागलाई तोकिए बमोजिम समितिले स्वीकृत गरेमा बाहेक स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा संगठनलाई खुद्रा मूल्य भन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान गर्न हुँदैन ।

(८) उत्पादक वा वितरकले आफ्नो व्यापार बढाउन वा त्यस्तो उद्देश्यले स्वास्थ्य हेरचाह गर्ने निकायभित्र जनसाधारणसंग सम्पर्क राख्नु हुँदैन ।

(९) उत्पादक वा वितरकले समितिको स्वीकृति नलिई स्वास्थ्य हेरचाह गर्ने निकायलाई कुनै उपकरण वा वस्तुहरु दान दिनु हुँदैन ।

(१०) उत्पादक वा वितरकले स्वास्थ्य कार्यकर्तालाई कुनै उपहार दिन वा आर्थिक वा अन्य फाईदा गराउन हुँदैन ।

(११) उत्पादक वा वितरक वा स्वास्थ्य कार्यकर्ताले तोकिएको ढाँचामा अनुरोध गरेमा र त्यस्तो अनुरोधलाई समितिले तोकिए बमोजिम स्वीकृत गरेमा बाहेक स्वास्थ्य कार्यकर्तालाई छात्रवृत्ति वा अनुसन्धान अनुदान दिन वा व्यावसायिक गोष्ठी वा सम्मेलन आयोजना गर्न वा सम्मेलनमा स्वास्थ्य कार्यकर्ताले भाग लिन चाहिने रकम दिन हुँदैन ।

१०. उत्पादनको प्रमाणीकरणः (१) उत्पादक वा वितरकले दूधदानी र मुन्टो बाहेक अन्य कुनै उत्पादन नेपालमा बिक्री गरिनु अघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट जाँच गराई प्रमाणीकरण लिनु पर्नेछ ।

(२) नेपालमा बिक्रीमा ल्याई सकेको उत्पादनको हकमा यो ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र उत्पादक वा वितरकले केन्द्रीय खाद्य अनुसन्धानशालाबाट प्रमाणीकरण लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि उत्पादक वा वितरकले उत्पादनको नमूना र आवश्यक दस्तुर सहित तोकिएको ढाँचामा केन्द्रीय खाद्य अनुसन्धानशालामा दरखास्त दिनु पर्नेछ ।

११. लेवल लगाउने : (१) कुनै उत्पादन नेपालमा बिक्री गरिनु अघि उत्पादक वा वितरकले तोकिए बमोजिमको दरखास्तसाथ त्यस्तो उत्पादनको लेवल स्वीकृतिको लागि समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) नेपालमा बिक्रीमा ल्याई सकेको उत्पादनका हकमा यो ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र उत्पादक वा वितरकले त्यस्तो उत्पादनको लेवलको लागि समितिको स्वीकृति लिनु पर्नेछ ।

(३) उत्पादनको लेवल उत्पादनको उपयुक्त प्रयोग बारे आवश्यक जानकारी दिने र स्तनपानलाई दुरुत्साहन नगर्ने किसिमले तयार गरेको हुनु पर्नेछ ।

(४) उत्पादनको लेवल वा भाँडोमा तयारी गर्ने तरिका व्याख्या गर्ने ग्राफीक बाहेक कुनै तस्वीर, नक्सा वा अन्य प्रतिरुप देखाउनु हुँदैन ।

(५) उत्पादनको लेवलमा उत्पादक तथा सम्भव भए वितरकको पनि नाम र ठेगाना हुनु पर्नेछ ।

(६) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा यो ऐनको परिधिभित्र पर्ने अन्य दुग्ध पदार्थको भाँडोमा वा भाँडाबाट छुट्टिन नसक्ने लेवलमा नेपाली भाषामा देहायका सबै जानकारी सहितको सफा, स्पष्ट एवं सजिलै संग बुझ्न सकिने सन्देश छापिएको हुनु पर्नेछः-

(क) जरुरी सूचना भन्ने शब्दहरु वा त्यस्तै किसिमको अन्य कुरा,

(ख) बच्चाहरुको लागि स्तनपान सबैभन्दा असल दूध हो भन्ने व्यहोरा,

(ग) आवश्यकता र प्रयोग गर्ने तरिकाको सम्बन्धमा स्वास्थ्य कार्यकर्ताको सल्लाह विना उत्पादन प्रयोग गर्न नहुने व्यहोरा,

(घ) सजिलैसंग बुझ्न सकिने ग्राफीक वा शब्दमा उपयुक्त तयारी गर्ने निर्देशन, र



(ङ) प्रत्येक महिना बच्चालाई राम्ररी खुवाउन आवश्यक आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा अन्य दुग्ध पदार्थको परिमाण ।

(७) मानवीकरण, जननीकरण वा त्यस्तै किसिमको अन्य शब्दहरु प्रयोग गर्नु हुँदैन ।

(८) बालसूत्रको सबै पोषण आवश्यकता पूरा नगर्ने तर त्यसको लागि परिवर्तन गर्न सकिने प्रकारको दूधको लेवलमा वा भाँडोको बाहिरबाट देखिने गरी राखिएको कुनै चिजमा सो उत्पादन मात्र बच्चाहरुको पोषणको एकमात्र श्रोत हुन नहुने र स्वास्थ्य कार्यकर्ताको दिग्दर्शन बमोजिम बाहेक बच्चाहरुलाई खुवाउन प्रयोग गर्न नहुने चेतावनी हुनु पर्नेछ ।

(९) गुलियो पारेको जमाएको (स्वीटेन्ड कन्डेन्स) दूधको लेवलमा यी बच्चालाई खुवाउनको लागि प्रयोग गर्नु हुँदैन भन्ने सफा र स्पष्ट चेतावनी हुनु पर्नेछ ।

(१०) दूधदानी र मुन्टो बाहेक अन्य उत्पादनको लेवलमा देहायका कुराहरु पनि उल्लेख हुनु पर्नेछ :-

(क) साधकहरु,

(ख) उत्पादनको विश्लेषण र बनावट,

(ग) सञ्चय गर्दा पालन गर्नु पर्ने शर्त,

(घ) ब्याच संख्या, सञ्चय स्थिति, उत्पादन मिति र मौसमी अवस्थालाई विचार गरी उत्पादन उपभोग गरी सक्नु पर्ने मिति ।

(११) दूधदानी र मुन्टोको लेवलमा उत्पादक तथा वितरकको नाम र ठेगानाको अतिरिक्त आमाको दूध नै बच्चाहरुको निमित्त सबैभन्दा असल दूध हो र शिशिबाट ख्वाउनु भन्दा कचौरा र चम्चाबाट ख्वाउनु सुरक्षित छ भन्ने कुरा उल्लेख हुनु पर्नेछ ।

१२. गुण : (१) उत्पादनहरु निर्माण गर्दा, बिक्री गर्दा वा अन्य किसिमले वितरण गर्दाको अवस्थामा नेपाल गुणस्तर कार्यालयबाट निर्धारित वा सिफारिस गरिएको गुणस्तर अनुसारको हुनु पर्नेछ ।

(२) केन्द्रीय खाद्य अनुसन्धानशालालाई नेपालमा बिक्री गरिएको कुनै उत्पादन मानवको लागि उपभोग योग्य छ छैन परीक्षण गर्ने अधिकार हुनेछ ।

(३) उत्पादित देशमा प्रयोगको लागि सुरक्षा स्तर नपुग्ने उत्पादन नेपालमा बिक्री गर्न पाईदैन ।

(४) अन्तिम मिति पुगेको उत्पादन बजारमा ल्याउन, बिक्री गर्न वा वितरण गर्न हुँदैन ।

(५) गुणको ह्रास, मिलावट र दूषित हुन नदिन दूधदानी र मुन्टो बाहेक अन्य उत्पादन मूल भाँडोमा मात्र बिक्री गर्नु पर्नेछ ।

१३. निरीक्षण : (१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम पालन भए नभएको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गरी आवश्यक कारबाही गर्ने प्रयोजनको लागि समितिको सिफारिसमा मन्त्रालयले आवश्यक संख्यामा निरीक्षकहरु नियुक्त गर्न वा नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई कर्मचारीहरुलाई निरीक्षक भई काम गर्न तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षकले उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालन गरेको छ छैन तोकिए बमोजिम निरीक्षण तथा जाँचबुझ गरी त्यस्को प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ ।

१४. अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी, निलम्वन वा रद्द गर्न सकिने : दफा १३ को उपदफा (२) बमोजिम निरीक्षकले पेश गरेको प्रतिवेदनबाट कुनै उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय वा स्वास्थ्य कार्यकताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालन नगरेको देखिएमा समितिको सिफारिसमा मन्त्रालयले तिनीहरुले आफ्नो कारोवार वा व्यवसाय गर्न नेपाल सरकार वा अन्य कुनै निकायबाट पाएको अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी, निलम्बन वा रद्ध गर्न सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ ।

१५. निरीक्षकको काम र अधिकार : यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. दण्ड सजाय : (१) दफा ८ को उपदफा (४), (५) वा (६) उल्लङ्घन गर्ने स्वास्थ्य कार्यकर्तालाई एक हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ९ को उपदफा (१), (४), (५), (७), (८), (९), (१०) वा (११) उल्लङ्घन गर्ने उत्पादक वा वितरकलाई दशहजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा १० वा ११ उल्लङ्घन गर्ने उत्पादक वा वितरकलाई पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (१), (२) वा (३) मा लेखिएदेखि बाहेक यो ऐनका अन्य प्रावधानहरु वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गर्ने



व्यक्तिलाई कसूरको प्रकृति हेरी दुई हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(५) अदालतले यस दफा बमोजिम कुनै व्यक्तिलाई कुनै कसूर गरे बापत सजाय गर्दा त्यस्तो कसूरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसूर गर्ने व्यक्तिबाट पच्चीस हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

१७. फर्म वा संगठित संस्थाको दायित्व : कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा त्यसरी उल्लङ्घन गर्ने कुनै फर्म भए फर्मको धनी वा साझेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा १६ बमोजिमको सजायको भागी हुनेछ ।

१८. सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

१९. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकात र त्यस्तो तहकिकातको काम पूरा भएपछि जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ । मुद्दा दायर भएपछि मुद्दाको बहस पैरवी सरकारी वकीलले गर्नेछ ।

२० नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वियन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

द्रष्टव्यः- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

# वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९

| | लालमोहर र प्रकाशन मिति |
|---|---|
| संशोधन गर्ने ऐन | २०४९।१०।५ |
| १. वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।७।११ |
| २. आयकर ऐन, २०५८ | २०५८।१२।१९ |
| | प्रमाणीकरण र प्रकाशित मिति |
| ✪३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०४९ सालको ऐन नं. ४८

♠...........

वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : जननेता स्वर्गीय विश्वेश्वर प्रसाद कोईरालाको चीर पुण्यस्मृतिका लागि एवं नेपाललाई स्वास्थ्य क्षेत्रमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन गर्न आवश्यक जनशक्ति तयार गर्न राष्ट्रिय महत्वको वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना र सञ्चालन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

---

✪ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(ख) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित सञ्चालक परिषद् (गभर्निङ्ग काउन्सिल) सम्झनु पर्छ ।

ρ(ख१) "कुलपति" भन्नाले दफा ११ बमोजिमको कुलपति सम्झनु पर्छ ।

ρ(ख२) "सहकुलपति" भन्नाले दफा ११क. बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

⌘(ग) "उपकुलपति" भन्नाले दफा ११ख. बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ ।

ρ(ग१) "शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशक" भन्नाले दफा ११ग. बमोजिम नियुक्त शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशक सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना : (१) नेपाललाई स्वास्थ्य क्षेत्रमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन गर्न आवश्यक जनशक्ति तयार गर्न वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएकोछ, जसलाई अंग्रेजी भाषामा "वी.पी. कोईराला इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस" भनिनेछ ।

(२) प्रतिष्ठानको कार्यालय सुनसरी जिल्लाको धरानमा रहनेछ ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

---

ρ पहिलो संशोधनद्वारा थप ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफनो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको उद्देश्यः प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :–

⌘(क) देशलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लगी स्तरीय स्वास्थ्य सेवाको विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न तोकिए बमोजिमको योग्यता प्राप्त व्यक्तिहरुलाई चिकित्सा, नर्सिङ्ग तथा स्वास्थ्य क्षेत्रका अन्य विषयहरुमा प्रमाणपत्र, स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने ।

(ख) स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सम्बन्धी विभिन्न तालीम प्रदान गर्ने र अन्य स्वास्थ्य संस्थाहरुलाई परामर्श दिने र लिने ।

(ग) स्वास्थ्यको क्षेत्रमा आवश्यक अनुसन्धान गर्ने ।

(घ) संक्रामक र ट्रपिकल रोगहरुको अनुसन्धान र उपचारको व्यवस्था गरी यी विषयहरुमा राष्ट्रियस्तरको एउटा उत्कृष्ट केन्द्र स्थापना गर्ने ।

(ङ) स्वास्थ्य क्षेत्रमा मानवीय श्रोतको विकास तथा स्वास्थ्य विज्ञानका शिक्षकहरुको तालीमका लागि राष्ट्रिय श्रोत केन्द्रहरु मध्ये एकको रुपमा काम गर्ने ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) स्वास्थ्य क्षेत्रको विभिन्न विषयहरुमा अध्ययन, अध्यापन, अनुसन्धान कार्य सञ्चालन र प्रवर्द्धन गर्ने ।

(ख) प्रतिष्ठानद्वारा सञ्चालित कार्यको स्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, अस्पताल वा शैक्षिक संस्थाहरुसंग समन्वय कायम गर्ने ।

(ग) स्वास्थ्य सम्बन्धी ρस्वदेशी तथा विदेशी विश्वविद्यालय तथा प्रतिष्ठान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने ।

ρ पहिलो संशोधनद्वारा थप ।



(घ) स्वास्थ्य क्षेत्रमा योग्य जनशक्ति तयार गर्नको लागि स्वास्थ्य सम्बन्धी शिक्षण प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने ।

(ङ) प्रतिष्ठानको उद्देश्य पूरा गर्नको लागि स्वास्थ्य सम्बन्धी विषयहरुमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने, गराउने तथा स्वास्थ्य सम्बन्धी विभिन्न प्रकाशन गर्ने, गराउने ।

⌘(च) प्रतिष्ठानको सञ्चालन तथा यसको उद्देश्य अनुरुप स्वास्थ्य सम्बन्धी कार्यको लागि स्वदेशी तथा विदेशी व्यक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गरी परिचालन गर्ने ।

(छ) स्वास्थ्य सेवाको उपयोगिता र उपादेयता बारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने ।

(ज) स्वास्थ्य सम्बन्धी नीति एवं स्वास्थ्य क्षेत्रको विकासमा नेपाल सरकारको परामर्शदाताहरु मध्ये एकको रुपमा कार्य गर्ने ।

(झ) स्वास्थ्य सेवामा संलग्न निकायलाई वित्तिय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ञ) प्रतिष्ठानले दिने शिक्षा र तालीमको व्यवस्था गर्ने, परीक्षा लिने, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्ने ।

(ट) छात्रवृत्ति, पदक र पुरस्कारहरु प्रदान गर्ने ।

⌘(ठ) प्रमाणपत्र, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने कार्यक्रमको लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने ।

(ड) स्वास्थ्य सेवामा सूचना प्रवाह र अनुसन्धान प्रवर्द्धनका लागि तोकिएका जिल्लाहरुमा नमूना सूचना एवं अनुसन्धान क्षेत्रको विकास गर्ने ।

(ढ) प्रतिष्ठानमा कार्यरत पदाधिकारी ρशिक्षक एवं कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(ण) प्रतिष्ठानको विभिन्न पदमा तोकिए बमोजिम नियुक्ति गर्ने ।

(त) शैक्षिक र अन्य सेवा शुल्कहरु तोक्ने र प्राप्त गर्ने ।

(थ) प्रतिष्ठानको सम्पत्तिको सुरक्षणमा ऋण लिने ।

(द) प्रतिष्ठानको सम्पत्तिको लगानी गर्ने ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

ρ पहिलो संशोधनद्वारा थप ।

(ध) प्रतिष्ठानको अक्षयकोष खडा गरी तोकिए बमोजिम सञ्चालन गर्ने ।

(न) प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

## परिच्छेद–३

## सञ्चालक परिषद् र कार्यकारिणी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

⌘७. सञ्चालक परिषद्को गठन : (१) प्रतिष्ठानको तर्फबाट गर्नु पर्ने कार्यहरु गर्न देहाय बमोजिमका सदस्यहरु भएको सञ्चालक परिषद् गठन हुनेछ :–

(क) सहकुलपति – अध्यक्ष

(ख) ♠..........

(ग) ♠.........

(घ) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) – सदस्य

(ङ) प्रतिष्ठानको भूतपूर्व उपकुलपतिहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना – सदस्य

(च) विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा नेपाल सरकारले मनोनीत गरेका बढीमा दुईजना – सदस्य

(छ) उपकुलपति, नेपाल ♠......... विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान – सदस्य

(ज) सचिव, स्वास्थ्य मन्त्रालय – सदस्य

(झ) सचिव, शिक्षा मन्त्रालय – सदस्य

(ञ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ट) डीन, चिकित्सा शास्त्र अध्ययन संस्थान (त्रिभुवन विश्वविद्यालय) – सदस्य

(ठ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् – सदस्य

(ड) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल – सदस्य

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(ढ) स्वास्थ्य वैज्ञानिकहरु मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा नेपाल सरकारले मनोनीत गरेका दुईजना – सदस्य

(ण) प्रमुख, धरान नगरपालिका – सदस्य

(त) शिक्षाध्यक्ष – सदस्य

(थ) रजिष्ट्रार – सदस्य

(द) अस्पताल निर्देशक – सदस्य

(ध) प्रतिष्ठानका शिक्षकहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका दुईजना – सदस्य

(न) प्रतिष्ठित विद्वान, समाजसेवी, उद्योगपति तथा व्यापारी मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका बढीमा दुईजना – सदस्य

(प) उपकुलपति – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमका सदस्यहरु मध्ये पदेन सदस्यहरु बाहेक मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

८. परिषद्को बैठक र निर्णयः (१) परिषद्को बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ । बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) बैठकको निर्णय परिषद्को सदस्य–सचिवबाट प्रमाणित गरिनेछ ।

(६) बैठकको अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) प्रतिष्ठानको नियम बनाउने ।

(ग) प्रतिष्ठानको योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने ।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्याङ्कन गर्ने र वार्षिक बजेट स्वीकृत गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

(२) परिषद्ले यस ऐन बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति र उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१०. कार्यकारिणी समितिको गठन तथा काम, कर्तव्य र अधिकार : ⌘(१) प्रतिष्ठानको कार्यकारिणी निकायको रुपमा काम गर्न देहाय बमोजिमका सदस्यहरु रहेको कार्यकारिणी समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) | उपकुलपति | – अध्यक्ष |
| (ख) | शिक्षाध्यक्ष | – सदस्य |
| (ग) | प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | – सदस्य |
| (घ) | अस्पताल निर्देशक | – सदस्य |
| (ङ) | प्रतिष्ठानका विभागीय प्रमुखहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका दुईजना | – सदस्य |
| (च) | रजिष्ट्रार | – सदस्य–सचिव |

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) कार्यकारिणी समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा, शर्त सम्बन्धी व्यवस्था

⌘११. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) प्रतिष्ठानको दीक्षान्त समारोहमा कुलपतिले अध्यक्षको आसन ग्रहण गर्नेछ ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

ρ पहिलो संशोधनद्वारा थप ।



ρ११क. सहकुलपति : स्वास्थ्य मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

ρ११ख. उपकुलपतिको नियुक्ति : (१) प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिबाट उपकुलपतिको नियुक्ति हुनेछ ।

(२) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने कार्यकारी प्रमुख हुनेछ ।

(३) उपकुलपतिको पदावधि पाँच वर्षको हुनेछ र निजको पदावधि पुनः थप हुन सक्नेछ ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपकुलपतिको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ρ११ग. शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्ति : (१) उपकुलपतिको सिफारिसमा सहकुलपतिले प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(३) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ρ११घ. पदबाट हटाउन सकिने : (१) प्रतिष्ठानको उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी परिषद्का तत्काल कायम रहेका एक चौथाई सदस्यहरुले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सहकुलपतिको अध्यक्षतामा परिषद्का दुईजना सदस्यहरु समेत रहेको एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी आफ्नो प्रतिवेदन परिषद् समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा अस्पताल निर्देशकले आफ्नो पद अनुसारको

दायित्व पूरा गरेको छैन भनी उल्लेख गरेको भए सो सम्बन्धमा परिषद्मा छलफल हुँदा निजले पद अनुसारको दायित्व पूरा नगरेकोले पदबाट हटाउने भनी परिषद्को सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित प्रस्ताव कुलपति समक्ष पेश भएपछि कुलपतिले निजलाई पदबाट हटाउनेछ ।

(४) उपदफा (१) बमोजिम गठित छानबिन समितिले उपदफा (२) बमोजिम छानबिन गर्दा निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

⌘१२. प्रतिष्ठानको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका सबै शिक्षक तथा कर्मचारीहरु नन्प्राक्टिसिङ्ग हुनेछन् ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "नन्प्राक्टिसिङ्ग" भन्नाले प्रतिष्ठानको पदीय काम बाहेक पारिश्रमिक लिई वा नलिई अन्यत्र कुनै चिकित्सा (मेडिकल प्राक्टिस), अध्यापन (प्राइभेट ट्यूशन) लगायतका अन्य कुनै प्रकारको निजी व्यवसाय गर्न नपाइने सम्झनु पर्छ ।

१३. ✂ ..................

## परिच्छेद–५
## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

१४. प्रतिष्ठानको कोषः (१) प्रतिष्ठानको एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,
(ग) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,
(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्रतिष्ठानले रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।
✂ पहिलो संशोधनद्वारा खारेज ।



(४) प्रतिष्ठानको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. लेखा र लेखापरीक्षण : (१) प्रतिष्ठानको आय-व्ययको लेखा ⌘तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट ρवा सो विभागबाट नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद–६
## विविध

१६. प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरु : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रतिष्ठानले यस ऐन अन्तर्गत स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्न सक्नेछ ।

१७. प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरुको मान्यताः यस ऐन बमोजिम प्रतिष्ठानबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधिको मान्यता नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम हुनेछ ।

१८. वार्षिक प्रतिवेदन : प्रतिष्ठानको वार्षिक प्रतिवेदन ⌘उपकुलपतिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नेछ ।

⌘१९. अधिकार प्रत्यायोजन : प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार परिषद्को कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य र शिक्षा नीति अनुरुप कार्य गर्ने : नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य र शिक्षा नीति अनुरुप कार्य सञ्चालन गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

ρ२०क. नेपाल सरकारले आवश्यक निर्देशन दिन सक्ने : नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।
ρ पहिलो संशोधनद्वारा थप ।

२१. प्रतिष्ठानलाई छुट र सुविधाः प्रतिष्ठानलाई देहाय बमोजिमका कुराहरुमा भन्सार, बिक्री कर ▲............ जस्ता कर लाग्ने छैनन् :-

(क) प्रतिष्ठानको निर्माण तथा सञ्चालनको लागि विदेशबाट झिकाइने निर्माण सामग्री तथा मेशिनरी औजारहरुमा ।

(ख) प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति, विद्धतवृत्ति र पुरस्कारहरुमा ।

(ग) प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अन्य आयश्रोत र प्रतिष्ठानको सम्पत्तिमा ।

(घ) रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखतको रजिष्ट्रेशनमा ।

२२. सम्पर्क मन्त्रालय : प्रतिष्ठानले नेपाल सरकारसंग सम्पर्क राख्दा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ ।

---

▲ आयकर ऐन, २०५८ द्वारा झिकिएको ।

द्रष्टव्यः- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२

| | |
|---|---|
| | लालमोहर र प्रकाशन मिति |
| संशोधन गर्ने ऐन | २०५२।१२।७ |
| १.नेपाल नर्सिङ्ग परिषद् (पहिलो संशोधन) ऐन, २०५८ | २०५८।१०।४ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ۞२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५२ सालको ऐन नं. १५

♠..........

नेपाल नर्सिङ्ग परिषद्को व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल ♠.......... को नर्सिङ्ग सेवालाई प्रभावकारी बनाई व्यवस्थित एवं वैज्ञानिक ढंगले परिचालन गर्न तथा नर्सहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेत व्यवस्था गर्न एक नर्सिङ्ग परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा लागू हुनेछ ।◈

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल नर्सिङ्ग परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

Π(ख१) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

---

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

◈ मिति २०५३।३।२ देखि लागू हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५३।३।२) ।

Π पहिलो संशोधनद्वारा थप ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष Π तथा उपाध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "नर्स" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

Π(घ१) "मिडवाइफ" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफरी विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ङ) "अ.न.मि. (सहायक स्वास्थ्य परिचारिका)" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. ( सहायक स्वास्थ्य परिचारिका) को प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

Π(ङ१) "नर्सिङ्ग व्यवसायी" भन्नाले नर्स, मिडवाइफ तथा अ.न.मि. सम्झनु पर्छ ।

⌘(च) "दर्तावाला नर्सिङ्ग व्यवसायी" भन्नाले दर्ता किताबमा नाम दर्ता भएका नर्स, मिडवाइफ तथा अ.न.मि. सम्झनु पर्छ ।

(छ) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत ⌘नर्सिङ्ग व्यवसायीको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले दफा १३ बमोजिम नियुक्त गरिएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

Π(ज१)"शिक्षण संस्था" भन्नाले नर्सिङ्ग, मिडवाइफरी तथा अ.न.मि. सम्बन्धी विषय अध्ययन, अध्यापन गराउने, तालीम दिने वा दिलाउने सरकारी, गैर सरकारी वा निजी शिक्षण संस्था सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. परिषद्को स्थापना : यस ऐन बमोजिम नर्सिङ्ग सेवालाई व्यवस्थित रुपमा सञ्चालन गर्न नर्सिङ्ग परिषद् स्थापना गरिएकोछ ।

४. परिषद् स्वशासित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

Π पहिलो संशोधनद्वारा थप ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।



(२) परिषद्को सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. परिषद्को गठन : ⌘(१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) नर्सिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी नर्सिङ्ग व्यवसायमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्ये नेपाल सरकारबाट मनोनीत व्यक्ति – अध्यक्ष

(ख) नर्सिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी नर्सिङ्ग व्यवसायमा कम्तीमा बाह्र वर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्ये नेपाल सरकारबाट मनोनीत व्यक्ति – उपाध्यक्ष

(ग) नर्सिङ्ग क्याम्पसका क्याम्पस प्रमुखहरुमध्ये नेपाल सरकारबाट मनोनीत दुईजना – सदस्य

(घ) अध्यक्ष, नेपाल नर्सिङ्ग संघ – सदस्य

(ङ) स्वास्थ्य सेवा विभागका महानिर्देशकले तोकेको अधिकृत स्तरको नर्स – सदस्य

(च) त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको डीनले तोकेको अधिकृत स्तरको नर्स – सदस्य

(छ) नेपाल नर्सिङ्ग संघका साधारण सदस्यहरुमध्येबाट निर्वाचित तीनजना – सदस्य

(ज) नर्सिङ्ग व्यवसायमा ख्यातिप्राप्त नर्सहरुमध्येबाट नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(झ) नर्सिङ्ग क्षेत्रमा दश वर्ष सेवा गरिसकेका दर्तावाला नर्सिङ्ग व्यवसायी भई क्षेत्रीय स्वास्थ्य निर्देशनालय, क्षेत्रीय अस्पताल वा अञ्चल अस्पतालमा कार्यरत नर्सिङ्ग प्रमुखहरुमध्येबाट परिषद्को सिफारिसमा नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(ञ) मेट्रोनहरुमध्ये नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(ट) राष्ट्रिय जीवनमा ख्यातिप्राप्त उपभोक्ताका तर्फबाट नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(ठ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् – सदस्य

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यहरु निर्वाचित भई नआएसम्म नेपाल नर्सिङ्ग संघका साधारण सदस्यहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत दुई जना सदस्यहरु परिषद्को सदस्यको रुपमा रहनेछन् ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) परिषद्ले आवश्यक देखेमा नर्सिङ्ग क्षेत्रको कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको निर्वाचन प्रकृया तोकिए बमोजिम हुनेछ ।

६. सदस्यको पदावधि : (१) परिषद्मा मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरु पुन: मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

Πतर, नेपाल सरकारबाट मनोनीत सदस्यहरुलाई नेपाल सरकारले पदावधि समाप्त हुनुभन्दा अगाडि हटाउन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

Πतर,–

(१) पद रिक्त भएको मितिले साधारणतया तीन महिनाभित्र निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) छ महिनाभन्दा कम अवधिका लागि निर्वाचन वा मनोनयन गरिने छैन ।

७. सदस्यको निमित्त अयोग्यता : देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछ :–

(क) गैर नेपाली नागरिक,

(ख) Πनाम दर्ता नगराएको वा दर्ता किताबबाट नाम हटाइएको,

Π पहिलो संशोधनद्वारा थप ।



Πतर, दफा ५ को उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको हकमा यो खण्ड लागू हुने छैन ।

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

(ङ) मगज बिग्रेको ।

८. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :–

(क) दफा ७ बमोजिम सदस्य रहन अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा, वा

(घ) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

Πतर, परिषद्ले कुनै सदस्यलाई बढीमा छ महिनासम्म मात्र परिषद्को बैठकमा अनुपस्थित रहन सक्ने गरी अनुमति दिन सक्नेछ ।

⌘९. परिषद्को काम, कर्तव्य र अधिकार : (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) नर्सिङ्ग व्यवसायलाई सुचारुरुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने,

(ख) शिक्षण संस्थालाई मान्यता दिने,

(ग) खण्ड (ख) बमोजिम मान्यता दिएका शिक्षण संस्थाको पाठ्यक्रम, भर्नाका शर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक शर्त तथा पूर्वाधारको मूल्याङ्कन तथा पुनरावलोकन गर्ने,

(घ) खण्ड (ग) बमोजिम मूल्याङ्कन तथा पुनरावलोकन गर्दा परिषद्ले निर्धारण गरेको मापदण्ड पूरा गरेको नपाइएमा त्यस्ता शिक्षण संस्था सञ्चालन गर्ने स्वीकृति खारेजीको लागि सिफारिस गर्ने,

(ङ) नर्सिङ्ग व्यवसायीको योग्यता निर्धारण गरी योग्यता पुगेका नर्सिङ्ग व्यवसायीको दर्ता किताबमा नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिने,

(च) नर्सिङ्ग व्यवसायीको कार्यसीमा निर्धारण गर्ने,

Π पहिलो संशोधनद्वारा थप ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

(छ) नर्सिङ्ग व्यवसायीको व्यवसायिक आचारसंहिता निर्धारण गर्ने र त्यस्तो आचारसंहिता उल्लंघन गर्ने नर्सिङ्ग व्यवसायी उपर कारबाही गर्ने ।

(२) कुनै शिक्षण संस्था स्थापना र सञ्चालन गर्न स्वीकृति दिनुपूर्व सम्बन्धित निकायले परिषद्संग परामर्श माग गर्नेछ । त्यस्तो शिक्षण संस्थाले आवश्यक मापदण्ड तथा पूर्वाधार पूरा गरे वा नगरेको जाँचबुझ गरी परिषद्ले सो सम्बन्धमा आवश्यक परामर्श दिनेछ । परिषद्को त्यस्तो परामर्शको आधारमा सम्बन्धित निकायले शिक्षण संस्था स्थापना र सञ्चालन गर्ने स्वीकृति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ । शिक्षण संस्था स्थापना र सञ्चालनको स्वीकृति दिइएको अवस्थामा सो कुराको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

१०. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक साधारणतया वर्षको चार पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा सो भन्दा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा Πउपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा मात्र परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

(७) सदस्यहरुले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

Π पहिलो संशोधनद्वारा थप ।



११. अधिकार प्रत्यायोजन : परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, Πउपाध्यक्ष, सदस्य वा दफा १२ बमोजिम गठन भएका Πसमितिलाई वा समितिको सदस्यहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. समिति गठन गर्न सक्ने : (१) परिषद्को निर्णयहरु कार्यान्वयन गर्न परिषद्ले आवश्यकतानुसार संयोजक र सदस्यहरु तोकी विभिन्न विषय सम्बन्धी समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक तथा अन्य कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

Π१२क. अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) परिषद्को बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम, कारबाही व्यवस्थित, प्रभावकारी र सुचारुरुपले सञ्चालन गर्ने वा गराउने,

(घ) परिषद्ले निर्देशन दिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

Π१२ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको अनुपस्थितिमा यस ऐन बमोजिम अध्यक्षले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ ।

१३. रजिष्ट्रार : ⌘(१) परिषद्को दैनिक प्रशासकीय काम, कारबाही गर्न नेपाल सरकारले नर्सिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा पाँच वर्ष नर्सिङ्ग व्यवसायमा संलग्न रहेको कुनै व्यक्तिलाई रजिष्ट्रारमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) रजिष्ट्रारले परिषद्को सचिव भई काम गर्नेछ ।

(३) रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

(४) रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न नेपाल सरकारले परिषद्को अन्य कुनै अधिकृत स्तरको कर्मचारीलाई तोक्नेछ ।

१४. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : यस ऐनमा लेखिएदेखि बाहेक रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को बैठकमा पेश गर्नु पर्ने छलफलको विषय सूची तयार गर्ने,

(ग) तोकिए बमोजिम अन्य काम, कर्तव्य र अधिकार ।

१५. परिषद्का कर्मचारी : (१) परिषद्ले आवश्यकतानुसार कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(३) परिषद्का कर्मचारीहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने : (१) नर्सिङ्ग व्यवसाय गर्न चाहने तोकिए बमोजिमको न्यूनतम योग्यता प्राप्त गरेका ℋनर्सिङ्ग व्यवसायीले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन परिषद्मा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएका बखत नर्सिङ्ग व्यवसाय गरिरहेका ℋनसिङ्ग व्यावसायीहरुले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने ℋनर्सिङ्ग व्यवसायीले दरखास्तसाथ आफ्नो योग्यता सम्बन्धी प्रमाणपत्र ∃............ र तोकिए बमोजिमको अन्य कागजात तथा दस्तुर संलग्न गर्नु पर्नेछ ।

१७. दरखास्त उपर कारबाही र दर्ताको प्रमाणपत्र : (१) दफा १६ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ

∃ पहिलो संशोधनद्वारा झिकिएको ।



गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित विषय समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्बन्धित विषय समितिले योग्यता सम्बन्धी उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनेछ ।

Π(५) उपदफा (४) बमोजिम दिइएको दर्ता प्रमाणपत्र नाम दर्ता भएको मितिले छ वर्षको लागि मान्य हुनेछ ।

Π(६) परिषद्मा गैर नेपाली नागरिकलाई नर्सिङ्ग व्यवसायीको रुपमा नाम दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. दर्ता किताबबाट नाम हटाउने र पुनः नाम दर्ता गर्ने : (१) देहायको कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला ℋनसिङ्ग व्यावसायीको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ :–

(क) मगज बिग्रेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको, वा

(घ) पेशा सम्बन्धी तोकिएको ℋव्यावसायिक आचार संहिता पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले ठहराएको ।

(२) उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिम दर्ता किताबबाट नाम हटाइएको ℋनर्सिङ्ग व्यवसायीले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले

Π पहिलो संशोधनद्वारा थप ।

निजको नाम पुनः दर्ता गर्नु मनासिब देखेमा नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश प्राप्त भएमा रजिष्ट्रारले तोकिए बमोजिम दस्तुर लिई त्यस्तो ⌘नर्सिङ्ग व्यवसायीको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

Π१८क. नाम दर्ता नवीकरण : (१) दर्तावाला नर्सिङ्ग व्यवसायीको नाम दर्ता नवीकरणका लागि म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र तोकिए बमोजिमको दस्तुर सहित परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र नवीकरण नगराएमा नवीकरण गराउन नसकेको कारण खुलाई म्याद समाप्त भएको मितिले साठी दिनभित्र तोकिएको दस्तुर तिरी परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नगराउने नर्सिङ्ग व्यवसायीको नाम दर्ता किताबबाट हटाइनेछ ।

१९. प्रमाणपत्र रद्द गर्ने : धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र फिर्ता लिई दर्ता रद्द गर्न सक्नेछ ।

⌘२०. नर्सिङ्ग व्यवसाय गर्न नपाउने : दर्तावाला नर्सिङ्ग व्यवसायी बाहेक अरु कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नर्सिङ्ग व्यवसाय गर्न पाउने छैन ।

⌘२१. मान्यता दिने : (१) परिषद्ले नर्सिङ्ग विषयमा अध्ययन, अध्यापन गराउने तथा तालीम दिने वा दिलाउने शिक्षण संस्था र नर्सिङ्ग विषय सम्बन्धी डिग्री, डिप्लोमा प्रमाणपत्र वा अन्य उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका शिक्षण संस्था र डिग्री, डिप्लोमा, प्रमाणपत्र वा उपाधि नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।◆

(३) नर्सिङ्ग विषय सम्बन्धी विदेशी शिक्षण संस्थाबाट डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले त्यस्तो

---

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

◆ विभिन्न शिक्षण संस्था र शैक्षिक कार्यक्रमलाई मान्यता प्रदान गर्ने गरी मिति २०६१।८।१४ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।



उपाधिको मान्यताको लागि तोकिए बमोजिम परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्त उपर परिषद्ले आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ ।

⌘२२. विवरण पेश गर्नु पर्ने : (१) दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको निमित्त निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक पूर्वाधार र मापदण्ड सम्बन्धी विवरण उल्लेख भएको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पेश नगर्ने शिक्षण संस्थालाई आवश्यक कारबाही गर्नको लागि परिषद्ले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

२३. परीक्षाको निरीक्षण : दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्बन्धित ⌘शिक्षण संस्थाबाट लिइने परीक्षाहरु निरीक्षण गर्न परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । त्यसरी नियुक्ति गरिएका निरीक्षकले आफूले निरीक्षण गरेको परीक्षाको सम्बन्धमा परिषद्ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

⌘२४. मान्यता हटाउने : (१) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्त तथा अन्य आवश्यक पूर्वाधार र मापदण्ड सम्बन्धी कुराको मूल्यांङ्कन र पुनरावलोकन गर्दा उपयुक्त नभएको ठहरिएमा परिषद्ले त्यस्तो शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेजीका लागि सिफारिस सहितको प्रतिवेदन नेपाल सरकार र सम्बन्धित शिक्षण संस्थाले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालय वा संस्था समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्बाट पेश हुन आएको सिफारिस सहितको प्रतिवेदन उपर सम्बन्धित सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय वा संस्थाले आवश्यक जाँचबुझ गरी आफ्नो राय नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

---

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपदफा (१) बमोजिम परिषद्ले पेश गरेको प्रतिवेदन र उपदफा (२) बमोजिम सम्बन्धित विश्वविद्यालय वा संस्थाले पेश गरेको राय बमोजिम नेपाल सरकारले परिषद्संग परामर्श लिई त्यस्तो शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेज गर्न सक्नेछ। यसरी शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेज गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

(४) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले सञ्चालन गरेको कुनै परीक्षामा अनियमितता भएको पाइएमा त्यस्तो परीक्षाको आधारमा प्रदान गरिएको नर्सिङ्ग विषय सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि रद्द गर्नको लागि परिषद्ले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस प्राप्त हुन आएमा नेपाल सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो शिक्षण संस्थाले कुनै खास मितिपछि प्रदान गरेको नर्सिङ्ग विषय सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि रद्द गर्न सक्नेछ। यसरी रद्द गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

Π२४क. परीक्षा सञ्चालन गर्न सकिने : (१) नर्सिङ्ग विषयमा आवश्यक गुणस्तर कायम राख्नको लागि आवश्यक भएमा परिषद्ले तोकिए बमोजिम परीक्षा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा सफल हुन नसक्ने नर्सिङ्ग व्यवसायीहरुको नाम परिषद्को दर्ता किताबमा दर्ता तथा नवीकरण गरिने छैन।

२५. यो ऐन बमोजिम हुने : अरु प्रचलित कानूनमा जेसुकै लेखिएको भएतापनि यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम हुनेछ।

२६. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ।

(२) परिषद्को कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नर्सिङ्ग व्यवसायीहरुको नाम दर्ता गर्दा प्राप्त दस्तुर बापतको रकम, र

(ग) अन्य श्रोतबाट प्राप्त रकम।

(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोके बमोजिम हुनेछ।

Π पहिलो संशोधनद्वारा थप।



२७. लेखा र लेखा परीक्षण : (१) परिषद्ले आय-व्ययको लेखा तोकिए बमोजिम राख्नेछ।

(२) परिषद्को लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

२८. परिषद्को विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा ⌘सो कुरा सुधार्न वा सच्याउन नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिनेछ।

⌘(२) उपदफा (१) अन्तर्गत दिइएको निर्देशन बमोजिम परिषद्ले आफ्नो काम कारबाही सुधार्न वा सच्याउन नसकेमा नेपाल सरकारले परिषद् विघटन गरी यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्ने सम्पूर्ण कार्य गर्न अन्तरिम कार्यकारी परिषद् गठन गर्न सक्नेछ।

⌘(३) उपदफा (२) बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अरु सम्पत्ति उपदफा (२) बमोजिम गठित अन्तरिम कार्यकारी परिषद्ले आफ्नै जिम्मामा राखी नयाँ परिषद् गठन भएपछि सो कोष र सम्पत्ति नवगठित परिषद्लाई बुझाई दिनु पर्नेछ।

⌘(४) उपदफा (२) बमोजिम परिषद् विघटन भएको मितिले साधारणतया तीन महिनाभित्र दफा ५ बमोजिम नयाँ परिषद् गठन गर्नु पर्नेछ।

२९. दण्ड सजाय : (१) दफा २० को बर्खिलाप नर्सिङ्ग व्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

⌘ पहिलो संशोधनद्वारा संशोधित।

Π२९क. पुनरावेदन : यस ऐन बमोजिम परिषद्को निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

३०. अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी : दफा २० बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको हुनेछ ।

३१. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

Π पहिलो संशोधनद्वारा थप ।

द्रष्टव्य:- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३

लालमोहर र प्रकाशन मिति
२०५३।११।३

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| ۞गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५३ सालको ऐन नं. ३०

♠...........

नेपाल स्वास्थ्य व्यवसायी परिषद्को व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल ♠........... को स्वास्थ्य सेवालाई समयानुकूल प्रभावकारी बनाउन मेडिकल काउन्सिल ऐनमा दर्ता हुन योग्य चिकित्सक, नर्स बाहेकका स्वास्थ्य व्यवसायीहरुको सेवालाई व्यवस्थित एवं वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा उनीहरुको योग्यता अनुसार नाम दर्ता गर्ने व्यवस्था गर्न स्वास्थ्य व्यवसायी परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि तोकेको स्थानमा लागू हुनेछ ।ρ

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(१) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्वास्थ्य व्यवसायी परिषद् सम्झनु पर्छ ।

(२) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(३) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ρ मिति २०५४।२।२१ देखि नेपालभर लागू हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५४।२।२१) ।

(४) “स्वास्थ्य व्यवसाय” भन्नाले बिरामीको रोगको उपचार, निदान, रोकथाम वा स्वास्थ्य व्यवसाय सम्बन्धी कुनै कार्यलाई जनाउँछ ।

(५) “स्वास्थ्य व्यवसायी” भन्नाले तोकिएको न्यूनतम योग्यता प्राप्त गरी स्वास्थ्य व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ ।

(६) “दर्ता किताब” भन्नाले यो ऐन अन्तर्गत स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ ।

(७) “दर्तावाला स्वास्थ्य व्यवसायी” भन्नाले दर्ता किताबमा नाम दर्ता भएका स्वास्थ्य व्यवसायी सम्झनु पर्छ ।

(८) “समिति” भन्नाले दफा १२ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(९) “रजिष्ट्रार” भन्नाले दफा १३ बमोजिम नियुक्त गरेको वा तोकेको व्यक्ति सम्झनु पर्छ ।

(१०) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. परिषद्को स्थापना : स्वास्थ्य सेवालाई व्यवस्थित रुपबाट सञ्चालन गर्न स्वास्थ्य व्यवसायीहरुको नाम योग्यता अनुसार दर्ता गर्नको लागि स्वास्थ्य व्यवसायी परिषद् स्थापना गरिएकोछ ।

४. परिषद्को गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरु रहनेछन् :–

(क) स्वास्थ्य व्यवसायसंग सम्बन्धित विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा ५ वर्ष स्वास्थ्य व्यवसायमा लागेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत व्यक्ति – अध्यक्ष

(ख) नेपाल स्वास्थ्य प्राविधिक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

(ग) नेपाल फर्मास्यूटिकल एशोशिएसनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

(घ) नेपाल रेडियोलोजिकल सोसाइटीको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

(ङ) प्याथोलोजी, फिजियोथेरापी, पब्लिक हेल्थ विषय समूहबाट नेपाल स्वास्थ्य प्राविधिक संघको सिफारिसमा नेपाल सरकारबाट मनोनीत तीनजना दर्तावाला स्वास्थ्य व्यवसायीहरु – सदस्य



(च) दर्तावाला स्वास्थ्य व्यवसायीहरुले आफू मध्येबाट तोकिए बमोजिम निर्वाचन गरेका स्वास्थ्य व्यवसायीहरु चारजना – सदस्य

(छ) चिकित्साशास्त्र अध्ययन संस्थानको डीन वा निजले तोकेको प्रतिनिधि – सदस्य

(ज) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल – सदस्य

(२) नेपाल सरकारले परिषद्को सल्लाह लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्को सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) परिषद्ले आवश्यक देखेमा चिकित्सा व्यवसायी क्षेत्रको कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) परिषद् गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्ने गरी नेपाल सरकारले दफा ४ बमोजिमका क्षेत्रहरु समेटिने गरी समिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको समितिको अवधि बढीमा एक वर्षको हुनेछ ।

५. परिषद् स्वशासित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. सदस्यको पदावधि : (१) परिषद्मा मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

७. सदस्यको निमित्त अयोग्यता : देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछ :–

(१) गैर नेपाली नागरिक,

(२) दर्ता किताबमा नाम हटाइएको,
(३) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा
(४) मगज बिग्रेको ।

८. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :-
(१) दफा ७ बमोजिम सदस्य रहन अयोग्य भएमा,
(२) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,
(३) मृत्यु भएमा, वा
(४) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(१) स्वास्थ्य व्यवसाय सम्बन्धी काम सुचारुरुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।
(२) स्वास्थ्य व्यवसायी सम्बन्धी अध्ययन, अध्यापन गराइने शिक्षण संस्थाहरुको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी नीति निर्धारण गरी तत्सम्बन्धी कुराहरुको मूल्यांङ्कन र पुनरावलोकन गर्ने ।
(३) स्वास्थ्य व्यवसायीहरुको योग्यताको निर्धारण गरी योग्यता पुगेका स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता गर्ने व्यवस्था गर्ने ।

१०. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) परिषद्को बैठक साधारणतया वर्षको तीन पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।



(७) सदस्यहरुले बैठकमा भाग लिँदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. अधिकार प्रत्यायोजन : परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य वा तोकिए बमोजिम सदस्यहरुको समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. समिति : (१) परिषद्को निर्णयहरु कार्यान्वयन गर्न परिषद्ले तोकिए बमोजिम विभिन्न विषय सम्बन्धी समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विषय समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. रजिष्ट्रार : (१) परिषद्को प्रशासकीय काम कारबाही गर्न नेपाल सरकारले स्वास्थ्य व्यवसायमा संलग्न कुनै व्यक्तिलाई रजिष्ट्रारमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) रजिष्ट्रारले परिषद्को सचिव भै काम गर्नेछ ।

(३) रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न

नेपाल सरकारले परिषद्को अन्य कुनै अधिकृत तहको कर्मचारीलाई तोक्नेछ ।

१४. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -
(१) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने ।
(२) परिषद्को बैठकमा पेश गर्नु पर्ने छलफलको विषय सूची तयार गर्ने ।
(३) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. परिषद्का कर्मचारी : (१) परिषद्ले आवश्यक भए जति कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(३) परिषद्का कर्मचारीहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने : (१) तोकिए बमोजिमको न्यूनतम योग्यता प्राप्त गरेका स्वास्थ्य व्यवसाय गर्न चाहने स्वास्थ्य व्यवसायीले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन परिषद्मा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएका बखत स्वास्थ्य व्यवसाय गरिरहेका स्वास्थ्य व्यवसायीहरुले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने स्वास्थ्य व्यवसायीले दरखास्त साथ आफ्नो योग्यता सम्बन्धी प्रमाणपत्र, सिफारिसपत्र, उपाधि र तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१७. दरखास्त उपर कारबाही : (१) दफा १६ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित विषय समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्बन्धित विषय समितिले योग्यता सम्बन्धी प्रमाणपत्र र उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीत पूर्वक छ छैन भन्ने कुरामा समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय परिषद्ले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ र परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनेछ ।

१८. दर्ता किताबबाट नाम हटाउने र पुनः नाम दर्ता गर्ने : (१) देहायका कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला स्वास्थ्य व्यवसायीको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ :–

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको,

(ख) पेशा सम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले ठहऱ्याएको, वा



(ग) मगज बिग्रेको वा शारीरिक अवस्थाले पेशा गर्न असमर्थ भएमा ।

(२) उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाइएको स्वास्थ्य व्यवसायीले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा परिषद्ले नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश प्राप्त भएकोमा रजिष्ट्रारले तोकिए बमोजिम दस्तुर लिई त्यस्तो स्वास्थ्य व्यवसायीको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१९. प्रमाणपत्र रद्द गर्ने : धोका वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र फिर्ता लिई दर्ता रद्द गर्न सक्नेछ ।

२०. स्वास्थ्य व्यवसाय गर्न नपाउने : यो ऐन प्रारम्भ भएको एकवर्ष पछि दर्तावाला स्वास्थ्य व्यवसायी बाहेक अन्य स्वास्थ्य व्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले स्वास्थ्य व्यवसाय गर्न पाउने छैन ।

२१. शैक्षिक योग्यताको मान्यता : (१) परिषद्को सिफारिसमा नेपाल सरकारले स्वास्थ्य व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरु नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

२२. विवरण माग गर्न सक्ने : दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरुको मूल्याङ्कनको लागि परिषद्ले समय समयमा त्यस्तो संस्थासंग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

२३. परीक्षाको निरीक्षण : दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षाहरु निरीक्षण गर्नको लागि परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेका परीक्षाको सम्बन्धमा परिषद्ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

२४. मान्यता हटाउने : (१) दफा २२ बमोजिम प्राप्त विवरण र दफा २३ बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा दफा २१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरुको निमित्त सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा निरीक्षण सञ्चालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा परिषद्ले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि नेपाल सरकारले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी अरु कुनै जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मितिपछि प्रदान गरिएको स्वास्थ्य व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछ ।

२५. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ ।

(२) परिषद्को कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता दस्तुर बापत प्राप्त रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोके बमोजिम हुनेछ ।

२६. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

२७. परिषद्को विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल



सरकारलाई लागेमा नेपाल सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अन्य सम्पति नेपाल सरकारले आफ्नै जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र नेपाल सरकारले दफा ३ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।

(४) अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम नेपाल सरकारले आफ्नो जिम्मामा राखेको कोष र सम्पत्ति उक्त परिषद्लाई बुझाउनेछ ।

२८. दण्ड सजाय : (१) दफा २० को बर्खिलाप स्वास्थ्य व्यवसाय गर्ने व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने कुनै काम गर्ने व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ ।

२९. अनुसन्धान र तहकिकात गर्ने अधिकारी : यो ऐन अन्तर्गत कसूर ठहरिने मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ ।♥

३०. नेपाल सरकार वादी हुने : दफा २९ बमोजिम अनुसन्धान तहकिकात भै अदालतमा दायर गरिने मुद्दा नेपाल सरकार वादी हुनेछ ।

३१. पुनरावेदन : यो ऐन बमोजिम परिषद्ले गरेको निर्णय वा दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको सूचना पाएको मितिले पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३२. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले परिषद्को परामर्श लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

♥ मिति २०६६।३।२२ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वास्थ्य सेवा विभागको कानून अधिकृतलाई तोकेको ।

३३. विनियम बनाउने अधिकार : परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि नेपाल सरकारको स्वीकृति लिई विनियमहरु बनाउन सक्नेछ ।

द्रष्टव्यः- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# नेपाल स्वास्थ्य सेवा ऐन, २०५३

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| | २०५३।११।१५ |
| ρ१. नेपाल स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।१०।२७ |
| २. स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ | २०५८।५।६ |
| ३. नेपाल स्वास्थ्य सेवा (दोस्रो संशोधन) ऐन, २०५८ | २०५८।७।२२ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) ऐन, २०६३ | २०६३।८।२२ |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५३ सालको ऐन नं. ३२

♠...........

स्वास्थ्य सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक सेवा भएकोले यस सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी बनाउन स्वास्थ्य सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य सेवा ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ महाराजाधिराज सरकारबाट लालमोहर सदर बक्स भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

ρ यो ऐनको दफा २,४,६,८,९,१०,१३,१५,१६ र १७ सम्वत् २०५४ साल जेष्ठ १४ गतेदेखि प्रारम्भ भएको र अन्य दफाहरु तुरुन्त प्रारम्भ भएको ।

यो ऐनको दफा २ र ३ तुरुन्त र दफा ४ मिति २०५५ साल माघ २७ गतेदेखि प्रारम्भ भएको ।

यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) "स्वास्थ्य सेवा" भन्नाले दफा ३ बमोजिम गठन गरिएको नेपाल स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले स्वास्थ्य सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "एकिकृत चिकित्सा अधिकृत" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथीमा स्नातकोपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा नाम दर्ता भई स्वास्थ्य सेवामा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदा आयुर्वेद चिकित्सा परिषद् गठन नभइसकेको भए गठन भएपछि नाम दर्ता हुने व्यक्तिलाई समेत जनाउँछ ।

(घ) "अख्तियारवाला" भन्नाले दफा ११ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले ⌘पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा ◆विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(च) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ ।

(छ) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारी सम्झनु पर्छ ।

(ज) "स्थायी पद" भन्नाले निवृत्तभरण पाउने र म्याद नतोकिएको स्वास्थ्य सेवाको पद सम्झनु पर्छ ।

(झ) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष किसिमको योग्यता चाहिने पद सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद – २

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

◆ तेस्रो संशोधनद्वारा थप ।



## स्वास्थ्य सेवाको गठन

३. स्वास्थ्य सेवाको गठन : नेपाल स्वास्थ्य सेवा नामको एक सेवा गठन गरिएकोछ ।

⌘४. तह तथा तह मिलान : (१) स्वास्थ्य सेवामा देहाय बमोजिमका तहहरु रहनेछन् :–

| अधिकृत तह | सहायक तह |
|---|---|
| बाह्रौं | पाँचौं |
| एघारौं | चौथो |
| दशौं | तेस्रो |
| नवौं | |
| आठौं | |
| सातौं | |
| छैठौं | |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तेस्रो तहमा कुनै कर्मचारी नरहेमा सो तह रहने छैन ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत नेपाल स्वास्थ्य सेवाको पहिलो र दोस्रो तहमा कार्यरत कर्मचारीलाई तेस्रो तहमा मिलान गरिनेछ ।

(४) संवत् २०५४ साल जेष्ठ १४ गतेभन्दा अघि निजामती सेवा ऐन, २०४९ बमोजिम नियुक्त राजपत्र अनक्तित तृतीय श्रेणीका कर्मचारीलाई चौथो तहमा मिलान गरिनेछ ।

५. सेवाका पदहरु : (१) स्वास्थ्य सेवाका विभिन्न तहहरुमा विशेषज्ञ पद लगायत प्राविधिक पदहरु रहनेछन् । त्यस्ता पदहरुको पद नामहरु तोकिए बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले स्वास्थ्य सेवाको प्रत्येक तहको पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

६. स्वास्थ्य सेवा अन्तर्गत रहने चिकित्सा प्रणालीहरु : (१) स्वास्थ्य सेवा अन्तर्गत देहायका चिकित्सा प्रणालीहरु रहनेछन् :–

(क) एलोप्याथी चिकित्सा प्रणाली,

(ख) आयुर्वेद चिकित्सा प्रणाली,

(ग) होमियोप्याथी चिकित्सा प्रणाली ।

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) मा उल्लेख भएका चिकित्सा प्रणाली बाहेक नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्य चिकित्सा प्रणाली तोक्न सक्नेछ।*

७. समूह तथा उपसमूहहरु : (१) स्वास्थ्य सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूहहरु रहनेछन्।

(२) स्वास्थ्य सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न तहका पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ३
## स्वास्थ्य सेवाको पदपूर्ति

⌘८. स्वास्थ्य सेवाको पदपूर्ति : (१) स्वास्थ्य सेवाको देहायका तहका तोकिएका पदहरु देहाय बमोजिम खुल्ला प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिनेछ :–

| तह | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|
| | | कार्यक्षमताको मूल्याङ्कन | आन्तरिक प्रतियोगितात्मक परीक्षा |
| (क) चौथो | १००% | × | × |
| (ख) पाचौं | ५०% | × | ५०% |
| (ग) छैठौं | × | ५०% | ५०% |
| (घ) सातौं | १००% | × | × |
| (ङ) आठौं | १००% | × | × |
| (च) नवौं | १०% | ६०% | ३०% |
| (छ) एघारौं | १०% | ६०% | ३०% |
| (ज) बाह्रौं | × | १००% | × |

(२) उपदफा (१) बमोजिम पूर्ति हुने पद बाहेक अन्य पद र तहको पूर्ति दफा ९ बमोजिम स्तर वृद्धिद्वारा गरिनेछ।

⌘८क. पदपूर्तिमा बन्देज : (१) स्वास्थ्य सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) स्वास्थ्य सेवाको कुनै पद कुनै तरिकाबाट रिक्त भएमा सोको जानकारी पद रिक्त भएको एक महिनाभित्र सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिनु पर्नेछ। सो अवधिभित्र सूचना नदिने पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सो अवधिसम्म रिक्त हुन आएको पद र चालू आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ।

(४) पद पूर्तिको माग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) मन्त्रालय, विभाग, केन्द्र तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुँदैन।

(६) उपदफा (१) विपरीत कसैले कर्मचारी नियुक्ति गरेमा वा उपदफा (५) बमोजिम तलबी प्रतिवेदन पास नगरी तलब खुवाएको पाइएमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने र तलव खुवाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

◈८ख. ज्यालादारी वा करारमा नियुक्ति गर्न, गराउन नपाइने : (१) कसैले पनि कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न, गराउन पाउने छैन।

◆तर कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको कारण स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाइ परेमा नेपाल सरकारले त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मी विदामा बसेको अवधिभरको लागि निजको पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा काममा लगाउन सक्नेछ।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरे, गराएमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने, गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

---

* नेपाल सरकारले मिति २०५४।९।७ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी "युनानी चिकित्सा प्रणाली" र मिति २०५९।३।२७ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी "प्राकृतिक चिकित्सा प्रणाली" लाई तोकेको।

⌘ तेस्रो संशोधनद्वारा संशोधित।

◈ पहिलो संशोधनद्वारा थप।

◆ तेस्रो संशोधनद्वारा थप।

⁂९. स्तर वृद्धि (अपग्रेड) : (१) सेवाका पदहरुमध्ये ◆तेस्रो तहबाट चौथो, चौथो तहबाट पाँचौ अधिकृत छैठौं तहबाट सातौं, सातौंबाट आठौं र नवौंबाट दशौं तहको पदको पूर्ति स्तर वृद्धिको माध्यमबाट गरिनेछ।

(२) शुरु नियुक्ति भई पदस्थापन भएका अधिकृत छैठौं तहका कर्मचारी र अधिकृत सातौं तहका मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेदिक चिकित्सक, एकीकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृतहरुले कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरी शुरु नियुक्ति भई पदस्थापन भएको मितिदेखि तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई क्रमशः सातौं र आठौं तहको पदमा स्तर वृद्धि गरिनेछ।

(३) उपदफा (२) बमोजिम अधिकृत छैठौं तहबाट सातौं तहको पदमा स्तर वृद्धि हुने कर्मचारीले सो पदमा रही दुई वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गरेमा त्यस्तो कर्मचारीलाई आठौं तहको पदमा स्तर वृद्धि गरिनेछ।

(४) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ प्रारम्भ हुनु अघि निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल स्वास्थ्य सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा स्थायी रुपमा बहाल भई कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरी तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई आठौं तहको पदमा स्तर वृद्धि
गरिनेछ।

●(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ प्रारम्भ ⌘भएपछि वा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल स्वास्थ्य सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा स्थायी रुपले बहाल भएका र सेवाको समूह, उपसमूहसंग सम्बन्धित विषयमा आधारभूत स्नातक उपाधि (ब्याचलर डिग्री) प्राप्त गरेपछिको उपाधि (मास्टर डिग्री) प्राप्त गरी काठमाडौं उपत्यका बाहिरको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरी तीन वर्ष सेवा अवधि पूरा गरेका वा आधारभूत स्नातक उपाधि (ब्याचलर डिग्री)

⁂ पहिलो संशोधनद्वारा संशोधित।

● दोस्रो संशोधनद्वारा संशोधित।

⌘ तेस्रो संशोधनद्वारा संशोधित।



प्राप्त गरेपछिको उपाधि (पोष्ट ग्राजुएट डिप्लोमा) प्राप्त गरी काठमाडौं उपत्यका बाहिरको क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरी तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई पनि आठौं तहको पदमा स्तर वृद्धि गरिनेछ।

(६) उपदफा (४) र (५) मा उल्लिखित कर्मचारीहरुले सोही उपदफामा उल्लिखित अवधिसम्म सोही उपदफामा उल्लेख भएको क्षेत्रमा काम नगरेको भए त्यस्तो नपुग अवधिसम्म त्यस्तो क्षेत्रमा गई रुजु हाजिर भई काम गरिसकेपछि मात्र त्यस्तो कर्मचारीहरुलाई स्तर वृद्धि गरिनेछ।

तर पद वा दरबन्दी वा कार्यालय नभएका कारण उल्लिखित कर्मचारीहरुलाई उल्लिखित क्षेत्रमा खटाउन नसकिएको भए त्यस्ता कर्मचारीलाई पनि आठौं तहको पदमा स्तर वृद्धि गरिनेछ।

(७) सेवाका अधिकृत नवौं तहको पदमा रही दुई वर्षको कार्य सम्पादन मूल्यांङ्कनमा कम्तीमा उत्तम अंक प्राप्त गर्ने कर्मचारीहरुलाई अधिकृत दशौं तहको पदमा स्तर वृद्धि गरिनेछ।

◆(७क) यो दफा प्रारम्भ भएपछि देहायका कर्मचारीको स्तर वृद्धि देहाय बमोजिम गरिनेछ :-

(क) यो दफा प्रारम्भ हुँदाका बखत तेस्रो तहमा कार्यरत कर्मचारीलाई सम्बन्धित समूहको चौथो तहमा,

(ख) यो दफा प्रारम्भ भएपछि तेस्रो तहमा मिलान भएका कर्मचारीको सो तहमा दुई वर्ष सेवा अवधि पूरा भएपछि चौथो तहमा,

(ग) संवत् २०५४ साल जेष्ठ १४ गतेपछि स्वास्थ्य सेवाको चौथो तहमा मिलान भएका कर्मचारीलाई सम्बन्धित समूहको पाँचौं तहमा,

(घ) दफा ४ को उपदफा (४) बमोजिम चौथो तहमा मिलान हुने कर्मचारीहरुमध्ये तीन वर्ष सेवा अवधि पूरा गरी चौथो तहको लागि निर्धारित योग्यता प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित समूहको पाँचौं तहमा,

(ङ) स्वास्थ्य सेवाको चौथो तहमा शुरु नियुक्ति वा तह मिलान भएका कर्मचारीको सो तहमा पाँच वर्ष सेवा अवधि पूरा भएमा सम्बन्धित समूहको पाँचौं तहमा,

◆ तेस्रो संशोधनद्वारा थप।

(च) यो दफा प्रारम्भ हुनु अघि लोक सेवा आयोगको प्रक्रिया पूरा गरी छैठौं र सातौं तहमा नियुक्ति भएका कर्मचारीलाई क्रमशः सम्बन्धित समूहको सातौं र आठौं तहमा,

(छ) यो दफा प्रारम्भ हुनु अघि पाँचौं तह र वरिष्ठ पाँचौं तहमा तह मिलान भएका कर्मचारीमध्ये चौथो तहको लागि निर्धारित योग्यता पूरा गरी पाँचौं तहमा दश वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई सम्बन्धित समूहको छैठौं तहमा,

(ज) यो दफा प्रारम्भ हुनुअघि पाँचौं तहमा शुरु नियुक्ति भई सो तहमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई सम्बन्धित समूहको छैठौं तहमा,

(झ) यो दफा प्रारम्भ भएपछि पाँचौं तहमा स्तर वृद्धि भई सो तहमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई सम्बन्धित समूहको छैठौं तहमा ।

(२) उपदफा (१) बमोजिम थप भएको तलब वृद्धि जोड्दा सम्बन्धित कर्मचारीको अन्तिम तलबमान नाघ्ने भएमा त्यसरी नाघेको तलब वृद्धिको रकम निजले पाउने मासिक तलबमा थप गरी दिइनेछ।

८८. व्यवस्थापन परीक्षण : लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य मन्त्रालयको विभिन्न निकायहरुमा कार्यरत कर्मचारीले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरु तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने र त्यसरी सुपरिवेक्षण गर्दा कुनै कर्मचारी उपर विभागीय कारबाही गर्नु पर्ने देखिएमा सो समेतको सिफारिस गर्न सक्नेछ र सो को वार्षिक प्रतिवेदन नेपाल सरकारमा पेश गर्नेछ।

◆ तेस्रो संशोधनद्वारा थप।



८९. सेवा परिवर्तन हुने : यो ऐन लागू हुनु अघि निजामती सेवा ऐन, २०४९ र सो अन्तर्गत बनेका नियमहरु बमोजिम नेपाल स्वास्थ्य सेवाको समूह वा उपसमूहमा ◆र विविध सेवा अन्तर्गतका स्वास्थ्य सेवासँग सम्बन्धित तोकिएको पदमा बहाल रहेका सबै कर्मचारी यो ऐन अनुसार गठित नेपाल स्वास्थ्य सेवाको तत् तत् समूह र उपसमूहमा स्वतः परिवर्तन भई बहाल रहेको मानिनेछ।

●९०. .................

९१. नोकरी अवधिको गणना : यस ऐनको प्रयोजनको लागि कर्मचारीको नोकरी अवधिको गणना गर्दा यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवा ऐन, २०४९ अनुसारको नेपाल स्वास्थ्य सेवामा स्थायी रुपमा बहाल रहेको कर्मचारीको सबै अवधि यस ऐन अनुसार गठन भएको स्वास्थ्य सेवामा गणना गरिनेछ।

९२. स्वास्थ्य सेवामा पुनः कायम भएमा तलब र भत्ता पाउने : (१) कुनै कर्मचारीलाई स्वास्थ्य सेवाबाट अवकाश दिने, हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश अदालतबाट रद्द भई निज स्वास्थ्य सेवामा पुनः कायम भएमा त्यस्तो कर्मचारीले स्वास्थ्य सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि स्वास्थ्य सेवामा पुनः कायम भएको मितिसम्मको तलब, भत्ता, ◆चाडपर्व खर्च र तलब वृद्धि (ग्रेड) पाउने भएमा सो समेत पाउनेछ।

(२) यो ऐन लागू हुनु अघि निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा सेवामा पुनः कायम भएमा त्यस्तो कर्मचारीले पनि उपदफा (१) बमोजिम तलब, भत्ता ◆चाडपर्व खर्च र तलब वृद्धि पाउनेछ।

९३. अधिकार प्रत्यायोजन : (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

● तेस्रो संशोधनद्वारा खारेज।

◆ तेस्रो संशोधनद्वारा थप।

९४. बरबुझारथ गर्नु पर्ने : कुनै पनि कर्मचारीले आफूले बुझाउनु पर्ने नगद, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

९५. नियम बनाउने अधिकारी : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

९६. खारेजी र बचाउ : (१) निजामती सेवा ऐन, २०४९ को दफा ३ को खण्ड (ञ) झिकिएकोछ ।

(२) निजामती सेवा ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम नेपाल स्वास्थ्य सेवाका कर्मचारीको सम्बन्धमा गरिएका सबै काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

द्रष्टव्य:- १. नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) ऐन, २०६३ द्वारा मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएका शब्दहरु:-
"अधिकृत कविराज" को सट्टा "आयुर्वेदिक चिकित्सक" ।
२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३

| | |
|---|---|
| | लालमोहर र प्रकाशन मिति |
| | २०५३।११।१५ |
| संशोधन गर्ने ऐन | |
| १. आयकर ऐन, २०५८ | २०५८।१२।१९ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| २. वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल (पहिलो संशोधन) ऐन, २०६४ | २०६४।९।३० |
| ۞३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५३ सालको ऐन नं. ३४

♠.............

## वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : जननेता स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालाको चिरपर्यन्त स्मृति कायम राख्न क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगबाट ग्रसित व्यक्तिको रोगको निदान र उपचारको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन एउटा क्यान्सर अस्पतालको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।❐

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “अस्पताल” भन्नाले दफा ३ बमोजिम स्थापना भएको वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल सम्झनु पर्छ ।

(ख) “समिति” भन्नाले दफा ७ बमोजिम गठित ⌘……… सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

❖(घ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(ङ) “कार्यकारी निर्देशक” भन्नाले दफा १२ बमोजिम नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेको ❖नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना : (१) नेपालमा क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरुको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन एक राष्ट्रिय प्रेषण अस्पतालको रुपमा एउटा वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल स्थापना गरिएको छ ।

(२) अस्पताल चितवन जिल्लाको भरतपुरमा स्थापना गरिनेछ र आवश्यकता अनुसार अन्य जिल्लामा पनि यस अस्पतालको शाखा इकाई स्थापना गर्न सकिनेछ ।

४. अस्पताल स्वशासित संस्था हुने : (१) अस्पताल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) अस्पतालको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) अस्पतालले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

---

❒ मिति २०५४।२।२१ देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५४।२।२१) ।

⌘ पहिलो संशोधनद्वारा झिकिएको ।

❖ पहिलो संशोधनद्वारा संशोधित ।



(४) अस्पतालले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र अस्पताल उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. अस्पतालको उद्देश्य : अस्पतालको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरुको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने ।

(ख) क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धान गर्ने र सोको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रमा आत्मनिर्भरता प्राप्त गर्ने,

(ग) क्यान्सर रोगको रोकथाम, निदान तथा उपचारका लागि विकिरणयुक्त पदार्थहरुको प्रयोग, सञ्चय, विस्थापन तथा सो कार्यमा प्रयोग हुने उपकरण सञ्चालन प्रकृया लगायत अन्य सुरक्षात्मक उपायहरुको सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता तथा प्रचलनको प्रतिकूल नहुने किसिमका प्रणालीहरुको विकास गर्ने,

(घ) राष्ट्रिय क्यान्सर रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।

६. अस्पतालको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ख) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि राष्ट्रिय क्यान्सर रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।

(ग) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(घ) क्यान्सर रोग सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

(ङ) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्पर्क एवं समन्वय कायम राखी सो सम्बन्धमा राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारमा पेश गर्ने ।

(च) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा संलग्न निकायलाई वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(छ) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा विकिरण चिकित्सा पद्धति अपनाउँदा विकिरणयुक्त पदार्थको

सञ्चय, प्रयोग र विस्थापन गर्दा तोकिए बमोजिमको सुरक्षात्मक उपाय तथा प्रविधिहरु अवलम्बन गर्ने ।

(ज) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा छात्रवृत्ति पदक र पुरस्कारहरु प्रदान गर्ने ।

(झ) क्यान्सर रोगको दर्ता प्रणाली विकसित गरी नेटवर्क अस्पताल तथा सम्बद्ध संस्थाहरु मार्फत सेवा विस्तार गर्ने ।

(ञ) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा बापतको शुल्कहरु तोक्ने र प्राप्त गर्ने ।

(ट) अस्पतालको सुप्रबन्ध गर्ने ।

(ठ) अस्पतालको निर्माण, विस्तार र मर्मत गर्ने ।

(ड) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(ढ) अस्पतालको वार्षिक प्रतिवेदन समिति मार्फत नेपाल सरकार समक्ष पेश गर्ने ।

(ण) अस्पतालको सम्बन्धमा भएका नीतिगत निर्णय र सोको कार्यान्वियनको सम्बन्धमा आवधिक रुपमा नेपाल सरकारलाई जानकारी गराउने ।

(त) अस्पतालको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

❖७. समितिको गठन : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अस्पताललाई भएको सम्पूर्ण काम, कर्तव्य तथा अधिकारको प्रयोग गरी अस्पतालको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक सञ्चालक समितिको गठन हुनेछ :–

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी क्यान्सर रोगको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको वा मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ चिकित्सकहरुमध्येबाट नेपाल सरकारद्वारा मनोनीत चिकित्सक – अध्यक्ष

❖ पहिलो संशोधनद्वारा संशोधित ।



(ख) ♠...........

(ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(घ) अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(ङ) प्रमुख, भरतपुर नगरपालिका – सदस्य

(च) क्यान्सर रोगको क्षेत्रमा संलग्न चिकित्सकमध्येबाट दलित, जनजाति तथा मधेशीको प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिला सहित नेपाल सरकारले मनोनयन गरेका चारजना – सदस्य

(छ) अस्पतालमा कार्यरत चिकित्सकमध्येबाट उपलब्ध भएसम्म एकजना महिला रहने गरी समितिले मनोनयन गरेका दुईजना – सदस्य

(ज) सामाजिक सेवाको क्षेत्रमा कार्यरत प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिला सहित नेपाल सरकारले मनोनयन गरेका दुईजना – सदस्य

(झ) प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद् – सदस्य

(ञ) कार्यकारी निर्देशक – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक काम नगरेमा वा आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्यक्षमताको अभाव भएमा नेपाल सरकारले त्यस्तो सदस्यलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(४) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सदस्यता कायम नरहने : (१) समितिको पदेन सदस्य बाहेक अध्यक्ष तथा अन्य सदस्यहरु देहायको कुनै अवस्थामा आफ्नो पदमा रहने छैनन् :–

(क) मृत्यु भएमा,
(ख) पदावधि समाप्त भएमा,
(ग) समिति समक्ष दिएको राजीनामा स्वीकृत भएमा,
(घ) कुनै सूचना नदिई लगातार आठ पटक समितिको बैठकमा अनुपस्थित रहेमा,
(ङ) ⌘................

(२) उपदफा (१) बमोजिमको कारण परी अध्यक्ष वा कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त अर्को अध्यक्ष वा सदस्यको मनोनयन गर्न सकिनेछ ।

९. काम कारबाही बदर नहुने : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारबाही भएको भएतापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

❖१०. अध्यक्षको काम, कर्तव्य र अधिकार : (१) अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :–

(क) अस्पताललाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
(ख) समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,
(ग) अस्पतालको वार्षिक कार्यक्रम बनाउन लगाई समिति समक्ष पेश गर्ने ।

(२) अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार : समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

⌘ पहिलो संशोधनद्वारा झिकिएको ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।



१२. कार्यकारी निर्देशक, सल्लाहकार तथा अन्य कर्मचारी : (१) अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्नको लागि समितिले एक कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) अस्पतालले आवश्यकतानुसार अन्य सल्लाहकार र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

❖(३) समितिको सदस्य तथा सल्लाहकारको सुविधा तोकिए बमोजिम हुनेछ ।

■(३क) कार्यकारी निर्देशक तथा कर्मचारीको योग्यता, नियुक्ति, पारिश्रमिक एवं सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१३. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

❖१४. समितिको सदस्य तथा अस्पतालको कर्मचारी उपर प्रतिबन्ध : समितिको सदस्य, अस्पतालको सल्लाहकार, कार्यकारी निर्देशक र कर्मचारीले अस्पतालसँगको कुनै पनि कारोबार वा ठेक्कापट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार हुन पाउने छैन ।

१५. अस्पताल उपर क्षतिपूर्ति माग दाबी गर्न नपाइने : क्यान्सर रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका बिरामीको स्वास्थ्य उपचारको सिलसिलामा अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मीले तोकिए बमोजिमको प्रकृया अपनाई तोकिएको मात्रा अनुसारको विकिरणयुक्त पदार्थ र अन्य औषधि प्रयोग गरेको कारणबाट बिरामीलाई कुनै किसिमको प्रतिकूल शारीरिक प्रभाव पर्न गएमा सो बापत त्यस्तो बिरामीले अस्पताल र अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मी उपर आर्थिक वा अन्य कुनै किसिमको क्षतिपूर्ति माग दाबी गर्न पाउने छैन ।

तर अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मीको लापरबाही वा हेलचक्रयाईबाट तोकिएको प्रकृया र तोकिएको मात्रामा फरक पर्ने गरी विकिरणयुक्त पदार्थ र अन्य औषधि प्रयोग गरेको कारणबाट बिरामीलाई कुनै किसिमको प्रतिकूल शारीरिक प्रभाव पर्न गएको अवस्थामा त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मी उपर क्षतिपूर्ति माग दाबी गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१६. अध्ययन अनुसन्धानको लागि शव परीक्षण गर्ने अधिकार : (१) क्यान्सर रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका बिरामीले

■ पहिलो संशोधनद्वारा थप ।

आफ्नो मृत्यु पश्चात आफ्नो शव त्यस्तो रोग सम्बन्धी अध्ययन अनुसन्धानको लागि परीक्षण गर्न पाउने गरी मञ्जुरी दिएमा त्यस्तो मृतकको शव दाह संस्कार गर्नु अघि अस्पतालले सो बमोजिम शव परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको निमित्त मञ्जुरी दिन नपाउँदै अस्पतालमा भर्ना भएको कुनै बिरामीको मृत्यु हुन गएमा त्यस्तो मृतकको शवलाई क्यान्सर रोग सम्बन्धी कुनै अध्ययन वा अनुसन्धानको लागि परीक्षण गर्न अस्पताललाई बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम शव परीक्षणको लागि मञ्जुरी दिने लिने सम्बन्धी अन्य कार्यविधि तथा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

१७. अस्पतालको कोष : (१) अस्पतालको कोषमा देहायका रकमहरु रहनेछन् र अस्पतालको खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) नेपाल सरकारबाट अस्पतालको लागि प्राप्त रकम,
(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(ग) अस्पतालले प्रदान गरेको सेवाबाट प्राप्त रकम,
(घ) विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदानको रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) नेपाल सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त अस्पताललाई रकम प्राप्त गराईएको छ सो रकम सोही कार्यक्रम वा कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(३) अस्पतालको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१८. अस्पताललाई छुट र सुविधा : (१) अस्पताललाई देहाय बमोजिमका कुराहरुमा भन्सार, बिक्री कर, ●............ र रजिष्ट्रेशन दस्तुर लाग्ने छैन :–

(क) अस्पतालको निर्माण तथा सञ्चालनको लागि विदेशबाट झिकाईने आवश्यक निर्माण सामग्री, मेशिनरी र औजारहरुमा,
(ख) अस्पतालले प्रदान गर्ने छात्रवृत्ति, विद्वत्वृत्ति र पुरस्कारहरुमा,
(ग) अस्पतालले प्राप्त गरेको दान-दातव्य, अनुदान तथा अन्य आयस्रोत र अस्पतालको सम्पत्तिमा, र

● आयकर ऐन, २०५८ द्वारा झिकिएको ।



(घ) अस्पतालले खरिद गर्ने अचल सम्पत्तिको लिखतको रजिष्ट्रेशनमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमका सामानहरु विदेशबाट झिकाउनु अगावै अस्पतालले त्यस्ता सामानहरुको मूल्य सूची र परिमाण सहितको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१९. लेखा र लेखापरीक्षण : (१) अस्पतालको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) अस्पतालको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

२०. प्राविधिक समिति गठन गर्न सक्ने : (१) अस्पताललाई आवश्यक पर्ने प्राविधिक सेवा तथा सहयोग उपलब्ध गराउन समितिले आवश्यकतानुसार प्राविधिक समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

२१. अधिकार प्रत्यायोजन : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य, अस्पतालको कार्यकारी निर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. निर्देशन दिन सक्ने : नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक देखेका नीतिगत कुराहरुमा अस्पताललाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ ।

२३. नेपाल सरकारसंग सम्पर्क : क्यान्सरको उपचार तथा रोकथाम सम्बन्धी कुनै नीतिगत विषयमा अस्पतालले नेपाल सरकारसँग सम्पर्क राख्नु परेमा ❖स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नेछ र अन्य विषयमा नेपाल सरकारको जुनसुकै मन्त्रालय वा कार्यालयसंग सोझै सम्पर्क राख्न सक्नेछ ।

२४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

■तर नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

❖ पहिलो संशोधनद्वारा संशोधित ।
■ पहिलो संशोधनद्वारा थप ।

२५. <u>निर्देशिका बनाउन सक्ने</u> : (१) अस्पतालले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी क्यान्सर रोगको उपचारको लागि प्रयोग गरिने विकिरणयुक्त पदार्थको सञ्चय, विस्थापन र प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा मान्यताहरुको कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका नबनाएसम्म यस सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा मान्यताहरुलाई समितिले अवलम्बन गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम लागू गरेको निर्देशिका वा उपदफा (२) बमोजिम अवलम्बन गरिएका नियम तथा मान्यताहरुको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

---

<u>द्रष्टव्य</u>:- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५

लालमोहर र प्रकाशन मिति
२०५५।१०।१

संशोधन गर्ने ऐन — प्रमाणीकरण र प्रकाशन मिति

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।७

२०५५ सालको ऐन नं. १६

⏭……………..

आयोडिनयुक्त नूनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भिर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्री वितरण तथा नूनमा आयोडिन मिश्रण गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,–

(क) "आयोडिनयुक्त नून" भन्नाले न्यूनतम छ्यानब्बे प्रतिशत सोडियम क्लोराईड भएको धूलो वा दानादार ठोस अवस्थामा रहेको सेतो, फिक्का गुलाबी वा कैलो रङ्गको भई देखिने गरी माटो, गिर्खा, ढुङ्गा र उद्धरण गर्न सकिने बाह्य पदार्थ वा फोहरमैला नमिसिएको र दफा १५ बमोजिम निर्धारित गुणस्तर भएको आयोडिनयुक्त नून सम्झनु पर्छ ।

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(ख) "अनुमतिपत्र" भन्नाले आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति वा बिक्री वितरण गर्न दफा ७ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा १२ बमोजिम गठित आयोडिन अभावजन्य विकार निवारण समिति सम्झनु पर्छ ।

(घ) "उत्पादन" भन्नाले आयोडिन नभएको नूनमा आयोडिन मिश्रण गरी आयोडिनयुक्त नूनको उत्पादन गरिने कार्य सम्झनु पर्छ ।

(ङ) "उत्पादक" भन्नाले प्रत्यक्ष रुपमा वा एजेण्ट मार्फत वा सम्झौताद्वारा वा सम्झौता अन्तर्गत नियन्त्रित व्यक्ति मार्फत उत्पादनमा संलग्न भएको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ ।

(छ) "पैठारी" भन्नाले आयोडिनयुक्त नून वा आयोडिन नभएको नून नेपाल ⏭………….. मा आयात गरिने कार्य सम्झनु पर्छ ।

(ज) "पैठारीकर्ता" भन्नाले आयोडिनयुक्त नून पैठारी गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(झ) "आपूर्ति" भन्नाले आयोडिनयुक्त नूनलाई वितरक वा उपभोक्तासम्म पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(ञ) "आपूर्तिकर्ता" भन्नाले आयोडिनयुक्त नून आपूर्ति गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ट) "बिक्री वितरण" भन्नाले उत्पादकको तर्फबाट आयोडिनयुक्त नूनको सूचना सेवा उपलब्ध गराउने, प्रवर्द्धन गर्ने, विज्ञापन गर्ने, नमूना वितरण गर्ने तथा त्यस्तो आयोडिनयुक्त नून बजारमा ल्याउने सम्बन्धी अन्य कुनै कार्य सम्झनु पर्छ ।

(ठ) "वितरक" भन्नाले आयोडिनयुक्त नूनको थोक वा खुद्रा रुपमा बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(ड) "निरीक्षक" भन्नाले दफा १८ को उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षक सम्झनु पर्छ ।

(ढ) "लेबल" भन्नाले आयोडिनयुक्त नून प्याक गर्ने प्याकेजमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोस गरिएको, समावेश गरिएको वा अन्य किसिमले

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ण) "नमूना" भन्नाले परीक्षणको लागि वा व्यापार प्रवर्द्धनको लागि तयार गरिएको आयोडिनयुक्त नूनको सानो परिमाण सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद – २

अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. आयोडिन नभएको नून पैठारी, खरिद तथा बिक्री गर्न नहुने : समितिबाट तोकिए बमोजिम स्वीकृति नलिई कसैले पनि आयोडिन नभएको नून नेपाल ⏭............ भित्र पैठारी, खरिद तथा बिक्री गर्न हुँदैन ।

४. आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त गर्नु पर्ने : आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ ।

५. अनुमतिपत्रको लागि दरखास्त दिने : दफा ४ बमोजिमको अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६. अनुमतिपत्रको लागि जाँचबुझ : दफा ५ बमोजिम दरखास्त परेमा समितिले देहाय बमोजिमका कुराहरुमा आवश्यक जाँचबुझ गर्नेछः–

(क) आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न आवश्यक पर्ने प्राविधिक पक्ष तथा क्षमता,

(ख) दरखास्तवालाको आर्थिक हैसियत,

(ग) उत्पादनको प्रयोजनको लागि आयोडिन नभएको नून पैठारी गर्ने भए तत् सम्बन्धी संभाव्यताको अध्ययन प्रतिवेदन,

(घ) पैठारी गरिएको आयोडिनयुक्त नूनको आपूर्ति तथा बिक्री वितरण गर्ने भए त्यसको संभाव्यता अध्ययन प्रतिवेदन र सो सँग सम्बन्धित आवश्यक कागजात,

(ङ) आयोडिनयुक्त नून, आपूर्ति तथा बिक्री वितरण गर्ने क्षेत्र,

(च) तोकिए बमोजिमका अन्य आवश्यक कुराहरु ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



७. अनुमतिपत्र दिने : दफा ६ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न सक्षम देखेमा समितिले तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिपत्र दिनेछ ।

८. अनुमतिपत्रको अवधि र नवीकरण : (१) दफा ११ बमोजिम अनुमतिपत्र अगावै खारेज भएकोमा बाहेक उत्पादन अनुमतिपत्रको अवधि बढीमा पन्ध्र वर्षको र पैठारी, आपूर्ति तथा बिक्री वितरण अनुमतिपत्रको अवधि बढीमा तीन वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त हुनु भन्दा कम्तीमा छ महिना अगावै अनुमतिपत्र नवीकरणको लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरणको लागि दरखास्त नदिएमा अनुमतिपत्र नवीकरण गरिने छैन र अवधि समाप्त भएका अनुमतिपत्र स्वतः रद्द भएको मानिनेछ ।

९. अनुमतिपत्र नदिइने : आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरणको लागि कुनै व्यक्ति वा संस्थालाई क्षेत्र तोकी अनुमतिपत्र दिएकोमा त्यस्तो अनुमतिपत्रमा उल्लिखित अवधिभरको लागि सोही क्षेत्रमा आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरणको लागि अन्य कुनै व्यक्ति वा संस्थालाई अनुमतिपत्र दिइने छैन ।

तर अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा माग बमोजिमको आयोडिनयुक्त नून उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न नसकेको भन्ने कुरा समितिलाई जानकारी हुन आएमा समितिले तोकिए बमोजिम जाँचबुझ गर्दा सो कुरा मनासिव देखिन आएमा अन्य कुनै व्यक्ति वा संस्थालाई सो क्षेत्रमा आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न अनुमतिपत्र दिन सक्नेछ ।

१०. अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने कुराहरु : अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्दा अपनाउनु पर्ने प्राविधिक तथा व्यवस्थापन सम्बन्धी कुराहरु तोकिए बमोजिम हुनेछन् ।

११. अनुमतिपत्र खारेज गर्न सकिने : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्दा दफा १० बमोजिम अपनाउनु पर्ने कुराहरुको पालना नगरेमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई निश्चित अवधि तोकि

त्यस्ता कुराहरुको पालना गर्नको लागि आवश्यक आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आदेशको पालना नगरेमा समितिले त्यस्तो व्यक्ति वा संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि समितिले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिले अनुमतिपत्र खारेज गर्ने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद – ३
## आयोडिन अभावजन्य विकार निवारण समिति

१२. आयोडिन अभावजन्य विकार निवारण समिति : (१) नेपाल सरकारको नीति र निर्देशन बमोजिम कार्यान्वयन गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्य भएको आयोडिन अभावजन्य विकार निवारण समिति गठन हुनेछ :–

| | | |
|---|---|---|
| (क) | सचिव, स्वास्थ्य मन्त्रालय | – अध्यक्ष |
| (ख) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), उद्योग मन्त्रालय | – सदस्य |
| (ग) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), आपूर्ति मन्त्रालय | – सदस्य |
| (घ) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), वाणिज्य मन्त्रालय | – सदस्य |
| (ङ) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), स्वास्थ्य मन्त्रालय | – सदस्य |
| (च) | केन्द्रीय खाद्य अनुसन्धानशालाको प्रमुख | – सदस्य |
| (छ) | प्रतिनिधि, उद्योग वाणिज्य संघ | – सदस्य |
| (ज) | आयोडिनयुक्त नून उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण कार्यमा संलग्न व्यक्ति वा संस्थाहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत दुईजना | – सदस्य |
| (झ) | नेपाल सरकारबाट मनोनीत पोषण विज्ञ दुईजना | – सदस्य |
| (ञ) | उपभोक्ताको तर्फबाट एकजना | – सदस्य |
| (ट) | नेपाल सरकारले तोकेको स्वास्थ्य मन्त्रालयको अधिकृत | – सदस्य–सचिव |



(२) खण्ड (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्य तथा सदस्य–सचिवको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(३) समितिले बैठकमा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिको सचिवालय स्वास्थ्य मन्त्रालयमा रहनेछ ।

(६) समितिको लागि आवश्यक पर्ने बजेट नेपाल सरकारले उपलब्ध गराउने छ ।

१३. समितिको बैठक : (१) समितिको बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतको आधारमा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले पेश गरेको आयोडिनयुक्त नूनको लेबल तथा प्याकेजलाई तोकिए बमोजिम स्वीकृति प्रदान गर्ने ।

(ख) आयोडिनयुक्त नून सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुको प्रचार प्रसार सम्बन्धी काममा समन्वय गर्ने ।

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरु पालन भए नभएको सम्बन्धमा तोकिए बमोजिम सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(घ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियममा उल्लिखित व्यवस्था विपरीत आयोडिनयुक्त वा आयोडिन नभएको नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्ने व्यक्ति

उपर अनुसन्धान तहकिकात गरी मुद्दा चलाउने सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने ।

## परिच्छेद – ४

## गुणस्तर प्रमाणीकरण तथा लेबल स्वीकृत गर्ने सम्बन्धी व्यवस्था

१५. गुणस्तर : (१) आयोडिनयुक्त नून उत्पादन, पैठारी, आपूर्ति र बिक्री वितरण गर्दाको अवस्थामा आयोडिनयुक्त नूनमा हुनु पर्ने गुणस्तर समितिबाट निर्धारण गरिएको वा सिफारिस गरे बमोजिमको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिबाट निर्धारित वा सिफारिस गरिएको आयोडिनयुक्त नूनको गुणस्तर नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(३) नेपाल ⏭.......... मा उत्पादन भएको वा पैठारी गरिएको आयोडिनयुक्त नूनको गुणस्तर उपदफा (१) मा उल्लेख भए बमोजिमको गुणस्तर अनुरुप भए नभएको सम्बन्धमा परीक्षण गर्ने अधिकार केन्द्रीय खाद्य अनुसन्धानशालालाई हुनेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारित गुणस्तर कायम रहने अन्तिम मिति पुगेको आयोडिनयुक्त नून बजारमा आपूर्ति गर्न वा बिक्री वितरण गर्नु गराउनु हुँदैन ।

(५) आयोडिनयुक्त नूनको गुणमा ह्रास, मिसावट र दूषित हुन नदिन उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले प्याकेजिङ्ग तथा ढुवानी गर्दा अपनाउनु पर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

१६. गुणस्तर प्रमाणीकरण : (१) उत्पादक, पैठारीकर्ता वा वितरकले नेपाल ⏭.......... मा डिलर मार्फत आयोडिनयुक्त नून बिक्री वितरण गर्नु अघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट जाँच गराई गुणस्तर प्रमाणीकरण गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अघि उत्पादन वा पैठारी गरी बिक्रीमा ल्याइसकेको आयोडिनयुक्त नून यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र उत्पादक वा आपूर्तिकर्ता वा वितरकले केन्द्रीय खाद्य अनुसन्धानशालाबाट जाँच गराई गुणस्तर प्रमाणीकरण लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि उत्पादक, पैठारीकर्ता वा वितरकले तोकिएको ढाँचामा तोकिए बमोजिमको

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



दस्तुर र आयोडिनयुक्त नूनको नमूना सहित केन्द्रीय खाद्य अनुसन्धानशालामा दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दरखास्त साथ नमूना प्राप्त भएपछि केन्द्रीय खाद्य अनुसन्धानशालाले दफा १५ बमोजिम निर्धारित गुणस्तर अनुरुप भए नभएको परीक्षण गरी निर्धारित गुणस्तर अनुरुप भएको पाइएमा त्यस्तो उत्पादनको गुणस्तर प्रमाणीकरण गरिदिनु पर्नेछ ।

१७. लेबल स्वीकृत गर्ने : (१) नेपाल ⏭.......... मा उत्पादित वा पैठारी गरिएको आयोडिनयुक्त नून बिक्री वितरण गर्नु अघि उत्पादक वा पैठारीकर्ता वा वितरकले त्यस्तो नूनको लेबल स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अघि नेपाल ⏭.......... भित्र उत्पादन वा पैठारी भईसकेको आयोडिनयुक्त नूनको उत्पादक वा पैठारीकर्ता वा वितरकले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र समितिबाट लेबल स्वीकृत गराउनु पर्नेछ ।

(३) उत्पादक, पैठारीकर्ता वा वितरकले लेबल तयार गर्दा आयोडिनयुक्त नूनको उपयोगी प्रयोगको सम्बन्धमा आवश्यक जानकारी दिने र प्रोत्साहन दिने किसिमले तयार गर्नु पर्नेछ ।

(४) लेबलमा स्पष्ट तथा सजिलैसँग बुझ्न सकिने देहाय बमोजिमको जानकारी तथा सन्देश नमेटिने गरी नेपाली तथा आवश्यकता अनुसार अङ्ग्रेजी भाषामा छापिएको हुनु पर्नेछ :–

(क) समितिबाट स्वकृित भए बमोजिमको लोगो,
(ख) उत्पादक र प्याकिङ्ग गर्ने व्यक्ति वा संस्थाको पूरा नाम र ठेगाना,
(ग) प्याकेज गरेको आयोडिनयुक्त नूनको खास तौल,
(घ) प्याकेज गरेको साल र महिना,
(ङ) आयोडिनको मात्रा (पि.पि.एम.मा),
(च) आयोडिनयुक्त नूनमा मिश्रित आयोडिन नासिन, उड्न र हराउन नदिन अपनाउनु पर्ने उपाय र प्रविधि,
(छ) आयोडिनयुक्त नूनमा रहेको गुणस्तर कायम रहने अन्तिम मिति,
(ज) तोकिए बमोजिमका अन्य विवरण ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१८. निरीक्षकको नियुक्ती तथा काम, कर्तव्य र अधिकार : (१) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाको पालन गरे नगरेको सम्बन्धमा जाँचबुझ तथा निरीक्षण गर्न मन्त्रालयले समितिको सिफारिसमा आवश्यक सङ्ख्यामा निरीक्षकहरु नियुक्त गर्न वा नेपाल सरकारको सेवामा बहाल रहेका कर्मचारीहरुलाई सम्बन्धित निकायको स्वीकृति लिई निरीक्षक भई काम गर्न तोक्न सक्नेछ।

(२) निरीक्षकको लागि चाहिने योग्यता तोकिए बमोजिम हुनेछ।

(३) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरुको पालन गरे नगरेको सम्बन्धमा निरीक्षकले तोकिए बमोजिम निरीक्षण तथा जाँचबुझ गरी त्यसको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) मा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ५
## सूचना, शिक्षा र स्वास्थ्य संस्थाको दायित्व

१९. आयोडिनयुक्त नून सम्बन्धी सूचना र शिक्षा : (१) पढ्न, सुन्न र देख्न सकिने आयोडिनयुक्त नून सम्बन्धी उपयोगी सूचना तथा शैक्षिक सामग्रीको प्रचार प्रसार गर्ने स्वीकृति मन्त्रालयले दिनेछ।

(२) उपदफा (१) बमोजिमको आयोडिनयुक्त नून सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरु देहायका कुराहरुको बारेमा स्पष्ट जानकारी दिने किसिमको हुनु पर्नेछः–

(क) मानव तथा पशु स्वास्थ्यको लागि आयोडिनयुक्त नूनको आवश्यकता र महत्व,
(ख) आयोडिनयुक्त नूनको प्रयोगबाट हुने फाइदा,
(ग) आयोडिन नभएको नून खाँदा वा खुवाउँदा मानव तथा पशु स्वास्थ्यमा पर्न सक्ने असर,
(घ) आयोडिनयुक्त नून र आयोडिन नभएको नूनको मूल्यमा पर्ने अन्तर,
(ङ) आयोडिनयुक्त नूनमा मिश्रित आयोडिन नासिन, हराउन वा उड्न नदिने उपाय तथा त्यसको लागि अपनाउनु पर्ने प्रविधि।

(३) उपदफा (२) बमोजिमको सूचना तथा शैक्षिक सामग्रीमा ठीक र उपयोगी जानकारी मात्र हुनु पर्नेछ र आयोडिन नभएको नूनको उपभोग गर्ने तर्फ निरुत्साहन दिने खालको हुनु पर्नेछ।



२०. स्वास्थ्य संस्थाको दायित्व : (१) सर्वसाधारणलाई आयोडिनयुक्त नूनको उपयोगमा प्रोत्साहन गर्न मन्त्रालयले स्वास्थ्य संस्थालाई आवश्यक उपाय अवलम्बन गर्न आवश्यक आदेश तथा निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको आदेश तथा निर्देशनको पालना गर्नु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

२१. अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी निलम्बन वा रद्द गर्न सकिने (१) दफा १८ को उपदफा (३) बमोजिम निरीक्षकले पेश गरेको प्रतिवेदनबाट कुनै उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा बिक्री वितरकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा दिएको आदेश वा निर्देशन पालन नगरेको देखिएमा समितिको सिफारिसमा मन्त्रालयले त्यस्ता उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा बिक्री वितरकले आफ्नो कारोबार वा व्यवसाय गर्न नेपाल सरकार वा अन्य कुनै निकायबाट पाएको अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी निलम्बन वा रद्द गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले पनि त्यस्तो अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी निलम्बन वा रद्द गर्ने तर्फ आवश्यक कारबाही चलाउनु पर्नेछ।

## परिच्छेद – ६
## कसूर र दण्ड सजाय

२२. कसूर गरेको मानिने : देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः–

(क) दफा ३ बमोजिम समितिको स्वीकृति नलिई आयोडिन नभएको नून नेपाल ⏭............ भित्र पैठारी, खरिद वा बिक्री गरेमा,
(ख) दफा ४ बमोजिम अनुमतिपत्र नलिई नेपाल ⏭............ मा आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गरेमा,
(ग) दफा १५ बमोजिम निर्धारित गुणस्तर नभएको आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गरेमा,
(घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित कार्य बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा।

२३. दण्ड सजाय : दफा २२ को देहायको खण्ड बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :–

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(क) खण्ड (क), (ख) र (ग) बमोजिमको कसूर गर्नेलाई बिगो जफत गरी बिगो बमोजिम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(ख) खण्ड (घ) विपरीत कसूर गर्नेलाई कसूरको प्रकृति हेरी एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।



## परिच्छेद – ७
## विविध

२४. संस्थाको दायित्व : कुनै संस्थाले यो ऐन बमोजिम कसूर हुने कार्य गरेमा त्यस्तो संस्थाको मुख्य प्रशासकीय अधिकारीको हैसियतमा काम गर्ने अधिकारी सजायको भागी हुनेछ ।

तर आफू मुख्य प्रशासकीय अधिकारी हुनुभन्दा अगावै भएका कसूरको हकमा त्यस्तो व्यक्ति सजायको भागी हुनु पर्ने छैन ।

२५. उपसमिति गठन गर्न सक्ने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनको लागि समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

२६. अधिकार प्रत्यायोजन : समितिले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष वा कुनै सदस्य वा उपसमितिको संयोजक वा सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२८. मुद्दाको तहकिकात र दायरी : (१) यो ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिनेछ ।

२९. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

---

द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५

लालमोहर र प्रकाशन मिति ०५५।१०।२१

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| ۞गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५५ सालको ऐन नं. २०

♠...........

मानव शरीरको अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आधुनिक चिकित्सा प्रणाली अनुसार व्यवस्थित रुपमा रोगको उपचार गर्ने प्रयोजनको लागि मानव शरीरबाट अङ्ग झिक्ने तथा एक मानवको शरीरबाट अङ्ग झिकी अर्को मानवको शरीरमा प्रत्यारोपण गर्ने सम्बन्धी कृयाकलापलाई नियमित गर्ने तथा मानव शरीरको अङ्ग खरिद बिक्री तथा अन्य कार्यमा प्रयोग गर्ने सम्बन्धी कृयाकलापलाई निषेध गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५" रहेको छ ।

❐(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "मानव शरीर" भन्नाले जीवित वा मृत मानवको शरीर सम्झनु पर्छ ।

(ख) "अङ्ग" भन्नाले मानव शरीरको कुनै अङ्ग सम्झनु पर्छ र सो शब्दले मानव शरीरका तन्तु (टिस्यु) समेतलाई जनाउँछ ।

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❐ यो ऐन २०५८।१०।२२ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।



(ग) "अङ्ग प्रत्यारोपण" भन्नाले आधुनिक चिकित्सा प्रणाली अनुसार व्यवस्थित रुपमा रोगको उपचार गर्ने प्रयोजनको लागि एक मानव शरीरको अङ्ग अर्को मानव शरीरमा प्रत्यारोपण गरिने कार्य सम्झनु पर्छ ।

(घ) "अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप" भन्नाले आधुनिक चिकित्सा प्रणाली अनुसार व्यवस्थित रुपमा रोगको उपचार गर्ने प्रयोजनको लागि मानव शरीरबाट अङ्ग झिक्ने, त्यसरी झिकिएको अङ्ग वैज्ञानिक प्रविधि तथा पद्धति अपनाई सुरक्षित किसिमले सञ्चय गर्ने वा अर्को मानवको शरीरमा प्रत्यारोपण गर्ने सम्बन्धी कृयाकलाप सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले यस ऐन बमोजिम अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्न पाउने गरी अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(च) "अनुमतिपत्र" भन्नाले अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्न दफा ५ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(छ) "व्यक्तिगत इजाजतपत्र" भन्नाले अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्न दफा ८ को उपदफा (१) बमोजिम दिइने व्यक्तिगत इजाजतपत्र सम्झनु पर्छ ।

(ज) "चिकित्सक" भन्नाले दफा ८ को उपदफा (२) बमोजिमको योग्यता प्राप्त चिकित्सक सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १२ बमोजिम गठित अङ्ग प्रत्यारोपण समन्वय समिति सम्झनु पर्छ ।

(ञ) "दाता" भन्नाले दफा १४ को प्रयोजनको लागि दफा १५ बमोजिम अङ्ग दान गर्न लिखित मञ्जुरी दिने व्यक्ति सम्झनु पर्छ ।

(ट) "अङ्ग ग्रहण गर्ने व्यक्ति" भन्नाले यस ऐन बमोजिम दाताले दान गरेको अङ्ग ग्रहण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) कुनै व्यक्तिको सम्बन्धमा "नजिकको नातेदार" भन्नाले सो व्यक्तिको छोरा, छोरी, आमा, बाबु, दाजु, भाइ, दिदी, बहिनी, काका, भतिजा, भतिजी, बाबुतर्फको बाजे, बज्यै, छोरातर्फको नाति, नातिनी, छोरीतर्फको नाति, नातिनी र विगत दुई वर्षदेखि अटूट रुपमा नाता सम्बन्ध कायम रही आएको पति, पत्नी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा, सौतेनी बाबु र सासु, ससुरा समेतलाई सम्झनु पर्छ ।

(ङ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## अङ्ग प्रत्यारोपण सम्बन्धी अनुमतिपत्र तथा व्यक्तिगत इजाजतपत्र

३. अनुमतिपत्र नलिई अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्न नहुने : यस ऐन बमोजिम अनुमतिपत्र नलिई कसैले पनि अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्न गराउन हुँदैन ।

४. अनुमतिपत्रको लागि दरखास्त दिने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सरकारी अस्पताललेबाहेक अरुले अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्न तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।📖

५. अनुमतिपत्र दिने : (१) दफा ४ बमोजिम दरखास्त परेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्नको लागि सम्बन्धित दरखास्तवालाले व्यवस्था गर्नु पर्ने भौतिक साधन, जनशक्ति तथा अन्य आवश्यक सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

६. व्यक्तिगत इजाजतपत्र नलिई अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्न नहुने : यस ऐन बमोजिम व्यक्तिगत इजाजतपत्र नलिई कसैले पनि अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्नु हुँदैन ।

७. व्यक्तिगत इजाजतपत्रको लागि दरखास्त दिने : अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्न चाहने चिकित्सकले तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा व्यक्तिगत इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

८. व्यक्तिगत इजाजतपत्र दिने : (१) दफा ७ बमोजिम दरखास्त परेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा व्यक्तिगत इजाजतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत इजाजतपत्र लिनको लागि चिकित्सकले प्राप्त गर्नु पर्ने योग्यता तोकिए बमोजिम हुनेछ ।

📖 नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको मिति २०५८।१०।२२ गतेको नेपाल राजपत्रको सूचनाले मृगौला प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्नका लागि वीर अस्पताललाई तोकेको ।



९. अनुमपतिपत्रको अवधि र नवीकरण : (१) अनुमतिपत्रको अवधि दफा १० बमोजिम अगावै खारेज भएमा बाहेक अनुमतिपत्र दिएको मितिले दुई वर्षसम्म कायम रहनेछ ।

(२) अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा अगावै सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र नवीकरणको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेपछि समितिले तोकिएको प्रक्रिया पूरा गरी प्रत्येक पटक दुई वर्षसम्मका लागि अनुमतिपत्रको अवधि नवीकरण गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगराएको अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

१०. अनुमतिपत्र तथा व्यक्तिगत इजाजतपत्रको खारेजी तथा निलम्बन : (१) स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम गरेमा वा दफा २९ बमोजिम समितिले दिएका आदेश तथा निर्देशनको पालना नगरेमा समितिले त्यस्तो स्वास्थ्य संस्थाको अनुमतिपत्र तथा चिकित्सकको व्यक्तिगत इजाजतपत्र छ महिनासम्मको लागि निलम्बन वा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र वा व्यक्तिगत इजाजतपत्र निलम्बन वा खारेज गर्नु अगावै समितिले सम्बन्धित स्वास्थ्य संस्था वा चिकित्सकलाई आफ्नो सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

११. पुनरावेदन : (१) दफा १० को उपदफा (१) बमोजिम समितिले दिएको आदेश उपर चित्त नबुझ्ने स्वास्थ्य संस्था वा चिकित्सकले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र नेपाल सरकार, स्वास्थ्य मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदनको सम्बन्धमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले दिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद – ३

## अङ्ग प्रत्यारोपण समन्वय समिति

१२. अङ्ग प्रत्यारोपण समन्वय समिति : (१) यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य तथा अधिकारका अतिरिक्त अङ्ग प्रत्यारोपण सम्बन्धमा नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारमा पेश गर्नको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक अङ्ग प्रत्यारोपण समन्वय समिति गठन हुनेछ :–

(क) नेपाल सरकारले मनोनीत गरेको वरिष्ठ चिकित्सक – अध्यक्ष
(ख) नेपाल सरकारबाट मनोनीत चिकित्सक तीनजना – सदस्य
(ग) प्रतिनिधि, सह–सचिव स्तर, स्वास्थ्य मन्त्रालय – सदस्य
(घ) प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय – सदस्य
(ङ) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल – सदस्य
(च) प्रतिनिधि, नेपाल मेडिकल एशोसिएशन – सदस्य
(छ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग – सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मनोनीत अध्यक्ष तथा सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनयन हुन सक्नेछन् ।

(३) नेपाल सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिमको समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिका लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(७) समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(८) समितिको सचिवालय नेपाल सरकारको स्वास्थ्य सेवा विभागमा रहनेछ ।

## परिच्छेद – ४

## अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप

१३. अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्न नहुने : अङ्ग खरिद बिक्री गर्ने वा त्यस्तै प्रकारका अन्य कामको प्रयोजनको लागि अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्नु हुँदैन ।

१४. अङ्ग झिक्न तथा अङ्ग प्रत्यारोपण गर्न सकिने : यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही आधुनिक चिकित्सा प्रणाली अनुसार व्यवस्थित रुपमा रोगको उपचार गर्ने प्रयोजनको लागि मात्र मानव शरीरबाट अङ्ग झिक्न र एक मानव शरीरबाट अङ्ग झिकी अर्को मानव शरीरमा प्रत्यारोपण गर्न सकिनेछ ।

१५. जीवित व्यक्तिको शरीरबाट अङ्ग झिक्न सकिने : (१) यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही देहायको अवस्थामा मात्र



जीवित व्यक्ति (दाता) को शरीरबाट अङ्ग झिकी त्यस्तो अङ्ग सोही दाताको नजिकको नातेदारको शरीरमा प्रत्यारोपण गर्न सकिनेछ :–

(क) कुनै विरामीको शरीरको कुनै अङ्ग काम नलाग्ने गरी नासिएको छ र त्यस्तो विरामीको जीवन रक्षाको लागि निजको शरीरको नासिएको अङ्गको सट्टा अर्को अङ्ग प्रत्यारोपण गर्न आवश्यक छ भनी कम्तीमा दुई जना सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिएको,

(ख) खण्ड (क) बमोजिमको विरामीलाई निजको नजिकको नातेदार (दाता) ले आफ्नो नजिकको कम्तीमा दुईजना नातेदारको सहमति सहित स्वेच्छाले अङ्ग दान गर्न लिखित मञ्जुरी दिएको,

तर कुनै दाताको नजिकको दुईजना नातेदार नभएको अवस्थामा नजिकको एकजना नातेदारको सहमति लिएर पनि स्वेच्छाले अङ्ग दान गर्न लिखित मञ्जुरी दिन सकिनेछ ।

(ग) खण्ड (ख) बमोजिम स्वेच्छाले अङ्ग दान गर्न मञ्जुरी दिने दाता अठार वर्ष उमेर पूरा भएको,

(घ) खण्ड (ख) बमोजिम मञ्जुरी दिने दाताको शरीरको जोडी अङ्ग मध्ये कुनै एक अङ्ग झिक्दा दाता त्यसैको कारणले तत्कालै नमर्ने र स्थायी रुपबाट अशक्त वा अपाङ्ग नहुने भनी कम्तीमा दुईजना सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिएको,

(ङ) दाताको शरीरबाट झिक्न खोजिएको तन्तु पुनर्विकास हुन सक्ने भनी कम्तीमा दुईजना सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिएको ।

(२) यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही अठार वर्ष उमेर पूरा नभएको व्यक्तिको शरीरमा कुनै तन्तु पुनर्विकास हुन सक्ने भनी कम्तीमा दुईजना सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिएमा त्यस्तो व्यक्तिको शरीरबाट उक्त तन्तु झिक्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(३) कुनै व्यक्तिको उपचारको सिलसिलामा निजको शरीरमा रहेको काम नलाग्ने अङ्ग झिकेर फ्याक्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम सहमति तथा मञ्जुरी दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम दिएको मञ्जुरी दाताले चाहेमा फिर्ता लिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दाताले मञ्जुरी फिर्ता लिएमा अङ्ग ग्रहण गर्ने व्यक्तिले दाता उपर कुनै प्रकारको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

१६. मृत व्यक्तिको शरीरबाट अङ्ग झिक्न सकिने : (१) यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही देहायको अवस्थामा मात्र कुनै मृत व्यक्तिको शरीरबाट अङ्ग झिक्न वा त्यसरी झिकिएको अङ्ग अन्य कुनै व्यक्तिको शरीरमा प्रत्यारोपण गर्न सकिनेछ:–

(क) जुन व्यक्तिको शरीरबाट अङ्ग झिकिने हो सो व्यक्तिको मस्तिष्क मृत्यु (ब्रेन डेथ) भइसकेको छ भनी कम्तीमा दुईजना सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरेको,

(ख) मृत्यु पश्चात् दफा १४ को प्रयोजनको लागि आफ्नो अङ्ग दान गर्न चाहने व्यक्तिले जानीबुझी स्वेच्छाले लिखित मञ्जुरी दिएको,

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम मञ्जुरी दिने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१७. मृत व्यक्तिको शरीरको अङ्ग प्रत्यारोपण गर्न नहुने : दफा १६ मा जुनसुकै कुरा लेखिएको भएतापनि कर्तव्य वा आत्महत्याद्वारा वा शङ्कास्पद अवस्थामा मृत्यु भएको व्यक्तिको शव परीक्षणमा असर पर्न सक्ने गरी कुनै पनि मृत व्यक्तिको शरीरबाट अङ्ग झिकी अर्को मानव शरीरमा प्रत्यारोपण गर्न हुँदैन ।

तर त्यस्तो मृत व्यक्तिको शव परीक्षण वा अन्य कुनै अनुसन्धानको प्रयोजनको लागि अङ्ग झिक्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१८. सम्भावित खतराप्रति सजग गराउनु पर्ने : यस ऐन बमोजिम चिकित्सकले अङ्ग झिक्दा तथा अङ्ग प्रत्यारोपण गर्दा दाता र अङ्ग ग्रहण गर्ने व्यक्तिको स्वास्थ्य परीक्षण गरी त्यसबाट निजहरुको स्वास्थ्यमा पर्न सक्ने सम्भावित असर तथा खतराप्रति दुवै पक्षलाई जानकारी गराउनु पर्नेछ ।

१९. अङ्ग ग्रहण गर्ने व्यक्तिको मञ्जुरी हुनु पर्ने : (१) यस ऐन बमोजिम अङ्ग प्रत्यारोपण गर्दा अङ्ग ग्रहण गर्ने व्यक्तिको पनि मञ्जुरी हुनु पर्नेछ ।

(२) अङ्ग ग्रहण गर्ने व्यक्ति नाबालक तथा निर्णय गर्न नसक्ने अवस्थाको भएमा त्यस्तो व्यक्तिको तर्फबाट निजको नजिकको नातेदारले त्यस्तो मञ्जुरी दिन सक्नेछ ।



२०. मञ्जुरी बिना अङ्ग प्रत्यारोपण गर्न सकिने : दफा १९ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा अङ्ग ग्रहण गर्ने व्यक्तिको मञ्जुरी नभएतापनि अङ्ग प्रत्यारोपण गर्न सकिनेछ :–

(क) अङ्ग ग्रहण गर्ने व्यक्ति बेवारिस भएमा,

(ख) अङ्ग ग्रहण गर्ने व्यक्तिको नजिकको नातेदारलाई उचित समयमा सूचना दिई मञ्जुरी लिन नसकिने भएमा,

(ग) खण्ड (क) र (ख) बमोजिमको अवस्थामा तत्काल अङ्ग प्रत्यारोपण नगरेमा त्यस्तो व्यक्तिको मृत्यु हुन सक्ने सम्भावना भएमा ।

२१. लागत खर्च तथा सेवा शुल्क : स्वास्थ्य संस्थाले यस ऐन बमोजिम अङ्ग प्रत्यारोपण गर्दा अङ्ग ग्रहण गर्ने व्यक्तिबाट लागत खर्च तथा सेवा शुल्क लिन सक्नेछ ।

तर,

(क) त्यस्तो सेवा शुल्कको दर समितिबाट स्वीकृत भएको हुनु पर्नेछ ।

(ख) त्यस्तो सेवा शुल्कको दर समितिले निर्देश गरे बमोजिम प्रकाशन गरेको हुनु पर्नेछ ।

(ग) त्यस्तो सेवा शुल्कको दर उचित र मनासिव हुनु पर्नेछ ।

२२. अङ्ग झिक्दा वा अङ्ग प्रत्यारोपण गर्दा अपनाउनु पर्ने प्राविधिक कुराहरु : यस ऐन बमोजिम अङ्ग झिक्दा वा झिकिएको अङ्गको सुरक्षित रुपमा सञ्चय गर्दा वा अङ्ग प्रत्यारोपण गर्दा अपनाउनु पर्ने आधुनिक चिकित्साशास्त्र सम्बन्धी प्राविधिक कुराहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## अपराध र दण्ड सजाय

२३. अङ्ग प्रत्यारोपण सम्बन्धी अपराध : दफा १३, १४, १५, १६ र १७ मा उल्लिखित व्यवस्था विपरीत हुने गरी कसैले कसैको अङ्ग झिकेमा वा त्यसरी झिकिएको अङ्ग कसैलाई प्रत्यारोपण गरेमा वा अन्य काममा प्रयोग गरेमा वा त्यस्तो कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएमा यस ऐन बमोजिम अपराध गरेको मानिनेछ ।

२४. दण्ड सजाय : (१) दफा २३ बमोजिमको अपराध गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) स्वास्थ्य संस्था बाहेक अन्य स्थानमा दफा २३ बमोजिमको अपराध गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) व्यक्तिगत इजाजतपत्र नलिएको व्यक्तिले स्वास्थ्य संस्था बाहेक अन्य स्थानमा दफा २३ बमोजिमको अपराध गरेको भए त्यस्तो व्यक्तिलाई उपदफा (१) बमोजिम हुने सजायमा थप दुई वर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) दफा २३ बमोजिमको अपराध भएको अवस्थामा अङ्ग झिकिने व्यक्ति सोही चोट पीरको कारणले तीन महिनाभित्र मरेमा त्यस्तो अपराध गर्ने व्यक्तिलाई सर्वस्व सहित जन्म कैद हुनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्था विपरीत अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

२५. उद्योग गरेमा हुने सजाय : दफा २३ बमोजिमको अपराध गर्नलाई सम्पूर्ण तयारी पूरा भएको तर अपराध भने हुन नपाएको अवस्थामा त्यस्तो अपराधको उद्योग गरेको मानिनेछ र त्यस्तो उद्योग गर्ने व्यक्तिलाई दफा २४ बमोजिम हुने सजायको आधा सजाय हुनेछ ।

२६. मतियारलाई हुने सजाय : दफा २३ बमोजिमको अपराध हुने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने व्यक्ति बाहेक त्यस्तो अपराध गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई मतियार मानिनेछ र मतियारलाई अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

२७. विज्ञापन तथा प्रचार प्रसार गर्न नहुने : (१) अङ्ग उपलब्ध गराउन सकिने वा अङ्ग आवश्यक भएको भन्ने बारेमा कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सञ्चार माध्यमबाट विज्ञापन तथा प्रचार प्रसार गर्न गराउन हुँदैन ।

तर अङ्ग प्रत्यारोपण सम्बन्धी प्राविधिक ज्ञान दिने दिलाउने उद्देश्यले तत्सम्बन्धी सूचनाहरु प्रवाह गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) विपरीत विज्ञापन प्रकाशन गर्ने सञ्चार संस्था, प्रकाशक र सम्पादक तथा प्रसारण गर्ने संस्था र प्रसारकलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अधिकारीले गरेको जरिबाना उपर चित्त नबुझ्नेले त्यस्तो जरिबाना भएको थाहा पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद – ६



## विविध

२८. निरीक्षण : (१) स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकले अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा दफा २९ बमोजिम दिइएको आदेश तथा निर्देशनहरु पालना गरे नगरेको सम्बन्धमा समितिबाट अधिकार प्राप्त अधिकारीले निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्ने अधिकारीले आफूले गरेको निरीक्षणको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

२९. आदेश तथा निर्देशन दिन सक्ने : (१) दफा २८ बमोजिम अधिकार प्राप्त अधिकारीले निरीक्षण गरेको अवस्थामा वा अन्य जुनसुकै अवस्थामा समितिले स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकलाई अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सञ्चालन गर्ने सम्बन्धमा आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले आदेश तथा निर्देशन दिंदा खास गरी देहायको विषयमा दिनेछः–

(क) चिकित्सा शास्त्रको सिद्धान्त अनुसार अङ्ग प्रत्यारोपण गर्दा अपनाउनु पर्ने प्राविधिक विषयको सम्बन्धमा ।

(ख) अङ्ग प्रत्यारोपण गर्दा आवश्यक पर्ने भौतिक स्रोत साधन तथा जनशक्ति सम्बन्धमा ।

(ग) अङ्ग प्रत्यारोपणको लागि मानव शरीरबाट झिकिएको अङ्गलाई वैज्ञानिक प्रविधि तथा पद्धति अपनाई सुरक्षित रुपमा राख्ने सम्बन्धमा ।

(घ) अङ्ग प्रत्यारोपण गर्दा अपनाउनु पर्ने न्यूनतम सुरक्षा व्यवस्थाको सम्बन्धमा ।

(ङ) अङ्ग प्रत्यारोपण सम्बन्धी प्राविधिक विषयका सूचनाहरु प्रवाह गर्ने सम्बन्धमा ।

(३) उपदफा (२) बमोजिम समितिले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्नु गराउनु सम्बन्धित स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकको कर्तव्य तथा दायित्व हुनेछ ।

३०. बयान दिन कर नलाग्ने : स्वास्थ्य संस्था वा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सक तथा उक्त संस्था वा चिकित्सकसंग सम्बन्धित व्यक्तिहरुले यस ऐन बमोजिम सञ्चालन गरेको अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलापको बारेमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष बाहेक अन्यत्र कसैलाई बयान दिन कर लाग्ने छैन ।

३१. वार्षिक प्रतिवेदन : (१) प्रत्येक स्वास्थ्य संस्थाले अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलापको सम्बन्धमा यस ऐन बमोजिम सम्पादन गरेको कामको विवरण तोकिएको ढाँचामा तयार गरी प्रत्येक वर्ष समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले पेश गरेको प्रतिवेदनको सम्बन्धमा समितिले आफ्नो मूल्याङ्कन र सो सम्बन्धमा नेपाल सरकारले अपनाउनु पर्ने नीति तथा कार्यक्रम बारे सुझाव सहितको प्रतिवेदन प्रत्येक वर्ष नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३२. नेपाल सरकार वादी हुने : यो ऐन अन्तर्गतको मुद्दाहरु नेपाल सरकार वादी भई दायर गरिने छन् र ती मुद्दाहरु सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

३३. सम्पर्क मन्त्रालय : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३४. नियम बनाउन सक्ने : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

---

द्रष्टव्य:- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७

लालमोहर र प्रकाशन मिति
२०५७।१०।४

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| ۞गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५७ सालको ऐन नं. १३

♠...........

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः शहीद गंगालाल श्रेष्ठको स्मृति चिरपर्यन्त कायम राख्ने उद्देश्यले हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी हृदयरोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "केन्द्र" भन्नाले दफा ३ बमोजिम स्थापना भएको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठित केन्द्र सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

---

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. केन्द्रको स्थापना : (१) हृदयरोगको निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी हृदयरोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न एक उच्चस्तरीय केन्द्रको रुपमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र स्थापना गरिएकोछ ।

(२) केन्द्र काठमाडौं जिल्लामा रहनेछ र आवश्यकता अनुसार अन्य जिल्लामा केन्द्रको शाखा र इकाई स्थापना गर्न सकिनेछ ।

४. केन्द्र स्वशासित संस्था हुने : (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) केन्द्रको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजूर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस, उजूर लाग्न सक्नेछ ।

५. केन्द्रको उद्देश्य : केन्द्रको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी निजहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने,

(ख) हृदयरोगको उपचारको क्षेत्रमा आवश्यक दक्ष जनशक्ति तयार गर्ने तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ग) हृदयरोग निवारण तथा नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(घ) मुलुकको स्वास्थ्य सेवाको क्षेत्रमा सुधार ल्याउन हृदयरोग सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई परामर्श दिने,

(ङ) हृदयरोग निवारण सम्बन्धी अन्य रचनात्मक कार्य गर्ने ।



६. केन्द्रको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) केन्द्रको उद्देश्य प्राप्तिका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाका लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउने,

(ग) हृदयरोगको रोकथाम तथा हृदयरोगीको पुनर्स्थापना कार्यको लागि राष्ट्रिय हृदयरोग निवारण तथा नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने,

(घ) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने,

(ङ) केन्द्रको उद्देश्य पूरा गर्नको लागि हृदयरोग सम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन, अनुसन्धान, सर्वेक्षण, गोष्ठी, सभा, सम्मेलन, सेमिनार आदि कार्यक्रमको आयोजना र सञ्चालन गर्ने तथा तत्सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा सहभागी हुने,

(च) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापन सम्बन्धी कार्यको स्तर अभिवृद्धि गर्नको लागि स्वदेशी तथा विदेशी, सरकारी तथा गैर सरकारी संस्थासंग सम्पर्क एवं समन्वय कायम राखी सो सम्बन्धमा राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारमा पेश गर्ने,

(छ) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापन कार्यमा संलग्न निकायलाई प्राविधिक सहयोग प्रदान गर्ने,

(ज) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापन कार्यमा छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्ने,

(झ) केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवा, परामर्श सेवा, अनुसन्धान सेवा, प्रयोगशाला सेवा लगायतका विभिन्न सेवा बापतको शुल्क तोक्ने र प्राप्त गर्ने,

(ञ) केन्द्रको सञ्चालनको लागि नेपाल सरकार वा विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट केन्द्रलाई आवश्यक पर्ने जिन्सी, वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गरी परिचालन गर्ने,

(ट) हृदयरोग सम्बन्धी स्वदेशी तथा विदेशी, सरकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हृदयरोग सम्बन्धी विशेषज्ञ सेवाको आदान प्रदान गर्ने,

(ड) आवश्यकता अनुसार हृदयरोग सम्बन्धी घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्ने,

(ढ) हृदयरोग विरुद्ध तथा हृदयरोग सम्बन्धी स्वास्थ्य सेवाको उपयोगिता र उपादेयता बारे सूचना प्रवाह गर्ने, हृदयरोग सम्बन्धी स्वास्थ्य सेवा बारे विभिन्न सामग्रीहरु प्रकाशन गर्ने वा गराउने तथा जनचेतना जागृत गर्ने वा गराउने,

(ण) हृदयरोग सम्बन्धी स्वास्थ्य सेवामा सूचना प्रवाह र अनुसन्धान, प्रबन्धका लागि तोकिएको जिल्लाहरुमा नमूना सूचना एवं अनुसन्धान क्षेत्रको विकास गर्ने,

(त) केन्द्रको लागि आवश्यक वैज्ञानिक उपकरण, प्रयोगशाला, पुस्तकालय लगायत अन्य सुविधाको विकास, विस्तार तथा विविधिकरण गर्ने,

(थ) केन्द्रद्वारा सञ्चालित योजना तथा कार्यक्रमको आवधिक रुपमा पुनरावलोकन तथा मूल्यांकन गर्ने,

(द) केन्द्रले गरेका नीतिगत निर्णय र सोको कार्यान्वयनको सम्बन्धमा भएको प्रगति आवधिक रुपमा नेपाल सरकारलाई जानकारी गराउने,

(ध) केन्द्रको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(न) केन्द्रको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

७. केन्द्र सञ्चालक समिति : (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम केन्द्रलाई प्राप्त भएको सम्पूर्ण काम, कर्तव्य तथा अधिकारको प्रयोग गरी केन्द्रको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहाय बमोजिमको एक सञ्चालक समिति गठन हुनेछ :–

(क) स्वास्थ्य मन्त्री वा स्वास्थ्य राज्यमन्त्री – अध्यक्ष

(ख) ♠.........

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) – सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय वा निजले तोकेको अर्थ मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(ङ) सचिव, स्वास्थ्य मन्त्रालय वा निजले तोकेको स्वास्थ्य मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(च) हृदयरोग सम्बन्धी विशेषज्ञ चिकित्सकमध्येबाट नेपाल सरकारबाट मनोनीत तीनजना – सदस्य

यस खण्ड बमोजिम सदस्य मनोनयन गर्दा केन्द्रमा कार्यरत विशेषज्ञ चिकित्सकमध्येबाट दुईजना मनोनयन गरिनेछ ।

(छ) लब्ध प्रतिष्ठित महिला समाजसेवीमध्येबाट एकजना – सदस्य

(ज) चन्दादाताहरुमध्येबाट सञ्चालक समितिको सिफारिसमा नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(झ) विभिन्न चिकित्साशास्त्र अध्ययन संस्थानका प्रमुखहरुमध्येबाट नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(ञ) हृदयरोग निवारणको क्षेत्रमा राष्ट्रिय स्तरमा कार्यरत प्रतिष्ठित गैर सरकारी संस्थाका प्रमुखहरुमध्येबाट नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(ट) कार्यकारी निर्देशक – सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(३) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सदस्यता कायम नरहने : (१) समितिका मनोनीत सदस्यहरु देहायको कुनै अवस्थामा आफ्नो पदमा बहाल रहने छैनन् :–

(क) पदावधि समाप्त भएमा,

(ख) नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,
(घ) कुनै सूचना नदिई लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त यथाशीघ्र अर्को सदस्य मनोनयन गर्नु पर्नेछ ।

९. काम कारबाही बदर नहुने : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिको कुनै काम कारबाही भएको भएतापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

१०. अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. कार्यकारी निर्देशक, सल्लाहकार तथा अन्य कर्मचारी : (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्नको लागि हृदयरोग विशेषज्ञमध्येबाट नेपाल सरकारले एक कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(३) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) केन्द्रले आवश्यकता अनुसार प्राविधिक तथा प्रशासनिक सल्लाहकार र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

१२. पारिश्रमिक, सेवाको शर्त र सुविधा : (१) कार्यकारी निर्देशक र केन्द्रको सल्लाहकार तथा कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको भत्ता पाउनेछ ।

१३. केन्द्रको कोष : (१) केन्द्रको एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-
(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) कुनै विदेशी संस्था, सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त रकम,
(ग) केन्द्रले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम,
(घ) विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदानको रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) केन्द्रको खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।



(३) नेपाल सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट जुन कार्यक्रम वा कार्यको निमित्त केन्द्रलाई रकम प्राप्त भएको छ, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) केन्द्रको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१४. लेखा र लेखापरीक्षण : (१) केन्द्रको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) केन्द्रको आय-व्ययको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१५. प्राविधिक समिति गठन गर्न सक्ने : (१) केन्द्रलाई आवश्यक पर्ने प्राविधिक सेवा तथा सहयोग उपलब्ध गराउन समितिले आवश्यकता अनुसार प्राविधिक समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१६. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१७. अधिकार प्रत्यायोजन : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. वार्षिक प्रतिवेदन : समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वार्षिक प्रगति विवरण तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१९. निर्देशन दिन सक्ने : नेपाल सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा केन्द्रलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

२०. नेपाल सरकारसंग सम्पर्क : हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापन सम्बन्धी नीतिगत विषयमा केन्द्रले नेपाल सरकारसंग सम्पर्क राख्नु परेमा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ र अन्य विषयमा नेपाल सरकारको जुनसुकै मन्त्रालय वा सो मन्त्रालय अन्तर्गतका निकायसंग सोझै सम्पर्क राख्न सक्नेछ ।

२१. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२२. खारेजी र बचाउ : (१) शहीद गंगालाल रा़ष्ट्रिय हृदयरोग केन्द्र विकास समिति (गठन) आदेश, २०५५ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको नाममा रहेको हक, दायित्व, चल अचल सम्पत्ति यस ऐन बमोजिम स्थापना भएको केन्द्रमा सर्नेछ र उक्त समितिबाट भए गरेका काम कारबाहीहरु यसै केन्द्रबाट भए गरेको मानिनेछ ।

---

द्रष्टव्य:- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# नेपाल फार्मेसी परिषद् ऐन, २०५७

लालमोहर र प्रकाशन मिति
२०५७।१०।१८

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| ۞गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०५७ सालको ऐन नं. १४

♠...........

नेपाल फार्मेसी परिषद्को व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : फार्मेसी व्यवसायलाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गले सञ्चालन गरी प्रभावकारी बनाउन नेपाल फार्मेसी परिषद्को व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल फार्मेसी परिषद् ऐन, २०५७" रहेको छ ।

❐(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापित नेपाल फार्मेसी परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "औषधि" भन्नाले औषधि ऐन, २०३५ बमोजिमको औषधि सम्झनु पर्छ ।

---

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❐ यो ऐन मिति २०५८।६।८ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।

(ङ) "फर्मासिष्ट" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा स्नातकोपाधि वा सो सरहको योग्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(च) "फार्मेसी सहायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा प्रमाणपत्र वा सो सरहको योग्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) "फार्मेसी व्यवसाय" भन्नाले औषधि उत्पादन, गुणस्तर कायम, औषधि कारखानाको निरीक्षण तथा सिफारिस, उत्पादित औषधिको भण्डारण तथा आपूर्ति गर्ने प्रविधिको छनौट, आपूर्तिको सुपरीवेषण, औषधिको दर्ता तथा औषधि सेवन गर्न उपयोगी, गुणस्तरयुक्त, असरयुक्त र सुरक्षित छ भनी प्रमाणित गर्ने व्यवसाय सम्झनु पर्छ र सो शब्दले हस्पिटल फार्मेसी समेतलाई जनाउँछ ।

(ज) "दर्तावाला फर्मासिष्ट" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको फर्मासिष्ट सम्झनु पर्छ ।

(झ) "दर्तावाला फार्मेसी सहायक" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको फार्मेसी सहायक सम्झनु पर्छ ।

(ञ) "दर्ता किताब" भन्नाले दफा १५ बमोजिम तयार गरिएको दर्ता किताब सम्झनु पर्छ ।

(ट) "रजिष्ट्रार" भन्नाले दफा २६ बमोजिम नियुक्त गरिएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "विषय समिति" भन्नाले दफा ३२ बमोजिम गठन भएको विषय समिति सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## परिषद्को स्थापना, गठन, काम कर्तव्य र अधिकार

३. नेपाल फार्मेसी परिषद्को स्थापना : फार्मेसी व्यवसायलाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गले सञ्चालन गरी प्रभावकारी बनाउन तथा फर्मासिष्ट र फार्मेसी सहायकको योग्यता अनुसारको नाम दर्ता गर्ने समेतको व्यवस्था गर्नको लागि नेपाल फार्मेसी परिषद्को स्थापना गरिएको छ ।

४. परिषद् स्वशासित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारबाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।



(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस, उजूर लाग्न सक्नेछ ।

५. परिषद्को गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :–

(क) फार्मेसी विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा दश वर्ष फार्मेसी व्यवसायमा अनुभव प्राप्त गरेका फर्मासिष्टहरुमध्ये नेपाल सरकारबाट मनोनीत फर्मासिष्ट – अध्यक्ष

(ख) फार्मेसी विषय अध्यापन गराउने शिक्षण संस्थाका वरिष्ठ फर्मासिष्ट शिक्षकहरुमध्ये नेपाल सरकारबाट मनोनीत फर्मासिष्ट एकजना – सदस्य

(ग) अध्यक्ष, नेपाल फर्मास्यूटिकल एशोसिएशन – सदस्य

(घ) औषधि उत्पादन तथा बिक्री वितरण कार्यमा संलग्न ख्याति प्राप्त फर्मासिष्टहरुमध्ये नेपाल सरकारबाट मनोनीत फर्मासिष्ट दुईजना – सदस्य

(ङ) प्रचलित कानून बमोजिम दर्ता भएको फर्मासिष्टहरुको पेशागत संस्थाको प्रमुखमध्येबाट नेपाल सरकारबाट मनोनीत एकजना – सदस्य

(च) परिषद्को सिफारिसमा नेपाल सरकारबाट मनोनीत एकजना महिला सहितको वरिष्ठ फर्मासिष्टहरु दुईजना – सदस्य

(छ) औषधि ऐन, २०३५ बमोजिमको औषधि व्यवस्थापक – सदस्य

(ज) रजिष्ट्रार – सचिव

(२) परिषद्ले आवश्यक देखेमा फार्मेसी क्षेत्रका कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

६. सदस्यको पदावधि : (१) परिषद्मा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ । एक पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही पुनः मनोनीत हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यसरी रिक्त हुन आएको पद दफा ५ को उपदफा (१) बमोजिमको प्रक्रियाद्वारा बाँकी अवधिको लागि पूर्ति गरिनेछ ।

७. सदस्यको निमित्त अयोग्यता : देहायका कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनीत हुन सक्ने छैन :–

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, र

(ङ) मगज विग्रेको ।

८. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :–

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यले परिषद्को अध्यक्ष समक्ष र अध्यक्षले नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ग) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीनपटक परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा, र

(ङ) नेपाल सरकारबाट मनोनीत सदस्यलाई नेपाल सरकारले पदावधि पूरा नहुँदै हटाएमा ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) फार्मेसी व्यवसायलाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गबाट सञ्चालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने ।

(ख) फार्मेसी व्यवसाय अध्ययन गराउने शिक्षण संस्था र त्यस्ता संस्थाले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिलाई मान्यता प्रदान गर्ने ।

(ग) फार्मेसी व्यवसाय अध्ययन गराउने शिक्षण संस्थाको पाठ्यक्रम, भर्नाको शर्त तथा परीक्षा प्रणाली सम्बन्धी स्तर निर्धारण गर्ने र निर्धारित स्तर कायम गरे वा नगरेका सम्बन्धमा आवश्यक विवरण माग गरी गुणस्तर कायम नगर्ने शिक्षण संस्थाले प्रदान गरेको प्रमाणपत्र तथा उपाधि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मान्यता फिर्ता लिने ।

(घ) फार्मेसी व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र निर्धारित योग्यता पूरा गरेका फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम परिषद्को दर्ता किताबमा तोकिए बमोजिम दर्ता गर्ने ।



(ङ) दर्तावाला फर्मासिष्ट तथा फार्मेसी सहायकले तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लंघन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्ता फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाउने ।

१०. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक साधारणतया तीन महिनामा एकपटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा सोभन्दा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) परिषद्को बैठकमा छलफल भएको विषय र सो सम्बन्धमा भएको निर्णय सचिवले निर्णय पुस्तिकामा अभिलेख गरी बैठकमा उपस्थित सदस्यहरुको दस्तखत गराउनु पर्नेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३

## नाम दर्ता सम्बन्धी व्यवस्था

११. नाम दर्ता नगरी फार्मेसी व्यवसाय गर्न नहुने : यो ऐन प्रारम्भ भएको मितिले एक वर्षपछि परिषद्मा नाम दर्ता नभएको कुनै पनि व्यक्तिले फार्मेसी व्यवसाय गर्न हुँदैन ।

१२. नाम दर्ताको लागि दरखास्त दिनु पर्ने : (१) परिषद्मा नाम दर्ता गराउन चाहने फर्मासिष्ट वा फार्मेसी सहायकले तोकिए बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाको बखत फार्मेसी व्यवसाय गरिरहका फर्मासिष्ट तथा फार्मेसी सहायकले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने फर्मासिष्ट तथा फार्मेसी सहायकले दरखास्त साथ शिक्षण संस्थाबाट प्राप्त उपाधि, प्रमाणपत्र लगायतका अन्य कागजात तथा तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१३. दरखास्त उपर जाँचबुझ : दफा १२ बमोजिम दर्ता हुन आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी सम्बन्धित विषय समितिमा पेश गर्नु पर्नेछ ।

१४. दरखास्त उपर छानबिन तथा सिफारिस : (१) दफा १३ बमोजिम रजिष्ट्रारले पेश गरेको दरखास्त उपर विषय समितिले आवश्यक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा तत्सम्बन्धी कुराहरु स्पष्ट पार्नको लागि सम्बन्धित दरखास्तवालासंग विषय समितिले आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात विषय समिति समक्ष पेश गर्नु सम्बन्धित दरखास्तवालाको कर्तव्य हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम छानबिन गर्दा दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्न योग्य देखिएमा विषय समितिले परिषद् समक्ष सिफारिस गर्नेछ ।

१५. नाम दर्ता गर्ने : दफा १४ बमोजिम विषय समितिले आवश्यक छानबिन गरी नाम दर्ताको लागि सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्न उपयुक्त देखिएमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम तोकिए बमोजिमको ढाँचामा तयार गरिएको परिषद्को दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्नेछ ।

१६. नाम दर्ता प्रमाणपत्र दिने : (१) दफा १५ बमोजिम परिषद्बाट नाम दर्ता गर्ने निर्णय भएका दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता किताबमा दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता किताब तयार गर्दा फर्मासिष्ट र फार्मेसी सहायकको लागि बेग्ला बेग्लै दर्ता किताब तयार गर्नु पर्नेछ ।

१७. नाम दर्ता नगर्ने निर्णय भएकोमा जानकारी दिने : परिषद्मा नाम दर्ताको लागि दरखास्त दिने कुनै दरखास्तवालाको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्ले नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले सम्बन्धित दरखास्तवालालाई सो कुराको जानकारी दिनु



पर्नेछ ।

१८. दर्ता किताबबाट नाम हटाउने : (१) देहायको अवस्थामा बाहेक दर्तावाला फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाइने छैन : –

(क) मगज विग्रेमा,

(ख) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(ग) तोकिए बमोजिमको व्यावसायिक आचरणको उल्लंघन गरेको अभियोगमा त्यस्तो फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाउने भनी परिषद्को बैठकमा पेश भएको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ङ) धोखा वा गल्तीले अयोग्य व्यक्तिको नाम दर्ता हुन गएकोमा ।

(२) उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको आरोपमा कुनै दर्तावाला फर्मासिष्ट वा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाउने प्रस्ताव परिषद्को बैठकमा पेश गर्नु अघि परिषद्ले त्यस्तो व्यक्तिलाई लागेको अभियोगको सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न एक जाँचबुझ समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. प्रमाणपत्र रद्द गर्ने : दफा १८ बमोजिम परिषद्ले कुनै फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाउने गरी निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा १६ बमोजिम दिइएको प्रमाणपत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

२०. पुनः नाम दर्ता गर्ने : (१) दफा १८ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अभियोगमा कुनै दर्तावाला फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाइएकोमा त्यसरी हटाइएको मितिले कम्तीमा एक वर्षपछि सम्बन्धित व्यक्तिले मनासिब माफिकको कारण खोली पुनः नाम दर्ताको लागि दफा १२ बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम पुनः दर्ता गर्न मनासिब देखेमा पुनः नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले दरखास्तवालाको नाम पुनः दर्ता गर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता

किताबमा पुनः दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ।



## परिच्छेद–४
## शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता

२१. शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता : कुनै शिक्षण संस्थाले फार्मेसी व्यवसायसंग सम्बन्धित विषयमा प्रदान गरेको शैक्षिक उपाधि तथा प्रमाणपत्रलाई परिषद्ले मान्यता दिनेछ।

२२. विवरण माग गर्न सक्ने : (१) दफा २१ बमोजिम कुनै शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता दिने क्रममा परिषद्ले सम्बन्धित शिक्षण संस्थासंग त्यस्तो शैक्षिक उपाधि तथा प्रमाणपत्रको लागि निर्धारित पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित शर्त तथा तत्सम्बन्धी अन्य विवरणहरु माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद्बाट माग भए बमोजिमको आवश्यक विवरण उपलब्ध गराउनु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ।

२३. परीक्षाको निरीक्षण : (१) दफा २१ बमोजिम कुनै शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता दिने प्रयोजनको लागि परिषद्द्वारा मान्यता प्रदान गरिएको कुनै शिक्षण संस्थाले सञ्चालन गर्ने गरेको परीक्षा प्रणालीको सम्बन्धमा परिषद्को पदाधिकारी वा परिषद्ले खटाई पठाएको अधिकारीले निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएको निरीक्षकले निरीक्षण गर्ने क्रममा त्यस्तो शिक्षण संस्थाद्वारा सञ्चालित परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन।

(३) उपदफा (२) बमोजिम परीक्षाको निरीक्षण गर्ने निरीक्षकले परीक्षा प्रणालीको निरीक्षणको क्रममा आफूले देखेका कुराहरुको प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नु पर्नेछ।

२४. मान्यता हटाउने : (१) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक उपाधि तथा प्रमाणपत्रको सम्बन्धमा सम्बन्धित शिक्षण संस्थाबाट दफा २२ बमोजिम प्राप्त विवरण वा दफा २३ को उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा त्यस्तो शिक्षण संस्थाले निर्धारित गरेको पाठ्यक्रम, भर्नाको शर्त तथा परीक्षा सञ्चालन प्रणाली उपयुक्त तथा पर्याप्त छैन भन्ने लागेमा परिषद्ले सो सम्बन्धमा आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त गरेपछि सो सम्बन्धमा नेपाल सरकारले सम्बन्धित संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित शिक्षण संस्थासंग माग गरिए बमोजिम प्राप्त हुन आएको स्पष्टीकरणको सम्बन्धमा नेपाल

सरकारले विचार गरी सो सम्बन्धमा अन्य कुनै कुरा जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थाले कुनै खास मितिपछि प्रदान गरेको कुनै शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता हटाउन परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको आधारमा परिषद्ले आवश्यक निर्णय गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै शैक्षिक उपाधि तथा प्रमाणपत्रको मान्यता हटाउने निर्णय भएकोमा त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

## परिच्छेद – ५

## अध्यक्ष तथा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

२५. अध्यक्षको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारुरुपबाट सञ्चालन गर्ने,

(घ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२६. रजिष्ट्रार : (१) परिषद्को दैनिक प्रशासकीय काम कारबाही सञ्चालनको लागि नेपाल सरकारले कुनै फर्मासिष्टलाई परिषद्को रजिष्ट्रारमा नियुक्त गर्न वा नेपाल सरकारको सेवामा बहाल रहेको कुनै फर्मासिष्टलाई परिषद्को रजिष्ट्रार भई काम गर्नको लागि तोक्न सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य तथा अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापनको कार्य गर्ने ।

(ख) परिषद्को कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको व्यवस्था र स्याहार, सम्भारको व्यवस्था गर्ने, गराउने ।

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने ।



(घ) परिषद्को वार्षिक आय–व्यय विवरण तयार गर्ने ।

(ङ) परिषद्बाट स्वीकृत बजेट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(च) परिषद्को आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्ने ।

(छ) परिषद् र फर्मासिष्ट तथा फार्मेसी सहायकहरु बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने ।

(ज) परिषद्ले निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने वा गराउने ।

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) रजिष्ट्रारको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –६

## परिषद्को कोष

२७. परिषद्को कोष : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त ऋण, चन्दा, सहायता अनुदान वा दान दातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्मा नाम दर्ता तथा नाम दर्ता अद्यावधिक गर्दा प्राप्त हुन आएको रकम,

(घ) परिषद्को तर्फबाट उपलब्ध गराएको सेवा बापत प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम कुनै विदेशी व्यक्ति, संस्था वा सरकारबाट प्राप्त ऋण, चन्दा सहायता, अनुदान वा दान दातव्य प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को कोषमा प्राप्त हुन आएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२८. लेखा तथा लेखापरीक्षण : (१) परिषद्को आय–व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी काम जुनसुकै बखत जाँच्न वा जचाँउन सक्नेछ ।

## परिच्छेद–७

## विविध

२९. कसूर तथा दण्ड सजाय : (१) दफा ११ विपरीत परिषद्मा नाम दर्ता नगराई फार्मेसी व्यवसाय गरेमा यस ऐन बमोजिम कसूर भएको मानिनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

३०. अनुसन्धान, तहकिकात तथा मुद्दा चलाउने अधिकारी : दफा २९ बमोजिमको कसूरको अनुसन्धान, तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय तथा तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

३१. परिषद्को विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले परिषद् विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को कोष तथा सम्पत्ति नेपाल सरकारले आफ्नो जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र नेपाल सरकारले दफा ५ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भएमा उपदफा (२) बमोजिम नेपाल सरकारले आफ्नो जिम्मामा राखेको कोष र सम्पत्ति उक्त परिषद्लाई हस्तान्तरण गर्नेछ ।

३२. विषय समिति गठन गर्न सक्ने : (१) परिषद्ले आवश्यकता अनुसार विभिन्न विषय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विषय समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्ले तोकिदिए बमोजिम



हुनेछ ।

३३. सदस्यको भत्ता तथा अन्य सुविधा : परिषद्का सदस्य तथा विषय समितिको अध्यक्ष तथा सदस्यहरुले पाउने भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

३४. परिषद्को कर्मचारी : (१) परिषद्ले आवश्यकता अनुसार कर्मचारीहरुको नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

३५. नेपाल सरकारसंग सम्पर्क : परिषद्ले नेपाल सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३६. नियम तथा विनियम बनाउने अधिकार : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विनियमहरु बनाउन सक्नेछ ।

---

द्रष्टव्यः केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३

प्रमाणीकरण र प्रकाशन मिति
२०६३।८।१७
२०६३ सालको ऐन नं. २६

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन संवत् २०६३ साल वैशाख २३ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "सेवा आयोग" भन्नाले दफा १३ बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ ।

(च) "अस्पताल" भन्नाले दफा १४ बमोजिम स्थापना भएको वीर अस्पताल सम्झनु पर्छ ।

(छ) "कुलपति" भन्नाले दफा १६ बमोजिमको कुलपति सम्झनु पर्छ ।



(ज) "सहकुलपति" भन्नाले दफा १७ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

(झ) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(ञ) "शिक्षाध्यक्ष" भन्नाले दफा १९ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(ट) "रजिष्ट्रार" भन्नाले दफा १९ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ठ) "डीन" भन्नाले दफा १९ बमोजिमको डीन सम्झनु पर्छ ।

(ड) "निर्देशक" भन्नाले दफा २० बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(ढ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा शिक्षा प्रदान गर्ने तथा अनुसन्धान गर्ने जिम्मेवारी पाएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने काम समेतको लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा नेशनल एकेडेमी अफ मेडिकल साईन्सेज भनिनेछ ।

४. प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको स्वरुप : प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरु रहनेछन् र तिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :–

(क) सभा,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद,
(घ) सेवा आयोग,
(ङ) अस्पताल, र
(च) तोकिए बमोजिमको अन्य निकाय ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धान गर्ने,
(ख) गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,
(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, अस्पताल तथा शैक्षिक संस्थासँग सम्झौता गर्ने,
(घ) गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने,
(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमको स्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, अस्पताल वा शैक्षिक संस्थाहरुसँग समन्वय कायम गर्ने,
(च) स्वास्थ्य सम्बन्धी स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान–प्रदान गर्ने,
(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार आयोजना गर्ने, गराउने,
(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक प्रकाशन गर्ने, गराउने,
(झ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुनेछन् ।

## परिच्छेद–३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. सभाको गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एउटा सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :–



(क) सहकुलपति – अध्यक्ष
(ख) उपकुलपति – सदस्य
(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य हेर्ने) – सदस्य
(घ) चिकित्सा सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने विश्वविद्यालय वा प्रतिष्ठानका उपकुलपतिहरुमध्येबाट सभाले मनोनीत गरेको दुईजना – सदस्य
(ङ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य
(च) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय – सदस्य
(छ) सचिव, अर्थ मन्त्रालय – सदस्य
(ज) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग – सदस्य
(झ) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल – सदस्य
(ञ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् – सदस्य
(ट) शिक्षाध्यक्ष – सदस्य
(ठ) डीन – सदस्य
(ड) प्रमुख, काठमाडौं महानगरपालिका – सदस्य
(ढ) प्रतिष्ठानसँग सम्झौता गरेका अस्पतालका निर्देशक वा मेडिकल सुपरिटेण्डेण्टहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको दुईजना – सदस्य
(ण) डीन, त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान – सदस्य
(त) स्वास्थ्य क्षेत्रका वैज्ञानिकहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा सभाले मनोनीत गरेको एकजना – सदस्य
(थ) शिक्षकहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा सभाले मनोनीत गरेको दुईजना – सदस्य
(द) प्रतिष्ठान अन्तर्गत सञ्चालित नर्सिङ सम्बन्धी संस्थाको प्रमुख – सदस्य
(ध) लब्धप्रतिष्ठित विद्वान् तथा समाजसेवीहरुमध्येबाट महिला समेतको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनीत गरेको दुईजना – सदस्य
(न) रजिष्ट्रार – सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) सभाले चाहेमा चिकित्सा विज्ञानको क्षेत्रमा अध्ययन तथा अनुसन्धान कार्यमा संलग्न व्यक्तिलाई सभाको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) प्राज्ञिक परिषद्को सिफारिसमा सम्बन्धित व्यक्तिलाई उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) प्राज्ञिक परिषद् तथा कार्यकारी परिषद्बाट पेश भएका प्रस्ताव स्वीकृत गर्ने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने ।



परिच्छेद–४

प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. प्राज्ञिक परिषद् : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्ने निकायको रुपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) शिक्षाध्यक्ष – अध्यक्ष

(ख) प्रतिनिधि, (कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य

(ग) प्रतिनिधि, (कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी) शिक्षा तथा खेलकुद मन्त्रालय – सदस्य

(घ) प्रतिष्ठानका शिक्षकहरूमध्येबाट सभाले मनोनीत गरेको तीनजना – सदस्य

(ङ) प्रतिष्ठानद्वारा सञ्चालित विभिन्न विषयका कार्यक्रम संयोजकहरुमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा सभाले मनोनीत गरेको तीनजना – सदस्य

(च) चिकित्सा विज्ञानको क्षेत्रमा स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाहरुमध्येबाट प्रतिनिधित्व हुने गरी प्राज्ञिक सभाले मनोनीत गरेको दुईजना – सदस्य

(छ) नर्सिङ क्याम्पसको प्रमुख – सदस्य

(ज) डीन – सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) चिकित्सा विज्ञानसँग सम्बन्धित विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(ग) पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने,

(घ) विद्यार्थीको छनौट गर्ने,

(ङ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,
(च) परीक्षामा सफल हुने विद्यार्थीलाई शैक्षिक योग्यताको उपाधि तथा प्रमाणपत्र प्रदान गर्न सभा समक्ष सिफारिस गर्ने,
(छ) परीक्षामा उत्कृष्ट श्रेणीमा सफल हुने विद्यार्थीलाई पुरस्कार तथा पदक प्रदान गर्न सभा समक्ष सिफारिस गर्ने,
(ज) चिकित्सा विज्ञानको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने विद्यार्थीलाई पुरस्कार, पदक तथा मानार्थ उपाधि प्रदान गर्न सभा समक्ष सिफारिस गर्ने,
(झ) प्रतिष्ठानद्वारा सञ्चालित अध्ययन, तालीम तथा अनुसन्धानमा उत्कृष्ट व्यक्ति तथा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सभा समक्ष सिफारिस गर्ने,
(ञ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,
(ट) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ठ) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

## परिच्छेद–५

### कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. कार्यकारी परिषद्को गठन : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

| | | |
|---|---|---|
| (क) | उपकुलपति | – अध्यक्ष |
| (ख) | शिक्षाध्यक्ष | – सदस्य |
| (ग) | डीन | – सदस्य |
| (घ) | शिक्षकहरुमध्येबाट एकजना | – सदस्य |
| (ङ) | निर्देशक | – सदस्य |
| (च) | रजिष्ट्रार | – सदस्य–सचिव |

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–
(क) सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,



(ख) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,
(ग) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,
(घ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको चल अचल सम्पत्ति बेचबिखन गर्ने तथा ठेक्का पट्टामा दिने,
(ङ) प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमहरुको समन्वय, रेखदेख, निरीक्षण गर्ने र सोको प्रतिवेदन सभा समक्ष पेश गर्ने,
(च) प्रतिष्ठानसँग सम्बन्धित नियमहरुको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,
(छ) सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक शिक्षक तथा कर्मचारीहरु नियुक्ति र बढुवा गर्ने,
(ज) प्रतिष्ठानलाई प्राप्त दान, दातव्य, आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,
(झ) सभाले तोके बमोजिमको काम गर्ने,
(ञ) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–६

### सेवा आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

१३. सेवा आयोगको गठन : (१) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक सेवा आयोग रहनेछ ।

(२) सेवा आयोगमा अध्यक्ष र दुईजना सदस्यहरु रहनेछन् ।

(३) सभाले देहायका व्यक्तिहरुमध्येबाट सेवा आयोगको अध्यक्ष तथा सदस्य नियुक्त गर्नेछ :–
(क) चिकित्सा विज्ञानमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरेका व्यक्तिहरुमध्येबाट अध्यक्ष,
(ख) चिकित्सा विज्ञानमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका व्यक्तिहरुमध्येबाट एकजना सदस्य, र
(ग) कानून, व्यवस्थापन वा जनप्रशासनमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका व्यक्तिहरुमध्येबाट एकजना सदस्य ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(६) सेवा आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(७) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–७

## अस्पताल तथा शैक्षिक संस्थाको स्थापना र सञ्चालन

१४. अस्पतालको स्थापना र सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अस्पतालको स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको वीर अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ ।

(३) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१५. शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन : (१) प्रतिष्ठानले विभिन्न विषयमा शिक्षा प्रदान गर्ने उद्देश्यले कुनै शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत अस्पताल अन्तर्गत सञ्चालन भइरहेको नर्सिङ क्याम्पस उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ ।

(३) नर्सिङ क्याम्पसको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–८

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१६. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ ।

१७. सहकुलपति : (१) स्वास्थ्य तथा जनसंख्या मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले आवश्यकतानुसार प्रतिष्ठानको निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ ।

१८. उपकुलपति : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ ।



(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(४) उपकुलपतिको अनुपस्थितिमा निजले गर्ने काम सहकुलपतिबाट व्यवस्था भए बमोजिम हुनेछ ।

(५) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) उपकुलपतिको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

१९. शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीन : (१) उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको पदावधि चार वर्षको हुनेछ ।

(३) शिक्षाध्यक्ष, रजिष्ट्रार तथा डीनको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

२०. निर्देशक : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक निर्देशक रहनेछ ।

(२) निर्देशकको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

२१. अन्य पदाधिकारी : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरु रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

२२. पदबाट हटाउन सक्ने : (१) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा पद अनुरुपको आचरण नगरेमा वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सहकुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा

कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई निजको पदबाट हटाउनेछ ।

(३) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउनु अघि निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

२३. प्रतिष्ठानका शिक्षक तथा कर्मचारी : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू  रहनेछन् ।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, नियुक्ति सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछन् ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

२४. कर्मचारी काजमा खटाउन सक्ने : (१) नेपाल सरकारले नेपाल स्वास्थ्य सेवाका कुनै कर्मचारीलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएको कर्मचारीले प्रतिष्ठानका कर्मचारीले पाए सरहको सुविधा पाउनेछ ।

## परिच्छेद–९

## प्रतिष्ठानको कोष तथा लेखापरीक्षण

२५. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै  रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै बैक्त वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।



(५) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२६. लेखा र लेखा परीक्षण : (१) प्रतिष्ठानको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-१०
## विविध

२७. वार्षिक प्रतिवेदन : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा सम्पन्न गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरि सम्पादन गरेका कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

२८. समिति गठन गर्न सक्ने : (१) प्रतिष्ठानले यस ऐन बमोजिम आफूले गर्नु पर्ने काम सुचारुरुपले गर्नको लागि आवश्यकतानुसार समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो समिति गठन हुँदा प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ ।

२९. काम कारबाही बदर नहुने : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भएगरेको काम कारबाही बदर हुने छैन ।

३०. अधिकार प्रत्यायोजन : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, सेवा आयोग वा कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्ने : प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति अनुरुप काम गर्नु पर्नेछ ।

३२. निर्देशन दिन सक्ने : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

३३. नेपाल सरकारसँग सम्पर्क : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३४. कर्मचारी प्रतिष्ठानमा रहन सक्ने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुमध्ये



प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ ।

३५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर, नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३६. खारेजी र बचाउ : (१) वीर अस्पताल विकास समिति (गठन) आदेश, २०६३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिमको वीर अस्पताल विकास समितिको नाममा रहेको चल अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको आदेश बमोजिमको समितिमा कार्यरत कर्मचारीहरु प्रतिष्ठानको समान स्तर र तहको पदमा रहेको मानिनेछ ।

(५) उपदफा (१) बमोजिमको आदेश बमोजिमको समिति अन्तर्गत सञ्चालन भएको नर्सिङ क्याम्पसबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

३७. अध्यादेश निष्क्रियताको परिणाम : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायको सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।



# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४

| | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| संशोधन गर्ने ऐन | २०६४।१०।२३ |
| ⚙गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. ३७

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "सेवा आयोग" भन्नाले दफा १३ बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ ।

(च) "शैक्षिक संस्था" भन्नाले दफा १५ बमोजिम स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ ।

---

⚙ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

(छ) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ ।

(ज) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) "कुलपति" भन्नाले दफा १८ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ञ) "सहकुलपति" भन्नाले दफा १९ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

(ट) "उपकुलपति" भन्नाले दफा २० बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(ठ) "शिक्षाध्यक्ष" भन्नाले दफा २१ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(ड) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ढ) "डीन" भन्नाले दफा २३ बमोजिमको डीन सम्झनु पर्छ ।

(ण) "निर्देशक" भन्नाले दफा २४ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(त) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने काम समेतको लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा पाटन एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।



(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको स्वरुप : प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरु रहनेछन् र तिनीहरुको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :–

(क) सभा,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद्,
(घ) सेवा आयोग,
(ङ) विद्या परिषद्,
(च) सङ्काय,
(छ) अनुसन्धान केन्द्र,
(ज) शैक्षिक संस्था,
(झ) अस्पताल,
(ञ) तोकिए बमोजिमका अन्य निकाय ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धान गर्ने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसँग सम्झौता गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा अस्पतालसँग समन्वय कायम गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन तथा सेमिनार आयोजना गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक प्रकाशन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुनेछन् ।

परिच्छेद–३

सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. सभाको गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :–

(क) कुलपति – अध्यक्ष
(ख) सहकुलपति – उपाध्यक्ष
(ग) ♠............
(घ) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) – सदस्य
(ङ) उपकुलपति – सदस्य
(च) स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपतिहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना – सदस्य
(छ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य
(ज) सचिव, अर्थ मन्त्रालय – सदस्य
(झ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय – सदस्य
(ञ) शिक्षाध्यक्ष – सदस्य
(ट) डीनहरुमध्येबाट सभाबाट मनोनीत एकजना – सदस्य
(ठ) निर्देशक – सदस्य
(ड) सभापति, ललितपुर जिल्ला विकास समिति – सदस्य
(ढ) प्रमुख, ललितपुर उपमहानगरपालिका – सदस्य
(ण) प्रतिष्ठानसँग सम्झौता गरेका मुलुकभित्रका अस्पताल प्रमुखहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना – सदस्य
(त) शिक्षकहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य
(थ) शैक्षिक संस्थाका प्रमुखहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना – सदस्य
(द) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् – सदस्य
(ध) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल – सदस्य
(न) दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



महिला सहित कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत चारजना – सदस्य
(प) चन्दादाताहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना – सदस्य
(फ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुमध्येबाट सभाले मनोनयन गरेको एकजना – सदस्य
(ब) रजिष्ट्रार – सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,
(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,
(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,
(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,
(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,
(च) आफ्नो मातहतमा रहेका प्रतिष्ठानका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,
(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,
(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गर्ने र स्वीकृत गर्ने,
(ञ) शैक्षिक संस्थाहरुको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,
(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

परिच्छेद–४

प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. प्राज्ञिक परिषद्को गठन : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रुपमा एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) शिक्षाध्यक्ष – अध्यक्ष
(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत पाँचजना – सदस्य
(ग) निर्देशक – सदस्य
(घ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू – सदस्य
(ङ) शिक्षकहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य
(च) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य
(छ) डीनहरुमध्येबाट उपकुलपतिले मनोनीत गरेको डीन – सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,
(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,
(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,
(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,
(ङ) विद्यार्थी छनौट गर्ने,
(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,



(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,
(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,
(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,
(ञ) गुणस्तरीय पाठ्यपुस्तक तयार गर्ने,
(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने,
(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,
(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने,
(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद-५
## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. कार्यकारी परिषद्को गठन : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-
(क) उपकुलपति – अध्यक्ष
(ख) शिक्षाध्यक्ष – सदस्य
(ग) डीनहरुमध्येबाट एकजना – सदस्य
(घ) सभाका सदस्य रहेका शैक्षिक संस्थाका प्रमुखहरुमध्येबाट एकजना – सदस्य
(ङ) निर्देशक – सदस्य
(च) शिक्षकहरुमध्येबाट एकजना – सदस्य
(छ) रजिष्ट्रार – सदस्य-सचिव

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (च) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,
(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, बेचबिखन गर्ने तथा ठेक्कापट्टामा दिने,
तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(च) सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त दान दातव्य ग्रहण गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद–६

## सेवा आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

१३. सेवा आयोगको गठन : (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक सेवा आयोग रहनेछ ।

(२) सेवा आयोगमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछन् :–

(क) स्वास्थ्य विज्ञानमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा बीस वर्ष काम गरेका तथा विशिष्ट श्रेणी वा प्राध्यापकको रुपमा रही व्यवस्थापकीय वा प्राज्ञिक जिम्मेवारी निर्वाह गरेका व्यक्तिहरुमध्येबाट – अध्यक्ष

(ख) लोक सेवा आयोगको सदस्य – सदस्य

(ग) शिक्षकहरुमध्येबाट एकजना – सदस्य

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्यको मनोनयन सभाले गर्नेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) सेवा आयोगको अध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु र सदस्यको सुविधा तोकिए बमोजिम हुनेछ ।



(७) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–७

## विद्या परिषद्, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१४. विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकता अनुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१६. अस्पतालको स्थापना र सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अस्पतालको स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको पाटन अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ ।

(३) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१७. अस्पताल व्यवस्थापन समिति : (१) अस्पताललाई सुचारुरुपले सञ्चालन गर्न गराउनको लागि अस्पताल व्यवस्थापन समिति रहनेछ ।

(२) अस्पताल व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–८

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१८. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ ।

१९. सहकुलपति : (१) स्वास्थ्य तथा जनसंख्या मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले प्रतिष्ठानको आवश्यकता अनुसार निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ ।

२०. उपकुलपति : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२१. शिक्षाध्यक्ष : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२२. रजिष्ट्रार : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२३. डीन : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

(४) डीनको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२४. निर्देशक : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि उपकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२५. अन्य पदाधिकारी : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्नेछन्।



(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरुको नियुक्ति काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त तोकिए बमोजिम हुनेछ।

२६. पदबाट हटाउन सक्ने : (१) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा पद अनुरुपको आचरण नगरेमा वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई निजको पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

२७. प्रतिष्ठानका शिक्षक तथा कर्मचारी : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन्।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–९
## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२८. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋणस्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२९. लेखा र लेखापरीक्षण : (१) प्रतिष्ठानको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद–१०
## विविध

३०. सम्बन्धन दिन नसक्ने : प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन ।

३१. अन्य संस्थालाई समाहित गर्न सक्ने : (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका स्वास्थ विज्ञान सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३२. राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्ने : प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति अनुरुप काम गर्नु पर्नेछ ।

३३. आरक्षण सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी



ग्रामीण क्षेत्रमा बसोबास गरी सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेका महिला, दलित, आदिवासी⁄ जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका विद्यार्थीको लागि आरक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा प्रतिस्पर्धाद्वारा विद्यार्थी छनौट गरिनेछ ।

३४. विद्यार्थी भर्ना गर्दा प्राथमिकता दिनु पर्ने : (१) प्रतिष्ठानले प्रवेशिका उत्तीर्ण गरी स्वास्थ्य विज्ञान सम्बन्धी विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेका र दुर्गम क्षेत्रको स्वास्थ्य संस्थामा तोकिएको अवधिभर काम गरेका स्वास्थ्य सेवाका सहायक कर्मचारीलाई प्रतिष्ठानको स्नातक तहमा अध्ययन गर्नको लागि भर्ना हुन प्राथमिकता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भर्ना हुन चाहने कर्मचारीले नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

३५. छात्रवृत्ति उपलब्ध गराउनु पर्ने : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक शत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा पन्ध्र प्रतिशत स्थानमा विपन्न विद्यार्थीलाई पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “विपन्न” भन्नाले सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेका विद्यार्थीहरुमध्ये तोकिएको आधारमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्न भनी सिफारिस गरेको विद्यार्थीलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिमको पन्ध्र प्रतिशतलाई शत प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी⁄जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(३) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने आधार तोकिए बमोजिम हुनेछ ।

(५) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

३६. तोकेको स्थानमा काम गर्नु पर्ने : (१) यस ऐन बमोजिम छात्रवृत्तिमा अध्ययन गर्ने नेपाली विद्यार्थीले प्रतिष्ठानबाट पूर्ण छात्रवृत्ति पाएको भए कम्तीमा चार वर्ष र आंशिक छात्रवृत्ति पाएको भए कम्तीमा दुई वर्ष नेपाल सरकारले तोकेको ग्रामीण क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्नु पर्नेछ ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने नेपाली विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिम काम गर्नु पर्नेछ ।

(३) दफा ३४ बमोजिम प्रतिष्ठानको प्राथमिकतामा भर्ना भएका विद्यार्थीले कम्तीमा दुई वर्ष नेपाल सरकारले तोकेको ग्रामीण क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्नु पर्नेछ ।

(४) दफा ३४ र ३५ बमोजिमको प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने नेपाली विद्यार्थीले उपदफा (१), (२) वा (३) मा उल्लेखित पूरा समय काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ ।

(५) प्रतिष्ठानले दफा ३४ र ३५ बमोजिमको प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक अन्य नेपाली विद्यार्थीलाई अध्ययन पश्चात् ग्रामीण क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३७. वार्षिक प्रतिवेदन : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

३८. अधिकार प्रत्यायोजन : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा सेवा आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. काम कारबाही बदर नहुने : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन ।

४०. निर्देशन दिन सक्ने : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।



४१. नेपाल सरकारसँग सम्पर्क : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४२. शपथ लिनु पर्ने : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

४३. कर्मचारी प्रतिष्ठानमा रहन सक्ने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ ।

४४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

४५. खारेजी र बचाउ : (१) पाटन अस्पताल विकास समिति (गठन) आदेश, २०६३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिमको विकास समितिमा कार्यरत शिक्षक तथा कर्मचारी प्रतिष्ठानको समान स्तर र तहको पदमा सरेको मानिनेछ ।

(५) यस ऐन बमोजिम अस्पताल व्यवस्थापन समिति गठन नभएसम्मको लागि उपदफा (१) बमोजिमको आदेश बमोजिम गठित समितिले सो अस्पताल व्यवस्थापन समितिको काम गर्नेछ ।

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६

प्रमाणीकरण र प्रकाशन मिति
२०६६।१।२१

संवत् २०६६ सालको ऐन नं. २

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना र आर्थिक दायित्वबाट स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "स्वास्थ्यकर्मी" भन्नाले दफा ७ बमोजिम दर्ता भएको स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले दफा ७ बमोजिम दर्ता भएको स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ग) "सुरक्षा" भन्नाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको लागि यस ऐन बमोजिम गरिएको आर्थिक लगायतको अन्य सुरक्षा सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले दफा १२ बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा कोष सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. हातपात, तालाबन्दी तथा तोडफोड जस्ता कार्य गर्न नहुने : कसैले पनि देहायका कार्य गर्न गराउन हुँदैन :–



(क) स्वास्थ्य उपचारको विषयलाई लिई स्वास्थ्यकर्मीलाई घेराउ, अपमानजनक व्यवहार वा हातपात गर्न,

(ख) स्वास्थ्य संस्थामा तोडफोड, आगजनी वा यस्तै अन्य कुनै कार्य गर्न ।

४. सुरक्षा माग गर्न सक्ने : (१) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा दफा ३ विपरीतको कुनै काम कारबाही गरेमा वा गर्न लागेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षाको माग भएमा स्थानीय प्रशासनले तुरुन्त सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ ।

(३) कुनै ठाउँ र अवस्थालाई विचार गर्दा कुनै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा अवरोध पुग्न जाने भई स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न समितिबाट लेखी आएमा नेपाल सरकारले त्यस्तो स्वास्थ्य संस्थामा स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. समितिको गठन सम्बन्धी व्यवस्था : (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा समन्वयात्मक रुपले काम गर्नको लागि देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहेको एक स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति गठन हुनेछ :–

(क) प्रमुख विशेषज्ञ, चिकित्सा सेवा महाशाखा, मन्त्रालय – अध्यक्ष

(ख) प्रतिनिधि, गृह मन्त्रालय – सदस्य

(ग) अध्यक्ष, नेपाल चिकित्सक संघ – सदस्य

(घ) अध्यक्ष, नेपाल स्वास्थ्य प्राविधिक संघ – सदस्य

(ङ) अध्यक्ष, नेपाल आयुर्वेद चिकित्सक संघ – सदस्य

(च) अध्यक्ष, नेपाल नर्सिङ संघ – सदस्य

(छ) अध्यक्ष, एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूट अफ नेपाल – सदस्य

(२) मन्त्रालयको सचिवले तोकेको अधिकृतस्तरको कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(४) समितिको सचिवालयको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा सम्बन्धित निकायबीच समन्वय कायम गर्ने,

(ग) अदालतको फैसला बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको तर्फबाट सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिने,

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

७. नाम दर्ता गराउनु पर्ने : (१) यस ऐन बमोजिम सुरक्षा प्राप्त गर्न चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले आफ्नो नाम समितिमा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गराउन चाहने स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट प्राप्त गरेको प्रमाणपत्र र स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिम प्राप्त गरेको संस्थापना सम्बन्धी प्रमाणपत्र संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछ ।

तर सरकारी स्वास्थ्य संस्थाले संस्थापनाको प्रमाणपत्र संलग्न गर्नु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा नाम दर्ता गर्न मनासिब देखिएमा समितिले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम दर्ता किताबमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा सोको प्रमाणपत्र दिनु पर्नेछ ।

८. दस्तुर बुझाउनु पर्ने : (१) दफा ७ बमोजिम निवेदन दिंदा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(२) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले प्रत्येक वर्ष तोकिए बमोजिमको दस्तुर समितिमा बुझाउनु पर्नेछ ।

तर दफा ४ को उपदफा (३) बमोजिम गैर सरकारी स्वास्थ्य संस्थाले स्थायी सुरक्षा माग गर्दा तोकिए बमोजिमको थप दस्तुर लाग्नेछ ।

९. दर्ता किताबबाट नाम हटाउने : समितिले देहायको अवस्थामा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नाम दर्ता किताबबाट हटाउनेछ :–



(क) प्रचलित कानून बमोजिम निजले स्वास्थ्य सेवाको काम गर्न नपाउने भएको जानकारी समितिलाई प्राप्त भएमा,

(ख) निजले दफा ८ को उपदफा (२) बमोजिमको दस्तुर नबुझाएमा,

(ग) निजले आफ्नो नाम दर्ता किताबबाट हटाई पाउन समिति समक्ष निवेदन दिएमा,

(घ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको दर्ता प्रचलित कानून बमोजिम रद्द भएमा ।

१०. अभिलेख अद्यावधिक गर्नु पर्ने : समितिले यस ऐन बमोजिम दर्ता कायम रहेका स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

११. प्रतिरक्षा गर्दा लागेको खर्च समितिले व्यहोर्ने : (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अदालतमा दायर भएको मुद्दामा सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले प्रतिरक्षा गर्दा लागेको मनासिब खर्च समितिले व्यहोर्नेछ ।

तर स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको बदनियत वा गम्भीर लापरवाहीको कारण हुन गएको हानि नोक्सानीको सम्बन्धमा प्रतिरक्षा गर्दा लागेको खर्च समितिले व्यहोर्ने छैन ।

(२) उपदफा (१) बमोजिम समितिबाट प्रतिरक्षा सम्बन्धी खर्च माग गर्न चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले तोकिए बमोजिमको विवरण समितिलाई दिनु पर्नेछ ।

१२. कोषको व्यवस्था : (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा नामक एक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) दफा ८ बमोजिम प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम नेपालभित्रको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. कोषको प्रयोग : कोषमा जम्मा भएको रकम देहायको काममा खर्च गर्न सकिनेछ :–

(क) कुनै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले उपलब्ध गराएको सेवाको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई अदालतबाट क्षतिपूर्ति भराइदिने गरी भएको फैसला बमोजिमको रकम भुक्तानी गर्न,

तर स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको बदनियत वा गम्भीर लापरवाहीको कारण हुन गएको क्षतिको सम्बन्धमा अदालतको फैसला बमोजिम सम्बन्धित व्यक्तिलाई दिनु पर्ने क्षतिपूर्तिको रकम समितिले व्यहोर्ने छैन।

(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई विपक्षी बनाई अदालतमा दायर गरिएको मुद्दाको प्रतिरक्षा गर्दा लागेको मनासिब खर्च भुक्तानी गर्न,

(ग) समितिको कार्य सञ्चालन गर्न।

१४. लेखा र लेखापरीक्षण : (१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१५. सजाय : (१) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :–

(क) दफा ३ को खण्ड (क) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ३ को खण्ड (ख) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार तीन लाख रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिले गरेको काम कारबाहीबाट कुनै स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा अदालतले सम्बन्धित कसूरदारबाट त्यस्तो हानि नोक्सानी बापत मनासिब माफिकको क्षतिपूर्ति समेत भराइदिनु पर्नेछ।

१६. सरकार वादी हुने : दफा ३ को खण्ड (ख) बमोजिमको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

१७. हदम्याद : दफा ३ बमोजिमको कसूर भए गरेको मितिले तीन महिनाभित्र नालेस दिनु पर्नेछ।

१८. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि सम्बन्धित क्षेत्रका विशेषज्ञ संलग्न गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ।

१९. बैठक भत्ता : समिति वा दफा १८ बमोजिम गठित उपसमितिका सदस्यहरुले समिति वा उपसमितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।



२०. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै सदस्य वा दफा १८ बमोजिम गठित उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. प्रचलित कानून बमोजिम कारबाही चलाउन बाधा नपर्ने : कुनै व्यक्तिले यस ऐन विपरीत गरेको कुनै कार्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने निज उपर त्यस्तो कानून बमोजिम कारबाही चलाउन यस ऐनको कुनै कुराले बाधा पुगेको मानिने छैन।

२२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

# सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८

प्रमाणीकरण र प्रकाशन
मिति
२०६८/१/२६

सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८" रहेको छ ।

(२) यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले एक सय असीऔं दिन र अन्य दफाहरु एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिाडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

(ख) "धूम्रपान" भन्नाले चुरोट, बिाडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

(ग) "सूर्ति सेवन" भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

(घ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।



(ङ) "व्यवस्थापक" भन्नाले सार्वजनिक स्थलको काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउछ ।

(च) "उत्पादक" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

(छ) "निरीक्षक" भन्नाले दफा ११ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १८ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद–२

सूर्तिजन्य पदार्थको नियन्त्रण

३. सार्वजनिक स्थल मानिने : (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :–

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "कार्यस्थल" भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथी गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउाको महत्व र सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुने : (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउामा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउामा कायम गर्नु पर्ने आधारभूत कुराहरु तोकिए बमोजिम हुनेछन् ।

५. सूचना टाास गर्नु पर्ने : व्यवस्थापकले आफूसाग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउामा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाास गर्नु पर्नेछ ।

६. घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने : कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुदैन ।

## परिच्छेद–३
## सूर्तिजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

७. लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्ग : (१) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :–

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सूर्तिजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु ।

(२) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।



(४) कुनै उद्योगले चुरोट, बिाडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

८. विवरण पेश गर्नु पर्ने : (१) उत्पादकले सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरुको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) सूर्तिजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

९. चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने : (१) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ आयात गर्न पाउने छैन ।

१०. विज्ञापन तथा प्रायोजन गर्न नपाइने : उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई–मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

११. बिक्री वितरण तथा प्रदर्शनमा बन्देज : (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसाग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिाडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ ।

(५) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नेपाल सरकारले चाहेमा सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(७) कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद–४
## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

१२. निरीक्षक सम्बन्धी व्यवस्था : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. निरीक्षण गर्न सक्ने : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न



सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ ।

१४. व्यवस्थापकले निरीक्षण गर्नु पर्ने : (१) व्यवस्थापकले आफूसाग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सूर्ति सेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा सो स्थलसाग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सूर्ति सेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ ।

१५. अनुसन्धान तथा तहकिकात : व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजूरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

१६. मुद्दा दायर गर्नेः (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ ।

## परिच्छेद–५
## सजाय तथा पुनरावेदन

१७. सजाय : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ :–

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउादा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाा जरिबाना वा दुवै सजाय गर्नु पर्ने,

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसाग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने ।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना वापत लिएको रकम राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) दफा ५ बमोजिम सूचना टाास नगरेमा पााच हजार रुपैयाासम्म जरिबाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सूर्तिजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाासम्म जरिबाना,

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाासम्म जरिबाना,

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाासम्म जरिबाना,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पााच हजार रुपैयाासम्म जरिबाना ।

१८. पुनरावेदन : दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।



## परिच्छेद–६
## विविध

१९. समितिको गठन : (१) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहाय बमोजिमका सदस्यहरु रहेको सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछ :-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – अध्यक्ष

(ख) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र – उपाध्यक्ष

(ग) क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना – सदस्य

(घ) धूम्रपान तथा सूर्ति सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैर सरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना – सदस्य

(ङ) सामाजिक क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना – सदस्य

(च) कानून अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएका आधारमा मनोनीत सदस्यलाई पदबाट हटाउन सकिनेछ ।

(४) समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिलाई आवश्यक लागेमा सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२०. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सूर्ति सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सूर्तिजन्य पदार्थबाट स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने विषय पाठ्यपुस्तकमा समावेश गराउन सम्बन्धित निकायसाग समन्वय गर्ने,

(छ) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(ज) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोगको नियन्त्रण गर्न तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,

(झ) तोकिए बमोजिमको काम गर्ने गराउने ।

२१. जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्ने : (१) मुद्दा हेर्ने अधिकारीले यस ऐन बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ।

२२. स्वास्थ्य कर कोष : (१) नेपाल सरकारले धूम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले वार्षिक रुपमा विनियोजन गरेको रकमको अतिरिक्त तोकिए बमोजिमको रकम जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम अघिल्लो आर्थिक वर्षमा विनियोजन गरिएको रकमभन्दा कम हुने छैन ।

(४) यस दफा बमोजिमको कोषमा जम्मा भएको रकम तोकिए बमोजिम खर्च गरिनेछ ।

२३. सरकारवादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ ।



२४. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने : यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२५. मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।

२६. सहयोग गर्नु पर्ने : यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ । त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

२७. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८

प्रमाणीकरण र प्रकाशन मिति

२०६८/७/३

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : पिछडिएको क्षेत्रमा सहज रुपमा स्वास्थ्य सेवाको पहुच पुऱ्याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ ।

(ख) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "उपकुलपति" भन्नाले दफा २० बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "कुलपति" भन्नाले दफा १८ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(च) "छनौट समिति" भन्नाले दफा १३ बमोजिम गठन भएको छनौट समिति सम्झनु पर्छ ।

(छ) "डीन" भन्नाले दफा २३ बमोजिमको डीन सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



(झ) "निर्देशक" भन्नाले दफा २४ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(ञ) "पिछडिएको क्षेत्र" भन्नाले देहायका अञ्चल अन्तर्गतका निम्न जिल्लाहरु सम्झनु पर्छ :–

(१) कर्णाली अञ्चल अन्तर्गतका सम्पूर्ण जिल्लाहरु,

(२) भेरी अञ्चलको जाजरकोट जिल्ला, र

(३) सेती अञ्चलको बाजुरा, बझाङ र अछाम जिल्लाहरु,

(ट) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

(ठ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ड) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ढ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "शिक्षाध्यक्ष" भन्नाले दफा २१ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(त) "शैक्षिक संस्था" भन्नाले दफा १५ बमोजिम स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ ।

(थ) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(द) "सहकुलपति" भन्नाले दफा १९ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) पिछडिएको क्षेत्रमा सहज रुपमा स्वास्थ्य सेवाको पहुच पुऱ्याउने काम समेतको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय जुम्लामा रहनेछ ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा कर्णाली एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठानउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. प्रतिष्ठानको स्वरुप : प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहनेछन् र तिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछः–

(क) सभा,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद्,
(घ) छनौट समिति,
(ङ) विद्या परिषद्,
(च) सङ्काय,
(छ) अनुसन्धान केन्द्र,
(ज) शैक्षिक संस्था,
(झ) अस्पताल,
(ञ) तोकिए बमोजिमका अन्य निकाय ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) पिछडिएको क्षेत्रमा स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धान गर्ने,
(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,
(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसाग सम्झौता गर्ने,
(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,
(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा अस्पतालसाग समन्वय गर्ने,



(च) स्वास्थ्यसाग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासाग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,
(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया, स्वास्थ्य क्याम्प, अनुसन्धान आयोजना गर्ने, गराउने,
(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक, पर्चा, बुलेटिन, सचेतना पोष्टर प्रकाशन गर्ने, गराउने,
(झ) तोकिएबमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत् प्रयोग र पालना हुनेछन् ।

## परिच्छेद–३
## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. सभाको गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :–

| | | |
|---|---|---|
| (क) | कुलपति | – अध्यक्ष |
| (ख) | सहकुलपति | – उपाध्यक्ष |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) | – सदस्य |
| (घ) | उपकुलपति | – सदस्य |
| (ङ) | स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना | – सदस्य |
| (च) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | – सदस्य |
| (छ) | सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ज) | सचिव, शिक्षा मन्त्रालय | – सदस्य |
| (झ) | शिक्षाध्यक्ष | – सदस्य |
| (ञ) | डीनहरूमध्येबाट सभाबाट मनोनीत एकजना | – सदस्य |
| (ट) | निर्देशक | – सदस्य |
| (ठ) | सभापति, जुम्ला जिल्ला विकास समिति | – सदस्य |
| (ड) | शिक्षकहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना | – सदस्य |

(ढ) शैक्षिक संस्थाका प्रमुखहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना – सदस्य

(ण) दलित, आदिवासी/जनजाति तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिलासहित कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत चारजना – सदस्य

(त) चन्दादाताहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना – सदस्य

(थ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूमध्येबाट सभाले मनोनयन गरेको एकजना – सदस्य

(द) पिछडिएको क्षेत्रको विकासमा उल्लेख्य योगदान पुर्‍याउने व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिलासहित कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना – सदस्य

(ध) रजिष्ट्रार – सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) आफ्नो मातहतमा रहेका प्रतिष्ठानका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,



(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गर्ने र स्वीकृत गर्ने,

(ञ) शैक्षिक संस्थाहरूको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. प्राज्ञिक परिषद्को गठन : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रुपमा एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) शिक्षाध्यक्ष – अध्यक्ष

(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत पाचजना – सदस्य

(ग) निर्देशक – सदस्य

(घ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू – सदस्य

(ङ) शिक्षकहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना – सदस्य

(च) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना – सदस्य

(छ) डीनहरूमध्येबाट उपकुलपतिले मनोनयन गरेको डीन – सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तयार गर्ने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमको मूल्याक्तन गर्ने,

(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्साग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद–५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. कार्यकारी परिषद्को गठन : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) उपकुलपति – अध्यक्ष

(ख) शिक्षाध्यक्ष – सदस्य

(ग) डीनहरूमध्येबाट एकजना – सदस्य



(घ) सभाका सदस्य रहेका शैक्षिक संस्थाका प्रमुखहरूमध्येबाट एकजना – सदस्य

(ङ) निर्देशक – सदस्य

(च) शिक्षकहरूमध्येबाट एकजना – सदस्य

(छ) रजिष्ट्रार – सदस्य–सचिव

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (च) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याक्तन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, बेचबिखन गर्ने तथा ठेक्कापट्टामा दिने,

तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(च) छनौट समितिको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद–६

## छनौट समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१३. छनौट समितिको गठन : (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक छनौट समिति रहनेछ ।

(२) छनौट समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :-

(क) स्वास्थ्य विज्ञानमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा दश वर्ष काम गरेका वा विशिष्ट श्रेणी वा प्राध्यापकको रुपमा रही जिम्मेवारी निर्वाह गरेका व्यक्तिहरूमध्येबाट - अध्यक्ष

(ख) शिक्षकहरूमध्येबाट एकजना - सदस्य

(ग) रजिष्ट्रार - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमका अध्यक्ष र सदस्यको मनोनयन सभाले गर्नेछ ।

(४) छनौट समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) छनौट समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) छनौट समितिको अध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू र सदस्यको सुविधा तोकिए बमोजिम हुनेछ ।

(७) छनौट समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## विद्यापरिषद्, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१४. विद्यापरिषद्, सत्ताय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले विद्यापरिषद्, सत्ताय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्यापरिषद्, सत्ताय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकता अनुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।



१६. अस्पतालको स्थापना र सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अस्पतालको स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको कर्णाली अञ्चल अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ ।

(३) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१७. अस्पताल व्यवस्थापन समिति : (१) अस्पताललाई सुचारु रुपले सञ्चालन गर्न, गराउनको लागि अस्पताल प्रतिष्ठान अन्तर्गत व्यवस्थापन समिति रहनेछ ।

(२) अस्पताल व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१८. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ ।

१९. सहकुलपति : (१) स्वास्थ्य तथा जनसंख्या मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले प्रतिष्ठानको आवश्यकता अनुसार निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ ।

२०. उपकुलपति : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२१. शिक्षाध्यक्ष : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२२. रजिष्ट्रार : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२३. डीन : (१) प्रतिष्ठानको सत्तायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले डीनको नियुक्ति गर्नेछ ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ ।

(४) डीनको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२४. निर्देशक : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि उपकुलपतिले रजिष्ट्रारको सिफारिसमा निर्देशकको नियुक्ति गर्नेछ ।

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२५. अन्य पदाधिकारी : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरूको नियुक्ति काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त तोकिए बमोजिम हुनेछ ।

२६. पदबाट हटाउन सक्ने : (१) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको भनी



सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई निजको पदबाट हटाउनेछ ।

(३) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ ।

(४) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निजउपर लागेको आरोपको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

२७. प्रतिष्ठानका शिक्षक तथा कर्मचारी : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन् ।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिको सिफारिसमा तोकिए बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–९

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२८. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२९. लेखा र लेखापरीक्षण : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-१०
## विविध

३०. सम्बन्धन दिन नसक्ने : प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन ।

३१. राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्ने : प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्नेछ ।

३२. आरक्षण सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा स्नातकसम्मका विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा पिछडिएको क्षेत्रमा स्थायी बसोवास गरी सो क्षेत्रका सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका नेपाली विद्यार्थीलाई पैंतालीस प्रतिशत स्थानको लागि आरक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(२) प्रतिष्ठानले पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरी सो क्षेत्रका सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी सो क्षेत्रको उच्च माध्यमिक विद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट उच्च शिक्षा प्राप्त गरेका नेपाली विद्यार्थीलाई स्नातकोत्तर तहमा भर्ना गर्न तोकिए बमोजिमको आरक्षणको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आरक्षण गरिएका स्थानमा पिछडिएको क्षेत्रका महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका वर्गका विद्यार्थीलाई प्रथमिकता दिइनेछ ।

(४) उपदफा (१) बमोजिम आरक्षण गर्दा प्रतिस्पर्धाद्वारा विद्यार्थी छनौट गरिनेछ ।



३३. विद्यार्थी भर्ना गर्दा प्राथमिकता दिनु पर्ने : (१) प्रतिष्ठानले विभिन्न तहका विद्यार्थी भर्ना गर्दा पिछडिएको क्षेत्रका स्वास्थ्य संस्थामा तोकिएको अवधिभर सेवा प्रदान गरेका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

३४. छात्रवृत्ति उपलब्ध गराउनु पर्ने : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा बीस प्रतिशत स्थानमा विपन्न विद्यार्थीलाई पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विपन्न" भन्नाले सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेका विद्यार्थीहरूमध्ये तोकिएको आधारमा सम्बन्धित गाउा विकास समिति/नगरपालिकाले विपन्न भनी सिफारिस गरेको विद्यार्थीलाई जनाउाछ ।

(२) उपदफा (१) बमोजिम बीस प्रतिशतलाई शत् प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(३) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने आधार तोकिए बमोजिम हुनेछ ।

(५) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

३५. तोकेको स्थानमा काम गर्नु पर्ने : (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउामा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको अवधिभर काम गर्नु पर्नेछ ।

(३) दफा ३३ बमोजिम प्रतिष्ठानको प्राथमिकतामा भर्ना भएका विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ ।

(४) दफा ३२ को उपदफा (१) र (२) बमोजिमको आरक्षण र दफा ३३ र ३४ बमोजिमको प्राथमिकता वा

छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले उपदफा (१), (२) वा (३) मा उल्लिखित पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ।

(५) प्रतिष्ठानले दफा ३२, ३३ र ३४ बमोजिमको आरक्षण, प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात् पिछडिएको क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

३६. वार्षिक प्रतिवेदन : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

३७. अधिकार प्रत्यायोजन : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा छनौट समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. काम कारबाही बदर नहुने : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन।

३९. निर्देशन दिन सक्ने : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

४०. नेपाल सरकारसाग सम्पर्क : प्रतिष्ठानले नेपाल सरकारसाग सम्पर्क राख्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

४१. शपथ लिनु पर्ने : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढााचामा शपथ लिनु पर्नेछ।



४२. कर्मचारी प्रतिष्ठानमा रहन सक्ने : (१) यो ऐन प्रारम्भ हुादाका बखत कर्णाली अञ्चल अस्पताल, जुम्लामा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

४३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ।

तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउादा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

४४. खारेजी र बचाउ : (१) कर्णाली अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०६८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिमको विकास समितिमा कार्यरत शिक्षक तथा कर्मचारी प्रतिष्ठानको समान स्तर र तहको पदमा सरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।

(५) यस ऐन बमोजिम अस्पताल व्यवस्थापन समिति गठन नभएसम्मको लागि उपदफा (१) बमोजिमको आदेश बमोजिम गठित समितिले यो अस्पताल व्यवस्थापन समितिको काम गर्नेछ।

# नियमहरू

# विफर नियन्त्रण नियमावली, २०२३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२४।१।१८

संशोधन

विफर नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०२८ — २०२८।१।१
विफर नियन्त्रण (दोस्रो संशोधन) नियमावली, २०४७ — २०४७।१०।२८

विफर नियन्त्रण ऐन, २०२० को दफा १९ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरु सबै अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरु बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "विफर नियन्त्रण नियमावली, २०२३" रहेको छ ।

Δ(२) यो नियमावली ऐन लागू भएको ठाउँहरुमा ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले विफर नियन्त्रण ऐन, २०२० सम्झनु पर्छ,

(ख) "सुपरिटेण्डेण्ट" भन्नाले स्थानीय क्षेत्रको निमित्त नियुक्त गरिएको खोपको सुपरिटेण्डेण्ट सम्झनु पर्छ,

(ग) "सुपरभाइजर" भन्नाले स्थानीय क्षेत्रको निमित्त नियुक्त गरिएको खोपको सुपरभाइजर सम्झनु पर्छ,

(घ) "खोप्ने व्यक्ति" भन्नाले यस नियमावली अन्तर्गत खोप्ने अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ,

(ङ) "संरक्षक" भन्नाले बालकको संरक्षक सम्झनु पर्छ,

(च) "स्वयमसेवक" भन्नाले ❐नगरपालिका वा गाउँ विकास समितिले खटाएको स्वयमसेवक सम्झनु पर्छ,

(छ) "प्रमाणपत्र" भन्नाले यस नियमावलीको नियम ५ को उपनियम (३) बमोजिम प्रदान गरिने प्रमाणपत्र सम्झनु पर्छ,

(ज) "स्टयाण्डर्ड भ्याक्सिन" भन्नाले भ्याक्सिन बनाउन र वितरण गर्न लाईसेन्स प्राप्त कम्पनीले तयार गरेको भ्याक्सिन सम्झनु पर्छ ।

## परिच्छेद–२
## क्षेत्र विभाजन र खोपाउने व्यवस्था

३. क्षेत्र विभाजन : (१) नेपाल सरकारले विफर नियन्त्रण कार्यक्रमका प्रमुखसंग सल्लाह गरी खोप्ने कार्यको निमित्त क्षेत्रको विभाजन गर्नेछ र प्रत्येक क्षेत्रको निमित्त आवश्यकतानुसार एक वा सो भन्दा बढी सुपरिटेण्डेण्ट नियुक्त गर्नेछ ।

Δ पहिलो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा संशोधित ।



(२) उपनियम (१) बमोजिम क्षेत्र विभाजन गरिए पछि सुपरिटेण्डेण्टले त्यस्ता क्षेत्रमा खोपाउने ठाउँहरु कायम गर्नेछ ।

(३) उपनियम (२) अन्तर्गत कायम गरिएको खोप्ने ठाउँ वा त्यसको नजिकमा सर्वसाधारण जनताले देख्ने गरी अनुसूची–१ मा लेखिए बमोजिमको ठूलो संकेत पाटी (साइनबोर्ड) टांगिने छ ।

४. सुपरिटेण्डेण्ट र अन्य कर्मचारीहरु सम्बन्धी व्यवस्था : (१) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति सुपरिटेण्डेण्टको पदमा नियुक्ति हुन वा बहाल रहन सक्ने छैन :–

(क) एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता भएको, र

(ख) यी नियमहरु बमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गरेको ।

(२) खोप्ने कार्यको लागि आवश्यक संख्यामा खोप्ने व्यक्ति नियुक्ति गरिने छन्। खोप्ने व्यक्तिहरुको योग्यता कमसेकम देहाय बमोजिमको हुनु पर्छ :–

(क) देवनागरी लिपिमा नेपाली भाषा राम्रोसंग लेख्न र पढन सक्ने योग्यता भएको, र

(ख) यी नियमहरु बमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गरेको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयम सेवकहरुले पनि नियम ५ को उपनियम (१) मा लेखिए बमोजिमको तालिम प्राप्त गरी खोप्ने काम गर्न सक्ने छन् ।

५. तालिम र प्रमाणपत्र : (१) सुपरिटेण्डेण्ट र खोप्ने व्यक्तिहरुलाई देहायको तालिम दिइनेछः–

(क) छाला सम्बन्धी साधारण ज्ञान,

(ख) विफर सम्बन्धी साधारण ज्ञान,

(ग) विफर नियन्त्रण कार्यक्रममा अपनाइने मल्टिपल प्रेसर तथा अन्य तरिकाहरुको ज्ञान,

(घ) स्वास्थ्य सम्बन्धी साधारण ज्ञान,

(ङ) सुकेको खानेपानी औषधि (ड्राइड भ्याक्सिन) बारे साधारण ज्ञान, र

(च) अभिलेख (रेकर्ड) राख्ने तरिका ।

(२) सुपरिटेण्डेण्टलाई उपनियम (१) मा लेखिएका कुराहरुका अतिरिक्त प्रशासकीय विषयमा पनि तालिम दिइने छ ।

(३) उपनियम (१) बमोजिमको तालिममा सफल हुने व्यक्तिहरुलाई प्रमाणपत्र दिइनेछ ।

(४) उपनियम (१) अन्तर्गतको तालिम अवधि साधारणतया ६ दिनको हुनेछ ।

(५) उपनियम (१) अन्तर्गत प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिले नेपाल अधिराज्य भर खोप्ने कार्य गर्न सक्नेछन् ।

६. खोपको काम गरिरहेकाले प्रमाणपत्र लिनु पर्ने : यो नियम लागू भएको अञ्चल वा जिल्लामा हाल खोपको काम गरिरहेका व्यक्तिहरुले यो नियम जारी भएको ३ महिनाभित्र खोपको काम गर्न यी नियमहरु बमोजिम खोप्ने प्रमाणपत्र प्राप्त गर्नु पर्दछ । सो प्रमाणपत्र प्राप्त नगरी खोपको काम गर्न पाइने छैन ।

## परिच्छेद-३
## खोपको औषधि, अभिलेख र प्रमाणपत्र

७. खोपको औषधि : (१) खोप्ने व्यक्तिले खोपाउँदा प्रतिष्ठित कम्पनीले बनाएको म्याद ननाघेको खोपको औषधि (स्टयाण्डर्ड भ्याक्सिन) को मात्र प्रयोग गर्नु पर्छ।

(२) कसैले म्याद नाघेको वा काम नलाग्ने खोपको औषधि प्रयोग गर्न वा बिक्री वितरण गर्न हुँदैन। यस्तो औषधि तुरुन्त स्थानीय क्षेत्रको खोपको सुपरिटेण्डेण्टलाई बुझाई दिनु पर्छ।

८. अस्वस्थताको प्रमाणपत्र : (१) खोपाउने बालक अस्वस्थ देखिएमा नियम १० मा उल्लिखित व्यक्तिहरुले देहायका कुराहरु खोली अस्वस्थताको प्रमाणपत्र दिनु पर्छ :-

(क) अस्वस्थताको कारण,
(ख) अवधि,
(ग) बालकको नाम,
(घ) वर्ष,
(ङ) धर्म,
(च) लिङ्ग,
(छ) सो बालक बसेको ❒नगरपालिका वा गाउँ विकास समितिको नाम,
(ज) संरक्षकको नाम,
(झ) संरक्षकको पूरा ठेगाना।

(२) उपनियम (१) बमोजिमको प्रमाणपत्र दिने व्यक्तिले खोपाउने बालक यति दिनमा स्वस्थ हुन सक्तछ र त्यसरी स्वस्थ भएमा यति दिन पछि खोपाउन हुन्छ भनी खोप्नको निमित्त मिति तोक्न सक्ने छ।

९. खोपको अभिलेख : (१) विफर नियन्त्रण कार्यक्रम अन्तर्गत दिइएको सबै खोपको अभिलेख राख्नुपर्छ।

(२) सफल खोप र असुरक्षित बालकको अभिलेख सम्बन्धित क्षेत्रको कार्यालयमा रहनेछ।

(३) खोप सम्बन्धी देहाय बमोजिमको प्रतिवेदनलाई देहाय बमोजिम गरी पेश गर्नुपर्छ :-

(क) खोपाउने ठाउँ बाहेक अन्यत्र खोपेकोमा खोप्ने व्यक्तिले विवरण खोली सम्बन्धित सुपरिटेण्डेण्ट छेउ प्रतिवेदन गर्ने,
(ख) हरेक खोपाउने ठाउँबाट खोपेको प्रतिवेदन विफर नियन्त्रण कार्यक्रमको प्रमुख कार्यालयमा आफ्नो क्षेत्र मार्फत महिना महिनामा पेश गर्ने,
(ग) हरेक क्षेत्रको खोपाउने ठाउँबाट प्राप्त सबै फाँटवारी एकत्रित गरी समुचित प्रतिवेदन सम्बन्धित सुपरभाइजरले जोनल कार्यालयमा पेश गर्ने,
(घ) जोनल कार्यालयले प्रतिवेदन संकलन गरी विफर उन्मूलन प्रोजेक्टमा पठाउने,
(ङ) विफर उन्मूलन प्रोजेक्टमा संकलन भएको सबै प्रतिवेदन स्वास्थ्य सेवा विभाग, सरुवा रोग नियन्त्रण शाखामा पठाउने।

❒ दोस्रो संशोधनद्वारा संशोधित।



१०. खोपेको प्रमाणपत्र दिनु पर्ने : (१) हरेक खोप्ने व्यक्तिले सफल खोपेको प्रमाणपत्र दिनुपर्छ।

(२) उपनियम (१) बमोजिमको प्रमाणपत्र खोप्ने व्यक्ति बाहेक अरु डाक्टर, कम्पाण्डर, ड्रेसर, नर्स, हेल्थ असिष्टेण्ट, अक्जुलरी हेल्थ वर्कर, असिष्टेण्ट नर्स मिडवाइफ र स्वास्थ्य सेविकाहरुले खोपेमा निजहरुले पनि दिनु पर्दछ।

११. मेहनताना : (१) नियम ३ को उपनियम (३) बमोजिमको खोपाउने ठाउँमा बाहेक अन्यत्र सरकारी खोप्ने व्यक्तिलाई खोप्नको निमित्त कुनै व्यक्तिले कार्यालय समय बाहेकको समयमा बोलाएमा जान हुन्छ र त्यसरी गएकोमा निजले उपनियम (२) बमोजिमको मेहनताना स्वीकार गर्न हुन्छ।

(२) उपनियम (१) को प्रयोजनको लागि खोप्ने व्यक्तिले प्रत्येक कलको रु. १।- एक रुपैयाँ र त्यसरी बोलाउने व्यक्तिको परिवारमा प्रत्येक खोपको थप दश पैसाको दरले मेहनताना लिन पाउनेछ।

१२. खोप्ने व्यक्तिले लगाउने चिन्ह : (१) खोपको सुपरिटेण्डेण्टले लगाउने चिन्ह अनुसूची-२ बमोजिमको हुनेछ।

(२) अन्य सरकारी खोप्ने व्यक्तिले लगाउने चिन्ह अनुसूची-३ बमोजिमको हुनेछ।

## परिच्छेद-४
## विविध

❒१३. नगरपालिका वा गाउँ विकास समितिको सहयोग लिन सक्ने : यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न आवश्यक परेमा सुपरिटेण्डेण्टले नगरपालिका वा गाउँ विकास समितिको सहयोग माग्न सक्नेछ र त्यसरी सहयोग मागेमा नगरपालिका वा गाउँ विकास समितिले पनि देहायको कुरामा सहयोग दिनु पर्नेछ :-

(क) सम्बन्धित क्षेत्रका जनतालाई खोपाउने स्थानको जानकारी गराउने,
(ख) तोकिएको स्थान र समयमा सम्बन्धित क्षेत्रभित्र रहेको बालकहरुलाई उपस्थित गराउने,
(ग) खोपाउने स्थानमा नगरपालिका वा गाउँ विकास समितिको सदस्य उपस्थित भई खोप्ने काममा आवश्यक सहायता गर्ने, र
(घ) खोपाउने कार्यमा बालकहरुको संरक्षकलाई बढी से बढी सहयोग प्रदान गर्न आवश्यक प्रोत्साहन दिने।

१४. पुनरावेदन : यो नियमावलीको प्रयोग गर्दा कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो मर्का पर्ने व्यक्तिले प्रचलित कानून बमोजिम नेपाल सरकारमा पुनरावेदन गर्न सक्नेछ।

❒ दोस्रो संशोधनद्वारा संशोधित।

**अनुसूची – १**
**(नियम ३ को उपनियम (३) संग सम्बन्धित)**

**खोपाउने ठाउँको चिन्ह प्रदर्शन यस प्रकारको हुनेछ ।**

| |
|---|
| नेपाल सरकार<br><br>स्वास्थ्य सेवा विभाग विफर नियन्त्रण कार्यक्रम यहाँ बिना पैसा सबैलाई खोपाइँदै छ । |



**अनुसूची – २**
**(नियम १२ को उपनियम (१) संग सम्बन्धित)**

**खोपको सुपरिटेण्डेण्टले लगाउने चिन्ह : यो ब्याज ४ डाइमिटरको सेतो चक्काभित्र पाखुरामा खोपिराखेको चिन्ह र रातो अक्षरले नेपाल सरकार वि. नि. पा. प्रो. लेखिएको हुनेछ ।**

## अनुसूची - ३

(नियम १२ को उपनियम (२) संग सम्बन्धित)

खोपको व्यक्तिले लगाउने चिन्ह : यो ब्याज ३ चौडाईको पट्टिमा नीलो भूईमा (कपडा) चौडाईसम्म भेटिने गरी सेतो चक्काभित्र पाखुरामा खोपिराखेको चिन्ह र नीलो अक्षरले नेपाल सरकार वि. नि. पा. प्रो. लेखिएको हुनेछ ।

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



# नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२४।९।१७

संशोधन गर्ने ऐन

१. नेपाल मेडिकल काउन्सिल (पहिलो संशोधन) नियमावली, २०४७ २०४७।७।१२
२. नेपाल मेडिकल काउन्सिल (दोस्रो संशोधन) नियमावली, २०५५ २०५५।११।१७
३. नेपाल मेडिकल काउन्सिल (तेस्रो संशोधन) नियमावली, २०५७ २०५७।११।१८

नेपाल सरकारले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ३२ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरु सबै अधिकारको प्रयोग गरी देहायको नियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा –

(क) "ऐन" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० सम्झनु पर्छ ।

(ख) "दर्ता" भन्नाले ऐन बमोजिम चिकित्सकहरुको नाम दर्ता गरिने रजिष्टरमा गरिने दर्तालाई सम्झनु पर्छ ।

(ग) "स्थायी दर्ता" भन्नाले यस नियमावली बमोजिम गरिने स्थायी दर्ता सम्झनु पर्छ ।

■(घ) "अस्थायी दर्ता" भन्नाले ऐनको दफा १४ को उपदफा (२) बमोजिम गरिने अस्थायी दर्ता सम्झनु पर्छ ।

(ङ) "परिक्षण दर्ता" भन्नाले ०एक वर्षको अवधिको लागि गरिने दर्ता सम्झनु पर्छ ।

+(च) "विशेषज्ञ दर्ता" भन्नाले आधुनिक चिकित्साशास्त्रमा स्नातकोत्तर डिग्री, डिप्लोमा उपाधि प्राप्त व्यक्तिहरुको दर्ता सम्झनु पर्छ ।

(छ) "योग्यता" भन्नाले नेपाल सरकारले रजिष्टरमा नाम दर्ता गर्न ऐनको अनुसूची बमोजिम मान्यता दिएको डिग्री, डिप्लोमा, सर्टिफिकेट, लाईसेन्स वा उपाधिहरु सम्झनु पर्छ ।

×(ज) ...............

■ दोस्रो संशोधनद्वारा संशोधन भई पुन: तेस्रो संशोधनद्वारा संशोधित ।
- पहिलो संशोधनद्वारा संशोधित ।
H दोस्रो संशोधनद्वारा संशोधित ।
ò तेस्रो संशोधनद्वारा झिकिएको ।

♦(झ) "विश्वविद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भै मेडिकल फेकल्टी भएको विश्वविद्यालय वा सो सरहको शिक्षण संस्था सम्झनु पर्छ ।

♦(ञ) "फेकल्टी" भन्नाले चिकित्साशास्त्र विषयको कोर्ष सञ्चालन गर्न प्रस्तावित विषयका सम्पूर्ण विभाग वा त्यस्ता विषयसँग सम्बन्धित विज्ञहरु रहेका शैक्षिक नीति निर्माणका लागि खडा गरिएको निकाय सम्झनु पर्छ ।

## परिच्छेद–२

## चिकित्सकहरुको नाम रजिष्टरमा दर्ता गर्ने सम्बन्धी व्यवस्था

३. दरखास्त दिनु पर्ने : (१) ऐन बमोजिम योग्यता प्राप्त चिकित्सकले आफ्नो नाम दर्ता गराउन चाहेमा काउन्सिल समक्ष अनुसूची–१ बमोजिमको दरखास्त दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा देहायमा लेखिए मध्ये कुन किसिमको दर्ता गराउन चाहेको हो सो समेत लेख्नु पर्दछ :–

(क) स्थायी दर्ता,

(ख) अस्थायी दर्ता,

(ग) परीक्षण दर्ता, वा

+(घ) विशेषज्ञ दर्ता ।

(३) उपनियम (१) बमोजिम दरखास्त दिंदा देहाय बमोजिमका प्रमाणपत्रहरु समेत नत्थी गरी दरखास्त दस्तुर साथ दाखिल गर्नु पर्छ :–

(क) जुन डिग्री डिप्लोमाको आधारमा दर्ता गराउन चाहेको हो त्यसको सक्कल प्रमाणपत्र र +काउन्सिलको सदस्य वा दर्तावाला चिकित्सकहरु मध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको प्रतिलिपि, त्यस्तो सक्कल प्रमाणपत्र नाम दर्ता भए पछि वा दर्ता नहुने निर्णय भए पछि फिर्ता गरिनेछ ।

(ख) दरखास्त दिनु भन्दा ६ महिना अघि सम्ममा लिइएको पासपोर्ट साइजको दरखास्तवालाको फोटो ३ प्रति,

○(ग) नागरिकताको प्रमाणपत्र र अन्य प्रमाणपत्रको प्रतिलिपिहरु,

(घ) पेशा प्रति बफादार रहने गरी दरखास्तवालाले हस्ताक्षर गरेको अनुसूची–२ बमोजिमको प्रतिज्ञापत्र ।

*(ङ) एम.बी.बी.एस. वा बी.डी.एस. वा सो सरहको कोर्षमा भर्ना लिंदाको समयमा निजले पास गरेको डिग्रीको सक्कल र काउन्सिलका सदस्य वा दर्तावाला चिकित्सकहरु मध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको एक प्रति प्रतिलिपि ।

---

♦ तेस्रो संशोधनद्वारा थप ।

- पहिलो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा थप ।



⌘(च) काउन्सिलले तोकेका अन्य कागजात ।

४. स्थायी दर्ता : (१) नेपाल अधिराज्यभित्र स्थायी रुपले आधुनिक चिकित्साको व्यवसायमा लाग्न चाहने चिकित्सकले स्थायी दर्ता गराउन ■अनुसूची–९ मा तोकिए बमोजिमको दस्तुर साथ दरखास्त दिनु पर्छ ।

(२) मेडिकल काउन्सिलको गठन हुनु भन्दा पहिले गठन भएको नेपाल काउन्सिल प्रिपरेटरी कमिटीले गरेको दर्तालाई अन्यथा बदर गरिएमा बाहेक यस नियम बमोजिम गरिएको स्थायी दर्ता मानिनेछ ।

■५. अस्थायी दर्ता : (१) आधारभूत शैक्षिक योग्यता र काउन्सिलले तोके बमोजिमको प्रिरजिष्ट्रेशन तालिम वा इन्टर्नशीप वा हाउस जव पूरा गरेको नेपाली नागरिकले अस्थायी दर्ता गराउनको लागि काउन्सिल समक्ष निवेदन दिन सक्नेछ ।

(२) अस्थायी दर्ता सम्बन्धी दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

(३) अस्थायी दर्ता सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ ।

६. परीक्षण दर्ता : +(१) काउन्सिलले तोके बमोजिमको योग्यता प्राप्त गरी काउन्सिलले तोके बमोजिमको प्रिरजिष्ट्रेशन तालिम, इन्टर्नशीप वा हाउस जव पूरा गरी नसकेको अवस्थामा पनि काउन्सिलको परीक्षण दर्ता किताबमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ ।

✂(२) परीक्षण दर्ता दस्तुर ■अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

(३) ✦............

(४) परीक्षण दर्तावालाले काउन्सिलले तोके बमोजिमको काम तोकेको स्थानमा मात्र गर्न पाउनेछ ।

+७. विशेषज्ञ दर्ता : (१) यस नियमावली बमोजिम काउन्सिलमा स्थायी दर्ता भएको व्यक्तिले काउन्सिलले तोके बमोजिमको योग्यता हासिल गरेमा मात्र त्यस्तो व्यक्तिको नाम काउन्सिलमा विशेषज्ञको रुपमा दर्ता गरिनेछ ।

(२) विशेषज्ञ दर्ता दस्तुर, वार्षिक शुल्क नवीकरण दस्तुर र विलम्ब दस्तुर ■अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## काउन्सिलको बैठक र त्यस सम्बन्धी अन्य व्यवस्था

८. काउन्सिलको बैठक र त्यसको कार्यविधि : (१) अध्यक्षले काउन्सिलको बैठक बोलाउने छ ।

---

⌘ तेस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा संशोधित ।

H दोस्रो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा संशोधन भई पुन: दोस्रो संशोधनद्वारा संशोधित ।

✦ दोस्रो संशोधनद्वारा झिकिएको ।

H दोस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा संशोधित ।

(२) काउन्सिलको बैठक प्रत्येक वर्ष [०]साधारणतया छ पटक काठमाडौंमा हुनेछ।

(३) रजिष्ट्रारको बैठक बस्ने कम्तीमा ७ दिन अगावै कार्यसूची (एजेण्डा) सहितको सूचना पठाउनेछ ।

(४) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले काउन्सिलको बैठकको अध्यक्षता ग्रहण गर्नेछ र अध्यक्ष वा उपाध्यक्ष दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरुको बहुमतले छानिएको व्यक्तिले बैठकको अध्यक्षता ग्रहण गर्नेछ ।

[०](५) काउन्सिलको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) अध्यक्षले आवश्यक ठानेमा विशेष बैठक बोलाउन सक्नेछ । विशेष बैठक बोलाउन परे कम्तीमा [+]चौबीस घण्टाको सूचना दिनु पर्नेछ र त्यस्तो बैठकमा जुन कुराको निमित्त बैठक बोलाइएको हो सो विषय बाहेक अरु कुराको छलफल हुन सक्ने छैन ।

[*](६क) काउन्सिलको कूल सदस्य संख्याको पच्चीस प्रतिशत सदस्यले काउन्सिलको विशेष बैठक बोलाईयोस् भनी छलफलको विषय समेत उल्लेख गरी अध्यक्ष समक्ष हस्ताक्षर सहितको निवेदन दिएमा त्यस्तो निवेदन परेको मितिले सात दिनभित्र अध्यक्षले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ ।

[*](६ख) उपनियम (६क) बमोजिमको म्यादभित्र अध्यक्षले काउन्सिलको बैठक नबोलाएमा त्यस्तो म्याद समाप्त भएको मितिले सात दिनभित्र उपाध्यक्षले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ र उपाध्यक्षले पनि काउन्सिलको विशेष बैठक नबोलाएमा त्यस्तो म्याद समाप्त भएको मितिले सात दिनभित्र रजिष्ट्रारले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ ।

(७) कार्यसूचीमा समावेश नभएको कुनै विषय माथि विचार विमर्श गराउन चाहने सदस्यले बैठक बस्ने कमसेकम ३ दिन अगाडि रजिष्ट्रार छेउ लिखित सूचना दिनु पर्नेछ ।

(८) रजिष्ट्रारले उपनियम (७) बमोजिम समावेश गरिएको संशोधित कार्यसूची बैठक बस्ने २ दिन अगावै सबै सदस्यहरु समक्ष पठाउनेछ ।

तर काउन्सिलका सबै सदस्यहरुको सर्वसम्मतिले कुनै महत्वपूर्ण विषय माथि विचार विमर्श गराउनका निमित्त बैठकको कार्यसूचीमा समावेश गराउन चाहेमा जतिसुकै ढिलो गरी सूचना प्राप्त भए पनि सो विषयलाई छलफलमा राख्न अध्यक्षले अनुमति दिन सक्नेछ ।

(९) कुनै बैठकको गणपूरक संख्या बैठकको निमित्त तोकिएको समय भन्दा आधा घण्टा पछिसम्ममा पनि पूरा नभएमा सो बैठक स्थगित हुनेछ र सो बैठक फेरि अध्यक्षले तोकिदिएको स्थान र समयमा स्थगित भएको २४ घण्टा पछि

- पहिलो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा थप ।

* दोस्रो संशोधनद्वारा थप ।



जुनसुकै बेला बस्न सक्नेछ र यसरी पुनः बसेको बैठकलाई गणपूरक संख्याको आवश्यकता पर्ने छैन ।

(१०) स्थगित गरी पुनः बोलाइएको बैठकको सूचना रजिष्ट्रारले अनुपस्थित सदस्यहरुलाई पनि दिनेछ ।

(११) कुनै विषयमा एक मत नभएमा मतदान लिइने छ र बहुमतको निर्णय मान्य हुनेछ ।

(१२) मतदान लिंदा हात उठाएर वा मत दिने व्यक्तिहरु पक्ष विपक्षमा बाँडिएर वा गुप्त मतदानद्वारा लिने भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र मतदानको परिणाम अध्यक्षले सुनाउने छ ।

तर ✂काउन्सिलको बैठकमा उपस्थित बहुमत सदस्यले जुन प्रणालीको माग गर्ने छन् त्यही बमोजिमको प्रणाली नै अपनाइने छ ।

(१३) कुनै प्रस्तावलाई स्वीकृति गर्ने, अस्वीकृत गर्ने, संशोधन सहित स्वीकृत गर्ने वा स्थगित गर्ने अधिकार काउन्सिललाई हुनेछ ।

(१४) अध्यक्षले आवश्यकतानुसार सदस्यहरुलाई बैठकमा बोल्न समय तोकिदिनेछ ।

[+](१५) बैठकमा छलफल भई निर्णय भएका कुराहरु रजिष्ट्रारले बैठक बसेको अठ्चालीस घण्टाभित्र सबै सदस्यहरुको जानकारीको लागि पठाउनु पर्नेछ ।

[*](१५क) उपनियम (१५) बमोजिम प्राप्त हुन आएको निर्णयको सम्बन्धमा सदस्यहरुको कुनै प्रतिक्रिया भए सो प्राप्त भएको चौबीस घण्टाभित्र रजिष्ट्रार समक्ष आफ्नो प्रतिक्रिया पठाउनु पर्नेछ ।

[*](१५ख) उपनियम (१५क) बमोजिमको म्यादभित्र सदस्यहरुबाट कुनै प्रतिक्रिया प्राप्त नभए बैठकमा छलफल भई निर्णय भएका कुराहरु रजिष्ट्रारले निर्णय पुस्तिकामा जनाई अध्यक्षको हस्ताक्षरबाट प्रमाणित गराउनु पर्नेछ ।

[*](१५ग) उपनियम (१५क) बमोजिमको म्यादभित्र सदस्यहरुबाट कुनै प्रतिक्रिया प्राप्त भए रजिष्ट्रारले त्यस्तो प्रतिक्रियाको सम्बन्धमा अध्यक्षसँग आवश्यक परामर्श गरी अध्यक्षको निर्देशानुसार गर्नु पर्नेछ ।

[*](१५घ) काउन्सिलले अत्यन्त जरुरी भनी निर्णय गरेका विषयहरुको सम्बन्धमा उपनियम (१५), (१५क), (१५ख) र (१५ग) बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

(१६) काउन्सिल सम्बन्धी सबै कागजपत्र रजिष्ट्रार जिम्मा गोप्य रहने छ । काउन्सिलका सदस्यले त्यस्तो विवरण हेर्न वा सार्न सक्नेछ ।

(१७) रजिष्ट्रारले काउन्सिलको नीति निर्देशन भन्दा बाहिर गई काम गरेमा वा काउन्सिलको हानी नोक्सानी हुने काम जानाजानी गरेमा वा गर्न प्रयत्न गरेमा वा आफ्नो ओहदाको दुरुपयोग गरी अनुचित लाभ उठाएमा वा सो गर्न प्रयत्न गरेमा वा काउन्सिलको हित विरुद्ध हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै

✂ पहिलो संशोधनद्वारा संशोधन भई पुनः दोस्रो संशोधनद्वारा संशोधित ।

\+ दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा थप ।

काम गरेमा वा अरु कुनै अनियमित काम गरेमा निजलाई बर्खास्त गर्न वा अरु कुनै सजाय गर्नका लागि काउन्सिलले आफ्नु निष्कर्षको पूर्ण विवरण र आधारहरु खुलाई नेपाल सरकार छेउ प्रतिवेदन पेश गर्न सक्नेछ ।

नेपाल सरकारले रजिष्ट्रार माथि लागेको कुनै आरोपको जाँचबुझ गराउन निमित्त निजलाई सस्पेण्ड गर्न सक्नेछ ।

९. ▲............

+१०. समितिको गठन र अधिकार प्रत्यायोजन : (१) ऐनको दफा ११ बमोजिम काउन्सिलले देहाय बमोजिमको समिति गठन गरी त्यसरी गठन भएको समितिलाई ऐन तथा यस नियमावली बमोजिम काउन्सिलले आफूलाई प्राप्त अधिकार आफ्नो रेखदेख र निरीक्षणमा रहने गरी प्रत्यायोजन गर्न सक्नेछ :–

(क) दर्ता समिति,

(ख) योग्यता निर्धारण समिति,

(ग) व्यावसायिक आचरण तथा स्वास्थ्य समिति,

(घ) शिक्षा समिति ।

(२) उपनियम (१) बमोजिमका समितिका अतिरिक्त काउन्सिलले आवश्यक सम्झेमा अन्य दुईवटा थप समितिको गठन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

⌘(४) उपनियम (१) बमोजिम गठित समितिमा काउन्सिलले आवश्यकता अनुसार दन्त चिकित्सकको प्रतिनिधित्व हुने गरी कम्तीमा तीनदेखि पाँच जनासम्म सदस्यहरु तोक्न सक्नेछ ।

११. Ø..................

१२. ▲................

१३. काउन्सिलका कर्मचारीहरुको सेवा शर्त : रजिष्ट्रार र काउन्सिलका अरु कर्मचारीहरुको सेवा शर्त, तलब भत्ता काउन्सिलले विनियम बनाई तोकिदिए बमोजिम हुनेछ ।

*१३क. अध्यक्षको काम, कर्तव्य र अधिकार : ऐन तथा यस नियमावलीमा लेखिएका व्यवस्थाहरुको अधीनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :–

(क) काउन्सिलको बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) काउन्सिलद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

---

▲ पहिलो संशोधनद्वारा खारेज ।

⌘ तेस्रो संशोधनद्वारा थप ।

Ø तेस्रो संशोधनद्वारा खारेज ।

▲ पहिलो संशोधनद्वारा खारेज ।

* दोस्रो संशोधनद्वारा थप ।



(ग) काउन्सिलको काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारु रुपबाट सञ्चालन गर्ने,

(घ) काउन्सिलले निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने, गराउने ।

*१३ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : ऐन तथा यस नियमावलीमा लेखिएका व्यवस्थाहरुको अधीनमा रही अध्यक्षको अनुपस्थितिमा अध्यक्षले प्रयोग गरी आएको काम, कर्तव्य र अधिकारको प्रयोग उपाध्यक्षले गर्नेछ ।

१४. रजिष्ट्रारको काम र कर्तव्य : यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको देहाय बमोजिमको काम र कर्तव्य हुनेछ :–

(१) दर्ताको निमित्त पेश हुन आउने चिकित्सकहरुको दरखास्त कारबाहीका निमित्त यस नियमावली अन्तर्गत गठन हुने दर्ता समितिमा पेश गर्ने,

(२) चिकित्सकहरुको दर्ता सम्बन्धी रजिष्टर आफ्नो जिम्मामा राख्ने,

(३) नामावलीको सूचीमा कसैको नाम छुटेको पत्ता लागेमा वा कसैले सो कुराको सूचना पठाएमा आवश्यकतानुसार संशोधन गर्ने,

(४) काउन्सिलको कोषाध्यक्षको रुपमा काम गर्ने,

(५) काउन्सिलका कर्मचारीहरुको नियुक्ति वा प्रमोशन र निजहरु माथि विभागीय सजायको लागि काउन्सिल छेउ सिफारिस गर्ने,

(६) काउन्सिल प्रति उत्तरदायी भई काउन्सिलको आन्तरिक दैनिक प्रशासन सञ्चालन गर्ने,

*(६क) काउन्सिलको वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी प्रत्येक वर्षको फागुन मसान्तभित्र काउन्सिलमा पेश गर्ने,

*(६ख) काउन्सिलबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

*(६ग) काउन्सिल र काउन्सिलमा नाम दर्ता भएका चिकित्सकहरु बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

*(६घ) काउन्सिलबाट आदेश तथा निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने गराउने ।

(७) काउन्सिलसँग पूर्व परामर्श लिई नेपाल सरकारले तोकिदिएको अरु कुनै काम गर्ने ।

+१५. दर्ता किताब : (१) काउन्सिलमा स्थायी, अस्थायी, परीक्षण र विशेषज्ञको रुपमा चिकित्सकको नाम दर्ता गर्ने प्रयोजनको लागि अनुसूची–३, ४, ५ र ६ बमोजिमको ढाँचामा क्रमशः स्थायी, अस्थायी, परीक्षण र विशेषज्ञ दर्ताको छुट्टा छुट्टै दर्ता किताब राखिनेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताब नेपाली तथा अंग्रेजी भाषा दुवैमा राख्न सकिनेछ । नेपाली भाषाको दर्ता किताबमा नामको पहिलो अक्षरको र अंग्रेजी भाषाको दर्ता किताबमा थरको पहिलो अक्षरको वर्णानुक्रमानुसार दर्ता गरिनेछ ।

---

* दोस्रो संशोधनद्वारा थप ।

H दोस्रो संशोधनद्वारा संशोधित ।

+१६. दर्ता सूची प्रकाशन गर्ने : (१) काउन्सिलले प्रत्येक वर्ष काउन्सिलमा नाम दर्ता भएका चिकित्सकहरुको नाम दर्ता सूची प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित नाम दर्ता सूची प्रत्येक चार वर्षमा काउन्सिलले अद्यावधिक गरी प्रकाशन गर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ■परीक्षण दर्तावाला र दर्तावाला विदेशी नागरिक चिकित्सक चिकित्सकको नाम दर्ता सूचीमा प्रकाशन गरिनेछैन ।

१७. ▼................

१८. रजिष्टरबाट नाम झिक्ने र फेरी दर्ता गर्ने बारे : (१) कुनै पनि दर्तावाला चिकित्सकले आफ्नो नाम रजिष्टरबाट हटाउन चाहेमा दरखास्त दिई हटाउन सक्नेछ ।

तर निजले दरखास्त दिए पछि पनि निज उपर ऐन नियम बमोजिम कुनै कारबाही चलाई सजायको रुपमा रजिष्टरबाट नाम हटाउन कुनै बाधा हुने छैन ।

(२) यसरी आफूखुसी नाम हटाएको चिकित्सकले पुनः दरखास्त गरी पूरा दस्तुर तिरेमा फेरी आफ्नो नाम दर्ता गर्न सक्नेछ ।

(३) ऐनको दफा १३ को उपदफा (२) को अवस्था परी नाम हटाइएको अवस्थामा फेरी दरखास्त दिई नाम दर्ता गर्न चाहने चिकित्सकबाट नियम बमोजिम पूरा दस्तुर लिई निजको नाम दर्ता गरिनेछ ।

(४) ऐनको दफा १७ को उपदफा (१) बमोजिम रजिष्टरबाट नाम हटाइएको चिकित्सकले सो नाम हटाइएको मितिले २ वर्ष पछि चरित्र सुधार्ने प्रतिज्ञा गरी फेरी नाम दर्ता गर्नको निमित्त दरखास्त दिन सक्नेछ । काउन्सिलले पनि उसको अपराध वा आचरणको विचार गरी चरित्रको सुधार भए नभएको र हुन सक्ने नसक्ने कुरा तर्फ विचार गरी दर्ता गर्ने सम्बन्धमा निर्णय गर्नेछ र नाम दर्ता गर्ने निर्णय भएमा नियम बमोजिम पूरा दस्तुर लिई निजको नाउँ दर्ता गरिनेछ ।

(५) उपनियम (४) बमोजिम दिएको दरखास्त स्वीकृत नभएमा १ वर्ष बिते पछि फेरी दरखास्त दिन सक्नेछ ।

१९. काउन्सिलका सदस्यले राजीनामा गरेमा वा खाली भएमा गर्ने : +(१) काउन्सिलको कुनै सदस्यले आफ्नो पदबाट राजीनामा गर्न चाहेमा निर्वाचित सदस्यले अध्यक्ष समक्ष र नेपाल सरकारबाट मनोनीत सदस्यले अध्यक्ष मार्फत नेपाल सरकार समक्ष राजीनामा दिन सक्नेछ ।

(२) कुनै सदस्यको स्थान निजले राजीनामा दिएर, निजको मृत्यु भएर वा ऐन बमोजिम सदस्य रहन नसक्ने कारण परी रिक्त हुन गएमा निजले काउन्सिलको सदस्यता अघि जसरी प्राप्त गरेको थियो त्यसै गरी सो रिक्त स्थानको पूर्ति यथाशीघ्र गरिनेछ ।

---

H दोस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा संशोधित ।

▼ दोस्रो संशोधनद्वारा खारेज ।



२०. काउन्सिलको कोष र त्यसको सञ्चालन : (१) काउन्सिलको कोषमा निम्न लिखित रकमहरु रहनेछन् :–

(क) काउन्सिललाई दरखास्त दस्तुरबाट प्राप्त हुन आउने रकम,

(ख) कुनै संस्था वा व्यक्तिले काउन्सिलको नीति वा उद्देश्यमा बाधा नपर्ने गरी दिएको शर्तरहित रकम (नगद वा जिन्सी),

(ग) काउन्सिलले कुनै पुस्तक पत्रिकाहरु छपाई बिक्री गरी उठाएको रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान, र

+(ङ) अन्य स्रोतबाट प्राप्त गरेको रकम,

तर काउन्सिलले गैर नेपाली नागरिक, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यसरी प्राप्त गरेको रकम जुन कामको लागि प्राप्त गरेको हो सोही कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

+(२) काउन्सिलको कोषको सञ्चालन विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) काउन्सिलको आर्थिक वर्ष प्रत्येक वर्षको आषाढ मसान्तमा समाप्त हुनेछ ।

(४) ✦..............

(५) काउन्सिलले नियुक्त गरेको लेखापरीक्षकद्वारा आर्थिक वर्ष समाप्त गरेको ३ महिनाभित्र हिसाब जाँच गराउन पर्नेछ ।

(६) काउन्सिलले लेखापरीक्षण सम्बन्धी प्रतिवेदनको प्रतिलिपि नेपाल सरकार समक्ष पेश गर्नु पर्छ ।

२०क. मेडिकल कलेजलाई काउन्सिलले मान्यता दिने आधार : (१) ऐनको दफा ७क. को उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि मेडिकल कलेजले देहाय बमोजिमको न्यूनतम मापदण्ड तथा पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :–

(क) गैर सरकारी वा नीजि क्षेत्रबाट सञ्चालन गरिने मेडिकल कलेज भए प्रचलित कानून बमोजिम स्थापना र दर्ता भएको,

(ख) मेडिकल कलेज र शिक्षण अस्पताल एकै स्थानमा वा एक अर्कालाई पायक पर्ने स्थानमा स्थापना भएको,

(ग) विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको,

(घ) चिकित्साशास्त्र सम्बन्धी मेडिकल वा डेण्टल विषयको स्नातक स्तरको कोर्ष सञ्चालन गर्न देहाय बमोजिमको शैक्षिक तथा भौतिक पूर्वाधार पूरा गरेको:–

(१) आधारभूत विज्ञानतर्फको एनाटोमी, फिजियोलजी, प्याथोलजी, फर्माकोलजी, माइक्रोबायोलजी, बायोकेमिष्ट्री र समुदाय चिकित्सा विभागतर्फ पर्याप्त शिक्षक, शैक्षिक सामग्री, औजार, उपकरणको व्यवस्था भएको,

---

H दोस्रो संशोधनद्वारा संशोधित ।

✦ दोस्रो संशोधनद्वारा झिकिएको ।

दोस्रो संशोधनद्वारा थप भई तेस्रो संशोधनद्वारा संशोधित ।

(२) शैक्षिक, प्रशासनिक र आवासीय भवनहरुको पर्याप्त व्यवस्था भएको,

(३) चिकित्सा विषय सम्बन्धी पुस्तकालय स्थापना गरेको,

(४) स्नातक तहको मेडिकल कोर्ष सञ्चालनको लागि प्रस्तावित मेडिकल कलेजको कम्तीमा पचहत्तर रोपनी आफ्नो स्वामित्व भएको जग्गा र स्नातक तहको डेन्टल कोर्ष सञ्चालन गर्न प्रस्तावित मेडिकल कलेजको कम्तीमा चालीस रोपनी आफ्नो स्वामित्वको जग्गा भएको,

(५) एम.बी.बी.एस. कोर्ष सञ्चालनको लागि कम्तीमा तीन सय शैयाको चालू जनरल अस्पतालको व्यवस्था भएको तथा डेन्टल कोर्ष सञ्चालनको लागि कम्तीमा एकसय शैयाको चालू जनरल अस्पताल, पच्चीस युनिट डेन्टल चियर सहित दन्त रोग सम्बन्धी कम्तीमा तीन विषयमा विशेषज्ञ सेवा भएको अस्पतालको व्यवस्था भएको,

(६) शैक्षिक, प्रशासनिक एवं शिक्षण अस्पताल र आवासीय भवन निर्माण र विस्तारको पूर्व योजना तयार भएको ।

(२) चिकित्साशास्त्रका मेडिकल वा डेन्टल विषयको स्नातकोत्तर कोर्ष सञ्चालन गर्नु पूर्व स्नातक तहको मेडिकल वा डेन्टल कोर्षहरु सञ्चालन गरी प्रथम समूहका विद्यार्थीहरुले कोर्ष पूरा गरिसकेको हुनु पर्नेछ ।

(३) काउन्सिलले मेडिकल वा डेन्टल कलेजमा गुणस्तरीय शिक्षाको लागि आवश्यक शिक्षक, शैक्षिक सामग्री, औजार, उपकरण, अस्पताल र अन्य आवश्यक पूर्वाधारहरु सम्बन्धमा विनियम बनाई व्यवस्था गर्न सक्नेछ ।

(४) यस नियममा उल्लिखित पूर्वाधार र मापदण्डहरु मेडिकल वा डेन्टल कलेजले प्रस्तावित कोर्ष शुरु गर्नु अगावै पूरा गरेको हुनु पर्नेछ र मेडिकल कलेज सञ्चालन गर्ने संस्थाले काउन्सिलले तोके बमोजिम क्रमबद्ध रुपमा पूर्वाधार विकास गर्दै जानु पर्नेछ ।

⌘२०ख. निरीक्षण : (१) काउन्सिलले मेडिकल कलेजको पूर्वाधार विकास गुणस्तरीय चिकित्सा शिक्षाको अनुगमन, मूल्याङ्कन र परीक्षा निरीक्षणको लागि विशेषज्ञ निरीक्षकहरुको छुट्टाछुट्टै निरीक्षण टोलीहरु गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निरीक्षण टोलीमा काउन्सिलले आवश्यकता अनुसार तीनदेखि सात जनासम्म निरीक्षकहरु तोक्न सक्नेछ ।

(३) निरीक्षण टोलीलाई सहयोग गर्नु र टोलीले माग गरेको सम्पूर्ण विवरण उपलब्ध गराउनु सम्बन्धित मेडिकल कलेजको दायित्व हुनेछ ।

(४) निरीक्षण टोलीले सम्बन्धित मेडिकल कलेज निरीक्षण गरेको पन्ध्र दिन भित्र अनुसूची–७ बमोजिमको ढाँचामा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी काउन्सिल समक्ष पेश गर्नु पर्नेछ ।

⌘ तेस्रो संशोधनद्वारा थप ।



(५) ऐनको दफा २१ख. बमोजिम परीक्षा निरीक्षणको लागि विश्वविद्यालय स्तरीय वार्षिक परीक्षाको मिति तोकिनासाथ काउन्सिललाई सम्बन्धित मेडिकल कलेजले लिखित सूचना पठाउनु पर्नेछ ।

⌘२०ग. कोर्ष सञ्चालन र मान्यता : (१) नियम २०ख. को उपनियम (४) बमोजिम निरीक्षण टोलीले पेश गरेको निरीक्षण प्रतिवेदनको आधारमा सम्बन्धित मेडिकल कलेजले भर्ना लिन सक्ने अधिकतम विद्यार्थी संख्या समेत निर्धारण गरी एक शैक्षिक वर्षको अवधिको लागि काउन्सिलले परीक्षण मान्यता प्रदान गर्न सक्नेछ ।

(२) परीक्षण मान्यता प्राप्त मेडिकल कलेजले प्रत्येक वर्ष विद्यार्थी भर्ना लिनु पूर्व काउन्सिलद्वारा त्यस्तो कलेजको निरीक्षण गराई परीक्षण मान्यता र विद्यार्थी भर्ना संख्या नवीकरण गर्नु पर्नेछ ।

(३) परीक्षण मान्यता प्राप्त गरी प्रथम समूहका विद्यार्थी उत्पादन गरी सकेका सम्बन्धित मेडिकल कलेजलाई काउन्सिलले कुनै खास अवधिको लागि पूर्ण मान्यता प्रदान गर्न सक्नेछ ।

(४) नियम २०ख. को उपनियम (४) बमोजिम निरीक्षण टोलीले काउन्सिल समक्ष पेश गरेको निरीक्षण प्रतिवेदन र सो प्रतिवेदनको आधारमा काउन्सिलले गरेको निर्णयहरु काउन्सिलले आवधिक रुपमा नेपाल सरकार, सम्बन्धित मेडिकल कलेज र त्यस्तो मेडिकल कलेजले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

⌘२०घ. मेडिकल कलेज सञ्चालन गर्ने स्वीकृति खारेजीको लागि सिफारिस : (१) काउन्सिलले मान्यता प्रदान गरेका मेडिकल कलेजले काउन्सिलले तोकेको अवधिभित्र मापदण्ड तथा पूर्वाधार पूरा गर्न नसकेमा वा त्यस्तो मेडिकल कलेजको परीक्षण वा पूर्ण मान्यता खारेज भएमा काउन्सिलले नेपाल सरकार समक्ष त्यस्तो मेडिकल कलेज सञ्चालन गर्न नेपाल सरकारले दिएको स्वीकृति खारेजीको लागि सिफारिस गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिकल कलेजको स्वीकृति खारेजीको लागि सिफारिस गर्नु पूर्व काउन्सिलले सम्बन्धित मेडिकल कलेजलाई उचित म्याद दिई निरीक्षण टोलीले पेश गरेको निरीक्षण प्रतिवेदन बमोजिम नेपाल सरकारबाट त्यस्तो मेडिकल कलेज सञ्चालन गर्न प्राप्त गरेको स्वीकृति खारेजीको लागि नेपाल सरकार समक्ष किन सिफारिस गर्नु नपर्ने हो भन्ने व्यहोराको स्पष्टीकरण माग गर्नेछ ।

(३) उपनियम (२) बमोजिम काउन्सिलले माग गरे बमोजिम स्पष्टीकरण पेश हुन नआएमा वा पेश भएको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा निरीक्षण प्रतिवेदनको आधारमा काउन्सिलले त्यस्तो मेडिकल कलेज सञ्चालन गर्न उपयुक्त छैन भनी नेपाल सरकार समक्ष स्वीकृति खारेजीको लागि आफ्नो निर्णय सहित सिफारिस पेश गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश गरेको सिफारिस प्राप्त भएपछि नेपाल सरकारले आवश्यक देखेमा उचित म्याद दिई सम्बन्धित मेडिकल कलेजसँग पुनः स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी र अरु कुनै थप जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको

आधारमा नेपाल सरकारले त्यस्तो मेडिकल कलेजको सञ्चालनको स्वीकृति खारेजी गर्न सक्नेछ ।

⌘२०ङ. दर्ता प्रमाणपत्र परीक्षा : (१) ऐनको दफा ७क. को उपदफा (१) को खण्ड (घ) को प्रयोजनको लागि काउन्सिलले दर्ता प्रमाणपत्र परीक्षा लिनेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा देहायको कुनै एक वा एकभन्दा बढी तरिकाबाट सञ्चालन गर्न सकिनेछ :–

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा, र

(ग) अन्तर्वार्ता ।

(३) दर्ता प्रमाणपत्र परीक्षा दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

(४) दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ ।

(५) दर्ता प्रमाणपत्र परीक्षा उत्तीर्ण गरेको चिकित्सकको नाम ऐन र यस नियमावलीमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रहि दर्ता गरिनेछ ।

⌘२०च. विशेष परीक्षा : (१) ऐनको दफा २१घ. को प्रयोजनको लागि काउन्सिलले तोकेको पाठ्यक्रमको आधारमा विशेष परीक्षा लिन सक्नेछ ।

(२) विशेष परीक्षामा लिखित परीक्षा अनिवार्य हुनेछ तथा काउन्सिलले आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र अन्य किसिमको परीक्षा पनि लिन सक्नेछ ।

(३) विशेष परीक्षा दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

(४) विशेष परीक्षा सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ ।

⌘२०छ. परीक्षा सञ्चालन समिति : नियम २०ङ. र २०च. बमोजिम दर्ता प्रमाणपत्र परीक्षा र विशेष परीक्षा सञ्चालनको लागि काउन्सिलले कम्तीमा पाँच सदस्यीय परीक्षा सञ्चालन समिति गठन गर्नेछ ।

२१. मुद्दा चलाउने प्रस्ताव पारित गर्ने सम्बन्धी कार्यविधि : (१) ऐनको ■दफा २८ को खण्ड (क) अनुसार मुद्दा चलाउने प्रस्ताव पारित गरी नेपाल सरकार छेउ पेश गर्नु भन्दा अघि मनासिव माफिकको मौका दिई सम्बन्धित व्यक्ति वा संस्थाको भनाई वा प्रतिकृया माथि विचार गर्नु काउन्सिलको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारले उपनियम (१) अन्तर्गतको प्रस्ताव प्राप्त भए पछि आरोपको पुनः छानबिन गराउन सक्नेछ ।

*२१क. निर्वाचन सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ४ उपदफा (१) को ■खण्ड (ख) र (च) बमोजिम काउन्सिलमा रहने सदस्यको निर्वाचन सामान्य बहुमतको आधारमा हुनेछ ।

---

⌘ तेस्रो संशोधनद्वारा थप ।

⌘ तेस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा थप ।



(२) ×.............

⌘२१ख. निर्वाचन समिति : (१) काउन्सिलले एकजना प्रमुख निर्वाचन अधिकृतको अध्यक्षतामा अन्य दुई जना निर्वाचन अधिकृत भएको तीन सदस्यीय निर्वाचन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निर्वाचन समिति निर्वाचनको परिणाम प्रकाशन भएपछि स्वतः विघटन हुनेछ ।

(३) यस नियमावली बमोजिम निर्वाचन सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च काउन्सिलको कोषबाट व्यहोरिनेछ ।

(४) निर्वाचन समिति सम्बन्धी अन्य कार्यविधि काउन्सिलले तोके बमोजिम हुनेछ ।

⌘२१ग. मतदाता : (१) निर्वाचन समिति गठन हुनुभन्दा अघि काउन्सिलमा नाम दर्ता भएका चिकित्सकहरु काउन्सिलको निर्वाचनको लागि मतदानमा भाग लिन सक्नेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षण दर्तावाला र दर्तावाला विदेशी नागरिक चिकित्सकले काउन्सिलको निर्वाचनमा मतदान गर्न पाउने छैनन् ।

⌘२१घ. निर्वाचित भएको मानिने : (१) एक पदको लागि निर्वाचन भएको अवस्थामा निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

(२) एकभन्दा बढी संख्याको पदमा निर्वाचन भएको अवस्थामा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु क्रमशः निर्वाचित भएको मानिनेछ ।

(३) निर्वाचन गर्नु पर्ने पद संख्या बराबर वा सो भन्दा कम संख्यामा निर्वाचनको लागि उम्मेदवार खडा भएमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिनेछ ।

(४) कुनै उम्मेदवारहरुले प्राप्त गरेको सदर मत बराबर भएमा निर्वाचन अधिकृतले बराबर मत प्राप्त गर्ने उम्मेदवार बीच गोला हाली निर्णय गर्नु पर्नेछ । त्यसरी गोलाद्वारा छानिएको उम्मेदवारले एकमत बढी प्राप्त गरेको मानिनेछ ।

⌘२१ङ. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार : (१) निर्वाचनको लागि मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा दावी विरोधको सुनुवाई गर्ने, अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, उम्मेदवारको मनोनयन पत्र जाँच्ने, मनोनयन पत्रमा दावी विरोधको सुनुवाई गर्ने, मतदान केन्द्र तोक्ने, मतदान गराउने, मत गणना गर्ने र निर्वाचनको परिणाम घोषणा गर्ने जस्ता निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकारको प्रयोग निर्वाचन समितिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन समितिले आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा निर्वाचन सम्बन्धी फारामहरुको ढाँचा तोक्न, निर्वाचनको लागि आवश्यक निर्देशिका जारी गर्न र निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने व्यक्तिहरुलाई काममा लगाउन सक्नेछ ।

(३) निर्वाचन सम्बन्धी अन्य कार्यविधि निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

---

ó तेस्रो संशोधनद्वारा झिकिएको ।

## ⌘परिच्छेद–३क

### विदेशी नागरिक चिकित्सकको नाम दर्ता सम्बन्धी व्यवस्था

२१च. दर्ता किताब नाम दर्ता गराउने : (१) कुनै विदेशी नागरिक चिकित्सकले निश्चित अवधिको लागि नेपाल अधिराज्यभित्र कुनै अस्पताल वा मेडिकल कलेजमा चिकित्सा व्यवसाय गर्नको लागि काउन्सिलले तोके बमोजिमको ढाँचामा दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा विदेशी नागरिक चिकित्सकले राहदानी र प्रवेशाज्ञा तथा राहदानी र प्रवेशाज्ञा आवश्यक नपर्ने मुलुकको विदेशी नागरिक चिकित्सक भए निजको परिचय जनिने गरी सरकारी निकायबाट जारी भएको परिचयपत्रको काउन्सिलको सदस्य वा स्थायी दर्तावाला चिकित्सकमध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको प्रतिलिपि दरखास्तसाथ संलग्न गर्नु पर्नेछ।

(३) विदेशी नागरिक चिकित्सकले निज कार्यरत रहेको देशको मेडिकल वा डेन्टल काउन्सिल वा सो सरहका व्यावसायिक परिषद्बाट प्राप्त गरेको असल चिकित्सक आचरणको प्रमाणपत्र र निजले जुन अस्पताल वा मेडिकल कलेजमा काम गर्न चाहेको हो सो अस्पताल वा मेडिकल कलेजको प्रमुख र नेपाल सरकारले निजले सो अस्पताल वा मेडिकल कलेजमा काम गर्नु पर्ने कारण, अवधि आदि खुलाई निजको नाम दर्ताको लागि गरिदिएको सिफारिसपत्रको सक्कल र काउन्सिलको सदस्य वा स्थायी दर्तावाला चिकित्सकमध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको सो सिफारिसपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ।

तर विदेशी नागरिक चिकित्सकलाई चिकित्सा व्यवसायमा संलग्न गराउन नेपाल सरकारसँग लिखित सम्झौता गरेका वा नेपाल सरकारबाट सहमति प्राप्त गरेका अस्पताल वा मेडिकल कलेजको हकमा त्यस्तो सम्झौता वा त्यस्तो सम्झौताको म्यादसम्म वा सहमति प्राप्त गरेको अवधिका लागि नेपाल सरकारको छुट्टै सिफारिसपत्र पेश गर्नु पर्ने छैन।

(४) विदेशी नागरिक चिकित्सकको नाम दर्ता बढीमा एक वर्षको लागि मात्र गरिनेछ। तर काउन्सिलले आवश्यक देखेमा एक पटकमा बढीमा एक वर्ष ननाघ्ने गरी दर्ता नवीकरण गरिदिन सक्नेछ।

(५) विदेशी नागरिक चिकित्सकको नाम दर्ता अनुसूची–८ मा तोकिए बमोजिमको दर्ता किताबमा गरिनेछ।

(६) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्तावाला विदेशी नागरिक चिकित्सक कार्यरत रहेको अस्पताल वा मेडिकल कलेजमा निजको सेवा अवधि समाप्त भएमा वा निजले उक्त अस्पताल वा मेडिकल कलेजमा काम गर्न छाडेमा निजको नाम दर्ता स्वतः खारेज भएको मानिनेछ।

(७) विदेशी नागरिक चिकित्सकको नाम दर्ता तथा दर्ता नवीकरण दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ।

⌘ तेस्रो संशोधनद्धारा थप।



(८) यो नियमावली प्रारम्भ हुनु अगाडि विदेशी नागरिक चिकित्सकको नाम दर्ता भएको रहेछ भने स्वतः यो नियमावली बमोजिम नाम दर्ता भएको मानिनेछ।

(९) विदेशी नागरिक चिकित्सकको नाम दर्ता सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ।

## परिच्छेद–४

### विविध

२२. चिकित्सकको ■आचार संहिता : (१) रोगी र रोगीका परिवारका सदस्यहरु प्रति दर्तावाला ■चिकित्सकको आचार संहिता देहाय बमोजिम हुनेछ :–

(क) आफ्नो बुद्धि र क्षमताले भ्याएसम्म उचित निदान गरी रोगको उपचार गर्ने,

(ख) आफ्नो उचित पारिश्रमिक, औषधि र सामान तथा उपकरणहरुको लाग्दो खर्च बाहेक अनुचित तरिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अरु आर्थिक लाभ नउठाउने,

(ग) आफूले +आफ्नो शक्ति, ज्ञान, शिप र अनुभवले कुनै रोगको उपचार गर्न नसक्ने जस्तो लागेमा उपलब्ध हुन सकेसम्म कुनै विशेषज्ञसँग सल्लाह लिई गर्ने र अवस्था हेरी रोगीको उपचार हुन सकेसम्म विशेषज्ञबाट गराउनु पर्छ भन्ने कुराको सल्लाह स्पष्ट रुपमा उपचार गराउने रोगी वा रोगीका परिवारका भरपर्दो सदस्यहरुलाई दिने अथवा अस्पताल जस्ता संस्थामा सिफारिस गर्ने,

(घ) रोगीलाई वा निजका परिवारका सदस्यलाई उचित देखिएमा रोगको कडाईको सूचना दिने,

तर आर्थिक वा अन्य कुनै किसिमको उद्देश्य राखी मामूली रोगलाई कडा बनाउने छैन।

(ङ) निम्नलिखित अवस्थामा बाहेक आफूले उपचार गरेको +रोगीलाई आफ्नो उपचारबाट वञ्चित नगराउने :–

(१) पारिश्रमिक दिन अस्वीकार गरेमा,

(२) आफूले भनेको औषधि नगरेमा,

+(३) आवश्यक नपरेका औषधिहरु लेख्न चिकित्सकलाई दबाब दिएमा वा लेख्न बाध्य बनाएमा।

(४) कुनै रुपबाट आफूलाई अनैतिक काम गराउन खोजेमा।

(च) रोगीलाई कडा रोग लागेको कारणले बराबर हेरविचारको जरुरत छ भन्ने थाहा भए पछि आफ्नो अनुपस्थितिमा पनि पाएसम्म यस किसिमका चिकित्सकलाई देखाउ भनी परिवारका सदस्य वा हेरविचार गर्ने मानिसलाई विस्तृत रुपमा बताई आवश्यक परेमा आफूलाई खबर दिन सक्ने गरी आफू रहने सम्भावित ठाउँहरु समेत बताएर मात्र छाड्ने,

■ तेस्रो संशोधनद्वारा संशोधित।

H दोस्रो संशोधनद्वारा संशोधित।

(छ) रोग र रोगीको हेरचाह गर्ने प्रति भद्र व्यवहार गरी आफ्नो ज्ञान, बुद्धि र अनुभवले पुगेसम्म विचार पुऱ्याई निदान र उपचारमा उपेक्षा वा हेलचक्राई नगर्ने,

(ज) कसैलाई विरामीको वा निरोगिताको भुट्टा प्रमाणपत्र नदिने कसैको पक्षमा वा विपक्षमा भुट्टा साक्षी नबक्ने, प्रमाण नदिने वा वक्तव्य नदिने,

(झ) अदालतको आदेशले कानून बमोजिम बताउनु पर्ने जति कुरा बाहेक आफ्नो रोगीले विश्वास गरी बताएको निजसँग सम्बन्धित कुनै गुप्त कुराहरुलाई नबताउने,

(ञ) स्वास्थ्यको कारणले बाहेक अरु अवस्थामा गर्भपात नगराउने स्वास्थ्यको कारण छ भने तापनि अर्को चिकित्सकको समेत राय लिई निजको रायमा पनि गर्भपात नगराएमा +गर्भवतीको ज्यान खतरामा छ वा जन्मने बच्चा अपाहिज बन्ने सम्भावना छ वा गर्भवती महिलाको मानसिक सन्तुलन खराब हुने सम्भावना छ भन्ने कुरामा एक मत भएमा मात्र गर्भपात गराउने, तर यसबाट कानून विरुद्ध कुनै काम गर्ने अधिकार भएको मानिने छैन ।

(ट) कुनै उपचार गर्दा तत्सम्बन्धी दुर्घटना हुन गएमा आफूले सक्दो मेहनत र बुद्धि लगाई रोगीको प्राण वा अंग बचाउने उपाय गर्ने अरु विशेषज्ञको सेवा प्राप्त हुन सक्ने रहेछ भने निजको सहयोग लिई त्यस अवस्थामा परेको रोगीलाई उत्तरदायित्व लिई यथासम्भव उपचार गर्ने,

(ठ) लागू पदार्थ खाई रोगीको उपचार नगर्ने ।

(२) दर्तावाला चिकित्सकको सहकारी प्रतिको ■आचार संहिता देहाय बमोजिमको हुनेछ :–

(क) आफ्ना सहकारीहरुलाई शब्दले अथवा अरु कुनै व्यवहारबाट होच्याउने वा अपमान नगर्ने,

(ख) आफ्नो नाम चलाउने अथवा धन कमाउने उद्देश्यले कुनै परिचय पाटी वा प्याडमा आफ्नो नाम, पाएको डिग्री डिप्लोमा र कुनै पद पाएको छ भने त्यो बाहेक अरु कुनै कुरा नलेख्ने,

तर कुनै किताब लेखेको छ र सो किताब सर्वसाधारणलाई नभै चिकित्सक वा तत्सम्बन्धी व्यक्तिको लागि मात्र लेखिएको छ भने सो किताबमा अरु पाएको कुनै उपाधिहरु लेख्न भने कुनै वाधा हुने छैन ।

(ग) बानी बस्ने औषधि आफूले सेवन नगर्ने तथा सहकारी र अरुलाई समेत बानी बस्ने गरी सकेसम्म सेवन नगराउने,

(घ) योग्यता नभएका व्यक्तिलाई उपचार वा त्यस सम्बन्धी काम गर्न र गराउन मद्दत नगर्ने,

(ङ) कसैलाई आफ्नो पारिश्रमिकको हिस्सा कबोली आफू कहाँ विरामी ल्याउने प्रत्यक्ष वा अप्रत्यक्ष रुपले एजेण्ट नबनाउने ।

---

H दोस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा संशोधित ।



२३. सजाय र अन्य कारबाही : (१) काउन्सिलले नियम २२ मा उल्लेख गरिएको ■आचार संहिताको उल्लंघन गर्ने र आफ्नो अपराध ढाँट्ने चिकित्सक माथि कारबाही चलाई निजको नाम रजिष्टरबाट हटाउन रजिष्ट्रारलाई आदेश दिनेछ ।

(२) काउन्सिलले चिकित्सकलाई स्वयं उपस्थित भई वा वकील पठाई आफ्नो सफाईको सबुत दिने मौका दिनेछ ।

तर आरोप लागेका चिकित्सकले तोकिएको म्यादभित्र आफू नआएमा वा वकील पनि नपठाएमा एकतर्फी निर्णय हुनेछ ।

(३) सजायको निमित्त चलाइने कारबाहीमा सम्बन्धित चिकित्सक, निजतर्फको वकील, काउन्सिलका सदस्य तथा कर्मचारी र काउन्सिलका तर्फबाट आएका सल्लाहकार बाहेक अरु उपस्थित हुन पाउने छैनन् ।

(४) रजिष्टरबाट नाम हटाउने गरी भएको निर्णयको सूचना रजिष्ट्रारले सम्बन्धित व्यक्ति, संस्था र कार्यालयलाई दिनेछ ।

(५) काउन्सिल ऐनको दफा १७ (१) र दफा २० अनुसार कुनै दर्तावाला चिकित्सकको नाम रजिष्टरबाट हटाउनु भन्दा अघि निजलाई आफ्नो भनाई पेश गर्ने मनासिव माफिकको मौका दिनेछ ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट सजाय पाएकोमा त्यस्तो मौका दिई रहनु पर्ने छैन ।

२४. पुनरावेदन : (१) रजिष्ट्रारले गरेको निर्णय वा काम कुरामा ऐन बमोजिम काउन्सिलमा पेश भएको पुनरावेदनमा त्यस्तो पुनरावेदक (अपील गर्ने व्यक्ति) काउन्सिलको सदस्य रहेछ भने सो सदस्य र रजिष्ट्रार दुवैलाई उपस्थित गराई काउन्सिलको बैठकमा छलफल गरी निर्णय गरिनेछ ।

तर–

काउन्सिलका अध्यक्षले त्यस्तो बैठकको सूचना कमसेकम एक महिना अगाडि रजिष्ट्रार र पुनरावेदकलाई दिनु पर्नेछ ।

(२) काउन्सिलले उपनियम (१) अन्तर्गत बस्ने बैठकको सूचनामा तोकिएको दिन रजिष्ट्रार वा पुनरावेदक कोही उपस्थित नभए पनि आफ्नो निर्णय दिन सक्नेछ ।

२५. प्रमाणपत्र दिने सम्बन्धी व्यवस्था : (१) दर्तावाला चिकित्सकले ऐनको दफा २९ अन्तर्गत प्रमाणपत्र दिंदा यस्तो प्रत्येक प्रमाणपत्र तत्सम्बन्धमा काउन्सिलले तोकिदिए बमोजिमको रजिष्टरमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको जन्मको प्रमाणपत्रको आधारमा मात्र कसैको नागरिकता निश्चित भएको मानिने छैन ।

## ■अनुसूची-१
**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**
**दरखास्त नमूना**

| |
|---|
| पासपोर्ट साईजको (हालसालै खिचिएको श्याम श्वेत फोटो) |

श्री रजिष्ट्रार,
नेपाल मेडिकल काउन्सिल,
काठमाडौं, नेपाल ।
महोदय,

मेरो नाम नेपाल मेडिकल काउन्सिलको दर्ता किताबमा नियमानुसार स्थायी/अस्थायी/परीक्षण/विशेषज्ञ दर्ता गराउन यो निवेदन पेश गरेको छु । कृपया मेरो नाम काउन्सिलको दर्ता किताबमा दर्ता गरी त्यसको प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु । मैले प्राप्त गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्कपत्र, नागरिकता र अन्य प्रमाणपत्रहरुको सक्कल र सो को प्रमाणित प्रतिलिपिहरु, हालसालै खिचिएको पासपोर्ट साइजको श्याम श्वेत फोटो तीन प्रति तथा निवेदन दस्तुर ........... रुपैयाँको बैङ्क भौचर यसै साथ संलग्न गरेको छु ।

दरखास्तवालाको पूरा नाम :-
स्थायी ठेगाना :- दरखास्तवालाको,
अस्थायी ठेगाना :- दस्तखत :-
बाबुको नाम :- मिति :-
बाजेको नाम :-
प्रस्तावित काम गर्ने ठाउँ :-
प्राप्त गरेको शैक्षिक तथा अन्य उपाधिहरु :- (१)
(२)
(३)
(४)
शैक्षिक तथा अन्य उपाधिहरु प्रदान गर्ने संस्था :-
प्राप्त गरेको साल :-
अरु कुनै व्यावसायिक परिषद्मा नाम दर्ता भएको भए त्यस्तो परिषद्को नाम र ठेगाना :-
निवेदकले प्रेस्क्रिप्सनमा गर्ने दस्तखतको नमूना :-
मिति :-
परिचय :- (काउन्सिलको सदस्य । स्थायी दर्तावाला चिकित्सकबाट) :-

मैले निवेदक डा. .................. लाई राम्रोसँग चिन्दछु । निजले दिएको विवरण ठीक छ, फरक परेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

प्रमाणित गर्नेको,
नाम :-
दस्तखत :-
दर्ता नं. :-
ठेगाना :-
मिति :-

---

■ तेस्रो संशोधनद्वारा संशोधित ।



## ■अनुसूची-२
**(नियम ३ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)**
**प्रतिज्ञापत्र**

म श्री ...................................................... ले नेपाल मेडिकल काउन्सिल ऐन, नियम तथा विनियम एवं प्रचलित अन्य कानूनको अधीनमा रही चिकित्सकको हैसियतले आफूले पालना गर्नु पर्ने सबै काम र कर्तव्य इमान्दारी साथ पालना गर्ने प्रतिज्ञा गर्दै यो प्रतिज्ञापत्र प्रस्तुत गरेको छु । मैले नेपाल मेडिकल काउन्सिल ऐन, नियम, विनियम तथा पेशागत आचरण र अन्य प्रचलित कानूनले निर्दिष्ट गरेको चिकित्सकको काम, कर्तव्य र आचार संहिता विपरीत काम गरेमा कानून बमोजिम कारबाही हुन मेरो मन्जुरी छ ।

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

---

■ तेस्रो संशोधनद्वारा संशोधित ।

## *अनुसूची-३
### (नियम १५ को उपनियम (१) सँग सम्बन्धित)
### स्थायी दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालिम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर<br>देवनागरीमा:-<br>अंग्रेजीमा :-<br>बाजेको नाम :-<br>बाबुको नाम :-<br>लिङ्ग :-<br>राष्ट्रियता :-<br>जन्म स्थान :-<br>जन्म मिति :-<br>साल .........<br>महिना ........<br>गते ......... | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल/गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फ्याक्स नं.<br>पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप शुरु र पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल | उपाधि दिने संस्थाको नाम र ठेगाना<br>इर्न्टर्नशीप पूरा गरेको संस्थाको नाम र ठेगाना | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |

**विवरण भर्नेको सही    रुजु गर्नेको सही    सम्बन्धित चिकित्सकको सही    रजिष्ट्रारको सही**

---

* दोस्रो संशोधनद्वारा थप ।



## .....*अनुसूची-४
### (नियम १५ को उपनियम (१) सँग सम्बन्धित)
### अस्थायी दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालिम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर<br>देवनागरीमा:-<br>अंग्रेजीमा :-<br>लिङ्ग :-<br>राष्ट्रियता :-<br>नागरिकता नं.:-<br>जन्म स्थान :-<br>जन्म मिति :-<br>साल .........<br>महिना ........<br>गते ......... | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल/गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फ्याक्स नं.<br>पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप शुरु र पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल<br>उपाधिको नाम | तालिम दिने संस्थाको नाम र ठेगाना | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |

**विवरण भर्नेको सही    रुजु गर्नेको सही    सम्बन्धित चिकित्सकको सही    रजिष्ट्रारको सही**
...................

---

* दोस्रो संशोधनद्वारा थप ।

## *अनुसूची-५
## (नियम १५ को उपनियम (१) सँग सम्बन्धित)
## परीक्षण दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालिम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर देवनागरीमा:-<br>अंग्रेजीमा :-<br>बाबुको नाम :-<br>बाजेको नाम :-<br>लिङ्ग :-<br>राष्ट्रियता :-<br>जन्म स्थान :-<br>जन्म मिति :-<br>साल .........<br>महिना ........<br>गते ......... | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल/गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सर्म्पक ठेगाना<br>फोन नं.<br>फ्याक्स नं.<br>पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>शैक्षिक वर्ष<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल<br>उपाधिको नाम | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |

**विवरण भर्नेको सही रुजु गर्नेको सही सम्बन्धित चिकित्सकको सही रजिष्ट्रारको सही**

.....................

* दोस्रो संशोधनद्वारा थप ।



## ......*अनुसूची-६
## (नियम १५ को उपनियम (१) साग सम्बन्धित)
## विशेषज्ञ दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत तथा विशेष शैक्षिक योग्यता र तालिम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर देवनागरीमा:-<br>अंग्रेजीमा :-<br>बाबुको नाम :-<br>बाजेको नाम :-<br>लिङ्ग :-<br>राष्ट्रियता :-<br>जन्म स्थान :-<br>जन्म मिति :-<br>साल .........<br>महिना ........<br>गते ......... | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल/गाउँ :<br>नगरपालिका:<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सर्म्पक ठेगाना<br>फोन नं.<br>फ्याक्स नं.<br>पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम<br>ठेगाना | आधारभूत उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>शैक्षिक वर्ष<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप पूरा गरेको साल<br>विशेष उपाधि प्राप्त गरेको महिना र साल | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं. :<br>मिति :<br>संस्थाको नाम : | |

**विवरण भर्नेको सही रुजु गर्नेको सही सम्बन्धित चिकित्सकको सही रजिष्ट्रारको सही**

..................... ................... ................................ ..................

* दोस्रो संशोधनद्वारा थप ।

## ⌘अनुसूची-७
### (नियम २०ख. को उपनियम (४) सँग सम्बन्धित)
### निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

**मेडिकल कलेजको नाम र ठेगाना :–**
**सञ्चालक संस्थाको नाम र ठेगाना :–**
**सञ्चालक संस्था प्रमुखको नाम र ठेगाना :–**
**मेडिकल कलेज प्रमुखको नाम र ठेगाना :–**
**मेडिकल कलेजले सम्बन्धन लिएको विश्वविद्यालयको नाम र ठेगाना :–**
**मेडिकल कलेज निरीक्षणको उद्देश्य :–**

**भौतिक पूर्वाधारहरुको विवरण :–**

(१) जग्गाको क्षेत्रफल :–
(२) शैक्षिक, प्रशासनिक र आवासीय भवन :–
(३) आधारभूत विज्ञानतर्फका प्रयोगशाला, शैक्षिक सामग्री, औजार र उपकरण आदि:–
(४) चिकित्सा विषय सम्बन्धी पुस्तकालय :–
(५) शिक्षण अस्पताल र अस्पतालमा विभिन्न विभाग, औजार, उपकरण र सेवा सम्बन्धी तथ्याङ्क :–

**शिक्षक, चिकित्सक, प्रशिक्षक, नर्स, प्रशासनिक र अन्य जनशक्तिको विवरण :–**
**विद्यार्थी संख्या :–**
**वार्षिक परीक्षामा उत्तीर्ण प्रतिशत :–**
**सञ्चालन गरिएका अन्य शैक्षिक कोर्षहरु :–**
**पूर्वाधार विकास र जनशक्ति विकास योजना :–**
**अन्य विवरण :–**
**निरीक्षण टोलीको निष्कर्ष :–**
**निरीक्षण टोलीका सदस्यहरुको दस्तखत :–**
**मिति :–**

---

⌘ तेस्रो संशोधनद्वारा थप ।



## ⌘अनुसूची-८
### (नियम २१च. को उपनियम (५) सँग सम्बन्धित)
### विदेशी नागरिक चिकित्सक दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालिम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर देवनागरीमा :–<br>अंग्रेजीमा :–<br>लिङ्ग :–<br>राष्ट्रियता :–<br>राहदानी नं. :–<br>प्रवेशाज्ञाको अवधि :–<br>जन्म स्थान :–<br>जन्म मिति :–<br>साल ..........<br>महिना .........<br>गते .......... | देशको नाम :–<br>स्थायी ठेगाना :–<br>हालको ठेगाना:–<br>अञ्चल :–<br>जिल्ला :–<br>टोल/गाउँ :–<br>नगरपालिका/ गा.वि.स. :–<br>वडा नं. :–<br>टेलिफोन :–<br>सर्म्पक ठेगाना :–<br>फोन नं. :–<br>फ्याक्स नं. :–<br>पोष्ट बक्स नं. :–<br><br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना :– | आधारभूत उपाधिको नाम :–<br>अध्ययन अवधि :–<br>भर्ना भएको साल :–<br>अध्ययन पूरा गरेको साल :–<br>ईन्टर्नशीप शुरु र पूरा गरेको साल :–<br>उपाधि प्राप्त गरेको महिना र साल :–<br>विशेषज्ञ उपाधि प्राप्त गरेको भए सो उपाधिको नाम :–<br>चिकित्सा व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए त्यस्तो तालिमको नाम :–<br>तालिम दिने संस्थाको नाम र ठेगाना :– | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं. :–<br>मिति :–<br>संस्थाको नाम :– | |

**विवरण भर्नेको सही रुजु गर्नेको सही सम्बन्धित चिकित्सकको सही रजिष्ट्रारको सही**

---

⌘ तेस्रो संशोधनद्वारा थप ।

⌘अनुसूची-९

(नियम ४ को उपनियम (१), नियम ५ को उपनियम (२), नियम ६ को उपनियम (२), नियम ७ को उपनियम (२), नियम २०ङ. को उपनियम (३), नियम २०च. को उपनियम (३) र नियम २१च. को उपनियम (७) सँग सम्बन्धित)

दस्तुर

१. स्थायी दर्ता दस्तुर : एक हजार रुपैयाँ।

२. अस्थायी दर्ता दस्तुर : एक हजार रुपैयाँ।

३. परीक्षण दर्ता दस्तुर : पाँच सय रुपैयाँ।

४. विशेषज्ञ दर्ता :-

(क) नाम दर्ता दस्तुर : एक हजार दुई सय रुपैयाँ।

(ख) वार्षिक शुल्क : एक सय रुपैयाँ।

(ग) नवीकरण दस्तुर : एक सय रुपैयाँ।

(घ) विलम्व दस्तुर : पचास रुपैयाँ।

५. दर्ता प्रमाणपत्र परीक्षा दस्तुर : दुई हजार पाच सय रुपैयाँ।

६. विशेष परीक्षा दस्तुर : तीन हजार रुपैयाँ।

७. विदेशी नागरिक चिकित्सकको लागि :-

(क) नाम दर्ता दस्तुर : तीन हजार रुपैयाँ।

(ख) दर्ता नवीकरण दस्तुर : तीन हजार रुपैयाँ।

---

⌘ तेस्रो संशोधनद्वारा थप।



# औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३७।३।५

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले औषधि ऐन, २०३५ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले नियम ३ बमोजिम गठित औषधि परामर्श परिषद् सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले नियम ५ बमोजिम गठित औषधि सल्लाहकार समिति सम्झनु पर्छ।

३. औषधि परामर्श परिषद्को गठन : (१) ऐनको दफा ३ को प्रयोजनको लागि देहायका सदस्यहरु भएको औषधि परामर्श परिषद् गठन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | माननीय वन मन्त्री वा वन राज्यमन्त्री - | अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग - | उपाध्यक्ष |
| (ग) | सचिव, वन मन्त्रालय - | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय - | सदस्य |
| (ङ) | सचिव, स्वास्थ्य मन्त्रालय - | सदस्य |
| (च) | सचिव, उद्योग तथा वाणिज्य मन्त्रालय - | सदस्य |
| (छ) | प्रमुख, शाही औषधि अनुसन्धानशाला - | सदस्य |
| (ज) | औषधि सम्बन्धी ज्ञान हासिल गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत तीन जना व्यक्तिहरु - | सदस्य |
| (झ) | व्यवस्थापक, औषधि व्यवस्था विभाग - | सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यहरुको कार्य अवधि तीन वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजहरुलाई पुनः मनोनीत गर्न वा कार्य अवधि बाँकी छँदै पनि हटाउन सक्नेछ।

(३) परिषद्ले आवश्यक देखेमा स्वदेशी वा विदेशी विशेषज्ञ वा कुनै अधिकृतलाई परिषद्को बैठकबाट पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्को सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ।

४. परिषद्को काम, कर्तव्य र अधिकार : (१) राष्ट्रिय हितलाई संरक्षण गर्ने तथा पैठारीमा आधारित उत्पादन प्रकृयालाई रोकी स्वदेशकै जडीबूटी आदिमा बढी भर पर्दै देशलाई स्वावलम्बी बनाउने मुख्य उद्देश्यलाई ध्यानमा राखी औषधि

सम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा नेपाल सरकारलाई परामर्श दिनु परिषद्को कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम परामर्श दिनुको अतिरिक्त परिषद्ले देहायका विषयहरुमा पनि जेपाल सरकारलाई परामर्श दिन सक्नेछ :–

(क) औषधिको विकास, अनुसन्धान, उत्पादन, बिक्री–वितरण, सेवन, निकासी पैठारी आदि सम्बन्धी आवश्यक नीति निर्धारण गर्न,

(ख) निर्धारित नीति बमोजिमको कार्यक्रम तर्जुमा गर्न,

(ग) तर्जुमा गरिएको कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रशासनिक तथा प्राविधिक कुराहरुको व्यवस्था गर्न,

(घ) नेपाल सरकारको विभिन्न कार्यालयहरुका बीच समन्वय र सामञ्जस्यता ल्याउन,

(ङ) औषधिको मूल्य निर्धारण गर्न,

(च) औषधिको पेटेण्ट सम्बन्धी विषयमा आधारभूत कुराहरु निर्धारण गर्न,

(छ) कुनै औषधिको उत्पादन बिक्री–वितरण सञ्चय तथा परिवहन मनाही गर्न,

(ज) औषधिको परीक्षण वा विश्लेषण तथा यस्तै अन्य कार्य सम्बन्धी काम कारबाहीको प्रयोजनको लागि आवश्यक परेमा कुनै स्वदेशी वा विदेशी अनुसन्धानशाला वा प्रयोगशालालाई मान्यता दिन,

(झ) नेपाल सरकार समक्ष औषधि सम्बन्धी कुराका सम्बन्धमा परेको उजूरमा आवश्यक कारबाही गर्न,

(ञ) ऐन वा ऐन अन्तर्गत बनेको नियमहरुको कार्यान्वयन गर्न वा कार्यान्वयन गर्दा पर्न आएका समस्याहरुको समाधान गर्न ।

५. औषधि सल्लाहकार समितिको गठन : (१) ऐनको दफा ४ को प्रयोजनको लागि देहायका सदस्यहरु भएको औषधि सल्लाहकार समिति गठन गरिएको छ :–

| | | |
|---|---|---|
| (क) | सचिव, वन मन्त्रालय – | अध्यक्ष |
| (ख) | व्यवस्थापक, औषधि व्यवस्था विभाग – | उपाध्यक्ष |
| (ग) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग – | सदस्य |
| (घ) | निर्देशक, नेपाल गुणस्तर निर्धारण समिति – | सदस्य |
| (ङ) | प्रमुख, शाही औषधि अनुसन्धानशाला – | सदस्य |
| (च) | प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय – | सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल मेडिकल एसोसिएशन – | सदस्य |
| (ज) | प्रतिनिधि, नेपाल फर्मास्यूटिकल एसोसिएशन – | सदस्य |
| (झ) | प्रतिनिधि, केमिष्ट एण्ड ड्रगिष्ट एसोसिएशन – | सदस्य |
| (ञ) | औषधि सम्बन्धी ज्ञान हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारबाट मनोनीत तीनजना व्यक्तिहरु – | सदस्य |
| (ट) | औषधि व्यवस्था विभागले तोकेको एक वरिष्ठ अधिकृत– | सदस्य–सचिव |

(२) उपनियम (१) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यहरुको कार्य अवधि तीन वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजहरुलाई पुनः मनोनीत गर्न वा कार्य अवधि बाँकी छँदै पनि हटाउन सक्नेछ ।

(३) समितिले आवश्यक देखेमा स्वदेशी वा विदेशी विशेषज्ञ वा कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ । ●

६. समितिको काम, कर्तव्य र अधिकार : (१) औषधिको अनुसन्धान, विकास र नियन्त्रण सम्बन्धी प्राविधिक कुरामा औषधि व्यवस्था विभागलाई परामर्श दिनु समितिको कर्तव्य हुनेछ।

(२) उपनियम (१) बमोजिम परामर्श दिनुको अतिरिक्त समितिले देहायका विषयहरुमा पनि परामर्श दिन सक्नेछ :–

(क) औषधिको स्तर निर्धारण गर्न तथा तत्सम्बन्धी परीक्षण वा विश्लेषणको लागि अरु वैज्ञानिक तथा प्राविधिक विधिहरु निर्धारण गर्न तथा कार्यान्वयन गर्न,

(ख) नेपाल अधिकारिक औषधि संग्रह (नेपाल फर्माकोपीया) तथा तत्सम्बन्धी अन्य ग्रन्थहरु तयार गर्न,

(ग) खण्ड (ख) बमोजिमको औषधि संग्रह वा ग्रन्थहरु तयार भई नेपाल सरकारबाट स्वीकृत गरी लागू नहुन्जेलसम्म कार्य प्रयोजनको लागि अरु देशका औषधि संग्रह वा ग्रन्थहरुलाई मान्यता दिन,

(घ) निम्नलिखित काम कुराहरु गर्ने गराउने प्रयोजनको लागि संहिताहरु (कोड्स) तर्जुमा गर्न :–

(१) जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त हुने गरी कुनै औषधि वा औषधिका साधक पदार्थको उत्पादन, डिस्पेन्सीङ्ग, बिक्री–वितरण, निकासी, पैठारी, परिवहन, सञ्चय तथा सेवन गर्न,

(२) औषधि वा औषधिको साधक पदार्थको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिन,

(३) औषधि वा औषधिको साधक पदार्थहरुको उपयोगिता तथा प्रयोग सम्बन्धी झुट्ठा वा भ्रमात्मक प्रचार हुन वा विज्ञापन गर्न नदिन,

(४) बिक्री–वितरण गर्न राखिएको वा बिक्री वितरण गरिएको जनसुरक्षित असरयुक्त तथा गुणयुक्त नभएको औषधि उत्पादन गर्ने व्यक्तिलाई फिर्ता गर्ने,

(५) औषधि बिक्री वितरण गर्नुभन्दा अघि त्यस्तो औषधि जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त छ भनी उत्पादन गर्ने व्यक्तिले प्रत्याभूति सम्बन्धी लिखत लेखिदिने,

(६) लागू तथा विषालु औषधि सुरक्षित राख्ने, त्यस्तो औषधिको बिक्री वितरण गर्ने र त्यस्तो बिक्री वितरण गरेको औषधिको अभिलेख राख्ने तथा ढाँचा तोक्ने ।

(ङ) औषधिको प्रणाली र समूह वा उपसमूह विभाजन गर्ने सम्बन्धमा आधारभूत कुराहरु तयार गर्ने तथा त्यस्तो विभाजन बमोजिमका औषधिहरुको उत्पादन, बिक्री वितरण, निकासी पैठारी, प्रयोग, सञ्चय तथा सेवन सम्बन्धी आवश्यक शर्तहरु निर्धारण गर्न,

(च) फर्मासिष्टलाई वा औषधि सम्बन्धी अनुभव प्राप्त गरेको व्यक्तिलाई मान्यता दिन,

● नेपाल रानपत्रको मिति २०६५।११।२६ को सूचनाबाट सदस्यहरुमा हेरफेर ।

(छ) व्यवसायीको योग्यता तोक्न र मान्यता दिन,

(ज) समितिले तोकिदिएका कामहरु गराउने प्रयोजनको लागि समितिको कुनै सदस्य वा सदस्य–सचिव वा सदस्यहरुको उपसमितिहरु गठन गर्न ।

७. परिषद् वा समितिको बैठक, निर्णय र कार्यविधि : (१) परिषद् वा समितिको बैठक अध्यक्षले तोकेको स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद् वा समितिको सम्पूर्ण सदस्य संख्याको आधिभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद् वा समितिको बैठकको अध्यक्षता परिषद् वा समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा परिषद् वा समितिको सदस्यहरुले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद् वा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) परिषद् वा समितिको बैठकको निर्णय सदस्य–सचिवले निर्णय पुस्तिकामा जनाई राख्नु पर्नेछ ।

(६) परिषद् वा समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) परिषद् वा समितिको बैठकमा अपनाइने अन्य कार्यविधि परिषद् वा समिति आफैले निर्धारण गर्नेछ ।

८. बैठक भत्ता : परिषद् वा समितिको बैठकमा उपस्थित भई भाग लिने गैह्र सरकारी सदस्यहरुलाई नेपाल सरकारले तोकिदिए बमोजिमको बैठक भत्ता दिइनेछ ।

९. जेपाल सरकारसँग सर्म्पक : परिषद्ले नेपाल सरकारसँग सर्म्पक राख्दा वन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१०. परिषद् र समितिको कार्य सञ्चालन व्यवस्था : परिषद् र समितिको कार्य सञ्चालनको व्यवस्था औषधि व्यवस्था विभागले गर्नेछ ।

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :- “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।



# औषधि दर्ता नियमावली, २०३८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३८।४।१९

संशोधन गर्ने ऐन

⌘औषधि दर्ता (पहिलो संशोधन) नियमावली, २०५८ २०५८।५।१८

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “औषधि दर्ता नियमावली, २०३८” रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।❐

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) “ऐन” भन्नाले औषधि ऐन, २०३५ सम्झनु पर्छ ।

(ख) “विभाग” भन्नाले औषधि व्यवस्था विभागलाई सम्झनु पर्छ ।

३. औषधि उद्योग स्थापना गर्नको लागि सिफारिसपत्र लिने : (१) कुनै व्यक्तिले ऐनको दफा ७ बमोजिम कुनै औषधि उद्योग स्थापना गर्नको लागि सिफारिसपत्र लिन चाहेमा त्यस्तो व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि विभागले आवश्यक जाँचबुझ गर्दा सो औषधि उद्योग स्थापना गर्नको लागि सिफारिसपत्र दिन मनासिव देखेमा विभागले ▶अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई अनुसूची–२ बमोजिमको ढाँचामा सिफारिसपत्र निवेदकलाई दिनेछ ।

४. औषधि उत्पादन गर्नको लागि उत्पादन अनुज्ञापत्र लिने : (१) नियम ३ को उपनियम (२) बमोजिम सिफारिसपत्र लिई उद्योग स्थापना गरिसकेको व्यक्तिले वा ऐन प्रारम्भ हुनुभन्दा अगावै कुनै औषधि उद्योगको स्थापना गरिसकेको व्यक्तिले ऐनको दफा ८ बमोजिम औषधि उत्पादन गर्नको लागि उत्पादन अनुज्ञापत्र लिन अनुसूची–३ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि विभागले आवश्यक जाँचबुझ गरी अनुसूची–४ बमोजिमको ढाँचामा दर्ता किताबमा त्यस्तो औषधि दर्ता गरी *अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई अनुसूची–५ बमोजिमको ढाँचामा उत्पादन अनुज्ञापत्र निवेदकलाई दिनेछ ।

⌘ यो नियमावली तुरुन्त प्रारम्भ भएको ।

❐ यो नियमावली २०४०।१२।६ देखि नेपाल भर प्रारम्भ हुने गरी तोकेको (ने.रा.प. २०४० चैत्र ६ गते)

▶ पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

▶४क. <u>औषधि बिक्री वितरण गर्नु अघि दर्ता गर्नु पर्ने</u> : (१) ऐनको दफा ८क. को उपदफा (१) को प्रयोजनको लागि उत्पादन अनुज्ञापत्र प्राप्त उद्योगले उत्पादन गरेको प्रत्येक औषधि बिक्री वितरण गर्नु अघि त्यस्तो औषधि बिक्री वितरण दर्ताको लागि देहायको विवरण सहित अनुसूची–४क. बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ :–

(क) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,
(ख) उत्पादित औषधिको विश्लेषण विधि तथा विभागले तोकेको प्रयोगशालाबाट गरेको परीक्षणको प्रतिवेदन,
(ग) मूल्य खुलेको लेवुल सहितको उत्पादित औषधिको नमूना,
(घ) विभागले तोकेका अन्य कुराहरु ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि बिक्री वितरण गर्न उपयुक्त देखेमा विभागले त्यस्तो औषधि दर्ता गरी प्रत्येक औषधिको लागि अनुसूची–१४ मा तोकिए बमोजिमको औषधि दर्ता दस्तुर लिई अनुसूची–४ख. बमोजिमको ढाँचामा औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र दिनेछ ।

(३) यो नियम प्रारम्भ हुनु अघि ऐनको दफा ८ बमोजिम उत्पादन अनुज्ञापत्र प्राप्त गरेका प्रत्येक औषधि उत्पादकले आफूले उत्पादन गरेका प्रत्येक औषधि यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियम बमोजिम दर्ता गराई औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र लिनु पर्नेछ ।

४ख. <u>औषधि पैठारी गर्नु अघि दर्ता गर्नु पर्ने</u> : (१) ऐनको दफा ८क. को उपदफा (२) को प्रयोजनको लागि औषधि पैठारी गर्न चाहने व्यक्तिले आफूले पैठारी गर्न चाहेको औषधिका देहाय बमोजिमका विवरण सहित अनुसूची–४ग. बमोजिमको ढाँचामा औषधि पैठारी दर्ता प्रमाणपत्रको लागि विभाग समक्ष दरखास्त दिनु पर्नेछ :–

(क) उत्पादनकर्ताले औषधिको उत्पादनमा कुशल निर्माण प्रकृया (गुड म्यानुफ्याक्चरिङ प्राक्टिस्) अनुशरण गरेको छ भनी आधिकारिक निकायले दिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,
(ग) उत्पादित औषधिको विश्लेषण विधि तथा विभागले तोकेको प्रयोगशालाबाट गरेको परीक्षणको प्रतिवेदन,
(घ) फर्माकोपियल स्तर,
(ङ) उत्पादित औषधिको नमूना,
(च) विभागले तोके बमोजिमका अन्य विवरण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयुर्वेदिक, होमियोप्याथिक र अन्य परम्परागत औषधि पैठारी गर्नको लागि उपनियम (१) बमोजिम दरखास्त दिंदा देहाय बमोजिमका विवरणहरु संलग्न गर्नु पर्नेछ :–

(क) ग्रन्थ वा शास्त्रमा उल्लिखित विवरण,
(ख) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,

▶ पहिलो संशोधनद्वारा थप ।



(ग) पेटेण्ट औषधिको हकमा सम्बन्धित निकायको सिफारिस,
(घ) उत्पादित औषधिको नमूना, र
(ङ) विभागले तोके बमोजिमका अन्य विवरण ।

(३) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि पैठारी गर्न उपयुक्त देखेमा अनुसूची–४घ. बमोजिमको ढाँचामा दर्ता गरी प्रत्येक औषधिको लागि अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई अनुसूची–४ङ. बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको औषधि देहाय बमोजिमको अवस्थामा पैठारी गर्दा औषधि सल्लाहकार समितिको सिफारिसमा विभागले पैठारी सिफारिसपत्र दिन सक्नेछ :–

(क) जीवनरक्षक औषधिको हकमा सम्बन्धित चिकित्सकको प्रेशक्रिप्सनको आधारमा,
(ख) सरकारी वा गैरसरकारी निकाय वा संस्थालाई अनुदान स्वरुप प्राप्त भई पैठारी भएमा,
(ग) सरकारी निकायले अन्तर्राष्ट्रिय बोलकबोल प्रणाली अनुसार पैठारी गरेमा ।

*५. <u>औषधिको निकासी पैठारी गर्न सिफारिसपत्र लिनु पर्ने</u> : (१) ऐनको दफा ९ को प्रयोजनको लागि औषधिको निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची–६ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि निकासी पैठारी गर्न उपयुक्त देखेमा अनुसूची–१४ मा तोकिए बमोजिमको औषधि निकासी पैठारी दस्तुर लिई अनुसूची–७ बमोजिमको ढाँचामा औषधि निकासी पैठारी सिफारिसपत्र दिनेछ ।

६. <u>औषधि बिक्री वितरण गर्ने व्यक्तिको नाम र पसल वा फर्म दर्ताको प्रमाणपत्र लिने</u> : (१) कुनै व्यक्तिले औषधि बिक्री वितरण गर्नको लागि ऐनको दफा १० बमोजिम आफ्नो नाम र पसल वा फर्म दर्ता गराई प्रमाणपत्र लिन चाहेमा निजले अनुसूची–८ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेपछि विभागले आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रमाणपत्र दिन मनासिव देखेमा औषधि बिक्री वितरण गर्ने व्यक्तिको नाम र पसल फर्म विभागबाट तोके बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी ▶<u>अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई</u> निवेदकलाई अनुसूची–९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

७. <u>औषधिको प्रचार वा विज्ञापन गर्नको लागि अनुमतिपत्र लिने</u> : (१) कुनै व्यक्तिले ऐनको दफा १९ को उपदफा (२) बमोजिम कुनै औषधिको प्रचार वा विज्ञापन

* पहिलो संशोधनद्वारा संशोधित
▶ पहिलो संशोधनद्वारा थप ।

गर्नको लागि अनुमतिपत्र लिन चाहेमा निजले अनुसूची–१० बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

*(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधिको प्रचार र विज्ञापन गर्न उपयुक्त देखेमा प्रचार वा विज्ञापन गर्ने प्रत्येक औषधिको लागि अनुसूची–१४ मा तोकिए बमोजिमको औषधि प्रचार वा विज्ञापन दस्तुर लिई ऐनको दफा १९ को अधीनमा रही अनुसूची–११ बमोजिमको ढाँचामा औषधिको प्रचार वा विज्ञापन अनुमतिपत्र दिनेछ ।

८. नयाँ औषधिको क्लिनिकल ट्रायल गर्नको लागि अनुमतिपत्र लिने : (१) कुनै व्यक्तिले ऐनको दफा ३१ बमोजिम कुनै नयाँ औषधिको क्लिनिकल ट्रायल गर्नको लागि अनुमति पत्र लिन चाहेमा निजले अनुसूची–१२ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेपछि विभागले आवश्यक जाँचबुझ गरी नयाँ औषधिको क्लिनिकल ट्रायल गर्नको लागि अनुमतिपत्र दिन मनासिव देखेमा ▶अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई अनुसूची–१३ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

*९. नवीकरण दस्तुर : यस नियमावली बमोजिम दिइएको कुनै पनि अनुमतिपत्र, प्रमाणपत्र, सिफारिसपत्र र अनुज्ञापत्र ऐनको दफा ११ को उपदफा (२) बमोजिम नवीकरण गर्दा अनुसूची–१४ मा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ ।

१०. प्रतिलिपि दिन सक्ने : (१) यस नियमावली बमोजिम दिइएको कुनै सिफारिसपत्र, उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र वा अनुमतिपत्र हराएमा वा कुनै किसिमले नष्ट भएमा त्यसको प्रमाणित प्रतिलिपि लिन चाहने सम्बन्धित व्यक्तिले त्यसरी हराएको वा नष्ट भएको व्यहोरा खुलाई एक रुपैयाँको टिकट टाँसी विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेपछि विभागले ▶अनुसूची–१४ मा तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो सिफारिसपत्र, उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र वा अनुमतिपत्रको प्रमाणित प्रतिलिपि निवेदकलाई दिन सक्नेछ ।

११. संहिताहरु (कोड्स) पालन गर्नु पर्ने : यस नियमावली बमोजिमको कुनै सिफारिसपत्र, उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र र अनुमतिपत्र लिएका व्यक्तिले त्यस्तो सिफारिसपत्र, उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र वा अनुमतिपत्र बमोजिमको कुनै काम गर्दा गराउँदा त्यस्तो कामका सम्बन्धमा विभागबाट जारी गरिएको संहिताहरुको पालन गर्नु पर्नेछ ।

१२. नेपाल सरकारले अनुसूचीमा हेरफेर गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित ।

▶ पहिलो संशोधनद्वारा थप ।



## अनुसूची–१
### (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)
### औषधि उद्योग स्थापनाको सिफारिसपत्रको लागि दरखास्त

श्री व्यवस्थापक,
औषधि व्यवस्था विभाग ।

विषय :– औषधि उद्योग स्थापनाको लागि सिफारिसपत्र पाउँ ।

महोदय,

देहायको औषधि उद्योग स्थापना गर्न मेरो/हाम्रो इच्छा भएकोले सोको सिफारिसपत्र लिनको लागि देहायका विवरणहरु खुलाई मैले/हामीले रु. १।– को टिकट टाँसी दरखास्त पेश गरेको छु । गरेका छौं ।

१. प्रस्तावित औषधि उद्योगको :–

(क) नाम ........................

(ख) स्थापना गरिने ठाउँ .............................

(जिल्ला तथा ❋नगरपालिका वा गाउँ विकास समितिको नाम र वडा नम्बर समेत खुलाउने)

(ग) अनुमानित पूँजि र सो पूँजिको श्रोत ......................

(घ) स्थापना सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययन प्रतिवेदन संलग्न छ/छैन ।

(ङ) स्थापना गरिने क्षेत्र समेत देखाइएको योजनाको नाप नक्शा संलग्न छ/छैन ।

❋ मिति २०४७/७/१२ मा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार संशोधित ।

| सि.नं. | प्रस्तावित उद्योगबाट उत्पादन गरिने औषधिको | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम | प्रणाली (एलोप्याथिक, होमियोप्याथिक, आयुर्वेदिक, युनानी आदि के हो खुलाउने) | समूह वा उपसमूह | बनावट टाब्लेट, इन्जेक्शन क्याप्सूल आदि के हो खुलाउने | |
| | | | | | |



३. **प्रस्तावित उद्योगबाट औषधि उत्पादन गर्नको लागि :–**

(क) **आवश्यक कच्चा पदार्थको विवरण र त्यसको श्रोत** ..............

(ख) **मेशिन आवश्यक छ/छैन छ भन्ने सम्भव भएसम्मको विवरण** ............

(ग) **आवश्यक घर वा भवनको :–**

१. **नाप नक्सा संलग्न छ/छैन।**

२. **बनावट कस्तो हुन्छ** ................

३. **बाहिरी वातावरण दुषित, स्वच्छ वा के कस्तो छ सो खुलाउने** ..........

४. **कोठा हावा आवत जावत हुने खालको छ/छैन।**
**के कति कारणले त्यस्तो कोठा त्यसरी हावा आवत जावत हुने / नहुने गरी बनाउनु परेको हो सो खुलाउने** .........................................
...................................................................................

५. **कोठाभित्र घाम वा उज्यालो आउने खालको छ/छैन के कति कारणले त्यस्तो कोठा त्यसरी घाम वा उज्यालो आउने/नआउने गरी बनाउनु परेको हो सो खुलाउने**
........................................................

**दरखास्त दिने व्यक्तिको :–**

**सही** ..................

**नाम र थर** ......................

**ठेगाना** ............................

**मिति :–** ............................

अनुसूची–२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**नेपाल सरकार**

**वन मन्त्रालय**

**औषधि व्यवस्था विभाग**

**औषधि उद्योग स्थापनाको लागि सिफारिसपत्र**

औषधि ऐन, २०३५ र औषधि दर्ता नियमावली, २०३८ को अधीनमा रही देहायको औषधि उद्योग स्थापना गर्नको लागि देहायका कुराहरु खुलाई यो सिफारिसपत्र दिइएको छ ।

१. स्थापना गर्न सिफारिस गरिएको औषधि उद्योगको :–

(क) नाम ......................

(ख) स्थापना हुने ठाउँ .....................

(ग) अनुमानित पूँजी .......................

२. उत्पादन अनुज्ञापत्र लिई औषधि उद्योगबाट उत्पादन गर्न सकिने :–

| नाम | औषधिको | | | कैफियत |
|---|---|---|---|---|
| | प्रणाली | समूह वा उपसमूह | बनावट | |
| | | | | |

३. सिफारिसपत्र पाउने व्यक्तिको :–

(क) नाम र थर .................

(ख) ठेगाना ......................

४. सिफारिसपत्र कायम रहेको म्याद .................

सिफारिसपत्र बुझी लिने व्यक्तिको :–

सही :–

मिति :–

सिफारिसपत्र दिने अधिकृतको :–

सही ..................

नाम र थर ...............

दर्जा ...................

मिति .............



......

(यो सिफारिसपत्रको पछाडिको पृष्ठमा लेखिने कुरा)

सिफारिसपत्रको नविकरण

| सिफारिसपत्रको | | | | विभागको छाप | कैफियत |
|---|---|---|---|---|---|
| म्याद थप अवधि | | नविकरण गर्ने अधिकारीको सही र मिति | नविकरण दस्तुर | | |
| मितिदेखि | मितिसम्म | | | | |
| | | | | | |

## अनुसूची-३
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
### उत्पादन अनुज्ञापत्रको लागि दरखास्त

श्री व्यवस्थापक,
औषधि व्यवस्था विभाग ।

महोदय,

देहायको सिफारिसपत्र र इजाजतपत्र लिई स्थापना गरिसकेको देहायको औषधि उद्योगबाट देहायको औषधि उत्पादन गर्नको लागि सो औषधिहरु दर्ता गराई उत्पादन अनुज्ञापत्र लिन चाहेकोले सो उत्पादन अनुज्ञापत्र लिनको लागि मैले/हामीले रु. १/- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/गरेका छौं । सो सिफारिसपत्र र इजाजतपत्रको प्रतिलिपिहरु यसैसाथ संलग्न गरिएका छन् ।

१. त्यस विभागको सिफारिसपत्रको क्र.सं. ...र सो लिएको मिति ..............

२. विभागको इजाजतपत्र लिएको मिति ..................

३. औषधि उद्योगको :-

(क) नाम .......................

(ख) स्थापना भएको ठाउँ ......................

(जिल्ला तथा पञ्चायतको नाम र वडा नं. समेत खुलाउने)



| | उत्पादन गरिने औषधिको | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सि. नं. | नाम | प्रणाली | समूह वा उपसमूह | बनावट | प्रकार वा किसिम | रंग | प्रति एकाईका नाप तौल | सकृय तत्वको | | सेवनबाट निको हुने रोग |
| | | | | | | | | | नाम | परिमाण | |
| | | | | | | | | | | | |

५. औषधिको उत्पादन गर्ने कामसित सम्बन्धित आवश्यक साधनहरु पर्याप्त मात्रामा छ/छैन ।

(४) व्याच जानकारी दिने संख्या वा सङ्केत,

(५) व्याचमा प्रयोग भएको कच्चा पदार्थको परिमाण र पहिचान गरिएको तरिका,

(६) प्रत्येक अवस्थामा प्राप्त हुने सैद्धान्तिक (Theoretical) उत्पादन परिमाण र प्राप्त भएको व्यवहारिक (Practical) उत्पादन परिमाण,

(७) उत्पादनमा प्रत्येक अवस्थामा अपनाइएको विधि र सावधानी तथा विशेष कुनै कुरा ध्यानमा आएको वा देखिएको भए सोको उल्लेख गरिएको नियमित रुपमा सही गरिएको रेकर्ड,

(८) उत्पादन नियन्त्रणका लागि अपनाइएका प्रक्रियाहरु र त्यसको नतिजा,

(९) वास्तविक लेबुलको नमूना,

(१०) उत्पादनमा प्रयोग भएका मेशिन र सोको अवधि तथा प्याकिङ्ग सामानहरुको विवरण,

(११) उत्पादनप्रति उत्तरदायी हुने विशेषज्ञको सही र मिति र

(१२) सम्बन्धित व्याचको औषधि तोकिए अनुसारको स्तर अन्तर्गत छ छैन त्यसको पूर्ण जानकारी दिने गुणस्तर नियन्त्रणको प्रतिवेदन,

(ट) उत्पादन गरिएका औषधिहरुमा ऐन नियमले तोकिए बमोजिम लेबुल लगाउनु पर्नेछ, र

(ठ) उत्पादित औषधिहरुको लेबुलमा उत्पादन मिति र आवश्यकतानुसार म्याद नाघ्ने मिति खुलाउनु पर्नेछ ।

९. गुणस्तर नियन्त्रण : औषधिको उत्पादन गर्ने प्रत्येक उद्योगले औषधिको गुणस्तर नियन्त्रणको लागि स्वतन्त्र रुपमा उत्तरदायित्व सुम्पिएको आफ्नै एक गुणस्तर नियन्त्रण इकाइको व्यवस्था गर्नु पर्दछ । औषधि उत्पादनमा प्रयोग हुने कुनै पनि कच्चा पदार्थ, उत्पादनमा रहेको औषधिहरु र उत्पादन भएको औषधिको गुणस्तर र स्थायित्व (स्टचाबिलिटी) कायम गर्नु यसको प्रमुख काम हो र औषधिको उत्पादन प्रक्रियामा गुणस्तर नियन्त्रणको लागि विभिन्न सहयोग गर्नु यसको कर्तव्य हो । यस अन्तर्गत एक प्रयोगशाला हुनु अनिवार्य छ । उत्पादनमा रहेको वा उत्पादन समाप्त भएको औषधिहरुको गुणस्तर सम्बन्धी परीक्षण र विश्लेषणको लागि प्रयोगशालामा प्रर्याप्ति मात्रामा कर्मचारीहरु र साधनहरुको व्यवस्था हुनु पर्दछ । यस प्रकारको व्यवस्था अन्तर्गत विभागले तोकेको न्यूनतम गुणस्तर नियन्त्रण प्रक्रिया सम्बन्धित उद्योगबाटै सञ्चालन गरी अन्य विशेष प्रकारको गुणस्तर नियन्त्रण कार्य विभागबाट स्वीकृत अन्य प्रयोगशाला मार्फत पनि गराउन सक्नेछ ।

१०. औषधिको गुण नियन्त्रणको लागि आवश्यक पर्ने साधनहरु : कुनै पनि औषधिको गुणस्तर मूल्याङ्कन गर्न वा गुण नियन्त्रणको लागि आवश्यक पर्ने विधि र साधनहरु नेपाल आधिकारिक औषधि संग्रह तथा विभागबाट स्वीकृत अन्य ग्रन्थ र स्वीकृत स्तरमा उल्लेख भएबमोजिम हुनेछ ।

११. गुण नियन्त्रण प्रक्रिया : गुणस्तर नियन्त्रण गर्नेले देहाय बमोजिमका मुख्य कामहरु गर्नु पर्दछः–

(क) प्रत्येक औषधिको परीक्षण वा विश्लेषण गर्नको लागि विस्तृत रुपमा विधि वा जानकारी तयार गर्ने,

(ख) प्रत्येक ब्याचमा प्रयोग हुने कच्चा पदार्थको परीक्षण विश्लेषण गर्नेले उत्पादनमा प्रयोग गर्न स्वीकृति दिने,

(ग) प्रत्येक ब्याचको अर्ध प्रशोधित औषधिको परीक्षण र विश्लेषण गर्ने र उत्पादन कार्यमा अघि बढ्न स्वीकृति दिने,

(घ) तयार भएको औषधिहरुको परीक्षण र विश्लेषण गरी सञ्चय वा बिक्री–वितरणमा ल्याउन स्वीकृति दिने,

(ङ) औषधिको प्याकिङ्ग गर्न र लेबुल गर्न प्रयोग हुने सामानहरु तथा अन्तिम प्याकिङ्गमा प्रयोग हुने साधनहरुको नियन्त्रण गर्ने र उपयोगमा ल्याउन स्वीकृति दिने,

(च) कुनै पनि कच्चा पदार्थ, अर्ध प्रशोधित पदार्थ वा उत्पादित औषधिको सञ्चय गरिएको अवस्था कस्तो छ सोको मूल्याङ्कन गर्ने,

(छ) कच्चा पदार्थ, अर्ध प्रशोधित पदार्थ वा उत्पादित औषधिको गुण र स्थायित्वको मूल्याङ्कन गर्ने,

(ज) उत्पादन हुने औषधिको एक्सपाएरी डेट तथा तख्तामा राख्दा त्यसमा आउने परिवर्तन सम्बन्धित स्तर निर्धारण गर्ने,

(झ) गुण नियन्त्रण सम्बन्धी आन्तरिक विधि निर्धारण गर्ने,

(ञ) आफ्नो कार्यक्षेत्रको उत्तरदायित्व राम्रोसँग बहन गर्न गुणस्तर नियन्त्रणले विश्लेषण कार्यको लागि आवश्यक स्याम्पुलहरु उचित विधि अनुसार संलग्न गरी लेबुल गर्ने तथा केही भाग भविष्यमा परी आउने विश्लेषणको लागि सुरक्षित राख्ने, र



(ट) बिक्री वितरणमा भएका औषधिहरुको पनि समय समयमा नमूना लिएर गुणस्तर र स्थायित्व (स्टचाबिलिटी) सम्बन्धी अध्ययन गर्ने ।

१२. परीक्षण विश्लेषण अभिलेख : यस प्रकारका अभिलेख वा रेकर्ड किताबमा निम्न लिखित कुराहरु हुनेछन् :–

(क) कच्चा पदार्थ र उत्पादन प्रक्रियाको विभिन्न चरणको विश्लेषणको नतीजा र उत्पादन भएको औषधिको अन्तिम मूल्याङ्कन र सम्बन्धित औषधिको स्तर अन्तर्गत विश्लेषण परीक्षण भएको छ वा छैन सोको निर्णय,

(ख) आधिकारिक ग्रन्थ वा स्वीकृत विश्लेषण विधि अनुसार प्रयोग गरिएको विधि र स्तरको विवरण,

(ग) विश्लेषण, परीक्षण गर्ने व्यक्तिको सही, र

(घ) जिम्मेवार विशेषज्ञले पुनरावलोकन गरेको मिति र सही ।

१३. प्याकिङ्ग र लेबुल : लेबुल र प्याकिङ्गका साधनहरु सञ्चित गरेको कक्षभित्र सम्बन्धित व्यक्ति वा सोको उपस्थितिमा मात्र अन्य व्यक्ति पस्न पाइनेछ । प्याकिङ्ग र लेबुल गर्दा हुने गल्तीहरु रोक्न आवश्यक संख्यामा मात्र लेबुल र प्याकिङ्गका साधनहरु सञ्चय कक्षबाट वितरण गर्नु पर्नेछ र सम्बन्धित व्यक्तिले मात्र उक्त साधनहरु चलाउन पाइनेछ । कुनै ब्याचको औषधि प्याकिङ्ग वा लेबुल गर्नु अगावै गुणस्तर नियन्त्रकले सो औषधिको प्याकिङ्ग गर्न स्वीकृति दिनु पर्नेछ । प्याकिङ्ग र लेबुलका साधनहरु विशेषज्ञको माग फाराम बमोजिम राम्रोसँग जाँचेर सञ्चय गरेको ठाउँबाट सम्बन्धित व्यक्तिले मात्र झिक्ने गर्नु पर्दछ । माग फाराममा माग गर्ने व्यक्तिको सही, माग गरेको लेबुल र प्याकिङ्ग गर्ने साधनको किसिम, परिमाण र मिति प्रष्ट उल्लेख हुनु पर्दछ । प्याकिङ्गको संख्या र माग गरी प्राप्त गरिएको संख्या तुलना गरी बाँकी प्रयोग नगरिएका लेबुल र प्याकिङ्गको संख्या निकाल्नु पर्दछ । प्रयोग गर्न नमिल्ने लेबुल र प्याकिङ्गका साधनहरु आवश्यक व्यवस्था मिलाई नष्ट गर्नेतर्फ कारबाही गर्नु पर्दछ । यदि कुनै लेबुल र प्याकिङ्गका साधनहरु नपुग भएमा जाँचबुझ गर्नु पर्दछ ।

तयारी औषधिमा लगाइने लेबुलमा कम्तीमा निम्न कुराहरु खुलेको हुनु पर्दछ :–

(क) औषधिको नाम र परिमाण,

(ख) उत्पादन अनुज्ञापत्र नं.,

(ग) सक्रिय तत्व वा तत्वहरुको सूची (त्यसको परिमाणसहित),

(घ) ब्याच नम्बर,

(ङ) औषधि उत्पादन गरेको मिति,

(च) म्याद नाघ्ने मिति (आवश्यक भएको औषधिमा),

(छ) सञ्चयको अवस्था र आवश्यक सावधानीको जानकारी,

(ज) प्रयोग गर्ने तरिका,

(झ) उत्पादनकर्ताको नाम र ठेगाना,

(ञ) औषधिको समूह, र

(ट) देवनागरी लिपिमा औषधिको नाम ।

१४. उत्पादनकर्ताले राख्नु पर्ने बिक्री वितरण सम्बन्धी अभिलेख : उत्पादन भएको कुनै पनि औषधि बिक्री वितरणमा पठाउनको लागि सो औषधिको आवश्यक विवरण प्रष्ट बुझ्न सकिने गरी अभिलेख राख्नु पर्दछ । कुनै पनि औषधिको रिकल गर्नु परेमा यस प्रकारको अभिलेखबाट सहयोग पुग्न सक्ने हुनु पर्दछ ।

१५. अन्य अभिलेखहरु : फिर्ता आएका, रिकल भएका, म्याद नाघेका, नष्ट भएका, नष्ट गरिएका वा कुनै प्रकारले गुणयुक्त र जनसुरक्षित नहुने गरी उत्पादन

भएका औषधिहरुको पनि उचित रुपमा अभिलेख राख्नु पर्दछ। यस प्रकारका औषधिहरुमध्ये कुनै औषधि बिक्री वितरणमा ल्याउन पुनः प्रशोधन गरिएको भए सोको निर्णय, प्रशोधन गरिएको मिति, प्रशोधनको तरिका र पुनः बिक्री वितरण सम्बन्धी अभिलेख समेत राख्नु पर्दछ।

१६. प्राविधिक कर्मचारी : (१) कुनै पनि औषधिको उद्योग स्थापना गर्ने व्यक्तिले औषधिको उत्पादन प्रक्रिया रेखदेख गर्नको निमित्त निम्नलिखित योग्यता भएको कमसेकम एक विशेषज्ञको व्यवस्था गर्नु पर्दछ :-

(क) फर्मासीमा स्नातक, वा

(ख) फर्मास्यूटिकल रसायन शास्त्रमा स्नातकोत्तर उपाधि, वा

(ग) रसायन शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी औषधि उत्पादन कार्यमा ३ वर्षको अनुभवी।

(२) कुनै पनि औषधिको उद्योग स्थापना गर्ने व्यक्तिले औषधिको गुणस्तर नियन्त्रणको रेखदेख गर्नको निमित्त निम्नलिखित योग्यता भएका कमसेकम एक विशेषज्ञको व्यवस्था गर्नु पर्दछ :-

(१) फर्मासीमा स्नातक, वा

(२) फर्मास्यूटिक्स वा रसायन शास्त्रमा स्नातकोपाधि।

१७. विविध :

(क) सबै प्रकारका अभिलेख र रेकर्ड किताबहरु ठीक तवरले राख्नु पर्दछ,

(ख) उत्पादन वा विश्लेषण सम्बन्धी कार्यको लागि आवश्यक संख्यामा कर्मचारी राख्नु पर्दछ,

(ग) उत्पादन भएको औषधिको सेवनबाट कुनै पनि प्रकारको नोक्सान भएको वा प्रतिकूल असर परेको थाहा भएमा वा प्रतिवेदन प्राप्त भएमा उत्पादनकर्ताले सो औषधिको गुण र उत्पादन प्रक्रियामा पुनरावलोकन गरी तुरुन्त चाहिंदो प्रकारको सावधानी लिनु पर्दछ,

(घ) फिर्ता आएका वा रिकल भएका औषधिहरु पुनः प्रशोधन गरी बिक्री वितरणमा ल्याउनको लागि उचित रुपमा परीक्षण, विश्लेषण र मूल्याङ्कन गराउनु पर्दछ,

(ङ) उत्पादनकर्ताले विशेषज्ञहरुको एक टोली बनाई उत्पादन भएको औषधिहरुको गुणस्तर नियन्त्रण र उत्पादन नियन्त्रण कार्यहरुको समय समयमा मूल्याङ्कन गराउनु पर्दछ र,

(च) माथि उल्लिखित वर्ग विभाजनभित्र नपरेका वा अन्य बनावटका औषधिहरु बनाउनको लागि विभागले तोकिदिएका साधन वा मेशिनहरु प्रयोग गर्नु पर्दछ।

---

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।



# औषधि स्तर नियमावली, २०४३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४३।४।२७

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "औषधि स्तर नियमावली, २०४३" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ।✂

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले औषधि ऐन, २०३५ सम्झनु पर्दछ।

(ख) "विभाग" भन्नाले औषधि व्यवस्था विभाग सम्झनु पर्दछ।

(ग) "भाँडो" भन्नाले औषधिलाई सुरक्षितसाथ कुनै प्रतिकूल असर नपर्ने गरी राख्न सकिने जुनसुकै आकार प्रकारको भाँडो सम्झनु पर्दछ।

(घ) "मात्रा" भन्नाले रोगीको सेवनको प्रयोजनको लागि एक पटकमा दिईने कुनै औषधिको परिमाण सम्झनु पर्दछ।

३. नेपाल आधिकारिक औषधि संग्रहः औषधिको स्तर सम्बन्धमा विभागले एक नेपाल आधिकारिक औषधि संग्रह (नेपाल फर्माकोपिया) तथा तत्सम्बन्धी ग्रन्थ तयार गर्नेछ र त्यसरी तयार भई नेपाल सरकारबाट स्वीकृति प्रदान गरिएपछि यो संग्रह तथा ग्रन्थ लागू हुनेछ।

४. औषधिको स्तर नेपाल आधिकारिक औषधि संग्रह बमोजिम हुनेः नियम ३ बमोजिम नेपाल आधिकारिक औषधि संग्रह तथा तत्सम्बन्धी ग्रन्थ लागू भएपछि ऐनको दफा १२ को प्रयोजनको लागि औषधिको स्तर सोही संग्रह तथा ग्रन्थ बमोजिम हुनेछ।

५. अन्य ग्रन्थलाई मान्यता दिन सक्नेः (१) नेपाल आधिकारिक औषधि संग्रह वा तत्सम्बन्धी ग्रन्थ लागू नहुन्जेलसम्म औषधिको स्तर अनुसूची-१ मा उल्लेखित कुनै औषधि संग्रह वा ग्रन्थ बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल आधिकारिक औषधि संग्रह वा तत्सम्बन्धी ग्रन्थ लागू भएपछि पनि नेपाल सरकारले आवश्यक देखेमा औषधिको स्तर सम्बन्धमा अनुसूची-१ मा उल्लेखित कुनै औषधि संग्रह वा ग्रन्थलाई मान्यता दिन सक्नेछ।

६. औषधिको स्तर निर्धारण गर्नेः (१) कुनै औषधिको स्तर र परीक्षण वा विश्लेषण विधि नियम ४ र ५ बमोजिमका संग्रह वा ग्रन्थहरुमा उल्लेख नभएको खण्डमा त्यस्तो औषधि जनसुरक्षित, असरयुक्त, गुणयुक्त छ छैन वा त्यस्तो औषधिको परीक्षण वा विश्लेषणको लागि अपनाइने विधि ठीक छ छैन भनी एकीन गर्न चाहेमा सो सम्बन्धमा विभागले औषधि सल्लाहकार समितिको परामर्श लिन

---

✂ यो नियमावली २०४६।५।२६ देखि नेपाल भर प्रारम्भ हुने गरी तोकेको (ने.रा.प. २०४६।५।२६)

सक्नेछ र सो समितिबाट दिइएको परामर्श समेतको आधारमा विभागले त्यस्तो औषधिको स्तर र तत्सम्बन्धी परीक्षण वा विश्लेषण विधि निर्धारण गर्नेछ ।

(२) कुनै औषधिको स्तर नेपाल आधिकारिक औषधि संग्रह वा तत्सम्बन्धी ग्रन्थ वा अनुसूची–१ बमोजिमको कुनै औषधि संग्रह वा ग्रन्थमा उल्लेख नभएको कारणले निर्धारण हुन नसक्ने भएमा औषधि उत्पादन गर्ने व्यक्तिले त्यस्तो ओषधिको स्तर निर्धारण गराउन विभागमा अनुसूची–२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो औषधिको स्तर निर्धारण गर्ने सम्बन्धमा विभागले औषधि सल्लाहकार समितिको परामर्श लिन सक्नेछ र सो समितिबाट दिइएको परामर्श समेतका आधारमा विभागले त्यस्तो औषधिको स्तर निर्धारण गर्नेछ ।

(४) उपनियम (३) बमोजिम औषधिको स्तर निर्धारण गर्दा सो औषधिको परिक्षण वा विश्लेषणको लागि कुनै वैज्ञानिक तथा प्राविधिक विधिहरु पनि निर्धारण हुनु पर्ने आवश्यक देखेमा विभागले सो सम्बन्धमा औषधि सल्लाहकार समितिको परामर्श लिई त्यस्तो विधिहरु समेत निर्धारण गर्नेछ ।

(५) नेपालमा पैठारी हुने कुनै औषधिको स्तर निर्धारण गर्दा विभागले त्यस्तो औषधि पैठारी गर्ने व्यक्ति वा संस्थासंग त्यस्तो औषधिको स्तर वा स्तर निर्धारण विधि माग गरेमा सो व्यक्ति वा संस्थाले सो औषधिको स्तर वा स्तर निर्धारण विधि विभाग समक्ष पेश गर्नु पर्नेछ ।

७. औषधिको स्तर तथा परीक्षण वा विश्लेषण विधिहरु कार्यान्वयन गर्ने: (१) नियम ६ बमोजिम कुनै औषधिको स्तर र सो औषधिको परीक्षण वा विश्लेषणको लागि अपनाउनु पर्ने विधि निर्धारण भएपछि विभागले त्यस्तो औषधिको स्तर र परीक्षण वा विश्लेषण विधि कार्यान्वयन गर्न पर्नेछ ।

(२) उपनियम (१) बमोजिम औषधिको स्तर परीक्षण वा विश्लेषण विधि कार्यान्वयन गर्दा देखिन आएका समस्याहरुका सम्बन्धमा विभागले औषधि सल्लाहकार समितिको परामर्श लिन सक्नेछ र सो समितिबाट दिइएको परामर्श समेतको आधारमा विभागले त्यस्तो औषधिको परीक्षण वा विश्लेषण विधि कार्यान्वयन गर्नेछ ।

८. क्षतिपूर्ति दिनु पर्ने: (१) ऐनको दफा १५ को प्रयोजनको लागि कुनै औषधिको सेवनबाट स्वास्थ्य हानी हुन गएको व्यक्तिलाई वा त्यस्तो व्यक्ति मर्न गएमा मर्नेको नजिकैको हकदारलाई त्यस्तो औषधि उत्पादन गर्ने व्यक्ति वा संस्थाले दिनु पर्ने क्षतिपूर्ति देहायको अवस्थामा देहाय बमोजिम हुनेछः–

| | विवरण | क्षतिपूर्तिको रकम |
|---|---|---|
| (क) | मुटु, कलेजो, मस्तिष्क, मृगौला (दुवै) फोक्सो (दुवै) क्षति हुन गई बेकम्मा हुन गएमा प्रत्येकको लागि | – तीन लाख |
| (ख) | एउटा मात्र मृगौला वा एउटा मात्र फोक्सो क्षति हुन गई बेकम्मा हुन गएमा प्रत्येकको लागि | – एक लाख |
| (ग) | देहायका अङ्गहरु क्षति हुन गई बेकम्मा हुन गएमा– | |
| | (१) दुवै आँखाको लागि | – दुई लाख पचास हजार |
| | (२) दुवै कानको लागि | – दुई लाख |
| | (३) नाकको लागि | – एक लाख |
| | (४) जिब्रोको लागि | – एक लाख पचास हजार |
| | (५) लिंगको लागि | – एक लाख पचास हजार |
| | (६) एक आँखाको लागि | – एक लाख |
| | (७) एक कानको लागि | – सत्तरी हजार |
| | (८) दुवै हात वा दुवै खुट्टाको लागि | – दुई लाख बीस हजार |
| | (९) एक हात वा एक खुट्टा वा एक हात वा एक खुट्टाको केही भागको लागि | – असी हजार |
| | (१०) दुवै हातको केही भाग वा दुवै खुट्टाको केही भागको लागि | – असी हजार |
| | (११) हात वा खुट्टाको प्रत्येक औंलाको लागि | – पाँच हजार |
| (घ) | खण्ड (क), (ख) र (ग) मा समावेश भएका अङ्गहरु बाहेक अन्य कुनै भित्री अङ्ग क्षति हुन गई बेकम्मा हुन गएमा | – एक लाख |
| (ङ) | खण्ड (क), (ख) र (ग) मा समावेश भएका अङ्गहरु बाहेक अन्य कुनै बाहिरी अङ्ग क्षति हुन गई बेकम्मा हुन गएमा | – असी हजार |
| (च) | कुनै अङ्ग बेकम्मा नहुने गरी क्षति हुन गएमा बेकम्मा हुँदा दिइने क्षतिपूर्तिको रकमको दुई तिहाईसम्म रकम क्षतिपूर्ति दिइनेछ । | |
| (छ) | अठ्ठाईस हप्ताभन्दा अधिको गर्भ तुहिन गएमा | – दश हजार रुपैयाँ |
| (ज) | अठ्ठाईस हप्ता वा सोभन्दा बढीको गर्भ तुहिन गएमा | – पच्चीस हजार रुपैयाँ |
| (झ) | गर्भमा खराब असर परेको कारणले अङ्ग भङ्ग भई बच्चा जन्मेमा त्यसको लागि | – पन्ध्र हजार रुपैयाँ |
| (ञ) | मानिसको मृत्यु हुन गएमा | – तीस हजार रुपैयाँ । |



(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियम बमोजिम दिइने क्षतिपूर्तिको रकम ३,००,०००/– (तीन लाख) रुपैयाँभन्दा बढी हुने छैन ।

९. प्रत्याभूतिको लिखतको ढाँचाः ऐनको दफा १६ को प्रयोजनको लागि प्रत्याभूतिको लिखतको ढाँचा अनुसूची–३ बमोजिम हुनेछ ।

१०. औषधिको समूह र उपसमूहमा विभाजनः (१) ऐनको दफा १७ बमोजिम औषधिहरु समूहीकृत गर्ने प्रयोजनको लागि औषधिहरुलाई समूह “क”, “ख” र “ग” मा विभाजन गरिएका छन् र प्रत्येक समूहमा उपसमूहहरु रहन सक्नेछन् । समूह “क”, “ख” र “ग” र सो अन्तर्गतको उपसमूहहरुमा रहने औषधिहरु अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछन्ः–

(२) उपनियम (१) बमोजिम विभाजन गरिएका समूहहरुमध्ये–

(अ) समूह “क” मा लागू र विषालु औषधिहरु रहनेछन् र समूह, “ख” मा एण्टीबायोटिक्स हर्मोन्स आदि औषधि रहनेछन्। यी समूहहरुका औषधिहरु चिकित्सकको प्रेस्क्रिप्शन अनुसार मात्र बिक्री वितरण गर्नु पर्नेछ र यी औषधिहरु फर्मासिष्ट वा व्यवसायी आफैंले वा फर्मासिष्ट वा व्यवसायीमध्ये कुनै एकको उपस्थितिमा मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(आ) समूह “ग” का औषधिहरु चिकित्सकको प्रेस्क्रिप्शन नभए पनि अनुभवको आधारमा कुनै पनि विक्रेताले बिक्री वितरण गर्न सक्नेछन् र औषधि बिक्री वितरण गर्दा फर्मासिष्ट वा व्यवसायीको उपस्थिति अनिवार्य हुने छैन।

(३) समूह “क” अन्तर्गतको–

(अ) उपसमूह १ मा सोही उपसमूहमा उल्लेखित लागू औषधिहरु र सोसित सम्बन्धित कुनै पदार्थ (सव्स्टान्स) समावेश भएको औषधिहरु रहनेछन्।

(आ) उपसमूह २ मा सोही उपसमूहमा उल्लेखित कुनै सारतत्व वा सोसित सम्बन्धित कुनै पदार्थ (सव्स्टान्स) समावेश भएको विषालु औषधिहरु रहनेछन्।

(४) समूह “ख” मा सोही समूहमा उल्लेखित कुनै सारतत्व वा सोसित सम्बन्धित कुनै पदार्थ (सव्स्टान्स) समावेश भएका औषधिहरु रहनेछन्।

(५) समूह “ग” अन्तर्गतको,

(अ) उपसमूह १ मा सोही उपसमूहमा तोकिएका औषधिहरुको तोकिएको प्रतिशतसम्म समावेश भएका औषधिहरु रहनेछन्।

(आ) उपसमूह २ मा सोही उपसमूहमा उल्लेखित कुनै सारतत्व वा सोसित सम्बन्धित कुनै पदार्थ (सव्स्टान्स) समावेश भएका औषधिहरु रहनेछन्।

११. प्रयोग भएको (प्रेस्क्रिप्शन फिल्ड) छाप लगाउनु पर्नेः समूह “क” अन्तर्गतको कुनै औषधि चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम कसैले बिक्री वितरण गर्दा सो प्रेस्क्रिप्शन मा “प्रयोग भएको (प्रेस्क्रिप्शन फिल्ड)” भन्ने शब्दहरु भएको छाप लगाउनु पर्नेछ।

१२. प्रत्येक औषधिको भाँडोमा लेबुल लगाउनु पर्नेः (१) औषधि उत्पादन गर्ने व्यक्तिले आफूले उत्पादन गरेको प्रत्येक औषधिलाई अर्को कुनै औषधि वा चीजसित नमिसिने गरी कुनै भाँडोमा राखी सकेपछि त्यस्तो भाँडोको बाहिर लेबुल लगाई राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भाँडो बाहिर लगाइएको लेबुलमा त्यस्तो भाँडोमा राखिएको औषधिका सम्बन्धमा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै वा नेपाल सरकारबाट स्वीकृत अन्य कुनै भाषामा संक्षेपमा लेखिएका अनुसूची–५ बमोजिमका कुराहरु हुनु पर्नेछ।

१३. प्याकिङ्ग बट्टाभित्र इन्सर्ट पूर्जा राख्नेः (१) कुनै औषधि उत्पादनको सिलसिलामा औषधि उत्पादन गर्ने व्यक्तिले औषधि राखिएको भाँडोको सुरक्षाको लागि सो भाँडो कुनै प्याकिङ्ग बट्टाभित्र राख्न सक्नेछ र सो भाँडो प्याकिङ्ग बट्टाभित्र राख्दा त्यस्तो भाँडोको साथसाथै इन्सर्ट पूर्जा पनि राख्न सक्नेछ।



(२) उपनियम (१) बमोजिम प्याकिङ्ग बट्टाभित्र राखिएको इन्सर्ट पूर्जामा त्यस्तो भाँडोमा राखिएको औषधिका सम्बन्धमा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै वा नेपाल सरकारबाट स्वीकृत अन्य कुनै भाषामा विस्तृत रुपमा उल्लेख गरी अनुसूची–६ बमोजिमका कुराहरु रहनेछन्।

१४. लागू र विषालु औषधिहरु सुरक्षित राख्नु पर्नेः ऐनको दफा ३३ को उपदफा (१) को प्रयोजनको लागि लागू औषधिको हकमा समूह “क” को उपसमूह–१ मा उल्लेखित औषधिहरु र विषालु औषधिको हकमा सोही समूहको उपसमूह–२ मा उल्लेखित औषधिहरु तोकिएका छन् र त्यस्तो प्रत्येक औषधि नियम १२ को अधीनमा रही देहाय बमोजिम गरी सुरक्षित साथ राख्नु पर्नेछ :–

(क) कुनै निश्चित ठाँउमा राखिएको,

(ख) निश्चित ठाँउमा रहँदा सो ठाँउबाट खस्न नपाउने व्यवस्था गरिएको,

(ग) असम्बन्धित व्यक्तिले सजिलैसित लिन वा छुन नसक्ने गरिएको, र

(घ) अरु कुनै औषधि वा चीजसित मिसिन नपाउने गरिएको।

१५. लागू तथा विषालु औषधिको अभिलेखः ऐनको दफा ३३ को उपदफा (२) को प्रयोजनको लागि लागू तथा विषालु औषधिको अभिलेख अनुसूची–७ बमोजिमको ढाँचामा हुनेछ।

१६. अनुसूचीहरुमा हेरफेर गर्न सक्नेः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१
### (नियम ५ सँग सम्बन्धित)
### औषधिको स्तरसम्बन्धी औषधि संग्रह वा ग्रन्थहरु

१. विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रकाशित “इण्टरनेशनल फर्माकोपिया” ।

२. काउन्सिल अफ यूरोपद्वारा प्रकाशित “यूरोपियन फर्माकोपिया” ।

३. भारत सरकारको स्वास्थ्य मन्त्रालयद्वारा प्रकाशित “फर्माकोपिया अफ इण्डिया” ।

४. मेडिसिन एक्ट, १९६८ अन्तर्गत वृटिश सरकारको मिनिस्ट्री अफ हेल्थ एण्ड सोसियल सर्भिसेजद्वारा प्रकाशित “वृटिश फर्माकोपिया”।

५. दि यूनाइटेड स्टेट्स फर्माकोपिया कन्भेन्सन अन्तर्गत बनेको “दि यूनाइटेड स्टेट्स फर्माकोपिया”।

६. मिनिस्ट्री अफ दि हेल्थ अफ दि यू.एस्.एस्.आर. द्वारा प्रकाशित “स्टेट फर्माकोपिया अफ दि यूनियन अफ सोभियत सोसियालिष्ट”।

७. जापान सरकारको मिनिस्ट्री अफ हेल्थ एण्ड वेलफियरद्वारा प्रकाशित “फर्माकोपिया अफ जापान” ।

८. भारतको काउन्सियल अफ साइण्टिफिक एण्ड इण्डष्ट्रीयल रिसर्चद्वारा प्रकाशित “इण्डियन फर्मास्यूटिकल कोडेक्स” ।

९. फर्मास्यूटिकल सोसाइटी अफ ग्रेट वृटेनद्वारा प्रकाशित “वृटिश फर्मास्यूटिकल कोडेक्स” ।

१०. अमेरिकन फर्मास्यूटिकल एशोसियसनद्वारा प्रकाशित “नेशनल फर्मूलरी” ।

११. नेपाल सरकारले तोकेका अन्य कुनै देशको औषधि संग्रह तथा तत्तसम्बन्धी कुनै ग्रन्थ ।

द्रष्टव्यः-यस अनुसूचीको ग्रन्थहरुको प्रयोजनको लागि कुनै औषधिको स्तर प्रचलित ग्रन्थमा नभई सोही ग्रन्थको अघिल्लो संस्करणमा समावेश भएको भए सोही संस्करण बमोजिम हुनेछ ।



## अनुसूची-२
### (नियम ६ को उपनियम (२) संग सम्बन्धित)
### ओषधीको स्तर निर्धारणको लागि दरखास्तको ढाँचा

श्री व्यवस्थापकज्यू,

औषधि व्यवस्था विभाग,

स्वास्थ्य मन्त्रालय ।

औषधि स्तर नियमावली, २०४३ को नियम ६ को उपनियम (२) बमोजिम औषधिको स्तर निर्धारण गराउन परेकोले सोको लागि मैले। हामीले सो औषधिका सम्बन्धमा देहायका कुराहरु खुलाई रु. १।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु। गरेका छौं ।

(क) औषधिको रासायनिक वा जीव वैज्ञानिक नाम र परिमाण

(ख) औषधिको शुद्धता (प्यूरिटी) ....................................................................

(ग) औषधिको परिचय (आइडेण्टिफिकेशन) ......................................................

(घ) औषधिको परीक्षण वा विश्लेषण विधि र नतिजा

(ङ) औषधिको गुणात्मक र परिमाणात्मक मूल्याङ्कनको विधि

(च) औषधिमा समावेश रहेको साधक पदार्थ ......................................................

(छ) साधक पदार्थको सीमितता (लिमिट) र सोको एकीन गर्ने विधि

(ज) औषधिको उपयोगिता र सेवन विधि ..........................................................

(झ) औषधिको मात्रा (डोज) .......................................................................

(ञ) औषधि उत्पादन गर्नको लागि उत्पादन अनुज्ञापत्र लिएको भए सो उत्पादन अनुज्ञापत्र कुन मितिमा कुन कार्यालयबाट दिइएको हो ।

(ट) उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपि संलग्न छ। छैन ।

औषधि उत्पादन गर्ने व्यक्ति वा संस्थाको

सहीः-

नाम र थरः-

ठेगानाः-

मितिः-

## अनुसूची-३
### (नियम ९ संग सम्बन्धित)
### प्रत्याभूतिको लिखतको ढाँचा

................................ बस्ने श्री ...................................... लाई म। हामीबाट उत्पादन गरेको देहायका औषधि, औषधि ऐन, २०३५ र सो ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम हुने गरी गुणयुक्त, असरयुक्त र जनसुरक्षित छ भन्ने कुराको प्रत्याभूतिको लिखत गरिदिएको छु। दिएका छौं।

औषधिको–

नामः–

बनावटः–

प्रणालीः–

समूह वा उपसमूहः–

सक्रिय तत्वको–

(क) नामः–

(ख) परिमाणः–

ब्याच नम्बरः–

बिक्री वितरण गरेकोः–

(क) परिमाणः–

(ख) मितिः–

उत्पादन मितिः–

म्याद नाघ्ने मितिः–

औषधि उत्पादन गर्ने व्यक्तिको–

सहीः–

नाम र थरः–

ठेगानाः–

मितिः–

बोधार्थ तथा कार्यार्थः–

नेपाल सरकार,

औषधि व्यवस्था विभागः– उपर्युक्त औषधिको स्तरसम्बन्धी विस्तृत विवरण यसै साथ संलग्न गरी पठाइएको छ।

दृष्टव्यः–यस अनुसूची बमोजिमको प्रत्याभूतिको लिखत औषधिको थोक बिक्री वितरण गर्ने व्यक्तिले औषधि उत्पादन गर्ने व्यक्तिबाट लिई त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि दुई प्रति त्यस्तो औषधिको खुद्रा बिक्री वितरण गर्ने व्यक्तिलाई दिनु पर्नेछ। त्यस्तो खुद्रा बिक्री वितरण गर्ने व्यक्तिले आफूले थोक बिक्री वितरण गर्ने व्यक्तिबाट पाएको त्यस्तो प्रमाणित प्रतिलिपि एक प्रति विभागमा पेश गरी त्यसको निस्सा लिई राख्नु पर्नेछ।



## अनुसूची-४
### (नियम १० संग सम्बन्धित)
### औषधिलाई समूह र उपसमूहमा विभाजन

समूह "क"

यस समूहमा देहायका उपसमूह १ र २ रहनेछन् :–

उपसमूह–१

यस उपसमूहमा देहायका लागू औषधिहरु र सोसित सम्बन्धित कुनै पदार्थ समावेश भएका औषधिहरु रहनेछन्ः–

(१) एसिटाइल मिथाडोल
(२) एलाइल प्रोडिन
(३) अल्फाएसिटाइल मिथाडोल
(४) अल्फामेप्रोडीन
(५) अल्फामिथाडोल
(६) एसिटर्फिन हाइड्रोक्लोराइड
(७) एसिटाइल डाइहाइड्रोकोडीन
(८) अल्फाप्रोडिन
(९) एनिलेरीडीन
(१०) एसिटाइल डाइहाइड्रोकोडीनोन
(११) एपोमर्फिन
(१२) बेन्जिथिडीन
(१३) बिटाएसिटाइल मिथोडोल
(१४) बिटामेप्रोडीन
(१५) बिटामिथाडोल
(१६) बिटाप्रोडीन
(१७) बेन्जाइल मर्फिन
(१८) बेजीट्रामाइड
(१९) क्लोनिटाजिन
(२०) कोडीन मिथाइल ब्रोमाइड
(२१) कोडीन–एन–अक्साइड
(२२) साइप्रीनर्फिन
(२३) कोडीन
(२४) डेक्स्ट्रो मोरामाइड
(२५) डेक्स्ट्रोरफान
(२६) डाइएम्प्रोमाइड
(२७) डाइइथाइल थाइएम्बुटीन
(२८) डाइमेनोक्साडोल
(२९) डाइमेफोप्टानोल
(३०) डाइमिथाइल थाएम्बुटीन
(३१) डाइअक्साफेटाइल ब्यूटाइरेट
(३२) डाइपिपानोन
(३३) डेसोमर्फिन
(३४) डाइहाइड्रो मर्फिन
(३५) डाइहाइड्रो कोडीन
(३६) डाइहाइड्रो कोडीनोन
(३७) डाइहाइड्रो हाइड्रोक्सी कोडीनोन
(३८) डाइहाइड्रोक्सी डाइहाइड्रो मर्फिन हाइड्रोक्लोराइड
(३९) इथाइल मिथाइल थाएम्बुटीन
(४०) इटोनिटाजिन

(४१) इटोसेरीडीन
(४२) इटोर्फिन
(४३) इथाइलमर्फीन
(४४) फुरेथिडीन
(४५) फेन्टानाइल
(४६) हाइड्रोक्सी पेथिडीन
(४७) हिरोइन वा डाइएसिटाइल मर्फिन
(४८) हाइड्रोमर्फोन
(४९) फिटोवेमिडोन
(५०) लिभोमोरामाइड
(५१) लिभोफेनएसाइलमर्फान
(५२) लिभोमिथरफान
(५३) लिभरफानोल
(५४) मर्फेरीडीन
(५५) मिथाइलडेसर्फिन
(५६) मिथाइलडाइहाइड्रोमर्फिन
(५७) मर्फिन मिथाइल ब्रोमाइड
(५८) मर्फिन-एन-अक्साइड
(५९) माइरोफिन
(६०) मेटाजोसिन
(६१) मिथाडोन
(६२) मोरामाइड
(६३) मर्फिन
(६४) नलअर्फिन
(६५) नरएसीमिथाडोल
(६६) नरलिभरफेनल
(६७) नरमिथाडोन
(६८) नरपिपानोन
(६९) निकोकोडीन
(७०) निकोमर्फिन
(७१) नरमर्फिन
(७२) नरकोडीन
(७३) अक्सीमर्फोन
(७४) अपियम
(७५) फेनाडोक्सोन
(७६) फेनएम्प्रोमाइड
(७७) फेनोमर्फान
(७८) फेनोपेरीडीन
(७९) पीरीट्रामाइड
(८०) प्रोहेप्टाजिन
(८१) प्रोपरीडीन
(८२) पेथीडीन
(८३) फेनाजोसिन
(८४) पिमिनोडीन
(८५) फेनमेट्राजिन
(८६) रेसिमोरामाइड
(८७) रेसिमिथरफान
(८८) रेसिमर्फान
(८९) ट्राइमेपेरीडीन
(९०) एम्फेटामिन



(९१) बुफेटेनिन
(९२) डाइइथाइल ट्रीप्टामिन
(९३) डाइमिथाइल ट्रीप्टामिन
(९४) इवोगेन
(९५) लाइसर्जिक एसिड डाइइथाइलएमाइड
(९६) मारीहुएनाको सार तत्वहरु
(९७) मेथएम्फेटामिन
(९८) मेसक्यालिन
(९९) मिथाइल फेनिडेट
(१००) पेयोट
(१०१) एन-इथाइल-३ पिपरीडाइल बेन्जिलेट
(१०२) सिलोसाइवीन
(१०३) बार्बिच्यूरिक एसिड एण्ड इट्स डेरीभेटीभ्स
(क) एमोबार्बिटल
(ख) बार्बिटल
(ग) मिथाइल फेनोबार्बिटल
(घ) फेनोबार्बिटल
(१०४) क्लोरहेक्जाडोल
(१०५) कोकेन
(१०६) इथक्लोरभिनल
(१०७) इथिनामेट
(१०८) ग्लुटेथिमाइड
(१०९) लाइसर्जिक एसिड
(११०) लाइसर्जिक एसिड एमाइड
(१११) मेप्रोवामेट
(११२) मिथाकोइलन
(११३) मिथिप्रीलन
(११४) मिथोहेक्जीटल
(११५) पेट्रीक्लोरल
(११६) फेनसाइक्लिडीन
(११७) सल्फोनडाइइथाइल मिथेन
(११८) सल्फोनमिथेन
(११९) एन-मिथाइल-३ पिपराडाइल बेन्जिलेट
(१२०) सिलोसिन
(१२१) मर्फिन मिथाइल सल्फोनेट

### उपसमूह-२

यस उपसमूहमा देहायका सारतत्व (एक्टिभ इन्ग्रेडिएन्ट्स) वा सोसित सम्बन्धित कुनै पदार्थ (सब्स्टान्स) समावेश भएका औषधिहरु रहनेछन्:-

(१) राओल्फिया अल्कोलाइड्स
(२) योहिम्वा अल्कोलाइड
(३) भेराट्रम अल्कोलाइड
(४) क्वीनीडीन
(५) प्रोकेनामाइड
(६) कोडोक्सीम
(७) लोबेलिया अल्कोलाइड
(८) क्लोरोफर्म
(९) अर्थोकेन
(१०) प्रोकेन
(११) ट्रोपाकोकेन
(१२) ६-मरक्याप्टोप्यूरीन

(१३) मेथोट्रीक्जेट
(१४) भिनक्रिस्टिन
(१५) भिनब्लास्टिन
(१६) क्लोरोमिथेन हाइड्रोक्लोराइड
(१७) बेलाडोना एण्ड इट्स अल्कोलाइड
(१८) धतुरा
(१९) विपेरीडीन
(२०) डाइआइसोप्रोपाइल फ्लुरोफोस्फोनेट
(२१) एलाइल आइसोप्रोपाइल एसिटाइल यूरिया
(२२) ब्यूटाइल क्लोरल हाइड्रेट
(२३) क्लोरल फोर्मामाइड
(२४) क्लोरल बिटेन
(२५) क्लोरल हाइड्रेट
(२६) पारल्डीहाइड
(२७) फिनाइल एसिटाइल यूरिया
(२८) ट्रोक्सीडोन
(२९) बेनाक्टीजाइन
(३०) हिपारीन
(३१) वारफारीन
(३२) एकोनाइट अल्कोलाइड
(३३) फिनाइल सिन्कोनिनिक एसिड
(३४) प्रोपोक्सिफिन
(३५) इपियोल
(३६) एमाइल नाइट्राइट
(३७) मानिटल हेक्जानाइट्रेड
(३८) इरगट अल्कोलाइड एण्ड इट्स डेरीभेटीभ्भ
(३९) मुस्टिन हाइड्रोक्लोराइड
(४०) एमिनोप्टेरीन
(४१) बुसल्फान
(४२) क्लोरमबुसिल
(४३) साइक्लोफोस्फामाइड
(४४) मनोमूस्टीन हाइड्रोक्लोराइड
(४५) ट्राइथीलिन थायोफोस्फोरामाइड
(४६) ग्वानीडीन
(४७) बेरियम अर इट्स कम्पाउण्ड एक्सेप्ट बेरियम सल्फेट
(४८) ग्यालाभाइन
(४९) लोडेक्सीयम
(५०) इलेटरीयम
(५१) कोनिन
(५२) एन्टीमनी पोटासियम टारट्रेट
(५३) इमेटीन
(५४) स्टीबोक्याप्टेट
(५५) डिजिटालिक्स एण्ड इट्स ग्लाइकोसाइड्स
(५६) डाइसल्फीराम
(५७) क्यान्थरीडीन
(५८) इपीनेफ्रिन
(५९) लिभरटेर्नल
(६०) लिड एण्ड इट्स कम्पाउण्ड
(६१) मिथानोल
(६२) जिंक एण्ड इट्स कम्पाउण्ड



(६३) मर्करी एण्ड इट्स कम्पाउण्ड
(६४) फेनफर्मिन
(६५) एजोथायोप्रिन
(६६) साबिडिला अल्कोलाइड
(६७) थालियम
(६८) पोमेग्रेनेट अल्कोलाइड्स
(६९) निकोटीन
(७०) नक्समोमिका एण्ड इट्स अल्कोलाइड्स
(७१) आरसेनिक एण्ड इट्स कम्पाउण्ड
(७२) जेल्सिमियम अल्कालाइड

## समूह–ख

यस समूहमा देहायका सारतत्व (एक्टिभ इनग्रेडिएन्ट्स) वा सोसित सम्बन्धित कुनै पदार्थ (सव्सटान्स) समावेश भएको औषधिहरु रहनेछन्:–

(१) एन्टीरेविज सिरम
(२) एन्टीजेन
(३) एन्टीटक्सीन
(४) एन्टीभेनम
(५) सेरा
(६) सेरमप्रोटिन
(७) टक्सीन
(८) पेनिसिलिन एण्ड इट्स पेनिसिलिन्स
(९) (क) बेन्जाइल पेनिसिलिन
(ख) बेन्जाथिनि बेन्जाइल पेनिसिलिन
(ग) प्रोकेन बेन्जाइल पेनिसिलिन
(घ) फिनोक्सीमिथाइल पेनिसिलिन
(ङ) क्लोजासिलिन
(च) एम्पीसिलिन
(छ) एमोक्सीलिन
(१०) टेट्रासाइक्लिन एण्ड इट्स टेट्रासाइक्लिन्स
(क) अक्सीटेट्रासाइक्लिन
(ख) क्लोरटेट्रासाइक्लिन
(ग) डक्सीसाइक्लिन
(११) ग्रामीसिडिन
(१२) वासिट्रासीन
(१३) पोलीमाइक्सिन बी.
(१४) नीस्टाटिन
(१५) एम्फोटेरीसिन बी.
(१६) भायोमाइसिन
(१७) रीफाम्पीन
(१८) स्ट्रेप्टोमाइसिन
(१९) काना माइसिन
(२०) नियोमाइसिन
(२१) पारामोमाइसिन
(२२) जेन्टामाइसिन
(२३) इरीथोमाइसिन
(२४) क्लोरमफेनिकल
(२५) कार्बोमाइसिन
(२६) फ्रामाइसिटीन
(२७) ग्रीसियोफुल्भिन
(२८) नाभोबायोसिन

(२९) ओलिन्डोमाइसिन
(३०) स्पाइरोमाइसिन
(३१) व्यान्कोमाइसिन
(३२) सल्फामिथोक्साजोल
(३३) सल्फामियोपाइराजिन
(३४) सल्फामिथोक्सीन
(३५) सल्फाडोक्सीन
(३६) सल्फाफ्युराजोल
(३७) सल्फामिथोक्सी पाइरीडाइजीन
(३८) सल्फासोमिजोल
(३९) सल्फासालाजिन
(४०) बेन्जोकेन
(४१) इथर
(४२) फ्लुरासिन
(४३) हेलोथेन
(४४) लिडोकेन
(४५) नाइट्रस अक्साइड
(४६) ट्राइब्रोमिथेनल
(४७) थायोपेन्टल सोडियम
(४८) इथाम्बुटल
(४९) आइसोनिकोटिनिक एसिड हाइड्रोजाइड एण्ड इट्स डेरीभेटीभ
(५०) आइसोनियाजाइड
(५१) पाइरीजीनामाइड
(५२) पाराएमिनोसालिसिलिक एसिड
(५३) थायोसिटाजोन
(५४) प्रोटामिन सल्फेट
(५५) एसिटाजोलामाइड
(५६) बेन्ड्रोफ्लुएजाइड
(५७) क्लोरोथायजाइड
(५८) फुसेमाइड
(५९) हाइड्रोक्लोर थायजाइड
(६०) मिथाइल क्लोरोथायजाइड
(६१) पोलिथायजाइड
(६२) स्पिरोनोलाक्टोन
(६३) ट्राएमटेरीन
(६४) डाइमेरक्याप्रोल
(६५) फाइटोमेनाडायोन
(६६) ट्राइथेनोलामिन
(६७) पारालिडोक्सीन
(६८) भिटामिन डी. एज सिंगल प्रिपरेशन
(६९) इथोसक्सीमाइड
(७०) हाइडेन्टवाइन
(७१) मेथसक्सीमाइड
(७२) अक्साजोलिडीन
(७३) पारामिथाडायोन
(७४) फेनसक्सीमाइड
(७५) इन्डोमिथासिन
(७६) मेटामिजोल
(७७) अक्सिफेनव्युटाजोन
(७८) फिनाइलव्युटाजोन



(७९) पेन्टाजोसिन
(८०) पाइरिभिनियम
(८१) थायोबेन्डाजोल
(८२) नाइट्रोफ्युरन्टवाइन
(८३) भेरापामिल इन्जेक्सन
(८४) इरीथ्रीटाइल टेट्रानाइट्रेट
(८५) ग्लीसिराइल ट्राइनाइट्रेट
(८६) आइसोसर्वाइड डाइनाइट्रेट वा सर्वाइड नाइट्रेट
(८७) आइसोप्रिनालिन
(८८) आइसोसुप्रिन
(८९) क्लोरआइसन्डामिन क्लोराइड
(९०) साइक्लोपेन्थाएजाइड
(९१) हाइड्रोलोजिन इन्जेक्सन
(९२) मिथाइल डोपा
(९३) बिटाब्लकर्स
(क) प्रोपानोलल
(ख) आइसोप्रेटेरेनल
(ग) सोटालल
(घ) डाइक्लोरो आइसोप्रेटेरेनल
(९४) क्याप्टोडीन
(९५) एमिट्रिप्टालिन
(९६) इमिप्रामिन
(९७) ट्राइमिप्रामिन
(९८) ट्राइनाइलसीप्रोमिन
(९९) प्रोमेथायजीन हाइड्रोक्लोराइड
(१००) पेकाजिन
(१०१) फेनेल्जिन
(१०२) प्रोभाजिन
(१०३) प्रोक्लोर पेराजिन
(१०४) एसिप्रोमाजिन मालिएट
(१०५) एजमालिन एण्ड इट्स कम्पाउण्डस्
(१०६) डाइजेपाम
(१०७) हेलोपेरिडल
(१०८) आइसोकार्वोजाजिड
(१०९) ट्राइफ्लुप्रोमाजिन
(११०) थायोप्रोपाजेट
(१११) क्लोरमेजानोन
(११२) क्लोरप्रोमाजिन
(११३) कलोरोप्रोथिक्सिन
(११४) हाइड्रोक्सीजिन
(११५) डाइफेनाइल पाइरालिन हाइड्रोक्लोराइड
(११६) प्रोफेनपाइरीडामिन
(११७) क्लोफाजिमिन
(११८) डाप्सोन
(११९) इपनोएक एसिड
(१२०) सोडियम एमिडोट्रीजोएट
(१२१) ट्युवरकुलिन
(१२२) फेन्टोलामिन
(१२३) एजापेन्टीन
(१२४) ब्रेथिलिम टोसिलेट

(१२५) प्रोवेनिसिड
(१२६) स्टीवोग्लुकोगेट
(१२७) पीमाक्वीन
(१२८) लिभोडोपा
(१२९) एलोपुरीनल
(१३०) कार्बुटामाइड
(१३१) क्लोरोप्रोपामाइड
(१३२) मेटफर्मिन
(१३३) टलब्यूटामिइड
(१३४) डेक्सट्रान ४०
(१३५) डेक्सट्रान ७०
(१३६) हेक्सोसाइक्लियन मिथाइल सल्फेट
(१३७) सक्जामियोनियम
(१३८) पेम्पीडीन
(१३९) पोलिथायोयूरासिल
(१४०) पेन्टामिडीन
(१४१) इसेरीन
(१४२) नियोस्टीग्मीन
(१४३) कार्वाकोल
(१४४) पिलोकार्पिन
(१४५) पाइरीडोस्टीग्मीन
(१४६) ट्राइहेक्जीफेनिडाइल
(१४७) हर्मोन्स
(क) इन्सुलिन
(ख) थाइरोइड एक्सट्राक्ट एण्ड थाइरोक्सीन
(ग) पिटयूएटरी एक्सट्राक्ट
(घ) अक्सिटोसिन
(ङ) भासोप्रेसिन
(च) एडरेनोकर्टिकोट्रोपिक हर्मोन्स
(छ) बेन्जोइस्ट्रोल
(ज) डेक्सामिथासोन
(झ) इथिनाइल इष्ट्राडीयल
(ञ) बिटामिथासोन
(ट) कार्टिसोन
(ठ) हाइड्रोकार्टिसोन
(ड) नरइथिस्ट्रीरोन
(ढ) प्रडनीसोलोन
(ण) टेस्टीइस्टिरोन
(त) ट्राइएम सिनोलोन
(१४८) मेग्लुमिन
(१४९) सल्ब्यूटामोल
(१५०) ट्राइमिथोप्रिम
(१५१) स्ट्रोपिन
(१५२) रेटिनल एज सिंगल प्रिपेरेसन
(१५३) ट्राइमेपराजिन

**समूह–ग**

**यस समूहमा देहायका उपसमूह १ र २ रहनेछन् :–**

**उपसमूह–१**



यस उपसमूहमा समूह क. र समूह ख. मा उल्लेखित औषधिहरुमध्ये निम्न प्रतिशतभन्दा बढी नभएका औषधिहरु रहनेछन् :–

| | | प्रतिशत |
|---|---|---|
| (१) | एकोनाइट अल्कोलाइड | ०.२० |
| (२) | एमीनो अल्कोहल | १०.०० |
| (३) | एन्टीमनी एण्ड इट्स कम्पाउण्ड | १.०० |
| (४) | एपोमर्फिन ०.२० | |
| (५) | आरसेनिक एण्ड इट्स कम्पाउण्ड | ०.०१ |
| (६) | स्ट्रोपिन | ०.१५ |
| (७) | बेलाडोना अल्कालाइड | ०.१५ |
| (८) | ब्रुसिन | ०.२० |
| (९) | क्याथरीडीन | ०.१० |
| (१०) | कोका अल्कालाइड | ०.१० |
| (११) | कोकेन | ०.१० |
| (१२) | कोडिन | १.०० |
| (१३) | कोल्चिकम | ०.५० |
| (१४) | कोनीन | ०.१० |
| (१५) | कोटार्निन | ०.२० |
| (१६) | धतुरा | ०.१५ |
| (१७) | डेसोमर्फिन | १.५० |
| (१८) | डेक्स्ट्रोमेथोर्फा | १.५० |
| (१९) | डाइहाइड्रोक्सी डाइहाइमर्फिन | ०.१० |
| (२०) | इमेटीन | १.०० |
| (२१) | इफेड्रा अल्कालाइड | १.०० |
| (२२) | इथाइल मोर्फिन | ०.२० |
| (२३) | जेल्सेमियम अल्कलाइड | ०.१० |
| (२४) | होमाट्रोपिन | ०.१० |
| (२५) | हायोसाइमिन | ०.१५ |
| (२६) | हाइड्रोसाइनिक एसिड | ०.१५ |
| (२७) | लोबेलिया अल्कोलाइड | ०.५० |
| (२८) | मर्फिन | ०.२० |
| (२९) | मर्कुरीकल्कोराइड | १.०० |
| (३०) | मर्करीकआयोजाइड | २.०० |
| (३१) | मर्करीकनाइट्रेट | ३.०० |
| (३२) | मर्करी | ०.२० |
| (३३) | मर्क्यूरीक पोटासियम आयोडाइड | १.०० |
| (३४) | नक्समोमिका | ०.२० |
| (३५) | निकोटिन ०.२० | |
| (३६) | पोमेग्रेनेट अल्कोसाइड | ०.५० |
| (३७) | ओपियम | ०.२० |
| (३८) | सोलेनिसिएस अल्कोलाइड | ०.१५ |
| (३९) | स्टाभसाकर अल्कोलाइड | ०.२० |
| (४०) | स्ट्रिक्नीन | ०.२० |
| (४१) | भेराट्रम अल्कोलाइड | १.०० |
| (४२) | हायोसिन | ०.१५ |

उपसमूह–२

यस उपसमूहमा देहायका सारतत्व (एक्टिभ इन्ग्रेडिएन्टस्) वा सोसित सम्बन्धित कुनै पदार्थ (सब्टान्स) समावेश भएका औषधिहरु रहनेछन् :–

(१) इबुप्रोफेन
(२) पारसिटामोल
(३) नाइट्रेजेपाम
(४) प्रोमेथाजिन थियोल्केट
(५) एन्टाजोलिन
(६) प्रोमाजिन
(७) क्लोरसाइक्लीजीन
(८) क्लोरफेनिरामिन
(९) डाइफेनहाइड्रामिन
(१०) फेनिरामिन
(११) मेल्कीजिन
(१२) फिनिनडामिन
(१३) थेनालिडीन
(१४) सल्फाडीमिडीन
(१५) सल्फाडाइजिन
(१६) सल्फामेराजिन
(१७) सल्फामेथीजोल
(१८) सल्फानिलामाइड
(१९) सल्फाथायोजोल
(२०) सल्फासोमिडीन
(२१) सल्फाग्वानिडीन
(२२) सल्फासिटामाइड
(२३) टाइरोथ्रीसिन एज लोकल यूज
(२४) बिफेनियम
(२५) डाइइथाइल कार्बामाजीन
(२६) मेवेन्डाजोल
(२७) निल्कोसामाइड
(२८) पिपराजिन
(२९) टेट्रामिसोल
(३०) एमोडायोक्वीन क्लोरहाइड्रेट
(३१) क्लोरोक्वीन
(३२) पाइरीमिथामिन
(३३) एस्कर्बिक एसिड
(३४) इर्गोक्याल्सिफेरोल
(३५) निकोटीनामाइड
(३६) पाइरीडोक्सीन
(३७) रिवोल्फामिन
(३८) थायमिन हाइड्रोक्लोराइड
(३९) साइनोकोवालामिन
(४०) निकेथामाइड
(४१) मेट्रोनिडाजोल
(४२) एमिनोफाइलिन
(४३) पापाभेरीन
(४४) डालोक्सानाइड
(४५) क्लीनिडियम ब्रोमाइड
(४६) फोल्कोडीन

यस समूहमा अन्य यस्तै साधारण औषधिहरु रहनेछन् ।



## अनुसूची–५
### (नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

लेबुलमा खुलाउनु पर्ने कुराहरु

१. औषधिको नाम र परिमाण ।

२. औषधिको समूह वा उपसमूह ।

३. एलोप्याथिक, आयुर्वेदिक, यूनानी र होमियोप्याथिक प्रणालीमध्येको कुन औषधि हो ।

४. औषधिमा रहेको मुख्य तत्वको नाम, परिमाण र सो औषधि कुन ग्रन्थबमोजिमको हो सो ग्रन्थको छोटकरी नाम ।

५. औषधि उत्पादन गर्ने कम्पनीको नाम, ठेगाना र देश ।

६. औषधि उद्योगको स्थापनाको लागि दिइएको सिफारिस पत्रको क्र.सं. ।

७. औषधि उत्पादनको लागि दिइएको उत्पादन अनुज्ञापत्रको क्र.सं. ।

८. औषधिको ब्याच नं. ।

९. औषधिको उत्पादन मिति ।

१०. म्याद नाघ्ने औषधिको लागि म्याद नाघ्ने मिति ।

११. औषधिको मूल्य ।

१२. औषधि सञ्चय गर्ने तरिका र व्यवस्था ।

१३. समूह "क" को उपसमूह १ र २ मा परेका औषधिका सम्बन्धमा भए होसियार विष र "चिकित्सकको प्रेस्क्रिप्शन बिना बिक्री वितरण गर्न नहुने" भन्ने शब्दहरु र समूह "ख" मा परेको औषधिका सम्बन्धमा भए "होसियार" र "चिकित्सकको प्रेस्क्रिप्सन बिना बिक्री बितरण गर्न नहुने" भन्ने शब्दहरु ।

१४. उमेरको अनुपातमा त्यस्तो औषधिको सेवन गर्न सकिने मात्रा ।

१५. त्यस्तो औषधिको सेवन विधि ।

१६. बाहिरी प्रयोगको लागि मात्र प्रयोग हुने औषधिका सम्बन्धमा भए "बाहिरी प्रयोगको लागि मात्र हुने" भन्ने शब्दहरु ।

१७. मानिसबाहेक अन्य जनावरहरुको लागि मात्र प्रयोग हुने औषधिका सम्बन्धमा भए "मानिसको लागि प्रयोग नहुने" भन्ने शब्दहरु ।

१८. शल्य चिकित्सामा प्रयोग हुने वा इन्जेक्सन वा यस्तै अन्य प्रक्रियाद्वारा शरीरभित्र पठाई प्रयोग हुने औषधि उत्पादन गर्दा जीवाणुमुक्त नगरिएको भए "जीवाणुमुक्त नगरिएकोले जीवाणुमुक्त नगरी प्रयोग गर्न नहुने" भन्ने शब्दहरु ।

## अनुसूची-६
(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

इन्सर्ट पूर्जामा खुलाउनु पर्ने कुराहरु

१. अनुसूची-५ बमोजिमका खुलाउनु पर्ने कुराहरु ।

२. औषधि प्रयोग गरिने रोग र रोगको अवस्थाको विवरण ।

३. रोगीको उमेर, अवस्था र लिंग अनुसार भिन्नता हुने औषधिको सेवनको मात्रा ।

४. औषधिको सेवन समय र सेवन अवधि ।

५. औषधिको सेवन तरिका ।

६. औषधिको सेवन गर्नुअगाडि कुनै तयारी विधि अपनाउनु पर्ने भए सो विधि ।

७. औषधिको सेवनबाट हुन सक्ने सम्भावित प्रतिकूल असर र त्यसको त्यस्तो असरबाट बच्ने उपायबारे ।

८. औषधिको सेवन गर्न नहुने अवस्था ।



## अनुसूची-७
(नियम १५ सँग सम्बन्धित)

लागू तथा विषालु औषधिहरुको अभिलेख

क. लागू तथा विषालु औषधिको थोक बिक्री वितरण गरेपछि थोक बिक्रेताले देहाय बमोजिम उल्लेख गरी अभिलेख राख्नु पर्नेछः–

१. औषधिको नामः–
२. औषधि उत्पादन गर्ने व्यक्ति वा संस्थाको नामः–
३. औषधि उत्पादन भएको मितिः–
४. औषधिको ब्याच नं.ः–
५. औषधिको म्याद नाघ्ने मितिः–
६. औषधि प्राप्त भएको मिति र परिमाणः–
७. औषधि कुन व्यक्तिबाट प्राप्त गरेको हो सो व्यक्तिको नाम, थर र ठेगानाः–
८. खुद्रा विक्रेतालाई बिक्री गरेको त्यस्तो औषधिको किसिम र परिमाणः–
९. औषधिको खुद्रा बिक्रेताकोः–
(क) नाम, थर र ठेगानाः– (ख) सही भएको मितिः–
१०. आफूसँग बाँकी रहेको त्यस्तो औषधिको परिमाणः–
माथि लेखिएका कुराहरु ठीक साँचो हो भनी सही गर्नेः–

(थोक विक्रेताको नाम र थर)
मितिः–

ख. लागू तथा विषालु औषधिको खुद्रा बिक्री वितरण गरेपछि खुद्रा विक्रेताले देहाय बमोजिम उल्लेख गरी अभिलेख राख्नु पर्नेछ :–

१. औषधिको नामः–
२. औषधिको उत्पादन गर्ने व्यक्ति वा संस्थाको नामः–
३. औषधि उत्पादन भएको मितिः–
४. औषधिको म्याद नाघ्ने मितिः–
५. औषधि प्राप्त भएको मिति र परिमाणः–
६. औषधि कुन व्यक्तिबाट प्राप्त गरेको हो सो व्यक्तिको नाम, थर र ठेगानाः–
७. सेवनको लागि त्यस्तो औषधि खरिद गर्ने व्यक्तिको,
(क) नाम, थर र ठेगानाः–
(ख) सही भएको मितिः–
८. सेवनको लागि त्यस्तो व्यक्तिलाई त्यस्तो औषधि बिक्री वितरण गरिएको परिमाणः–

माथि लेखिएका कुराहरु ठीक साँचो हो भनी सही गर्ने :–

(खुद्रा विक्रेताको नाम र थर)
मितिः–

---

द्रष्टव्यः- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) नियमावली, २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५१।४।३०

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) ऐन, २०४९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमावलीको नाम "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) नियमावली, २०५१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "ऐन" भन्नाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ सम्झनु पर्छ।

(ख) "निरिक्षक" भन्नाले ऐनको दफा १३ को उपदफा (१) बमोजिम नियुक्त गरिएको वा तोकिदिएको व्यक्ति सम्झनु पर्छ।

३. सुपेरीवेक्षण गर्ने : स्तनपानको संरक्षण र सम्बर्द्धन गर्न समितिले आफैले वा उपसमिति वा निरीक्षकहरुद्वारा स्वास्थ्य हेरचाह गर्ने निकाय, स्वास्थ्य कार्यकर्ता र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत, बाल आहारको उत्पादन वा बिक्री वितरण गर्ने उत्पादक वा वितरकहरुले ऐन र यस नियमावली बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ, छैन सुपरीवेक्षण गर्न वा गराउन सक्नेछ।

४. स्वीकृतिको लागि निवेदन दिने : (१) स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा सङ्गठनले ऐनको दफा ९ को उपदफा (७) बमोजिम कुनै उत्पादक वा वितरकबाट कुनै उत्पादन खुद्रा मूल्यभन्दा कम मूल्यमा वा अनुदानको रुपमा लिन चाहेमा त्यसको कारण र उद्देश्य समेत खुलाई समितिको स्वीकृतिको लागि अनुसूची–१ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) ऐनको दफा ९ को उपदफा (९) बमोजिम उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकायलाई कुनै उपकरण वा वस्तुहरु दान दिन चाहेमा समितिको स्वीकृति लिनको लागि अनुसूची–२ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य कार्यकर्ताहरुले ऐनको दफा ९ को उपदफा (११) बमोजिम कुनै उत्पादक वा वितरकबाट कुनै छात्रवृत्ति वा अनुसन्धान अनुदान लिन वा व्यवसायिक गोष्ठी वा सम्मेलन आयोजना गर्न वा त्यस्तो गोष्ठी वा सम्मेलनमा भाग लिन चाहिने रकम लिन चाहेमा त्यस्तो छात्रवृत्ति वा अनुसन्धान अनुदान लिनको लागि समितिको स्वीकृतिको लागि अनुसूची–३ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।



५. स्वीकृति दिने : (१) नियम ४ को उपनियम (१) बमोजिम कुनै निवेदन परेमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी स्वीकृति दिन मनासिव देखिए त्यस्तो निवेदनमा उल्लेख भए बमोजिम कुनै उत्पादन लिने स्वास्थ्य हेरचाह गर्ने निकाय वा संस्था वा सङ्गठनले पालन गर्नु पर्ने शर्तहरु समेत उल्लेख गरी स्वीकृति दिनु पर्नेछ।

(२) नियम ४ को उपनियम (२) बमोजिम कुनै निवेदन परेमा समितिले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गरी स्वीकृति दिन मनासिव देखिए त्यस्तो निवेदनमा उल्लेख भए बमोजिम कुनै उपकरण वा वस्तुहरु दिने उत्पादक वा वितरकले पालन गर्नु पर्ने शर्तहरुसमेत उल्लेख गरी स्वीकृति दिनु पर्नेछ।

(३) नियम ४ को उपदफा (३) बमोजिम कुनै निवेदन परेमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी स्वीकृति दिन मनासिव देखिए त्यस्तो निवेदनमा उल्लेख भए बमोजिम कुनै छात्रवृत्ति वा अनुसन्धान अनुदान वा रकम लिने स्वास्थ्य कार्यकर्ताले पालन गर्नु पर्ने शर्तहरु समेत उल्लेख गरी स्वीकृति दिनु पर्नेछ।

(४) उपनियम (१), (२) वा (३) बमोजिमको स्वीकृति समितिले त्यस्तो स्वीकृतिको लागि निवेदन परेको मितिले तीस दिनभित्र दिनु पर्नेछ।

६. उत्पादनको प्रमाणीकरण : (१) उत्पादक वा वितरकले दूधदानी र मुन्टोबाहेक अन्य कुनै उत्पादन बिक्री गर्नु अघि त्यस्तो उत्पादनको प्रमाणीकरणको लागि उत्पादनको नमूना र समितिले तोके बमोजिमको दस्तूर सहित अनुसूची–४ बमोजिमको ढाँचामा केन्द्रीय खाद्य अनुसन्धानशालामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा केन्द्रीय खाद्य अनुसन्धानशालाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सम्बन्धित उत्पादन नेपाल गुणस्तर कार्यालयबाट निर्धारित वा सिफारिस गरिएको गुणस्तर अनुसारको र मानव उपभोगको लागि उपयुक्त देखिए त्यस्तो निवेदन परेकै मितिले तीन महिनाभित्र त्यस्तो उत्पादनको प्रमाणीकरण गरिदिनु पर्नेछ।

७. लेवलको स्वीकृति : (१) उत्पादक वा वितरकले कुनै उत्पादन बिक्री गर्नु अघि त्यस्तो उत्पादनको लेवल स्वीकृतिको लागि अनुसूची–५ बमोजिमको ढाँचाको निवेदनसाथ समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा समितिले सम्बन्धित लेवलमा ऐनको दफा ११ को उपदफा (६) बमोजिम उल्लेख हुनु पर्ने सबै कुराहरु उल्लेख भएको देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र लेवलको स्वीकृति दिनु पर्नेछ।

८. अभिलेख राख्नु पर्ने : समितिले नियम ५ वा ७ बमोजिम आफूले स्वीकृति दिएका सबै कुराहरुको अभिलेख राख्नु पर्नेछ।

९. अधिकार प्रत्यायोजन : समितिले ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार ऐनको दफा ६ को खण्ड (ज) बमोजिम गठित उपसमिति, समितिको सदस्य सचिव वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. परिचयपत्र : (१) प्रत्येक निरीक्षकलाई अनुसूची–६ बमोजिमको ढाँचामा परिचयपत्र दिइनेछ।

(२) निरीक्षकले आफ्नो परिचयपत्रसाथ सधैं आफ्नो साथ राख्नु पर्नेछ र ऐन तथा यस नियमावली बमोजिम कुनै काम गर्दा वा आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा कसैले निजको परिचयपत्र हेर्न खोजेमा तुरुन्त देखाउनु पर्नेछ।

११. निरीक्षण : (१) निरीक्षकले वर्षमा कम्तीमा दुई पटक आफ्नो क्षेत्रमा रहेका प्रसुतिगृह, अस्पतालको प्रसूति तथा शिशु कक्ष, स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य व्यवसायीहरुको क्लीनिक वा कार्यालयहरु तथा अन्य स्वास्थ्य हेरचाह गर्ने निकाय र स्वास्थ्य कार्यकर्ताहरुको कार्यालय एवं उत्पादक र वितरकहरुको उत्पादन स्थल, गोदाम वा कार्यालयको निरीक्षण गरी ऐन र यस नियमावली बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन भएको छ, छैन जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्ने प्रयोजनको लागि कसैको घर जग्गामा प्रवेश गर्नु परेमा निरीक्षकले प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना दिई प्रवेश गर्न सक्नेछ ।

(३) निरीक्षकले उपनियम (१) र (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्ने वा कसैको घर जग्गामा प्रवेश गर्ने प्रयोजनको लागि स्थानीय निकाय, प्रशासन, प्रहरी वा अन्य कुनै व्यक्तिसँग सहयोग मागेमा निजलाई सम्बन्धित सबैले सहयोग गर्नु पर्नेछ ।

१२. निर्देशन दिन सक्ने : (१) नियम ११ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा निरीक्षकले कुनै प्रसूतिगृह, अस्पतालको प्रसूति तथा शिशु कक्ष, स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य व्यवसायीहरुको क्लीनिक वा कार्यालयमा वा अन्य कुनै स्वास्थ्य हेरचाह गर्ने निकायमा कुनै अनियमितता भएको देखिएमा त्यसलाई हटाउन वा त्यहाँ उपलब्ध गराइने सेवामा सुधार गर्नको निमित्त आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले दिएको निर्देशन सम्बन्धित प्रसूतिगृह, अस्पताल, स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य हेरचाह गर्ने निकायको प्रमुख तथा स्वास्थ्य व्यवसायीहरुले पालन गर्नु पर्नेछ ।

१३. प्रतिवेदन पेश गर्नु पर्ने : निरीक्षकले नियम ११ बमोजिम निरीक्षण तथा जाँचबुझ गरिसकेपछि आफूले देखेका अन्य कुराहरुको अतिरिक्त नियम १२ बमोजिम आफूले निर्देशन दिएका कुराहरु र आफ्नो सुझाव समेत उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

१४. अनुसूचीमा हेरफेर वा थपघट : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।



## अनुसूची-१
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

मिति :....................

श्री स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति
.................................................... ।

महोदय,

निम्नलिखित उत्पादक वा वितरकबाट निम्नलिखित उत्पादन खुद्रा मूल्य भन्दा कम मूल्यमा वा अनुदानको रुपमा लिन पाउने स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु/छौं ।

(क) उत्पादक वा वितरकको नाम :-

(ख) ठेगाना :-

(ग) उत्पादनको नाम :-

(घ) परिमाण :-

(ङ) मूल्य :-

निवेदकको, :-

सही :-

नाम :-

दर्जा :-

## अनुसूची-२
### (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

मिति :....................

श्री स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति

.................................................... ।

महोदय,

निम्नलिखित स्वास्थ्य हेरचाह गर्ने निकायलाई निम्नलिखित उपकरण वा वस्तुहरु अनुदानको रुपमा दिन त्यस समितिको स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु/छौं।

(क) स्वास्थ्य हेरचाह गर्ने निकायको नाम :–

(ख) ठेगाना :–

(ग) उपकरण वा वस्तुको विवरण :–

(घ) परिमाण :–

(ङ) मूल्य :–

(च) उत्पादन वा वितरकको नाम :–

(छ) ठेगाना :–

(ज) दान दिनुको मुख्य उद्देश्य र कारण :–

निवेदकको,–

सही :–

नाम :–

दर्जा :–



## अनुसूची-३
### (नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

श्री स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति

.................................................... ।

मिति :....................

महोदय,

निम्नलिखित उत्पादक वा वितरकबाट निम्न बमोजिमको छात्रवृत्ति वा अनुसन्धान अनुदान लिन वा व्यावसायिक गोष्ठी वा सम्मेलन आयोजना गर्न वा त्यस्तो गोष्ठी वा सम्मेलनमा भाग लिन चाहिने रकम लिन त्यस समितिको स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु/छौं।

(क) उत्पादन वा वितरकको नाम :–

(ख) ठेगाना :–

(ग) छात्रवृत्ति वा अनुसन्धान सम्बन्धी विवरण :–

(घ) छात्रवृत्ति वा अनुसन्धानको लागि चाहिने रकम :–

(ङ) व्यावसायिक गोष्ठी वा सम्मेलन सम्बन्धी विवरण :–

(च) गोष्ठी वा सम्मेलन हुने वा गर्ने स्थान :–

(छ) गोष्ठी वा सम्मेलन हुने वा गर्ने मिति र अवधि :–

(ज) गोष्ठी वा सम्मेलनमा भाग लिन वा आयोजना गर्न चाहिने रकम :–

(झ) निवेदकको योग्यता सम्बन्धी विवरण :–

(ञ) ठेगाना :–

निवेदकको,–

सही :–

नाम :–

## अनुसूची-४
### (नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

मिति :....................

श्री केन्द्रीय खाद्य अनुसन्धानशाला,

.................................................... ।

महोदय,

निम्नलिखित उत्पादनको प्रमाणिकरण आवश्यक परेकोले उत्पादनको नमूना आवश्यक दस्तुरसमेत संलग्न गरी सो उत्पादनको प्रमाणिकरण पाउन यो निवेदन पेश गरेको छु/छौं ।

(क) उत्पादक वा वितरकको नाम :–

(ख) ठेगाना :–

(ग) उत्पादनको नाम :–

(घ) उत्पादनका साधनहरु :–

(ङ) उत्पादनको विश्लेषण र बनावट :–

(च) उत्पादनको लेवल स्वीकृति भएको छ छैन :–

(छ) स्वीकृत भएको भए त्यसको मिति :–

निवेदकको,–

सही :–

नाम :–

दर्जा :–



## अनुसूची-५
### (नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

श्री स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति

.................................................... ।

मिति :....................

महोदय,

निम्नलिखित उत्पादनको लेवलमा त्यस समितिबाट स्वीकृति पाउनको लागि यो निवेदन पेश गरेको छु/छौं ।

(क) उत्पादक वा वितरकको नाम :–

(ख) ठेगाना :–

(ग) उत्पादनको नाम :–

(घ) उत्पादनको प्रमाणिकरण लिएको छ, छैन :–

(ङ) प्रमाणीकरण लिएको भए त्यसको मिति :–

निवेदकको,–

सही :–

नाम :–

दर्जा :–

अनुसूची-६

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

........................

निरीक्षकको, :-

नाम :- परिचयपत्र नं.

सही :- मिति .................

कार्य क्षेत्र :- .......................................... जिल्लाहरु

परिचयपत्र दिने अधिकारीको :-

नाम :-

सही :-

दर्जा :-

निरीक्षकको फोटो

कार्यालयको छाप ....... (फोटोमा समेत पर्ने गरी)

---

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।



# नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५५।९।१९

संशोधन

१. नेपाल स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०६० २०६०।१।८
२. नेपाल स्वास्थ्य सेवा (दोस्रो संशोधन) नियमावली, २०६१ २०६१।११।१२
३. नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) नियमावली, २०६८ २०६९।१।१८

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ सम्झनु पर्छ।

(ख) "सेवा" भन्नाले नेपाल स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ग) "समूह" भन्नाले नियम ८ बमोजिमको समूह सम्झनु पर्छ।

(घ) "उपसमूह" भन्नाले समूह अन्तर्गत कायम गरिएको उपसमूह सम्झनु पर्छ।

(ङ) "विभागीय प्रमुख" भन्नाले अनुसूची-१ मा तोकिएको अधिकारी सम्झनु पर्छ।

(च) "कार्यालय प्रमुख" भन्नाले अनुसूची-२ मा तोकिएको कार्यालय प्रमुख सम्झनु पर्छ।

(छ) "ईकाई कार्यालय प्रमुख" भन्नाले कार्यालय प्रमुख मातहतका छुट्टै अस्तित्व भएको ईकाई कार्यालयका प्रमुख सम्झनु पर्छ।

⧉(ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

३. यस नियमावलीको व्याख्या : (१) कुनै अधिकारीले यस नियमावलीको कुनै नियम प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै कर्मचारीलाई मर्का परेमा निजले ⏩मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा ⏩मन्त्रालयले गरेको व्याख्यालाई मातहतका विभाग तथा कार्यालयहरुको जानकारी तथा मार्गदर्शनको निमित्त पठाइनेछ।

---

⧉ तेस्रो संशोधनद्वारा थप।

⏩ तेस्रो संशोधनद्वारा संशोधित।

## परिच्छेद – २
## संगठन संरचना र पदको व्यवस्था

४. संगठन संरचना र स्थायी पदको व्यवस्था : (१) मन्त्रालय र मन्त्रालय मातहतका विभाग वा कार्यालयको संगठनको स्वरुप तयार गर्दा वा संगठन संरचनामा हेरफेर गर्दा वा स्थायी पद श्रृजना वा खारेज गर्नु पर्दा मन्त्रालयले सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको परामर्श लिनु पर्नेछ र परामर्श प्राप्त भएपछि सो सम्बन्धमा निर्णयको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

तर सहायक तहका स्थायी पदहरु श्रृजना वा खारेज गर्ने सम्बन्धमा त्यस्तो परामर्श प्राप्त भएपछि मन्त्रालयले निर्णय गर्न सक्नेछ ।

(२) अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको परामर्श विना दरवन्दी श्रृजना गर्न पाइने छैन ।

(३) उपनियम (१) र (२) विपरीत दरवन्दी श्रृजना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ ।

(४) यस नियम बमोजिम कुनै कार्यालयको संगठनको स्वरुप तयार गर्ने वा संगठन संरचनामा हेरफेर गर्ने वा स्थायी पद श्रृजना वा खारेज गर्ने निर्णय भएपछि पन्ध्र दिनभित्र त्यस्तो निर्णयको प्रतिलिपि मन्त्रालयले अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र निजामती किताबखानालाई पठाउनु पर्नेछ ।

५. विशेष पदको श्रृजना : (१) देहायको अवस्थामा विशेष पदको श्रृजना गर्न सकिनेछ :–

(क) कुनै कर्मचारी सरुवा भएको कार्यालयमा पुग्न स्पष्ट रुपले काबु बाहिरको परिस्थितिले गर्दा ढिला भएमा,

(ख) सरुवा भई जाने कर्मचारीले बुझबुझारथ गर्नु अगावै सरुवा भई आउने कर्मचारी हाजिर हुन आएमा,

(ग) कुनै कर्मचारीलाई काजमा खटाउँदा साविक कार्यालयको कामकाज गर्न नभ्याउने भएमा,

(घ) कुनै कर्मचारी तालिम, छात्रवृत्ति, सेमिनार आदिमा खटिएमा,

(ङ) कुनै कर्मचारीले एक महिना भन्दा बढी बिदा लिई बसेमा,

(च) मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा ।

(२) उपनियम (१) बमोजिम विशेष पद श्रृजना गर्दा अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको पूर्व 🕮सहमति लिई अधिकृत तहको पदको हकमा मन्त्रालयको सचिवस्तरबाट र सहायक तहको पदको हकमा सम्बन्धित विभागीय प्रमुख स्तरबाट निर्णय हुनु पर्नेछ ।

तर उपनियम (१) को खण्ड (क), (ख) र (घ) को अवस्थामा एक महिना भन्दा कम अवधिको लागि विशेष पद श्रृजना गर्नु परेमा अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको 🕮सहमति लिनुपर्ने छैन ।

(३) उपनियम (१) को अवस्था विद्यमान नरहेमा त्यसरी श्रृजना भएको विशेष पद स्वतः खारेज हुनेछ ।

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।



६. पद दर्ता गर्ने : मन्त्रालयले नियम ४ बमोजिम श्रृजना भएका सेवाको पदहरुको सेवा, समूह वा उपसमूह तथा तह समेत खुल्ने गरी पद श्रृजना गर्ने निर्णय भएको मितिले एक महिनाभित्र अनिवार्य रुपमा निजामती किताबखानामा कार्य विवरण सहित पद दर्ता गराउनु पर्नेछ । त्यसरी पद दर्ता गरेपछि त्यसको जानकारी निजामती किताबखानाले सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र सम्बन्धित निकायमा पठाउनु पर्नेछ । त्यसरी पद दर्ता भएको जानकारी पाएपछि मात्र पद पूर्ति गर्न सकिनेछ ।

७. सेवामा रहने पदहरु : ऐनको दफा ५ को उपदफा (१) बमोजिम सेवाका विभिन्न तहहरुमा रहने पदहरु अनुसूची – ३ मा उल्लेख भए बमोजिम हुनेछन् ।

८. समूह तथा उपसमूहहरु : (१) ऐनको दफा ७ को उपदफा (१) को प्रयोजनको लागि सेवाको कामको प्रकृति, सो सम्पादन गर्न चाहिने न्यूनतम योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रका समान प्रकृतिका पदहरु समावेश भएका समूह तथा उपसमूहहरु अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत सेवा, समूह तथा उपसमूहमा बहाल रहेका कर्मचारीहरुको हकमा निजलाई त्यस्तो समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम योग्यता मानिनेछ ।

९. कार्य विवरण : सेवाको पदहरुको कार्य विवरण मन्त्रालयले अनुसूची–५ बमोजिम तयार गरी लागू गर्नेछ । त्यस्तो कार्य विवरणको एक प्रति सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. कर्मचारीको अभिलेख : (१) कर्मचारीको वैयक्तिक विवरण तथा अन्य अभिलेख निजामती किताबखानामा राखिनेछ ।

(२) मन्त्रालय र अन्तर्गतका विभाग र कार्यालयहरुले पनि आफ्नो मातहतका कर्मचारीको अभिलेख निजामती किताबखानाको अभिलेखसंग दुरुस्त हुने गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

११. पद नभई कर्मचारी नियुक्त गर्न नहुने : (१) कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद श्रृजना नभई कर्मचारी नियुक्त गर्नु हुँदैन ।

(२) उपनियम (१) विपरीत कुनै कर्मचारीलाई नियुक्ति गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

🗗११क. करार सेवामा काममा लगाउादाको कार्यविधि : ऐनको दफा ८ख. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा काममा लगाउँदा अपनाउने कार्यविधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१२. पद खारेज हुने : (१) ऐनको दफा १५ बमोजिम कायम मुकायम मुकरर भएको पद बाहेक पद श्रृजना भएको मितिले दुई वर्षसम्म स्थायी पूर्ति हुन नसकी रिक्त रहेको पद स्वतः खारेज भएको मानिनेछ र यसको अभिलेख निजामती किताबखानाले अद्यावधिक गरी राख्नु पर्नेछ ।

---

🗗 तेस्रो संशोधनद्वारा थप ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रिक्त पदको स्थायी पूर्तिका लागि लोक सेवा आयोगमा माग पठाएकोमा लोक सेवा आयोगबाट स्थायी पूर्तिका लागि सिफारिस भई नआएसम्म त्यस्तो पद खारेज हुने छैन ।

(३) उपनियम (१) बमोजिम पदहरु खारेज भएको सूचना निजामती किताबखानाले सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय र सम्बन्धित कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद – ३

## पदपूर्ति र पदाधिकार

१३. स्थायी कर्मचारी माग गर्ने : (१) अधिकृत तहको कुनै नयाँ पद श्रृजना भएमा वा कुनै तरिकाबाट पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यस्तो पदसँग सम्बन्धित सबै विवरण पद रिक्त भएको सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ र सोको विवरण सामान्य प्रशासन मन्त्रालय र निजामती किताबखानालाई समेत दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले मातहतको विभाग वा कार्यालयबाट त्यस्तो जानकारी प्राप्त भएको सात दिनभित्र आवश्यक विवरण सहित लोक सेवा आयोगमा स्थायी कर्मचारी माग गरी पठाउनु पर्नेछ ।

(३) सहायक तहको कुनै नयाँ पद श्रृजना भएमा वा कुनै तरिकाबाट रिक्त भएमा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले पद रिक्त भएको सात दिनभित्र त्यस्तो पदसँग सम्बन्धित विवरण सहित लोक सेवा आयोग समक्ष स्थायी कर्मचारी माग गरी पठाउनु पर्नेछ र त्यसको जानकारी मन्त्रालय र सम्बन्धित क्षेत्रीय निर्देशनालयलाई समेत दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम पद रिक्त भएको आवश्यक विवरण नदिने सम्बन्धित विभागीय वा कार्यालय प्रमुखलाई विभागीय कारबाही हुनेछ ।

१४. पदपूर्ति प्रतिशतको आधारमा पद संख्या निर्धारण गर्ने : नियम १३ बमोजिम कर्मचारी माग सम्बन्धी विवरण प्राप्त भएपछि लोक सेवा आयोगले रिक्त पदहरु मध्ये ऐनको दफा ८ बमोजिम खुल्ला प्रतियोगिता वा कार्यक्षमताको मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाद्वारा पूर्ति हुने प्रतिशतको आधारमा पद संख्या निर्धारण गर्नेछ ।

१५. न्यूनतम योग्यता : (१) ऐनको दफा ७ को उपदफा (२) तथा नियम ८ बमोजिम सेवाको अनुसूची–३ मा उल्लिखित समूह तथा उपसमूहको खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची–६ मा तथा बढुवाद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

✕(२).....

⏩(३) ऐनको दफा ८ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत नवौ र एघारौ तहका

✕ तेस्रो संशोधनद्वारा झिकिएको ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।



पदको लागि अनुसूची–६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा कम्तीमा देहाय बमोजिम अनुभव प्राप्त गरेको हुनु पर्नेछः–

(क) अधिकृत नवौ तहको लागि पाँच वर्ष,

(ख) अधिकृत एघारौ तहको लागि सात वर्ष ।

तर स्नातकोत्तर पछि बिद्यावारिधि वा सो सरहको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभव अवधि दुई वर्षले कम हुनेछ ।

⏩(४) अधिकृत आठौं तहको मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकीकृत चिकित्सा अधिकृत र सो सरहका अन्य चिकित्सक अधिकृत पदमा अनुसूची–६ बमोजिमको शैक्षिक योग्यता हासिल गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

१६. नियुक्ति गर्ने प्रकृया : (१) ऐनको दफा १० बमोजिम लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिताद्वारा सिफारिस भएका उम्मेदवारलाई सिफारिसपत्र दाखिला भएको मितिले अधिकृत तहको पदको हकमा पैंतीस दिनभित्र र सहायक तहको पदको हकमा पन्ध्र दिनभित्र अख्तियारवालाले नियुक्ति गर्नु पर्नेछ र त्यस्तो नियुक्तिको सूचना छिटो साधनद्वारा सम्बन्धित उम्मेदवारलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको सूचना सम्बन्धित उम्मेदवारले नपाएमा वा सूचना फिर्ता आएमा सार्वजनिक पत्रपत्रिकामा एकमहिनाको म्याद दिई सम्बन्धित उम्मेदवारलाई नियुक्तिपत्र बुझ्न आउन सूचना प्रकाशन गरिनेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र पनि सम्बन्धित उम्मेदवारले नियुक्तिपत्र बुझ्न नआएमा लोक सेवा आयोगले सिफारिस गरेको वैकल्पिक उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्त गर्न सकिनेछ। यसरी गरिएको नियुक्तिको सूचना नियुक्ति गरेको मितिले पन्ध्र दिनभित्र लोक सेवा आयोगमा पठाउनु पर्नेछ ।

१७. नियुक्तिपत्र दिने वा रद्द गर्ने : (१) देहायको अधिकारीले देहायका कर्मचारीलाई नियुक्ति गरेको वा नियुक्ति रद्द गरेको पत्र दिनेछ :–

(क) अधिकृत तहका कर्मचारीलाई मन्त्रालयको सचिव,

(ख) सहायक तहका कर्मचारीलाई अख्तियारवाला,

(२) उपनियम (१) बमोजिम कुनै कर्मचारीलाई नियुक्तिपत्र दिंदा सम्बन्धित अधिकारीले निजको बहाली गर्नु पर्ने मिति समेत तोक्न सक्नेछ। बहाली गर्नको निमित्त कुनै खास मिति तोकिएको भए सोही मितिमा र कुनै मिति नतोकिएकोमा त्यस्तो नियुक्तिपत्र बुझिलिएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र सम्बन्धित कर्मचारीले बहाली गर्नु पर्नेछ ।

(३) आफ्नो काबु बाहिरको परिस्थिति परेको सप्रमाण जानकारी दिएमा बाहेक उपनियम (२) बमोजिमको म्यादभित्र बहाली नगर्ने कर्मचारीको नियुक्तिपत्र नियुक्ति दिने अधिकारीले रद्द गर्न सक्नेछ। त्यसरी नियुक्तिपत्र रद्द गरिएको जानकारी लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

१८. कबुलियत गराउने वा धन जमानी लिने : सेवाको कुनै पदमा नियुक्ति पाउने कर्मचारीको कामको प्रकृति अनुसार धन जमानी लिनु वा कबुलियत गराउनु पर्ने

आवश्यकता भएमा सो कर्मचारीले त्यस्तो कबुलियत वा धन जमानी नदिएसम्म निजलाई नियुक्तिपत्र दिइनेछैन ।

१९. निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने : (१) कुनै पनि व्यक्तिले अनुसूची–८ बमोजिम निरोगिताको प्रमाणपत्र पेश नगरी निजलाई सेवाको पदमा स्थायी नियुक्ति गरिने छैन ।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकारद्वारा स्वीकृत चिकित्सकबाट प्राप्त भएको हुनु पर्नेछ ।

२०. शपथ ग्रहण : (१) सेवामा नियुक्त हुने प्रत्येक कर्मचारीले अनुसूची–९ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम शपथ ग्रहण गराउँदा अधिकृत तहको हकमा मन्त्रालयको सचिवले र सहायक तहको पदको हकमा अख्तियारवालाले शपथ ग्रहण गराउनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कर्मचारीले गरेको शपथ ग्रहणको एक प्रति निजामती किताबखानामा पठाउनु पर्नेछ र अर्को प्रति सो कर्मचारी कार्यरत रहेको कार्यालयमा राख्नु पर्नेछ ।

२१. सेवाबाट हटाइएको कर्मचारीले सफाई पाएमा पदस्थापन गर्ने : (१) सेवाबाट हटाइएको कुनै कर्मचारीले कुनै अदालतको निर्णयबाट निजको सेवा पुन:स्थापित हुने भएमा सो को निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र मन्त्रालयमा हाजिर हुन जानु पर्नेछ ।

(२) उपनियम (१) को म्यादभित्र हाजिर हुन नजाने कर्मचारीलाई पदस्थापन गरिने छैन ।

(३) यो नियमावली प्रारम्भ हुनु अघि निजामती सेवा ऐन, २०४९ तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपाल स्वास्थ्य सेवाबाट हटाईएको कर्मचारी कुनै अदालतको निर्णयबाट निजको सेवा पुनर्स्थापना भएमा उपनियम ( १) बमोजिमको म्यादभित्र मन्त्रालयमा हाजिर हुन नआएमा निजलाई पुर्नस्थापना गर्न कर लाग्ने छैन ।

२२. वैयक्तिक विवरण फाराम (सिटरोल) र किताब दर्ता : (१) अख्तियारवालाले प्रत्येक कर्मचारीको अनुसूची–१० बमोजिम पाँच प्रति वैयक्तिक विवरण तयार गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको वैयक्तिक विवरणको एक प्रति किताब दर्ता गराउन निजामती किताबखानामा, एक प्रति मन्त्रालयमा, एक प्रति सम्बन्धित विभागमा र एक प्रति सो कर्मचारी कार्यरत रहेको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अघि निजामती सेवा ऐन, २०४९ तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपाल स्वास्थ्य सेवामा बहाल रहँदा वैयक्तिक विवरण फाराम भरी सकेको भए निजामती किताबखाना तथा सम्बन्धित अन्य निकायले सोही फारामलाई अद्यावधिक गर्दै लैजानु पर्नेछ ।



(४) उपनियम (२) बमोजिम कर्मचारी बहाल रहेको कार्यालयमा राखिएको वैयक्तिक विवरण सो कर्मचारी अन्यत्र सरुवा भएमा अविलम्ब सोही कार्यालयमा पठाउनु पर्नेछ ।

⏩(५) निजामती किताबखानाले प्रत्येक कर्मचारीको बैयक्तिक विवरणको किताव दर्ता गर्नु पर्नेछ र त्यसरी दर्ता भएको विवरणको आधारमा निजामती किताबखानाले कर्मचारीलाई कर्मचारी संकेत नम्बर (परिचय नम्बर) उपलब्ध गराउनु पर्नेछ । सो बमोजिमको बैयक्तिक विवरण मन्त्रालयले संकेत नम्बर समेत राखी अद्यावधिक गरी राख्नु पर्नेछ ।

⏩(६) कर्मचारीले आफ्नो व्यक्तिगत विवरणमा कुनै कुरा समावेश गर्नु परेमा आफ्नो कार्यालय मार्फत प्रमाणित गराई मन्त्रालय र निजामती किताबखानामा पठाउनु पर्नेछ ।

२३. एक पदमा एक भन्दा बढी कर्मचारी स्थायी नियुक्ति गर्न नहुने : एउटा स्थायी पदमा एकै समयमा एक भन्दा बढी व्यक्तिलाई स्थायी नियुक्ति गर्नु हुँदैन ।

२४. ऐन विपरीत अस्थायी नियुक्ति गर्न नहुने : ऐनको दफा १३ को विपरीत हुने गरी कुनै व्यक्तिलाई अस्थायी नियुक्ति गरेमा त्यस्तो अस्थायी नियुक्ति भएको कर्मचारीले खाईपाई आएको अवधिको तलब, भत्ताको रकम अस्थायी नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

२५. लोक सेवा आयोगबाट निर्धारित कार्यविधि नपुऱ्याई नियुक्ति गर्न नहुने : (१) लोक सेवा आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा नियुक्त गर्दा नियुक्त गर्ने अधिकारीले त्यस्तो पदको सम्बन्धमा विज्ञापन गरी लोक सेवा आयोगबाट निर्धारित प्रकृया र शर्तको पालना गरेर मात्र नियुक्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने पदमा निर्धारित प्रकृया र शर्तको पालना नगरी नियुक्ति गरेको अवस्थामा सो नियुक्ति अनियमित भएको छ भनी लोक सेवा आयोगबाट त्यसरी नियुक्ति भएको कर्मचारीको परीक्षणकालभित्र लेखी आएमा निजलाई सो अवधिभित्र हटाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्ति गर्दा निर्धारित प्रकृया र शर्तको पालन नगरी नियुक्ति गरेमा त्यसरी नियुक्ति गर्ने अधिकारीलाई विभागीय सजाय हुनेछ ।

## परिच्छेद – ४
## विशेषज्ञ पद सम्बन्धी व्यवस्था

२६. विशेषज्ञ पद : योग्यता अनुभव र कामको प्रकृति हेरी विशेषज्ञताको विकासको लागि नभई नहुने अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सेवाको अधिकृत तहको कुनै खास पदलाई विशेषज्ञ पद तोक्न सक्नेछ । त्यस्तो सूचनामा सो पदलाई चाहिने विशेष योग्यता समेत खुलाउनु पर्नेछ ।

---

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

२७. सरुवा : (१) सेवाको कुनै खास समूह र उपसमूहभित्र मात्र सीमित रहने गरी समान प्रकृतिको काम, कर्तव्य सम्पादन गर्ने जिम्मेवारीमा फरक नपर्ने गरी विशेषज्ञ पद रहेको कर्मचारीलाई नेपाल सरकारले सरुवा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सरुवा भएको कर्मचारी आफ्नो पद सहित सरुवा हुनेछ ।

२८. बढुवा : (१) विशेषज्ञ पदमा रहेको कर्मचारीको बढुवाको लागि सिफारिस गर्दा बढुवा समितिले कार्य क्षमताको आधारमा गर्नेछ ।

(२) बढुवा समितिले कार्य क्षमताको मूल्याङ्कन गर्दा यस सम्बन्धमा निर्धारित मापदण्डको आधारमा गर्नेछ र यसको लागि आवश्यक ठानेमा विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

(३) विशेषज्ञ पदमा रहेको कर्मचारीलाई माथिल्लो तह (बाह्रौं तह) सम्ममा बढुवा गर्दा कर्मचारी बहाल रहेको पदलाई नै उपयुक्त दर्जा राखी माथिल्लो तहमा परिणत गरिनेछ । यसरी परिणत गरिएको पद रिक्त भएपछि स्वतः शुरु नियुक्ति हुने पदमा कायम हुनेछ ।

(४) विशेषज्ञ पदमा रहेको कर्मचारी कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने अन्य कुनै पनि बढुवाको लागि उम्मेदवार हुन सक्ने छैन ।

(५) एक तहबाट अर्को तहमा बढुवा हुन बहाल रहेको तहको पदमा चार वर्ष सेवा अवधि पुगेको हुनु पर्नेछ ।

(६) विशेषज्ञ पदका सम्बन्धमा यस परिच्छेदमा लेखिएदेखि बाहेक अन्य विषयहरु मन्त्रालयले सामान्य प्रशासन मन्त्रालय मार्फत लोक सेवा आयोगसंग परामर्श लिई तोके बमोजिम हुनेछ ।

(७) उपनियम (६) बमोजिम तोकिएका कुराहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ ।

## परिच्छेद – ५

## ‣‣पदनाम, पदस्थापन र सरुवा

‣‣२९. पदनाम दिइने: (१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम स्वास्थ्य सेवाका देहायका पदमा देहायका योग्यता प्राप्त गरेका कर्मचारीलाई देहाय बमोजिम पदनाम दिइनेछ :–

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सहायक स्वास्थ्य परिचारक कोर्ष उत्तीर्ण गरी चौथो तहमा स्तरबृद्धि भएका ग्रामीण स्वास्थ्य कार्यकर्तालाई सहायक स्वास्थ्य परिचारक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सहायक स्वास्थ्य परिचारिका कोर्ष उत्तीर्ण गरी चौथो तहमा स्तरबृद्धि भएका मातृशिशु कार्यकर्तालाई सहायक स्वास्थ्य परिचारिका,

‣‣ तेस्रो संशोधनद्वारा संशोधित ।



(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान बिषय लिई प्रवेशिका उत्तीर्ण गरी कम्तीमा तीन महिनाको रेडियोग्राफी तालीम प्राप्त गरी सहायक चौथो तहको रेडियोग्राफी पदमा कार्यरत कर्मचारीलाई डार्करुम सहायक,

(घ) पाँचौ तहको लागि निर्धारित शैक्षिक योग्यता हासिल गरी पाँचौ तहमा स्तरबृद्धि भएका स्वास्थ्य सेवाका कर्मचारीलाई अनुसुची –३ बमोजिम सम्बन्धित समूहको पाँचौं तहको पदनाम ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम पदनाम पाएका कर्मचारीको कार्य विवरण तयार गरी लागू गर्नेछ ।

⊟२९क. पदनाम कायम रहने: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत आठौं तहमा कार्यरत वरिष्ठ मेडिकल अधिकृत, बरिष्ठ डेन्टल सर्जन, बरिष्ठ आयुर्वेदिक चिकित्सक र वरिष्ठ एकीकृत चिकित्सा अधिकृतको माथिल्लो तहमा बढुवा नहुँदासम्म सोही पदनाम कायम रहनेछ ।

⊟२९ख. पदस्थापनको आधार: (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम चिकित्सकलाई पदस्थापन गर्दा निजको सेवा आवश्यक देखिएको केन्द्रीय, क्षेत्रीय, अञ्चल वा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र वा चिकित्सालयमा पदस्थापन गरिनेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक सेवाका अन्य कर्मचारीलाई पदस्थापन गर्दा निजको शैक्षिक योग्यता, तालीम र अनुभवलाई समेत आधार मानी स्वीकृत दरबन्दीभित्र रही अस्पताल, स्वास्थ्य संस्था वा कार्यालयमा पदस्थापन गरिनेछ ।

३०. सरुवा गर्ने अधिकार : सरुवाको आदेश दिने अधिकार अधिकृत तहको कर्मचारीको हकमा मन्त्रालय र सहायक तहका कर्मचारीको हकमा अख्तियारवालालाई हुनेछ ।

तर सहायक तहका देहायका कर्मचारीलाई देहायका अधिकारीले सरुवाको आदेश दिन सक्नेछ :–

(क) मन्त्रालयबाट विभाग र विभागबाट मन्त्रालयमा मन्त्रालयको सचिवले,

(ख) मन्त्रालय अन्तर्गतको एक विभागबाट अर्को विभागमा मन्त्रालयको सचिवले,

(ग) एक क्षेत्रीय स्तरको कार्यालयबाट अर्को क्षेत्रीय स्तरको कार्यालयमा विभागको महानिर्देशक वा निर्देशकले,

(घ) एक जिल्ला स्तरको कार्यालयबाट अर्को जिल्ला स्तरको कार्यालयमा सम्बन्धित क्षेत्रीय निर्देशकले,

⊟ तेस्रो संशोधनद्वारा थप ।

(ङ) एकै जिल्ला अन्तर्गतको एक कार्यालयबाट सोही जिल्ला अन्तर्गतको अर्को कार्यालयमा सम्बन्धित जिल्लाको सम्बन्धित कार्यालयको प्रमुखले ।

३१. सरुवाको आधार : ऐनको दफा २१ को अधीनमा रही कर्मचारीको सरुवा गर्दा देहायको आधारमा गरिनेछ :–

(क) एक पटक अति दुर्गम क्षेत्रमा २३३ दिन काम गरी सकेका कर्मचारीलाई चार वर्ष व्यतित नभई फेरी अति दुर्गम क्षेत्रमा नपठाउने गरी,

(ख) रिक्त पद मिलेसम्म कर्मचारीको पति पत्नी दुवै सरकारी सेवामा बहाल रहेको भए एउटै जिल्लामा पठाउने गरी,

(ग) अधिकृत तहका कर्मचारीलाई एउटै कार्यालयको एउटै पदमा साधारणतया ‣पाँच वर्ष भन्दा बढी नराख्ने गरी,

×(घ) ......

(ङ) निजको कामको प्रवृति र जिम्मेवारी समेत विचार गरी ।

⊡३१क सरुवाको समय तालीका र अवधिः (१) कर्मचारीलाई सरुवा गर्दा देहाय बमोजिमको समय तालीका अनुसार गर्नु पर्नेछः–

(क) मन्त्रालयले प्रत्येक वर्षको असोज महिनामा,

(ख) विभागले प्रत्येक वर्षको कार्तिक महिनामा,

(ग) क्षेत्रीय निर्देशनालयले प्रत्येक वर्षको मंसीर महिनामा, र

(घ) जिल्ला स्थित कार्यालयले प्रत्येक वर्षको पुस महिनामा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाको वर्ष एक पटकको लागि मन्त्रालय र विभागले नियम प्रारम्भ भएको मितिले एक महिनाभित्र र क्षेत्रीय निर्देशनालय र जिल्ला स्थित कार्यालयले सो पश्चात् एक/एक महिनाभित्र देहायको अवस्था विद्यमान भएमा सरुवा गर्न बाधा पर्ने छैन :–

(क) कुनै कार्यालयमा दरबन्दी रिक्त भई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा,

(ख) ऐनको दफा २२ को खण्ड (क), (ग) र (घ) मा उल्लेखित अवस्था विद्यमान भएमा ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कर्मचारीलाई मन्त्रालयले वा मन्त्रालयको स्वीकृति लिई विभागीय प्रमुखले अन्य अवधिमा पनि सरुवा गर्न सक्नेछः–

(क) कुनै कार्यालयमा दरवन्दी रिक्त भई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा,

(ख) प्राकृतिक प्रकोप वा संक्रामक रोग वा महामारी नियन्त्रण गर्न आवश्यक भएमा,

---

‣ तेस्रो संशोधनद्वारा संशोधित ।

× तेस्रो संशोधनद्वारा झिकिएको ।

⊡ तेस्रो संशोधनद्वारा थप ।



(ग) विभागीय प्रमुख वा कार्यालय प्रमुख वा आयोजना प्रमुख भई कार्य सञ्चालन गर्न विशेष जिम्मेवारी दिनु परेमा,

(घ) अध्ययन/असाधारण विदामा बसेका कर्मचारीको पदाधिकार अन्य स्थानमा सारी सो स्थानको पूर्ति गर्न आवश्यक भएमा ।

⊡३१ख. सरुवाका अन्य आधारहरु ऐन र यस नियमावलीमा उल्लेख भएको व्यवस्थाको अतिरिक्त कर्मचारीको सरुवा गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ :–

(क) अति दुर्गम क्षेत्रमा लगातार तीन वर्ष सेवा गरेका वा पटक पटक गरी त्यस्तो क्षेत्रमा छ वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेका कर्मचारीलाई निजको माग बमोजिमको स्थानमा सरुवा गर्न प्राथमिकता दिइनेछ,

(ख) कुनै एक विकास क्षेत्रको लोक सेवा आयोगबाट सिफारिस भई पदस्थापन भएको कर्मचारीले उक्त क्षेत्रमा पाँच बर्ष सेवा नगरी अर्को विकास क्षेत्र अर्न्तगत सरुवा गरिने छैन,

(ग) अशक्त र अपाङ्गता भएका कर्मचारीलाई निजले मागेको स्थानमा सरुवा गर्न प्राथमिकता दिइनेछ,

(घ) कर्मचारीलाई सरुवा गर्दा सामान्यतया पहिले जुन पद वा कार्यालयबाट सरुवा भई आएको हो पुनः सोही कार्यालयको सोही पदमा सरुवा गरिने छैन,

(ङ) पचास वर्ष उमेर नाघेको कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक अति दुर्गम क्षेत्रमा सरुवा गरिने छैन ।

(च) अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि भएको कर्मचारीलाई निजले लिखित रुपमा मागेको अवस्थामा बाहेक सरुवा गरिने छैन ।

⊡३१ग. महिला कर्मचारीको सरुवा सम्बन्धी व्यवस्था : ऐन र यस नियमावलीमा उल्लिखित आधारका अतिरिक्त महिला कर्मचारीको सरुवा गर्दा देहायका आधार समेत लिइनेछः–

(क) एकल र गर्भवती महिला कर्मचारीलाई निजको माग बमोजिम सरुवा गर्न प्राथमिकता दिइनेछ,

(ख) गर्भवती वा दुई वर्ष मुनिको बच्चा भएका महिला कर्मचारीलाई निजले माग गरेको अवस्थामा बाहेक सरुवा गरिने छैन,

(ग) महिला कर्मचारीको पति समेत सरकारी सेवामा रहेको भए सम्भव भएसम्म दम्पत्तिलाई एकै जिल्लामा पर्ने गरी सरुवा गरिनेछ ।

⊡३१घ. सरुवा शंसोधन तथा मिलान : (१) ऐन र यस नियमावलीको विपरीत सरुवा हुन गई कुनै कर्मचारीलाई मर्का परेमा निजले सोको आधार र कारण समेत खुलाई

---

⊡ तेस्रो संशोधनद्वारा थप ।

⊡ तेस्रो संशोधनद्वारा थप ।

सरुवा गर्ने अधिकारीभन्दा एक तह माथिको सरुवा गर्ने अधिकारी समक्ष सरुवा भएको मितिले एक्काईस दिनभित्र निबेदन दिन सक्नेछ । यसरी परेको निबेदन उपर छानबिन गर्दा निजको माग जायज देखिएमा सम्बन्धित अधिकारीले कारण र आधार समेत उल्लेख गरी त्यस्तो सरुवा बदर गरी मिलान गर्न सक्नेछ ।

(२) कर्मचारीको सरुवा गरेपछि सम्बन्धित निकायले माथिल्लो निकायमा तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) मन्त्रालयले मातहतका विभाग, क्षेत्रीय निर्देशनालय तथा कार्यालयबाट भएका सरुवाको काम कारबाहीका सम्बन्धमा समय समयमा अनुगमन गर्नु पर्नेछ ।

३२. भौगोलिक क्षेत्रको वर्गीकरण : ऐनको दफा २१ को उपदफा (२) र नियम ७३ को उपनियम (२) को प्रयोजनको लागि देशको भौगोलिक क्षेत्रको वर्गीकरण अनुसूची–११ मा तोकिए बमोजिम हुनेछ ।

३३. सरुवा सम्बन्धी विवरण : कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारीले अनुसूची–१२ बमोजिमको ढाँचामा कर्मचारीहरुको सरुवा सम्बन्धी विवरण तयार पारी राख्नु पर्नेछ ।

३४. सरुवा सम्बन्धी कार्यविधि : कर्मचारीलाई सरुवा गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछः–

(क) सरुवा गर्न अख्तियार पाएको अधिकारीले आफू मातहतको कर्मचारीको सरुवाको लागि अनुसूची–१३ बमोजिमको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ख) कर्मचारीलाई एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्ने अधिकारीले सरुवा गर्नु परेको कारण लिखित रुपमा खुलाई राख्नु पर्नेछ ।

(ग) कुनै स्थानबाट कर्मचारी सरुवा गर्दा सो स्थानमा अर्को कर्मचारी पूर्ति हुने व्यवस्था गरेर मात्र सरुवा गर्नु पर्नेछ ।

⊡(घ) ऐन तथा यस नियमावलीको अधीनमा रही सरुवा सम्बन्धी कार्यविधि तथा मापदण्ड मन्त्रालय आफैले बनाई लागू गर्नेछ ।

📖३५. सरुवा भएको कार्यालयमा जानु पर्ने : कुनै पनि कर्मचारी सरुवा भएको कार्यालयमा नियम ३६ को म्यादभित्र हाजिर हुन जानु पर्नेछ । सरुवा भएको कार्यालयमा बहाली नभै अर्को कार्यालय वा पदमा सरुवा गरिने छैन । यसरी निर्धारित समयभित्र सरुवा भएको कार्यालयमा हाजिर नहुने कर्मचारीलाई विभागीय कारबाही हुनेछ ।

३६. बहाली म्याद : (१) कुनै कर्मचारी एक स्थानबाट अर्को स्थानमा सरुवा भई जानु पर्ने भएमा त्यस्तो कर्मचारीले बरबुझारथ गर्नु पर्ने भएमा एक्काईस दिनमा नवढाई तथा तयारीको निमित्त वाटोको म्याद बाहेक सात दिनको म्याद पाउनेछ र तयारी म्यादमा निजले कार्यालयमा हाजिर हुनु पर्ने छैन । बरबुझारथको निमित्त एक्काईस दिन भन्दा बढी लाग्ने भएमा त्यसको स्पष्ट कारण खोली सम्बन्धित विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

⊡ तेस्रो संशोधनद्वारा थप ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।



(२) कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा गरी पठाउँदा सरुवाको रमाना पत्र दिने अधिकारीले निज कर्मचारीले खाइपाई आएको अन्तिम महिनाको तलब र सो अवधिसम्मको बिदा सहितको विवरण खुलाई अनुसूची–१४ बमोजिमको रमानापत्र दिनु पर्नेछ ।

३७. सरुवा हुने कर्मचारीले प्रतिवेदन बुझाउनु पर्ने : कुनै कार्यालयको प्रमुखको पदमा कार्यरत रहेको कर्मचारी सरुवा भई जाँदा आफ्नो कार्यालयको वास्तविक वस्तुस्थिति स्पष्ट दर्शिने लिखित प्रतिवेदन हालवालालाई बुझाउने व्यवस्था मिलाई रमाना लिई जानु पर्नेछ र त्यस्तो प्रतिवेदनको एक प्रति सम्बन्धित विभाग र मन्त्रालयमा पनि पठाउनु पर्नेछ ।

## परिच्छेद – ६

## काज र कायम मुकायम सम्बन्धी व्यवस्था

३८. वैकल्पिक व्यवस्था गरेर मात्र काज खटाउनु पर्ने : अधिकृत तहका कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, विभाग वा कार्यालयबाट अन्यत्र काजमा खटाउनु परेमा निजले गरी आएको काम नरोकिने गरी अर्को वैकल्पिक कर्मचारीको व्यवस्था गरेर मात्र काज खटाउनु पर्नेछ ।

⊡३८क. मन्त्रालयले काम काज गर्न खटाउन सक्ने: सेवाको कुनै समूहको एघारौं तहको पदमा कार्यरत अधिकृत कर्मचारीले अन्य समूहको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरे पश्चात् एघारौं तहमा तीन वर्ष सेवा अवधि पुरा गरेको भएमा निजलाई मन्त्रालयले त्यस्तो समूहको एघारौं तहको रिक्त पदमा खटाई कामकाज गराउन सक्नेछ ।

३९. कायम मुकायम मुकरर सम्बन्धी व्यवस्था : (१) सेवाको देहायका पदहरुमा देहायका अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछ :–

(क) विभागीय प्रमुखको पदमा नेपाल सरकार,

(ख) कार्यालय प्रमुख र इकाइ कार्यालय प्रमुखको पदको निमित्त सम्बन्धित विभागीय प्रमुख ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक सेवाका अन्य पदमा कायम मुकायम मुकरर गरिने छैन ।

४०. एक पदमा एकभन्दा बढी व्यक्ति कायम मुकायम नहुने : सेवाको कुनै एउटा पदमा एकै समयमा एकभन्दा बढी कर्मचारीलाई कायम मुकायम मुकरर गर्नु हुँदैन ।

४१. कायम मुकायम गर्ने आधार : ऐनको दफा १५ को उपदफा (१) को प्रयोजनको लागि सेवाको रिक्त वा पदाधिकार रहेको कुनै विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कायम मुकायम गर्दा 📖उक्त पदमा बढुवाको लागि योग्यता पुगेका सम्बन्धित समूहका उपलब्ध कर्मचारीहरुमध्ये ज्येष्ठता, कार्य कुशलता तथा शैक्षिक योग्यताको आधारमा मन्त्रालयले उपयुक्त ठहर्‍याएको व्यक्तिलाई कायम मुकायम मुकरर गर्नेछ ।

⊡ तेस्रो संशोधनद्वारा थप ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

४२. कायम मुकायम मुकरर गरेको जानकारी : ऐनको दफा १५ बमोजिम सेवाको कुनै पदमा कायम मुकायम मुकरर गरिएकोमा त्यसको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

४३. कार्यालय प्रमुखको अधिकार प्रयोग गर्ने : (१) कुनै कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिको लागि अनुपस्थित भएमा निज मातहतको निकटतम जेष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

(२) रिक्त रहेको कुनै कार्यालयको प्रमुखको पदमा हालवाला नियुक्त वा सरुवा नभएसम्मको अवधिको लागि उपनियम (१) बमोजिमको जेष्ठ कर्मचारीले सो कार्यालयको नगदी मौज्दात, कार्यालयको छाप, कागजपत्र र प्रशासकीय काम चलाउनका लागि चाहिने जिन्सी समेत जिम्मा लिई कार्यालय प्रमुखको काम अर्को व्यवस्था नभएसम्म निमित्त भई गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परी काम गरेको व्यहोरा त्यस्तो निमित्त भई काम गर्ने कर्मचारीले आफूभन्दा माथिल्ला तहमा सूचना गर्नु पर्नेछ ।

(४) कुनै कर्मचारीले कुनै पदमा कायम मुकायम भई काम गरेको वा उपनियम (१) वा (२) बमोजिम निमित्त भई काम गरेकोमा त्यस पदमा काम गरेको अवधिको बही (हिसाब) बुझाउने कुरामा समेत निजको उत्तरदायित्व हुनेछ ।

तर वर्षभरी बही बुझाउनु पर्नेमा हालवालाले बहाली गरिसकेको वर्षको हालवालाले र हालवालाले बहाल नगरेको वर्षको कायम मुकायम वा निमित्त भई काम गर्नेले बुझाउनु पर्नेछ ।

४४. कायम मुकायम वा निमित्त भई काम गरेको तलब भत्ता पाउने : (१) कुनै पदमा कायम मुकायम भई वा पन्ध्र दिन भन्दा बढी अवधि निमित्त भई काम गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदको काम गरेको छ सोही पदको तलब भत्ता त्यसरी काम गरेको मितिदेखि पाउनेछ ।

(२) उपनियम (१) बमोजिम कायम मुकायम वा निमित्त भई काम गर्ने कर्मचारीले पाउने तलब भत्ता निजले एक श्रेणी माथिको पदमा बढुवा पाएमा पाउने तलब भत्ताभन्दा बढी हुने छैन ।

तर त्यसरी पाउने तलब भत्ताको रकम निजले खाईपाई आएको तलब भत्ताभन्दा घटी हुनेछैन ।

४५. तलब भत्ता असूल उपर गरिने : ऐनको दफा १५ विपरीत हुने गरी कुनै पदमा एक वर्षभन्दा बढी अवधिको लागि कायम मुकायम मुकरर गरेमा त्यस्तो बढी अवधि कायम मुकायम गरे वापत सम्बन्धित कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी कायम मुकायम मुकरर गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

## परिच्छेद – ७

## हाजिरी र बिदा

४६. कर्मचारीको सबै समय नेपाल सरकारको अधीन हुने : यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक कर्मचारीको सबै समय नेपाल सरकारको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिनेछ ।



४७. कार्यालय समय, समय पालन र हाजिरी : (१) ऐनको दफा ५२ को अधीनमा रही कर्मचारीले नेपाल सरकारद्वारा सरकारी कामकाजको निमित्त निर्धारित कार्यालय समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारित समयमा नआउने कर्मचारीलाई सम्बन्धित कार्यालयको प्रमुखले गयल गर्न सक्नेछ ।

तर महिनाको तीन पटकसम्म निर्धारित समय भन्दा पन्ध्र मिनेटसम्म ढिला गरी आउने कर्मचारीलाई कार्यालयको प्रमुखले कैफियत जनाई हाजिर गर्न दिन सक्नेछ ।

(३) मुनासिब माफिकको कारण परेमा बाहेक बिदाको निकासा नलिई कुनै पनि कर्मचारी आफ्नो कार्यालयमा अनुपस्थित हुनु हुँदैन । यसरी अनुपस्थित हुने कर्मचारीले सात दिनभित्र बिदाको निवेदन दिनु पर्नेछ ।

४८. भैपरी आउने र पर्व बिदा : (१) कर्मचारीले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन लिन पाउनेछ ।

(२) भैपरी आउने र पर्व बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) भैपरी आउने र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ ।

स्पष्टीकरण :– यस उपनियमको प्रयोजनको लागि "आधादिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ ।

(४) एक वर्षको भैपरी आउने र पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइने छैन ।

(५) मौखिक अनुरोधको आधारमा पनि बिदा दिने अधिकारीले भैपरी आउने र पर्व बिदाको स्वीकृति दिन सक्नेछ ।

तर यसरी भैपरी आउने र पर्व बिदाको स्वीकृति दिएकोमा बिदा दिने अधिकारीले सोको अभिलेख राख्न लगाउनु पर्नेछ ।

४९. घर बिदा : (१) कर्मचारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ ।

तर हिउँदे वा वर्षे बिदा लिन पाउने कर्मचारीले यस नियम बमोजिमको घर बिदा पाउने छैन ।

(२) यो नियमको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसूती बिदा, ⧉प्रसूति स्याहार बिदा, किरिया बिदा, सट्टा बिदा अतिरिक्त सेवा बिदा र सार्वजनिक बिदा समेतलाई जनाउनेछ ।

(३) घर बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ ।

(४) कर्मचारीले आफूले पकाएको घर बिदा 🕮१८० दिन सम्म सञ्चित गरी राख्न पाउनेछ ।

(५) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

---

⧉ तेस्रो संशोधनद्वारा थप ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

(६) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित [∃].घर बिदा वापतको रकम ऐनको दफा ५० को उपदफा (५) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(७) हिउँदे वा वर्षे बिदा लिन पाउने कर्मचारीलाई उक्त बिदा नपाउने गरी काममा खटाइएमा त्यस्तो काममा खटाउने कार्यालयले त्यस्तो कर्मचारीलाई उक्त बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको दरले हुन आउने रकम दिनु पर्नेछ।

(८) घर बिदा, अध्ययन बिदा वा असाधारण बिदामा बसेका कर्मचारीले सो अवधिभरको घर बिदा पाउने छैन।

(९) कर्मचारीले वर्षको एक पटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदल बाटोलाई आठ कोशको निमित्त एक दिनको दरले हुने दिन तथा मोटर, रेल हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ।

५०. बिरामी बिदा : (१) कर्मचारीले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ।

(२) बिरामी बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

(३) कर्मचारी अशक्त बिरामी भई सञ्चित बिरामी बिदाले नपुग्ने भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की बिरामी बिदा दिन सकिनेछ।

(४) कर्मचारीले असाधारण बिदा लिई बसेको अवधिभर बिरामी बिदा पाउने छैन।

(५) सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको माग गर्ने कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

तर त्यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव थिएन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र बिना नै उक्त बिदा स्वीकृत गर्न सक्नेछ।

(६) कर्मचारीले आफूले पकाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ।

(७) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ।

(८) सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम ऐनको दफा ५० को उपदफा (५) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(९) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी कर्मचारीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैंतालीस दिनसम्म थप बिरामी बिदा पेश्कीको रुपमा लिन सक्नेछ। त्यसरी पेश्की बिरामी बिदा लिई बसेको कर्मचारीले पूरा तलब पाउनेछ।

---

[∃] दोस्रो संशोधनद्वारा झिकिएको।



(१०) उपनियम (९) बमोजिम लिएको बिदाले नपुग भई थप बिदा लिनु परेमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसमा कर्मचारीले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी सेवा अवधिभरमा बढीमा एक वर्ष असाधारण बिदा लिन सक्नेछ।

(११) उपनियम (९) बमोजिम पेश्की बिरामी बिदा लिने कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको बिरामी बिदा स्वतः मिनाहा हुनेछ।

[▸▸]५१. प्रसूति बिदाः (१) महिला कर्मचारी सुत्केरी हुने भएमा सुत्केरी हुनु अघि वा पछि गरी साठी दिन प्रसूति बिदा पाउनेछ।

(२) उपनियम (१) बमोजिम प्रसूति बिदा लिएको महिला कर्मचारीले चाहेमा कुनै पनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म बेतलवी प्रसूति बिदा लिन सक्नेछ।

तर उपनियम (२) बमोजिमको बिदा लगातार रुपमा लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम वेतलवी बिदामा बसेको अवधि नोकरी अवधिमा जोडिनेछ।

(४) प्रसूति विदामा बस्दा महिला कर्मचारीले पूरा तलब पाउनेछ।

(५) प्रसूति बिदा तथा प्रसूति स्याहार बिदा पाएका कर्मचारीलाई शिशुको स्याहारको निमित्त ऐनको दफा ४२ को उपदफा (३) बमोजिम जनही एकमुष्ट पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता दिइनेछ।

(६) प्रसूति विदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ।

[⧉]५१क. प्रसूति स्याहार बिदाः (१) कुनै पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

(३) प्रसूति स्याहार बिदा लिएको कर्मचारीले त्यस्तो बिदा लिएको मितिले पैतीस दिनभित्रमा बच्चाको जन्म सम्बन्धी कागजात आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ।

(५) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

५२. किरिया बिदा : (१) कुनै कर्मचारीले कूल धर्म अनुसार आफैं किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ। महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यत्तिनै दिन किरिया बिदा दिइनेछ।

---

[▸▸] तेस्रो संशोधनद्वारा संशोधित।

[⧉] तेस्रो संशोधनद्वारा थप।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो घरमा गई किरिया बिदा बस्ने कर्मचारीलाई घर जाँदा र आउँदा नियम ४९ को उपनियम (९) बमोजिमको थप बाटोको म्याद दिईनेछ ।

(३) किरिया बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ ।

५३. अध्ययन बिदा : (१) सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा ▸▸मन्त्रालयको वा मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिक छात्रवृत्तिमा मनोनयन वा छानिई अध्ययन गर्न जाने कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ ।

(२) कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी बढीमा छ वर्षसम्म अध्ययन बिदा पाउनेछ ।

तर एउटा अध्ययन पूरा गरी फर्कि सेवामा हाजिर भएको तीन वर्ष पूरा नभई सोही कर्मचारीलाई पुनः अर्को पटक अध्ययन बिदा दिइनेछैन ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भई अध्ययन बिदा लिई गएको कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन बिदा थपिने छैन तथा असाधारण बिदा पनि दिइने छैन ।

(४) अध्ययन बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ ।

(५) सम्बन्धित समूह उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई उपनियम (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ । उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अध्ययन बिदामा बस्ने कर्मचारीहरुले तलब पाउने छैन ।

📖(६) कर्मचारीले आफू बहाल रहेको पदमा अति दुर्गम क्षेत्रमा ▸▸कम्तीमा एक वर्ष वा दुर्गम क्षेत्रमा दुई वर्ष रुजु हाजिर रही तीन वर्षसम्म सेवा नगरी अध्ययन बिदा पाउने छैन ।

तर पद वा दरबन्दी वा कार्यालय नभएका कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएको अवस्थामा त्यस्ता कर्मचारीलाई उल्लिखित क्षेत्रमा सेवा नगरेको भए तापनि अध्ययन बिदा दिन बाधा पर्ने छैन ।

स्पष्टीकरण : यस नियमावली बमोजिम कुनै कर्मचारीले गरेको अस्थायी सेवा अवधि स्थायी सेवा अवधिमा गणना भएको रहेछ भने यस उपनियमको प्रयोजनको लागि सो अस्थायी सेवा अवधि समेत गणना गरिनेछ ।

Z(६क) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको नेपाल अधिराज्यभित्रका विश्वविद्यालय वा शिक्षण संस्थाद्वारा सञ्चालन गरिने स्नातकोत्तर तहमा अध्ययनका लागि छानिएका कर्मचारीले कम्तीमा एक वर्ष अति दुर्गमक्षेत्र वा दुई वर्ष दुर्गम क्षेत्रमा सेवा गरी न्यूनतम दुई

---

▸▸ तेस्रो संशोधनद्वारा संशोधित ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

▸▸ तेस्रो संशोधनद्वारा संशोधित ।

Z पहिलो संशोधनद्वारा थप ।



वर्ष अवधि पूरा गरेको भए त्यस्तो कर्मचारीलाई अध्ययन बिदा प्रदान गर्न बाधा पर्नेछैन ।✂

(७) कुनै योजना वा कार्यक्रमलाई कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि नेपाल सरकारले कुनै कर्मचारीलाई मनोनयन गरी खटाएमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब दिइनेछ ।

तर यस प्रकारको काज तालिमको निमित्त मात्र हुनु पर्नेछ र कुनै पनि कर्मचारीलाई शैक्षिक उपाधि हासिल गर्न पठाउँदा तालिम काज दिइने छैन ।

५४. असाधारण बिदा : (१) कर्मचारीले असाधारण बिदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा नेपाल सरकारले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण बिदा दिन सक्नेछ ।

(२) असाधारण बिदामा बस्ने कर्मचारीले सो अवधिभर तलब पाउने छैन ।

तर नियम ५० को उपनियम (१०) बमोजिम असाधारण बिदामा बस्ने कर्मचारीले त्यस्तो बिदामा बसेको अवधिको पूरा तलब पाउनेछ ।

(३) पाँच वर्ष सरकारी सेवा अवधि नपुगी कुनै कर्मचारीले असाधारण बिदा पाउने छैन ।

तर,

(क) नियम ५० को उपनियम (१०) बमोजिम थप बिरामी बिदा वापत असाधारण बिदामा बस्न यस उपनियमले वाधा पुऱ्याएको मानिने छैन ।

▸▸(ख) नेपाल सरकारको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीले दुई वर्षको सेवा अवधि पूरा गरेपछि उपनियम (१) बमोजिम पाउने असाधारण विदाबाट कट्टा हुने गरी एकैपटक वा पटक पटक गरी बढीमा चार वर्ष असाधारण विदा पाउन सक्नेछ । तर तीन वर्षसम्मको असाधारण विदा उपनियम (१) बमोजिमको असाधारण विदाबाट कट्टा हुनेछ ।

🗗(३क) उपनियम (३) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि विषयमा अध्ययन गर्नको लागि चार वर्ष भन्दा बढी अवधि लाग्ने भएमा त्यस्तो अध्ययन गर्ने कर्मचारीलाई असाधारण विदा दिइने छैन ।

---

✂ यस नियमको प्रयोजनको लागि नेपाल सरकारले मिति २०६०।२।१ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको विश्व विद्यालय वा शिक्षण संस्थालाई तोकेको :

(क) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, काठमाडौं ।

(ख) त्रि.वि. शिक्षण अस्पताल महाराजगंज, काठमाडौं ।

(ग) वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

▸▸ तेस्रो संशोधनद्वारा संशोधित ।

🗗 तेस्रो संशोधनद्वारा थप ।

⧉(३ख) अध्ययनको लागि असाधारण बिदा लिएको कर्मचारीले अध्ययन नगरी अन्यत्र सेवा गर्न पाउने छैन ।

(४) ∃...कुनै कर्मचारीले लिएको असाधारण बिदाको अवधि कुनै पनि प्रयोजनको लागि निजको सेवा अवधिमा गणना गरिने छैन ।

५५. सट्टा बिदा : (१) स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्ट जस्ता सार्वजनिक बिदाको दिनमा काम गर्नु पर्ने कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले सार्वजनिक बिदाको दिन काम गरे वापत सट्टा बिदा पाउन सक्नेछन् र त्यस्तो बिदा अर्को तीन महिनाभित्रमा पालो मिलाई बस्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पालो मिलाई सट्टा बिदा लिन नसकेको जति अवधिको तलब बराबरको भुक्तानी दिइनेछ ।

(३) सट्टा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्नेछ ।

५६. अतिरिक्त सेवा बिदा : (१) स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्टमा हप्तामा चालीस घण्टा भन्दा बढी काम गर्नु पर्ने कर्मचारीहरुले बढी समय काम गरे वापत अतिरिक्त सेवा बिदा पाउनेछन् र त्यस्तो बिदा अर्को तीन महिनाभित्रमा पालो मिलाई लिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम पालो मिलाई अतिरिक्त सेवा बिदा लिन नपाए जति अवधिको तलब बराबरको भुक्तानी दिइनेछ ।

(३) अतिरिक्त सेवा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्नेछ ।

📖५७. अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न बिदा दिन सकिने : कुनै कर्मचारीले बिदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा र यसरी सेवा गर्न पठाउँदा नेपाल सरकारलाई समेत उपयोगी हुने पर्याप्त आधार रहेमा नेपाल सरकारले नियम ५४ को उपनियम (१) बमोजिम निजले पाउन सक्ने असाधारण बिदाबाट कट्टा हुने गरी पछि सेवा गर्न फर्की आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानको लागि नोकरी अवधिमा एक पटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्षसम्मको लागि अनुमति दिन सक्नेछ ।

तर यस नियम बमोजिम अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जाने कर्मचारीलाई काजको रुपमा खटाइने छैन ।

५८. बिदा माग गर्ने विधि : (१) बिदाको निकासाको निमित्त कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानु पर्ने भए सो समेत खोली अनुसूची–१५ बमोजिमको ढाँचामा आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अगाडी देखिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ :–

∃ दोस्रो संशोधनद्वारा झिकिएको ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।



(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन भन्ने,

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

(३) अध्ययन बिदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त मुख्यत देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :–

(क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

(ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको विवरण,

(ग) नेपाल सरकारलाई त्यस्तो बिदाको सम्बन्धमा विचार गर्न सहायक हुने अन्य आवश्यक विवरण ।

५९. बिदा दिने अधिकारी : (१) देहायको बिदा देहायको अधिकारीले स्वीकृत गर्न सक्नेछः–

| | बिदाको किसिम | बिदा स्वीकृत गर्ने अधिकारी |
|---|---|---|
| (क) | भैपरी आउने र पर्व बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (ख) | घर बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (ग) | बिरामी बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (घ) | प्रसूती बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| ⧉(घ१) | प्रसूति स्याहार बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (ङ) | किरिया बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (च) | अध्ययन बिदा | नेपाल सरकार |
| (छ) | असाधारण बिदा | नेपाल सरकार |
| (ज) | सट्टा बिदा | सम्बन्धित कार्यालयको प्रमुख |
| (झ) | अतिरिक्त सेवा बिदा | सम्बन्धित कार्यालयको प्रमुख |

(२) अधिकृत बाह्रौं तहको कर्मचारीको उपनियम (१) को खण्ड (क) मा उल्लिखित बिदा बाहेक अन्य बिदाहरु मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि भैपरी आउने र पर्व बिदा विभागीय प्रमुख र कार्यालय प्रमुख आफैले लिन सक्नेछ ।

■तर कार्यालय प्रमुखको खण्ड (च) र (छ) बाहेकका अन्य बिदाहरु विभागीय प्रमुखले स्वीकृत गर्नेछ ।

६०. बिदा परिणत नहुने : यस परिच्छेद बमोजिम कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया बिदा वा प्रसूती बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन ।

६१. सार्वजनिक बिदा गाभिने : भैपरी आउने र पर्व बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि पनि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको

⧉ तेस्रो संशोधनद्वारा थप ।

■ दोस्रो संशोधनद्वारा थप ।

अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ ।

६२. कार्यालयमा अनुपस्थित हुने उपर कारबाही : बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिने छ । यसरी गयल भएको अवधिको तलब र भत्ता समेत दिइने छैन र त्यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

६३. बिदाको अभिलेख : (१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने कर्मचारीको बिदाको अभिलेख राख्न लगाउनु पर्नेछ । कुनै कर्मचारीलाई प्रसूती बिदा, ⧉प्रसूति स्याहार बिदा, असाधारण बिदा वा अध्ययन बिदा दिएकोमा त्यसको सूचना निजामती किताबखाना र तलब खर्च लेख्ने कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

(२) कुनै कर्मचारी एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा वा बढुवा भएमा सरुवा वा बढुवाको जनाउको साथै बिदाको अभिलेखको उतार पनि हालको कार्यालयमा पठाउनु पर्नेछ । यस्तो बिदाको अभिलेख अनुसूची–१६ बमोजिम राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको बिदाको अभिलेखको एक प्रति उतार सम्बन्धित कर्मचारीलाई समेत दिनु पर्नेछ । बढुवाको लागि कारबाही हुँदा यस्तो बिदाको अभिलेख पेश गर्ने जिम्मेवारी कर्मचारीको सम्बन्धित विभाग वा मन्त्रालयको हुनेछ ।

६४. बिदा अधिकारको कुरा होइन : बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो ।

## परिच्छेद – ८

## बढुवा

६५. बढुवा समिति : ऐनको दफा २५ को उपदफा (३) बमोजिम सेवाको सहायक तहको पदमा बढुवा गर्न देहायका कार्यालयको लागि देहाय बमोजिम बढुवा समितिहरु रहने छन् :–

(क) मन्त्रालय र विभागहरुको लागि

(अ) लोक सेवा आयोगको सदस्य वा लोक सेवा आयोगले तोकेको पदाधिकारी – अध्यक्ष

(आ) मन्त्रालयको सचिव वा सो सरहका पदाधिकारीले तोकेको अधिकृत – सदस्य

(इ) सम्बन्धित निकायको प्रशासन शाखाको प्रमुख वा विभागीय प्रमुखले तोकेको अधिकृत – सदस्य

(ख) क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय र 🕮जिल्ला स्थित स्वास्थ्य कार्यालयहरुका लागि

⧉ तेस्रो संशोधनद्वारा थप ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।



(अ) लोक सेवा आयोगको सदस्य वा लोक सेवा आयोगले तोकेको पदाधिकारी – अध्यक्ष

(आ) सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत – सदस्य

(इ) सम्बन्धित निकायको प्रमुख – सदस्य

६६. बढुवा समितिको सचिवालय र बैठक : (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा अधिकृत तहका पदहरुमा बढुवाको निमित्त ऐनको दफा २५ बमोजिमको बढुवा सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(२) नियम ६५ को खण्ड (क) र (ख) बमोजिम सहायक तहका पदहरु बढुवाको निमित्त बढुवा समितिको सचिवालय सम्बन्धित निकायनै हुनेछ ।

(३) सेवाको प्रत्येक समूह वा उपसमूह अन्तर्गतका रिक्त पदहरु कार्यक्षमताको मूल्याङ्कन गरी बढुवाद्वारा पूर्ति गर्नको निमित्त प्रत्येक छ/छ महिनामा बढुवा समितिको बैठक बस्नेछ ।

६७. पदपूर्तिको सूचनाको प्रकाशन र निवेदन : (१) ⏩ऐन तथा यस नियमावली बमोजिम पद पूर्ति प्रतिशत तथा पदसंख्या निर्धारण भएपछि त्यसमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने अधिकृत तहका पदहरुको विवरण सहितको सूचना लोक सेवा आयोगले प्रकाशित गर्नेछ । तर सहायक तहको पदको हकमा त्यस्तो सूचना प्रकाशित गर्ने र निवेदन संकलन गर्ने कार्य सम्बन्धित बढुवा समितिको सचिवालयको हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित हुने सूचनामा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गरिने ( असार मसान्तको हिसाबले) अवधि, शैक्षिक, योग्यता, बढुवा हुने पदको विवरण तथा संख्या, पद रिक्त भएको कार्यालय, निवेदन म्याद र स्थान समेत खुलाएको हुनु पर्नेछ ।

■(२क) सम्भाव्य उम्मेदवार हुने अवधि (आषाढ मसान्त) बाहेक बढुवाको अंक दरखास्त दिने अन्तिम म्यादसम्मको मात्र गणना गरिनेछ ।

(३) सम्बन्धित उम्मेदवारले उपनियम (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र लोक सेवा आयोगद्वारा निर्धारित ढाँचामा निवेदन पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएको निवेदनहरु बढुवा सिफारिसको कारबाही चलाउन अधिकृत तहको पदको हकमा लोक सेवा आयोगले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

६८. बढुवाको प्रयोजनको लागि सेवा अवधिको गणना : ऐनको दफा २६ बमोजिमको सेवा अवधि तथा दफा २९ को उपदफा (२) को खण्ड (ख) बमोजिम जेष्ठता वापतको अंक गणना गर्ने प्रयोजनको लागि यो नियमावली प्रारम्भ हुँदाका बखत निजामती सेवाको श्रेणी प्रणालीबाट ⏩ऐन तथा यस नियमावली बमोजिम तह

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

■ दोस्रो संशोधनद्वारा थप ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

प्रणालीमा मिलान हुने कर्मचारीहरु निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम जुन जुन पदमा जुन जुन मितिमा नियुक्ति वा बढुवा भई बहाल रहेका हुन् सोही मितिदेखिनै गणना गरिनेछ ।

६९. बढुवाको लागि सम्भाव्य उम्मेदवार : (१) सेवाको समूह वा उपसमूहका अधिकृत तहको रिक्त पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्नको निमित्त रिक्त पदभन्दा एक तह मुनिका सम्बन्धित समूह वा उपसमूह अन्तर्गत ऐनको दफा २६ बमोजिमको सेवा अवधि पुगेका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुनेछन् ।

■(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाका समूह वा उपसमूहका अधिकृत नवौं तहका रिक्त पदहरुमा कार्य क्षमताको मूल्यांकनद्वारा बढुवा हुनको निमित्त रिक्त पद भन्दा एक तह मुनिको जनरल हेल्थ सर्भिसेज समूहको पदमा रही ऐनको दफा २६ बमोजिमको सेवा अवधि पूरा गरेका र अनुसूची–७ मा तोकिएको सम्बन्धित शैक्षिक योग्यता प्राप्त गरेका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(२) सहायक तहका पदहरुमा त्यसरी बढुवा गर्नको निमित्त सेवा अवधि पुगेका देहाय बमोजिमका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् :–

(क) मन्त्रालय तथा विभागमा रिक्त सहायक पदको लागि मन्त्रालय र विभागमा कार्यरत सम्बन्धित समूह तथा उपसमूहको एक श्रेणी मुनिको पदमा कार्यरत कर्मचारीहरु,

(ख) क्षेत्रीय निर्देशनालय र सो अन्तर्गतका कार्यालयहरुमा रिक्त सहायक तहको पदको लागि सम्बन्धित क्षेत्रीय निर्देशनालय र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत सम्बन्धित समूह तथा उपसमूहको एक श्रेणी मुनिको पदमा कार्यरत कर्मचारीहरु ।

(३) उपनियम (२) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ➧ऐन तथा यस नियमावली बमोजिम पदपूर्ति प्रतिशत निर्धारण भई बढुवाको लागि पदसंख्या छुट्याई सकेपछि पदसंख्या छुट्याउनु अघि कार्यरत कर्मचारीको सरुवा अन्य कार्यालयमा भए तापनि निजलाई साविक (सरुवा हुनु अघि) को कार्यालयमा छुट्याइएको पदमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनबाट बञ्चित गरिनेछैन ।

७०. कार्यक्षमताको आधारमा बढुवा : कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन ऐनको दफा २९ बमोजिम गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई सबैभन्दा पहिले बढुवा गरिनेछ ।

तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अंक प्राप्त गर्ने कर्मचारीको हकमा जेष्ठताको आधारमा बढुवा गरिनेछ र त्यस्ता कर्मचारीको जेष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछ :–

(क) हाल बहाल रहेको तहको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

■ दोस्रो संशोधनद्वारा थप ।
➧ तेस्रो संशोधनद्वारा संशोधित ।



(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा सो भन्दा एक तह मुनिको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित कुनै पनि आधारबाट जेष्ठता नछुट्टिएमा लोक सेवा आयोगको सिफारिसको योग्यताक्रमको आधारमा ।

तर लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिता र बढुवा प्रतियोगिताको एकै मितिमा सिफारिस प्राप्त भएको रहेछ भने खुल्ला प्रतियोगिताबाट सिफारिस भएको कर्मचारीको जेष्ठता कायम गरिनेछ ।

७१. कार्य सम्पादनको मूल्याङ्कन : (१) कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनको लागि प्रयोग गरिने कार्य सम्पादनको मूल्याङ्कन फाराम अनुसूची–१७ बमोजिम हुनेछ ।

(२) कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनको लागि मूल्याङ्कन गरिने कर्मचारीभन्दा एक तह माथिको सम्बन्धित कर्मचारी सुपरिवेक्षक हुनेछ र सुपरिवेक्षकभन्दा एक तह माथिको सम्बन्धित कर्मचारी पुनरावलोकनकर्ता हुनेछ ।

तर,

(क) अधिकृत तहको कर्मचारीहरुको सुपरिवेक्षक सहायक तहको कर्मचारी हुने छैन ।

(ख) जिल्लास्थित कार्यालयहरुमा सहायक तहको कर्मचारीको पुनरावलोकनकर्ता अधिकृत कर्मचारी नभएमा पुनरावलोकन समितिको अध्यक्षले तोकेको अधिकृत पुनरावलोकनकर्ता हुनेछ ।

(ग) कुनै अधिकृत तहको कर्मचारीको सुपरिवेक्षक अधिकृत बाह्रौं तहको कर्मचारी भएमा निजले नै पुनरावलोकनकर्ता समेत भई काम गर्नेछ ।

(घ) कार्यालय प्रमुख वा विभागीय प्रमुख भई काम गर्ने कर्मचारीले आफू मातहत काम गर्ने समान तहका कर्मचारीको समेत कार्य सम्पादन मूल्याङ्कनको निमित्त सुपरिवेक्षक भई काम गर्न सक्नेछ ।

स्पष्टीकरण : मूल्याङ्कन गरिने कर्मचारी र निजको सुपरिवेक्षक हुने कर्मचारी समान तहको भई एउटै सेवा, समूह वा उपसमूहमा बढुवाको लागि दुवै सम्भाव्य उम्मेदवार हुने भएमा त्यस्तो कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि उक्त सुपरिवेक्षक हुने कर्मचारीले कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधारलाई दृष्टिगत गरी आफ्नो लिखित मन्तव्य सहित सो फाराममा पुनरावलोकनकर्ता वा आफूभन्दा माथिल्लो तहको कर्मचारी समक्ष सुपरिवेक्षणको निमित्त पेश गर्नु पर्नेछ ।

(ङ) अधिकृत बाह्रौं तहमा कार्यरत कर्मचारीको सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता मन्त्रालयको सचिव हुनेछ ।

(३) सहायक तहको कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनको लागि देहायको पुनरावलोकन समिति रहनेछ :–

| | |
|---|---|
| (क) मन्त्रालयको सचिव वा सम्बन्धित विभागीय प्रमुखले तोकेको अधिकृत | – अध्यक्ष |
| (ख) सम्बन्धित पुनरावलोकनकर्ता | – सदस्य |
| (ग) सम्बन्धित सुपरीवेक्षक | – सदस्य |

📖(४) अधिकृत छैठौंदेखि दशौं तहसम्मका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि देहायको पुनरावलोकन समिति रहनेछ :–

(क) मन्त्रालयको सचिव – अध्यक्ष

(ख) मन्त्रालयको सचिवले तोकेको एघारौं वा बाह्रौं तहको अधिकृत – सदस्य

(ग) सम्बन्धित विभागको महानिर्देशक – सदस्य

📖(५) अधिकृत एघारौं तहका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि देहायको पुनरावलोकन समिति रहनेछ :–

(क) मुख्य सचिव वा निजले तोकेको नेपाल सरकारको सचिव – अध्यक्ष

(ख) मन्त्रालयको सचिव – सदस्य

(ग) मन्त्रालयको सचिवले तोकेको बाह्रौं तहको अधिकृत – सदस्य

📖(६) कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी दिइने कूल चालीस अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :–

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम अठार अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम बाह्र अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम दश अङ्क

(७) सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले कर्मचारीहरुको कार्य सम्पादन वापत अङ्क दिंदा ✕............ देहाय बमोजिमको प्रक्रिया अपनाउन सक्नेछ :–

(क) पेश हुन आएका कार्य सम्पादनको मूल्याङ्कन फारामहरु छानबीन गरी सो फारामहरुमा कार्य सम्पादन र अङ्क वितरण बीच सामन्जस्य कायम गर्ने,

(ख) कुनै निकायको समष्टिगत उपलब्धि र त्यसमा कार्यरत कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन बीचको पारस्परिक सम्बन्ध माथि विचार गर्ने,

(ग) पेश हुन आएका कार्य सम्पादन मूल्याङ्कन फारामहरुमा आवश्यक देखिएमा पुनरावलोकनकर्ता वा सुपरिवेक्षकसंग पुष्ट्याइको माग गर्ने वा पुनर्विचारको लागि निजकहाँ पठाउने,

(घ) पुनः पेश हुन आएको कार्य सम्पादन मूल्याङ्कन फाराम पुष्ट्याई औचित्यपूर्ण नभएको वा अङ्क संशोधन समेत नभई आएमा पुनरावलोकन समितिले यस विषयमा टिप्पणी गरी त्यस्तो सुपरिवेक्षक वा पुनरावलोकनकर्ताको अभिलेख राख्न सम्बन्धित निकायमा लेखि पठाउने ।

🗗(७क) कार्य सम्पादन मूल्यांकन वापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पञ्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

✕ तेस्रो संशोधनद्वारा झिकिएको ।

🗗 तेस्रो संशोधनद्वारा थप ।



प्रदान गर्दा सोको स्पष्ट कारण खुलाउनु पर्छ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ । पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुबैले गरेको कार्य सम्पादन मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्यांकनकर्ताले पुनः मूल्यांकन गरी वा पहिले गरेको मूल्यांकनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

⏩(८) कार्य सम्पादन मूल्यांकनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवा वा स्तरबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त अङ्कको औसत अङ्क गणना गरिनेछ ।

तर,

(१) अध्ययन वा तालीममा भएको अवधिको कार्य सम्पादन मूल्यांङ्कन वापत त्यस्तो अध्ययन वा तालीममा जानु भन्दा तत्काल अघिल्लो वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा अङ्क दिइनेछ ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्र सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो असाधारण बिदाको अवधिको कार्य सम्पादनको मूल्यांङ्कन फाराम भरिने छैन । असाधारण विदामा बसेको कर्मचारीको कार्य सम्पादन मूल्यांङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण विदा बसेको अवधि कटाई सो भन्दा अगाडि वा पछाडिका वर्षहरुको बढुवा वा स्तरबृद्धिको लागि आवश्यक पर्ने अवधिको कार्य सम्पादन मूल्यांकन बापतको अङ्क गणना गरिनेछ ।

■७१क. कार्य सम्पादन मूल्यांकन गर्ने अवधि : (१) प्रत्येक वर्ष श्रावण ७ गतेभित्र सम्बन्धित कर्मचारीले आफ्नो कार्य सम्पादन मूल्यांकन फाराम भरी सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ । सुपरिवेक्षकले श्रावण मसान्तभित्र सुपरीवेक्षण गरी पुनरावलोकनकर्तालाई बुझाई सक्नु पर्नेछ ।

(२) पुनरावलोकनकर्ताले उपनियम (१) बमोजिम प्राप्त हुन आएको कार्य सम्पादन मूल्यांकन फाराम भाद्र मसान्तभित्र मूल्यांकन गरी पुनरावलोकन समिति समक्ष बुझाई सक्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम मूल्यांकन भइसकेपछि पुनरावलोकन समितिले कात्तिक मसान्तभित्र कार्य सम्पादन मूल्यांकन गरी एक प्रति लोक सेवा आयोगमा पठाउनु पर्नेछ ।

७२. ज्येष्ठताको मूल्याङ्कन : कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको तहमा काम गरेको प्रत्येक वर्षको लागि दुईका दरले सोह्र अङ्क सम्म र १

---

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

■ दोस्रो संशोधनद्वारा थप ।

तह मुनिको पदमा आधा अङ्का दरले चारअङ्कसम्म प्रदान गरी बढीमा जम्मा बीस अङ्क दिइने छ ।

तर,

(१) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ ।

(२) यस खण्डको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन ।

७३. भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन : (१) कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देशको विभिन्न भौगोलिक क्षेत्रलाई अनुसूची–११ बमोजिम क्रमश : "क १", "क २", "ख १", "ख २", र "ग १", "ग २" तीन वर्गमा विभाजन गरी ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव वापत पच्चीस अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ ∃................ :–

▸▸(क) "क१" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ५ अङ्का दरले,

▸▸(ख) "क२" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४.५ अङ्का दरले,

▸▸(ग) "ख१" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३.७५ अङ्का दरले,

▸▸(घ) "ख२" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ अङ्का दरले,

▸▸(ङ) "ग१" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २.२५ अङ्का दरले,

▸▸(च) "ग२" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि १.५ अङ्का दरले ।

(२) उपनियम (१) को प्रयोजनको लागि विभिन्न भौगोलिक क्षेत्रहरुको वर्गीकरण अनुसूची–११ मा तोकिए बमोजिम हुनेछ ।

(३) भौगोलिक क्षेत्रमा काम गरे वापत पाउने अङ्क हाल बहाल रहेको तहमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(४) कुनै पनि भौगोलिक क्षेत्रमा छ महिना भन्दा कम अवधिको लागि रुजु हाजिर भएकोमा कुनै अङ्क दिइने छैन । पदस्थापन भएको क्षेत्रमा छ महिना भन्दा बढी चानचुन महिना वा दिन रुजु हाजिर भएकोमा त्यस्तो अवधिको लागि पनि दामासाहीबाट अङ्क दिइनेछ ।

---

∃ दोस्रो संशोधनद्वारा झिकिएको ।

▸▸ तेस्रो संशोधनद्वारा संशोधित ।



(५) वैदेशिक तालिममा काजमा जाने कर्मचारीलाई "ग २" वर्ग को भौगोलिक क्षेत्रको अङ्क दिइनेछ ।

📖(६) सेवाबाट हटाइएको कुनै कर्मचारी पुनर्वहाली भै काम काज गरेमा निजलाई हटाइएको वर्षको भौगोलिक क्षेत्रमा काम गरे बापत अंक दिंदा जुन वर्गको भौगोलिक क्षेत्रबाट हटाइएको हो सोही वर्गको भौगोलिक क्षेत्रको अंक दिइनेछ ।

तर बाँकी अवधिको लागि "ग २" वर्गको भौगोलिक क्षेत्रको अंक दिइनेछ ।

७४. शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन :(१) कर्मचारीहरुलाई शैक्षिक योग्यताको अङ्क दिंदा सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सोभन्दा माथिको सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि वापतको अङ्क दिइनेछ । शैक्षिक योग्यता र तालिम बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :–

| | शैक्षिक योग्यता (उपाधि) र तालिम | अङ्क<br>प्रथम श्रेणी | <br>द्वितीय श्रेणी | <br>तृतीय श्रेणी |
|---|---|---|---|---|
| (क) | सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत | १० | ९ | ८ |
| (ख) | सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा समूह सम्बन्धी डिप्लोमा वा | २ | १ | ५ |
| | सेवा समूह सम्बन्धी स्नातकोत्तर ⧉वा विद्यावारिधि उपाधि | ४ | ३ | २ |
| (ग) | सेवा समूह सम्बन्धी सेवाकालीन तालिम वापत (अधिकृत तहको लागि) | १ | ७५ | ५ |

(२) सेवा प्रवेशको निमित्त चाहिने शैक्षिक योग्यताभन्दा माथिल्लो उपाधि मात्र पाएको कर्मचारीलाई उपनियम (१) को खण्ड (ख) मा उल्लेख भएको अङ्क दिइनेछ ।

उदाहरणार्थः न्यूनतम शैक्षिक योग्यता स्नातक वा सो सरह तोकिएको अवस्थामा कुनै कर्मचारीले प्रविणता प्रमाणपत्र (इन्टरमिडियड) वा सो सरहको उपाधि पश्चात् सोझै स्नातकोत्तर वा सो सरहको उपाधि पाएको रहेछ भने निजलाई उपनियम (१) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यता वापतको अङ्क मात्र दिइनेछ र त्यस्तो अवस्थामा सोही योग्यता बापत उपनियम (१) को खण्ड (ख) मा तोकिएको अङ्क दिइने छैन ।

(३) कर्मचारीलाई तालिमको अङ्क दिंदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासंग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ । तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिमको लागि मनोनयन भएको हो सो अङ्क सोही तहको लागि मात्र गणना गरिनेछ ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

⧉ तेस्रो संशोधनद्वारा थप ।

■(३क) स्तरवृद्धि हुने कुनै तहमा रहँदा उपनियम (३) बमोजिमको तालिम लिएको भए सो बापतको अंक बढुवा हुने तहमा गणना गरिनेछ ।

(४) श्रेणी नखुलेको शैक्षिक योग्यता वा तालिम बापत द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(५) कर्मचारीले शैक्षिक योग्यता र सेवाकालीन तालिम बापतको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ, सो नगरेमा त्यस बापत अङ्क दिइने छैन ।

⏩(६) सेवाको सातौं तह वा सोभन्दा माथिको तहको कुनै पदमा बढुवा हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता अधिकृत सातौं र आठौं तहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नै त्यस्तो पदमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

✕(७) ....

७५. बढुवाको प्रयोजनको लागि तालिमको गणना : यो नियमावली लागू हुनु अघि निजामती सेवा नियमावली, २०५० बमोजिम कर्मचारीले तत्काल बहाल रहेको पदमा रहँदा लिएको तालिम बापत यस नियमावली बमोजिम हुने बढुवाको प्रयोजनको लागि अङ्क दिइनेछ ।

⏩७६ बढुवा नामावलीको प्रकाशनः (१) बढुवा समितिले बढुवाको लागि सिफारिस भएका कर्मचारीको नामावली सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बढुवा नामावली प्रकाशन गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका सबै कर्मचारीहरुको प्राप्ताङ्क समेत प्रकाशन गर्नु पर्नेछ ।

७७. बढुवा उजूरी उपर निर्णय सम्बन्धी कार्यविधि : (१) नियम ७६ बमोजिम सिफारिस भएको बढुवा नामावलीको सूचीमा नाम समावेश नहुने कर्मचारीले सो बढुवा निर्णय उपर उजूरी दिन चाहेमा बढुवा नामावली प्रकाशित भएको मितिले पैंतीस दिनभित्र लोक सेवा आयोग वा सो आयोगले तोकेको अधिकारी समक्ष उजूरी दिन सक्नेछ । यसरी उजूरी दिने कर्मचारीले आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधार समेत खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको उजूरी ⏩उपर साठी दिनभित्र टुंगो लगाइनेछ र यसरी उजूरी टुंगो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा उजूरी सुन्ने अधिकारीले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम उजूरी छानबिन गर्दा जानीजानी त्रुटीपूर्ण मूल्याङ्कन गरेको देखिएमा लोक सेवा आयोग वा सो आयोगले तोकेको

■ दोस्रो संशोधनद्वारा थप ।
⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

✕ तेस्रो संशोधनद्वारा झिकिएको ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।



अधिकारीले मूल्याङ्कनकर्तालाई ⏩चेतावनी दिन सम्बन्धित विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ ।

(४) उपनियम (१) बमोजिम पर्न आएको उजूरी झुट्टा ठहरेमा उजूरी परी हुने बढुवामा त्यस्तो उजूरीकर्ताको पहिलो पटकको उजूरी भए दुई अङ्क र दोस्रो पटकको उजूरी भए तीन अङ्क काटिने छ र सोको जानकारी सम्बन्धित उजूरवालालाई दिनु पर्नेछ ।

७८. बढुवा मिति र बढुवा नियुक्ति : (१) नियम ७६ बमोजिम बढुवा नामावली प्रकाशित भएपछि बढुवा उजूरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट पैंतीस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ । उपर्युक्त बढुवा सिफारिस उपर उजूरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिन (उजूर गर्ने म्याद सकिएको भोलिपल्ट) को मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर नियम ७७ को उपनियम (१) बमोजिम उजूरी परेमा देहाय अनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछ :–

(क) नियम ७७ को उपनियम (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि, र

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिसनै कायम भएमा पहिलो पटक बढुवा सिफारिस प्रकाशित भएको मितिले छत्तीसौं दिनदेखि ।

७९. बढुवा समितिले आवश्यक व्यवस्था गर्न सक्ने : अधिकृत तहको पदहरुमा बढुवाको कारबाही गर्दा यस परिच्छेदभित्र नपरेको विषयमा वा सोभित्र परेका विषय भए तापनि नियमले यस्तो गर्ने भन्ने केही सङ्केत नगरेको विषयमा कुनै अप्रत्याशित कठीनाई आई परेमा बढुवा समितिले ऐन र यस नियमावलीको उद्देश्य प्रतिकूल नहुने गरी आवश्यक व्याख्या वा व्यवस्था गर्न सक्नेछ । त्यस्तो व्याख्या वा व्यवस्थालाई मार्गदर्शनको निमित्त सम्बन्धित सबै निकायमा पठाउनु पर्नेछ ।

८०. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाको लागि विज्ञापन : ⏩ऐन तथा यस नियमावली बमोजिम निर्धारित प्रतिशत अनुरुप आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाद्वारा पूर्ति गर्नु पर्ने अधिकृत तहका पदहरु पूर्तिका लागि लोक सेवा आयोगले सम्बन्धित उम्मेदवारहरुको जानकारीको निमित्त विज्ञापन प्रकाशित गर्नु पर्नेछ । सो विज्ञापनमा बढुवा हुने पदहरुको संख्या तथा विवरण, आवश्यक शैक्षिक योग्यता एवं सेवा अवधि निवेदनको अन्तिम मिति तथा दरखास्त बुझाउने स्थान समेत खुलाइएको हुनु पर्नेछ ।

८१. आन्तरिक प्रतियोगिताद्वारा हुने बढुवा परीक्षामा उम्मेदवारीको व्यवस्था : (१) नियम ८० अनुसार प्रकाशित विज्ञापन बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाका लागि जुन सेवा समूह वा उपसमूहको रिक्त पदमा बढुवा

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

गरिने हो सो रिक्त पदको एक तह मुनिको पदमा ऐनको दफा २६ बमोजिमको सेवा अवधि र [📖]अनुसूची–७ मा तोकिए बमोजिमको शैक्षिक योग्यता पुगेका सेवाका कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।

[∃](२) ...................

८२. प्रतियोगितात्मक परीक्षामा बढुवाको आधार : सेवाका रिक्त पदहरुमा नियम ८१ बमोजिम आन्तरिक प्रतियोगितात्मक ✕......परीक्षाद्वारा बढुवा गर्दा लोक सेवा आयोगले सञ्चालन गरेको परीक्षामा सफल हुने उम्मेदवारहरुमध्येबाट सिफारिस गरेको आधारमा गरिनेछ ।

८३. उमेरको हद नलाग्ने : बढुवाको लागि उम्मेदवार हुन कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

८४. समूह तथा उपसमूहको परिवर्तन : (१) नेपाल सरकारलाई आवश्यक भएमा देहाय बमोजिमको योग्यता पूरा गरेका कर्मचारीलाई निज बहाल रहेको सेवाको एक समूह वा उपसमूहबाट सोही सेवा अन्तर्गतको अर्को समूह वा उपसमूहको समान स्तरको पदमा लोक सेवा आयोगको सिफारिसको आधारमा समूह वा उपसमूह परिवर्तन गर्न सकिनेछ :–

(क) परिवर्तन हुने समूह वा उपसमूहको पदको लागि निर्धारित आवश्यक न्यूनतम योग्यता प्राप्त गरेको,

(ख) एक समूह वा उपसमूहबाट अर्को समूह वा उपसमूहको सातौं तह वा सो भन्दा माथिको पदमा परिवर्तन हुने भए सो समूह र उपसमूहसँग सम्बन्धित विषयमा स्नात्तकोत्तर उपाधि प्राप्त गरेको,

(ग) हाल बहाल रहेको समूह वा उपसमूहको पदमा कम्तीमा तीन वर्षको सेवा अवधि पूरा भएको ।

(२) समूह वा उपसमूह परिवर्तन गर्न चाहेमा लिखित परीक्षा र अन्तर्वार्ताको आधारबाट लोक सेवा आयोगबाट सिफारिस गरिएका व्यक्तिको समूह वा उपसमूह परिवर्तन गरिनेछ ।

[⧉]८४क. स्तरबृद्धि गर्ने अवधि : कर्मचारीको स्तरबृद्धि प्रत्येक आर्थिक वर्षको पुष महिना र असार महिनामा गरी वर्षको दुईपटक गरिनेछ ।

## परिच्छेद–९

## तलब भत्ता

८५. तलबमान : (१) निर्धारित तलबमान अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने कर्मचारीले सो तलबमानमा लेखिएको शुरु तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) माथिल्लो तलबमानको कुनै पदमा बढुवा पाउने कर्मचारीले उक्त तलबमानमा तोकिएको शुरु तलब पाउनेछ ।

[📖] दोस्रो संशोधनद्वारा संशोधित ।

[∃] दोस्रो संशोधनद्वारा झिकिएको ।

[✕] तेस्रो संशोधनद्वारा झिकिएको ।

[⧉] तेस्रो संशोधनद्वारा थप ।



तर निजले हाल पाइरहेको तलब उक्त माथिल्लो तलबमानको न्यूनतम तलब बराबर वा सो भन्दा अधिक भएमा उक्त माथिल्लो तलबमानमा निजको तलब तोक्दा देहाय बमोजिम गरी तोकिनेछ :–

(क) निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर मात्र भएमा सो तलबमा एक तलब वृद्धि थप गरी तोकिनेछ ।

(ख) साबिक पदमा पाइरहेको तलब बढुवा भएको पदको शुरु तलबभन्दा बढी भएको अवस्थामा माथिल्लो पदको तलब तोक्दा हाल पाइआएको तलबमा नपुगसम्मको तलब वृद्धि थप गरी माथिल्लो पदको एक तलब वृद्धि समेत दिइनेछ ।

[■](३) ऐनको दफा ४६ वा दफा ४८ को उपदफा (३) बमोजिम अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरेको अवस्थामा निजको निवृत्तभरण प्रयोजनको लागि सो थप गरेको अवधिको तलब वृद्धि रकम समेत समावेश गरिनेछ ।

८६. तलब भत्ता पाउने अन्य अवस्था : (१) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा वा बढुवा भएको कर्मचारीले साविक कार्यालय छाडि हालको कार्यालयमा बहाली गर्न यस नियमावली बमोजिम पाउने तयारी म्याद सात दिन र बाटोको म्यादको लागि सरुवा वा बढुवा भएको पदको पद अनुसार हालको कार्यालयबाट तलब (स्थानीय भत्ता बाहेक) पाउनेछ ।

(२) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा, बढुवा वा नयाँ नियुक्ति भएको कुनै कर्मचारीलाई हालको कार्यालयमा बहाल हुन नपाउँदै नेपाल सरकारले कुनै तालिम दिने वा अरु कुनै सरकारी काममा लगाउने निर्णय गरेमा सो अवधिको लागि सरुवा, बढुवा वा नयाँ नियुक्ति भएको पद अनुसारको तलब (स्थानीय भत्ता बाहेक) दिइनेछ ।

[■](३) कुनै कर्मचारी बढुवा भै बढुवा नियुक्ति लिनु अगावै मृत्यु भएमा बढुवा गर्ने निर्णय भएको मितिदेखि नै निजले बढुवा भएको पद अनुरुप तलब भत्ता लगायतका सुविधाहरु पाउने छ ।

[⏩]८७. चाडपर्व खर्च सम्बन्धी व्यवस्थाः (१) यो नियम प्रारम्भ हादाका बखत सेवामा वहाल रहेका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तथा यो नियम प्रारम्भ भएपछि नियुक्त हुने कर्मचारीले हाजिर भएको मितिले तीन महिनाभित्र आफूले चाडपर्व खर्च लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) असाधारण विदा वा बेतवली विदा लिएको अवधिमा चाडपर्व खर्च पाउने छैन ।

(३) उपनियम (१) बमोजिम जानकारी गराई सकेपछि सो कर्मचारीले अर्को चाडपर्व वापत खर्च माग गर्न पाउने छैन ।

८८. स्थानीय भत्ता : कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउनेछ। कुनै कर्मचारीको पदस्थापना स्थानीय भत्ता

[■] दोस्रो संशोधनद्वारा थप ।

[⏩] तेस्रो संशोधनद्वारा संशोधित ।

पाउने स्थानमा भएको भए तापनि काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधि भर स्थानीय भत्ता पाउने छैन वा त्यस्तो स्थानको निमित्त तोकिएको भत्तासम्म पाउनेछ ।

८९. बढी समय (ओभर टायम) काम गरेको भत्ता : (१) कर्मचारीले नेपाल सरकारले तोकेको समय भन्दा बढी समय काम गरेमा त्यसरी बढी समय काम गरे बापत पाउने भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम बढी समय काम गरे वापत दिइने भत्ता सम्बन्धी अन्य कार्यविधि नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

९०. विशेष सुविधा : सेवामा बहाल रहेका कर्मचारीहरुको जिम्मेवारीको प्रकृतिलाई विचार गरी नेपाल सरकारले विशेष सुविधा दिन सक्नेछ ।

## परिच्छेद–१०
## उपचार खर्च

९१. उपचार खर्च : (१) कर्मचारीले सेवा अवधिभरमा अधिकृत स्तरको कर्मचारी भए बाह्र महिना बराबरको र सहायक स्तरको कर्मचारी भए एक्काईस महिना बराबरको खाईपाई आएको तलब रकमसम्म उपचार खर्च वापत पाउनेछ ।

(२) कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च नेपाल सरकारले दिनेछ :–

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिएको प्रेस्क्रिप्शन अनुसार औषधि किनेको खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा विभागीय प्रमुख बाहेक अन्य कर्मचारीको हकमा विभागीय प्रमुखले र विभागीय प्रमुखको हकमा मन्त्रालयको सचिवले सिफारिस गरेको खर्च,

स्पष्टीकरण : "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका डाक्टर, अधिकृत कविराज, एकिकृत चिकित्सा अधिकृतलाई जनाउँछ ।

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडि अर्को जिल्ला वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत सम्बन्धित कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(३) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा सोको कारण मुनासिब देखिए यस नियमको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिने छ । त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । त्यसरी



कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रकम मिन्हा हुनेछ ।

(४) झुट्टा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुठ्ठा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक (कर्मचारी भएमा) उपर विभागीय कारबाही हुन सक्नेछ ।

(५) कुनै अस्थायी कर्मचारी बिरामी भएमा औषधि उपचारको लागि निकासा दिंदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा बिरामी हुने अस्थायी कर्मचारीले गरेको सेवा अवधिले हिसाब गरी यस नियम बमोजिम उपचार खर्च दिइनेछ ।

तर अस्थायी कर्मचारी सेवाबाट अलग हुँदा भने यस नियम बमोजिम उपचार खर्च पाउने छैन ।

(६) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट कर्मचारी सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीले क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(७) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिंदा यस नियममा तोकिएको रकमलाई दश वर्ष सेवा गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(८) यस नियम बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(९) यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक कर्मचारीलाई एक वर्षमा निजले खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकमसम्म उपचार खर्च दिन सकिनेछ ।

(१०) यस नियम बमोजिम कर्मचारीले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने कार्यालयले राखी त्यस्तो विवरण सम्बन्धित विभाग र निजामती किताबखानामा अभिलेख राख्न पठाउनु पर्नेछ ।

(११) साधन विहीन दुर्गम जिल्लामा कार्यरत कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा मन्त्रालयको सचिवको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको नेपाल अधिराज्यभित्रको अरु कुनै सुविधायुक्त स्वास्थ्य संस्थामा छिटो साधनद्वारा लैजाँदा र त्यहाँबाट फर्कदा लाग्ने खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

⏩९२. थप आर्थिक सहायताः (१) सेवामा बहाल रहेको कुनै कर्मचारीलाई सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गएमा वा स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा शारीरिक हानी नोक्सानी हुन गएमा वा निज कर्मचारी वा निजको पति पत्निलाई कडा रोग लागी स्वदेश वा विदेशमा उपचार गर्न नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले रोग किटान गरी सिफारिस गरेको आधारमा नियम ९१ को उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त देहायको समितिको सिफारिसमा नेपाल सरकारले उचित ठहराएको थप आर्थिक सहायता रकम दिइनेछः–

(क) सामान्य प्रशासन मन्त्रालयको सचिव – अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव – सदस्य

(ग) मन्त्रालयको सचिव – सदस्य

(घ) मन्त्रालयले तोकेको बरिष्ठ चिकित्सक – सदस्य

(ङ) मन्त्रालयको चिकित्सा सेवा महाशाखा प्रमुख – सदस्य–सचिव

(२) उपनियम (१) बमोजिमको समितिले थप आर्थिक सहायता सम्बन्धी कागजात प्राप्त भएको मितिले सात दिनभित्र नेपाल सरकार समक्ष सिफारिस पेश गर्नु पर्नेछ ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।



## परिच्छेद – ११
## निवृत्तभरण र अन्य सुविधा

९३. अशक्त वृत्ति : (१) कुनै कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटनामा परी अंगभंग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रुपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्त वृत्तिको रुपमा उपनियम (२) मा लेखिए बमोजिमको निवृत्तभरण सहित उपनियम (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ ।

(२) उपनियम (१) बमोजिम अशक्त भएको कर्मचारीको सेवा अवधि निवृत्तभरण पाउने अवस्थामा पुगेको भए निजले तत्काल खाईपाई आएको (कायम मुकायम भै काम गरेको वा नियम ४३ बमोजिम निमित्त भै काम गरेको भए सोको समेत) तलबले ऐनको दफा ४८ बमोजिम हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तभरण पाउनेछ । त्यस्तो अशक्त भएको कर्मचारीको सेवा अवधि निवृत्तभरण पाउने अवस्थामा पुगेको नभए ऐन बमोजिम निवृत्तभरण पाउने वर्ष पुर्‍याउन नपुग प्रत्येक पूरा वा चानचून वर्षको निमित्त दामासाहीबाट रकम कट्टी गरी बाँकी हुन आउने रकम निवृत्तभरण वापत पाउनेछ । यसरी कट्टी गर्दा एक तिहाईभन्दा बढी रकम कट्टी गरिने छैन ।

(३) उपनियम (१) बमोजिम अशक्त भएको कर्मचारीलाई चोटपटकको अवस्था हेरि आर्थिक सहायता बापत पच्चीस हजार रुपैयाँसम्मको रकम दिन सकिनेछ । यसरी आर्थिक सहायता नदिएको अवस्थामा निज तत्काल बहाल रहेको उच्चतम पदको (कायम मुकायम गरेको वा नियम ४३ बमोजिम निमित्त भई काम गरेको भए सो पदको समेत) अन्तिम स्केलको हिसाबले उपनियम (२) बमोजिम अशक्त निवृत्तभरण पाउनेछ ।

(४) उपनियम (१) बमोजिम चोटपटक लाग्न गई उपचार गराउँदा लाग्ने उपचार खर्चको शत प्रतिशत रकम सम्बन्धित कर्मचारीले पाउनेछ । यस्तो उपचार खर्च पाएको कारणले त्यस्तो कर्मचारीले पछि बिरामी हुँदा नियम ९१ को उपनियम (१) बमोजिम पाउन सक्ने उपचार खर्च पाउनमा कुनै बाधा पुर्‍याएको मानिने छैन ।

(५) कर्मचारीले अशक्तता बापत उपनियम (२) बमोजिम पाउने अशक्त निवृत्तभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाइपाइ आएको तलबको बीस प्रतिशत बराबर हुनेछ ।

स्पष्टीकरण : अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका कर्मचारीले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यो नियममा लेखिएको अशक्तवृत्ति पाउने छैन । तर खाइपाई सकेको अशक्तवृत्ति वा अतिरिक्त आर्थिक सहायता रकम भने फिर्ता गर्नु पर्ने छैन ।

(६) अशक्तवृत्ति पाउने ठहरिएको वा पाइरहेको कुनै कर्मचारीको मृत्यु सो अशक्तवृत्ति पाउन शुरु भएको मितिले सात वर्षभित्र भएमा सो सात वर्ष पूरा हुन बाँकी अवधि वापत पाउने अशक्त वृत्ति अनुदानको रुपमा एकमुष्ट रकम त्यस्तो कर्मचारीको परिवारको सदस्यमध्ये नेपाल सरकारले उचित ठहर्‍याएको व्यक्तिलाई दिइनेछ ।

(७) कुनै कर्मचारीले जानाजान आफ्नै गम्भीर लापरवाहीले गर्दा अंगभंग भएको वा चोट पटक लागेको कारणले अशक्त भएकोमा भने यस नियम बमोजिमको सुविधा पाउने छैन।

९४. अंगभंग भए वा चोटपटक लागे बापत पाउने सुविधा : (१) कुनै कर्मचारी सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई सेवाबाट अवकाश लिनु पर्ने नभए तापनि सो चोट पटकको कारणबाट निजको क्षमता बृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो कर्मचारीलाई लागेको चोट पटकको अवस्थाको विचार गरी निजले खाइपाई आएको तलबको अन्तिम स्केलको तलब बृद्धि वा दश हजार रुपैयाँसम्म एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ।

(२) उपनियम (१) बमोजिमको चोट पटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित कर्मचारीले निजको कुनै पनि सञ्चित बिदाबाट बिदा कट्टा नहुने गरी पूरा तलब सहितको थप बिरामी बिदा पाउनेछ।

(३) उपनियम (२) बमोजिम उपचार गराउँदा लागेको शतप्रतिशत रकम त्यस्तो कर्मचारीले पाउनेछ। त्यस्तो उपचार खर्च पाएको कारणले त्यस्तो कर्मचारीले पछि बिरामी हुँदा नियम ९१ को उपनियम (१) बमोजिम पाउन सक्ने उपचार खर्च पाउनमा कुनै बाधा पुऱ्याएको मानिने छैन।

(४) कुनै कर्मचारीले जानाजान आफ्नै गम्भीर लापरवाहीले चोटपटक लगाएको कारणले अंगभंग भएकोमा यस नियम बमोजिमको सुविधा पाउने छैन।

९५. असाधारण पारिवारिक वृत्ति तथा उपदान : (१) कुनै कर्मचारीको सरकारी कामको सिलसिलामा दुर्घटनामा परी तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको पत्नी वा पतिलाई छुट्टै आजीवन मासिक पारिवारिक वृत्तिको रुपमा ऐनको दफा ४८ को उपदफा (२) अनुसारको न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम र थप उपदानको रुपमा मृतक कर्मचारीले खाइपाई आएको तलबको तीन महिनाको रकम एकमुष्ट दिइनेछ।

(२) कर्मचारीको विधवा पत्निलाई देहाय बमोजिमको अवस्थामा मात्र मान्यता दिइनेछ :–

(क) उपर्युक्त कारणबाट मृत्यु हुने घटना घट्नु अघि त्यस्तो कर्मचारीसँग वैवाहिक सम्बन्ध भइसकेको हुन पर्नेछ।

(ख) कर्मचारीको मृत्यु भएको समयमा निजसँग सँगोलमा बसेको हुनु पर्नेछ।

(३) विधवा पत्नि नभएमा वा पतिको मृत्यु अघि निजबाट छुट्टिसकेको भएमा वा त्यस्तो विधवा पत्निको पुनर्विवाह हुनु भन्दा पहिले जन्मेको निज मृतक कर्मचारीको सन्तति वा धर्मपुत्रलाई उपनियम (१) मा तोकिएको पटके उपदान दामासाहीले एकमुष्ट दिन सकिनेछ। तर अठार वर्षभन्दा कम उमेरका सन्तति वा धर्मपुत्र रहेछन् भने निजहरुको गुजाराको निमित्त नेपाल सरकारले निजहरुलाई अठार वर्ष उमेर नपुगुन्जेलसम्मको लागि दामासाहीले विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहराएको दरले थप पारिवारिक वृत्ति पनि दिन सक्नेछ।

(४) मृत कर्मचारीको विधवा पत्नी वा विधुर पति, सन्तति वा धर्मपुत्र रहेनछन् र निज कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरुको गुजाराको निमित्त विधवा स्त्रीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाइमा नबढ्ने गरी आजीवन पारिवारिक वृत्ति पनि दिन सकिनेछ।



(५) मृत कर्मचारीको विधवा पत्नी, विधुर पति वा सन्ततिको हकमा कुनै विवाद भएमा नेपाल सरकारले उचित र न्यायसँगत तरिकाबाट कारबाही गर्न सक्नेछ।

(६) मृत्त कर्मचारीको विधवा पत्नी, सन्तती, धर्मपुत्र वा आमा बाबु कुनै रहेनछन् र त्यस्तो कर्मचारीको आश्रित दाजु भाइ वा अविवाहिता दिदी बहिनीहरु वा तीमध्ये कुनै रहेछन् भने निजहरुको गुजाराको निमित्त नेपाल सरकारले मनासिव देखेको अवधिसम्मको लागि दामासाहीले विधवा स्त्रीले पाउने पारिवारीक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहराएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ।

९६. शैक्षिक तथा सन्तति वृत्ति : (१) कुनै कर्मचारीको सरकारी कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत वा अशक्त कर्मचारीको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक वृत्ति दिइनेछ :–

(क) अधिकृत तहको कर्मचारीको प्रत्येक सन्ततिलाई दुई हजार चार सय रुपैयाँ,

(ख) सहायक तह कर्मचारीको प्रत्येक सन्ततिलाई एक हजार आठ सय रुपैयाँ

(२) सरकारी कामको सिलसिलामा मृत्यु भएको कर्मचारीको बढीमा दुई सन्ततिलाई उपनियम (१) बमोजिमको शैक्षिक वृत्ति लगायत मृत्त कर्मचारी बहाल रहेको पदको शुरु तलब स्केलको देहाय बमोजिमको प्रतिशतका दरले सन्तति वृत्ति दिइनेछ :–

| | कर्मचारीको पद | शुरु तलबको प्रतिशत |
|---|---|---|
| (क) | बाह्रौं तहको अधिकृत | ९ |
| (ख) | एघारौं तहको अधिकृत | १० |
| (ग) | दशौं तहको अधिकृत | ११ |
| (घ) | नवौं तहको अधिकृत | १२ |
| (ङ) | आठौं तहको अधिकृत | १३ |
| (च) | सातौं तहको अधिकृत | १४ |
| (छ) | छैठौं तहको अधिकृत | १५ |
| (ज) | सहायक पाँचौं तह | १६ |
| (झ) | सहायक चौंथो तह | १७ |
| ×(ञ) | .... | |
| ×(ट) | .... | |
| ×(ठ) | ... | |

(३) उपनियम (२) बमोजिम वृत्ति सम्बन्धित सन्ततिले अठार वर्ष उमेर पूरा नगरेसम्म पाउनेछ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "सन्तति" भन्नाले सम्बन्धित कर्मचारीको छोरा वा छोरी सम्झनु पर्छ।

× तेस्रो संशोधनद्वारा झिकिएको।

⁍९७. समिति सम्बन्धी व्यवस्थाः (१) कुनै कर्मचारीको सेवामा बहाल रहँदाका बखत दुर्घटनामा परी मृत्यु भएमा, चोटपटक लागि उपचार गर्नु परेमा वा आजीवन अशक्त भएमा निजले, निजको परिवार वा सन्ततिले पाउने बृत्ति, उपचार खर्च वा उपदानको सम्बन्धमा सिफारिस गर्न देहायका सदस्यहरु भएको समिति रहनेछ :–

(क) काठमाडौ उपत्यका स्थित सरकारी कार्यालयका कर्मचारीको हकमा–
- (१) सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि
- (२) अर्थ मन्त्रालयको प्रतिनिधि
- (३) मन्त्रालयको प्रतिनिधि
- (४) सम्बन्धित कर्मचारी कार्यरत कार्यालयको प्रमुख

(ख) काठमाडौं उपत्यका बाहेक अन्य जिल्ला स्थित सरकारी कार्यालयको कर्मचारीको हकमा–
- (१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी
- (२) सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख
- (३) जिल्ला स्वास्थ्य प्रमुख

(२) उपनियम (१) बमोजिम गठित समितिलाई कुनै कर्मचारीको सेवामा बहाल रहँदाका बखत दुर्घटनमा परी मृत्यु भएको हो वा होइन वा असक्त छ वा छैन वा दुर्घटनामा परी चोट पटक लागेको हो वा होइन भन्ने सम्बन्धमा समेत सिफारिस गर्ने अधिकार हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको सिफारिस देहायका कागजातहरुको आधारमा गर्नु पर्नेछः–
- (क) मृत्यु भएकोमा मृत्यु दर्ता प्रमाणपत्र,
- (ख) सरजमिन मुचुल्का वा प्रहरी प्रतिवेदन,
- (ग) उपचार गराएको अस्पतालको कागजात वा बील,
- (घ) उपचार गर्नु पर्ने कर्मचारी कार्यरत निकायको सिफारिस ।

९८. बीमाको व्यवस्था : (१) कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा ऐनको दफा ४३ बमोजिम बीमा वापत एक लाख पचास हजार रुपैयाँ ऐनको दफा ५० को उपदफा (५) बमोजिमको व्यक्तिलाई दिइनेछ :

(२) सेवामा कार्यरत कर्मचारीहरुको कामको सिलसिलामा हुन सक्ने शारीरिक क्षतिको लागि नेपाल सरकारले अर्थ मन्त्रालयको परामर्श लिई व्यवसायिक बीमाको कार्य योजना बनाई लागू गर्नेछ ।

(३) सेवामा बहाल रहेका प्रत्येक कर्मचारीले प्रत्येक छ महिनामा आफ्नो स्वास्थ्यको परिक्षण गराई त्यसको अभिलेख आफू बहाल रहेको कार्यालयमा राख्नु पर्नेछ ।

९९. निवृत्तभरण सम्बन्धी कार्यविधि : (१) उमेर वा सेवा अवधिको कारणबाट अनिवार्य अवकाश पाउने कर्मचारीले अवकाश हुने मितिभन्दा छ महिना अगावै निजामती किताबखानाले तोकेको फाराम भरी आफू बहाल रहेको कार्यालय मार्फत निजामती किताबखानामा अनिवार्य रुपले पठाउनु पर्नेछ ।

⁍ तेस्रो संशोधनद्वारा संशोधित ।



(२) उपनियम (१) बमोजिमको फाराम भर्न नपाउदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत कर्मचारीले इच्छाएको व्यक्तिले र कसैलाई नइच्छाएको भए निजको परिवारका सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैले सम्बन्धित अधिकारी समक्ष छ महिनाभित्र फाराम भरी पठाउनु पर्नेछ :–
- (क) सगोलको पति वा पत्नी,
- (ख) सगोलको छोरा,
- (ग) सगोलको अविवाहिता छोरी, धर्मपुत्र वा अविवाहिता धर्मपुत्री,
- (घ) सगोलको बाबु, आमा,
- (ङ) आफैले पालन पोषण गर्नु पर्ने पुरुष कर्मचारीको हकमा बाजे, बज्यै र महिला कर्मचारीको हकमा सासु, ससुरा र छोरापट्टिको नाति,
- (च) भिन्न बसेको पति वा पत्नी,
- (छ) भिन्न बसेको छोरा,
- (ज) भिन्न बसेको अविवाहिता छोरी, बाबु र आमा,
- (झ) सगोलको दाजु भाइ, विधवा छोरा बुहारी र छोरापट्टिको अविवाहिता नातिनी,
- (ञ) सगोलको अविवाहिता दिदी, वहिनी र विवाहिता छोरी,
- (ट) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,
- (ठ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ बुहारी, नातिनी बुहारी,
- (ड) भिन्न बसेको दाजु, भाइ
- (ढ) विवाहिता दिदी, वहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी, भतिजा ।

स्पष्टीकरण : एकै क्रममा एकभन्दा बढी नातेदारहरु तोकिएको भए सो क्रममा तोकिएको सबै नातेदारहरुले बराबर हिसावमा मृत कर्मचारीको निवृत्तभरण पाउन सक्नेछन ।

(३) उपनियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि निजामती किताबखानाले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त कर्मचारी वा मृत कर्मचारीको निवृत्तभरण पाउने नातेदारलाई नेपाल सरकारले तोकेको ढाँचामा निवृत्तभरणको अधिकारपत्र दिनु पर्नेछ ।

(४) निवृत्तभरणको लागि फाराम भरी पठाउने व्यक्तिले कुन ठेगानामा निवृत्तभरणको लागि अधिकारपत्र पठाई दिनु पर्ने हो सो कुरा खोली निजामती किताबखानामा लेखी पठाउनु पर्नेछ र सबै रीत पुगेकोमा सम्बन्धित व्यक्तिले पाउने गरी पैंतीस दिनभित्र निवृत्तभरणको अधिकारपत्र सम्बन्धित व्यक्तिलाई पठाई दिनु पर्छ ।

१००. बरबुझारथ नगरेमा उपदान वा निवृत्तभरण रोक्का गर्न सकिने : सेवा निवृत्त कर्मचारीले बुझाउनु पर्ने सरकारी नगदी, जिन्सी र कागजात नियमानुसार नबुझाएमा त्यसरी नबुझाएको अवधिसम्मको लागि निजले पाउने उपदान वा निवृत्तभरण रोक्का गर्न सकिनेछ । त्यस्तो सरकारी नगदी, जिन्सी र कागजात बुझ्नु पर्ने कर्मचारीले पनि तोकिएको समयमै बुझिलिनु पर्नेछ ।

## परिच्छेद – १४
## सेवा अवधि थप गर्ने

१०१. <u>उमेर पूरा भई अवकाश हुने कर्मचारीको सेवा अवधिमा थप</u> : ऐनको दफा ४५ को उपदफा (१) बमोजिम साठी वर्ष उमेर पूरा भई अवकाश पाउने कर्मचारीलाई सोही दफाको उपदफा (२) बमोजिम नेपाल सरकारले देहायको आधारमा तीन वर्षको एक अवधि थप गर्न सक्नेछः–

(क) अवकाश हुने कर्मचारी सेवामा कामकाज चलाउन अत्यावश्यक देखिएमा ।

(ख) आवकाश हुने कर्मचारीको पछिल्लो दुई वर्षको कार्य सम्पादनको मूल्याङ्कनको स्तर कम्तीमा उत्तम रहेमा ।

❑ तर कुनै कर्मचारी निलम्बन भएकोमा सो अवधिमा र कुनै किसिमको विभागीय सजाय पाएकोमा सेवा अवधि थप गरिने छैन ।

## परिच्छेद – १५

## <u>सजाय र पुनरावेदन</u>

»१०२. <u>सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी</u>: (१) ऐनको दफा ७२ को खण्ड (क) बमोजिम सजायको आदेश दिन पाउने अधिकारी र सो सजाय उपर पुनराबेदन सुन्ने अधिकारी वा निकाय देहाय बमोजिम हुनेछ :–

(क) <u>कार्यालय प्रमुख र निजको कार्यालयको कर्मचारीको सम्बन्धमाः</u>

| सि.नं. | पद | सजाय दिने अधिकारी | पुनरावेदन सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख बाहेक सहायक तहको कर्मचारी | सम्बन्धित अधिकृत स्तरको कार्यालय प्रमुख | सम्बन्धित विभागीय प्रमुख |
| २. | सहायक तहको कार्यालय प्रमुख | सम्बन्धित जिल्लास्तरीय कार्यालय प्रमुख | सम्बन्धित विभागीय प्रमुख |
| ३. | कार्यालय प्रमुख बाहेक अन्य अधिकृत कर्मचारी | सम्बन्धित विभागीय प्रमुख | मन्त्रालयको सचिव |
| ४. | अधिकृत तहको कार्यालय प्रमुख | मन्त्रालयको सचिव | नेपाल सरकार, मन्त्रिपरिषद् |

(ख) <u>मन्त्रालयका कर्मचारी, विभागीय प्रमुख तथा विभाग र क्षेत्रीय कार्यालयका कर्मचारीहरुको सम्बन्धमा :</u>

| सि.नं. | पद | सजाय दिने अधिकारी | पुनरावेदन सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | सहायक तहको कर्मचारी | सम्बन्धित विभागीय प्रमुख र मन्त्रालयको हकमा विभागीय प्रमुखले तोकेको अधिकृत | मन्त्रालयको सचिव |
| २. | विभागीय प्रमुख बाहेक अधिकृत तहको अन्य कर्मचारी | सम्बन्धित विभागीय प्रमुख | मन्त्रालयको सचिव |
| ३. | एघारौं तह सम्मका विभागीय प्रमुख | मन्त्रालयको सचिव | नेपाल सरकार, मन्त्रिपरिषद् |
| ४. | बाह्रौं तहको विभागीय प्रमुख वा कर्मचारी | नेपाल सरकार, मन्त्रिपरिषद् | नेपाल सरकार, मन्त्रिपरिषद् |

❑ तेस्रो संशोधनद्वारा थप ।

» तेस्रो संशोधनद्वारा संशोधित ।



१०३. <u>निलम्बन र सफाईको मौका</u> : (१) कुनै कर्मचारीलाई निलम्बन गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन पत्र र ऐनको दफा ८० को उपदफा (१) बमोजिम सफाई पेश गर्न लेखिएको पत्र सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(२) सजायको आदेश दिन पाउने अधिकारीले कुनै कर्मचारीसंग सफाई माग गर्नुभन्दा अगावै स्वयं वा कुनै अन्य अधिकृतद्वारा ऐनको दफा ८० को उपदफा (२) बमोजिम विभागीय जाँचबुझ गराई निजको ठहर सहितको प्रतिवेदन लिन सक्नेछ ।

१०४. <u>जाँचबुझ गर्ने अधिकृतले अपनाउने कार्यविधि</u> : (१) जाँचबुझ गर्ने अधिकृतलाई देहायको कार्यविधि अपनाई विभागीय जाँचबुझको कारबाही चलाउने अधिकार हुनेछ :–

(क) बयान गराउने, लिखित प्रमाणहरु दाखिल गराउने र साक्षीको नाममा समाव्हान जारी गर्ने आदि विषयमा अदालतलाई भए सरहको अधिकार ।

(ख) अभियोग लागेको कर्मचारीको रोहवरमा सवुत प्रमाण बुझ्ने ।

(ग) अभियोग लागेको कर्मचारीलाई साक्षीसंग जिरह गर्न र अभियोग विरुद्ध सबुत प्रमाण दाखिल गर्ने मौका दिने ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझको काम सकिएपछि आदेश दिन पाउने अधिकारी समक्ष जाँचबुझ अधिकृतले प्रतिवेदन पेश गर्नु पर्नेछ । निजले त्यस्तो प्रतिवेदनमा सजाय सम्बन्धी कारण सहितको आफ्नो ठहरको साथै जो भएको सवुत प्रमाण पनि दाखिल गर्नु पर्नेछ ।

१०५. <u>विभागीय जाँचबुझ गराउनु नपर्ने</u> : देहायको अवस्थामा सजायको आदेश दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई देहायको विभागीय सजाय गर्ने सम्बन्धमा विभागीय जाँचबुझ गराई रहनु पर्ने छैन :–

(क) ऐनको दफा ७२ को खण्ड (क) बमोजिमको सामान्य सजाय गर्नु परेमा ।

(ख) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा ।

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएको आधारमा कुनै कर्मचारीलाई विभागीय सजाय दिनु परेमा।

१०६. सफाईको सन्तोषजनक नहुनाको कारण खुलाउनु पर्ने : सजायको आदेश दिन पाउने अधिकारीले कुनै कर्मचारीले ऐनको दफा ८१ बमोजिम स्पष्टीकरण माग गर्दा त्यस अघि ऐनको दफा ८० को उपदफा (१) बमोजिम पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्को कारण पनि खुलाउनु पर्नेछ। त्यस्तो कर्मचारीको सम्बन्धमा ऐनको दफा ८० को उपदफा (२) बमोजिम विभागीय जाँचबुझ गराइएको भए सोको नतिजा समेत उल्लेख गरी प्रस्तावित सजायको औचित्य पनि उक्त स्पष्टीकरणमा खुलाउनु पर्नेछ।

१०७. लोक सेवा आयोगको परामर्श लिने कार्यविधि : कुनै कर्मचारीलाई विभागीय सजायको आदेश दिनुभन्दा पहिले सजायको आदेश दिन पाउने अधिकारीले ऐनको दफा ८३ बमोजिम लोक सेवा आयोगको परामर्शको निमित्त लेखी पठाउँदा तत्सम्बन्धमा प्रस्तुत भएका सफाई, स्पष्टीकरण तथा सबुत प्रमाण समेतको मूल्याङ्कन गरी सो आधारमा ठहर गर्न खोजिएको विभागीय सजाय समेत प्रस्तावित गरी सम्बन्धित सबै सक्कल कागजात सहितको फायल संलग्न राखी पठाउनु पर्नेछ।

१०८. सजायको आदेश र नक्कल सम्बन्धी कार्यविधि : (१) कर्मचारी उपर कुनै विभागीय सजायको निर्णय गर्दा सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाई वा स्पष्टीकरण पेश गर्न पर्याप्त मौका प्रदान भए नभएको समेत विचार गरी निज कर्मचारीबाट पेश भएको सफाई, स्पष्टीकरण तथा उपलब्ध सम्पूर्ण सबुत प्रमाणको समुचित मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ। यसरी सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेशको सम्बन्धमा आफ्नो स्पष्ट रायसाथ अनुसूची-१८ बमोजिम निर्णय गर्नु पर्नेछ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई एउटा सजाय प्रस्तावित गरी सफाई, स्पष्टीकरण माग गरेर पछि अर्को सजाय दिने गरी निर्णय गर्नु हुँदैन। तर कुनै कारण परी घटी वा बढी सजाय गर्नु पर्ने अवस्था परेमा नियम १०६ र १०७ को कार्यविधि पुनः पूरा गर्नु पर्नेछ।

(३) सजायको आदेश दिन पाउने अधिकारीले उपनियम (१) बमोजिम कुनै पनि कर्मचारीलाई विभागीय सजाय दिने निर्णय गर्दा निर्णय मिति भन्दा पहिलेदेखि लागू हुने गरी निर्णय गर्नु हुँदैन।

(४) सजायको आदेश दिन पाउने अधिकारीको सम्बन्धमा उपनियम (१) बमोजिम भएको विभागीय सजायको आदेशको एक प्रति नक्कल सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित कर्मचारीलाई विना दस्तुर दिनु पर्नेछ।

१०९. परामर्श समितिको गठन : कुनै कर्मचारी उपर ऐनको दफा ७२ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिनु अघि सजाय दिन पाउने अधिकारीले चाहेमा निजलाई परामर्श दिन नेपाल सरकारले परामर्श समिति गठन गर्न सक्नेछ।

११०. पुनरावेदनको कार्यविधि : कुनै कर्मचारीले ऐनको दफा ७२ को खण्ड (क) बमोजिम आफूलाई दिएको विभागीय सजाय विरुद्ध पुनरावेदन दिनु परेमा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-



(क) पुनरावेदन गर्ने कर्मचारीले आफ्नै नामबाट पुनरावेदन दिनु पर्नेछ र त्यस्तो पुनरावेदन उचित र आदरसूचक भाषामा लेखिएको हुनु पर्नेछ।

(ख) पुनरावेदन गर्ने कर्मचारीले पुनरावेदनको साथमा आफ्नो सफाईको निमित्त जो भएको सबुत प्रमाण संलग्न राख्नुका साथै जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत संलग्न गर्नु पर्नेछ।

(ग) पुनरावेदन दिंदा पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी निजको कार्यालयमा पुनरावेदन दर्ता गराउनु पर्नेछ।

(घ) सजायको आदेश पाएको मितिले पैँतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ। तर पुनरावेदनको म्याद नघाई पुनरावेदन गर्ने व्यक्तिले पर्याप्त कारण देखाई निवेदन दिएमा पुनरावेदन सुन्ने अधिकारीले मुनासिब ठहराएमा छ महिनासम्ममा परेको पुनरावेदनलाई दर्ता गर्न सक्नेछ।

१११. पुनरावेदन माथि विचार तथा निर्णय : (१) कुनै कर्मचारीले आफू उपरको विभागीय सजायको आदेश विरुद्ध दिएको पुनरावेदन नियम ११० बमोजिमको रीत पुगेको नभएमा पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो पुनरावेदन लिन अस्वीकार गर्न सक्नेछ।

(२) उपनियम (१) अनुसार अस्वीकार गरिएका बाहेक दर्ता गरिएका अरु सबै पुनरावेदनहरुमा पुनरावेदन सुन्ने अधिकारीले देहायका कुराहरुको विचार गर्नु पर्नेछ :-

(क) सजायको आदेशमा आधार लिइएका कुराहरुको यथार्थता प्रमाणित भई सकेको छ वा छैन,

(ख) प्रमाणित भइसकेका कुराहरु सजाय गर्नको निमित्त पर्याप्त छन् वा छैनन्,

(ग) सजाय गरेको ठीक, पर्याप्त, अपर्याप्त वा बढी के छ ?

(३) उपनियम (२) बमोजिम विचार गरिसकेपछि पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको सजाय सदर वा बदर गर्ने वा त्यस्तो सजायलाई घटाउने गरी अन्तिम आदेश दिन सक्नेछ।

## परिच्छेद – १६

## विविध

११२. कम्पनीको स्थापना र व्यापार व्यवसाय तथा निजी प्राक्टिस गर्न स्वीकृति लिनु पर्ने : ऐनको दफा ५९ बमोजिम कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन, कुनै व्यापार वा व्यवसाय गर्न वा निजी प्राक्टिस गर्न वा अन्यत्र कुनै प्रकारको सेवा स्वीकार गर्न चाहने अधिकृत तहका कर्मचारीले मन्त्रालयबाट र सहायक तहका कर्मचारीले विभागीय प्रमुखबाट स्वीकृति लिनु पर्नेछ।

११३. सम्पत्ति विवरण पेश गर्नु पर्ने : यो नियमावली प्रारम्भ हुँदा बहाल रहेका सबै कर्मचारीले यो नियमावली लागू भएको तीन महिनाभित्र र नयाँ नियुक्ति हुने कर्मचारीले नियुक्ति पाएको एक महिनाभित्र अनुसूची-१९ बमोजिम सम्पत्ति विवरण तयार गरी देहाय बमोजिम पेश गर्नु पर्नेछ :-

(क) अधिकृत तहका कर्मचारीले दुई प्रति सम्पत्ति विवरण तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ। त्यसरी पेश भएको सम्पत्ति विवरणको एक प्रति मन्त्रालयले राखी अर्को प्रति सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) सहायक तहका कर्मचारीले एक प्रति सम्पत्ति विवरण तयार गरी सम्बन्धित विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

११४. अचल सम्पत्ति खरिद गरेको जानकारी दिनु पर्ने : कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गरी वा अन्य तरिकाद्वारा प्राप्त गरेमा त्यसरी खरिद वा प्राप्त गरेको एक महिनाभित्र त्यस वापत लागेको मोल समेतको विवरण खोली आफ्नो कार्यालयमा पेश गर्नु पर्नेछ ।

११५. कबुलियतनामाको ढाँचा : ऐनको दफा ३६ को उपदफा (२) को प्रयोजनको लागि कबुलियतनामाको ढाँचा अनुसूची–२० बमोजिम हुनेछ ।

११६. बहु विवाह, बाल विवाह, अनमेल विवाहमा प्रतिबन्ध : कुनै कर्मचारीले मुलुकी ऐन विहावरीको महलको विपरीत हुने गरी बहु विवाह, बाल विवाह र अनमेल विवाह गर्नु गराउनु हुँदैन ।

११७. हानी नोक्सानी पुऱ्याउन नहुने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कर्मचारीले असावधानीसाथ वा अनुशासनमा नरही वा जानाजान त्रुटीपूर्ण ढंगबाट काम गरी नेपाल सरकार वा सरकारी कार्यालयलाई कुनै प्रकारको हानी नोक्सानी पुऱ्याउनु हुँदैन ।

११८. खटाइएको कार्यालय वा स्थानमा काम गर्नु पर्ने : कुनै पनि कर्मचारीले आफूलाई पदस्थापन वा सरुवा गरिएको कार्यालय वा स्थानमा हाजिर भई तोकिएको कामकाज गर्नु पर्नेछ ।

११९. पहिलेको सेवा अवधिको गणना : (१) कर्मचारीको पहिलेको सेवा अवधिको गणना गर्दा देहाय बमोजिम गरिनेछ :–

(क) बढुवाको लागि जेष्ठता गणनाको प्रयोजनको निमित्त पहिले सरकारी सेवा वा पदमा स्थायी नियुक्ति भई गरेको सेवा अवधि (बीचमा टुटेको भए टुटेको अवधि कटाई) बापत शत प्रतिशत र पहिले विकास तर्फको पदमा सेवा गरी सो सेवालाई अविच्छिन्न राखी तथा पहिले निजामती सेवा तर्फको पदमा एक वर्ष भन्दा बढी अस्थायी सेवा गरी सो सेवालाई अविच्छिन्न राखी स्वास्थ्य सेवा तर्फ स्थायी नियुक्ति पाएका कर्मचारीको साविकको विकास वा अस्थायी सेवा अवधिको गणना देहाय बमोजिम गरिनेछ :–

| | |
|---|---|
| (१) राजपत्राङ्कित प्रथम श्रेणीमा गरेको सेवा अवधि वापत | तेत्तीस प्रतिशत |
| (२) राजपत्राङ्कित द्वितीय श्रेणीमा गरेको सेवा अवधि वापत | पचास प्रतिशत |
| (३) राजपत्राङ्कित तृतीय श्रेणीमा गरेको सेवा अवधि वापत | छैसट्ठी प्रतिशत |
| (४) राजपत्रअनङ्कित तहमा गरेको सेवा अवधि वापत | पचहत्तर प्रतिशत |

(ख) निवृत्तभरणको प्रयोजनको निमित्त पहिले सरकारी सेवा वा पदमा स्थायी नियुक्त भई गरेको सेवा अवधि (बीचमा टुटेको भए टुटेको अवधि कटाई) र विकास वा अस्थायीतर्फको पदमा मिति २०२६।८।११ भन्दा पहिले नियुक्त भई त्यस्तो पदमा गरेको सेवालाई अविच्छिन्न राखी स्थायी सेवामा आएका कर्मचारीले विकास तथा अस्थायीतर्फको पदमा गरेको सेवा अवधि ।



(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिले गरेको कुनै सरकारी सेवा वापत उपदान पाइसकेको व्यक्ति पुन : स्वास्थ्य सेवाको पदमा नियुक्त भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि यस नियम बमोजिम हालको पदमा गणना गरिनेछ ।

■(३) यो नियम प्रारम्भ हुँदाका बखत कार्यरत रहेका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्ति पाएका कर्मचारीले नियुक्ति पाएको मितिले एक वर्षभित्र यस नियम बमोजिम सेवा अवधि जोडाई सकेको हुनु पर्नेछ । उक्त अवधिभित्र सेवा अवधि नजोडाएमा त्यस्तो सेवा अवधि पछि जोडिने छैन ।

■(४) उपनियम (३) बमोजिम पहिले गरेको सेवा अवधि हालको सेवामा जोडाउने कर्मचारीले सेवा जोडाउनु पहिले लिएको अध्ययन बिदा, असाधारण बिदा, औषधि उपचार खर्च र बीमा अभिलेखको विवरण निजामती किताबखानामा पेश गर्नु पर्नेछ ।

१२०. बरबुझारथ गर्नु पर्ने : (१) कार्यालयको नगदी, जिन्सी, मालसामान र लेखा तथा आम्दानी श्रेस्ता आदिको जिम्मा लिने कर्मचारीले सरुवा, बढुवा भई वा अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले कार्यालय छाडी जाँदा वा सो कामबाट अलग हुँदा ऐनको दफा ९४ बमोजिम कार्यालय प्रमुखले तोकिदिएको व्यक्तिलाई नेपाल सरकारबाट अन्यथा तोकिदिएमा बाहेक एक्काईस दिनभित्र बुझाई दिनु पर्नेछ र बुझ्नु पर्ने कर्मचारीले पनि सोही म्यादभित्र बुझ्नु पर्नेछ । यसरी बरबुझारथ गर्दा गराउँदा आफ्ना जिम्मामा रहेका महत्वपूर्ण मूल्यवान औजार, उपकरण वा सामानहरु विभागीय प्रमुख वा कार्यालय प्रमुखको रोहवरमा प्रमाणित गरी बरबुझारथ गर्नु गराउनु पर्नेछ ।

(२) प्रत्येक कर्मचारीले बहाली गर्न चाहेको दिनको सूचना साविकवालालाई सकेसम्म चाँडो दिनु पर्नेछ र साविकवालाले पनि त्यही दिन बरबुझारथ गर्न तयार रहनु पर्नेछ ।

(३) बरबुझारथ गर्ने काम सम्पन्न भएपछि त्यसको सूचना तालुक कार्यालयमा पठाउनु पर्नेछ । हालवालाले बहाल गरी सकेको नभए साविकवालाले आफूभन्दा निकटतम तल्लो कर्मचारीलाई बरबुझारथ गरी म्यादभित्र नयाँ कार्यालयमा बहाल गर्न जानु पर्नेछ र सो कर्मचारीले पनि बुझी लिनु पर्नेछ ।

(४) बरबुझारथ हुँदा नगदी, जिन्सी मालसामान तथा अन्य श्रेस्ता आदिको हानी नोक्सानी, हिनामिना भएको देखिएमा त्यस्ता हानी नोक्सानी वा हिनामिना जसको लापरबाहीबाट हुन गएको हो सो कर्मचारीमाथि विभागीय कारबाही हुनेछ र उक्त नोक्सानी वा हिनामिना भएको रकम असुल उपर गरिनेछ ।

(५) कुनै पनि कर्मचारीले बरबुझारथको निमित्त आफ्ना भाइ, छोरा वा पत्यारका मानिस वारिस खडा गरी बुझ्ने वा बुझाउने व्यवस्था गर्न सक्नेछ ।

(६) बरबुझारथ गर्ने कर्तव्य भएको कर्मचारी नोकरीबाट अवकाश लिई सकेको र घर ठेगाना पत्ता नलागेको वा मरेको वा स्वास्थ्यको कारणबाट होस ठेगाना नभएको वा बौलाएको रहेछ र त्यस्ता कर्मचारीले गर्नु पर्ने बरबुझारथ

■ दोस्रो संशोधनद्वारा थप ।
■ दोस्रो संशोधनद्वारा थप ।

निजको परिवारका सदस्यले गर्न चाहेमा निज वा निजले मञ्जुर गरी पठाएको व्यक्तिबाट कार्यालय प्रमुखले तोकेको व्यक्तिले बुझी लिनु पर्नेछ ।

१२१. नतिजामूलक कार्यतालिका बनाउनु पर्ने : (१) प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले प्रत्येक पदको लागि तोकिएको काम कर्तव्य तथा जिम्मेवारीका आधारमा आफू मातहतका सबै कर्मचारीहरुको कार्य विभाजन स्पष्ट खुल्ने गरी वार्षिक कार्यतालिका बनाई राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यतालिका बनाउँदा सम्बन्धित कर्मचारीको कार्य सम्पादनलाई नतिजामूलक तुल्याउने दृष्टिकोण राखी कामको विस्तृत विवरण, परिमाण, लागत र समय अवधि समेत यथासम्भव खुलाउनु पर्नेछ ।

१२२. कार्य सम्पादन मूल्याङ्कन फाराम सम्बन्धी व्यवस्था : (१) कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन फाराम अख्तियारवालाले तोके बमोजिम गोप्य गरी राखिनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादनको मूल्याङ्कन फारामको एक एक प्रति सम्बन्धित कार्यालयले सहायक तहको कर्मचारीको हकमा सम्बन्धित बढुवा समितिको कार्यालय र मन्त्रालयमा तथा अधिकृत तहका कर्मचारीको हकमा मन्त्रालय र ⏩ लोक सेवा आयोगमा समेत पठाउनु पर्नेछ ।

१२३. स्तर निर्धारण समितिको गठन : (१) कर्मचारीले हासिल गरेको सेवाकालीन तालिमको विषय, श्रेणी, स्तर र समकक्ष निर्धारण गर्नु परेमा नेपाल सरकारले तत्सम्बन्धी विशेषज्ञहरु रहेको स्तर निर्धारण समिति गठन गर्न सक्नेछ ।

(२) कर्मचारीले हासिल गरेको शैक्षिक उपाधिको विषय, श्रेणी, स्तर र समकक्ष निर्धारण गर्न द्विविधा परेमा तत्सम्बन्धमा नेपाल अधिराज्यभित्रको मान्यता प्राप्त विश्वविद्यालयको सिफारिस अनुसार हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त भएको सिफारिसलाई लोक सेवा आयोगको परामर्श लिई कार्यान्वयन गरिनेछ ।

१२४. अवकाश पत्र : कर्मचारीलाई अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

■१२४क. अधिकारपत्र सम्बन्धी व्यवस्था : सेवाबाट अवकाश हुने कर्मचारीले पाउने उपदान, निवृत्तभरण, पारिवारिक निवृत्तभरण र अन्य सुविधा र वृत्तिको रकम प्राप्त गर्ने अधिकारपत्र सम्बन्धित कार्यालयको सिफारिसमा निजामती किताबखानाले दिनेछ ।

१२५. सेवाबाट बर्खास्त हुनेहरुको अभिलेख राख्ने : (१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीको सम्बन्धमा बर्खास्त गरिएको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीको तीन पुस्ते खुलेको हुलिया समेतको सूचना लोक सेवा आयोग, प्रहरी प्रधान कार्यालय र निजामती किताबखानालाई दिनु पर्नेछ । त्यस्तो सूचना प्रहरी प्रधान कार्यालयले प्रत्येक जिल्ला प्रहरी कार्यालयलाई पठाउनु पर्नेछ ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।

■ दोस्रो संशोधनद्वारा थप ।



(२) उपनियम (१) बमोजिम सेवाबाट बर्खास्त गरिएको व्यक्ति सेवाको पदमा पुनः नियुक्ति भएमा निजले त्यसरी नियुक्त भई पाएको तलब निजबाट फिर्ता गराई निजलाई तुरुन्त सेवाबाट बरखास्त गरिनेछ ।

१२६. इलाका छोड्ने सम्बन्धी व्यवस्था : सरकारी काजमा खटिएको वा बिदामा रहेको अवस्थामा बाहेक कुनै पनि कर्मचारीले बिदा दिने अधिकारीको इजाजत वेगर आफ्नो कार्यालय रहेको जिल्ला वा इलाका छाडि अन्यत्र जानु हुँदैन ।

तर अपर्झट परी कार्यालय छाडि जानु पर्ने भएमा कर्मचारीले त्यसको कारण खोली निवेदन दिई आफ्नो कार्यालय प्रमुखको इजाजत लिई वा इजाजत लिन नभ्याएमा जानुपर्ने कारण समेत खोली सम्बन्धित कार्यालय, विभागमा वा मन्त्रालयमा लिखित वा मौखिक प्रतिवेदन दिई देशभित्र वा बाहिर जान हुन्छ । त्यसरी जाँदा कार्यालयको काममा बाधा नपर्ने र सरकारी सम्पत्तिको हिनामिना नहुने प्रबन्ध मिलाई जानु पर्नेछ ।

१२७. उचित र न्यायसंगत कारबाही : कुनै कर्मचारीले यो नियमावली लागू हुनु अघि पाइरहेको सहुलियत वा सुविधाको सम्बन्धमा यस नियमावली बमोजिम प्रदान गरिएको सहुलियत वा सुविधाबाट मर्का परेको भनी पेश गरेको निवेदनको आधारमा नेपाल सरकारले उचित र न्यायसंगत तरिकाबाट कारबाही गर्न सक्नेछ ।

■१२७क. स्वास्थ्य सेवा पुरस्कार : (१) नेपाल सरकारले प्रत्येक वर्ष नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई उपनियम (२) बमोजिमको समितिको सिफारिसमा देहाय बमोजिमको स्वास्थ्य सेवा पुरस्कार दिन सक्नेछ :–

| | पुरस्कारको नाम | रकम | संख्या |
|---|---|---|---|
| (क) | उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कार | एकलाख रुपैयाँ | एक जनालाई |
| (ख) | स्वास्थ्य सेवा पुरस्कार | पचास हजार रुपैयाँ | चार जनालाई |

(२) उपनियम (१) बमोजिमको पुरस्कार सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :–

(क) नेपाल सरकारको मुख्य सचिव – अध्यक्ष

(ख) सामान्य प्रशासन मन्त्रालयको सचिव – सदस्य

(ग) मन्त्रालयको सचिव – सदस्य

(घ) स्वास्थ्य सेवा विभागका महानिर्देशक – सदस्य

(ङ) मन्त्रालयको सचिवले तोकेको बाह्रौं तहका अधिकृत – सदस्य–सचिव

(३) उपनियम (२) बमोजिमको समितिले देहायको आधारमा स्वास्थ्य सेवाका कर्मचारीहरुको छनौट गरी सिफारिस गर्नेछ :–

(क) सम्बन्धित विभाग वा क्षेत्रीय निर्देशनालयको सिफारिस,

(ख) कार्य सम्पादन मूल्यांकन,

(ग) कार्य क्षमता र कार्य दक्षता,

(घ) जेष्ठता, कर्तव्यनिष्ठता, लगनशीलता र दुर्गम क्षेत्रमा गरेको सेवा ।

१२८. पदपूर्तिको बन्देज : सेवाका रिक्त पदहरुमा ऐन र यस नियमावलीमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन ।

■ दोस्रो संशोधनद्वारा थप ।

१२९. अधिकार प्रत्यायोजन : (१) नेपाल सरकारले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको सेवामा रहेका कुनै कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस नियमावली बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३०. सेवा समूह तथा उपसमूह सञ्चालन सम्बन्धी व्यवस्था : नीतिगत कुराहरुमा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय राखी सेवा समूह तथा उपसमूहको सञ्चालन र प्रशासन मन्त्रालयले गर्नेछ ।

१३१. अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची तथा अनुसूचीमा रहेको व्यहोरालाई समय समयमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१३२. खारेजी र बचाउ : (१) निजामती सेवा नियमावली, २०५० को अनुसूची–२ को क्रमसंख्या ४, ६, ४९, ५०, ५१ र अनुसूची ३ को (ग) खारेज गरिएका छन् ।

(२) नेपाल स्वास्थ्य सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ खारेज गरिएका छन् ।

(३) निजामती सेवा ऐन, २०४९ र सो अन्तर्गत बनेको नियमावली बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



## अनुसूची – १
### नियम २ को खण्ड (ङ) संग सम्बन्धित
### विभागीय प्रमुखहरु

१. मन्त्रालयको सचिव

२. स्वास्थ्य सेवा विभागको महानिर्देशक

३. औषधि व्यवस्था विभागको ⁍महानिर्देशक

४. आयुर्वेद विभागका ⁍महानिर्देशक

५. क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक

६. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकेका अरु अधिकारीहरु ।

---

⁍ तेस्रो संशोधनद्वारा संशोधित ।

## 📖अनुसूची-२
## (नियम २ को खण्ड (च) संग सम्बन्धित)
## कार्यालयको नाम

१. केन्द्रीय अस्पताल

२. आयुर्वेद चिकित्सालय

३. क्षेत्रीय अस्पताल

४. क्षेत्रीय आयुर्वेद चिकित्सालय

५. उपक्षेत्रीय अस्पताल

६. अञ्चल अस्पताल

७. अञ्चल आयुर्वेद औषधालय

८. जिल्ला अस्पताल

९. जिल्ला जनस्वास्थ्य कार्यालय/जिल्ला स्वास्थ्य कार्यालय

१०. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

११. आयुर्वेद औषधालय

१२. औषधि व्यवस्था विभाग अन्तर्गतका कार्यालयहरु

१३. होमियोप्याथी चिकित्सालय

१४. युनानी औषधालय

१५. स्वास्थ्य केन्द्र / प्राथमिक स्वास्थ्य केन्द्र

१६. क्षेत्रीय मेडिकल स्टोर

१७. क्षेत्रीय तालिम केन्द्र

⏩१८. राष्ट्रिय औषधि प्रयोगशाला

१९. भेक्टर वर्न डिजिज कन्ट्रोल सेन्टर

२०. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकेका अन्य कार्यालयहरु ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

⏩ तेस्रो संशोधनद्वारा संशोधित ।



## ✹अनुसूची -३
## (नियम ७ साग सम्बन्धित)
## सेवामा रहने पद नामहरु

अधिकृत बाह्रौं तह:

| सि.नं. | पद |
|---|---|
| १. | प्रमुख विशेषज्ञ |
| २. | महानिर्देशक (स्वास्थ्य सेवा विभाग) |

समूह : पब्लिक हेल्थ एडमिनिष्ट्रेशन

| सि.नं. | पद | तह |
|---|---|---|
| १. | क्षेत्रीय निर्देशक | ११ |
| २. | निर्देशक | ११ |
| ३. | प्रमुख जनस्वास्थ्य प्रशासक | ११ |
| ४. | महाशाखा प्रमुख | ११ |
| ५. | वरिष्ठ स्वास्थ्य प्रशासक | १० |
| ६. | मेडिकल सुपरिन्टेन्डेण्ट | ९ |
| ७. | प्रमुख जिल्ला स्वास्थ्य प्रशासक | ९ |
| ८. | उपस्वास्थ्य प्रशासक | ९ |
| ९. | मलेरियोलोजिष्ट | ९ |

समूह : प्याथोलोजी

| सि.नं. | पद | तह |
|---|---|---|
| १. | निर्देशक | ११ |
| २. | प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट | ११ |
| ३. | प्रमुख कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट | ११ |
| ४. | प्रमुख कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | ११ |
| ५. | प्रमुख कन्सल्टेण्ट हेमाटोलोजिष्ट | ११ |
| ६. | प्रमुख कन्सल्टेण्ट वायोकेमिष्ट | ११ |
| ७. | वरिष्ठ कन्सल्टेण्ट प्याथोलोजिष्ट | १० |
| ८. | वरिष्ठ कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट | १० |
| ९. | वरिष्ठ कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | १० |
| १०. | वरिष्ठ कन्सल्टेण्ट हिमाटोलोजिष्ट | १० |
| ११. | वरिष्ठ कन्सल्टेण्ट वायोकेमिष्ट | १० |
| १२. | कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ |
| १३. | कन्सल्टेण्ट हिस्टो प्याथोलोजिष्ट | ९ |
| १४. | कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | ९ |
| १५. | कन्सल्टेण्ट हेमाटोलोजिष्ट | ९ |
| १६. | कन्सल्टेण्ट वायोकेमिष्ट | ९ |

समूह : जनरल हेल्थ सर्भिसेज

| सि.नं. | पद | तह |
|---|---|---|
| १. | उपमहानिर्देशक | ११ |
| २. | अस्पताल निर्देशक | ११ |
| ३. | प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट | ११ |
| ४. | प्रमुख अस्पताल प्रशासक | ११ |

---

✹ मिति २०६९।३।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट हेरफेर ।

| | | |
|---|---|---|
| ५. | महाशाखा प्रमुख | ११ |
| ६. | वरिष्ठ मेडिकल सुपरिण्टेण्डेन्ट | १० |
| ७. | प्रमुख मेडिकल अधिकृत | १० |
| ८. | मेडिकल सुपरिण्टेण्डेन्ट | ९ |
| ९. | वरिष्ठ मेडिकल अधिकृत | ९ |
| १०. | मेडिकल अधिकृत | ८ |

समूह : मेडिसीन

| सि.नं. | पद | तह |
|---|---|---|
| १. | प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन | ११ |
| २. | प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिस्ट | ११ |
| ३. | प्रमुख कन्सल्टेण्ट न्यूरोलोजिष्ट | ११ |
| ४. | प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिस्ट | ११ |
| ५. | प्रमुख कन्सल्टेण्ट, ट्रपिकल मेडिसिन | ११ |
| ६. | प्रमुख कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन) | ११ |
| | | (क) जनरल आयुर्वेद | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त |
| | | (ख) भेषज | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट द्रव्य गुण विज्ञान वा रस शास्त्र तथा भैषज्य कल्पना विषयमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (ग) काय चिकित्सा | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट काय चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त । |



| | | | | |
|---|---|---|---|---|
| | | (घ) शल्य तथा संज्ञाहरण | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट शल्य तन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त तथा संज्ञाहरण चिकित्सकको हकमा संज्ञाहरण विषयमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (ङ) शालाक्य | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट शालाक्य तन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (च) स्त्रीरोग तथा प्रसूति | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्त्रीरोग वा प्रसूतितन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (छ) कौमारभृत्य | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट बालरोग वा कौमारभृत्यमा स्नातकोत्तर उपाधि प्राप्त |
| १९. | हेल्थ एजुकेशन | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातकोपाधि प्राप्त वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह । |
| ◀◀२०. | मेडिकल ल्याब टेक्नोलोजी | (क) जनरल मेडिकल ल्याब टेक्नोलोजी | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी ल्याव टेक्निसियनको दुई वर्ष छ महिनाको कोर्ष उत्तीर्ण । |
| | | | अधिकृत सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त । |
| | | | अधिकृत नवौं र एघारौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (ख) मेडिकल माइक्रोबायोलोजी | अधिकृत सातौं | मेडिकल माइक्रोबायोलोजीमा स्नातक उपाधि प्राप्त |
| | | | अधिकृत नवौं र एघारौं | मेडिकल माइक्रोबायोलोजी बिषयमा स्नातकोत्तर उपाधि प्राप्त ।" |
| २१. | हेल्थ इन्सपेक्सन | | ✕... पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त । |

◀◀ तेस्रो संशोधनद्वारा संशोधित

✕ तेस्रो संशोधनद्वारा झिकिएको ।

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त । |
| २२. | मेडिकल रेकर्डस | | ✕... पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित र विज्ञान विषय लिई एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिना तालिम प्राप्त । |
| | | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित विषयमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त । |
| २३. | फार्मेसी | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक उपाधि प्राप्त । |
| २४. | फिजियोथेरापी | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण । |
| २५. | होमियोप्याथी | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातक उपाधि प्राप्त । |
| २६. | रेडियोग्राफि | | ✕... चतुर्थ | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ३ महिनाको तालिम प्राप्त । |
| | | | ✕... पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी.मा विज्ञान विषय लिई उत्तीर्ण । |
| | | | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिमा स्नातक उपाधि प्राप्त । |

✕ तेस्रो संशोधनद्वारा झिकिएको ।



| | | | | |
|---|---|---|---|---|
| | | रेडियोथेरापी | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोथेरापीमा स्नातक उपाधि प्राप्त । |
| ◄◄ २७ | विविध | (क) मेडिकल फिजिसिष्ट | अधिकृत नवौ र एघारौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल फिजिक्समा स्नातकोत्तर उपाधि प्राप्त । |
| | | (ख) इ.सि.जि टेक्निसियन | अधिकृत छैठौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरी सम्बन्धित बिषयमा एक बर्षको तालीम प्राप्त । |
| | | (ग) साइकोलोजी | पाँ चौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सोसियल वर्कर मूल बिषय लिई प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट साइकोलोजि बिषय लिई स्नातक उपाधि प्राप्त । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्लिनिकल साइकोलोजी बिषयमा स्नातकोत्तर (एमफील) उपाधि प्राप्त । |
| | | (ख) एनेस्थेसिया | पाँ चौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेण्ट, स्टाफनर्स, अ.हे.ब वा अ.न.मि कोर्ष उत्तीर्ण गरी कम्तीमा तीन महिनाको एनेस्थेसिया सम्बन्धी तालीम प्राप्त । |
| | | | अधिकृत सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई एस्सी, हेल्थ असिष्टेण्ट वा स्टाफनर्स कोर्ष उत्तीर्ण गरी एनेस्थेसिया बिषयमा स्नातक तह उत्तीर्ण वा एनेस्थेसिया बिषयमा कम्तीमा एक बर्षको तालीम प्राप्त । |
| | | (ग) अप्टिसियन | पाँ चौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोप्टिसियनमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट अप्टिसियन बिषयमा स्नातक उपाधि प्राप्त । |
| | | (घ) बायोमेडिकल इन्जिनियरिङ | चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी सम्बन्धित बिषयमा कम्तीमा एक वर्षको तालीम प्राप्त । |
| | | | पाँ चौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट आईएस्सी वा विज्ञान विषय लिई बाह्र कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तीमा एक वर्षको |

◄◄ तेस्रो संशोधनद्वारा संशोधित

| | | | | |
|---|---|---|---|---|
| | | | | तालीम वा बायोमेडिकल इक्विपमेण्टमा एक वर्षको तालीम वा बायोमेडिकल इन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण । |
| | | | अधिकृत आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङ बिषयमा स्नातक उपाधि प्राप्त । |
| | | | अधिकृत नवौं र एघारौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातकोत्तर उपाधि प्राप्त । |



## अनुसूची – ८
## (नियम १९ संग सम्बन्धित)
## निरोगिताको प्रमाणपत्रको नमूना

नेपाल स्वास्थ्य सेवाको.......................कार्यालयको ........................पदमा उम्मेदवार हुनु भएका श्री.............................लाई मैले जाँच्दा कुनै सरुवा वा कडारोग लागेको वा कुनै किसिमको शारीरिक विकृति वा आन्तरिक रोग भएको पाइन । निजमा .............................रोग भए तापनि निजलाई त्यसले उपरोक्त पदमा काम गर्न असमर्थ बनाउँदैन ।

निजको हुलिया............................. छ ।

(क) दायाँ हातको बुढी औंलाको छाप :.............................

(ख) सम्बन्धित व्यक्तिको दस्तखत :.............................

(ग) मिति :.............................

प्रमाणित गर्ने चिकित्सकको –

(क) नाम :.............................

(ख) दस्तखत :.............................

(ग) सम्बन्धित काउन्सिलको रजिष्ट्रेशन नम्बर :......................

(घ) मिति :.............................

## ◀◀ अनुसूची -९

### (नियम २० साग सम्बन्धित)
### शपथ ग्रहण फारामको नमूना

............................................ पदको शपथ

म ...................................... सत्य, निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, नेपालको संविधान तथा प्रचलित कानून प्रति पूर्ण वफादार रही ................................ पदको जिम्मेवारी, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीकासाथ पालना गर्नेछु र आफनो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

| शपथ ग्रहण गर्ने कर्मचारीः– | | शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीः– | |
|---|---|---|---|
| (क) | दस्तखत :– | (क) | दस्तखत :– |
| (ख) | नाम :– | (ख) | नामः– |
| (ग) | सेवा :– | (ग) | सेवा :– |
| (घ) | समूह/उपसमूह :– | (घ) | पद :– |
| (ङ) | तह :– | (ङ) | कार्यालय :– |
| (च) | मिति :– | (च) | मिति :– |

◀◀ तेस्रो संशोधनद्वारा संशोधित



## अनुसूची – १०

### (नियम २२ संग सम्बन्धित)
### निजामती कर्मचारीको वैयक्तिक विवरण (सिटरोल)

निर्देशिका :

(१) उमेर खुलेको शैक्षिक प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति लेख्ने ।

(२) यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सो को विवरण स्पष्टसँग उल्लेख गरी तत्सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि पेश गर्ने ।

(३) शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रका प्रतिलिपिहरु पेश गर्ने ।

कर्मचारीको नाम :

संकेत नं. (निजामती किताबखानाले भर्ने)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

फाराम नं. ०१

वैयक्तिक विवरण
नेपाल सरकार
स्वास्थ्य मन्त्रालय। विभाग। कार्यालय

०१ कर्मचारीको पूरा नाम र थर :

०२ स्थायी ठेगाना :
अञ्चल :
जिल्ला :
गा.वि.स.। नगरपालिका :
वडा नम्बर :
गाउँ। टोल :
ब्लक नम्बर :

०३ अस्थायी ठेगाना :
अञ्चल :
जिल्ला :
गा.वि.स.। नगरपालिका :
वडा नम्बर :
गाउँ। टोल :
ब्लक नम्बर :

०४ घर भएको जिल्ला :

०५ जन्मेको मिति :
साल..........महिना.........गते

०६ ६० वर्ष उमेर पुग्ने मिति :

०७ नागरिकता :

०८ धर्म :

०९ लिङ्ग :

१० हुलिया :

११ विवाहित भए पति। पत्निको नाम :
श्री। श्रीमती :

१२ पति। पत्नीको पेशा :

१३ छोराको संख्या :

१४ छोरीको संख्या :

१५ बाबुको नाम :

१६ बाबुको पेशा :

१७ बाजेको नाम :



१८ इच्छाइएको व्यक्तिको नाम थर :
अञ्चल :
जिल्ला :
गा.वि.स.। नगरपालिका :
वडा नम्बर :
गाउँ। टोल :
ब्लक नम्बर :
कर्मचारीको निजसँग सम्बन्ध :

१९ नियुक्तिको विवरण :

कार्यालयको नाम :

पद :
तह :
सेवा। समूह :
नियुक्ति मिति :
साल.........महिना.........गते

२० यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सो को विवरण :

कार्यालयको नाम :

पद :
तह :

नियुक्ति मिति :

छोडेको मिति :

माथि लेखिएको विवरण ठीक छ। सरकारी सेवाको निमित्त अयोग्य हुने गरी मलाई कुनै सजाय भएको छैन। कुनै कुरा झुठो लेखिएको वा जानाजानी साँचो कुरा दवाउने लुकाउने उद्देश्यले लेखिएको ठहरे कानून बमोजिम सजाय स्वीकार गर्नेछु भनी सही छाप गर्ने –

कर्मचारीको (बुढी औंलाको छाप) दस्तखत :

प्रमाणित गर्ने कार्यालय प्रमुखको दस्तखत

| | |
|---|---|
| दायाँ | बायाँ |

कार्यालयको छाप

---

निजामती किताबखानाले प्रयोग गर्ने

१. कर्मचारीको संकेत नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|

२. ६० वर्ष उमेर पुग्ने मिति :
विभागीय प्रमुख वा अधिकार प्राप्त
अधिकृतको दस्तखत :
कार्यालयको छाप :

फाराम नं. ०२

## सेवाको विवरण

कर्मचारीको नाम :                                                                 संकेत नं.

| क्र.सं. | समूह र उप समूह | पदको नाम | तह | कार्यालयको नाम | नयाँ नियुक्ति, सरुवा बढुवा | बहाली मिति | निर्णय मिति | तलब | भत्ता | किताब दर्ता पाना नं. (निजामती किताबखानाले भर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ | ०७ | ०८ | ०९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |



फाराम नं. ०३

## शैक्षिक योग्यता, तालिम, सेमिनार सम्मेलन

**(एस. एस. सी. वा मध्यमा परीक्षाबाट उच्चतम उपाधि सम्मको, डिग्री, डिप्लोमा)**

कर्मचारीको नाम :                                                                 संकेत नं.......................

| क्र.सं. | सर्टिफिकेट वा उपाधि | अध्ययनको विषय | अध्ययन अवधि | | श्रेणी | शिक्षण संस्थाको | | तालिम सेमिनार वा सम्मेलनको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | नाम | ठेगाना | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तेस्रो फाराम नं. ०४

**श्री ५ महाराजाधिराजबाट बक्सेको विभूषण,**
**प्रशंसा पत्र**
**कर्मचारीको नाम :–**

सङ्केत नं. …………

| क्रम संख्या ०१ | विभूषण प्रशंसा पत्रको विवरण ०२ | प्राप्त मिति ०३ | विभूषण। प्रशंसा पत्र पाएको कारण ०४ | सहुलियत ०५ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



फाराम नं. ०५

**विभागीय सजायको विवरण**

**कर्मचारीको नाम :–** सङ्केत नं. …………

| क्रम संख्या | सजायको प्रकार | सजायको आदेश मिति | पुनरावेदनको | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ठहर | मिति | |
| ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

फाराम नं. ०६

## बिदा र औषधि उपचारको विवरण

कर्मचारीको नाम :                                                    संकेत नं.

| विवरण | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | गयल भएको अवधि | उपचार खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | पाउने अवधि | खर्च | बाँकी | | लिएको मिति | रकम | |
| ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ | ०७ | ०८ | ०९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |



फाराम नं. ०७

## वर्गीकृत क्षेत्रहरुमा काम गरेको विवरण

कर्मचारीको नाम :                                                    संकेत नं.

| क्र.सं. | अवधि | | पदस्थापन भएको स्थान वा क्षेत्र | काम गरेको स्थान वा क्षेत्र | यो चिन्ह (   ) दिई काम गरेको क्षेत्रको वर्ग जनाउने | | | | | | सम्बन्धित कर्मचारी वा प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | अति दुर्गम क१ वर्ग | अति दुर्गम क२ वर्ग | दुर्गम ख१ वर्ग | दुर्गम ख२ वर्ग | सुगम ग१ वर्ग | सुगम ग२ वर्ग | | |
| ०१ | | | | | | | | | | | | |
| ०२ | | | | | | | | | | | | |
| ०३ | | | | | | | | | | | | |
| ०४ | | | | | | | | | | | | |
| ०५ | | | | | | | | | | | | |
| ०६ | | | | | | | | | | | | |

कर्मचारीको नाम :– सङ्केत नं.:

माथि उल्लेख भए बाहेक थपघट गर्नु पर्ने भए कर्मचारी अभिलेख विभागले भर्ने :

(१) ठेगाना, परिवर्तन :

(२) इच्छाइएको व्यक्ति परिवर्तन भएमा सो को विवरण :

(३) अन्य कुनै विवरण थपघट भएमा सोको विवरण :

| | |
|---|---|
| सम्बन्धित कर्मचारीको | प्रमाणित गर्ने अधिकृतको |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |



## अनुसूची – ११
### (नियम ३२ र नियम ७३ को उपनियम (२) संग सम्बन्धित)

अतिदुर्गम "क १"

१) सदरमुकाम बाहेक ताप्लेजुङ्ग जिल्लाको सम्पूर्ण भाग।
२) नुम सहित दक्षिण बाहेक संखुवासभा जिल्लाको सम्पूर्ण भाग।
३) सदरमुकाम बाहेक सोलुखुम्बु जिल्लाको सम्पूर्ण भाग।
४) दोलखा जिल्लाको लामाबगर र रोल्वालिङ्ग क्षेत्र।
५) धादिङ्ग जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र।
६) सदरमुकाम बाहेक मनाङ्ग जिल्लाको सम्पूर्ण भाग।
७) गोरखा सिर्दिवास उत्तरको लार्के क्षेत्र।
८) धौलागिरी अञ्चलको टुकुचे भन्दा दक्षिणी क्षेत्र बाहेक मुस्ताङ्ग जिल्ला र उत्तरी वाग्लुङ्गको ढोर पाटन क्षेत्र।
९) सदरमुकाम बाहेक रोल्पा र रुकुम जिल्लाको सम्पूर्ण भाग।
१०) सदरमुकाम बाहेक हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लाको सम्पूर्ण भाग
११) सदरमुकाम बाहेक जाजरकोट जिल्लाको सम्पूर्ण भाग।
१२) सदरमुकाम बाहेक बझाङ्ग र बाजुरा जिल्लाको सम्पूर्ण भाग।
१३) सदरमुकाम बाहेक दार्चुला जिल्लाको सम्पूर्ण भाग।

अतिदुर्गम "क २"

१) अतिदुर्गम "क १" मा परेका जिल्लाका सदरमुकाम।
२) सदरमुकाम बाहेक पाँचथर जिल्लाको सम्पूर्ण भाग।
३) सदरमुकाम बाहेक भोजपुर, तेह्रथुम जिल्लाको सम्पूर्ण भाग।
४) संखुवासभा जिल्लाको नुम सहित दक्षिणी क्षेत्र।
५) सदरमुकाम बाहेक ओखलढुङ्गा र खोटाङ्ग जिल्लाको सम्पूर्ण भाग।
६) सदरमुकाम बाहेक रामेछाप जिल्लाको सम्पूर्ण भाग।
७) लामोबगर र रोल्वालिङ्ग क्षेत्र बाहेक दोलखा जिल्लाको सम्पूर्ण भाग।
८) रसुवा जिल्लाको राम्चे भन्दा उत्तरको क्षेत्र।
९) लमजुङ्ग जिल्लाको खुदि उत्तरी क्षेत्र।
१०) सदरमुकाम बाहेक अर्घाखाँची र गुल्मी जिल्लाको सम्पूर्ण भाग।
११) सदरमुकाम बाहेक म्याग्दी र पर्वत जिल्लाको सम्पूर्ण भाग।
१२) मुस्ताङ्ग जिल्लाको मार्फा टुकुचे भन्दा दक्षिणी क्षेत्र र उत्तर वाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्र र म्याग्दी जिल्लाको निस्कोट पहाडबाट दक्षिण तर्फ बाग्लुङ्ग जिल्लाको तारा गाउँ विकास समितिमा पर्ने रातामाटा हुँदै गुल्मी जिल्ला उत्तर दक्षिण अक्षांस रेखाको पूर्वी भाग बाहेकको बाग्लुङ्ग।
१३) सदरमुकाम बाहेक सल्यान र प्यूठान जिल्लाको सम्पूर्ण भाग।
१४) सदरमुकाम बाहेक डोटी र अछाम जिल्लाको सम्पूर्ण भाग।
१५) सदरमुकाम बाहेक डडेलधुरा र बैतडी जिल्लाको सम्पूर्ण भाग।
१६) सदरमुकाम बाहेक दैलेख जिल्लाको सम्पूर्ण भाग।

दुर्गम "ख १"

१) अति दुर्गम Π"क २" मा परेका जिल्लाका सदरमुकाम।
२) सदरमुकाम बाहेक इलाम जिल्लाको सम्पूर्ण भाग।
३) सदरमुकाम बाहेक धनकुटा जिल्लाको सम्पूर्ण भाग।
४) सदरमुकाम बाहेक उदयपुर जिल्लाको सम्पूर्ण भाग।
५) सदरमुकाम बाहेक सिन्धुली जिल्लाको सम्पूर्ण भाग।
६) सदरमुकाम बाहेक सिन्धुपाल्चोक जिल्लाको सम्पूर्ण भाग।

---

Π २०५८।८।२५ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचनाद्वारा संशोधित।

७)	सेतीवास उत्तरको सिंहार बाहेक धादिङ्ग जिल्लाको बाँकी सम्पूर्ण भाग ।
८)	रसुवा जिल्लाको राम्चे सहितको दक्षिणी क्षेत्र ।
९)	सदरमुकाम बाहेक तनहुँ र स्याङ्जा जिल्लाको सम्पूर्ण भाग ।
१०)	सिर्दिवास उत्तरको लार्के क्षेत्र बाहेक गोरखा जिल्लाको बाँकी सम्पूर्ण भाग ।
११)	खुदी उत्तर बाहेक लमजुङ्ग जिल्लाको बाँकी सम्पूर्ण भाग ।
१२)	सदरमुकाम बाहेक पाल्पा जिल्लाको सम्पूर्ण भाग ।
१३)	म्याग्दी जिल्लाको निरकोट पहाडबाट दक्षिण तर्फ बाग्लुङ्ग जिल्लाको तारा गाउँ विकास समितिमा पर्ने रातमाटा गाउँ हुँदै गुल्मी जिल्लालाई छुने उत्तर, दक्षिण अक्षांस रेखादेखि पूर्व पर्ने बाग्लुङ्ग जिल्लाको बाँकी भाग ।
१४)	सदरमुकाम बाहेक दाङ्ग जिल्लाको सम्पूर्ण पहाडी भाग ।
१५)	[π]....................
१६)	[π]....................
१७)	सदरमुकाम बाहेक बर्दिया र सुर्खेत जिल्लाको सम्पूर्ण पहाडी भाग ।
१८)	नुवाकोट, काभ्रे, ललितपुर (उपत्यका बाहिर) मोरङ्ग, नवलपरासी, चितवन र मकवानपुरका पहाडी गाउँ विकास समितिहरु ।

दुर्गम "ख २"

१)	अति दुर्गम "ख १" मा परेका जिल्लाका सदरमुकाम ।
२)	सदरमुकाम बाहेक झापा जिल्लाको सम्पूर्ण भाग ।
३)	सदरमुकाम बाहेक मोरङ्ग, सुनसरी जिल्लाको तराई भाग ।
४)	सदरमुकाम बाहेक धनुषा, महोत्तरी र सर्लाही जिल्लाको सम्पूर्ण भाग ।
५)	सदरमुकाम बाहेक सप्तरी र सिरहा जिल्लाको सम्पूर्ण भाग ।
६)	सदरमुकाम क्षेत्र र ख १ मा रहेका पहाडी गा. वि. स. बाहेक नुवाकोट र काभ्रेपलान्चोक जिल्लाको सम्पूर्ण भाग ।
७)	सदरमुकाम बाहेक बारा, पर्सा, रौतहट र चितवन र मकवानपुर जिल्लाको बाँकी भाग ।
८)	सदरमुकाम बाहेक कास्की जिल्लाको सम्पूर्ण भाग ।
[Π]९)	सदरमुकाम बाहेक नवलपरासी र कपिलवस्तु जिल्लाको सम्पूर्ण भाग ।
[μ]९क)	सदरमुकाम र नगरपालिका क्षेत्र बाहेक रुपन्देही जिल्लाको सम्पूर्ण भाग ।
१०)	सदरमुकाम बाहेक बाँके जिल्लाको सम्पूर्ण भाग ।
[μ]११)	सदरमुकाम बाहेक कैलाली जिल्लाको सम्पूर्ण भाग ।
[μ]१२)	सदरमुकाम बाहेक कञ्चनपुर जिल्लाको सम्पूर्ण भाग ।

सुगम "ग १"

१)	[Π]दुर्गम "ख २" मा परेका जिल्लाका सदरमुकाम ।
[μ]१क)	रुपन्देही जिल्लाको नगरपालिका क्षेत्र ।
२)	काठमाडौं, ललितपुर (ख १ मा परेका पहाडी भाग बाहेक) र भक्तपुर जिल्लाको क्रमशः महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्र बाहेक सम्पूर्ण भाग ।

सुगम "ग २"

काठमाडौं, ललितपुर भक्तपुर जिल्लाको क्रमशः महानगरपालिका, उपमहा–नगरपालिका र नगरपालिका क्षेत्र ।

---

[π] २०५८।८।२५ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचनाद्वारा झिकिएको ।

[Π] २०५८।८।२५ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचनाद्वारा संशोधित ।

[μ] २०५८।८।२५ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचनाद्वारा थप ।



अनुसूची - १२
(नियम ३३ संग सम्बन्धित)

**सरुवा गर्ने अधिकार प्राप्त अधिकारीले राख्नु पर्ने**
**आफ् अन्तर्गतका कार्यालयहरुको तहगत सरुवा सम्बन्धी विवरणको ढाँचा**

कार्यालय :-
जिल्ला :-	विवरण भरिएको मिति :-

| क.सं. | तह | सेवा समूह / उप समूह | कुल दरवन्दी | पद पूर्ति संख्या | कुल रिक्त पद संख्या | रिक्त पदमा सरुवा भैसकेको तर कर्मचारी हाजिर भई नसकेको संख्या | लोक सेवा आयोगमा माग पठाएको संख्या | खुद रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट :- (१) यो ढाँचा प्रत्येक कार्यालयले राख्नु पर्नेछ ।
(२) प्रत्येक ६ महिनामा यो विवरण अद्यावधिक बनाउनु पर्ने छ ।
(३) यो विवरण मन्त्रालय र सम्बन्धित विभागमा पठाउनु / राख्नु पर्नेछ ।

तयार गर्ने अधिकृतको
दस्तखत:
पद:
मिति:

प्रमाणित गर्ने अधिकृतको
दस्तखत:
पद:
मिति:

## अनुसूची – १३
(नियम ३४ को खण्ड (क) संग सम्बन्धित)

**सरुवाको विवरण**
(व्यक्तिगत फाइलमा रहने)

१) नाम :
२) कर्मचारीको सङ्केत नम्बर :
३) पद :
४) तह :
५) सेवा :
६) समूह :
७) उपसमूह :
८) शैक्षिक योग्यता :
९) तालिम :
१०) अन्य विवरण (केही भए) :

| साविकको कार्यालय | सरुवा वा पदस्थापना भएको कार्यालय | सरुवा भएको मिति | हाजिर भएको मिति | सरुवाको कारण | अर्को सरुवाको लागि अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस फाराम अनुसार विवरण प्रत्येक कार्यालयको प्रमुखले भरी भराई अद्यावधिक गराई राख्नु पर्नेछ ।

तयार गर्ने अधिकृतको
दस्तखत :
पद :
मिति :

प्रमाणित गर्ने अधिकृतको
दस्तखत :
पद :
मिति :



## अनुसूची – १४
(नियम ३६ को उपनियम (२) संग सम्बन्धित)
**रमानापत्र**
**नेपाल सरकार**
**स्वास्थ्य मन्त्रालय । विभाग । कार्यालय**

पत्रसंख्या :– मितिः–

श्री ……………………………
……………………………

त्यस कार्यालयमा सरुवा हुनु भएका श्री ……………………… लाई निजको विवरण सहितको रमाना पत्र दिई त्यस कार्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. कर्मचारीको नाम थर :–
२. कर्मचारी सङ्केत नम्वर :–
३. साविक (क) पद :– (ख) तह :–
(ग) समूह, उपसमूह :– (घ) कार्यालय :–
४. सरुवा भएको (क) निर्णय मिति :–
(ख) पद :– (ग) तह :–
(घ) समूह, उपसमूह :–
५. बरबुझारथ सम्बन्धी विवरण :–
गरेको ☐ नगरेको ☐
६. रमाना हुने मिति :–
७. रमानापत्रको मितिसम्म खर्च भएका बिदा :–
(क) भैपरी आउने र पर्व बिदा …… दिन ।
(ख) घर बिदा …… दिन ।
(ग) बिरामी बिदा …… दिन ।
(घ) प्रसूति बिदा …… पटक ।
(ङ) अध्ययन बिदा …… दिन ।
(च) असाधारण बिदा …… दिन ।
(छ) सट्टा बिदा …… दिन ।
(ज) अतिरिक्त बिदा …… दिन ।
८. रमानापत्रको मितिसम्म सञ्चित बिदा :–
(क) घर बिदा …… दिन ।
(ख) बिरामी बिदा …… दिन ।
(ग) प्रसूति बिदा …… पटक ।

(घ) अध्ययन बिदा …… दिन।

(ङ) असाधारण बिदा …… दिन।

(च) सट्टा बिदा …… दिन।

(छ) अतिरिक्त बिदा …… दिन।

९. खाईपाई आएको मासिक :- (क) तलब रु. (ख) तलब वृद्धि रु.

१०. तलब भत्ता भूक्तानी लिएको अन्तिम मिति :-

११. कर्मचारी संचयकोष कट्टी रकम :-

१२. भूक्तानी लिएको उपचार खर्चको रकम :-

मिति :-

१३. दैनिक भ्रमण भत्ता वापत लिएको पेश्की रकम :-

१४. तलब वृद्धि हुन शुरु भएको शुरु मिति :-

१५. नागरिक लगानी कोष कट्टि रकम :-

१६. आयकर कट्टि रकम :-

वोधार्थ :-

श्री निजामती किताबखाना, हरिहरभवन।

श्री कर्मचारी संचयकोष, त्रिदेवी मार्ग, ठमेल।

श्री …………………… (सम्बन्धित कर्मचारी) :- सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन।



अनुसूची - १५
(नियम ५८ को उपनियम (१) संग सम्बन्धित)

बिदाको निवेदन
नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

| कर्मचारीले प्रयोग गर्ने | | | |
|---|---|---|---|
| नाम :- | | | |
| पद :- | कार्यालय :- | | |
| चिन्ह लगाउने | मागेको बिदाको किसिम | बिदाको अवधि | कारण |
| | १. भैपरी आउने र पर्व बिदा | | |
| | २. घर बिदा | | |
| | ३. बिरामी बिदा | | |
| | ४. प्रसूति बिदा | | |
| | ५. किरिया बिदा | | |
| | ६. अध्ययन बिदा | | |
| | ७. असाधारण बिदा | | |
| | ८. सट्टा बिदा | | |
| | ९. अतिरिक्त सेवा बिदा | | |

बिदाको मिति ………………… देखि …………………… सम्म

कर्मचारीको सही :-
मिति :-

कर्मचारी प्रशासन शाखाले प्रयोग गर्ने

| बिदाको किसिम | अघिको बाँकी | हाल मागेको | अब रहन आउने |
|---|---|---|---|
| १. भैपरी आउने र पर्व बिदा | | | |
| २. घर बिदा | | | |
| ३. बिरामी बिदा | | | |
| ४. प्रसूति बिदा | | | |
| ५. किरिया बिदा | | | |
| ६. अध्ययन बिदा | | | |
| ७. असाधारण बिदा | | | |
| ८. सट्टा बिदा | | | |
| ९. अतिरिक्त सेवा बिदा | | | |

……………………
कर्मचारीको दस्तखत
कर्मचारी प्रशासन शाखा। मिति :–

सिफारिस भए ☐ सिफारिस नभएको ☐ बिदा सकिने मिति ☐

…………………………
निकटतम माथिल्लो अधिकृत मिति :–

कुनै कुरा भए जनाउने ………………

---

स्वीकृत ☐ अस्वीकृत ☐ बिदा सकिने मिति ☐

……………………
स्वीकृति दिने अधिकृत
…………………
पद मिति :–



स्वीकृति दिने अधिकृत
……………………… मिति :–
पद

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

बिदा स्वीकृतिको सूचना

पत्रसंख्या मिति :–
श्री ……………………………………

| बिदाको किसिम | अवधि | शुरु हुने मिति | कार्यालयमा हाजिर हुने मिति |
|---|---|---|---|
| | | | |

……………………………
सूचना गर्ने कर्मचारीको दस्तखत
कर्मचारी प्रशासन शाखा।

अनुसूची-१६

(नियम ६३ को उपनियम (२) संग सम्बन्धित)

## बिदा र उपचार खर्चको विवरण

कर्मचारीको नाम : तह र पद : सेवा/समूह : संकेत नं.:

| विवरण | भैपरि आउने र पर्व बिदा | | | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति बिदा | | | किरिया बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | उपचार खर्च बापत लिएको | | बिदा बापत लिएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | रकम | मिति | रकम | मिति | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |



# अनुसूची - १७

(नियम ७१ को उपनियम (१) संग सम्बन्धित)

**कार्य सम्पादन मूल्याङ्कन फाराम (क)**

(अधिकृत स्तरको लागि)

**विवरण पेश गरेको कार्यालय :**

**दर्ता नं. :**

**कर्मचारीको नाम :**

**मिति :**

**पद :** **तह:** **सेवा** **समूह:** **उपसमूह:**

**कार्यालयको नाम :**

| **मूल्याङ्कन अवधि :** |
|---|

**खण्ड (क) (ख)** **सम्पादित कामको विवरण :**

| **कामको विवरण** | |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

**सम्बन्धित कर्मचारीको दस्तखत ...........**

**खण्ड (ग) सुपरिवेक्षक पुनरावलोकन कर्ता र पुनरावलोकन समितिको मूल्याङ्कन**

| **विषय** | **सुपरिवेक्षकको मूल्याङ्कन** | | | | **पुनरावलोकनकर्ताको मूल्याङ्कन** | | | | **पुनरावलोकन समितिको मूल्याङ्कन** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **अतिउत्तम** ३ | **उत्तम** २.५ | **सामान्य** २ | **न्यून** १ | **अतिउत्तम** २ | **उत्तम** १.५ | **सामान्य** १ | **न्यून** .५ | **अतिउत्तम** १.६६ | **उत्तम** १ | **सामान्य** .७५ | **न्यून** .५ |
| **१. विषय वस्तुको ज्ञान र सिप** | | | | | | | | | | | | |
| **२. विवेक प्रयोग र निर्णय गर्ने क्षमता** | | | | | | | | | | | | |
| **३. छलफल तथा वार्ता गर्ने क्षमता** | | | | | | | | | | | | |
| **४. नेतृत्व र संगठनात्मक क्षमता** | | | | | | | | | | | | |
| **५. सृजनसिल र अग्रसरता** | | | | | | | | | | | | |
| **६. पेशागत संवेदनशीलता (इमान्दारिता, गोपनियता)** | | | | | | | | | | | | |
| **पूर्णाङ्क** | १८ | | | | १२ | | | | १० | | | |
| **प्राप्ताङ्क** | | | | | | | | | | | | |

**सुपरिवेक्षकको दस्तखत** ........................

**पुनरावलोकनकर्ताको दस्तखत** ........................

**पुनरावलोकन समितिको दस्तखत** ........................ ........................

अनुसूची - १७
(नियम ७१ को उपनियम (१) संग सम्बन्धित)
**कार्य सम्पादन मूल्याङ्कन फाराम (ख)**
(सहायक स्तरको लागि)

विवरण पेश गरेको कार्यालय : दर्ता नं. :
कर्मचारीको नाम : मिति :
पद : तह: सेवा समूह: उपसमूह:
कार्यालयको नाम :

| मूल्याङ्कन अवधि : |
|---|

खण्ड (क) (ख) सम्पादित कामको विवरण :

| कामको विवरण | |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

सम्बन्धित कर्मचारीको दस्तखत ...........

खण्ड (ग) सुपरिवेक्षक पुनरावलोकन कर्ता र पुनरावलोकन समितिको मूल्याङ्कन

| विषय | सुपरिवेक्षकको मूल्याङ्कन | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | पुनरावलोकन समितिको मूल्याङ्कन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अतिउत्तम ३ | उत्तम २.५ | सामान्य २ | न्यून १ | अतिउत्तम २ | उत्तम १.५ | सामान्य १ | न्यून .५ | अतिउत्तम १.६६ | उत्तम १ | सामान्य .७५ | न्यून .५ |
| विषय | सुपरिवेक्षकको मूल्याङ्कन | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | पुनरावलोकन समितिको मूल्याङ्कन | | | |
| | अतिउत्तम ३ | उत्तम २.५ | सामान्य २ | न्यून १ | अतिउत्तम २ | उत्तम १.५ | सामान्य १ | न्यून .५ | अतिउत्तम १.६६ | उत्तम १ | सामान्य .७५ | न्यून .५ |
| १. विषय वस्तुको ज्ञान र सिप | | | | | | | | | | | | |
| २. गोपनियता राख्ने क्षमता | | | | | | | | | | | | |
| ३. निर्देशन अनुसार काम गर्न सक्ने क्षमता | | | | | | | | | | | | |
| ४. उपस्थिति र समयपालना | | | | | | | | | | | | |
| ५. इमान्दारी र नैतिकता | | | | | | | | | | | | |
| ६. अनुशासन | | | | | | | | | | | | |
| पूर्णाङ्क | १८ | | | | १२ | | | | १० | | | |
| प्राप्ताङ्क | | | | | | | | | | | | |

सुपरिवेक्षकको दस्तखत ......................... पुनरावलोकनकर्ताको दस्तखत ......................... पुनरावलोकन समितिको दस्तखत ......................... .........................



अनुसूची - १८
(नियम १०८ को उपनियम (१) संग सम्बन्धित)
**विभागीय सजायको आदेशको निर्णयको नमूना**

श्री ......................................
स्वास्थ्य मन्त्रालय। विभाग। केन्द्र। महाशाखा। कार्यालयका श्री ............... ले गरेको

**सजायको आदेशको निर्णय फाराम**

श्री ..........................................................
स्वास्थ्य मन्त्रालय। विभाग। केन्द्र। महाशाखा। कार्यालयमा .................. पदमा कार्यरत श्री ......................................... ले ....................... जाँचबुझ गर्दा। गराउँदा ......................................... देखिन आएकोले निज श्री .............................. संग नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८० को उपदफा (१) बमोजिम ................. .................................... दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले पेश गरेको सफाइको व्यहोरा सबुत ..................................................... ............ कारण सन्तोषजनक देखिएन। तसर्थ ऐनको दफा .......................... को ............... बमोजिमको कसूरमा ऐनको दफाको खण्ड ............... बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुत प्रमाण वा कारण केही भए .................. भित्र स्पष्टीकरण पेश गर्नु भनी ऐनको दफा बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले .................. भनी स्पष्टीकरण पेश गरेको देखियो। यस सम्बन्धमा संकलन भएका कागजात, बुझिएका सबुत प्रमाण र पेश भएको स्पष्टीकरण उपर समेत बिचार गर्दा ................................... सबुत प्रमाणबाट निज श्री ................................ ...... ले ऐनको दफाको ............ को उपदफा ......... ऐनको दफा ७१ को खण्ड ....................... को सजाय प्रस्तावित गरी सो सजाय गर्नको निमित्त लोक सेवा आयोगको ............... कार्यालय .................. बाट परामर्श प्राप्त भए अनुरुप निज श्री ...................................... लाई ऐनको दफा ७१ को खण्ड ............... बमोजिम .......................... सजाय दिने निर्णय आदेश गरिएको छ। यो आदेशमा चित्त नबुझेमा नियम ११० को खण्ड (घ) को म्यादभित्र ............... समक्ष पुनरावेदन दिन सकिने छ।

दस्तखत

मिति :

## अनुसूची – १९
### (नियम ११३ संग सम्बन्धित)
### सम्पत्ति विवरण फाराम

कर्मचारीको
नाम :
तह र पद :
कार्यालय :

विवरण पेश गरेको कार्यालय
नाम :
ठेगाना :

(क) अचल सम्पत्ति (घर जग्गा)

| क्र.सं. | घर जग्गा र अन्य अचल सम्पत्तिको छोटकरी विवरण | नाम र अन्य विवरण | घर जग्गा रहेको ठाउँ ( गाउँ विकास समिति / नगरपालिका, जिल्ला) | कसको नाममा रहेको निजको नाम र अरु भए निज संगको सम्बन्ध | कसरी प्राप्त भएको | कैफियत (घर भए तला समेत उल्लेख गर्ने) (जग्गा भए रोपनी वा चल्तीको नाप लेख्ने) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) नगद, जवाहिरात, सुन, चाँदी आदि

| क्र. सं. | सम्पत्तिको छोटकरी विवरण | नाप र तौल परिमाण | कसरी प्राप्त भएको | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(ग) शेयर बैंक व्यालेन्सको विवरण

| क्र.सं. | सम्पत्तिको छोटकरी विवरण | कम्पनी वा बैंकको नाम र ठेगाना | जम्मा मूल्य | कसको नाममा रहेको निजको नाम र अरु भए निज संग सम्बन्ध | कसरी प्राप्त भएको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |



(घ) ऋण लिएको । धितो दिएको भए सो को विवरण

| क्र.सं. | ऋण । धितोको विवरण | लिए । दिएको नाम र ठेगाना | कारण | जम्मा मूल्य | फिर्ता गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ङ) ऋण दिएको वा अरुबाट धितो लिएको भए सो को विवरण

| क्र.सं. | ऋण धितोको विवरण | ऋण दिएको धितो लिएको नाम र ठेगाना | कारण | जम्मा मूल्य | फिर्ता गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठिक छ। फरक पर्ने छैन भनी दस्तखत गर्ने।

नाम र पद :–
मिति :–

द्रष्टव्य :–

१. यो विवरण पेश गरिसकेपछि सम्पत्तिमा कुनै थपघट भएमा सम्बन्धित निकायमा सो विवरण खुल्लाई शिलबन्दी रुपमा पेश गर्नु पर्छ।
२. सरकारी कर्मचारी उपर गरिने कानून बमोजिमको कारबाहीदेखि बाहेक अरु कुरामा यो विवरण प्रयोग गरिने छैन। यो विवरण सम्बन्धित पदाधिकारी बाहेक अरुले हेर्न पाइने छैन। यो विवरण प्रकाश नगरी गोप्य रुपमा राखिने छ।

अनुसूची - २०
(नियम ११५ संग सम्बन्धित)

लिखितम …………………… श्री का नाती। नातिनी …………………… को छोरा। छोरी बस्ने वर्ष ………… को म ………………… आगे नेपाल सरकारबाट ………………………… अन्तर्गत ………………………………………… विषयमा मनोनयन भई अध्ययन गर्न। तालिम लिन। अध्ययन भ्रमण गर्न जान लागेकोले ऐन नियमको अधीनमा रही मनोनयन भएको विषयको अध्ययन। तालिम। अध्ययन भ्रमणको अवधि नवढाएमा पूर्व निश्चित अवधि भुक्तान हुनासाथ र बढाइएकोमा थप म्याद भुक्तान हुनासाथ स्वदेश फर्की आई ऐनको दफा २५ बमोजिम आफूले गर्नु पर्ने सरकारी सेवा गर्नेछु।

मनोनयनको शिलशिलामा मैले पाएको। पाउने रकम रु. ............……………… (अक्षेरुपी ……………………….................................. रुपैयाँ) मनोनयनको शर्त बन्देजको अधीनमा रही खर्च गर्नेछु। पेश्की वा सापटी लिएको रुपैयाँ जुन काम र शर्तमा लिएको हुँ सोही बमोजिम गर्नेछु र बुझाउनु पर्ने रकम नबुझाएमा मेरो जायजेथा वा हकदैयाबाट सरकारी बाँकी सरह असूल उपर गरी लिएमा मेरो मन्जुरी छ र यस कुरा वापत कुनै कुराको उजुर गर्ने छैन भनी मेरो मनोमानी खुशीराजीसंग यो कवुलियतनामा लेखी नेपाल सरकार, स्वास्थ्य मन्त्रालय ………………… मा चढाँए।

| कवुलियतनामा गराउने अधिकृतको | मनोनयन हुने उम्मेदवारको |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| कार्यालय :- | कार्यालय :- |
| मिति :- | मिति :- |

ईति सम्वत् २०…… साल ………… महिना …………गते रोज …… शुभम् ….



# नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६

| | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| संशोधन | २०५६।४।२७ |
| नेपाल स्वास्थ्य व्यवसायी परिषद् (पहिलो संशोधन) नियमावली, २०६९ | २०६९।८।२५ |

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) “ऐन” भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ सम्झनु पर्छ।

(ख) “विषय समिति” भन्नाले नियम १२ बमोजिम गठन भएको विषय समिति सम्झनु पर्छ।

(ग) “पेशागत आचरण” भन्नाले नियम १३ बमोजिम निर्धारित पेशागत आचरण सम्झनु पर्छ।

(घ) “जाँचबुझ समिति” भन्नाले नियम १४ बमोजिम गठन भएको जाँचबुझ समिति सम्झनु पर्छ।

(ङ) “स्वास्थ्य संस्था” भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी वा नीजि स्तरबाट सञ्चालित अस्पताल वा नर्सिङ्ग होम वा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी वा उप स्वास्थ्य चौकी वा अन्य कुनै नामबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्छ।

(च) “निर्वाचन” भन्नाले ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यहरुको लागि हुने निर्वाचन सम्झनु पर्छ।

(छ) “मतदाता” भन्नाले नियम ३० बमोजिमको मतदाता सम्झनु पर्छ।

(ज) “उम्मेदवार” भन्नाले नियम ३१ बमोजिमको योग्यता पुगी निर्वाचनमा उम्मेदवार भएको व्यक्ति सम्झनु पर्छ।

(झ) “निर्वाचन समिति” भन्नाले नियम ३३ बमोजिम गठन भएको निर्वाचन समिति सम्झनु पर्छ।

परिच्छेद-२

नाम दर्ता सम्बन्धी व्यवस्था

३. स्वास्थ्य व्यवसायीहरुको तह र नाम दर्ताको लागि आवश्यक न्यूनतम योग्यता:◄ (१) स्वास्थ्य व्यवसायीलाई देहाय बमोजिमको तहमा वर्गीकरण गरिएकोछः–

(क) विशिष्ट तह,

◄ पहिलो संशोधनद्वारा संशोधित।

(ख) प्रथम तह,

(ग) द्वितीय तह र

(घ) तृतीय तह ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत स्वास्थ्य व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्नको लागि सम्बन्धित स्वास्थ्य व्यवसायीले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट देहाय बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिम प्राप्त गरेको हुनु पर्नेछः–

◂(क) विशिष्ट तहको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरेको,

◂(ख) प्रथम तहको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको,

◂(ग) द्वितीय तहको लागि सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको,

⧉(घ) तृतीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालीम प्राप्त गरेको ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले परिषद्ले तोकेको शिक्षण सस्था सम्झनु पर्छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल सरकारको स्वास्थ्य सेवामा बहाल रहेका कर्मचारीहरुको हकमा निजले सेवा प्रवेश गर्दाका बखत तोकिएको शैक्षिक योग्यता तथा उपाधि र सम्बन्धित विषयको तालिमलाई यस नियमावली बमोजिम नाम दर्ता गर्ने प्रयोजनको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ ।

⧉(४) परिषद्ले तोकेको शर्त अनुरुप सञ्चालन नभएका शिक्षण संस्थाले उपलब्ध गराएको प्रमाणपत्र वा अन्य उपाधिलाई परिषद्ले मान्यता दिने छैन ।

४. नाम दर्ता तथा पुनः नाम दर्ता दस्तुर : ◂(१) स्वास्थ्य व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्नको लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः–

(क) विशिष्ट तहको लागि दुई हजार रुपैयाँ,

(ख) प्रथम तहको लागि एक हजार पाँच सय रुपैयाँ,

(ग) द्वितीय तहको लागि एक हजार रुपैयाँ,

(घ) तृतीय तहको लागि सात सय रुपैयाँ ।

⧉(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि वा तालीम प्राप्त गरेका व्यक्तिले परिषद्मा

---

⧉ पहिलो संशोधनद्वारा थप ।

⧉ पहिलो संशोधनद्वारा थप ।

◂ पहिलो संशोधनद्वारा संशोधित ।



स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि देहाय बमोजिम दस्तुर लाग्नेछ :–

(क) विशिष्ट तहको लागि चार हजार रुपैयाँ,

(ख) प्रथम तहको लागि तीन हजार रुपैयाँ,

(ग) द्वितीय तहको लागि दुई हजार रुपैयाँ,

(घ) तृतीय तहको लागि एक हजार पाँच सय रुपैयाँ ।

⧉(१ख) उपनियम (१) र (१क) बमोजिमको दस्तुर परिषद्को सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

(२) नियम १३ बमोजिम पेशागत आचरणको उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता भै परिषद्को दर्ता किताबबाट नाम हटेकोमा पुनः नाम दर्ता गर्नु परेमा शुरु नाम दर्ता दस्तुर सरहको दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

(३) कुनै गैर नेपाली नागरिकले स्वास्थ्य व्यवसायीको रुपमा परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहेमा ◂उपनियम (१क) बमोजिमको दस्तुरको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

५. नाम दर्ताको लागि दरखास्त दिने : (१) स्वास्थ्य व्यवसाय गर्नको लागि परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा नियम ३ को उपनियम (२) बमोजिम निर्धारित शैक्षिक योग्यता वा उपाधि तथा तालिमको प्रमाणपत्रको अतिरिक्त त्यस्तो शैक्षिक योग्यता वा उपाधि तथा तालिमको प्रमाणपत्रको सम्बन्धमा आधिकारिक निकायबाट दिइएको कागजात, नियम ४ बमोजिम निर्धारित नाम दर्ता दस्तुर र नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्र र गैर नेपाली नागरिक भए राहदानी वा निजको परिचय जनिने गरी सरकारी निकायबाट जारी भएको परिचयपत्र समेत संलग्न गर्नु पर्नेछ ।

६. दरखास्त उपर जाँचबुझः नियम ५ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्त रीतपूर्वकको भएको, सम्पूर्ण कागजात तथा दरखास्त दस्तुर संलग्न भएको र शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि मान्यता प्राप्त भएको देखेमा परिषद्को सम्बन्धित विषय समितिमा पेश गर्नु पर्नेछ ।

⧉६क. थप विवरण तथा कागजात माग गर्न सक्नेः नियम ६ बमोजिम जाँचबुझ गर्दा थप विवरण तथा कागजात माग गर्न आवश्यक देखिएमा रजिष्ट्रारले दरखास्तवालासँग त्यस्तो विवरण तथा कागजात माग गर्न सक्नेछ ।

◂७ प्रतिवेदन पेश गर्नु पर्नेः नियम ६ बमोजिम रजिष्ट्रारबाट प्राप्त भएका दरखास्तसाथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि छानविन गर्दा मान्यता प्राप्त शिक्षण संस्थाबाट उपलब्ध गराइएको र सम्बन्धित विषयसंग

---

◂ पहिलो संशोधनद्वारा संशोधित ।

⧉ पहिलो संशोधनद्वारा थप ।

सम्बन्धित भएको देखिएमा सम्बन्धित विषय समितिले त्यस्तो दरखास्तवालाको परीक्षा लिई सो परीक्षामा निज सफल भएमा निजको नाम दर्ता गरी प्रमाणपत्र दिने सिफारिस सहितको प्रतिवेदन तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

८. नाम दर्ताको निर्णयः (१) नियम ७ बमोजिम पेश हुन आएको विषय समितिको सिफारिस प्रतिवेदन उपयुक्त देखिएमा परिषद्ले विषय समितिले सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्ने निर्णय गर्नेछ।

(२) गैर नेपाली नागरिकको हकमा बढीमा एक वर्षको लागि नेपाल ✗....मा स्वास्थ्य व्यवसायीको रुपमा काम गर्न पाउने गरी परिषद्मा नाम दर्ता गर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अवधि तोकी नाम दर्ता गराएको गैर नेपाली नागरिकले सो अवधि समाप्त भएपछि पनि पुनः आफ्नो नाम परिषद्मा दर्ता गराउन चाहेमा पुनः नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त परेमा यस नियमावलीमा उल्लिखित अन्य कार्यविधि पूरा गरी परिषद्ले त्यस्ता गैर नेपाली नागरिकको नाम एक पटकमा एक वर्षमा नबढने गरी पुनः दर्ता गर्ने निर्णय गर्न सक्नेछ।

९. दर्ता किताबः (१) स्वास्थ्य व्यावसायीको नाम दर्ताको प्रयोजनको लागि रजिष्ट्रारले अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता किताब राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा स्वास्थ्य व्यवसायीहरुको विषयगत तथा तहगत आधारमा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ।

१०. नाम दर्ता प्रमाणपत्रः (१) नियम ८ को उपनियम (१) बमोजिम परिषद्ले नाम दर्ता गर्ने निर्णय गरेका दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता किताबमा दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) नियम ८ को उपनियम (२) बमोजिम कुनै गैर नेपाली नागरिकको नाम परिषद्मा दर्ता गर्ने निर्णय भएको रहेछ भने त्यस्तो गैर नेपाली नागरिकलाई अवधि तोकेर मात्र नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

११. नाम दर्ता नभएको जानकारी दिनेः परिषद्मा नाम दर्ताको लागि दिएको दरखास्त उपर कारबाही हुँदा परिषद्ले कुनै कारणवस त्यस्तो दरखास्तवालाको नाम दर्ता नगर्ने गरी निर्णय गरेकोमा रजिष्ट्रारले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित दरखास्तवालालाई सोको जानकारी दिनु पर्नेछ।

⊕११क. रजिष्ट्रारको पदमा नियुक्त हुन चाहिने योग्यताः रजिष्ट्रारको पदमा नियुक्ति हुनको लागि स्नातकोत्तर वा सो भन्दा माथिको उपाधि हांसिल गरी पाँच बर्षको अनुभव प्राप्त गरेको वा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

## परिच्छेद-३
## विषय समिति सम्बन्धी व्यवस्था

✗ पहिलो संशोधनद्वारा झिकिएको ।

⊕ पहिलो संशोधनद्वारा थप ।



१२. विषय समितिको गठन : ◀(१) ऐनको दफा १२ को प्रयोजनको लागि स्वास्थ्य व्यवसाय अर्न्तगत देहाय बमोजिमका विषय समितिहरु रहने छन् :–

(क) जनस्वास्थ्य समिति
(ख) चिकित्सा समिति
(ग) चिकित्सा विज्ञान प्रयोगशाला समिति
(घ) रेडियोलोजी समिति
(ङ) भौतिक चिकित्सा तथा पुनः स्थापना समिति
(च) आयुर्वेद समिति
(छ) दन्त विज्ञान समिति
(ज) नेत्र विज्ञान समिति
(झ) विविध समिति

(२) उपनियम (१) बमोजिम गठित समितिहरु अन्तर्गत रहने विषयहरु परिषद्ले तोके बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिमका विषय समितिहरुमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहने छन् :-

(क) विषयसँग सम्बन्धित सदस्यहरुमध्येबाट परिषद्ले तोकेको एकजना – संयोजक
(ख) सम्बन्धित विषय अध्ययन अध्यापन गराइने शिक्षण संस्थाबाट परिषद्ले तोकेको कम्तीमा उपप्राध्यापक स्तरको एकजना – सदस्य
(ग) सम्बन्धित विषयका विशेषज्ञहरु मध्ये परिषद्ले तोकेको विशेषज्ञ ◀एकजना – सदस्य
⊕(ग१) परीक्षा सञ्चालन सम्बन्धमा अनुभव भएका व्यक्तिहरुमध्येबाट परिषद्ले तोकेको एक जना – सदस्य
(घ) रजिष्ट्रार -सदस्य-सचिव

(४) उपनियम (३) को खण्ड (क) को प्रयोजनको लागि विषयसँग सम्बन्धित व्यक्ति परिषद्को सदस्य नभएको अवस्थामा अन्य सदस्यहरुमध्येबाट विषय समितिको संयोजक तोकिने छ।

◀ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ पहिलो संशोधनद्वारा थप ।

## परिच्छेद-४
## पेशागत आचरण सम्बन्धी व्यवस्था

१३. पेशागत आचरण : (१) ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि दर्तावाला स्वास्थ्य व्यवसायीहरुले स्वास्थ्य व्यवसाय गर्दा देहाय बमोजिमको पेशागत आचरणको पालना गर्नु पर्नेछ :-

(क) अनुशासन तथा इमान्दारीताः अनुशासित रुपमा इमान्दारीताका साथ स्वास्थ्य व्यवसाय गर्नु पर्नेछ।

(ख) शिष्टता तथा गोप्यता कायम राख्नेः स्वास्थ्य व्यवसायको क्रममा सम्पर्कमा आउने व्यक्तिहरुसँग शिष्ट व्यवहार गर्नु पर्नेछ। कसैको व्यक्तिगत जीवनको बारेमा वा स्वास्थ्यको बारेमा आफूलाई जानकारी भएको कुरा प्रचलित कानून बमोजिम कसैलाई बताउनु पर्ने अवस्थामा बाहेक अन्यत्र कतै व्यक्त गर्न हुँदैन।

(ग) भेदभाव गर्न नहुने :व्यावसायिक ज्ञान र शीपको प्रयोग गर्दा धर्म, वर्ण, लिङ्ग र सामाजिक जातजाति वा अन्य कुनै पनि कुराको आधारमा कुनै पनि व्यक्ति उपर भेदभाव गर्नु हुँदैन।

(घ) जिम्मेवारी भित्रको काम मात्र गर्नु पर्ने : आफूले अध्ययन गरेको विषय वा हासिल गरेको ज्ञान र सीपसँग सम्बन्धित क्षेत्र भित्रको मात्र कार्य वा सुझाव वा सिफारिस गर्नु पर्नेछ। आफ्नो जिम्मेवारी तथा कार्य क्षेत्रभित्र नपर्ने विषयमा सम्बन्धित विषयको ज्ञान र दक्षता हासिल गरेको विशेषज्ञ कहाँ सिफारिस गर्नु पर्नेछ।

(ङ) स्वास्थ्य व्यवसायमा आँच आउने कार्य गर्न नहुने : सेवा वापत पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधा बाहेक पेशागत व्यवसायको प्रचार प्रसार गरी कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा स्वास्थ्य व्यवसायको सेवामा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्न हुँदैन।

(च) व्यक्तिगत उत्तरदायित्व : स्वास्थ्य व्यवसायीले व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रुपमा उत्तरदायि हुने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना गर्नु गराउनु सम्बन्धी सबै स्वास्थ्य व्यवसायीहरुको कर्तव्य तथा जिम्मेवारी हुनेछ।

(३) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना नगरेमा पेशागत आचरणको उल्लंघन गरेको मानिनेछ।

## परिच्छेद-५
## नाम हटाउने सम्बन्धी कार्यविधि

१४. जाँचबुझ समितिः कुनै स्वास्थ्य व्यवसायीले नियम १३ बमोजिम पेशागत आचरणको उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम परिषद्को दर्ता किताबमा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गराएको भन्ने कुरा कुनै माध्यमबाट परिषद्लाई जानकारी हुन आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कुनै सदस्यको संयोजकत्वमा एक वा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ।



१५. बयान गराउने तथा सबुत प्रमाण पेश गर्न लगाउने : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले बयान गराउन र निज उपर लागेको आरोपको विरुद्ध सबुत प्रमाणहरु पेश गर्न लगाउन सक्नेछ।

१६. सफाई पेश गर्ने मौका दिनु पर्ने : (१) पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्ति उपर छानबिनको क्रममा जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारबाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाई पेश गर्ने कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिंदा निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन-कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्याद भित्रै आफ्नो सफाई पेश गर्नु पर्नेछ।

१७. निलम्बन गर्न सक्नेः (१) पेशागत आचारण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले जाँचबुझ प्रारम्भ भएको मितिदेखि दर्तावाला स्वास्थ्य व्यवसायीबाट निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई सामान्यतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी स्वास्थ्य व्यवसाय गर्न दिंदा झुटा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी स्वास्थ्य व्यवसाय गर्न दिंदा स्वास्थ्य व्यवसायमा हानी नोक्सानी पुऱ्याउने सम्भावना देखिएमा।

(२) उपनियम (१) बमोजिम कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बन गर्दा सामान्यतया दुई महिना भन्दा बढी अवधिको लागि निलम्बन गर्न हुँदैन। सो अवधि भित्रै स्वास्थ्य व्यवसायी उपर लगाइएको आरोपको सम्बन्धमा कारबाही किनारा लगाई सक्नु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्को पूर्व स्वीकृति लिई बढीमा एक महिनासम्मको लागि निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाइएकोमा सो कुराको जानकारी सम्बन्धित स्वास्थ्य व्यवसायी र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई पनि दिनु पर्नेछ। त्यसरी कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बनमा राख्ने जानकारी प्राप्त भएपछि सम्बन्धित स्वास्थ्य संस्थाले पनि सम्बन्धित स्वास्थ्य व्यवसायीलाई स्वास्थ्य संस्थाको सेवाबाट निलम्बन गर्नु पर्नेछ।

१८. दर्ता किताबबाट नाम हटाउन प्रस्ताव गर्नु पर्नेः (१) नियम १६ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट किन नहटाउने भनी निजलाई त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिंदा नियम १६ को उपनियम (३) बमोजिम पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यसको कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

१९. जाँचबुझ समितिको प्रतिवेदन : (१) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउनु पर्ने वा नपर्ने कारण सहितको आफ्नो राय ठहरको साथै प्राप्त सबुत प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

२०. परिषद्ले निर्णय गर्ने : नियम १९ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन परिषद्ले अध्ययन गर्दा मूलत : आरोप लागेको व्यक्तिलाई नियम १६ र १८ बमोजिम क्रमश : सफाई र स्पष्टीकरण पेश गर्न पर्याप्त मौका दिए नदिएको तथा निजले पेश गरेका सफाई र स्पष्टीकरण तथा सो साथ संलग्न प्रमाण र जाँचबुझ समितिले आफूले संकलन गरेको प्रमाणको वस्तुनिष्ठ मूल्यांकन तथा विश्लेषण गरे वा नगरेको कुरा समेतलाई विचार गरी आरोप लागेको व्यक्तिले आरोपित कसूर गरे वा नगरेको सम्बन्धमा उचित मूल्यांकन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

२१. निर्णयको जानकारी : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोपमा कुनै व्यक्तिको नाम परिषद्को दर्ता किताबबाट हटाउने गरी नियम २० बमोजिम परिषद्ले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी सम्बन्धित व्यक्ति र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई समेत दिनु पर्नेछ ।

२२. निलम्बनको समाप्ती : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको भनी कुनै व्यक्ति उपर लागेको आरोप नियम २० बमोजिम परिषद्बाट प्रमाणित भए वा नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई नियम १७ बमोजिम निलम्बन गरेको भए त्यस्तो निलम्बन स्वत : समाप्त भएको मानिनेछ ।

## परिच्छेद–६
## पुनः नाम दर्ता सम्बन्धी कार्यविधि

२३. पुनः नाम दर्ता : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको कारणबाट दर्ता किताबबाट नाम हटाइएको व्यक्तिले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भएमा रजिष्ट्रारले परिच्छेद–२ मा उल्लिखित कार्यविधि अपनाई दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउने निर्णय गरेको मितिले एकवर्ष पूरा नभई सोही व्यक्तिको नाम पुनः स्वास्थ्य व्यवसायीको रुपमा परिषद्को दर्ता किताबमा दर्ता गरिने छैन ।



२४. अर्को विषय वा तहको स्वास्थ्य व्यवसायीमा नाम दर्ताः ऐन तथा यस नियमावली बमोजिम एक विषय वा तहमा नाम दर्ता भएको स्वास्थ्य व्यवसायीले अर्को विषय वा तहको योग्यता प्राप्त गरी योग्यता अनुसारको विषय वा तहमा नाम दर्ता गराउन चाहेमा परिच्छेद–२ मा उल्लिखित कार्यविधि पूरा गरी परिषद्ले त्यस्तो व्यक्तिको नाम परिषद्को दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

## परिच्छेद–७
## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्बन्धी व्यवस्था

२५ अध्यक्षको काम, कर्तव्य तथा अधिकारः ऐन तथा यस नियमावलीमा लेखिएका अन्य व्यवस्थाको अधीनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको
हुनेछ :–

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,
(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,
(ग) परिषद्को काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारुरुपबाट सञ्चालन गर्ने,
(घ) संस्थाको प्रमुखको हैसियतले गर्नु गराउनु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्ने, गराउने।

२६. अध्यक्ष, सदस्य तथा रजिष्ट्रारको बैठक भत्ता र अन्य सुविधाः (१) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले परिषद्को बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि अध्यक्षलाई ◀एक हजार रुपैयाँ र सदस्य तथा रजिष्ट्रारलाई ◀एक हजार रुपैयाँ बैठक भत्ता दिइनेछ ।

◀(२) ऐन तथा यस नियमावली बमोजिम गठित समितिको बैठकमा भाग लिने संयोजक, सदस्य, विशेषज्ञ र रजिष्ट्रारलाई प्रत्येक बैठकमा भाग लिए वापत आठ सय रुपैयाँ बैठक भत्ता दिइनेछ ।

🗗(३) अध्यक्षलाई सवारी इन्धन, आवासमा जडान भएको टेलिफोन, इन्टरनेट र पत्रपत्रिका वापत प्रति महिना एकमुष्ट पन्ध्र हजार रुपैयाँ दिइनेछ ।

२७. रजिष्ट्रारको पारिश्रमिक : (१) नेपाल सरकारले नेपाल सरकारको सेवामा रहेको कर्मचारीलाई ऐनको दफा १३ बमोजिम परिषद्को रजिष्ट्रार भई काम गर्न तोकेमा परिषद्ले त्यस्तो रजिष्ट्रारलाई मासिक ◀दस हजार रुपैयाँ भत्ता दिइनेछ ।

(२) ऐनको दफा १३ बमोजिम नेपाल सरकारको सेवामा नरहेको व्यक्तिलाई नेपाल सरकारले रजिष्ट्रारको पदमा नियुक्ति गरेमा त्यस्तो

◀ पहिलो संशोधनद्वारा संशोधित ।

🗗 पहिलो संशोधनद्वारा थप ।

रजिष्ट्रारलाई परिषद्ले स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको कम्तीमा ◄नवौं तहमा कार्यरत कर्मचारीले पाउने तलब र भत्ता पाउने भए भत्ता समेत दिइनेछ ।

२८. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : ऐन र यस नियमावलीमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :–

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) परिषद्को कोषको रेखदेख र नियन्त्रण गर्ने तथा सम्पत्तिको सुप्रबन्ध र स्याहार सम्भारको व्यवस्था गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्को वार्षिक आय व्यय तथा पूरक आय व्ययको विवरण तयार गर्ने,

(ङ) परिषद्बाट स्वीकृत बजेटको अधीनमा रही परिषद्को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्को आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्ने,

(छ) परिषद् र स्वास्थ्य व्यवसायीहरुबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) परिषद्ले निर्देशन दिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद–८
## निर्वाचन सम्बन्धी व्यवस्था

२९. निर्वाचन : ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) को प्रयोजनको लागि देहायका विषय समूहका दर्तावाला स्वास्थ्य व्यवसायीको प्रत्येक समूहबाट एकजनाको दरले चारजना सदस्य पदको लागि निर्वाचन हुनेछ :–

(क) जनस्वास्थ्य समूह,

(ख) चिकित्सा समूह,

◄(ग) चिकित्सा विज्ञान प्रयोगशाला, रेडियोलोजी, भौतिक चिकित्सा तथा पुनस्थापना समूह,

◄(घ) आयुर्वेद, दन्त विज्ञान, नेत्र विज्ञान तथा विविध समूह ।

३०. मतदाता : (१) निर्वाचन समितिको गठन हुँदाको बखत परिषद्मा नाम दर्ता भैसकेका स्वास्थ्य व्यवसायीहरु सम्बन्धित विषय समूहबाट परिषद्मा प्रतिनिधित्व हुने सदस्य पदको निर्वाचनमा मतदाता हुनेछन् ।

◄(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरु परिषद्को सदस्य पदको निर्वाचनमा मतदाता हुन सक्ने छैनन् :–

(क) नियम ८ को उपनियम (२) बमोजिम नाम दर्ता भएका गैर नेपाली नागरिक,

◄ पहिलो संशोधनद्वारा संशोधित ।



(ख) दर्ता कितावबाट नाम हटाइएका स्वास्थ्य व्यवसायी ।

(ग) नियमावली अनुसार अद्यावधिक नभएका स्वास्थ्य व्यवसायी ।

३१. उम्मेदवारको योग्यताः निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :–

(क) स्वास्थ्य व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) स्वास्थ्य व्यवसायमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) परिषद्मा आफू उम्मेदवार हुन चाहेको समूहसँग सम्बन्धित विषय समितिमा नाम दर्ता भएको ।

३२. निर्वाचित भएको मानिने : (१) निर्वाचनमा सबै भन्दा बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित भएको मानिनेछ ।

(२) तर कुनै समूहमा हुने निर्वाचनको लागि एक मात्र उम्मेदवार खडा भएमा त्यस्ता उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिनेछ ।

३३. निर्वाचन समिति : (१) परिषद्ले नियम ३१ बमोजिम निर्धारित योग्यता भएका व्यक्तिहरुमध्येबाट एकजना सदस्यको अध्यक्षतामा अन्य दुईजना सदस्यहरु भएको तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निर्वाचन समिति निर्वाचनको परिणाम प्रकाशन भएपछि स्वतः विघटन हुनेछ ।

(३) यस नियमावली बमोजिम निर्वाचन सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च परिषद्को कोषबाट व्यहोरिनेछ ।

३४. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार : (१) निर्वाचनको लागि मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा दावी विरोधको सुनुवाई गर्ने, अन्तिम मतदाता नामावलीको प्रकाशन गर्ने, उम्मेदवारको मनोनयन पत्र जाँच्ने, मनोनयन पत्रमा दाबी विरोधको सुनुवाई गर्ने, मतदान केन्द्र तोक्ने, मतदान गराउने, मत गणना गर्ने र निर्वाचनको परिणामको घोषणा गर्ने जस्ता निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकारको प्रयोग निर्वाचन समितिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा निर्वाचन सम्बन्धी फारामहरुको ढाँचाहरु तोक्ने, निर्वाचनको लागि अन्य आवश्यक निर्देशिकाहरु जारी गर्न र निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने व्यक्तिहरुलाई काममा लगाउन सक्नेछ ।

## परिच्छेद–९
## विविध

◄३५. सजायः (१) कसैले ऐनको दफा २० विपरीत स्वास्थ्य व्यवसाय गरेमा निजलाई पच्चीस हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) कसैले उपनियम (१) मा लेखिएदेखि बाहेक ऐन वा यस नियमावली विपरीत अन्य काम गरेमा निजलाई दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

◄ पहिलो संशोधनद्वारा संशोधित ।

३६. नाम दर्ताको अभिलेख अद्यावधिक राख्नु पर्ने : (१) यस नियमावली बमोजिम परिषद्मा नाम दर्ता गरिएको प्रत्येक स्वास्थ्य व्यवसायीको नाम रजिष्ट्रारले विषयगत तथा तहगत रुपमा खडा गरिएको दर्ता किताबमा अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को दर्ता किताबमा अद्यावधिक रुपमा राखिएको स्वास्थ्य व्यवसायीहरुको नाम प्रत्येक पाँच वर्षमा परिषद्ले सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

◄ ३७. विवरण र शुल्क दाखिला गर्नु पर्नेः (१) प्रत्येक दर्तावाला स्वास्थ्य व्यवसायीले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोके बमोजिमको ढाँचामा विवरण फाराम भरी परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण फाराम साथ स्वास्थ्य व्यवसायीले नियम ४ मा उल्लिखित दस्तुरको पचास प्रतिशत रकम शुल्क बापत परिषद्मा दाखिला गर्नु पर्नेछ,

(३) उपनियम (१) र (२) बमोजिम विवरण फाराम र शुल्क पेश वा दाखिल नगर्ने स्वास्थ्य व्यवसायीको नाम अद्यावधिक सूचीमा समावेश गरिने छैन र निज परिषद्को कुनै पनि पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन् ।

३८. समिति गठन गर्न सक्ने : (१) परिषद्ले कुनै नीतिगत विषयमा निर्णय गर्नु पर्दा तत्सम्बन्धी विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न सदस्यहरु र आवश्यकतानुसार विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्याविधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

३९. अनुसूचीमा थपघट वा हेरफेर गर्ने अधिकारः नेपाल सरकारले परिषद्को सल्लाहमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

◄ पहिलो संशोधनद्वारा संशोधित ।



## अनुसूची-१
(नियम ५को उपनियम (१) सँग सम्बन्धित)
### नाम दर्ताको लागि दरखास्त दिने फाराम

हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

श्री नेपाल स्वास्थ्य व्यवसायी परिषद्,
काठमाडौं ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १६ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम ५ बमोजिम नेपाल स्वास्थ्य व्यवसायी परिषद्को दर्ता किताबमा नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेश गरेको छु ।

१. पूरा नाम र थर : ...........................................................................
२. NAME : (IN BLOCK LETTERS)
३. जन्म मिति :...................................................................................
४. बाबुको नाम :- ..............................................................................
५. बाजेको नाम :- ..............................................................................
६. विवाहिता भए पति वा पत्नीको नाम :- ...................................................
७. स्थायी ठेगानाः अञ्चलः…………… जिल्लाः ……..………गा.वि.स. ⁄ नगरपालिका……वार्ड नं. ……टोल ………………… गाउँ
अस्थायी ठेगानाः अञ्चल : ………… जिल्लाः ……………गा.वि.स. ⁄ नगरपालिक……………वार्ड नं. … …..टोल ………… गाउँ ………………
८. पत्र व्यवहार गर्ने ठेगाना :- ..............................................................
९. कुनै स्वास्थ्य संस्थामा कार्यरत भए सो संस्थाको नाम :-
ठेगानाः-
१०. हाल दर्ता हुन चाहेको विषय : ............................तह ..........................
११. यस भन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भए :-
परिषद्को नाम :-
दर्ता नं. ............... मिति ................ विषय ................तह ..............
१२. शैक्षिक योग्यता वा उपाधिको विवरण
(क) सामान्य

| क्र. सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) व्यावसायिक

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ। भट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदकको

हस्ताक्षर..........................
पूरा नाम, थर ..................
मिति ..............................

दृष्टव्यः दरखास्तवालाले दरखास्त साथ पासपोर्ट साइजको तीन प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ।



## अनुसूची–२
(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
### दर्ता किताब

दर्तावाला स्वास्थ्य व्यवसायीको फोटो

दर्ता नं. :
पेज नं. :
नाम :
ठेगाना :
बाबुको नाम :
कार्यरत संस्था र ठेगाना :
शैक्षिक योग्यता :

(क) सामान्य
१.
२.
३.
४.

(ख) व्यावसायिक
१.
२.
३.
४.

प्रमाणपत्र वाहकको हस्ताक्षर

परिषद्को निर्णय मिति :
दर्ता मिति :
विवरण भर्नेको सही :
रजिष्ट्रारको हस्ताक्षर :
विवरण थप तथा परिवर्तन आदि

| मिति | विवरण | विवरण भर्नेको सही | रजिष्ट्रारको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-३
(नियम १० को उपनियम (१) सँग सम्बन्धित)
नेपाल स्वास्थ्य व्यवसायी परिषद्
दर्ता प्रमाणपत्र

| दर्ता प्रमाणपत्र पाउनेको फोटो |
|---|

......................
अञ्चल ................. जिल्ला ........................ नगरपालिका/गाउँ विकास समिति, वार्ड नं. ............... बस्ने वर्ष ....................को ...............श्री .......................लाई परिषद्को मिति ......................को निर्णय अनुसार ........................ विषयको .......................तहमा दर्ता किताबमा नाम दर्ता गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १७ को उपदफा (४) तथा नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम १० बमोजिम यो दर्ता प्रमाणपत्र दिइएको छ।

दर्ता नम्बर :

दर्ता प्रमाणपत्र जारी भएको मिति :

परिषद्को छाप :

हस्ताक्षर ..........................

नाम ............................

रजिष्ट्रार

दृष्टव्यः गैर नेपाली नागरिकको हकमा यो प्रमाणपत्र जारी भएको मितिले एक वर्षसम्मको लागि मात्र मान्य हुनेछ।



## अनुसूची-४
(नियम ११ सँग सम्बन्धित)
नेपाल स्थास्थ्य व्यवसायी परिषद्

नाम दर्ता नभएको जानकारी

श्री ...............................
....................................
...................................

तपाईले परिषद्मा नाम दर्ता गराउनको लागि मिति ....................मा दिनु भएको दरखास्त उपर जाँचबुझ हुँदा देहायको कारणले तपाईको नाम परिषद्को दर्ता किताबमा दर्ता नगर्ने निर्णय परिषद्बाट मिति ..........................मा भएको जानकारी गराउँदछु।

नाम दर्ता नगरिएको कारणः

(क)
(ख)
(ग)

हस्ताक्षर
..........................
नाम :
............................
रजिष्ट्रार

.........

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

दृष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

# मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५८।१०।२२

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ प्रारम्भ भएको मितिदेखि प्रारम्भ हुनेछ।[*]

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–

(क) "ऐन" भन्नाले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ सम्झनु पर्छ।

(ख) "मृगौला" भन्नाले मानव शरीरको मृगौला सम्झनु पर्छ।

३. अनुमतिपत्र : (१) ऐनको दफा ४ बमोजिम मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउन चाहने स्वास्थ्य संस्थाले तत्सम्बन्धी काम गर्ने अनुमतिपत्रको लागि अनुसूची–१ बमोजिमको दस्तुर सहित अनुसूची–२ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि त्यस्तो दरखास्त दिने स्वास्थ्य संस्थामा अनुसूची–३ बमोजिमको भौतिक साधन, जनशक्ति तथा अन्य आवश्यक सुविधाको वन्दोवस्त भए नभएको र त्यस्ता जनशक्तिले अनुसूची–४ र ५ बमोजिमको योग्यता प्राप्त गरे नगरेको सम्बन्धमा समितिले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सो बमोजिम भएको देखिएमा समितिले त्यस्तो स्वास्थ्य संस्थालाई अनुसूची–६ बमोजिमको ढाँचामा मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्रदान गर्नेछ।

४. व्यक्तिगत इजाजतपत्रको लागि दरखास्त दिने : (१) ऐनको दफा ७ को प्रयोजनको लागि मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउन चाहने चिकित्सकले व्यक्तिगत इजाजतपत्रको लागि अनुसूची–१ बमोजिमको दस्तुर तथा अनुसूची–४ बमोजिमको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत संलग्न गरी अनुसूची–७ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि समितिले आवश्यक जाँचबुझ गर्दा त्यस्तो चिकित्सकले अनुसूची–४ बमोजिमको योग्यता प्राप्त गरेको देखिएमा दरखास्तवाला चिकित्सकलाई ऐनको दफा ८ को प्रयोजनको लागि अनुसूची–८ बमोजिमको ढाँचामा मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउने व्यक्तिगत इजाजतपत्र प्रदान गर्नेछ।

५. अनुमतिपत्रको नवीकरण र दस्तुर : (१) अनुमतिपत्र प्राप्त संस्थाले ऐनको दफा ९ को उपदफा (१) बमोजिम तोकिएको अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै अनुमतिपत्र नवीकरणको लागि नियम ३ को उपनियम (१) बमोजिम तोकिएको दस्तुरको पचास प्रतिशत रकम संलग्न गरी अनुसूची–९ बमोजिमको ढाँचामा अनुमतिपत्र नवीकरणको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची–३ मा उल्लेख भए बमोजिमको भौतिक साधन, जनशक्ति तथा अन्य आवश्यक सेवा तथा सुविधाहरु नियमित रुपमा बन्दोबस्त गर्दै आएको र ऐनको दफा २९ बमोजिम समय–समयमा दिएको आदेश तथा निर्देशनहरु पालना गरेको पाईएमा समितिले त्यस्तो स्वास्थ्य संस्थाले पाएको मृगौला प्रत्यारोपण सेवा सञ्चालन अनुमतिपत्रको नवीकरण गरी अनुसूची–१० बमोजिमको ढाँचाको प्रमाणपत्र दिनेछ।

६. मस्तिष्क मृत्यु (ब्रेन डेथ) : ऐनको दफा १६ को उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि मस्तिष्क मृत्यु (ब्रेन डेथ) भन्नाले कुनै व्यक्तिको मस्तिष्क (मस्तिष्क स्टेम समेत) को ग्रहण गर्ने (रिसेप्टिभ) र प्रतिकृया दिने (रेस्पोन्सिभ) कृयाकलाप पुनः कार्यावस्थामा ल्याउन नसकिने गरी रोकिनुको साथै आँखाको गेडीको गति (आई मुभमेन्ट), कर्नियाको प्रतिकृया (कर्नियल रिफ्लेक्शन), निल्न सक्ने क्षमता (स्वालोइङ्ग) र गतिशीलता (मोटर एक्टीभिटी) समेत रोकिएको अवस्था सम्झनु पर्छ।

७. सम्बन्धित चिकित्सकले प्रमाणित गर्ने कागजातको ढाँचा : ऐनको देहायको दफाको प्रयोजनको लागि सम्बन्धित चिकित्सकले प्रमाणित गरिदिने कागजातको ढाँचा देहाय बमोजिमको हुनेछ :–

(क) दफा १५ को उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि अनुसूची–११ बमोजिमको,

[*] उक्त ऐन २०५८ माघ २२ गतेबाट प्रारम्भ भएकोले यो नियमावली समेत सोही मितिबाट प्रारम्भ भएको (ने.रा.प. २०५८।१०।२२)।

(ख) दफा १५ को उपदफा (१) को खण्ड (घ) को प्रयोजनको लागि अनुसूची–१२ बमोजिमको ।

८. मञ्जुरीनामाको ढाँचा : देहाय बमोजिमको मञ्जुरीनामाको ढाँचा देहाय बमोजिमको हुनेछ :–

(क) दफा १५ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि अनुसूची–१३ बमोजिमको,

(ख) ऐनको दफा १६ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि अनुसूची–१४ बमोजिमको,

(ग) खण्ड (ख) बमोजिम मञ्जुरीनामा दिने दाताको मृत्यु पश्चात् निजको शरीरबाट मृगौला झिक्न निजको नजिकको नातेदारले दिने मञ्जुरीनामा अनुसूची–१५ बमोजिमको,

(घ) दफा १९ को उपदफा (१) को प्रयोजनको लागि अनुसूची–१६ बमोजिमको ।

९. कागजात उपलब्ध गराउनु पर्ने : अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्थाले मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने क्रममा नियम ७ र ८ बमोजिम प्राप्त हुन आएको कागजातको एक प्रति प्रत्येक पटक त्यस्तो सेवा सम्पन्न गरेको मितिले सात दिनभित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।

१०. अधिकारी तोकिएको : ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि समितिलाई अधिकारी तोकिएको छ ।

११. बैठक भत्ता : (१) समितिको बैठकमा भाग लिए बापत समितिका अध्यक्ष, सदस्य तथा पर्यवेक्षकले अनुसूची–१७ मा उल्लेख भए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१२. निर्देशिका बनाउन सक्ने : ऐनको दफा २९ को प्रयोजनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

१३. अनुसूची संशोधन गर्ने अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।



## अनुसूची–१
### (नियम ३ को उपनियम (१) र नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
### अनुमतिपत्र र व्यक्तिगत इजाजतपत्र दस्तुर

(क) मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्रको लागि दश हजार रुपैयाँ,

(ख) व्यक्तिगत इजाजतपत्रको लागि एक हजार रुपैयाँ ।

अनुसूची–२
(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)
## मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्रको लागि दिईने दरखास्त

श्री अङ्ग प्रत्यारोपण समन्वय समिति,

काठमाडौं ।

विषय :– अनुमतिपत्र उपलब्ध गराउने बारे ।

मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र आवश्यक परेकोले आवश्यक दस्तुर सहित देहायको विवरण खोली ऐनको दफा ४ र नियमावलीको नियम ३ को उपनियम (१) बमोजिम यो दरखास्त दिइएको छ ।

दरखास्त दिने स्वास्थ्य संस्थाको,–

नाम :–......................................

ठेगाना :–...................................

स्वास्थ्य संस्था दर्ता प्रमाणपत्र जारी गर्ने कार्यालय :–.................................

दर्ता नं. :–......................................

दर्ता मिति :–......................................

स्वास्थ्य संस्थाको नवीकरण गराउनु पर्ने भए म्याद समाप्त हुने मिति :– ........................

अङ्ग प्रत्यारोपण सेवा उपलब्ध गराउनको लागि यस स्वास्थ्य संस्थासँग विद्यमान रहेका भौतिक साधन, जनशक्ति तथा अन्य आवश्यक सेवा तथा सुविधाको विवरण यसैसाथ संलग्न गरिएकोछ ।

माथि उल्लिखित बेहोरा र यसैसाथ संलग्न विवरण ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

स्वास्थ्य संस्थाको छाप स्वास्थ्य संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको,–

नाम :–................................

दस्तखत :–...........................

दर्जा :–................................

मिति :–................................



अनुसूची–३
(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)
## स्वास्थ्य संस्थाले बन्दोबस्त गर्नु पर्ने भौतिक साधन, जनशक्ति तथा अन्य आवश्यक सेवा तथा सुविधा

(क) भौतिक साधन
- (१) रिर्भस अस्मोसीस लगायत चालू अवस्थाको हेमोडायलाइसीस मेशीन, (कम्तीमा दुईवटा)
- (२) एनेस्थेसियासँग सम्बन्धित आवश्यक औजार तथा उपकरण,
- (३) मृगौला प्रत्यारोपणको लागि दाता र ग्रहण गर्ने दुवै व्यक्तिको एकै समयमा अप्रेशन गर्न आवश्यक औजार तथा उपकरण,
- (४) भेन्टीलेटर, (कम्तीमा दुईवटा)
- (५) मनीटर, (कम्तीमा दुईवटा)
- (६) अत्याधिक संक्रमणशील बिरामीको लागि चालू अवस्थाको हेमोडायलाइसीस मेशीन र
- (७) कलरडप्लर ।

(ख) जनशक्ति

| | | संख्या |
|---|---|---|
| (१) | नेफ्रोलोजिष्ट | कम्तीमा एकजना |
| (२) | मृगौला प्रत्यारोपण शल्य | कम्तीमा एकजना |
| (३) | एनेस्थेसियोलोजिष्ट | कम्तीमा दुईजना |
| (४) | रेडियोलोजिष्ट | कम्तीमा एकजना |
| (५) | प्याथोलोजिष्ट | कम्तीमा एकजना |
| (६) | कार्डियोलोजिष्ट, न्यूरोलोजिष्ट, [ϕ]कार्डियो भास्कुलर सर्जन, साईकियाट्रिष्ट र डेण्टल शल्य सेवा, | |

(ग) अन्य आवश्यक सेवा तथा सुविधा
- (१) सुविधा सम्पन्न हेमोडायलासीस यूनिट,
- (२) सुविधा सम्पन्न सर्जिकल इन्टेन्सीभ केयर यूनिट,
- (३) सुविधा सम्पन्न प्याथोलोजी ल्याब, (यूरीया, क्रियाटिनिन, इलेक्ट्रोलाईटको व्यवस्था सहितको चौबीसै घण्टा सेवा)
- (४) सुविधा सम्पन्न अप्रेशन थिएटर,
- (५) सुविधा सम्पन्न पोष्ट अपरेटिभ वार्ड,
- (६) सुविधा सम्पन्न एच.एल.ए. (हयूमन ल्यूकोसाइट इन्टिजेन) ल्याब र
- (७) ब्लड ग्यास एनालाइसिस सेवा ।

खण्ड (क) को उपखण्ड (६) र (७) बमोजिमको भौतिक साधन, खण्ड (ख) को उपखण्ड (६) बमोजिमको जनशक्ति र खण्ड (ग) को उपखण्ड (६) र (७) बमोजिमका सेवा तथा सुविधा सम्बन्धित स्वास्थ्य संस्थामा नरहे तापनि आवश्यक परेमा जुनसुकै समयमा पनि त्यस्ता भौतिक साधन, जनशक्ति र सेवा तथा सुविधा अन्य कुनै स्वास्थ्य संस्था वा विशेषज्ञ मार्फत उपलब्ध हुन सक्ने गरी त्यस्तो स्वास्थ्य संस्था वा विशेषज्ञसँग सम्झौता गरेको सम्झौतापत्र पेश गरे पनि हुनेछ ।

ϕअनुसूची–४

---

[ϕ] मिति २०६५।४।१६ को नेपाल राजपत्रको सूचनाबाट थप ।

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)
मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउन व्यक्तिगत इजाजत प्राप्त गर्न चिकित्सकको योग्यता तथा अनुभव

ऐनको दफा ८ र नियम ४ को उपनियम (१) को प्रयोजनको लागि मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्न चाहने चिकित्सकले व्यक्तिगत इजाजतपत्र लिनको लागि देहाय बमोजिमको योग्यता हासिल गरेको हुनु पर्नेछ :-

(क) सर्जन– मान्यता प्राप्त शिक्षण संस्थाबाट मृगौला प्रत्यारोपण सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको वा यूरोलोजी वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित विषयमा निरन्तर दुई वर्षको कार्यानुभव प्राप्त गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट मृगौला प्रत्यारोपण सम्बन्धी विषयमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको ।

(ख) नेफ्रोलोजिष्ट– मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि हासिल गरी नेफ्रोलोजीमा स्नातक (डिप्लोमा) को उपाधि हासिल गरेको वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि हासिल गरी नेफ्रोलोजीमा कम्तीमा निरन्तर दुई वर्षको कार्य अनुभव हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट मृगौला प्रत्यारोपण सम्बन्धी विषयमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरको ।

ϕ मिति २०६५।४।१६ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर ।



ϕअनुसूची– ५
(नियम ३ को उपनियम (२) संग सम्बन्धित)
मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थामा रहने अन्य चिकित्सकको आवश्यक योग्यता तथा अनुभव

(क) एनेस्थेसियोलोजिष्ट– मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसिया विषयमा स्नातकोत्तर उपाधि हासिल गरी एनेस्थेसिया सम्बन्धी कार्यमा केन्द्रीय स्तरको अस्पताल वा प्रचलित कानून बमोजिम संस्थापित स्वास्थ्य संस्था, प्रतिष्ठान वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्थामा कम्तीमा निरन्तर छ महिनाको कार्य अनुभव हासिल गरेको ।

वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसिया विषयमा स्नातक (डप्लोमा( उपाधि हासिल गरी सो सम्बन्धी कार्यमा कम्तीमा निरन्तर एक वर्षको कार्य अनुभव प्राप्त गरेको ।

(ख) रेडियोलोजिष्ट– मान्यता प्रापत शिक्षण संस्थाबाट रेडियोलोजी विषयमा स्नातकोत्तर उपाधि हासिल गरी रेडियोलोजी सम्बनधी कार्यमा केन्द्रीयस्तरको अस्पताल वा प्रचलित कानून बमोजिम संस्थापित स्वास्थ्य संस्था, प्रतिष्ठान वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्थामा कम्तीमा निरन्तर छ महिनाको कार्य अनुभव हासिल गरेको ।

वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजी विषयमा स्नातक ( डिप्लोमा) उपाधि हासिल गरी सो सम्बान्धी कार्यमा कम्तीमा निरन्तर एक वर्षको कार्य अनुभव प्राप्त गरेको ।

(ग) प्याथोलोजिष्ट– मान्यता प्राप्त शिक्षण संस्थाबाट प्याथोलजी विषमया स्नातकोत्तर उपाधि हासिल गरी प्याथोलोजी सम्बन्धी कार्यमा केन्द्रीय स्तरको अस्पताल वा प्रचलित कानून बमोजिम संस्थापित स्वास्थ्य संस्था, प्रतिष्ठान वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्थामा कम्तीमा निरन्तर छ महिनाको कार्य अनुभव हासिल गरेको ।

वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट प्याथोलोजी विषयमा स्नातक (डिप्लोमा) उपाधि हासिल गरी सो सम्बन्धी कार्यमा कम्तीमा निरन्तर एक वर्षको कार्य अनुभव प्राप्त गरेको ।

ϕ मिति २०६५।४।१६ को नेपाल राजपत्रको सूचनाबाट हेरफर ।

## अनुसूची-६
### (नियम ३ को उपनियम (२) सँग सम्बन्धित)
### अङ्ग प्रत्यारोपण समन्वय समिति, काठमाडौं
### मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्र

श्री ...........................
................................

मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्रको लागि मिति .................. मा त्यस संस्थाबाट दिईएको दरखास्त उपर आवश्यक जाँचबुझ गरी अङ्ग प्रत्यारोपण समन्वय समितिको बैठकमा पेश हुँदा त्यस संस्थालाई मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिने मिति ....................... मा निर्णय भएकोले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा ५ को उपदफा (१) र मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ३ को उपनियम (२) बमोजिम यो अनुमतिपत्र दिईएको छ ।

यो अनुमतिपत्र दुई वर्षसम्म बहाल रहनेछ ।

अनुमतिपत्र दिने अधिकारीको,-

नाम :- ..............................

दस्तखत :- ..........................

मिति :- ..............................

दर्जा :- सदस्य-सचिव

अङ्ग प्रत्यारोपण समन्वय समिति :-



## अनुसूची-७
### (नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
### मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने व्यक्तिगत इजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्तवालाको हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो यहाँ टाँस्ने

श्री अङ्ग प्रत्यारोपण समन्वय समिति,
काठमाडौं ।

विषय :- व्यक्तिगत इजाजतपत्र पाउँ ।

मृगौला प्रत्यारोपण सेवा गर्नको लागि व्यक्तिगत इजाजतपत्र आवश्यक परेकोले आवश्यक दस्तुर सहित ऐनको दफा ७ र नियमावलीको नियम ४ को उपनियम (१) बमोजिम यो दरखास्त दिएको छु ।

मैले प्राप्त गरेको देहाय बमोजिमको शैक्षिक उपाधिको प्रमाणित प्रतिलिपि र अनुभवको प्रमाण यसैसाथ संलग्न गरेको छु ।

| क्र.सं. | प्राप्त शैक्षिक उपाधि वा तालिम | अध्ययन अवधि | उपाधि प्रदान गर्ने संस्थाको नाम र ठेगाना | श्रेणी | उपाधि प्राप्त गरेको साल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लिखित व्यहोरा ठीक साँचो छ, झुटटा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

ल्याप्चे

| दायाँ | बायाँ |
|---|---|
| | |

दरखास्त दिने चिकित्सकको,-
नाम :- ...........................
दस्तखत :- ........................
मिति :- ...........................
नेपाल मेडिकल काउन्सिलको दर्ता नं. र मिति :-
ठेगाना :-

## अनुभव प्रमाणित गर्ने ढाँचा

(क) केन्द्रीय स्तरको अस्पतालमा काम गरेको हकमा

.......................... को छोरा/छोरी/पत्नी ......................... (ठेगाना) मा बस्ने ...... वर्ष ..... को श्री/श्रीमती/सुश्री ...................................... ले यस अस्पतालको निम्न पदमा निम्न अवधिसम्म काम गरेको व्यहोरा प्रमाणित गर्दछु।

| अस्पतालको नाम | वहाल रहेको पदको नाम | श्रेणी वा तह | स्थायी, अस्थायी वा करार | नियुक्ति भएको वा काम गरेको मिति | कुन मितिसम्म उक्त पदमा रही काम गरेको हो | हालसम्म उक्त पदमा रही कार्यरत रहे नरहेको | सो पदमा रही गरेको कामको मुख्य मुख्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपरोक्त विवरण ठीक छ भनी प्रमाणित सम्बन्धित चिकित्सकको,-

गरिदिने अस्पताल प्रमुखको,-

दस्तखतः-

मितिः- नामः-

दस्तखतः-

मितिः-

दर्जाः-

अस्पतालको नामः-

अस्पतालको छापः-

(ख) विदेशी अस्पतालमा काम गरेको अनुभव सम्बन्धित निवेदकले पेश गरेको कागजातको आधारमा समितिले प्रमाणित गरिदिनेछ।



## अनुसूची–८
(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)
अङ्ग प्रत्यारोपण समन्वय समिति, काठमाडौं
मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउने व्यक्तिगत ईजाजतपत्र

श्री ............................

............................

मृगौला प्रत्यारोपण सेवा उपलब्ध गराउने व्यक्तिगत इजाजतपत्रको लागि मिति .................. मा तपाईले दिनु भएको दरखास्त उपर आवश्यक जाँचबुझ गरी अङ्ग प्रत्यारोपण समन्वय समितिको बैठकमा पेश हुँदा तपाईलाई मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने व्यक्तिगत ईजाजतपत्र दिने मिति ................. मा निर्णय भएकोले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा ८ र मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ४ को उपनियम (२) बमोजिम यो व्यक्तिगत इजाजतपत्र दिईएको छ।

व्यक्तिगत इजाजतपत्र दिने अधिकारीको,-

नाम :- ............................

दस्तखत :- ............................

मिति :- ............................

दर्जा :- सदस्य-सचिव

अङ्ग प्रत्यारोपण समन्वय समिति

## अनुसूची-९
### (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)
### अनुमतिपत्र नवीकरणको लागि दिईने दरखास्त

श्री अङ्ग प्रत्यारोपण समन्वय समिति,

काठमाडौं ।

विषय :- अनुमतिपत्र नवीकरण गरी पाउँ ।

त्यस समितिबाट प्रदान गरिएको मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्न आवश्यक परेकोले आवश्यक दस्तुर सहित मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा ९ को उपदफा (२) र मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ५ को उपनियम (१) बमोजिम यो दरखास्त दिएको छु ।

स्वास्थ्य संस्थाको छाप

स्वास्थ्य संस्थाको तर्फबाट

नाम :- ..........................

दस्तखत :- .....................

दर्जा :- ..........................

मिति :- .........................

दरखास्त दिने व्यक्तिको,-



## अनुसूची-१०
### (नियम ५ को उपनियम (२) सँग सम्बन्धित)
### अङ्ग प्रत्यारोपण समन्वय समिति, काठमाडौं
### अनुमतिपत्र नवीरकण गरेको प्रमाणपत्र

श्री ..............................

..............................

मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणको लागि मिति ............................. मा त्यस संस्थाले दिएको दरखास्त अङ्ग प्रत्यारोपण समन्वय समितिको मिति ..................... को बैठकमा पेश हुँदा त्यस संस्थाको नाउँमा जारी भएको मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने अनुमतिपत्र मिति ............. देखि मिति ............. सम्मको लागि नवीकरण गर्ने निर्णय भएकोले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा ९ को उपदफा (३) र मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ५ को उपनियम (२) बमोजिम यो प्रमाणपत्र दिईएकोछ ।

अनुमतिपत्र नवीकरण गर्ने अधिकारीको,-

नाम :- ...........................

दस्तखत :- .......................

मिति :- ...........................

दर्जा :- सदस्य-सचिव

अङ्ग प्रत्यारोपण समन्वय समिति

## अनुसूची-११
### (नियम ७ को खण्ड (क) सँग सम्बन्धित)
### अङ्ग प्रत्यारोपण गर्न आवश्यक भएको भनी सम्बन्धित चिकित्सकले प्रमाणित गरिदिने व्यहोरा

......................... बस्ने वर्ष ..... को श्री ....................................................... (बिरामीको नाम) को स्वास्थ्य परीक्षण गर्दा निजको शरीरमा रहेका दुवै मृगौला काम नलाग्ने गरी नासिएका छन् र निजको जीवन रक्षाको लागि निजको शरीरमा रहेका नासिएका मृगौलाको सट्टा एउटा मृगौला प्रत्यारोपण गर्न आवश्यक छ भनी मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १५ को उपदफा (१) को खण्ड (क) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ७ को खण्ड (क) बमोजिम प्रमाणित गर्दछौं ।

प्रमाणित गर्ने नेफ्रोलोजिष्टको,–

१. पूरा नाम र थर :–

दस्तखत :–

मिति :–

नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेशन नं. :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको नाम :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको छाप :–

२. पूरा नाम र थर :–

दस्तखत :–

मिति :–

नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेशन नं. :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको नाम :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको छाप :–



## अनुसूची-१२
### (नियम ७ को खण्ड (ख) सँग सम्बन्धित)
### मृगौला दातालाई शारीरिक असर नपर्ने भनी सम्बन्धित चिकित्सकले प्रमाणित गरिदिने व्यहोरा

........................ बस्ने वर्ष ..... को श्री ....................................................... (बिरामीको नाम) को स्वास्थ्य परीक्षण गर्दा निजको शरीरमा रहेका दुवै मृगौला काम नलाग्ने गरी नासिएका छन् र निजको जीवन रक्षाको लागि निजको शरीरमा रहेको नासिएका मृगौलाको सट्टा एउटा मृगौला प्रत्यारोपण गर्न आवश्यक छ भनी नेफ्रोलोजिष्ट चिकित्सक श्री ................................ र श्री .............................. ले मिति .................... मा प्रमाणित गरिदिनु भए अनुसार निज बिरामीको शरीरमा मृगौला प्रत्यारोपण गर्नको लागि .......................... बस्ने वर्ष ..... को श्री ................................. (दाताको नाम) ले आफ्नो शरीरमा रहेका जोडी मृगौलामध्ये एउटा मृगौला झिकी निज बिरामीको शरीरमा प्रत्यारोपण गर्न मिति .......................... मा मञ्जुरीनामा दिनु भएको र त्यसरी दिनु भएको मञ्जुरीनामा अनुसार निज दाताको शरीरको एउटा मृगौला झिकेको कारणले मात्र निज दाताको तत्कालै मृत्यु नहुने र निज स्थायीरुपबाट अशक्त वा अपाङ्ग नहुने भनी मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १५ को उपदफा (१) को खण्ड (घ) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ७ को खण्ड (ख) बमोजिम प्रमाणित गर्दछौं ।

१. प्रमाणित गर्ने नेफ्रोलोजिष्टको,–

पूरा नाम र थर :–

दस्तखत :–

मिति :–

नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेशन नं. :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको नाम :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको छाप :–

२. प्रमाणित गर्ने शल्य चिकित्सकको,–

पूरा नाम थर :–

दस्तखत :–

मिति :–

नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेशन नं. :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको नाम :–

कार्यरत रहेको स्वास्थ्य संस्थाको छाप :–

## अनुसूची–१३
### (नियम ८ को खण्ड (क) सँग सम्बन्धित)
### जीवित व्यक्तिले मृगौला दान गर्दा दिईने मञ्जुरीनामा

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १५ को प्रयोजनको लागि मेरो शरीरबाट एउटा मृगौला झिकी तपसिलमा लेखिएका मेरो नजिकको ........ नाताको नातेदारको शरीरमा प्रत्यारोपण गर्न म मेरो नजिकको ........... नाताको नातेदारको समेत मञ्जुरी तथा सहमति भएकोले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १५ को उपदफा (१) को खण्ड (ख) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ८ को खण्ड (क) बमोजिम यो मञ्जुरीनामा लेखी दिएको छु।

तपसिल

मृगौला दान दिने व्यक्तिको,–

नाम :–

बाजेको नाम :–

बाबुको नाम :–

विवाहित भए
पति वा पत्नीको नाम :–

उमेर :–

ठेगाना :–

दस्तखत :–

| हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो यहाँ टाँस्ने |
|---|

ल्याप्चे :–

| दायाँ | बायाँ |
|---|---|
| | |

मृगौला ग्रहण गर्ने व्यक्तिको,–

नाम :–

बाजेको नाम :–

बाबुको नाम :–

विवाहित भए
पति वा पत्नीको नाम :–

उमेर :–

ठेगाना :–

| हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो यहाँ टाँस्ने |
|---|



मृगौला दान दिने व्यक्तिको नजिकको नातेदारको,–

(क) नाम :–
उमेर :–
ठेगाना :–
नाता :–
दस्तखत :–
ल्याप्चे :–

| दायाँ | बायाँ |
|---|---|
| | |

(ख) नाम :–
उमेर :–
ठेगाना :–
नाता :–
दस्तखत :–
ल्याप्चे :–

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची-१४
### (नियम ८ को खण्ड (ख) सँग सम्बन्धित)
### मृत्यु पश्चात् मृगौला दान दिन चाहने व्यक्तिले लेखिदिने मञ्जुरीनामा

| हालसालै खिचेको दुवै कान देखिने दाताको पासपोर्ट साईजको फोटो यहाँ टाँस्ने |
|---|

मेरो मृत्यु पश्चात् मेरो शरीरबाट मृगौला झिकी मृगौला आवश्यक भएको जुनसुकै बिरामी व्यक्तिको शरीरमा प्रत्यारोपण गर्न मेरो मञ्जुरी भएकोले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १६ को उपदफा (१) को खण्ड (ख) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ८ को खण्ड (ख) बमोजिम जानी बुझी स्वेच्छाले यो मञ्जुरीनामा लेखी दिएको छु ।

मृत्यु पश्चात् मृगौला दान दिने व्यक्तिको,-

नाम :-

दस्तखत :-

बाजेको नाम :-

बाबुको नाम :-

विवाहित भए

पति वा पत्नीको नाम :-

उमेर :-

ठेगाना :-

मिति :-

ल्याप्चे :-

| दायाँ | बायाँ |
|---|---|
| | |



## अनुसूची-१५
### (नियम ८ को खण्ड (ग) सँग सम्बन्धित)
### मृत्यु पश्चात् दान दिएको मृगौला झिक्न मृतकको नजिकको नातेदारले लेखी दिने मञ्जुरीनामा

श्री ..........................

...............................

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १४ को प्रयोजनको लागि मृत्यु पश्चात् शरीरबाट मृगौला झिकी जो कोहीको शरीरमा प्रत्यारोपण गर्न मेरो/हाम्रो नजिकको नातेदार मृतक ................... ले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १६ को उपदफा (१) को खण्ड (ख) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ८ को खण्ड (ख) बमोजिम जानी बुझी स्वेच्छाले मिति ................. मा मञ्जुरीनामा लेखी दिएको र हाल निजको मृत्यु भएकोले मृतकको ईच्छा बमोजिम निजको शरीरबाट प्रत्यारोपण गर्न म/हामी तपसिलका नजिकको नातेदारको सहमति भएकोले मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम ८ को खण्ड (ग) बमोजिम यो मञ्जुरीनामा लेखिदिएको छु/छौं ।

तपसिल

मृतकको मृगौला दान गर्न मञ्जुरी दिने नजिकको नातेदारको,-

| (क) | (ख) |
|---|---|
| नाम :- | नाम :- |
| दस्तखत :- | दस्तखत :- |
| बाजेको नाम :- | बाजेको नाम :- |
| बाबुको नाम :- | बाबुको नाम :- |
| विवाहित भए पति वा पत्नीको नाम :- | विवाहित भए पति वा पत्नीको नाम :- |
| उमेर :- | उमेर :- |
| मृतकसँगको नाता :- | मृतकसँगको नाता :- |
| ठेगाना :- | ठेगाना :- |
| मिति :- | मिति :- |
| ल्याप्चे :- | ल्याप्चे :- |

| दायाँ | बायाँ |
|---|---|
| | |

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची–१६
### (नियम ८ को खण्ड (घ) सँग सम्बन्धित)
### मृगौला ग्रहण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिको तर्फबाट लेखी दिने मञ्जुरीनामा

..................... जिल्ला ................ ना.पा. ⁄ गा.वि.स. वडा नं. ...... बस्ने वर्ष ..... को ............................... म ⁄ निज मृगौला सम्बन्धी ............. रोगको कारण अस्वस्थ भई सम्बन्धित चिकित्सकबाट मेरो ⁄ निजको स्वास्थ्य जाँच गराउँदा मेरो ⁄ निजको शरीरमा रहेका दुवै मृगौला काम नलाग्ने गरी नासिएकाले र मेरो ⁄ निजको जीवन रक्षाको लागि त्यस्तो नासिएका मृगौलाका सट्टा एउटा मृगौला प्रत्यारोपण गर्न आवश्यक छ भनी सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिएको तथा मेरो ⁄ निजको स्वास्थ्य उपचारको प्रयोजनको लागि दाता ............................... ले जीवित छँदै ⁄ मृत्यु पश्चात् आफ्नो मृगौला झिकी मेरो ⁄ निजको ⁄ जो सुकैको शरीरमा प्रत्यारोपण गर्न मिति ................ मा मञ्जुरी दिए बमोजिम मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १९ को उपदफा (१) तथा मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०५८ को नियम १२ बमोजिम निजदाताको मृगौला प्रत्यारोपणद्वारा ग्रहण गर्न मञ्जुर भएकोले यो मञ्जुरीनामा लेखी दिएकोछु ।

मृगौला ग्रहण गर्न मञ्जुरीनामा दिने व्यक्तिको,–

नाम :–

दस्तखत :–

मिति :–

बाजेको नाम :–

बाबुको नाम :–

बिरामीसँगको नाता :–

ठेगाना :–

मिति :–

ल्याप्चे :–

| दायाँ | बायाँ |
|---|---|
| | |



## अनुसूची–१७
### (नियम ११ सँग सम्बन्धित)

### बैठक भत्ता दर

समितिको बैठकमा भाग लिए बापत समितिको अध्यक्ष, सदस्य तथा पर्यवेक्षकले पाउने बैठक भत्ता प्रति बैठक [ϕ]आठसय रुपैयाँ हुनेछ ।

ϕ मिति २०६५।४।१६ को नेपाल राजपत्रको सूचनाबाट हेरफर ।

# सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६०।९।१०

मुलकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको सुरक्षित गर्भपतन सेवा प्रक्रिया बनाएको छ ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस प्रक्रियाको नाम "सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०" रहेको छ ।

(२) यो प्रक्रिया तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रक्रियामा,–

(क) "सुरक्षित गर्भपतन" भन्नाले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. अनुसार गर्भ तुहाएको नमानिने अवस्थामा गर्न सकिने सुरक्षित गर्भपतन सम्झनु पर्छ ।

(ख) "सेवा" भन्नाले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. मा उल्लिखित व्यवस्थाको अधीनमा रही यस प्रक्रिया बमोजिम उपलब्ध गराइने सुरक्षित गर्भपतन सेवा सम्झनु पर्छ ।

(ग) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम गठन भएको नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भई दफा ३ बमोजिम सूचीकृत चिकित्सक सम्झनु पर्छ ।

(घ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सेवासँग सम्बन्धित व्यावसायिक परिषद्मा नाम दर्ता भई दफा ३ बमोजिम सूचीकृत स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(ङ) "स्वास्य संस्था" भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भई दफा ५ बमोजिम सूचीकृत भएको स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो स्वास्थ्य संस्थाले सेवा प्रदान गर्ने स्थान समेतलाई जनाउँछ ।

(च) "सूची" भन्नाले चिकित्सक तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको नाम सूचीकृत गर्नको लागि अनुसूची–२ र ५ बमोजिम खडा गरिएको सूची सम्झनु पर्छ ।

(छ) "नजिकको नातेदार" भन्नाले सम्बन्धित गर्भवती महिलाको पति, आमा, बाबु, सासू, ससूरा, उमेर पुगेको दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, भतिजा, भतिजी, काका, काकी, मामा, माइजू सम्झनु पर्छ र सो शब्दले तत्कालको संरक्षक समेतलाई जनाउँछ ।

(ज) "विभाग" भन्नाले नेपाल सरकारको स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ।

(झ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ञ) "सम्बद्ध अधिकारी" भन्नाले महानिर्देशक वा निजले तोकेको अधिकारी वा जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा १३ बमोजिम गठन भएको सुरक्षित गर्भपतन सेवा परामर्श समिति सम्झनु पर्छ ।



## परिच्छेद–२

## चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सूचीकरण

३. चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीकृत गराउनु पर्ने : (१) सेवा उपलब्ध गराउन चाहने प्रत्येक चिकित्सक वा स्वास्थ्यकर्मीले आफ्नो नाम सूचीमा सूचीकृत गराउनु पर्नेछ ।

(२) सूचीमा नाम सूचीकृत गराउन चाहने चिकित्सक वा स्वास्थ्यकर्मीले विभागले तोकेको सूचीकरण शुल्क सहित अनुसूची–१ बमोजिमको ढाँचामा सम्बद्ध अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा सम्बद्ध अधिकारीले सात कार्यदिन भित्र त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मीको नाम अनुसूची–२ बमोजिमको ढाँचामा खडा गरिएको सूचीमा सूचीकृत गरी अनुसूची–३ बमोजिमको ढाँचामा सूचीकृत प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीकृत प्रमाणपत्र प्राप्त गरेका प्रत्येक चिकित्सक तथा स्वाथ्यकर्मीले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. को प्रयोजनको लागि सेवा उपलब्ध गराउने इजाजतपत्र प्राप्त गरेको मानिने छ ।

(५) चिकित्सक वा स्वाथ्यकर्मीले प्राप्त गरेको सूचीकृत प्रमाणपत्र आफूले काम गर्ने स्थानमा सबैले देख्न सक्ने गरी टाँस्नु पर्नेछ ।

४. चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीबाट हटाउने वा निलम्बन गर्ने : (१) महानिर्देशक वा निजले तोकेको अधिकारीले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. मा उल्लिखित व्यवस्था विपरीत सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीबाट हटाउनेछ ।

(२) महानिर्देशक वा निजले तोकेको अधिकारीले यस प्रक्रियामा उल्लिखित व्यवस्था विपरीत सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीको नाम विभागले तोकेको अवधिसम्मको लागि सूचीबाट निलम्बन गर्न सक्नेछ ।

(३) महानिर्देशक वा निजले तोकेको अधिकारीले उपदफा (१) वा (२) बमोजिम कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीबाट हटाउने वा निलम्बन गर्ने सम्बन्धमा निर्णय गर्नु अघि सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) महानिर्देशक वा निजले तोकेको अधिकारीले उपदफा (१) वा (२) बमोजिम कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीबाट हटाउने वा निलम्बन गर्ने गरी गरेको निर्णयमा चित नबुझ्ने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र स्वास्थ्य मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(५) कुनै चिकित्सक वा स्वास्थ्यकर्मीले सेवा उपलब्ध गराउन नचाहेमा सोको सूचना सम्बद्ध अधिकारीलाई दिनु पर्नेछ र त्यस्तो सूचना प्राप्त हुन आएमा सम्बद्ध अधिकारीले पनि त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मीको नाम अनुसूची–२ बमोजिमको सूचीबाट हटाईदिनु पर्नेछ ।

(६) मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. मा उल्लिखित व्यवस्थापन विपरीत हुने गरी गर्भपतन गराउने चिकित्सक वा स्वास्थ्यकर्मीको नाम उपदफा (१) बमोजिम सूचीबाट हटाएको कारणले मात्र सोही ऐन बमोजिम कानूनी कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन ।

५. स्वास्थ्य संस्थाको नाम सूचीकरण गराउनु पर्ने : (१) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य संस्थाले सेवा उपलब्ध गराउन चाहेमा सूचीमा आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) सूचीमा नाम सूचीकृत गराउन चाहने स्वास्थ्य संस्थाको अधिकार प्राप्त व्यक्तिले विभागले तोकेको सूचीकरण शुल्क सहित अनुसूची–४ बमोजिमको ढाँचामा सम्बद्ध अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा सम्बद्ध अधिकारीले सात कार्यदिन भित्र अनुसूची–५ बमोजिमको ढाँचामा खडा गरिएको सूचीमा सूचीकृत गरी अनुसूची–६ बमोजिमको ढाँचामा सूचीकृत प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको सूचीकृत प्रमाणपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले प्राप्त गरेको सूचीकृत प्रमाणपत्र कार्यालयमा सबैले देख्ने स्थानमा टाँस्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सरकारी अस्पताल वा स्वास्थ्य संस्थाको नाम सूचीमा सूचीकृत गर्न सक्नेछ र त्यसरी सूचीकृत गरेको सूचनाको जानकारी सम्बन्धित सरकारी अस्पताल वा स्वास्थ्य संस्थालाई उपलब्ध गराउनेछ ।

६. स्वास्थ्य संस्थाको नवीकरण : (१) स्वास्थ्य संस्थाले सूचीकृत प्रमाणपत्रको अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै नवीकरणको लागि विभागले तोकेको नवीकरण शुल्क सहित सम्बद्ध अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको सात कार्य दिनभित्र सम्बद्ध अधिकारीले त्यस्तो स्वास्थ्य संस्थाको सूचीकृत प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(३) कुनै स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमको म्यादभित्र सूचीकृत प्रमाणपत्रको नवीकरणको लागि निवेदन दिन नसकेको मुनासिब कारण खुलाई सूचीकृत प्रमाणपत्र नवीकरण र विलम्ब शुल्क सहित सूचीकृत प्रमाणपत्र बहाल रहने अवधि सम्म निवेदन दिन आएमा सम्बद्ध अधिकारीले सात कार्य दिनभित्र सूचीकृत प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ ।

७. स्वास्थ्य संस्थाको नाम सूचीबाट हटाउने वा निलम्बन गर्ने : (१) महानिर्देशक वा निजले तोकेको अधिकारीले मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा उल्लिखित व्यवस्था विपरीत सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाको नाम सूचीबाट हटाउनेछ ।

(२) महानिर्देशक वा निजले तोकेको अधिकारीले यस प्रक्रियामा उल्लिखित व्यवस्था विपरीत सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाको नाम एक वर्षसम्मको लागि सूचीबाट निलम्बन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै स्वास्थ्य संस्थाको नाम सूचीबाट क्रमशः हटाउने वा निलम्बन गर्ने निर्णय गर्नु अघि सम्बन्धित स्वास्थ्य संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम कुनै स्वास्थ्य संस्थाको नाम सूचीबाट हटाउने वा निलम्बन गर्ने गरी गरेको निर्णयमा चित्त नबुझ्ने स्वास्थ्य संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले



पैंतीस दिनभित्र स्वास्थ्य मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ र त्यसमा सचिवबाट भएको निर्णय अन्तिम हुनेछ ।

(५) कुनै स्वास्थ्य संस्थाले सेवा उपलब्ध गराउन नचाहेमा त्यस्तो स्वास्थ्य संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले सोको सूचना सम्बद्ध अधिकारीलाई दिनु पर्नेछ र सम्बद्ध अधिकारीले पनि त्यस्तो सूचना प्राप्त हुन आएमा त्यस्तो स्वास्थ्य संस्थाको नाम अनुसूची–५ बमोजिमको सूचीबाट हटाईदिनु पर्नेछ ।

(६) मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. मा उल्लिखित व्यवस्था विपरीत हुने गरी गर्भपतन गर्ने गराउने स्वास्थ्य संस्थाको नाम उपदफा (१) बमोजिम हटाएको कारणले मात्र सोही ऐन बमोजिम हुने कानूनी कारबाहीमा कुनै किसिमको बाधा पुऱ्याएको मानिने छैन ।

८. सूची प्रकाशन गर्नु पर्ने : विभागले यस प्रक्रिया बमोजिम तयार गरेको स्वास्थ्य संस्थाको अद्यावधिक सूची प्रत्येक वर्ष सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद–३
## परामर्श र प्रविधि

९. चिकित्सकको राय : (१) कुनै गर्भवती महिलाको गर्भपात नगराएमा देहायको कुनै परिणाम हुन सक्तछ भनी चिकित्सकीय पद्धति तथा सो कुरालाई समर्थन हुने अन्य कुनै आधारमा सम्बन्धित महिलाको मन्जुरीले गर्भपतन गराउनु पर्दा चिकित्सकले अनुसूची–७ बमोजिमको ढाँचामा राय लेखिदिनु पर्नेछ ।

(क) सम्बन्धित गर्भवती महिलाको ज्यानमा खतरा पुग्ने,
(ख) सम्बन्धित गर्भवती महिलाको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुने,
(ग) विकलाङ्ग बच्चा जन्मने ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "बिकलाङ्ग" भन्नाले देहायको कुनै अवस्थालाई जनाउनेछ :–

(क) भ्रुणमा गम्भीर कमी, कमजोरी भएको कारणले गर्भमै मृत्यु हुन सक्ने सम्भावना भएको वा जन्मेर पनि बाँच्न नै नसक्ने गरी गर्भको बच्चामा खराबी रहेको,
(ख) बंशानुको (जेनेटीक) खराबीले वा अन्य कुनै कारणले बच्चामा गम्भीर शारीरिक वा मानसिक अशक्तता हुने अवस्था रहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि देहायको कुनै कारणले गर्भवती महिलाको गर्भपात गराउँदा चिकित्सकको राय आवश्यक पर्नेछैन :–

(क) बाह्र हप्तासम्मको गर्भ सम्बन्धित गर्भवती महिलाको मञ्जुरीले,
(ख) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ सम्बन्धित गर्भवती महिलाको मञ्जुरीले ।

१०. मन्जुरीनामा तथा अन्य कागजात : (१) सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले गर्भपतन गराउने सम्बन्धमा आफ्नो मञ्जुरीनामा अनुसूची–८ बमोजिमको ढाँचामा लेखि सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरक वा मानसिक कारणले होस ठेगाना नभएकी र १६ वर्ष उमेर पूरा नगरेकी महिलाको हकमा त्यस्तो मञ्जुरीनामा सम्बन्धित गर्भवती नजिकको नातेदारले लेखिदिन सक्नेछ ।

(३) चिकित्सक वा स्वास्थ्यकर्मीले उपदफा (१) र (२) बमोजिम प्राप्त मञ्जुरीनामा सम्बन्धित स्वास्थ्य संस्थाको दर्ता रजिष्टरमा दर्ता गरेर दर्ता नम्बर र मिति उल्लेख गर्नु पर्नेछ ।

(४) जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएको भनी सम्बन्धित गर्भवती महिलाले अभिव्यक्त गरेको बयानलाई सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले विश्वसनीय आधार मानी सेवा उपलब्ध गराउनु वा उपयुक्त चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष प्रेषण गर्नु पर्नेछ ।

(५) सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष व्यक्त गरेको बयान र सो बयान समर्थन गर्न सहयोग पुर्‍याउन सक्ने अन्य कुनै प्राविधिक आधार भए सो समेतको आधारमा सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले गर्भमा रहेको भ्रूणको आयु निर्धारण गरी अभिलेखमा जनाउनु पर्नेछ ।

११. प्रविधि तथा परामर्श सेवा : (१) प्रत्येक चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सेवा उपलब्ध गराउँदा सामान्यतया: देहाय बमोजिमको प्रविधि अपनाउनु पर्नेछ :-

(क) बाह्र हप्तासम्मको अवधिको गर्भको लागि म्यानुयल भ्याकुम एसपिरेसन (एम.भि.ए.), ईलेक्ट्रोनिक भ्याकुम एसपिरेसन (ई.भी.ए.), फर्माकोलोजिकल र डायलेटेसन तथा क्यूरेटज (डी एण्ड सी),

(ख) बाह्र हप्ता भन्दा बढी अवधिको लागि खण्ड (क) मा उल्लेखित प्रविधिको अतिरिक्त डायलेटेसन तथा इभाक्वेसन (डी एण्ड ई) र पेशागत हिसाबले उपयुक्त ठहरिएको अन्य कुनै प्रविधि ।

(२) चिकित्सकले सेवा उपलब्ध गराउँदा वा सो विषयमा राय दिंदा वा स्वास्थ्यकर्मीले सेवा उपलब्ध गराउँदा उपदफा (१) बमोजिमको प्रविधिक प्रक्रिया अपनाई सुरक्षित गर्भपतन गराउँदा प्राविधिक दृष्टिले सम्बन्धित गर्भवती महिलालाई हुन सक्ने शारीरिक हानी नोक्सानीको सम्भावित जोखिम, यसका बेफाइदा, विकल्प तथा परिवार स्वास्थ्य एवं परिवार नियोजनका विषयमा समेत परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ ।

१२. गोप्यता कायम राख्नु पर्ने : (१) दफा ९ र १० बमोजिम गर्भवती महिलाले सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई उपलब्ध गराएको चिकित्सकको राय तथा मञ्जुरीनामा लगायतका सबै प्रकारका कागजात तथा अभिलेख सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले सुरक्षित रुपमा राख्नु पर्नेछ । त्यस्ता अभिलेख तथा सोमा उल्लेखित व्यहोरा कसैलाई जानकारी नदिई गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्ता सूचना तथा कागजात उपलब्ध गराउन वा सोमा उल्लिखित व्यहोरा जानकारी दिन बाधा पुर्‍याएको मानिने छैन :-

(क) कुनै मुद्दा मामिलाको अनुसन्धान वा सुनुवाइको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,



(ख) सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन अनुसन्धानको उद्देश्यले सम्बद्ध महिलाको परिचय नहुने गरी उद्धरण गर्न ।

(ग) सम्बन्धित महिला स्वयमले यस सम्बन्धी अभिलेख माग गरेमा ।

(३) सेवा उपलब्ध गराउने क्रममा सम्बन्धित स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम अभिलेख खडा गरेको कागजातको आधारमा आफूले उपलब्ध गराएको सेवाको अद्यावधिक विवरण अनुसूची-९ बमोजिमको ढाँचामा तयार गरी नियमित रुपमा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

## सुरक्षित गर्भपतन सेवा परामर्श समिति

१३. सुरक्षित गर्भपतन सेवा परामर्श समिति : (१) सुरक्षित गर्भपतन सेवामा नेपाल सरकारलाई आवश्यक परामर्श उपलब्ध गराउन देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको सुरक्षित गर्भपतन सेवा परामर्श समितिको गठन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - अध्यक्ष |
| (ख) | प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल | - सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल नर्सिङ्ग परिषद् | - सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | - सदस्य |
| (च) | नेपाल सरकारबाट मनोनीत वरिष्ठ सर्जन | - सदस्य |
| (छ) | निर्देशक, ♣परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल | - सदस्य |
| (ज) | प्रतिनिधि, राष्ट्रिय महिला आयोग | - सदस्य |
| (झ) | अध्यक्ष, निजी नर्सिङ्ग होम एशोसियशन | - सदस्य |
| (ञ) | अध्यक्ष, स्त्री तथा प्रसूति रोग विशेषज्ञ संस्था | - सदस्य |
| (ट) | महिला तथा सुरक्षित गर्भपतन सेवा सम्बन्धी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थामध्ये नेपाल सरकारबाट मनोनीत संस्थाको प्रतिनिधि | - सदस्य |
| (ठ) | कानून अधिकृत, स्वास्थ्य मन्त्रालय | - सदस्य |
| (ड) | निर्देशक, परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग | -सदस्य-सचिव |

(२) समितिले कुनै विशेषज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको सचिवालयको काम विभागको परिवार स्वास्थ्य महाशाखाले गर्नेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

♣ २०६४।६।१३ को नेपाल राजपत्रको सूचनाले नाम परिवर्तन ।

(क) सुरक्षित गर्भपतन सेवा सम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गर्नको लागि नेपाल सरकारलाई आवश्यक सल्लाह, सुझाव एवं सिफारिस उपलब्ध गराउने,

(ख) सुरक्षित गर्भपतन सेवा सरल र सहज ढङ्गबाट सञ्चालन गर्नको लागि सरकारी, गैसरकारी क्षेत्र तथा निजीक्षेत्र बीच समन्वय कायम गरी सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) नेपाल सरकारले तोके बमोजिमको अन्य कार्य गर्ने ।

(६) समितिले आफ्नो कर्तव्य पालना गर्नको लागि विशेषज्ञहरु समेत रहेको आवश्यक संख्यामा उपसमितिको गठन गर्न सक्नेछ । त्यस्तो उपसमितिको काम, कर्तव्य तथा अधिकार तथा कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–५
## विविध

१४. सेवा शुल्क : (१) स्वास्थ्य संस्था, चिकित्सक वा स्वास्थ्यकर्मीले सुरक्षित गर्भपतन सेवा उपलब्ध गराए बापत सेवा उपभोग गर्ने व्यक्तिसंग सेवा शुल्क लिन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम लिने सेवा शुल्कको दर प्रत्येक स्वास्थ्य संस्थाले सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।

१५. प्रतिवेदन पेश गर्नु पर्ने : (१) दफा १२ को उपदफा (३) बमोजिम स्वास्थ्य संस्थाबाट प्राप्त अभिलेखको आधारमा विभागले प्रत्येक वर्ष विवरण तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम विभागबाट प्राप्त विवरणमा उल्लिखित तथ्याङ्कको विश्लेषण गरी सो विषयमा उठेका मुख्य मुख्य समस्या र त्यस्तो समस्या समाधानको लागि अपनाउनु पर्ने रणनीतिको विश्लेषण सहितको विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१६. बचाउ : स्वास्थ्यकर्मी, चिकित्सक वा स्वास्थ्य संस्थाले असल नियतले उपलब्ध गराएको सेवाको विषयलाई लिएर कुनै किसिमको कानूनी कारबाही चलाईने तथा सजाय गरिने छैन ।

१७. अनुसूचीमा संशोधन गर्ने अधिकार : स्वास्थ्य मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस प्रक्रियाको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।



## अनुसूची–१
### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
### चिकित्सक वा स्वास्थ्यकर्मीको नाम सूचीकृत गर्नको लागि दिईने निवेदन

श्रीमान् महानिर्देशकज्यू, / श्रीमान् प्रमुखज्यू,
स्वास्थ्य सेवा विभाग / जिल्ला स्वास्थ्य कार्यालय ।

विषय : नाम सूचीकृत गरी पाऊँ ।

सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने प्रयोजनको लागि खडा गरिएको सूचीमा मेरो नाम समावेश गर्न देहायको विवरण खुलाई सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा ३ को उपदफा (२) बमोजिम यो निवेदन दिएको छु ।

विवरण

१. निवेदन दिनेको नाम र ठेगाना :–
२. आफ्नो नाम दर्ता भएको व्यावसायिक परिषद्को नाम :–
३. व्यावसायिक परिषद्को दर्ता नं. र दर्ता मिति :–
४. शैक्षिक योग्यता :–
   (क)
   (ख)
   (ग)
५. तालिम :–
   (क)
   (ख)
   (ग)
६. सुरक्षित गर्भपतन सेवा प्रदान गर्दा मुलुकी ऐन ज्यान सम्बन्धीको महल र यो प्रक्रियामा उल्लेख भए बमोजिमको व्यवस्था र पेशागत आचरणको पालना गर्नेछु ।
७. सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० बमोजिम सूचीकृत स्वास्थ्य संस्था मार्फत सेवा प्रदान गर्नेछु ।

निवेदकको,–
मिति :–                    हस्ताक्षर :–
नाम :–

## अनुसूची-२
(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**स्वास्थ्य सेवा विभाग /..... जिल्ला स्वास्थ्य कार्यालय चिकित्सक वा स्वास्थ्यकर्मीको सूची**

| क्र.सं. | चिकित्सक वा स्वास्थ्यकर्मीको नाम र ठेगाना | सूचीकृत प्रमाणपत्र नं. र जारी भएको मिति | शैक्षिक उपाधि | तालिम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | किसिम | अवधि | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेको,–
सही :–
नाम :–
दर्जा :–

प्रमाणित गर्नेको,–
सही :–
नाम :–
दर्जा :–



## ♣अनुसूची-३
(दफा ३ को उपदफा (३) संग सम्बन्धित)

**स्वास्थ्य सेवा विभाग/..........जिल्ला स्वास्थ्य कार्यालय**

**चिकित्सक वा स्वास्थ्यकर्मी सूचीकृत प्रमाणपत्र**

श्री .....................................
.....................................

**सूचीकृत प्रमाणपत्र**

सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने चिकित्सक वा स्वास्थ्यकर्मीको सूचीमा नाम समावेश गराउनको लागि दिनु भएको निवेदन बमोजिम सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा ३ को उपदफा (३) बमोजिम तपाईको नाम सूचीकृत गरिएकोले यो प्रमाणपत्र दिईएकोछ ।

१ सेवा उपलब्ध गराउादा सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० बमोजिम सूचीकृत स्वास्थ्य संस्था मार्फत सेवा प्रदान गर्नु पर्नेछ ।

२ सेवा उपलब्ध गराउादा मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ख. नम्बर र यस प्रक्रियामा उल्लिखित व्यवस्था तथा पेशागत आचरणको पालना गर्नु पर्नेछ ।

३ सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने क्रममा देहाय बमोजिमको सेवा उपलब्ध गराउन पाइनेछः–

(क) ९ हप्तासम्मको गर्भपतन सेवा ☐ एम.ए. ☐ एम.भि.ए.
(ख) १२ हप्तासम्मको गर्भपतन सेवा
(ग) १८ हप्तासम्मको गर्भपतन सेवा
(घ) कुनै पनि अवधिको गर्भपतन सेवा

मितिः सूचीकृत प्रमाणपत्र दिने अधिकारीको,–
सहीः
नामः
दर्जाः

♣ मिति २०६७।९।५ को नेपाल राजपत्रको सुचनाबाट हेरफेर ।

## अनुसूची-४
(दफा ५को उपदफा (२) सँग सम्बन्धित)

### स्वास्थ्य संस्थाको नाम सूचीकृत गराउन दिइने निवेदन

श्रीमान् महानिर्देशकज्यू, / श्रीमान् प्रमुखज्यू,
स्वास्थ्य सेवा विभाग / ............ स्वास्थ्य कार्यालय ।

विषय : स्वास्थ्य संस्थाको नाम सूचीकृत गराईपाऊँ ।

सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनको लागि यस संस्थाको नाम सूचीकृत गराई पाउन देहायको विवरण खुलाई सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा ५ को उपदफा (२) बमोजिम यो निवेदन दिएको छु/छौं ।

१. स्वास्थ्य संस्थाको नाम र ठेगाना :-
२. स्वास्थ्य संस्था दर्ता भएको कार्यालय :-
३. स्वास्थ्य संस्थाको दर्ता नं. र मिति :-
४. स्वास्थ्य संस्थाले सञ्चालन गर्ने गरेको अन्य सेवा :-
५. स्वास्थ्य संस्थाको प्रमुख पदाधिकारीको नाम र थर :-
६. स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सञ्चालन गर्दा मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ख. नं. तथा यस प्रक्रियामा उल्लेख भए बमोजिमको व्यवस्थाको पालना गर्नेछु/छौं ।
७. स्वास्थ्य संस्थाबाट अन्य सेवा सञ्चालन गर्न दिएको पत्र संख्या र मिति :-
८. स्वास्थ्य संस्थाबाट पछिल्लो पल्ट त्यस संस्थाको अनुगमन भएको मिति :-

मिति :-
स्वास्थ्य संस्थाको छाप :-

निवेदकको,-
सही :-
नाम :-
दर्जा :-



## अनुसूची-५
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### स्वास्थ्य सेवा विभाग /..... जिल्ला स्वास्थ्य कार्यालय स्वास्थ्य संस्थाको सूची

| क्र.सं. | दर्ता नं. | सूची मिति | स्वास्थ्य संस्थाको नाम र ठेगाना | स्वास्थ्य संस्था प्रमुखको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेको,-
सहि :-
नाम :-
दर्जा :-

प्रमाणित गर्नेको,-
सहि :-
नाम :-
दर्जा :-

## ♣अनुसूची–६

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**स्वास्थ्य सेवा विभाग /.........जिल्ला स्वास्थ्य कार्यालय**

**स्वास्थ्य संस्था सूचीकृत प्रमाणपत्र**

श्री ....................................

विषयः सूचीकृत प्रमाणपत्र प्रदान गरिएको।

सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्नको लागि सूचीकृत गराई पाउन त्यस संस्थाले दिएको दरखास्त उपर कारबाही हुादा गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा ५ को उपदफा (३) बमोजिम त्यस स्वास्थ्य संस्थाको नाम सूचीकृत गर्ने मिति .............को निर्णयानुसार यो सूचीकृत प्रमाणपत्र दिईएको छ।

१ स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा प्रदान गर्दा मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ख. नम्बर तथा यस प्रक्रियामा उल्लेख भए बमोजिमको व्यवस्थाको पालना गर्नु पर्नेछ।

२. सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने क्रममा देहाय बमोजिमको सेवा उपलब्ध गराउन पाइनेछः–

(क) ९ हप्तासम्मको गर्भपतन सेवा ☐ एम.ए. ☐ एम.भि.ए.

(ख) १२ हप्तासम्मको गर्भपतन सेवा

(ग) १८ हप्तासम्मको गर्भपतन सेवा

(घ) कुनै पनि अवधिको गर्भपतन सेवा

मितिः सूचीकृत प्रमाणपत्र जारी गर्नेको,–

सहीः

नामः

दर्जाः

नवीकरण विवरण

| क्रम संख्या | नवीकरण कायम रहने मिति | नवीकरण गर्ने अधिकारीको नाम | हस्ताक्षर र मिति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

♣ मिति २०६७।९।५ को नेपाल राजपत्रको सुचनाबाट हेरफेर ।



## अनुसूची–७

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**चिकित्सकले लेखिदिने रायको ढाँचा**

१. **सुरक्षित गर्भपतन गर्नु पर्ने महिलाको विवरण**

(क) नाम, थर :–

(ख) उमेर :–

(ग) ठेगाना :–

(घ) नजिकको नातेदारको नाम, थर :– नाता :–

उपरोक्त विरामीको जाँच गर्दा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने/गर्भवती महिलाको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुन सक्ने/विकलाङ्ग बच्चा जन्मन सक्ने देखिएकोले सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा ९ को उपदफा (१) बमोजिम सुरक्षित गर्भपतन गर्ने गराउने राय दिइएको छ।

.............................

चिकित्सकको हस्ताक्षर

मिति :–

चिकित्सकको नाम :–

नेपाल मेडिकल काउन्सिलको दर्ता नं.:–

हाल कार्यरत संस्थाको नाम :–

अनुसूची–८

(दफा १० को उपदफा (१) र (२) सँग सम्बन्धित)

## सुरक्षित गर्भपतन सेवाको लागि स्वयं वा नजिकको नातेदारले दिने मञ्जुरीनामा

सुरक्षित गर्भपतन सेवाको आवश्यकता, गर्भपतनका विविध प्रविधि गर्भपतन सेवामा अन्तर्निहित जोखिम, त्यसका विकल्पहरु र यसबाट हुने फाइदा बेफाइदा लगायतका प्राविधिक एवंम व्यावहारिक पक्षमा पूर्ण परामर्श प्राप्त भएकोले सेवा प्राप्त गर्न सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को दफा १० को उपदफा (१) म स्वयंले वा (२) बमोजिम निज गर्भवती महिलाको नजिकको नातेदारको हैसियतले यो मन्जुरीनामा लेखी तपाई चिकित्सक/स्वास्थ्यकर्मी ............................ लाई दिएको छु।

ल्याप्चे (हस्ताक्षर गर्न नजान्नेको हकमा)

| दायाँ | बायाँ |
|---|---|

मञ्जुरीनामा दिनेको,–

हस्ताक्षर :–

नाम थर :–

क) सेवा लिने व्यक्तिको :–

ख) नजिकको नातेदारको :–

उमेर :–

क) सेवा लिने व्यक्तिको :–

ख) नजिकको नातेदारको :–

ठेगाना :–

जिल्ला :–

गाउँ/नगर :–

वडा नं. :–

टोल :–

मिति :–



अनुसूची–९

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

## विवरण अभिलेख

.......................... स्वास्थ्य संस्था

### सुरक्षित गर्भपतन सेवा प्रदान सम्बन्धी अभिलेख

| क्र.सं. | स्वास्थ्य संस्थाको दर्ता नं. र मिति | गर्भको अवधि | गर्भपतन गराउनु परेको कारण (चिकित्सकले राय दिएको अवस्थामा मात्र) | गर्भवती महिलाको उमेर | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेको,–
हस्ताक्षर :–
मिति :–
नाम :–
दर्जा :–

प्रमाणित गर्नेको,–
हस्ताक्षर :–
मिति :–
नाम :–
दर्जा :–

दृष्टव्य:– केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

# सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति २०६९।१।२५

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ।

३. धुम्रपान तथा सूर्ति सेवन गर्ने ठाउँमा कायम गर्नु पर्ने कुराहरु : (१) पर्यटकीय स्तरको होटलको व्यवस्थापकले मानिसको आवत जावत कम हुने र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी होटल बाहिरको कुनै एक ठाउँ धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि तोक्न सक्नेछ।

तर, त्यसरी तोकिएको ठाउँ होटलको झ्याल तथा होटलमा प्रवेश गर्ने ढोका भन्दा टाढा हुनु पर्नेछ र त्यस्तो ठाउँमा धुम्रपान गर्दा उत्सर्जन हुने धुँवा र गन्ध होटलभित्र नपस्ने व्यवस्था गर्नु पर्नेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "पर्यटकीय स्तरको होटल" भन्नाले पर्यटन ऐन, २०३५ बमोजिम दर्ता भएको होटल सम्झनु पर्छ।

(२) व्यवस्थापकले ऐनको दफा ४ को उपदफा (३) बमोजिम कारागार र विमानस्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न छुट्याईएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु देहाय बमोजिम हुनेछ :-

(क) आफैं बन्द हुने ढोकाको व्यवस्था गरी धुम्रपान तथा सूर्ति सेवन गर्न कोठा निर्माण गर्नु पर्ने,

(ख) धुम्रपानबाट उत्सर्जन हुने धुँवा कोठाबाट सिधै बाहिर जाने व्यवस्था गर्ने,

(ग) एकपटकमा सकभर एकभन्दा बढी व्यक्तिले धुम्रपान तथा सूर्ति सेवन गर्न नमिल्ने गरी कोठाको व्यवस्था गर्ने।

(३) पर्यटकीय स्तरको होटलले स्थान अभावको कारण उपनियम (१) बमोजिम धुम्रपान तथा सूर्ति सेवनको लागि छुट्टै ठाउँको व्यवस्था गर्न नसकेमा उपनियम (२) बमोजिमको व्यवस्था गरी कुनै खास ठाउँमा धुम्रपान तथा सूर्ति सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम धुम्रपान तथा सूर्ति सेवन गर्न तोकिएको ठाउँ र बनाईएको कोठामा कुर्सी, टेवल लगायतका कुनै फर्निचर राख्न पाईने छैन।

(५) व्यवस्थापकले उपनियम (१) र (२) बमोजिम धुम्रपान तथा सूर्ति सेवन गर्न तोकिएको ठाउँ र बनाईएको कोठामा धुम्रपान तथा सूर्ति सेवन स्वास्थ्यको लागि हानिकारक छ भन्ने व्यहोराको सूचना सजिलै देख्न र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ।

४. सूचना टाँस गर्ने कार्यविधिः (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धुम्रपान तथा सूर्तिसेवन गर्न नपाउने व्यहोराको देहायको आकारको सूचना टाँस गर्नु पर्नेछ :-



(क) भवनको मुख्य प्रवेशद्वारमा कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाईको सूचना,

(ख) भवनको भित्र द्वारमा कम्तीमा बीस सेन्टिमिटर लम्बाई र पन्ध्र सेन्टिमिटर चौडाईको सूचना।

(२) उपनियम (१) बमोजिम टाँसिने सूचनामा धुम्रपान तथा सूर्ति सेवन गर्न छुट्याईएको वा तोकिएको ठाउँ बाहेक अन्यत्र धुम्रपान तथा सूर्ति सेवन गरेमा ऐन बमोजिम सजाय हुने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ।

५. प्याकेट तथा ऱ्यापर्समा उल्लेख गर्नु पर्ने कुराः उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा ऱ्यापर्समा ऐनको दफा ७ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित कुराहरुको अतिरिक्त सूर्तिजन्य पदार्थमा समावेश गरिएका नाईट्रोसोमाईन, बेन्जोपाईरिन, टार, कार्वनमोनोअक्साईड लगायतका रासायनिक तत्वहरु हुने कुरा उल्लेख गर्नु पर्नेछ।

६. प्याकेट तथा ऱ्यापर्समा उल्लेख गर्न नहुने कुराः उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा ऱ्यापर्समा ऐनको दफा ७ को उपदफा (२), (३) र (४) मा उल्लिखित कुराहरुको अतिरिक्त देहायका कुराहरु अंकित, लेवलिङ्ग र प्रयोग गर्नु हुँदैन :-

(क) सूर्तिजन्य पदार्थको विज्ञापन गर्ने वा प्रवर्द्धन हुने गरी लेबुल वा ट्रेडमार्क चिन्ह अंकित गर्न,

(ख) सूर्तिजन्य पदार्थको प्याकेट वा ऱ्यापर्समा उल्लिखित चेतावनीमूलक सन्देश, संकेत, चिन्ह वा चित्रको अपभ्रंस हुने, बिग्रने र छोपिने गरी सूर्तिजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्न,

(ग) असत्य, भ्रामक वा कपटपूर्ण सन्देश दिने गरी चित्र वा चिन्ह प्रयोग गर्न।

७. प्याकेट वा बट्टाको आकारः उत्पादकले कम्तीमा बीस खिल्ली अटाउने गरी चुरोट वा बिडीको प्याकेट वा बट्टा तयार गर्नु पर्नेछ।

८. विवरण पेश गर्नु पर्नेः (१) उत्पादकले ऐनको दफा ८ को उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त सूर्तिजन्य पदार्थ सम्बन्धी देहाय बमोजिमका विवरण मन्त्रालय समक्ष प्रत्येक वर्षको श्रावण मसान्तभित्र पेश गर्नु पर्नेछ :-

(क) टार र कार्बनमोनोअक्साईडको विवरण,

(ख) नाईट्रोसोमाईन, बेन्जोफाईरिनको विवरण,

(ग) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(घ) मूल्य र ब्याच नम्बर,

(ङ) उत्पादन र उपभोगको म्याद सकिने मिति।

(२) सूर्तिजन्य पदार्थको उत्पादक तथा निकासी र पैठारी गर्ने व्यक्तिले ऐनको दफा ८ को उपदफा (२) बमोजिम आफूले निकासी तथा पैठारी गरेको सूर्तिजन्य पदार्थको देहाय बमोजिमको विवरण प्रत्येक वर्षको श्रावण मसान्त भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) उत्पादन गरेको परिमाण र उत्पादित स्थान,

(ख) निकासी गरेको परिमाण र निकासी स्थान,

(ग) पैठारी गरेको परिमाण र पैठारी स्थान,

(घ) राजस्व बुझाएको विवरण।

९. चेतावनीमूलक सन्देश र संकेत चिन्ह थप वा परिवर्तन गर्ने कार्यविधिः (१) मन्त्रालयले ऐनको दफा ९ बमोजिम तोकिएका चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह एक वर्षभित्र थप गर्न सक्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम थप वा परिवर्तन गरेका चेतावनीमूलक सन्देश र सङ्केत चिन्ह उद्योग मन्त्रालय मार्फत उत्पादकलाई उपलब्ध गराई सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट र पार्सलमा छाप्न तथा अङ्कित गर्न लगाउनु पर्नेछ ।

१०. प्रमाण माग गर्न सक्नेः निरीक्षक वा सूर्तिजन्य पदार्थको बिक्रेताले क्रेताको उमेर यकीन गर्नका लागि निजको नागरिकताको प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र जस्ता उमेर खुल्ने प्रमाण माग गर्न सक्नेछ ।

११. सूचना पाटी राख्नु पर्नेः (१) बिक्रेताले आफ्नो बिक्री कक्षको प्रवेशद्वारमा सजिलै देख्न र पढ्न सक्ने गरी देहाय बमोजिमको विवरण खुलाईएको सूचना पाटी राख्नु पर्नेछः–

(क) अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने,

(ख) गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने ।

(२) व्यवस्थापकले आफूसंग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धुम्रपान तथा सूर्ति सेवन निषेधित क्षेत्र उल्लेख भएको सूचना टाँस्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको सूचना कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाईको हुनु पर्नेछ ।

१२. सार्वजनिक स्थलमा लाईटर, सलाई राख्न नहुने : व्यवस्थापकले आफूसंग सम्बन्धित सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवनको लागि प्रयोग हुने एष्ट्रे, लाईटर, सलाई लगायतका सामग्री राख्न हुँदैन ।

१३. शर्त राखी बिक्री वितरण गर्न नहुने : कुनै वस्तु खरिद गरेमा सूर्तिजन्य पदार्थ सित्तैमा वा उपहार स्वरुप पाउने शर्त राखी कसैले पनि कुनै वस्तु बिक्री वितरण गर्न वा गराउन हुँदैन ।

१४. निषेधित ठाउँमा सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा सेवन गरेको जानकारी दिने : कसैले ऐनको दफा ११ को उपदफा (३) बमोजिम तोकिएका निषेधित ठाउँमा सूर्तिजन्य पदार्थ बिक्री वितरण वा सूर्ति सेवन गरेको देखेमा सम्बन्धित कर्मचारी वा व्यक्तिले त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सोको जानकारी व्यवस्थापकलाई दिनु पर्नेछ ।

१५. निरीक्षकको अन्य काम, कर्तव्य र अधिकारः ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) उत्पादकलाई सूर्तिजन्य पदार्थको प्याकेट, बट्टा, -यापर्स र प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र संकेत चिन्ह अनिवार्य रुपमा छाप्न तथा अंकित गर्न लगाई सोको अनुगमन गर्ने,

(ख) सूर्तिजन्य पदार्थ उत्पादन, सञ्चय र बिक्री वितरण हुने स्थानबाट सूर्तिजन्य पदार्थको नमूना लिने,

(ग) ऐन वा यस नियमावली विपरीत सूर्तिजन्य पदार्थको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाउने,



(घ) सूर्तिजन्य पदार्थ नमूना परीक्षणको लागि सम्बन्धित निकायमा पठाउने,

(ङ) सार्वजनिक स्थलमा धुम्रपान वा सूर्तिजन्य पदार्थ सेवन गर्ने व्यक्तिलाई सजायको लागि सम्बन्धित व्यवस्थापकलाई निर्देशन दिने,

(च) ऐन तथा यस नियमावलीले तोकेको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ बिक्रि बितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सम्बन्धित उत्पादक वा बिक्रेतालाई ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड पूरा गरेका सूर्तिजन्य पदार्थ मात्र बिक्री बितरण वा निकासी पैठारी गर्न निर्देशन दिने,

(छ) निरीक्षणको सिलसिलामा आफ्नो नेतृत्वमा कुनै निकाय वा संस्थाका कर्मचारीलाई संलग्न गराउने,

(ज) निरीक्षणको सिलसिलामा आवश्यकता अनुसार सरकारी कार्यालय, संघ, संस्था वा स्थानीय निकायका कर्मचारी वा पदाधिकारीको सहयोग लिने ।

१६. मनोनीत सदस्यलाई हटाउने अवस्थाः (१) देहायको अवस्थामा समितिका मनोनीत सदस्यलाई हटाउन सकिनेछः–

(क) निज विना सूचना लगातार तीन भन्दा बढी बैठकमा अनुपस्थित रहेमा,

(ख) निजले ईमान्दारीतापूर्वक आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ग) निजमा कार्य क्षमताको अभाव भएमा,

(घ) निजले सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गरेको पाईएमा,

(ङ) निज सूर्तिजन्य पदार्थको उत्पादन, निकासी, पैठारी र बिक्री वितरण सम्बन्धी क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको पाईएमा ।

(२) उपनियम (१) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिईनेछ ।

१७. समितिको अन्य काम, कर्तव्य र अधिकारः ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) कृषकलाई सूर्ति खेती प्रतिस्थापन गरी अन्य खेती गर्ने तर्फ प्रोत्साहित गर्ने नीति निर्धारण गर्न नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ख) सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा सम्बन्धित निकायसंग समन्वय र परामर्श गर्ने,

(ग) स्वास्थ्य कर कोषमा जम्मा भएको रकमको व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(घ) समितिको काम कारबाही सूचारु रुपले सञ्चालन गर्न आवश्यकतानुसार उपसमिति गठन गर्ने,

(ङ) ऐन तथा यस नियमावलीमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने ।

१८. स्वास्थ्यकर कोषमा रकम जम्मा गरिनेः नेपाल सरकारले आर्थिक ऐनद्वारा लगाएको धुम्रपान तथा सूर्तिजन्य पदार्थको अन्तःशुल्क करबाट उठेको कुल रकमको कम्तीमा पच्चीस प्रतिशत रकम स्वास्थ्य कर कोषमा जम्मा गरिनेछ ।

१९. स्वास्थ्यकर कोषको रकम खर्चः (१) स्वास्थ्यकर कोषमा जम्मा भएको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ :–

(क) धुम्रपान तथा सूर्तिको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान, उपचार तथा अनुसन्धान गर्न,

(ख) धुम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रणको लागि स्वास्थ्य शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम सञ्चालन गर्न,

(ग) समितिको सञ्चालन खर्च ।

(२) उपनियम (१) बमोजिमका कार्य गर्नको लागि स्वास्थ्यकर कोषको रकमलाई देहाय बमोजिम बाँडफाँड गरिनेछ :–

(क) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको निदान, उपचार तथा अनुसन्धान गर्नको लागि सरकारी स्वामित्वका अस्पतालहरुलाई पचहत्तर प्रतिशत रकम,

(ख) धुम्रपान तथा सूर्तिजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य, शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम संचालन गर्न मन्त्रालय अन्तर्गतका केन्द्र वा महाशाखाहरुलाई पन्ध्र प्रतिशत रकम,

(ग) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक संस्था वा गैरसरकारी अस्पताललाई दश प्रतिशत रकम ।

(३) उपनियम (२) को खण्ड (ख) मा उल्लिखित रकम मध्येबाट ०.५ (शून्य दशमलव पाँच) प्रतिशत रकममा नबढाई समितिले तोके बमोजिमको रकम समितिको प्रशासनिक कार्यको लागि खर्च गर्न सकिनेछ ।

२०. स्वास्थ्यकर कोषको व्यवस्थापन र सञ्चालन : (१) स्वास्थ्य कर कोषमा जम्मा भएको रकम समितिले तोकेको नेपाल भित्रको “क” वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन समितिको सदस्य सचिव र लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२१. लेखा परीक्षण : स्वास्थ्यकर कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

२२. अधिकार प्रत्यायोजनः समितिले ऐन वा यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, यस नियमावली बमोजिम गठित उपसमिति वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. निर्देशिका बनाउन सक्नेः मन्त्रालयले ऐन तथा यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

२४. खारेजी र बचाउः (१) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ खारेज गरिएकोछ ।

(२) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ बमोजिम भए गरेका काम कारावाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६९।६।८

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा “ऐन” भन्नाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ सम्झनु पर्छ ।

३. सुरक्षा माग गर्ने कार्यविधिः (१) ऐनको दफा ४ बमोजिम स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सुरक्षाको माग गर्नु परेमा सुरक्षा माग गर्नु पर्नाको कारण सहित तत्काल छिटो तथा प्रभावकारी माध्यमबाट स्थानीय प्रशासनसंग सुरक्षा माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सुरक्षा माग गरेमा स्थानीय प्रशासनले तत्कालीन अवस्थाको मूल्यांकन गरी मनासिव अवधिको लागि त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको निमित्त आवश्यकतानुसार सुरक्षाकर्मी समेत खटाई सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको सुरक्षाको लागि सुरक्षाकर्मी खटाउनु परेमा वा ऐनको दफा ४ को उपदफा (३) बमोजिम कुनै स्वास्थ्य संस्थामा स्थायी सुरक्षाको व्यवस्था गर्नु परेमा सो प्रयोजनको लागि खटिने सुरक्षाकर्मीको लागि खाने तथा बस्ने व्यवस्था सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले गर्नु पर्नेछ ।

४. सञ्चार साधन राख्न र प्रयोग गर्न स्वीकृति दिन सक्नेः प्रचलित कानून बमोजिम स्थापित कम्तीमा पचास शैया भएका स्वास्थ्य संस्थाले त्यस्तो संस्था तथा सो संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सुरक्षाको लागि स्थानीय प्रशासनको सिफारिस सहित आवश्यक सञ्चार साधन राख्न र प्रयोग गर्न मन्त्रालयसंग स्वीकृति माग गरेमा मन्त्रालयले सूचना तथा सञ्चार मन्त्रालयको सहमतिमा त्यस्तो स्वास्थ्य संस्थालाई निजले माग गरे बमोजिमको सञ्चार साधन राख्न र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची कम्तीमा दुई दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको अन्य काम, कर्तव्य र अधिकारः ऐनमा उल्लिखित काम, कर्तब्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सम्बन्धी अभिलेख राख्न सो अभिलेखमा खुलाउनु पर्ने विवरणहरु निर्धारण गर्ने,

(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको बद्नियत वा गम्भीर लापरबाही भएको मानिने अवस्था निर्धारणको लागि आवश्यक आधार तथा मापदण्ड बनाउने,

(ग) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अदालतमा दायर भएको मुद्दाको प्रतिरक्षा गर्दा समितिले व्यहोर्ने खर्च सम्बन्धी मापदण्ड र रकमको सीमा निर्धारण गर्ने,

(घ) स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना घट्न नदिनको लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले अवलम्बन गर्नु पर्ने पूर्व सावधानीका सम्बन्धमा र लापरबाही हुन नदिने विषयमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई जानकारी गराउने,

(ङ) समितिले सम्पादन गरेको काम कारबाहीको सम्बन्धमा बार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(च) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा अन्य आवश्यक काम गर्ने ।

७. नाम दर्ता गराउने सम्बन्धी कार्यविधिः (१) आफ्नो सुरक्षाको लागि समितिमा नाम दर्ता गराउन चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले ऐनको दफा ७ को उपदफा (२) बमोजिमको कागजात र निवेदन दस्तुर वापत पाँच सय रुपैयाँ संलग्न गरी अनुसूची–१ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम दर्ता गराउन मनासिव



देखिएमा समितिले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम क्रमशः अनुसूची–२ र अनुसूची–३ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नामावली समितिले अद्यावधिक गरी राख्नु पर्नेछ ।

८. दर्ताको प्रमाणपत्र दिनेः नियम ७ बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नाम दर्ता गरिसके पछि समितिले अनुसूची–४ बमोजिमको ढाँचामा सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

९. दस्तुर बुझाउनु पर्नेः (१) नियम ७ बमोजिम समितिमा नाम दर्ता गराउने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले क्रमशः अनुसूची–५ र अनुसूची–६ बमोजिमको वार्षिक दस्तुर अग्रीम रुपमा असार मसान्तभित्र समितिमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक नाम दर्ता गराउने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले नाम दर्ता गराउंदाको अवस्थामा नै सो उपनियम बमोजिम लाग्ने दस्तुर समितिमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गैरसरकारी स्वास्थ्य संस्थाले स्थायी रुपमा सुरक्षा माग गरेमा सो उपनियममा लेखिएको दस्तुरको दोब्बर दस्तुर अग्रीम रुपमा समितिमा बुझाउनु पर्नेछ ।

(४) समितिले यस नियम बमोजिम दस्तुर प्राप्त गरेपछि सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई सोको भरपाई दिनु पर्नेछ ।

१०. क्षतिपूर्ति तथा प्रतिरक्षा गर्दा लागेको खर्च माग गर्ने कार्यविधिः (१) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अदालतमा दायर भएको मुद्दामा अदालतबाट निर्धारण भएको क्षतिपूर्तिको रकम वा त्यस्तो मुद्दाको प्रतिरक्षा गर्दा लागेको मनासिव खर्च समितिसंग माग गर्ने सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले अनुसूची–७ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम वा मुद्दाको प्रतिरक्षा गर्दा भएको खर्च माग गर्दा अदालतबाट मुद्दा फैसला भएको मितिले तीन महिनाभित्र निवेदन दिई सक्नु पर्नेछ ।

११. कार्य सञ्चालन खर्चको हदः (१) समितिको कोषमा जम्मा भएको रकमको पाँच प्रतिशतमा नबढाई समितिको कार्य सञ्चालनको लागि खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम खर्च गर्न समितिले वार्षिक कार्ययोजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

१२. कोषको सञ्चालनः कोषको सञ्चालन समितिको अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. कोषको लेखा र लेखापरीक्षणः (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. सम्पर्क कार्यालय वा कर्मचारी तोक्न सक्नेः (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको सम्बन्धमा काठमाडौं उपत्यका बाहिरका जिल्लामा समितिसंग समन्वय गरी काम गर्न मन्त्रालयले सो मन्त्रालय अन्तर्गतको कुनै

कार्यालय वा सो कार्यालयको कुनै अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क कार्यालय वा व्यक्तिको रुपमा तोक्न सक्नेछ ।

(२) मन्त्रालयले समितिको काममा तोकिएको वा खटिएको कर्मचारीलाई समितिको कार्य सञ्चालनको निमित्त नियम ११ बमोजिम छुट्याइएको रकमबाट प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

१५. बैठक भत्ताः समिति तथा ऐनको दफा १८ बमोजिम गठन भएका उपसमितिका अध्यक्ष र सदस्यहरुले समिति तथा उपसमितिको बैठकमा भाग लिए वापत नेपाल सरकारबाट स्वीकृत भएबमोजिम बैठक भत्ता वापत पाउन सक्नेछन् ।

१६. आचार संहिता बनाई लागू गर्न सक्नेः (१) स्वास्थ्यकर्मीले पालना गर्नु पर्ने व्यावसायिक आचरणका सम्बन्धमा समितिको सिफरिसमा मन्त्रालयले आचार संहिता बनाई लागु गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको आचार संहिताको पालना गर्नु सम्पूर्ण स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

१७. अनुसूचीमा हेरफेर गर्न सक्नेः मन्त्रालयले समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।



अनुसूची-१
(नियम ७ को उपनियम (१) साग सम्बन्धित)
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले समितिमा नाम दर्ता गराउन दिइने निवेदनको ढाचा
खण्ड (क)
स्वास्थ्यकर्मीको प्रयोजनको लागि

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

मैले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा भएको व्यवस्था बमोजिम सुरक्षा प्राप्त गर्न चाहेकोले देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. निवेदकको,–
   (क) नाम, थरः
   (ख) स्थायी ठेगानाः
   (ग) स्वास्थ्य व्यवसायको विवरण (विषेशज्ञताको क्षेत्र तथा सेवाको क्षेत्र खुलाउने)
२. दर्ता भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्को,–
   (क) नामः (ख) दर्ता नम्बरः (ग) दर्ता मितिः
३. स्वास्थ्य व्यवसायसँग सम्बन्धित,–
   (क) स्वास्थ्य संस्था,
   (ख) क्लिनिकको नामः
   (ग) ठेगानाः

निवेदकको,–
सहीः...
नामः...
मितिः

संलग्न कागजातः
१. स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि ।
२. कुनै स्वास्थ्य संस्थामा कार्यरत रहेको भए सोको प्रमाण ।
३. आफनो सेवाको विशेषज्ञता दर्साउने प्रमाण ।
४. हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।

## खण्ड (ख)

## स्वास्थ्य संस्थाको प्रयोजनको लागि

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

यस स्वास्थ्य संस्थाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा भएको व्यवस्था बमोजिम सुरक्षा प्राप्त गर्न चाहेकोले देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. स्वास्थ्य संस्थाको नाम र ठेगाना:
२. स्वास्थ्य संस्थाको संस्थापनाको किसिम:(सामुदायिक, निजी वा सरकारी)
३. स्वास्थ्य संस्थामा उपलब्ध बेडसंख्या
४. स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने मुख्य विशेषज्ञ सेवा:
५. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको संख्या र प्रकार:

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिनेको,–

सही:
नाम:
स्वास्थ्य संस्थाको छाप पद:

कार्यालय:
मिति :

संलग्न कागजात: सरकारी बाहेक अन्य स्वास्थ्य संस्थाको हकमा संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि ।



## अनुसूची –२

**(नियम ७ को उपनियम (२) संग सम्बन्धित)**

## स्वास्थ्यकर्मीको दर्ता किताब

फोटो

| दर्ता नम्बर | स्वास्थ्यकर्मीको | | दर्ता भएको सम्बन्धित व्यावसायिक परिषद्को | | | स्वास्थ्य व्यवसाय को विवरण | सम्बन्धित स्वास्थ्य संस्थाको नाम र ठेगाना | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | स्थायी ठेगाना | नाम | दर्ता नम्बर | मिति | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यालयको छाप

दर्ता गर्ने अधिकारीको,–
सही:
नाम :

पद :
कार्यालय:
मिति :

## अनुसूची -३
**(नियम ७ को उपनियम (२) संग सम्बन्धित)**
**स्वास्थ्य संस्थाको दर्ता किताब**

| दर्ता नम्बर | स्वास्थ्य संस्थाको | | संस्थापनको प्रकार | | | उपलब्ध गराईने मुख्य सेवा | उपलब्ध जम्मा बेड संख्या | कार्यरत स्वास्थ्य कर्मीको संख्या र प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थायी ठेगाना | सरकारी | सामुदायिक | निजी | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यालयको छाप

दर्ता गर्ने अधिकारीको,–
सही :
नाम :
पद :
कार्यालय:
मिति :



## अनुसूची-४
**(नियम ८ संग सम्बन्धित)**

स्वास्थ्यकर्मीको हकमा निजको फोटो

**स्वास्थ्यकर्मी/स्वास्थ्य संस्था दर्ताको प्रमाणपत्र**

श्री ...........*(स्वास्थ्यकर्मी/स्वास्थ्य संस्थाको नाम)*

.............................. ।

........ *(स्वास्थ्यकर्मीको हकमा सम्बन्धित व्यावसायिक परिषद्को नाम र दर्ता नम्बर)*

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ७ तथा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६८ को नियम ८ बमोजिम तपाई / त्यस स्वास्थ्य संस्थाको नाम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

प्रमाणपत्र प्रदान गर्नेको,–
सही :
नाम :
कार्यालयको छाप
पद :
कार्यालय:
मिति

फोटो

## अनुसूची -५
**(नियम ९ को उपनियम (१) संग सम्बन्धित)**
**स्वास्थ्यकर्मीले बार्षिक रुपमा बुझाउनु पर्ने दस्तुर**

| सि.नं. | स्वास्थ्यकर्मीको विवरण | दस्तुर रु |
|---|---|---|
| १ | जनरल सर्जन | ११००।- |
| २ | डेण्टल सर्जन | ११००।- |
| ३ | रेडियोलोजिष्ट | ७५०।- |
| ४ | डर्माटोलोजिष्ट, लेप्रोलोजिष्ट | ७५०।- |
| ५ | साइक्याट्रिक्स | ७५०।- |
| ६ | पेडियाट्रिक्स | ७५०।- |
| ७ | अप्थल्मोलोजिष्ट | ७५०।- |
| ८ | अटोरिनोल्यारिङ्गोलोजिष्ट | ७५०।- |
| ९ | एनेस्थेसियोलोजिष्ट | ७५०।- |
| १० | अब्सट्रेटिसियन एण्ड गाइनोकोलोजिष्ट | ११००।- |
| ११ | फिजिसिष्ट | ७५०।- |
| १२ | मेडिकल जनरलिष्ट | ७५०।- |
| १३ | होमियोप्याथी चिकित्सक | ५००।- |
| १४ | जनरल मेडिसिन | ७५०।- |
| १५ | आयुर्बेद चिकित्सक | ५००।- |
| १६ | अन्य स्वास्थ्यकर्मी | ३६५।- |



फोटो

## अनुसूची -६
**(नियम ९ को उपनियम (१) संग सम्बन्धित)**
**स्वास्थ्य संस्थाले बार्षिक रुपमा बुझाउनु पर्ने दस्तुर**

| सि.नं | विवरण | रकम |
|---|---|---|
| | प्रति शैया | रु.६०।- |

## अनुसूची -७

(नियम १० को उपनियम (१) संग सम्बन्धित)

### क्षतिपूर्ति तथा प्रतिरक्षा गर्दा लागेको खर्च माग गर्नको लागि दिइने निवेदनको ढांचा

| फोटो |
|---|

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

विषयः क्षतिपूर्ति वापतको रकम ⁄प्रतिरक्षा गर्दा लागेका खर्च पाउँ ।

... जिल्ला .... न.पा.⁄ गाउँ विकास समिति, बडा नम्बर .... बस्ने श्री ........... ले क्षतिपूर्ति माग गरी मेरो⁄यस स्वास्थ्य संस्थाको विरुद्धमा .......................... अदालतमा दायर गरेको मुद्दामा मैले⁄यस स्वास्थ्य संस्थाले .....रकम क्षतिपूर्ति बुझाउन पर्ने गरी अदालतबाट फैसला भएको⁄सो मुद्दामा प्रतिरक्षा गर्दा देहाय बमोजिम खर्च भएकोले सो रकम त्यस समितिबाट उपलब्ध गराई पाउन देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

(क) क्षतिपूर्ति माग गरी मुद्दा दायर गर्ने व्यक्तिको नाम, थर, वतन,
(ख) मुद्दा दायर गरेको अदालत,
(ग) अदालतबाट निर्धारण भएको क्षतिपूर्ति रकम,
(घ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले मुद्दामा प्रतिरक्षा गर्नको लागि कानून व्यवसायी नियुक्त गरेको भए निजको नाम,थर वतन,
(ङ) कानून व्यवसायीलाई पारिश्रमिक वापत भुक्तानी गरेको रकम,
(च) अदालतमा कानून बमोजिम बुझाएको दस्तुर सम्बन्धी विवरण,
(छ) कानून बमोजिम लाग्ने अन्य दस्तुर तथा खर्च,
(ज) समितिबाट सोधभर्ना माग गरेको जम्मा रकम ।

निवेदकको,-
सही :
नाम :
(स्वास्थ्य संस्था भए त्यस्तो संस्थाको नाम उल्लेख गर्ने)
मिति :

स्वास्थ्य संस्थाले निवेदन दिने भए त्यस्तो संस्थाको छाप

संलग्न कागजातहरुः
१. समितिमा दर्ता भएको प्रमाण,
२. समितिमा दस्तुर बुझाएको प्रमाण,
३. कानून व्यवसायीलाई पारिश्रमिक वापत भुक्तानी गरेको प्रमाण,
४. अदालतमा दस्तुर बुझाएको रसिद,
५. क्षतिपूर्ति निर्धारण सम्बन्धी अदालतबाट भएको फैसलाको प्रतिलिपि ।

फाराम नं. ०२

## सेवाको विवरण

कर्मचारीको नाम :                                                  संकेत नं.

| क्र.सं. | समूह र उप समूह | पदको नाम | तह | कार्यालयको नाम | नयाँ नियुक्ति, सरुवा बढुवा | बहाली मिति | निर्णय मिति | तलब | भत्ता | किताब दर्ता पाना नं. (निजामती किताबखानाले भर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ | ०७ | ०८ | ०९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

फाराम नं. ०३

<u>शैक्षिक योग्यता, तालिम, सेमिनार सम्मेलन</u>

(एस. एस. सी. वा मध्यमा परीक्षाबाट उच्चतम उपाधि सम्मको, डिग्री, डिप्लोमा)

कर्मचारीको नाम :                                                  संकेत नं......................

| क्र.सं. | सर्टिफिकेट वा उपाधि | अध्ययनको विषय | अध्ययन अवधि | | श्रेणी | शिक्षण संस्थाको | | तालिम सेमिनार वा सम्मेलनको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | नाम | ठेगाना | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

फाराम नं. ०६

## बिदा र औषधि उपचारको विवरण

कर्मचारीको नाम :                                                संकेत नं.

| विवरण | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | गयल भएको अवधि | उपचार खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | पाउने अवधि | खर्च | बाँकी | | लिएको मिति | रकम | |
| ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ | ०७ | ०८ | ०९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |

फाराम नं. ०७

## वर्गीकृत क्षेत्रहरुमा काम गरेको विवरण

कर्मचारीको नाम : संकेत नं.

| क्र.सं. | अवधि | | पदस्थापन भएको स्थान वा क्षेत्र | काम गरेको स्थान वा क्षेत्र | यो चिन्ह ( ) दिई काम गरेको क्षेत्रको वर्ग जनाउने | | | | | | सम्बन्धित कर्मचारी वा प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | अति दुर्गम क१ वर्ग | अति दुर्गम क२ वर्ग | दुर्गम ख१ वर्ग | दुर्गम ख२ वर्ग | सुगम ग१ वर्ग | सुगम ग२ वर्ग | | |
| ०१ | | | | | | | | | | | | |
| ०२ | | | | | | | | | | | | |
| ०३ | | | | | | | | | | | | |
| ०४ | | | | | | | | | | | | |
| ०५ | | | | | | | | | | | | |
| ०६ | | | | | | | | | | | | |

अनुसूची – १२

(नियम ३३ संग सम्बन्धित)

<u>सरुवा गर्ने अधिकार प्राप्त अधिकारीले राख्नु पर्ने</u>

<u>आफू अन्तर्गतका कार्यालयहरुको तहगत सरुवा सम्बन्धी विवरणको ढाँचा</u>

कार्यालय :-

जिल्ला :- विवरण भरिएको मिति :-

| क्र.सं. | तह | सेवा समूह / उप समूह | कुल दरवन्दी | पद पूर्ति संख्या | कुल रिक्त पद संख्या | रिक्त पदमा सरुवा भैसकेको तर कर्मचारी हाजिर भई नसकेको संख्या | लोक सेवा आयोगमा माग पठाएको संख्या | खुद रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट :- (१) यो ढाँचा प्रत्येक कार्यालयले राख्नु पर्नेछ।

(२) प्रत्येक ६ महिनामा यो विवरण अद्यावधिक बनाउनु पर्ने छ।

(३) यो विवरण मन्त्रालय र सम्बन्धित विभागमा पठाउनु / राख्नु पर्नेछ।

तयार गर्ने अधिकृतको
दस्तखत:
पद:
मिति:

प्रमाणित गर्ने अधिकृतको
दस्तखत:
पद:
मिति:

अनुसूची–१६

(नियम ६३ को उपनियम (२) संग सम्बन्धित)

<u>बिदा र उपचार खर्चको विवरण</u>

कर्मचारीको नाम : तह र पद : सेवा/समूह : संकेत नं.:

| विवरण | भैपरि आउने र पर्व बिदा | | | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति बिदा | | | किरिया बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | उपचार खर्च बापत लिएको | | बिदा बापत लिएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | रकम | मिति | रकम | मिति | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

[*] अनुसूची -१७
(नियम ७१ को उपनियम (१) सँग सम्बन्धित)
**कार्यसम्पादन मूल्याङ्कन फाराम (क)**
(अधिकृत तहको लागि)

विवरण पेश गरेको कार्यालय :- दर्ता नं :-
कर्मचारीको नाम :- मिति :-
पद:- तह:- सेवा:- समूह:-
उपसमूह :-
कार्यालयको नाम :- रुजु हाजिर रहेको अवधि :-

| मूल्यांकन अवधि : मिति :- | देखि | सम्म |
|---|---|---|

खण्ड (क) (ख) सम्पादित कामको विवरण :

| कामको विवरण | |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

सम्बन्धित कर्मचारीको दस्तखत: ........................................ , मिति :-

---

[*] तेस्रो संशोधनद्वारा संशोधित ।

खण्ड (ग) सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्यांकन

| विषय | सुपरिवेक्षकको मूल्यांकन | | | | पुनरावलोकनकर्ताको मूल्यांकन | | | | | पुनरावलोकन समितिको मूल्यांकन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति उत्तम | उत्तम | सामान्य | न्यून | अति उत्तम | उत्तम | सामान्य | न्यून | पूर्णाङ्क | अति उत्तम | उत्त म | सामान्य | न्यून |
| | ३ | २.५ | २ | १ | २ | १.५ | १ | .५ | | १.६६ /१.६८ | १ | .७५ | .५ |
| १.विषयवस्तुको ज्ञान र सीप | | | | | | | | | १.६६ | | | | |
| २.विवेकको प्रयोग र निर्णय गर्ने क्षमता | | | | | | | | | १.६६ | | | | |
| ३.छलफल तथा वार्ता गर्ने क्षमता | | | | | | | | | १.६६ | | | | |
| ४.नेतृत्व र संगठनात्मक क्षमता | | | | | | | | | १.६६ | | | | |
| ५. सिर्जनशील र अग्रसरता | | | | | | | | | १.६८ | | | | |
| ६. पेशागत संवेदनशीलता (इमान्दारीता, गोपनीयता) | | | | | | | | | १.६८ | | | | |
| पूर्णाङ्क | १८ | | | | १२ | | | | १० | | | | |
| प्राप्ताङ्क | | | | | | | | | | | | | |

कुल प्रप्ताङ्क:- अक्षरमा :-

सुपरिवेक्षकको
दस्तखत:
नामथर :-
पद:-
तह :-
मिति:-

पुनरावलोकनकर्ताको दस्तखत र मिति
दस्तखत:-
नामथर :-
पद :-
तह :-
मिति:-

पुनरावलोकन समितिका पदाधिकारीहरुका दस्तखत
१) अध्यक्षको नामथर :-
२) सदस्यको नामथर :-
३) सदस्यको नामथर :-
मिति:-

**कार्यसम्पादन मूल्यांङ्कन फाराम (ख)**

(सहायक स्तरको लागि)

विवरण पेश गरेको कार्यालय :- दर्ता नं. :-

कर्मचारीको नाम :- मिति :-

पद:- तह:- सेवा:- समूह:- उपसमूह :-

कार्यालयको नाम:- रुजु हाजिर रहेको अवधि :-

मूल्यांकन अवधि : मिति :- देखि सम्म

खण्ड (क) (ख) सम्पादित कामको विवरण :

| कामको विवरण | |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

सम्बन्धित कर्मचारीको दस्तखत: ........................................ , मिति :-

खण्ड (ग) सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्यांकन

| विषय | सुपरिवेक्षकको मूल्यांकन | | | | पुनरावलोकनकर्ताको मूल्यांकन | | | | पुनरावलोकन समितिको मूल्यांकन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति उत्तम | उत्तम | सामान्य | न्यून | अति उत्तम | उत्तम | सामान्य | न्यून | पूर्णाङ्क | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| | ३ | २.५ | २ | १ | २ | १.५ | १ | .५ | | १.६६/१.६८ | १ | .७५ | .५ |
| १.विषयवस्तुको ज्ञान र सीप | | | | | | | | | १.६६ | | | | |
| २.विवेकको प्रयोग र निर्णय गर्ने क्षमता | | | | | | | | | १.६६ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.छलफल तथा वार्ता गर्ने क्षमता | | | | | | | | | १.६६ | | | | |
| ४.नेतृत्व र संगठनात्मक क्षमता | | | | | | | | | १.६६ | | | | |
| ५. सिर्जनशील र अग्रसरता | | | | | | | | | १.६८ | | | | |
| ६. पेशागत संवेदनशीलता ( इमान्दारीता, गोपनीयता) | | | | | | | | | १.६८ | | | | |
| पूर्णाङ्क | १८ | | | | १२ | | | | १० | | | | |
| प्राप्ताङ्क | | | | | | | | | | | | | |

कुल प्रप्ताङ्क:- [ ] अक्षरमा :-

| सुपरिवेक्षकको दस्तखत | पुनरावलोकनकर्ताको | पुनरावलोकन समितिका पदाधिकारीहरुको दस्तखत |
|---|---|---|
| दस्तखत: | दस्तखत:- | |
| नामथर :- | नामथर :- | १) अध्यक्षको नामथर :- |
| पद:- | पद :- | २) सदस्यको नामथर :- |
| तह :- | तह :- | ३) सदस्यको नामथर :- |
| मिति:- | मिति:- | मिति:- |